# बोधिपुष्पाञ्जलि

(भाग २)

बोधिपुष्पाञ्जलि

(भाग - १)

**वातुल वासव वज्र**

(आचार्य धर्मवज्र/आचार्य श्रीधर शम्शेर राणा)

अनुवादक

**नारायण प्रसाद रिजाल**

(बुद्धवज्र)

प्रकाशक

व्योम कुसुमा बुद्ध धर्म संघ

**व्योमा कुसुमा अनुवाद समिति**

फोन : ४४१६३५२, ४४२८३२२, ४४८२५८८
ईमेल : byoma@wlink.com.np
संरक्षक : परमपूज्य कर्मा ठ्रिन्ले रिन्पोछे
प्रमुख निर्देशक : आचार्य धर्मवज्र (श्रीधर शम्शेर राणा)
सदस्यहरू : नारायण प्रसाद रिजाल, पुण्यप्रसाद पराजुली, हर्ष भण्डारी, विनय शम्शेर ज.ब.राणा, ईश्वर चन्द्र श्रेष्ठ, अभिलाशा राणा, स्मृती मैनाली

प्रकाशक : व्योम कुसुमा बुद्ध धर्म संघ
सर्वाधिकार : व्योम कुसुमा अनुवाद समितिमा सुरक्षित
मूल लेखक : वातुल वासल वज्र
(आचार्य धर्म वज्र/महायोगी श्रीधर राणा रिन्पोछे)
नेपाली अनुवादक : नारायण प्रसाद रिजाल
संस्करण : प्रथम, १००० प्रति, २०६३
कम्प्यूटर कार्य : विनय शम्शेर ज.ब.राणा
आवरण सज्जा : किशोर जोशी

Printed for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website:http://www.budaedu.org
Mobile Web: m.budaedu.org
**This book is strictly for free distribution, it is not to be sold.**
यो पुस्तक निशुल्क वितरणको लागि हो । बिक्री गर्न को लागी होइन ।

HIS EMINENCE
CHOGYE TRICHEN RINPOCHE

Head of the Tsarpa sub-sect of
Sakya Tradition of Tibetan Buddhism

༄ ༈སྐྱབས་རྗེ་བཅོ་བརྒྱད་ཁྲི་ཆེན་རིན་པོ་ཆེ།

༄༅། །ཕྲན་གྱི་སློབ་མ་རྣལ་འབྱོར་པ་ཆེན་པོ་ཤྲཱི་ཧྲ་ར་ནྡ་ན་མཆོག་ནས་བསྙེན་མཚམས་སྐབས་རང་གི་དང་སློབ་རྣམས་ལ་ཡིག་ཐོག་ནས་ཆོས་བཤད་དང་བཀའ་སློབ་གནང་བ་དབྱིན་སྐད་དུ་ཡོད་པ་རྣམས་ཕྱོགས་བསྒྲིགས་ཀྱིས། རང་སློབ་སྐད་གཉིས་སྨྲ་བ་ཊྲི་ན་ཡན་པྲ་སྣ་ཧྲ་རི་ཛལ་མཆོག་ནས་ནེ་པ་ལིའི་སྐད་ཡིག་ཏུ་ཕབས་བསྒྱུར་གནང་བ་རྣམས་བསྡུས་པའི་གསོལ་སུ་བྱུར་ཕྱིར་སྤེལ་ནས་ཐུགས་རྗེ་ཆེ་ཞུ་བ་མ་ཟད། འདིའི་སྤྱིར་སངས་རྒྱས་ཀྱི་བསྟན་པ་དང་། གོས་སུ་ནེ་པ་ལིའི་མི་རིགས་རྣམས་ལ་ཕན་ཐབས་རྒྱ་ཆེ་ཡོང་བའི་ཡིད་ཆེས་དང་སྨོན་འདུན་བཅས། བྱམས་ཆེན་ལྷ་ཁང་ནས། ཀུ་རུ་བཅོ་བརྒྱད་ཁྲི་མིང་པས། ༢༠༠༥ ཟླ་བ་ ༡༡ ཚེས་ ༢༡ དགེ་བར།

Trikal Maitreya Buddha Vihara, G.P.O. Box No. 4518, Kathmandu, Nepal Tel : 977-1-4470992, 4499380 Fax 977-1-4483118
त्रिकाल मैत्रेय बुद्ध विहार, बौद्धनाथ, पोष्ट बाक्स ४५१८, काठमाडौं, नेपाल, फोन ४४९९३८०, ४४७०९९२, फ्याक्स ४४८३११८

HIS EMINENCE
CHOGYE TRICHEN RINPOCHE

Head of the Tsarpa sub-sect of
Sakya Tradition of Tibetan Buddhism

༄ སྐྱབས་རྗེ་བཅོ་བརྒྱད་ཁྲི་ཆེན་རིན་པོ་ཆེ།

## शरण्यनाथ चोग्ये ठ्रिछेन् रिन्पोछेज्यूको आशीर्वचन

मेरा शिष्य महायोगी श्रीधर राणाज्यूले गुफावास अभ्यासको बेलामा आफ्ना चेलाहरूलाई धर्म उपदेश र अभ्यास सम्बन्धी शिक्षा अंग्रेजी भाषामा लेखेर दिनु भएको थियो । तिनीहरूलाई मेरा शिष्य अनुवादक नारायण प्रसाद रिजालज्यूले नेपाली भाषामा अनुवाद गर्नु भएको थियो । हाल यसको प्रकाशन कार्यले बुद्ध धर्मको हित हुने भएकाले उहाँहरू दुवैलाई भित्री हृदयबाटै धन्यवाद दिन्छु । यी धर्म शिक्षाहरूले बुद्ध शासन र विशेष गरी नेपालीहरूमा धेरै लाभ पुऱ्याउने दृढ विश्वास सहित प्रणिधान गर्दछु ।

महामैत्रेय विहारमा गुरु चोग्ये ठ्रिछेन्द्वारा सन् २००५ नोभेम्बर २१ मा लेखिएको हो ।

Trikal Maitreya Buddha Vihara, G.P.O. Box No. 4518, Kathmandu, Nepal. Tel : 977-1-4470992, 4499380 Fax : 977-1-4483118
त्रिकाल मैत्रेय बुद्ध विहार, बौद्धनाथ, पोष्ट बाक्स ४५१८, काठमाडौं, नेपाल, फोन ४४९९३८०, ४४७०९९२, फ्याक्स ४४८३११८

# विषयसूची

१. पुरोवाक् .......................................i-v

२. बोधिपुष्पाञ्जलि-११.................................1

३. बोधिपुष्पाञ्जलि-१२.................................24

४. बोधिपुष्पाञ्जलि-१................................. 58

५. बोधिपुष्पाञ्जलि-१४.................................99

६. बोधिपुष्पाञ्जलि-१५.................................114

७. बोधिपुष्पाञ्जलि-१६............................. 131

८. बोधिपुष्पाञ्जलि-१७.................................158

९. बोधिपुष्पाञ्जलि-१८.................................191

१०. बोधिपुष्पाञ्जलि-१९.............................226

११. बोधिपुष्पाञ्जलि-२०.............................260

# पुरोवाक्

भगवान् बुद्ध स्वयंले यो संसारको दुःखबाट सदाकालका लागि मुक्ति प्राप्त गर्नुभयो र समस्त मानवलाई त्यसको अचूक मार्ग देखाएर जानुभयो। त्यो मार्गको अनुसरण गरी मुक्ति लाभ गर्नेहरूको संख्या अहिले पनि धेरै नै छ। भगवान् बुद्धका जस्ता असाधारण गुणहरू लाभ गरी आफू पनि त्यस्तै बन्ने संकल्पका साथ अभ्यास गर्ने व्यक्तिहरू पनि धेरै छन् भने बुद्धका जस्ता गुणहरू पूरै लाभ नगरे पनि आफू मुक्त हुन चाहने र त्यसको लागि मनलाई तालिम दिने अभ्यास गर्नेहरू पनि छन्। ती मध्ये पहिलो वर्गका व्यक्तिले अपनाउने मार्गलाई 'बोधिसत्त्वयान' भनेर चिनिन्छ भने पछिल्लो वर्गका व्यक्तिले अपनाउने मार्गलाई 'श्रावकयान' भनेर चिनिन्छ। बोधिसत्त्वयानका साधकहरूलाई बोधिसत्त्व भनिन्छ।

बोधिसत्त्वहरूले विभिन्न परिप्रेक्ष्यबाट सत्त्वहरूको हित गर्ने अभ्यास गर्दछन्। वास्तविक हित कसरी हुन्छ भन्ने कुरामा अहिलेका विभिन्न तप्काका मानिसहरूका धारणा र दृष्टिकोण भिन्दाभिन्दै हुनसक्दछन्। कसैले राजनैतिक दृष्टिबाट हितको परिभाषा गर्लान्, कसैले आर्थिक दृष्टिबाट हितको व्याख्या गर्लान् त कसैले सामाजिक या धार्मिक सांस्कृतिक या शैक्षिक दृष्टिबाट। ती सबै आ-आफ्ना सन्दर्भमा सापेक्षिक हिसाबले सही हुन्छन् र हितको सापेक्षिक समाधान दिन्छन् पनि। तर निरपेक्ष हित अर्थात् परमार्थ हित के हो र कसरी त्यो दिलाउने भन्ने प्रश्नमा भने बुद्धहरूले परिभाषित गरेको हितलाई बुझ्नुपर्ने हुन्छ। किनकि बुद्धहरू यो मामलामा सबभन्दा बढी विश्वसनीय हुन्छन्। त्यसको कारण के हो भने बुद्धहरूको ज्ञानको कुनै सीमा हुँदैन। दायरा पनि अनन्त विशाल हुन्छ भने गहिराइको पनि सीमा हुँदैन। त्यसैले बुद्धलाई 'सर्वज्ञ' भन्दछन्। सत्यको दर्शन या ज्ञान गर्ने मामलामा बुद्धहरूको तुलना अन्य कुनै पनि देव र मनुष्यसँग हुन सक्दैन। त्यस्तै सत्य बोल्ने, सत्य आचरण गर्ने, सत्य नै सिकाउने, जस्तो बोल्यो त्यस्तै गर्ने (यथावादी तथाकारी) देखि लिएर आफ्नो जीवनका प्रत्येक क्रियाकलापहरू अरूको हितकै निमित्त हुने र कुनै पनि परिस्थितिमा

हत्या, हिंसा, अशान्ति, आतङ्क जस्ता कुराहरूलाई कुनै उद्देश्यले पनि स्थान नदिएरै सद्धर्मको प्रतिष्ठा कायमै राखेका महापुरूषहरू मध्ये सर्वज्येष्ठ र सर्वश्रेष्ठ भगवान् बुद्ध नै हुनुहुन्छ। त्यसैले उनीहरूको ज्ञान अप्रतिहत याने कुनै कुराले पनि नरोक्ने नछेक्ने खालको हुन्छ। अतः 'हित' को वास्तविक परिभाषामा बुद्धहरूको नै बढी प्रामाणिक देखा पर्दछ।

त्यस्ता बुद्धहरूले सिकाएको हितकारी मार्गलाई सबै दृष्टिकोणबाट बुझ्ने र आफू पनि त्यस्तै बुद्ध बन्ने अभ्यास गर्ने व्यक्तिहरू नै बोधिसत्त्वहरू हुन् र उनीहरूले आफ्नो जीवनचर्यालाई केवल त्यही 'वास्तविक हित' का निमित्त समर्पित गरिराखेका हुन्छन्। कसैको वास्तविक हित तब मात्र हुन्छ जब ऊ कहिल्यै पनि दुःख भोग्नु नपर्ने गरी उम्केर 'महासुख' को अवस्थामा स्थायी रूपमा आइपुग्छ। त्यस्तो अवस्था भनेको 'बुद्धता' को अवस्था हो र त्यो अवस्थामा कसैलाई पुऱ्याइयो भने उसको परमार्थ हित हुन्छ। बाँकी सबै प्रकारका हित भनेको तिर्खा लागेको व्यक्तिलाई नुनिलो पानी दिएर प्यास मेटाउन खोज्नु सरह मात्र हो। यही नै ती सर्वज्ञ बुद्धहरूले परिभाषित गरेको परमार्थ हित हो। जुन मार्गले त्यस्तो अवस्थामा पुऱ्याउँछ त्यसलाई 'सद्धर्म' भनिन्छ। त्यस्तो अचूक र अविपरीत मार्ग बुद्धहरूले नै सिकाउने भएकाले बुद्ध पछिका मानिसहरूले सद्धर्मलाई 'बौद्धधर्म' या 'बुद्धधर्म' याने 'बुद्धहरूले सिकाउने धर्म' भन्ने गर्छन्।

यस्तो सद्धर्मका शिक्षाहरू दिएर निरन्तर मानव तथा अमानवलाई परमार्थहितको मार्गमा डोऱ्याइ राख्ने बोधिसत्त्वहरू पनि संसारमा दुर्लभ मानिन्छन्।

आशीर्वाद, वरदान, जीवनका दुई चारओटा कठिनाइबाट उम्काइदिने काम, धन सम्पत्तिको लाभ, दुईचारओटा चिताएको कुरा पुऱ्याइदिने काम, मनका परिवर्तित अवस्थाहरूको सृजना गराएर केही मानसिक शान्ति दिने, कुनै विधिहरूद्वारा क्षणिक शान्ति गराइदिने, कुनै उपदेश या दीक्षा मार्फत समाधिहरू प्राप्त गराउने, व्यक्तिगत रूपमा अनासक्त चित्तावस्थासम्म पुऱ्याइदिने जस्ता कार्यहरू त लौकिक देवीदेवता, तिनका अवतार र अनुयायी

गुरूहरू, सन्तमहात्माहरू या श्रावकहरूले समेत गर्न सक्छन् र गरिराखेकै हुन्छन् । तर सम्यक्सम्बुद्धताको पद दिलाउनसक्ने वीरहरू त केवल बोधिसत्त्वहरू मात्र हुन् । त्यसैले नै बोधिसत्त्वहरूलाई अत्यन्त दुर्लभ र आदरणीय एवं अनुसरणीय मानिएको हो । बोधिसत्त्वहरूले दिने शिक्षाहरूमा दम त्यो हुन्छ जसको कारणले व्यक्ति एक सामान्य कर्मको वशमा रहेको 'जन्तु' को अवस्थाबाट सम्यक्सम्बुद्ध बन्न पुग्छ ।

बोधिसत्त्वका त्यस्तै शिक्षाहरू मध्येको आधुनिक युगानुकूल शिक्षाक्रम यो **'बोधिपुष्पाञ्जलि'** श्रृङ्खला पनि हो । यो महायोगी श्रीधर राणा रिन्पोछेज्यूले आफ्ना शिष्यहरूलाई प्रज्ञाको वृद्धि गराउनको लागि विगत ९ वर्षदेखि दिँदै आइरहेका उपदेशहरूको श्रृङ्खलाको सँगालो हो । उहाँ गुफावास बसेका ११ वर्ष बितिसकेका छन् र अहिले गुफावासमै हुनुहुन्छ । उहाँको अत्यन्त गहिरिँदै गएको महायान-वज्रयान विपश्यना ध्यानको साक्षात्कारको फलस्वरूप उहाँलाई आफ्ना मूल गुरू परमपुज्य चोब्गय ठ्रिचेन् रिन्पोछेले यसै वर्ष **'महायोगी'** र **'रिन्पोछे'** को विशिष्ट आध्यात्मिक उपाधिले सम्मानित गर्नुभएको थियो । उहाँको जीवनी सम्बन्धी विस्तृत जानकारीको लागि पाठकहरूलाई व्योम कुसुमा बुद्धधर्मसंघबाट प्रकाशित **'बोधिपुष्पाञ्जलि- भाग १'** को पुरोवाक्मा हेर्न अनुरोध गर्दछु ।

महायोगी श्रीधर राणा रिन्पोछेज्यूका यी अमूल्य उपदेशहरूलाई बुद्धता प्राप्ति गर्न चाहने मुमुक्षुहरू सबैका सामु पुऱ्याउने उद्देश्यले **'व्योम कुसुमा बुद्धधर्मसंघ'**ले प्रकाशन गर्न लागेको हो । यसबाट जिज्ञासुहरूलाई बौद्ध अभिधर्मको मोटामोटी सामान्य ज्ञान पनि हुन्छ भने बौद्ध सिद्धान्तलाई सही परिप्रेक्ष्यबाट बुझिने हुनाले मोक्षको यात्रामा हिँड्नेहरूलाई धेरै सजिलो पनि हुन्छ । त्यस क्रममा गत साल पहिलो भाग **'बोधिपुष्पाञ्जलि- भाग १'** प्रकाशित गरिएको थियो जसभित्र उहाँले दिनुभएका मासिक प्रवचनहरू मध्ये पहिला दश ओटा प्रवचनहरू समावेश गरिएका थिए । अहिले यो दोस्रो भाग प्रकाशित हुन लागेको छ जसभित्र एघार देखि बीस अङ्क सम्मका प्रवचनहरू समाविष्ट छन् । यी शिक्षाहरू क्रमबद्ध रूपमा गहिरिँदै

गएका हुनाले पाठक वर्गले पहिलो भागदेखि नै क्रमशः अध्ययन गर्दै गएमा यिनका विषय वस्तुहरूलाई बढी प्रभावकारी ढङ्गले बुझेर अधिकतम लाभ लिनुहुनेछ भन्ने आशा गर्दछु ।

अन्तमा यो **'बोधिपुष्पाञ्जली -भाग २'** को प्रकाशनका लागि आर्थिक सहयोग गर्ने व्योमा कुसुमा बुद्धधर्मसंघका उपासिका तथा उपासकहरू सबैलाई हृदयदेखि नै साधुवाद दिन चाहन्छु । विशेष गरेर यस सन्दर्भमा उपासिकाहरू तारादेवी मानन्धर, सहायक शमथाचार्य प्रतिष्ठा खड्का (कार्की), अनिता दाहाल, सहायक शमथाचार्य उर्मिला बस्नेत, अरूणा रायमाझी, सूर्य देवी मानन्धर, सुमित्रा मानन्धर, शारदा देवी मानन्धर र उपासकहरू राजेश खड्का, महेश दाहाल, शलभ राणा, निर्माण पोखे्रल, हर्ष भण्डारी, राज नन्द वैद्य र समीर भट्टचनको नाम नलिइरहन मिल्दैन । त्यस्तै आफ्नो व्यस्तताका वावजुद पनि समय निकालेर यी उपदेशहरूलाई कम्प्युटर टाइप र पुस्तकको सम्पूर्ण मूल स्वरूप तयार गर्ने उपासक विनय शम्शेर ज.ब. राणा, आवरण सज्जा गर्ने उपासक किशोर जोशी, सामग्री सङ्कलन लगायत विभिन्न पक्षबाट सहयोग गर्ने उपासकहरू पुण्य प्रसाद पराजुली, ईश्वर चन्द्र श्रेष्ठ र माणिक दास सिंह डंगोललाई हार्दिक साधुवाद दिन्छु । साथै यस पुस्तकको आवरण सज्जाको लागि आफूले तयार पारेको फूलको चित्र राख्ने अनुमति दिएकोमा शशीकला तिवारीप्रति आभार व्यक्त गर्दछु । समयको अभावमा पनि गुणस्तरीय ढङ्गले छपाइ गरी सहयोग गरेकी उपासिका चन्दा श्रेष्ठ एवं 'प्रसन्न अफसेट प्रेस' परिवारलाई कृतज्ञता सहित धन्यवाद दिँदै विश्राम लिन्छु ।

अभुक्त्वापायिकं दुःखं विना दुष्करचर्यया ।
दिव्येनैकेन कायेन जगद् बुद्धत्वमाप्नुयात् ॥
(नभोगी दुर्गति-दुःख चर्या कठिन क्यै नभै
जगत्ले बुद्धता पाओस् एउटै दिव्य कायले)

जगद्‌दुःखैकभैषज्यं सर्वसम्पत्सुखाकरम् ।
लाभसत्कारसहितं चिरं तिष्ठतु शासनम् ॥
(सर्वसम्पत्-सुख दिने दुःखको एक औषधि
यो शासन स्थिर रहोस् लाभ सत्कारयुक्त भै)

**-उपासक नारायण प्रसाद रिजाल (बुद्धवज्र)**

**(व्योमा कुसुमा अनुवाद समिति)**

## बोधिपुष्पाञ्जलि-११

त्रि-रत्न शरणम्
नमो अमिताभाय बुद्धाय

**इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति**

म पुनः एक पटक दोहऱ्याउन चाहन्छु कि कृपया कापीमा टिप्ने गर्नुहोस् र आफूलाई मूल मूल धारणाहरू एवं परिभाषिक शब्दहरू याद नहोउञ्जेल सम्म बारम्बार आफ्नो नोटलाई दोहोऱ्याइराख्ने गर्नुहोस् । यदि तपाईंले हरेक बोधिपुष्पाञ्जलिका शब्द र धारणाहरूलाई एक एक गरी अर्थशः बुझ्नु भएको छैन र याद पनि गर्नुभएको छैन भने मैले चेतावनी दिनै पर्ने हुन्छ कि तपाईंले क्रमशः यी मासिक प्रवचनहरूमा के कुरालाई बताइएका छन् भन्ने कुरा विस्तारै विस्तारै कम कम बुझ्दै जान थाल्नुहुनेछ । अनि केही समय पछि तपाईंले यहाँ के बताइएको हो भन्ने कुरा समेत बुझ्न छोड्नु हुनेछ ।

अहिले हामीले द्वादश निदानको तेस्रो प्रत्यय विज्ञानको वारेमा चर्चा गर्दैछौं । हामीले यो पनि देख्यौं कि जम्मा ८९ थरीका विज्ञानहरू हुँदोरहेछन् र यिनीहरूलाई जम्मा तीन गोत्रमा विभाजन गरिंदो रहेछ। कामचित्त, महद्गत चित्त र लोकोत्तर चित्त । अहिले हामी कामचित्तको बारेमा कुरा गरिराखेका छौं जहाँ दशैं संयोजनहरूको पूर्ण अधिपत्य कायम रहन्छ । दश संयोजन मध्ये हामीले १५/१६ घण्टा जति सत्कायदृष्टिको बारेमा छलफल गरिसक्यौं र अहिले हामी विचिकित्सासंग सम्बन्धित कुरा र यसको प्रतिपक्ष श्रद्धाको बारेमा छलफल गर्दैछौं । यसमा पनि ८ घण्टा जति त व्याख्या गरेर विताइसक्यौं । आज पनि हामीले श्रद्धा र विचिकित्सालाई नै चालु राख्नेछौं । परन्तु, शुरु गर्नुभन्दा पहिले मैले नारायणलाई यो द्वादश निदानको पूरा चक्र नै अनादिदेखि चलिराखेको हुन्छ भन्ने सन्दर्भमा १२ निदानलाई स्पष्ट पार्न भनेको छु जुन कुरा अभिधर्मकोष ३.१९ मा आधारित छ -

**"परलोकं पुनर्यातीत्यनादि भवचक्रकं"** (अभिधर्मकोष, ३.१९)

अब यही पृष्ठभूमिका आधारमा गहिरिएर धर्म अभ्यास गर्ने प्रत्येक साधकले समुचित क्षेत्रमा समुचित श्रद्धा उत्पादन गर्नु आवश्यक छ भन्ने कुरालाई गम्भीर रूपमा लिनु पर्छ भन्ने तथ्य तिर हामी लागौं । यहाँ दुई कुराहरू छन्-१) उत्तम खालको श्रद्धोत्पाद र २) उत्तम र समुचित विषयप्रतिको श्रद्धा । उत्तम श्रद्धा भनेको के हो ? आफ्नो प्रज्ञेन्द्रियको प्रयोग गरेपछि र तथागतका शब्द र विशेष गरी भारतवर्षका महासिद्ध एवं महापण्डित र सामान्यतया पछाडिका परम्परागत गुरूहरूबाट दिइएका भाष्यहरूसँग युक्ति, तर्क र सबै पक्षबाट मिल्ने थाहा पाएपछि आउने श्रद्धा हो । फेरि त्यो पनि आफ्नो मार्गको रूपमा अनुभूति हुँदाखेरि क्लेशहरूलाई घटाउने र बोधिपक्षहरूलाई बढाउने खालको प्रमाणित हुनुपर्छ । अभिषेक (दीक्षा), सिद्धान्त, भावना र मार्ग निकै चामत्कारिक र गम्भीर देखियो भने पनि यदि त्यसबाट क्रमशः क्लेशहरू घट्दै जाने र अन्तमा आएर क्लेशहरूलाई नष्टै पार्ने एवं ३७ बोधिपक्षहरूलाई विकास गर्ने काम गरेन भने त्यस्ता रहस्यात्मक मार्गहरू जति नै चमत्कारिक भए पनि या अलौकिक नै भएपनि तिनीहरूप्रतिको श्रद्धा सम्यक् श्रद्धा हुँदैन ।

ऐतिहासिक रूपमा राम्रोसंग प्रमाणित र प्रख्यात भएको कुरा के हो भने ३७ बोधिपक्षहरूसंग सम्बन्धित एवं क्लेशहरू (जो दुःखका जड हुन्) लाई जरैदेखि उन्मूलन गर्ने विपश्यना पद्धतिलाई सिकाउने केवल तथागत मात्र हुनुहुन्छ । यद्यपि सबै धर्ममा दुःखको कुरा गरिन्छ, तापनि बुद्ध धर्म बाहेक अरू कुनैले पनि दुःखको वास्तविक कारणलाई औल्याउन सकेका छैनन् । हामीले पहिले नै सम्यक्दृष्टिसँग सम्बन्धित प्रवचनमा देखिसकेका छौं कि अरू प्रणालीहरूको धारणा अनुसार - १) यो ईश्वर या त्यो भगवान् र उहाँले भनेका कुराहरूमा विश्वास नगर्नाले दुःख भएको हो २) ती शास्त्रहरूमा या अन्य यस्तै अतार्किक, प्रमाणित गर्न नसकिने ग्रन्थमा भनिएका अनुसारको आफ्नो आत्मालाई साक्षात्कार नगर्नाले या नचिन्नाले दुःख भएको हो । जब हामीले यी उत्तरहरूलाई बुद्धले दिएको उत्तरसंग तुलना गर्छौं, तब कुनै कठिनाइ विना नै महसुस गर्न सकिन्छ कि केवल तथागतले मात्र तार्किक, मनोवैज्ञानिक एवं व्यवहारिक उत्तर दिनुभएको

रहेछ। क्लेशहरूलाई नष्ट पार्ने र ३७ बोधिपक्षहरूलाई विकसित गर्ने साँच्चिकै मार्ग त उहाँले मात्र स्वतः नै सिकाउनु भएको रहेछ। वास्तवमा यी दुई कुरा पनि आपसमा सम्बन्धित छन्। यस्तो मार्गको 'किन ?' र 'कसरी?' सहित राम्रो अध्ययन गरिसकेपछि त्यसमा श्रद्धा भयो भने त्यसलाई समुचित एवं सम्यक् क्षेत्रमा भएको श्रद्धा भनिन्छ।

बुद्ध धर्म करिब ई.पु. ६०० तिर शुरु भएको थियो र ई.पु. १०० मा राजा कनिष्कका पालासम्ममा भारतवर्षकै संस्कृतिको एक प्रमुख शक्ति भैसकेको थियो। सन् १२००/१३०० तिर नालन्द महाविहार, विक्रमशील, ओदन्तपुरी, सोमपुरी, तक्षशिला र अन्य धेरै विश्वविद्यालय एवं महाविहारहरूलाई मुसलमानहरूले नष्ट पार्ने वेला सम्ममा ७५% भारतवर्ष नै बौद्ध भैसकेको थियो। यसरी १५०० देखि १८०० वर्ष सम्म बुद्ध धर्मले भारतवर्षमा प्रभुत्व जमाइसकेको थियो र एशियाको समेत ७५% भूभाग बौद्ध भैसकेको थियो। त्यो समयमा भारतवर्षका अन्य धार्मिक प्रणालीहरू पनि बुद्ध धर्मबाट गम्भीर रूपमा प्रभावित भैसकेका थिए। धेरै जसो मानवशास्त्रीहरूका अनुसार अहिले जेलाई हिन्दू धर्म भनिन्छ, त्यो चाहिँ बुद्ध धर्मबाट ७५% जति प्रभावित भैसकेको रूप हो र बुद्धका पालामा भएको मूल वैदिक प्रणाली होइन। त्यसकारण बुद्धभन्दा पछि लेखिएका धेरै हिन्दू शास्त्रहरूमा बौद्ध शब्दहरू पाइनु कुनै नौलो आश्चर्यजनक कुरा होइन। परन्तु यो बुझ्नु ज्यादै महत्वपूर्ण हुन्छ कि ती शब्दहरू सधैं नै आत्म-साक्षात्कारको सन्दर्भमा प्रयोग गरिएका हुन्छन् न कि अनात्म-साक्षात्कारको सन्दर्भमा। यो नै मूल मामला हो र उस्तै शब्दहरू हिन्दू शास्त्रहरूमा पनि पाइए भनेर हामी मूर्ख बन्नु हुँदैन।

यहाँ म केही दृष्टान्तहरू दिएर यो कुरा प्रकाश पार्न चाहन्छु। पातञ्जल योगसूत्रको २० औं सूत्रमा भनिएको छ-**"श्रद्धा-वीर्य-स्मृति-समाधि-पूर्वक इतरेषाम्"** (समाधिपाद २०)

यहाँ इतरेषाम् भनेको 'अरूको निमित्त' हो र बाँकी शब्दहरू त तपाईंहरू स्वयं जान्नुहुन्छ। वास्तवमा यो देख्दा बडो रमाइलो हुन्छ कि

पतञ्जलिले यी शब्दहरूको क्रम समेत नबदलेर जस्ताको तस्तै उतारेका छन् । परन्तु यस सूत्रका विभिन्न भाष्यहरू अध्ययन गर्‍यौं भने सजिलोसंग थाहा हुन्छ कि यी पाँच इन्द्रियहरू प्रयोग गरिएको सन्दर्भ विल्कुलै भिन्दै छ र तिनीहरूको अर्थ समेत पनि धेरै फरक छन् । पहिलो त भाष्यहरूमा स्पष्टै छ कि यी पाँच कुराहरू निरोधका निमित्त आवश्यक पर्ने हुन्, किनकि दोस्रो श्लोकमै भनिएको छ -**“योगश्चित्तवृत्तिनिरोध”** । त्यसको अर्थ हुन्छ - यी पाँच कुराहरूको आवश्यकता समाधि उत्पन्न गर्नका निमित्त हो । परन्तु बुद्ध धर्ममा यी पाँच कुराको विकास गरेर पाँच इन्द्रिय र त्यसको विकासबाट पाँच बल सम्म पुर्‍याइनु पर्छ भनेको दर्शन मार्गमा प्रवेश गर्नको लागि हो र वास्तवमा निरोध अवस्था प्राप्त गर्नको लागि होइन । अतः उही शब्द श्रृङ्खला प्रयोग गरिएको भए पनि तिनीहरूको वास्तविक संगति छैन ।

दोस्रो, ती मध्येको कुनै एउटालाई लिउँ । ‘स्मृति’, जसलाई हिन्दू धर्ममा र बुद्ध धर्ममा कसरी बुझिन्छ हेरौं । वाचस्पति मिश्रले स्मृतिलाई नै ध्यान भनेर परिभाषित गर्नुभएको छ । विज्ञान भिक्षु, कृष्ण वल्लभ जस्ता अरूले पनि ‘ध्यान’ भन्ने अर्थ नै दिएका छन् । ताईमिनी जस्ता अरू केहीले यसको अर्थ योगीलाई लाभदायक हुने पहिले पहिले गरिएका अनुभूतिहरूका स्मरण हुन् भन्ने मानेका छन् । तपाईंहरू सबैलाई थाहै छ कि स्मृत्युपस्थानमा स्मृति भनेको के हो ? अतः तपाईंहरू आफूले देख्न सक्नुहुन्छ कि पातञ्जलसूत्रमा प्रयोग गरिएको त्यहाँ ‘स्मृति’ भन्ने शब्दको अर्थ पनि ३७ बोधिपक्षभित्रको स्मृति इन्द्रियको अर्थसंग मिल्दो रहेनछ ।

त्यसकारण हिन्दू या अन्य शास्त्रहरूमा पनि उनै वा उस्तै शब्दहरू प्रयोग गरिएका भेटिए भन्दैमा हामी त्यसबाट झुक्किनु हुँदैन र यी बौद्ध धारणाहरू अरू पद्धतिमा पनि पाइन्छन् भन्ने ठान्नु हुँदैन । बौद्ध प्रणालीमा पाइने जस्तै उही क्रममा उनै शब्दहरू पातञ्जल योग दर्शनमा पनि भेटिनुले बरू पतञ्जलि र उनका सूत्रहरू बुद्धभन्दा पछिका रहेछन् भन्ने स्पष्ट देखाउँछ र बुद्धभन्दा अघि सत्ययुगका भन्ने देखाउदैन । म अर्को दृष्टान्त

पनि दिन चाहन्छु जहाँ क्षणविज्ञान, शून्यता आदि आत्मा नै हुन् भनि दावी गरिएको छ। योगवासिष्ठ उत्पत्ति प्रकरणमा बताइएको छ -

**यः पुमान् सांख्यदृष्टी नां ब्रह्म वेदान्तवादिनाम्**

**विज्ञानमात्रं विज्ञानविदामेकान्तनिर्मलम् ॥६॥**

**यः शून्यवादिनां शून्यो भासको योऽर्कतेजसाम्**

**वक्ता मन्ता ऋतं भोक्ता द्रष्टा कर्ता सदैव सः ॥७॥** (योगवासिष्ठ, सर्ग ५)

अर्थात् जो सांख्यदृष्टि भएकाहरूको पुरूष, वेदान्तवादीहरूको ब्रह्म, विज्ञानवादीहरूको शुद्ध विज्ञान हो, जो शून्यवादीहरूको 'शून्य' हो, जो सूर्य आदिको तेजलाई पनि प्रकाशित गर्ने तत्व हो, त्यो नै सधैं सबैको वक्ता, मन्ता, सत्य, भोक्ता, द्रष्टा, कर्ता (आत्मा) हो।

त्यस्तै २२ औं श्लोकमा भनिएको छ कि यो शून्य आदि सबै सत्ताको पनि सत्ता हो। **"ईतयेनगताः सत्तां सर्वसत्तातिगामिना।"** -सबै सत्ताहरूको पनि अतिगामी सत्ता हो। अब तपाईंहरू आफै सोच्नुहोस्, कसरी शून्यवादी (माध्यमिक) हरूको निःस्वभाव या "वास्तविक सत्ता नभएको" भन्ने अर्थ लाग्ने "शून्य" वेदान्तवादीको ब्रह्मा, सांख्यको पुरूष द्रष्टा, कर्ता आदि हुन सक्छ जुन सर्वसत्तातिगामी परमसत्ता हो। त्यसकारण उही बौद्ध शब्दहरू अबौद्ध शास्त्रहरूमा पनि भेटिए भन्दैमा ती शास्त्रहरूमा ३७ बोधिपक्ष र तिनीहरूसंग सम्बन्धित कुरा या त्यससंग सम्बन्धित मार्ग त्यही रहेछ भन्ने हुँदैन।

अझै योगवासिष्ठमा भेटिने त्यस्ता श्लोकहरूले झन् केही सान्दर्भिक प्रश्नहरू निकाल्छन् -१) योगवासिष्ठ भनेको रामलाई वसिष्ठले दिएको उपदेश हो भन्ने मानिन्छ। राम र वसिष्ठलाई त्रेतायुगका मानिन्छ र बुद्धलाई कलियुगकै मानिन्छ। "**यः शून्यवादिनां शून्यों**" भन्ने श्लोकार्धमा 'शून्यवादिन्' शब्द प्रयोग गरिएको छ। अब, यद्यपि शून्यताको उपदेश तथागत स्वयंले नै दिनुभएको थियो, तापनि भारतवर्षमा 'शून्यवादिन्' भन्ने धारणा केवल नागार्जुन (१०० ई.पु.) देखि मात्र प्रयोग गरिँदै आएको छ। त्यसकारण राम

र वसिष्ठ नागार्जुन (बुद्धको ४००-५०० वर्ष पछिका) भन्दा पनि पछाडिका भए कि बुद्धभन्दा पनि अघि त्रेतायुगका भए त ? यदि तिनीहरू बुद्ध भन्दा पनि अघिका भए कसरी वसिष्ठले रामलाई शून्यवादीको कुरा बताउन सक्छन् जुन शब्द नागार्जुन पछि मात्र आएको छ। परन्तु वसिष्ठले त विज्ञानवादीको 'विज्ञानमात्र'लाई पनि उल्लेख गरेका छन्। विज्ञानवादी भन्ने शब्द पनि अरूसंग वसुबन्धु पछि मात्र आएको हो जुन सन् ४०० तिर मात्र हो र नागार्जुन भन्दा पनि ४००-५०० वर्ष पछाडि हो। असंग र वसुबन्धु भन्दा अघि 'विज्ञानवादी' भनिने व्यक्तिहरू थिएनन्। अब त राम र वसिष्ठ बुद्ध भन्दा करीब १,००० वर्ष पछाडिका देखिन आए र नागार्जुन भन्दा ५०० वर्ष पछिका हुने भए, किनकि रामलाई सिकाउँदा खेरि वसिष्ठले 'विज्ञानवादी' भन्ने शब्द ल्याए। परन्तु बुद्ध स्वयंले पनि वसिष्ठ भनेका प्राचीन ऋषि थिए भनेर कहाँ स्थानहरूमा उल्लेख गर्नुभएको छ। यसको मतलब के हुन आउँछ भने या त सो योगवसिष्ठ भन्ने पूरा ग्रन्थ नै वसुवन्धु (सन् ४००) पछि लेखिएको मिथ्या शास्त्र हो या त राम र वसिष्ठ वसुवन्धु भन्दा पछाडिका हुन्। तपाईंहरू आफै रोज्नुहोस्।

यहाँ योगवसिष्ठका यी श्लोकहरूले अझै अर्को समस्या पनि निम्त्याउँछन्। तथागतको सन्दर्भमा वाल्मीकि र वसिष्ठको कुरा पनि एक आपसमा मिल्दैनन् जस्तो देखिन्छ। वाल्मीकि रामायणको जावाली प्रकरणमा तथागतलाई रामले 'चोर' भनेका छन् भने योगवसिष्ठमा आफ्ना गुरू वसिष्ठसंग रामले तथागतको उपदेश, सांख्याको पुरूष र वेदान्तको ब्रह्म आदि उहाँ हो भन्ने सिकेका छन्। कि त राम वसिष्ठले भनेको कुरा सँग सहमत भएनन् र तथागतलाई चोर भने। त्यसो भए त राम गुरूद्रोही ठहरिन पुग्छन् जो हिन्दूमा पनि ज्यादै गम्भीर त्रुटि मानिन्छ।

अझै पनि अर्को ऐतिहासिक समस्या आइपर्छ। यदि रामले जावालीलाई तथागत चोर भनेका हुन् भने राम तथागत भन्दा पछाडिका ठहरिन्छन्, अगाडिका होइन। परन्तु यदि राम वसिष्ठका शिष्य हुन् भने उनी बुद्ध भन्दा अगाडि कै हुनु पर्छ किनकि बुद्ध स्वयंले पनि वसिष्ठ (पालीमा

'बसेट्ठ') पहिलेका ऋषि हुन् भन्ने कुरा उल्लेख गर्नुभएको छ। त्यसो भयो भने त वाल्मीकिको रामायण नै तथागतपछि बनेको भन्नुपर्ने हुन्छ। परन्तु वाल्मीकिले राम जीवित हुँदाखेरि नै रामायण लेखेका थिए भन्ने भनाइ छ। अनि त्रेता युगमा रामले तथागतलाई चोर भनेको कसरी हुन सक्छ जबकि तथागत नै जन्मिएका थिएनन्। त्यसोभए के रामायणको कथा नै झूठ्ठा हो त ? आफै रोज्नुहोस्।

यहाँ बुझ्नुपर्ने मूल कुरा के हो भने यस्ता परस्पर विरोध भएका र सन्दिग्ध शास्त्रहरूमा आधारित उपदेश र परम्पराहरूलाई बुद्धका स्पष्ट, युक्तिसंगत, व्यावहारिक र ऐतिहासिक रूपमा प्रमाणित उपदेश र परम्पराहरू संग कसरी तुलना गर्न मिल्छ ? यो विषयमा धेरै गम्भीर रूपमा सोच्न तपाईंहरूलाई भन्छु। कसरी हामीले यस्ता भ्रममा पार्ने शास्त्रहरूलाई प्रमाणिक भनेर लिन सक्छौं ? स्वयं नै अन्योलमा भएका शास्त्रहरूमा आधारित शास्त्र र प्रणालीले कसरी हाम्रा सन्देहलाई मेटाउन सक्छन् ? अझै यी शास्त्रहरूको परम्परा पहिलेको मूल गुरूबाट अटुट रूपमा आइरहेको भेटिँदैन। त्यसैले यी श्लोकहरूसंग सम्बन्धित अर्थ र अभ्यासहरू के हुन् भन्ने कुराको मनपरी व्याख्या गर्न प्रत्येक उपबुज्रुक पण्डितलाई खुला भएको छ। ठीक यस्तै पद्धतिहरूप्रति श्रद्धा हुनु नै अन्धभक्ति हो र त्यस्तो श्रद्धालाई मिथ्या श्रद्धा भन्दछन्।

अर्को सम्भावनालाई पनि केलाऔं। वसिष्ठ र वाल्मीकि दिव्यदृष्टि भएका व्यक्ति भएकाले तथागतले के उपदेश दिनेछन् भन्ने पहिले नै थाहा पाइसकेका हुन सक्छन्। तथागत स्वयंले पनि के भन्नुभएको छ भने वसिष्ठ, अगस्त्य, वामदेव जस्ता प्राचीन ऋषिहरूको अरूप ध्यानको शमथ अभ्यास उच्च तहमा पुगेकाले गर्दा उनीहरूको दिव्य दृष्टि थियो। उहाँले यो पनि भन्नुभएको छ कि यी प्राचीन ॠषिहरूले काश्यप बुद्धका केही शिक्षाहरूलाई समात्न सफल भएका थिए र वेदहरूको शुरुवात् यही नै थियो र यसमा पछाडिका ब्राह्मणहरूले बलि या पशुको-हवन (जस्तैः गोमेध, अश्वमेध यज्ञ) आदि थप्दै गएका हुन्। बुद्धका पालासम्ममा यी

ऋषिहरूले समात्न सकेका फाटफुट केही शिक्षाहरूका पनि निकै थोरै कुराहरू मात्र अवशिष्ट थिए। त्यसैकारणले हवन, यज्ञ, पशु हवन आदि कुरा बढी मात्रमा पाइने वैदिक प्रणालीमा केही शमथका विधिहरू पनि आएका छन्। अतः बुद्धको समयमा पनि यी वैदिक प्रणालीहरूमा केवल शमथका केही विधिहरू मात्र पाइन्थे र तिनीहरूले महद्गत चित्त उत्पादन गर्न सम्म सक्थे, लोकोत्तर चित्त उत्पाद गर्ने विधि नै थिएन। त कसरी वैदिक प्रणालीबाट अंकुरित भएको परम्पराले (चाहे त्यो सही सलामत र अटुट किन नहोस्) आज लोकोत्तर चित्त उत्पाद गर्न सक्छ ? अथवा अर्को भाषामा भन्ने हो भने कसरी यी विधिहरूले क्लेशलाई जरैदेखि उखेलेर फ्याक्न र ३७ बोधिपक्ष विकास गर्न सक्छन् ?

वसिष्ठ र वाल्मीकिमै फेरि एक पटक जाऔं। यदि तिनीहरूले रामायण र योगवसिष्ठमा भविष्यका तथागत र उनका शिक्षाको सन्दर्भमा बोलेका थिए भन्ने मान्ने हो भने पनि ती शास्त्रहरूको भाषामा त्यही बमोजिमका वाक्य हुनुपर्थ्यो। परन्तु त्यहाँका वाक्यहरू त रामले "तथागत पहिलेका थिए र भविष्यका होइनन्" भन्ने जस्तो गरि लेखिएका छन्। वसिष्ठले पनि विज्ञानवादले पछि "विज्ञानले मात्र जेलाई भन्नेछन्, शून्यवादीले जेलाई शून्य भन्नेछन् त्यो" भनेका त छैनन्। वाक्यमा त स्पष्टै छ कि उनले पहिले देखि नै भैराखेका शून्यवादी या विज्ञानवादीको कुरा गरेका छन्। त्यसकारण दिव्यदृष्टिले गर्दा भएको भन्ने कुरा अन्तमा मिल्दै नमिल्ने वाहना हुन पुग्छ।

त्यसकारण केही अबौद्ध ग्रन्थहरूमा केही बौद्ध शब्दहरू पाइए भन्दैमा ती शब्दहरूको अर्थ उही हो र ती ग्रन्थहरूमा पनि लोकोत्तर चित्त उत्पादनका विधिहरू छन् भन्ने अर्थ हुँदैन। धार्मिक इतिहासमा बुद्ध बाहेक अरूले त लोकोत्तर चित्तको उल्लेख समेत गरेका छैनन् भन्ने कुरा राम्रोसँग बुझ्नु भएको होला भन्ने आशा गर्दछु। अरू सब गुरूहरूले धेरै भए महद्गत चित्त सम्म उत्पादन गर्ने विधि सिकाएका छन्, नत्र प्रायः कुनै देवलोक या (कामधातु) मै फेरि जन्म लिने विधिहरू मात्र सिकाएका

हुन्छन् । त्यसबाट स्वतः देखिन आउँछ कि बौद्ध परम्पराभन्दा बाहिरका परम्पराहरूमा लोकोत्तर चित्त उत्पादन गर्ने विधिहरू नै छैनन् । हिन्दू धर्मभित्र केही महद्‌गत चित्तका परम्पराहरू छन् । एक महद्‌गत योगीका सिद्धि-ऋद्धिहरू पनि हुने भएकोले गर्दा धेरै मुखहरू ती महद्‌गत योगीहरूलाई नै ज्ञानी या मुक्त भन्ने ठानेर झुक्किएका हुन्छन् । चतुर्थ या आठौं ध्यानसम्म पुगेको उच्च तहको महद्‌गत योगीले आफ्नो चित्तको अनन्त विशाल र प्रभास्वर (चिद्‌मात्र) को अनुभूति अतिप्रवल रूपमा गरिरहने भएकोले, पातञ्जलि सूत्रमा समेत त्यस्तो स्थितिलाई नै कैवल्य स्वरूप भनिएको हुनाले त्यस्ता धेरै योगीहरू स्वयं झुक्किएका छन् र स्वयंलाई जीवनमुक्त भन्ने ठानिराख्छन् ।

यहाँ खास कुरालाई स्पष्ट रूपमा बुझ्न मद्दत गर्ने दुई शब्दहरू छन् -महद्‌गत चित्त र लोकोत्तर चित्त । आफ्नो समाधिको अभ्यास ८०,००० कल्पसम्मै गरे पनि महद्‌गत चित्तबाट स्वयं नै लोकोत्तर चित्त कदापि उत्पन्न हुन सक्दैन । त्यसकारण त्यस्ता परम्पराहरू श्रद्धाका गलत विषय हुन्छन् र अटुट रूपमा भएपनि शुद्ध-सिद्ध-अटुट परम्परा मानिँदैनन् । तिनीहरूलाई अटुट महद्‌गत परम्परा भन्न सकिन्छ । यस्ता परम्पराका उपदेश र अभ्यासहरूले लौकिक सिद्धि-ऋद्धि त उत्पादन गर्न सक्छन् परन्तु लोकोत्तर चित्त उत्पादन गर्न सक्दैनन् । त्यसैले लोकोत्तर चित्त भनेको नै के हो भन्ने कुरा बुझ्न अति महत्वपूर्ण हुन आउछ ।

अब तपाईंहरूले सोध्न सक्नुहुन्छ कि महद्‌गत परम्परामा के यस्तो दोष छ त ? यहाँभित्र धेरै कुराहरू गडबड छन् - १) महद्‌गत परम्परामा शाश्वत नित्य चिदात्माको, परम आनन्दको र अनन्त विशाल परम चित् सत्ता आदिको अनुभूति भइरहने हुनाले त्यसलाई नै बोध (ज्ञान) अर्थात् लोकोत्तर चित्त भन्ने ठान्ने गलती हुन्छ । यी अनुभूतिहरू त चतुर्थ ध्यान या त्यो भन्दा माथिका ध्यानमा पुगेका योगीहरूलाई समाधिको वेलामा र पृष्ठलब्ध अवस्थामा पनि भइरहन्छन् । ‘माथिका’ भन्नाले यहाँ अरूप ध्यानलाई बुझिन्छ, जसको विधि अन्यत्र अबौद्ध पद्धतिमा आजकाल

त्यति पाइदैन ।

२) यी अनुभूतिहरू अत्यन्तै शक्तिशाली हुन्छन्, जसले गर्दा यदि ती पद्धतिहरूले त्यसलाई नै ज्ञान या बोधको अवस्था भनेर सिकाइराखे भने योगीले कहिल्यै पनि साँच्चिकै लोकोत्तर चित्त प्राप्त गर्ने प्रयास नगर्ने हुन्छ । या स्वयंलाई नै बोध प्राप्त भएको विश्वास हुन्छ किनभने महद्गत परम्पराका सिद्धान्तहरू उसका अनुभूतिहरूसंग ठीक ठीक मेल खान्छन् । यस्ता योगीहरूलाई आफूले अनुभूति गरिराखेका उक्त प्रकारका अनुभूतिहरू प्रतिको आसक्तिलाई काट्न प्रायः असम्भव नै हुन्छ । त्यसकारण उसले आफूलाई बोध प्राप्त भएको होइन भन्ने कुरालाई न त विश्वास गर्न सक्छ, न स्वीकार गर्न सक्छ । आफ्नो अनुभूतिलाई चुनौती दिने कुनै पद्धति प्रति पनि उसको चित्त खुला नभएर बन्द नै रहन्छ । अनुभूतिको प्रमाण अत्यन्तै बलियो हुन्छ र बाँध्छ पनि ।

समस्या त के हो भने महद्गत परम्पराहरूमा अनुभूतिहरू पनि तथ्य र मिथ्या दुई थरीका हुन सक्छन् भन्ने कुरा बुझ्ने संस्कृति नै भएन । आखिर एल्.एस्.डी. को ह्याशिशको नशाका अनुभूतिहरू पनि त त्यो व्यसनीले सीधै गरेका अनुभूति हुन् । के हामीले यी अनुभूतिहरू उक्त व्यसनीले प्रत्यक्ष अनुभव गरेका हुन् भन्दैमा तथ्य या (ठीक) भन्न सक्छौं त ? महद्गत चित्तका अनुभूति र लोकोत्तर चित्तका अनुभूतिमा फरक यति हो कि महद्गत चित्तका अनुभूतिहरू विश्लेषण गरिएमा खतम हुन्छन् भने लोकोत्तर चित्तका अनुभूतिहरू विश्लेषण गर्दा पनि जाँदैनन् । वास्तवमा त लोकोत्तर चित्तका निमित्त 'अनुभूति' भन्ने शब्द पनि गलत हुन्छ । किनभने त्यो त अविकल्प र अद्वय हुन्छ । महद्गत चित्तका अनुभूतिहरू अझै पनि द्वयात्मक (dualistic) नै हुन्छन् । द्वयात्मक कुन मानेमा भने त्यहाँ अझै पनि अनुभाविता र अनुभूयमान (experiencer & experienced) रहेकै हुन्छन् । यद्यपि तिनीहरू यति राम्रोसंग एकाकार भैसकेका (अद्वत) हुन्छन् कि लोकोत्तर चित्त परम्परामा पाइने समुचित उपदेशहरू विना मानिसले त्यो महद्गत चित्तलाई सँधै नै अद्वेत नै ठानिरहन्छन् । परन्तु यदि तपाईंले

विश्लेषण गर्नुभयो भने अझै पनि तिनीहरू द्वयात्मक नै पाउनुहुने छ।

लोकोत्तर चित्तको अनुभूतिमा अनुभविता (experiencer) र अनुभूयमान (experience) हरू एकाकार भएर मिल्ने होइन, तिनीहरू नै नहुने हो अर्थात् तिनीहरू पूर्ण रूपले अग्राह  अवस्थामा जाने हो। समथ मात्र प्रयोग भैराखेको कुनै पनि ध्यान विधिले लोकोत्तर चित्त उत्पादन गर्न सक्दैन। लोकोत्तर चित्त उत्पादन हुनको लागि त्यो पद्धतिमा ३७ बोधिपक्षहरूको विकास हुनैपर्छ।

३) यदि महद्गत योगी बौद्धहरूको भाषामा भन्दाखेरीको चतुर्थ ध्यानमा या पातञ्जल सूत्रमा या अन्य अबौद्ध पद्धतिमा भनिए अनुसारको असम्प्रज्ञात समाधि या निर्विकल्प समाधिमा पुगेको हो भने उसका सिद्धि-ऋद्धिहरू पनि हुन सक्छन्। यी सिद्धि-ऋद्धिहरूले ऊ स्वयंलाई मात्र नभएर अन्य उसका सयौं शिष्यहरूलाई समेत झुक्याउन मद्दत गर्छ। हो, यहाँ आएर धेरै मानिसहरू फसेका छन्। के बुझ्नु आवश्यक छ भने, बौद्ध होस् या अबौद्ध, यदि शमथयानिक ध्यानहरू मात्र गरेर चतुर्थ ध्यान या पातञ्जलसूत्रको जस्तो अन्तिम ध्यान याने असम्प्रज्ञात समाधिमा पुग्नुभयो भने तपाईंका पनि सिद्धि-ऋद्धिहरू हुन सक्नेछन् र पातञ्जलसूत्रले पनि उक्त अवस्थालाई परम ज्ञानको अवस्था मानेको छ जबकि बौद्ध प्रणालीले यी शमथयानिक योगीहरूको सिद्धि-ऋद्धि सहितको चतुर्थ ध्यानको अवस्थालाई बोध मान्दैन। उनीहरूले लोकोत्तर चित्त प्राप्त गरेको मानिँदैन बरू महद्गत चित्तको अति उच्च अवस्था प्राप्त गरेको मानिन्छ। बुद्ध धर्ममा पनि ४० भन्दा बढी विधिहरू सिद्धि-ऋद्धि सहित महद्गत चित्त उत्पादन गर्नको लागि बताइएका छन्। तर म फेरि पनि दोहोऱ्याउँछु कि बुद्ध धर्मले यस्तो योगीलाई ज्ञानी मान्दैन।

४) सुखा विपश्यनाको अभ्यास गर्ने बौद्धहरू या चतुर्थ ध्यानसम्म नपुग्ने परन्तु लोकोत्तर चित्त उत्पादन तर्फ जोड दिइराख्ने बौद्धहरूका तल्लो लोकोत्तर चित्त अवस्थाहरूमा सिद्धि-ऋद्धिहरू देखा पर्दैनन्। तैपनि तिनीहरूलाई सिद्धि-ऋद्धि सहितका महद्गत योगीभन्दा उच्च तहका

मानिन्छ। चमत्कारिक शक्तिहरूले युक्त भएको सबभन्दा उच्च तहको महद्‌गत योगी समेत पनि 'आर्य' मानिँदैन। जब कि दर्शन मार्गमा (स्रोतापन्न) प्रवेश गरिसकेको योगीका सिद्धि-ऋद्धिहरू नभए पनि ऊ 'आर्य' हो। बौद्ध संस्कृतिको यो अति महत्वपूर्ण पक्ष हो।

५) तैपनि शमथको राम्रोसंग अभ्यास गरेका र विपश्यनाको पनि राम्रोसंग अभ्यास गरेका बौद्ध योगीहरूको 'आर्य' हुँदाखेरी शुरुदेखि नै सिद्धि-ऋद्धि हुन्छ।

६) महद्‌गतमा नभएका आर्यहरूको पनि भूमि पार गर्दै दश भूमिसम्म जाने क्रममा सिद्धि-ऋद्धिहरू आइहाल्छन्, परन्तु यो बुझिराख्नु उपयोगी हुनेछ कि स्रोतापन्न हुन कम्तिमा पनि प्रथम ध्यानको क्षणिक समाधि उत्पन्न हुनु पर्छ र दर्शन मार्ग प्रवेश हुन क्षणिकै भएपनि चतुर्थ ध्यानमा पसेकै हुनुपर्छ। समाधि बल छैन भने लोकोत्तर चित्त पनि हुँदैन।

७) अन्तमा, महद्‌गत योगीहरू उच्च ब्रह्मलोकमा जन्मिन्छन् जहाँ २०,००० कल्पदेखि ८०,००० कल्पसम्म कुनै दुःख-कष्टविना नै उनीहरू रहन्छन्। त्यसले गर्दा उनीहरू दर्शनमार्गमा प्रवेश गर्न र आर्य हुनबाट कल्पौंसम्म वञ्चित हुन्छन्। यदि यो कुरालाई राम्रोसँग बुझ्नुभयो भने 'पृथग्जनहरू अवीचिमा गइएला भनेर जति डराउँछन्, आर्यहरू यी उच्चतम ब्रह्मलोकहरूमा गइएला भनेर त्योभन्दा बढी नै डराउँछन्' किन भनिएको रहेछ भन्ने छर्लङ्गै बुझ्नुहुनेछ। अनि २०,००० देखि ८०,००० कल्पसम्म तथाकथित सर्वशक्तिमान, सर्वसमर्थ, सर्वज्ञ योगी भएर आफ्नो महद्‌गत कर्म सकिएपछि बाँण छुटेझैं सिधै तल अवीचिसम्म पनि गिर्न पुग्छन्, जुन उनीहरूको 'जनक कर्म' आदिमा भर पर्छ। हामीले पहिला बोधिपुष्पाञ्जलिहरूमा भनिसकेका छौं कि सिद्धि-ऋद्धि नभए पनि यदि ऊ आर्य भैसकेको छ भने फेरि कहिल्यै पनि अपाय गतिमा पर्दैन।

यो बुझ्नु अति आवश्यक छ कि अन्य अबौद्ध पद्धतिमा केवल शमथविधिहरू मात्र हुने भएकाले तिनीहरूले महद्‌गत योगीहरू मात्र बनाउन सक्छन् जसले चमत्कारिक शक्ति प्रदर्शन गर्न त सक्छन् तर ती पद्धतिमा

पञ्च मार्ग क्रम र ३७ बोधिपक्षको बारेमा थाहा समेत हुँदैन । अतः तिनीहरूले सही आर्य अर्थात् लोकोत्तर चित्त उत्पादन गर्ने सम्भावना हुँदैन । यदि हामीले भनेको बुझ्नुभयो भने अटुट शुद्ध सिद्ध परम्परा र अटुट महद्गत परम्परा भनेका के रहेछन् भन्ने बुझ्न त्यति गाह्रो हुनेछैन । 'अटुट सिद्ध परम्परा' मा 'सिद्ध' भन्ने शब्दले लोकोत्तर चित्त सिद्धिलाई जनाउँछ । त्यसले सामान्य भाषाको 'सिद्धि' भन्ने अर्थलाई जनाउँदैन अर्थात् 'चमत्कारिक शक्ति' भन्ने जनाउँदैन ।

अब हामीले अटुट सिद्ध परम्परा किन चाहिन्छ र यस्तो परम्पराको अर्थ के हो भन्ने कुरालाई हेरौं । मानौं तपाईंले एउटा पुस्तक लेख्नुभयो, अनि त्यसको सबै कुरा यथार्थ र विस्तृत रूपमा हरिलाई शब्दहरूको अर्थसहित व्याख्या गर्नुभयो र त्यो पुस्तक केको बारेमा हो भन्ने पनि बताउनुभयो । अनि हरिले पनि रामलाई ठीक त्यसैगरी बतायो । रामले श्यामलाई, श्यामले मनोजलाई, मनोजले अब्बुलाई, अब्बुले गब्बरलाई, गब्बरले शंकरलाई । शंकरको पालामा आएर गब्बरसंगै या शंकरसंगै पनि अध्ययन नै नगरेको एक जना महान् विद्वान् विजय पण्डितले तपाईंले लेखेको पुस्तकको व्याख्या गर्न थाल्यो । तपाईंले के भन्न खोज्नुभएको थियो, त्यो कुरा विजय पण्डितले सही व्याख्या गर्न सक्ला भन्ने सोच्नुहुन्छ कि शंकरले सही व्याख्या गर्न सक्छ भन्ने सोच्नुहुन्छ ?

मलाई पक्का छ कि एउटा मूर्खले पनि शंकरले नै त्यसको खास लेखकको सही अर्थ दिन सक्छ र जतिसुकै विद्वान् भए पनि विजय पण्डितले सक्दैन भन्ने जवाफ दिन्छ होला । हो, यही नै अटुट परम्पराको महत्व हो । यदि यो शुद्ध र अटुट रूपमा आइरहेको छ भने यसको खास अर्थ पनि सहिसलामत नै रहिराखेको हुन्छ । अधिगम (ध्यानबाट साक्षात्कार गर्न) को लागि हो भने त माथिको दृष्टान्त झन् बढी नै बाध्यात्मक हुन जान्छ । मलाई पक्का छ कि कुनै किताबमा भनिएको कुराको यथार्थ अर्थको निरन्तरता त बुद्धको ज्ञान (बोधि) को अनुभूतिभन्दा कता हो कता सरल कुरा हो भन्ने कुरासंग तपाईंहरू सहमत नै हुनुहुन्छ । बोधिलाई अझै

पारिभाषिक शब्दमा भन्ने हो भने लोकोत्तर चित्त उत्पादको परम्परा भन्न सकिन्छ। यस्तो अवस्थामा अटुट परम्परा झन् धेरै महत्वपूर्ण र नभै नहुने हुन जान्छ। त्यसैकारणले सबै प्रकारको बौद्ध धर्ममा यो अटुट परम्परालाई अत्यन्तै जोड दिइएको हुन्छ। तैपनि अधिगमको कुरामा आइसकेपछि केवल अटुट परम्परा मात्र भएरपुग्दैन। अटुट शुद्ध सिद्ध परम्परा नै चाहिन्छ। किन ? किनकि यहाँ बोधको अनुभूतिलाई पीढी-पीढीसम्म अगाडि बढाएर लाग्नुपर्ने हुन्छ। यो अवस्थामा गुरूले शिष्यलाई उसको अनुभूति आफूले गरेकै अनुभूति हो भन्ने कुरा प्रमाणित गर्नुपर्छ। गुरू स्वयंको अनुभूति उहाँको आफ्नै गुरूहरूबाट प्रमाणित भएको हुनुपर्छ। शिष्यले पनि उसका शिष्यहरूलाई प्रमाणित गरेको हुनुपर्छ, र यसैगरी चलेको हुनुपर्छ।

जेन परम्परामा त गुरूले शिष्यलाई प्रमाणित गरेको प्रमाणपत्र नै दिने चलन छ। यसलाई जापानी भाषामा 'इन्का' भनिन्छ। यो प्रमाणपत्रले शिष्यलाई त्यहाँदेखि चीन, चिनीयाँ गुरूहरू हुँदै, बोधिधर्म र उहाँबाट भारतका गुरू हुँदै नागार्जुन आदि र अन्तमा शाक्यमुनि सम्म पुगेको अटुट सिद्ध परम्परा संग जोडिदिन्छ। यो प्रमाणपत्रले उक्त शिष्यलाई 'जेन गुरू' भनिने अधिकार समेत दिन्छ अर्थात् आधिकारिक जेन गुरू बनेको प्रमाणित गर्दछ। जापानी भाषामा त्यस्तो अटुट सिद्ध परम्पराबाट आएका गुरूसंग प्रमाणपत्र पाइसकेको व्यक्तिले मात्र आफूलाई साँच्चिकै ओशो, रोशी, जेन्जी भन्न मिल्छ। यी गुरूलाई प्रयोग गरिने विभिन्न जापानी शब्दहरू हुन्। कुनै जीवित गुरूबाट त्यस्तो इन्का प्राप्त नगरिकनै आफूलाई रोशी, ओशो, आदि भन्नु सिधै ठग्नु या ढाँट्नु नै हुन आउँछ।

महान जेन विद्वान डा. डी.टी. सुजुकी, जसले २०औं शताब्दिको शुरुमा जेनलाई पश्चिममा प्रख्यात बनाए, उनले समेत पनि आफूलाई ओशो या रोशी भन्न आँटेनन् किनकि उनले इन्का पाएका थिएनन्। उनको मृत्यु हुँदाखेरि धेरै जेन गुरूहरूले दावी गरे कि उनले बोधि लाभ गरिसकेका थिए। डा. डी.टी. सुजुकीको तर्फबाट यो केवल नम्रता मात्र नभएर जेन संस्कृति एवं बौद्ध संस्कृति नै हो। जेन गुरूसंग रहेर अध्ययन अभ्यास

नगरेका र 'इन्का' पनि नपाएका व्यक्तिहरूलाई सही 'ओशो' या 'जेन्जी' भन्ने विश्वास गर्नु हुँदैन। त्यसैले जेनको गम्भीर रूपमा अभ्यास गर्ने साधकले यस्ता व्यक्तिहरूका उपदेशहरूको व्याख्यालाई गम्भीर रूपमा लिनु हुँदैन र मिल्दैन पनि। यो बौद्ध संस्कृति हो र सामान्यतया सबैले बुझ्न सक्ने कुरा पनि हो।

थेरवाद, महायान/वज्रयानका शिक्षाहरूमा पनि यही कुरा लागू हुन्छ। तिब्बती परम्परामा चाहिँ शिष्यलाई गुरूले आचार्य भनेर गद्दीमा राख्दछन्। नरोपा देखि अटुट परम्पराबाट आएका सही गुरूहरूले मात्र 'गङ्गामा' अर्थात् तिलोपाले नारोपालाई दिएको महामुद्राको गीतलाई (or) लाई सही व्याख्या गर्न सक्छन्। यस्तो परम्परासँग असम्बन्धित व्यक्ति जतिसुकै विद्वान् र प्रतिभाशाली एवं प्रख्यात भए पनि यस गम्भीर उपदेशहरूको आफ्नो निजी अन्धाधुन्ध व्याख्याहरू तिलोपा या मूल लेखकको आशय र तात्पर्य भन्दा सधैं भिन्दै भैसकेका हुन्छन् भन्ने कुरा बताइरहनु नपर्ला। यो बुझ्नु धेरै सजिलो र युक्तिसंगत पनि छ। अनि बौद्ध परम्परा पनि यही हो र बौद्ध संस्कृति पनि यही हो।

के डी. लिट्. गरेको एक प्रतिभाशाली कविले कुनै वैज्ञानिकसंग राम्ररी अध्ययन नै नगरी (सो वैज्ञानिकले पनि त्यस्तै कुनै बूढो वैज्ञानिकसंग अध्ययन गरेको हुनुपर्छ) आइन्स्टाइनको सापेक्षिकताको सिद्धान्त (Theory of Relativity) को व्याख्या गर्नु मिल्छ र हुन्छ ? यदि तपाईं बी. एस्सी. को विद्यार्थी भए एम्.एस्सी. गरेको व्यक्तिगत ट्यूसन लिनुहुन्थ्यो कि विज्ञानका कुनै प्रोफेसरहरूसंग अध्ययन नै नगरी आफैले धेरै विज्ञानका किताबहरू पढेको व्यक्तिसंग लिनुहुन्थ्यो ? हो... त्यसो भए के ज्ञानको सब क्षेत्रमा र बौद्ध भावना एवं बोधिका सन्दर्भमा पनि यही कुरा लागू हुँदैन त ?

केही व्यक्तिहरू ध्यानका अनुभूतिहरूका बारेमा भ्रममा परेका छन्। उनीहरूले सोच्छन् कि गहिरो तह सम्म अभ्यास गर्ने हो भने सब किसिमका ध्यान-विधिहरूले उही ठाउँमा पुर्‍याउँछन्। अतः उनीहरूका गुरू कुनै सच्चा परम्पराबाट आएका पनि होइनन् र कुनै त्यस्तो परम्पराका गुरूबाट

अधिकार प्रदान गरिएका पनि होइनन् भने पनि गहिरो तहसम्म पुगेर अभ्यास गरेको हुनाले बुद्धजस्ता बोधप्राप्त गुरूहरूको सही अर्थ बुझ्न सक्छन् । जसले गहिरोसंग ध्यान गर्दैनन्, उनीहरू मात्र आफ्ना गुरूलाई बुझ्न नसक्ने हुन्छन् । अहिले सम्ममा तपाईंहरू धेरैले यस्तो सोचाइ ज्यादै अन्योलमा परेको सोचाइ हो भन्ने बुझिसक्नु भएको होला । यस्तो सन्दिग्ध विचारलाई सिकाउने गुरूहरू पनि प्रत्यक्ष या अप्रत्यक्ष रूपमा अलि गहिरिएका नै छन्, परन्तु अज्ञानमा ।

हामीले पहिलेका बोधिपुष्पाञ्जलिहरूमा पनि यस्तो खालको सन्दिग्ध सोचाइ (गहिरो ध्यानको सन्दर्भमा) को सम्बन्धमा कुरा गरिसकेका थियौं । यस्तो सोचाइ त सब किसिमका ध्यान-विधिहरूलाई एकै ठाउँमा थुप्रो लगाएर जुनसुकै अभ्यास पनि गहिरोसंग गरेमा उही अनुभूतिमा पुगिन्छ भन्ने जस्तो हो । यो त तपाईं गोदावरीको बाटोमा गहिरोसंग हिँडनुभयो र अर्को कोही व्यक्ति बुढानीलकण्ठको बाटोतिर गहिरिएर यात्रा गऱ्यो भने एक अवस्थाको गहिराइमा पुगेपछि दुबै जाना उही ठाउँमा पुग्नुहुन्छ भनेको जस्तै भयो । मानिसहरू कति सम्म अन्यौल हुँदा रहेछन् । वास्तवमा चित्तले अनुभूति गर्न सक्ने क्षमता अनन्त हुन्छ । ध्यानका अनुभूतिहरू पनि अनन्त प्रकारका हुन्छन् र गहिऱ्याउदै लगेपछि झन् एक आपसमा टाढा टाढा हुँदै जान्छन् । यही कारणले गर्दा विज्ञानको अध्ययन जस्ता अन्य सीमित क्षेत्रमाभन्दा पनि यहाँ त अटुट सिद्ध परम्परा झन् धेरै नै महत्वपूर्ण हुनजान्छ ।

अझै पनि जसले आफ्नो गुरू गहिरो अनुभूति र ज्ञान छ चाहे उहाँले कुनै परम्परागत गुरूसँग बसेर अध्ययन या अभ्यास नगरेकै किन नहोस् भन्ने सोच्छन्, त्यस्ता व्यक्तिहरूलाई मुख्य प्रश्न सोध्न सकिन्छ । प्रश्न हो, "कसरी तपाईंको गुरू गहिराईमा पुग्नुभयो त ?" पक्कै पनि उहाँका कुनै गुरू नै छैनन् । त्यसकारण केवल एउटै सम्भावित उत्तर छ कि उहाँले धेरै पुस्तकहरू पढेर त्यस अनुसार अभ्यास गरिरहनु भएको हो । यो त गजबको कुरा भयो । कृपया आफूमा प्रश्न सोध्नुहोस् कि कोही व्यक्तिले आफू

एरोनटिकल इन्जिनियरिङ्गका किताबहरू पढेर कङ्कोर्ड प्लेन बनाउन सक्छ ? कसैले मोटरका इन्जिनका बारेमा किताबहरू पढेर मात्र रोल्स् रोइस् बनाएको सुन्नुभएको छ ? यदि यस्ता कुराहरूबाट त्यस्ता चीज सम्भव हुँदैनन् भने कसरी झन् सबै भन्दा जटिल कुरा यो चित्त र यसका अनुभूतिहरूसँग सम्भव हुन्छ ? कसरी तपाईंले कल्पना गर्न सक्नुहुन्छ कि कसैले केही पुस्तकहरू (या धेरै पुस्तक) पढ्दैमा आफ्नै ३७ बोधिपक्षहरूको विकास गर्न सक्ला ? कृपया याद राख्नुहोस् कि चित्त नै विश्वमा सबैभन्दा परिष्कृत कुरा हो। चित्तको तुलनामा 'कङ्कर्ड' या 'रोल्स् रोइस्' त केही पनि होइनन्। रोल्स् रोइस् या कङ्कोर्ड पनि चित्तले नै त बनाएको हो। परन्तु हामीले चित्तका गहिरा अनुभूतिहरूको विषयमा कुरा गरिराखेका छौं।

बुद्ध धर्मको निमित्त गहिरो अनुभूति भन्नाले लोकोत्तर चित्त उत्पाद भन्ने बुझिन्छ। अनि यो याद राख्नु राम्रो हुन्छ कि विश्वमा सबैभन्दा परिष्कृत कुरा चित्त हो भने यो चित्तलाई अनुभूति हुनसक्ने कुरामा सबभन्दा जटिल कुरा लोकोत्तर चित्त उत्पाद हो। तथागतका धेरै शिष्यहरू यस्ता पनि थिए (परिष्कृत) कि उनीहरूले आफैलाई अर्हत् भैसकेको भन्ने ठानेका थिए। परन्तु तथागतसंग यो कुरा गरेपछि उहाँले भन्नुभयो कि "तिमीहरू अझै अर्हत् भैसकेका छैनौं।" अनि उहाँले अझै उपदेशहरू दिनुभयो र उनीहरू पछि अर्हत् भएका थिए। यी कथाहरूले के देखाउछन् भने अनागामीहरू धेरै उच्च तहका आर्य हुन् तापनि यी अनुभूतिहरूका सम्बन्धमा अन्यौलमा पर्न सक्ने रहेछन्। पृथग्जनको कति सम्भव होला त ?

यो कथाले यो पनि जोडदार रूपमा देखाउँछ कि कुनै पनि नयाँ गुरूलाई उसको गुरू या कम्तिमा पनि अन्य गुरूले प्रमाणित गरेकै हुनुपर्छ। परन्तु यस्तो प्रमाण त एक शुद्ध सिद्ध अटुट परम्परा विना सम्भव हुँदैन। त्यसकारण स्वयं घोषित गुरूहरू शंकास्पद हुन्छन् र उनीहरूको अनुसरण नगर्नु नै वेश हुन्छ। किनकि यदि यस्तो कुनै गुरू कुनै अटुट सिद्ध परम्परासंग सम्बन्धित रहेनछ भने त त्यस्ता फटाहाको सेवामा आफ्नो समय र जीवनलाई

बर्बाद गर्ने तपाईं मुर्ख नै हुनुहुन्छ, कृपया ख्याल राख्नुहोस् । कुनै गुरू सद्गुरू हुनको लागि उहाँ अटुट सिद्ध परम्पराबाट आएको हुनुपर्छ र आफ्नो गुरूबाट प्रमाणित गरिएको हुनुपर्छ । यही युक्तिसंगत, व्यवहारिक एवं वस्तुगत मापदण्डको ज्ञान नभएर नै धेरै सच्चा जिज्ञासुहरूले टाट पल्टेको बैंकमा आफ्नो धन राखेर जीवन नष्ट गर्ने मूर्खता गरेका छन् । परम्पराहरू धेरै प्रकारका हुन्छन् र गुरूहरू पनि ।

१) अटुट शुद्ध सिद्ध परम्परा र त्यसका गुरूहरू

२) खण्डित परम्परा र त्यसका गुरूहरू

३) प्रशासनका परम्परा र त्यसका गुरूहरू (महन्त आदि र शंकराचार्य आदि)

४) पण्डितको विद्याका परम्परा (खन्पो आदि)

५) रगतको परम्परा (वंश परम्परा) जसमा
   - प्रशासनको परम्परा हुन सक्छ
   - सिद्ध परम्परा हुन सक्छ
   - पुरोहित (कर्मकाण्ड) परम्परा पनि हुन सक्छ

६) निधि परम्परा र निधिपति गुरूहरू या निधिवाहक गुरूहरू

७) निर्माणकाय (टुल्कु) परम्परा

८) स्वयं घोषित गुरू जसको कुनै परम्पराको आड हुँदैन

९) महद्गत परम्पराहरू

१०) रहस्यात्मक गुरूहरू जसको कुनै ऐतिहासिक अभिलेख हुँदैन

यी मध्ये १) अटुट सिद्ध परम्परा, २) अटुट सिद्ध वंश परम्परा, ३) निधि परम्पराहरू, ४) निर्माणकाय परम्पराहरू (जो अटुट सिद्ध परम्परासंग सम्बन्धित हुनुपर्छ) का गुरूहरू मात्र सद्गुरू हुन सक्छन् र तिनीहरूले मात्र

लोकोत्तर चित्त उत्पादन गर्न मद्दत गर्न सक्छन् । महद्गत चित्तका परम्पराका गुरूहरूले तपाईंलाई महद्गत चित्त उत्पाद गराउन सक्छन्, यदि उनीहरू अटुट महद्गत परम्पराका रहेछन् भने । परन्तु मैले बारम्बार दोहोऱ्याइ राखेको छु कि महद्गत चित्त योगीहरूले लोकोत्तर चित्त उत्पाद गराउन कदापि सक्दैनन् ।

परम्पराको आड नभएका गुरूहरूलाई समेत पनि सद्गुरू मान्न सकिँदैन । उनीहरूले न महद्गत चित्त उत्पादन गराउन सक्छन् न लोकोत्तर चित्त । उनीहरूले समय मात्र बर्बाद गराउने भएकोले ठूलै पण्डित जस्ता देखिए पनि या निकै सिद्धि-ऋद्धि भएको देखिए पनि सत्यको खोजी गर्ने साब सज्जा जिज्ञासुहरूका निमित्त यिनीहरू तर्फ नलाग्नु नै महत्वपूर्ण हुन जान्छ ।

यहाँ हामीहरूले बुझ्नुपर्ने मसिना कुराहरू धेरै छन् । सर्वप्रथम त, हामीले पहिल्यै देखिसक्यौं कि युक्तिबाट र दार्शनिक रूपबाट पनि पुस्तकहरू पढेर, स्वयंले अभ्यास गरेर कोही पनि न त महद्गत योगी हुन्छन्, न लोकोत्तर योगी हुन्छन् । फेरि सूत्र र शास्त्रहरूले पनि यो स्पष्ट पारेका छन् कि सच्चा परम्पराबाट आएका गुरूहरूसंग अध्ययन अभ्यास नगरिकन कसैले पनि लोकोत्तर चित्त याने ‘सहज’ प्राप्त गर्न सक्दैन । हेवज्रतन्त्र १.८.३४ मा भनिएको छ -

**नान्येन कथ्यते सहजं न कस्मिन्नपि लभ्यते**

**आत्मना ज्ञायते पुण्यात् गुरूपर्वोपसेवया ॥** (हेवज्रतन्त्र १.८.३४)

अर्थात्, कसैले पनि सहजलाई बताउन सक्दैन र कहीँ पनि यो पाईदैन, यो त आफ्नो पुण्य र समयानुकूल रूपमा गुरूको सेवा गर्नाले स्वयं आफूमा जानिने कुरा हो ।

यस प्रकार हेवज्रतन्त्रले अत्यन्तै जोड दिएको छ कि ‘सहज’ प्राप्त गर्न पर्व अनुसार सद्गुरूको सेवा गरिराख्नु र पुण्यसम्भार गरिराख्नु बाहेक अरू उपायले कसैले पनि सक्दैन । जसले सद्गुरूको सेवा विना केवल

पुस्तकहरू पढेर आफ्नै तरिकाले अभ्यास गरिराख्छन्, उनीहरूको न त पुण्य हुन्छ, न त त्यस्तो गुरूबाट समुचित उपदेशहरू प्राप्त गर्छन् ।

किताबले बनाएका यस्ता योगीहरू थुप्रै हुन सक्छन् र धेरै मेधावी पनि हुन सक्छन् र धेरैलाई झुक्याएका पनि हुन्छन् । अझै यस्ता योगीहरूका सिद्धि-ऋद्धिहरू पनि छन् भने त प्रायः सब नै झुक्किन्छन् । यो बुझ्नु धेरै लाभदायी हुनेछ कि धेरै व्यक्तिहरू जसले पहिलेका जीवनहरूमा महद्गत प्रकारका अभ्यासहरू प्रशस्त मात्रामा गरेका छन् -उनीहरूसँग कुनै गुरू नभेटेरै पनि सिद्धिहरू हुन सक्छन् । परन्तु गर्भदोषको कारणले गर्दा एक आधिकारिक गुरूसंग पुनः अध्ययन नगरून्जेल उनीहरू सँग सम्पूर्ण उचित उपदेशहरू हुँदैनन् । उनीहरू आफ्नो पहिलो जन्मको तीव्र अभ्यासको जोडले गर्दा चतुर्थ ध्यानसम्मको समाधिमा पनि स्वतः प्रवेश गर्न सक्छन् । परन्तु उनीहरू स्वयंलाई यो थाहा हुँदैन कि कसरी आफू यस्तो समाधिमा प्रवेश गरिन्छ र यी सिद्धि-ऋद्धिहरू पनि किन र कसरी भैरहेका छन् । फलतः उनीहरूले आफ्ना शिष्यहरूलाई सही उपदेशहरू दिन नसक्ने हुन्छन् । त्यसैले लामो समय सम्म अभ्यास गर्दा पनि खास परिणाम आउँदैन । यद्यपि उनका गुरूहरू ऋद्धिमान् देखिन सक्छन् । यो त सच्चा लोकोत्तर निर्माणकायहरूमा पनि उत्तिकै रूपमा लागू हुन्छ । त्यसकारण निर्माणकायले पहिले सच्चा परम्परागत गुरूसंग अध्ययन अभ्यास गर्नैपर्ने हुन्छ, अनि मात्र उसले अरूलाई सिकाउन मिल्छ । आफू निर्माणकाय भएको नाताले मात्र कसैले पनि सिकाउन मिल्दैन, आफ्नै अध्ययन र आफ्नै विचारका आधारमा अभ्यास गरेको भरमा सिकाउन हुँदैन ।

त्यसकारण केवल पाण्डित्य या सिद्धि-ऋद्धिहरू मात्र कुनै सद्गुरूका निर्णायक परिचयहरू हुन सक्दैनन् । सद्गुरू भनेको त लोकोत्तर चित्त उत्पादन गर्न मद्दत गर्ने व्यक्ति हो । बुद्ध धर्ममा यही नै पूरापूर परिचय हो । अनि जुनसुकै व्यक्ति या देवले पनि सद्गुरूको काम गर्नको लागि ऊ अटुट सिद्ध परम्परासंग आबद्ध भएको हुनैपर्छ । यदि एक अटुट सिद्ध परम्पराबाट आएको सद्गुरूसँग उपदेश, अभिषेक र शिक्षाहरू नलिएको हो भने उ देव, मनुष्य जे

भएपनि तपाईंलाई उसले लोकोत्तर चित्त उत्पाद गराउन मद्दत गर्न सक्दैन। यदि त्यो देव या मनुष्य विद्वान् र ऋद्धिमान् छ भने पनि यदि ऊ कुनै अटुट सिद्ध परम्पराबाट आएको होइन भने माथिको नियममा केही फरक पर्दैन।

अटुट सिद्ध परम्पराको उपदेशको अधिष्ठान र शक्ति कति सम्म हुन्छ भन्ने कुरा त महापण्डित रत्नाकरशान्ति (जसलाई शान्तिपाद पनि भनिन्छ) र कोदालीपादको कथाबाट अत्यन्तै स्पष्ट हुन्छ। रत्नाकरशान्ति भारतको विक्रमशील महाविद्यालयका ठूला महापण्डित थिए र सिद्ध परम्पराका गुरूहरूबाट सबै शिक्षा, उपदेश आदि प्राप्त गरिसकेका थिए। परन्तु आफूले राम्ररी अभ्यास गर्न नपाएकोले आर्य भैसकेका थिएनन्। उनले ती उपदेशहरू एक किसानलाई दिएका थिए। ती किसानले भने राम्रोसँग अभ्यास गरेर आफ्नो गुरूभन्दा पनि अगाडि नै लोकोत्तर चित्त उत्पाद गर्न सफल भए। रत्नाकरशान्तिले आफ्ना शिष्यभन्दा पनि पछि अभ्यास शुरु गरेर लोकोत्तर चित्त उत्पाद गरेका थिए। यसले तथागतका उपदेशहरूको प्रातिहार्य भनेको के रहेछ भन्ने निष्कर्षमा पुगिन्छ - उपदेश प्रातिहार्य।

बुद्ध धर्मको परम्परामा व्यक्त हुने सबैभन्दा उच्च तहको सिद्धि भनेको यही उपदेश प्रातिहार्य हो। यो तथागतद्वारा दिइएका ठीक ठीक उपदेशहरूको चमत्कार हो जसले गर्दा पीढीयौ पीढी पछि सम्म आउँदाखेरि पनि यिनै उपदेशहरूको क्षमताले गर्दा थुप्रैले लोकोत्तर चित्त उत्पाद गरिराखेका छन्। हामीले गजबका सिद्धि-ऋद्धि भएका धेरै महद्गत योगीहरू (अबौद्ध) को बारेमा सुनेका छौं परन्तु उनीहरूको इतिहासमा हेर्ने हो भने उनका शिष्यहरू समेत पनि ती समान भएको पाइँदैन अथवा एक दुई शिष्य मात्र त्यस्तो भएको भेटिन्छन्, परन्तु त्यसपछि दोस्रो या तेस्रो पीढीमा आउनासाथ एउटा शिष्यमा पनि त्यस्तो महद्गत चित्त व्यक्त भएको देखिँदैन, यद्यपि लाखौं लाख व्यक्तिहरूले उनको अति गुह्य विशेष खालको योगाभ्यास गरिरहेका हुन्छन्।

अब तथागत र उहाँको परम्परालाई हेरौं। तथागत परिनिर्वाण हुनुभन्दा अघिसम्म उहाँले पाँचसय व्यक्तिहरूलाई अर्हत् बनाइसक्नुभएको थियो भने तीसहजारभन्दा बढी भिक्षुहरूले लोकोत्तर चित्त उत्पाद गरिसकेका थिए र

यी लोकोत्तर चित्तोत्पाद गर्नेहरूमा निकै संख्यामा गृहस्थ उपासकहरू पनि थिए। यसैलाई उपदेश प्रातिहार्य भनिएको हो र अन्य प्रातिहार्य, जस्तै आकाशमा उड्नु, अरूको मन पढ्न, आदिहरूमा सबैभन्दा उच्च कोटिको मानिन्छ। यी पाँच सय अर्हतहरूले हजारौं लोकोत्तर चित्त उत्पाद गर्दै रहेर यो उपदेश प्रतिहार्य शताब्दियौं सम्म पनि चल्दै आइरहेको छ। सरहपादले एक लाख ब्राह्मण शिष्यहरूको लोकोत्तर चित्त उत्पाद गराउनु भएको थियो र उनीहरू 'इन्द्रचापकाय' सिद्ध भैसकेका थिए। भारतका अन्य महासिद्धहरूले पनि यस्तै गरेका थिए भन्न सकिन्छ। यो क्रम चालु हुँदै तिब्बतमा पुग्यो र अहिलेसम्म पनि चल्दै आइरहेको छ। अन्य बौद्ध देशहरूमा पनि यो चालु छ। तथागतको यो उपदेश प्रातिहार्य केवल बौद्ध परम्पराहरूमा मात्र देखिन्छ र ऐतिहासिक रूपमा आजसम्म पनि अन्यत्र कहीँ देखिँदैन।

बौद्धेतर महद्गत परम्पराहरूले एक दुई जादुगर जस्ताहरू एक दुई पीढीसम्म उत्पाद गरेका देखिन्छन्। त्यहाँ उपदेश प्रातिहार्य नहुने भएकोले गर्दा केही मानिस र केही पीढी भन्दा टाढा त्यो परम्पराले थेगेको भेटिंदैन। प्रायः जसो त्यसपछिका कुनै उपायले म त्यो बाबा या यो बाबा समान हुन सकुँला भन्ने अन्धाशा र अन्ध विश्वासका आधारमा यस्ता परम्परा जीवित रहेका हुन्छन्। यद्यपि तथागत र उहाँको परम्पराका शिष्यहरूले शताब्दियौं पछि आजसम्म पनि कुनै महद्गत योगीले जस्तै चमत्कार उत्पन्न गरेकै छन् तापनि बौद्ध संस्कृतिमा यस्ता सिद्धिहरूलाई सधैं नै दोस्रो दर्जामा राखिन्छ र उपदेश प्रातिहार्यलाई नै मुख्य दर्जामा लिइएको हुन्छ।

पहिले पनि बताइसकेको छु कि महद्गत योगीका पनि सबै प्रकारका सिद्धि-ऋद्धिहरू हुन सक्छन्, तैपनि उच्च तहको लोकोत्तर योगीका सिद्धि-ऋद्धिसंग तिनीहरूको तुलना हुँदैन। अनि तथागतको कुरामा त मानव इतिहासमै कसैको तुलना हुन सक्दैन। परन्तु तथागतको बारेमा हामीले अर्को बोधिपुष्पाञ्जलिमा कुरा गरौंला। पञ्च तत्वको समाधि (पृथ्वी, जल, अग्नि, वायु र आकाश) को राम्रो अभ्यास गरेका महद्गत योगीहरूले आफ्नो शरीरलाई लय गराउन या लोप हुन सक्छन्। परन्तु यो इन्द्रचापकाय

जस्तो होइन। एक महद्गत योगीले आफ्नो शरीरलाई प्रकाशमा लय गराएर लोप हुनु र इन्द्रचापकाय प्राप्त गर्नुमा मसिनो तहबाट थुप्रै अन्तर छ। महद्गत योगीले पृथ्वी धातु र आकाश धातु आदिमा आफ्नो नियन्त्रण भएको पृथ्वी आदि धातुलाई आफ्नो समाधिबलबाट लय गर्दछन्। उनको शरीर विच्छेदित (disintegrate) गराई पृथ्वी आदि धातुहरूलाई समाधि बलले अन्यत्र सार्दछन्। जबकि उच्च तहको लोकोत्तर योगीले समाधि बलले चन्द्रचापकाय (rainbow body) उत्पन्न गर्ने होइन। त्यो त मृत्युक्षणमा पृथ्वीधातुलाई अन्य कतै स्थानान्तर गर्ने होइन, त्यो त स्वयं नै धर्मधातुमा विलीन हुन्छ। तैपनि एक सामान्य पृथग्जनको लागि यी दुबै घटना उस्तै देखिन्छन्। त्यही भएर यी सिद्धि-ऋद्धिहरू बुद्ध धर्ममा मूलकुरा हुँदैनन् किनकि ती कुनै लोकोत्तर योगीका पनि हुन्छन्।

त्यसोभए मूल कुरा चाहिँ के हो त ? मूल कुरा त ऊ लोकोत्तर योगी हो कि महद्गत योगी हो भन्ने नै हुन्छ। हामी सामान्य पृथग्जनले कसरी त्यो छुट्याउन सक्छौं त ? हामीले तीन घण्टादेखि कुरा गरिराखेको ठीक यसकै बारेमा हो। कुनै योगी लोकोत्तरी हो कि महद्गती हो भन्ने छुट्याउने वस्तुगत एकमात्र विधि के हो भने ऊ कुन परम्पराको हो भन्ने छुट्याउनु। यहाँनेर आएपछि कुनै पनि गम्भीर रूपमा अभ्यास गर्ने साधकलाई अटुट शुद्ध सिद्ध परम्परा सबैभन्दा बढी महत्वपूर्ण हुन आउँछ। यदि योगी लोकोत्तर शिक्षाको परम्पराको रहेछ भने स्वतः नै ऊ लोकोत्तरी हुन्छ। यदि ऊ ३७ बोधिपक्ष विकास गर्ने विधिहरू नभएर केवल शमथ ध्यानका अभ्यासहरू मात्र भएको परम्पराको योगी हो भने महद्गती हुन्छ। बुद्ध धर्ममा लोकोत्तरी परम्परा र त्यसका गुरूहरू मात्र श्रद्धाका विषय हुन्छन् र महद्गतीहरू त्यति हुँदैनन्।

**ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत्।**

**तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः**

**वातुल वासल वज्र**

नेपाली अनुवाद - **नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**

## बोधिपुष्पाञ्जलि-१२

त्रि-रत्न शरणम्

नमो अमिताभाय बुद्धाय

इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति

तपाईंहरू सबैले अश्वघोषको 'गुरू पञ्चशिका'लाई अक्षरशः पढेर पनि दोहोऱ्याइ तेहेऱ्याइसक्नु भएको होला भन्ने आशा गर्दछु। तपाईंहरू मध्ये कसैले अझै पढ्नु भएको छैन भने अर्को मासिक प्रवचन सम्ममा अवश्य पढ्नुहोस्। अहिले सम्ममा तपाईंहरू सबैले १२ निदान, १८ धातु, चित्तवीथि, चित्तगोत्र, पञ्च मार्गलाई कण्ठस्थ पार्नु भएको होला र तिनीहरूको मतलब के हो भन्ने पनि थाहा पाउनु भएको होला भन्ने आशा गर्दछु। यदि लोकोत्तर चित्तको साक्षात्कार गर्न तम्सेको गम्भीर साधक हुनुहुन्छ भने तिनीहरूको अर्थ र प्रयोजनलाई बुझेर मात्र पर्याप्त हुँदैन। तिनीहरूलाई एक एक गरी कण्ठस्थ पार्नु पनि ज्यादै महत्वपूर्ण हुन जान्छ।

तपाईंहरू मध्ये केही यस्ता पनि हुनुहुन्छ जसले बोधिपुष्पाञ्जलिलाई राम्रोसँग अध्ययन गरेर केलाउने काम गर्नुभएको छैन। उहाँहरू यहाँ मज्जाको प्रवचन सुन्न आइराख्नु हुन्छ, मानौं कुनै एक रमाइलो मेला हेर्न आइरहनु भएको छ। यदि उहाँहरूलाई १२ निदान के के हुन् भनेर सोध्ने हो भने, "अँ...अँ..." गर्दै टाउको कन्याउन थाल्नुहुन्छ। अनि फेरि कोही इनेगिनेका बाबा/सन्त/साधु/महाराज/परंहंस/स्वामीहरूका केही वाक्यहरू सुन्ने बित्तिकै पूणरूपमा सजिलैसँग अन्यौल हुन पुगी सबै कुरा उही हो भन्न थाल्नुहुन्छ। उहाँहरूलाई न त हिन्दू धर्म, बौद्ध धर्म, जैन धर्महरूको इतिहासको समुचित ज्ञान भएको हुन्छ न त यिनीहरूको दर्शन र ती दर्शनहरूको इतिहासको बारेमा जानकारी हुन्छ। उहाँहरूले वास्तविकता र इतिहासलाई किम्बदन्ती र कहानीसँग मिसाउनुहुन्छ। उहाँहरूको यति छुट्याउने बुद्धि पनि भए जस्तो देखिँदैन कि कुनै एक बाबाले दावी गर्ने कुरा वास्तविक तथ्य नै हो या केवल उनको व्यक्तिगत दावी मात्र हो, कुनै एक महाराजले

बताउने कुरा स्वयं उनको शास्त्रसँग विरोध हुन्छ या हुँदैन । उहाँहरूले कुनै एक बाबाले भनेका यस्ता कुराहरू आफ्नै शास्त्रले पनि स्वीकार्छन् कि स्वीकार्दैनन् भन्ने कुरा केलाउँदै नकेलाइकन सब थुक र्‍याल सहित कर्ल्याप् कुर्लुप्पै निलेको जस्तो हुन्छ । विशेष गरेर यदि यस्ता बाबाहरू महद्गति रहेछन् भने त उहाँहरू ती बाबाहरूको भनाइका सन्दर्भमा झन् साउनमा आँखा फुटेको गोरू जस्तै भैहाल्नुहुन्छ ।

यदि उहाँहरूले ११ वटा बोधिपुष्पाञ्जलिहरू राम्रोसँग अध्ययन गरेका भए यस्ता कुराहरू राम्रैसँग छुटयाउन सक्ने क्षमता हुने थियो । उहाँहरूले बोधिपुष्पाञ्जलिहरूको राम्रोसँग अध्ययन गर्नुभएको छैन भन्ने यही नै प्रमाण हो । यस्तो अन्यौल नै उहाँहरूको बौद्ध दृष्टि गलत किसिमको छ भन्ने कुराको स्पष्ट द्योतक हो । मैले पहिले नै बोधिपुष्पाञ्जलिहरूमा धेरै पटक चेतावनी दिइसकेको छु कि यदि तपाईंका दृष्टिहरू गलत छन् भने तपाईंले बौद्ध अभीष्ट फल प्राप्त गर्न सक्नुहुने छैन ।

तपाईंले आफूले उच्चतहको अभ्यास जस्तैः महामुद्रा, छेद (ट्रेक्चु), हेवज्र, वज्रकीलय आदि अभ्यास गरिरहेको छु भन्ने विश्वास गर्नुभएको होला परन्तु ती सबै बौद्ध अभ्यासहरू सम्यक् दृष्टिमा आश्रित हुने भएकाले र तपाईंका अन्यौलहरूले तपाईंको सम्यक् दृष्टि छैन भन्ने देखाउने भएकोले तपाईंले गरेको ट्रेक्चु, हेवज्र आदि अभ्यासहरू सही हुँदैनन् । बौद्ध संस्कृति भनेको तथागतका शब्दमा समेत पनि प्रश्न उठाएर सोच्ने र केलाउने संस्कृति हो र धेरै पटक हामीले यो बताई पनि सक्यौं । परन्तु त्यसको तात्पर्य यो होइन कि तपाईंले तथागतका शिक्षाहरूमा मात्र प्रश्न उठाइरहनु पर्छ र अन्य साधु, सन्त महात्माहरूका भनाइलाई कुनै प्रश्न नै नउठाई अन्धाधुन्ध स्वीकार्नु पर्छ ।

यहाँ तपाईंहरू धेरैजसोलाई बाबा र स्वामीहरूको दाबी र हिन्दू शास्त्रहरूमा लेखिएका कुराहरू सहजै स्वीकार्न सजिलो हुन्छ, किन? आफैलाई प्रश्नहरू गर्नुहोस् त... । उत्तर ज्यादै सजिलो छ । यो तपाईंमा वचपनदेखि हुर्कने क्रममा घुसेका विचारहरूको अनुशय धातुको एक अंश

हो। बोधिपुष्पाञ्जलिको प्रयोजन मध्ये एउटा त तपाईंलाई त्यस्ता आफ्ना अनुशय धातुहरूको बारेमा सचेत गराउनु र तपाईंले तिनीहरूलाई बिलकुल युक्तिसंगत माने पनि युक्तिहीन रूपमा तपाईं कसरी तिनीहरूमा ग्राह गरिराख्नुभएको छ भन्ने जनाउनु हो। परन्तु यदि तपाईंले तिनीहरूलाई राम्रोसँग अध्ययन गर्नुभएन भने त आफ्ना अनुशय धातुहरूद्वारा निरन्तर अन्यौलमा परिराख्नुहुनेछ।

हाम्रै संघका सदस्य भनेर दावी गर्ने र ट्रेक्चु या जाजेन या हेवज्र या थेरवाद पद्धतिको विपश्यना गर्छु भन्ने दावी गर्ने भए पनि मिथ्यादृष्टि नै भैरहेका अर्को प्रकारका व्यक्तिहरू पनि हुनुहुन्छ। उहाँहरूले २-३ महिनामा एक पटकको मासिक प्रवचनमा उपस्थित भएर पनि छुटेको बोधिपुष्पाञ्जलिलाई प्राप्त गर्ने प्रयास समेत गर्नुहुन्न र ती कुराहरू नारायण या पुण्यसँग छलफल पनि गर्नुहुन्न। अनि २-३ महिना पछि एउटा प्रवचन सुन्न आएको वेलामा उहाँहरूको अनुशय धातुमा चोट पार्ने खालको शब्द या वाक्य सुन्नासाथ उहाँहरूलाई भएका त्यस्ता सन्देह या प्रश्नहरूको जवाफ पहिलेका बोधिपुष्पाञ्जलिहरूमा दिइसकेको छ कि भन्ने समेत विचारै नगरी प्रश्न उठाउने र सन्देह गर्ने गर्नुहुन्छ र धेरै अमूल्य समय बर्बाद गर्न पुग्नुहुन्छ।

यी प्रवचनहरूको ढाँचा यसरी व्यवस्थित गरिएको छ कि प्रत्येक बोधिपुष्पाञ्जलि त्योभन्दा अगाडिको बोधिपुष्पाञ्जलिमा बताइएका धारणा र विचारहरूमा आधारित हुन्छ। यदि तपाईंले पहिलेको बोधिपुष्पाञ्जलिलाई राम्रोसँग खार्नुभएको छैन भने निश्चय पनि पछाडिको बोधिपुष्पाञ्जलिमा अन्यौलमा पर्नुहुन्छ। तिनीहरू अलग अलग रूपमा पढ्नको लागि नभएर चरणबद्ध रूपमा पढ्नको लागि श्रृङ्खला बद्धरूपमा बनाइएका हुन्। कृपया यो राम्रोसँग बुझ्नुहोस्। हामीले विचिकित्साको बारेमा १२ घण्टा भन्दा बढी छलफल गरिसकेका छौं र आज पनि चालू राख्ने छौं। कामचित्तमा हुने दश संयोजनहरूमध्ये विचिकित्सा पनि एउटा हो। कामचित्त भनेको ती विज्ञान (चित्त) गोत्र मध्येको एक हो। विज्ञान भनेको द्वादश निदानमा तेस्रो निदान

हो। अतः हामीले द्वादश निदानको अध्ययन गरेको यो बाह्रौं महिना हो।

आजको शीर्षक शुरु गर्नुभन्दा अघि मैले नारायणलाई तीन चित्त गोत्र, तिनीहरू कसरी उत्पन्न हुन्छन्, तिनीहरू कहाँ पाइन्छन्, विशेष गरेर लोकोत्तर चित्त र महद्गत चित्तमा के भिन्नता छ र किन ऋद्धि-सिद्धिहरूको पर्याप्तता नै लोकोत्तर चित्त हुँदैन भन्ने कुरा व्याख्या गर्न भनेको छु। अघिल्लो बोधिपुष्पाञ्जलि महद्गत चित्त के हो र लोकोत्तर चित्त के हो भन्ने कुराको समुचित ज्ञानलाई पूर्णतया आधार बनाएर लेखिएको थियो। यदि तपाईंले यी दुई मूल शब्दलाई पहिले नै राम्रोसँग बुझ्नुभएको थिएन भने अघिल्लो प्रवचनको मुख्य प्रयोजन नै समात्न सक्नु भएन भन्ने मलाई पक्का छ। मार्गामार्गको बारेमा गहिरिएर जाँदाखेरि र सम्यक्दृष्टि र मिथ्या दृष्टिको बारेमा गहिरिँदाखेरि पनि यदि पारिभाषिक शब्दहरूलाई बुझ्दै जानुभएन भने बोधिपुष्पाञ्जलि झन् झन् अन्यौलमा पार्ने खालको हुन पुग्छ। त्यसकारण कृपया ख्याल गर्नुहोस्। मैले भने जस्तै घोक्ने गर्नुहोस्। अर्को विकल्प छैन। याद गर्नुभयो भने पनि धेरै कुरा सजिलो भएर आउने छ।

अघिल्लो बोधिपुष्पाञ्जलिमा विभिन्न परम्पराहरूलाई कसरी छुट्याउने, सद्गुरू र गलत दिशातिर लैजाने गुरूलाई अटुट सिद्ध परम्पराको मापदण्डबाट कसरी छुट्याउने भन्ने कुरा गरिसकेपछि स्वाभाविक रूपमा उठ्ने प्रश्न के हो भने यो तथागत भनेको के हो, को हो जसबाट लोकोत्तर परम्परा शुरु हुँदो रहेछ ? उनमा मात्रै के त्यस्तो विशेषता थियो जसले गर्दा उनैले मात्र त्यस्तो परम्परा शुरु गर्न समर्थ भए ? र यस्ता प्रश्नहरू पनि उठ्न सक्छन्, के उनी पनि त्यस्तै अटुट सिद्ध परम्पराबाट आएका हुन् कि उनले त्यस्तो परम्परा शुरु गरेका हुन् ? फेरि यदि उनले त्यस्तो परम्परा शुरु गर्न सक्छन् भने किन अरू व्यक्तिले नयाँ लोकोत्तर परम्परा शुरु गर्न सक्दैनन् त ? अन्य ऋद्धि - सिद्धिमान् व्यक्तिभन्दा तथागत किन र कसरी भिन्दै हुन् ? एवं अन्य यस्तै धेरै प्रश्नहरू।

पूरै बुद्ध धर्मको बारेमा उठ्ने सन्देह र विश्वका अन्य कुनै प्रणालीसँग

पनि नमिल्ने खालका तथागतका उपदेशहरूको बारेमा उठ्ने प्रश्नहरू तथागत को हो या के हो भन्ने नै जानकारी नहुनाले गर्दा अंकुरित भएका हुन्छन् । सबै नेपालीहरूले शाक्यमुनि बुद्धको नाम सुनेका छन् र उनी नेपालको लुम्बिनीमा जन्मेका हुन् भनी गर्वसम्म गर्छन् । सबै हिन्दूहरूलाई यो थाहा छ कि उनले केही तपस्या गरे र बोधी प्राप्त गरे अतः ठूला योगी हुन् । परन्तु नेवार, तामाङ्ग, शेर्पा जस्ता बौद्ध नेपालीहरूले समेत पनि तथागत को हुन् र के हुन् भन्ने कुरा साँच्चिकै जानेका छैनन् । यस्तो किन भएको हो भने तथागतको वास्तविक महत्व के हो भन्ने कुरा धेरै कम व्यक्तिहरूलाई मात्र थाहा छ ।

१) कसैले के सोच्छन् भने भारत वर्षको क्षितिजमा देखा परेका लाखौं महान् योगीहरू मध्ये उनी (तथागत) पनि एक महान् योगी मात्र हुन् ।

२) कसैले त आफूलाई नै अर्को बुद्ध मैत्रेय मै हुँ भन्ने दावी पनि गर्छन् ।

३) कोही हिन्दूहरू र तिनीहरूका शास्त्रले उनलाई राम या कृष्ण जस्तै विष्णुको एक अवतार मान्छन् ।

४) कसैले ५०० वर्ष या हजारौं वर्षसम्म बाँचेका योगीहरूले सर्वज्ञ आदि छु भन्ने दावी गरे भने ती साँच्चिकै सर्वज्ञ आदि छन् र तथागत भन्दा पनि उच्च तहका छन् भन्ने ठान्छन् ।

५) कसैले उत्तरकाशी जस्ता या उत्तरकुरू द्वीप जस्ता स्थानहरूमा बस्ने श्रीवापी, श्रीमरू, अश्वत्थामा जस्ता ऋषिहरूलाई तथागतभन्दा उच्च तहका मान्दछन् ।

६) केही मानिसहरू (बौद्ध परिवारकै समेत पनि) ले तथागत को/के हो भन्ने थाहा नपाएका हुनाले कुनै चमत्कारिक योगी या ५०० वर्ष बूढो योगी या गुड्जेफ, कृष्णमूर्तिजस्ता व्यक्तिका शिक्षाहरूलाई तथागतका शिक्षा समानको स्थान दिन्छन् र अझै उत्तम पनि मान्छन् ।

७) कसैले सोध्छन् कि तथागतले गर्न सक्ने कुरा र हरेक व्यक्तिले पनि सजिलै गर्न सक्छन् त्यसकारण गुड्जेक, कृष्णमूर्ति, रजनीश, महावतार बाबा र यस्ता सैयौं योगी, गुरू, बाबा, साधु, सन्त, महात्मा, परंहंसहरू तथागत समानकै हुन् र उनका शिक्षाहरू पनि उत्तिकै स्तरका छन् ।

८) कसैले के सोच्छन् भने ब्रह्मा, विष्णु, शिव जस्ता शक्तिशाली ऋद्धिमान् देवहरू तथागत समान कै हुन्छन् र उनका शिक्षाहरू पनि उत्तिकै ठीक हुन्छन् ।

९) कसैले के सोच्छन् भने तथागत वेदमा भएको केही विकृत पक्षहरूलाई सुधार्न जन्मिएका पुरूष हुन् र वेदभन्दा भिन्दै कुनै नौलो कुरा उनले सिकाएनन् त्यसैले उनका शिक्षामा त्यति ठूलो विशेषता छैन ।

१०) कसैले फेरि दैत्यले देवविघ्न भई समस्या पारेकोले उनीहरूलाई पुनः पाखण्डवादतिर ढल्काउन वेदको विरूद्ध शिक्षा दिने उद्देश्यले विष्णुले अवतार लिएकाले तथागत विष्णुकै अवतार भए पनि उनका शिक्षा पाखण्डवाद प्रवर्तक छन् भनेर अग्राह्य ठान्दछन् ।

तथागतको बारेमा यस्ता सबै सन्देश (भ्रम) हरू किन भएका हुन् भने भारत वर्षमा धेरै कम व्यक्तिले मात्र तथागत शाक्यमुनि र अझै तथागत भनेकै के हो भन्ने कुरालाई साँच्चिकै पूर्णरूपमा बुझेका छन् । तथागतको अन्तिम वचन "व्ययधर्माः संस्कारा अप्रमादेन सम्पादयेथाः" को एउटा विडम्बना र घन्किने यादगारी यस्तो छ कि भारतवर्षका मानिसहरूले तथागतलाई १००० वर्ष सम्म पूरै बिर्सिए । तथागतहरू भारतवर्षमा मात्रै देखापरेका छन् र यहीं मात्र देखा पर्नेछन् । तैपनि फेरि भारतवर्षमै तथागतलाई सबैभन्दा पहिले बिर्सिएको छ । उहाँलाई यति नराम्ररी बिर्सियो कि जेसुकै साधु/सन्त/महाराजका शिक्षाहरू पनि उहाँका शिक्षाभन्दा पनि उच्च तहका मानिन पुगे र उहाँलाई पनि देवको अवतारको संज्ञा दिइयो ।

अतः तथागत भनेको के हो भन्ने कुरालाई हेरौं र माथि भनिएका विचारहरू कति ठीक हुन् र कति बेठीक हुन् भन्ने कुरा केलाऔ । तथागतको बारेमा जानकारीको लागि मैले उहाँकै शिष्यहरूले संकलन गरेका उपदेश र

त्यसमा आधारित शास्त्रलाई लिनेछु किनभने जसले पनि यस्तो संकलन नै तथागतको बारेमा बुझ्नको लागि सबभन्दा बढी प्रामाणिक हुन्छ भन्ने देख्न सक्छ ।

तथागतको परिनिर्वाण भएको चौथो महिनामा राजगृहमा ५०० अर्हत्‌हरू बसेर तथागतका उपदेश, विनय आदिलाई पहिलोपटक संगायन गरेका थिए । ऐतिहासिक रूपमा यो मानिएको छ कि ती ५०० अर्हत्‌हरू तथागतकै शिष्यहरू थिए र स्वयं तथागतद्वारा ज्ञानप्राप्त अर्हत् भनेर घोषणा गरिएका थिए । यस संगायनका अध्यक्ष महाकाश्यप थिए र यसरी सबैबाट बुद्धका उपदेश र वचनहरूको संकलन गरिएको थियो । यो संकलनभन्दा बढी आधिकारिक अरू के हुन सक्छ ? मलाई पक्का छ कि यदि कोही साधु, सन्त, महाराज या उनका शास्त्रहरूले तथागतको बारेमा बताएको कुरा यी संकलनमा पाइने कुरासँग भिन्न हुन पुगे भने तीमहाराज या शास्त्रहरू नै गलत हुन्छन् भन्ने कुरामा त दुई मत नहोला । भारतवर्षमा तथागतको यो वास्तविक तथ्यलाई पूरै विर्सनुमा योगदान दिइराखेका थुप्रै तथाकथित उच्च बाबाहरू छन् भन्ने जानकारी गराउन चाहन्छु । प्रसिद्ध उर्दू कवि इकवालले लेखेको एउटा कविता उद्धरण गर्न चाहन्छु ।

<u>हृदयोद्‌गार</u>

**कौम ने पैगाम-ए-गौतम की जरा परवाह न की ।**
**कद्र पहचानी न अपने गौहरे एक दाना की ॥**
**आशकार उसने किया जो जिन्दगी का राज था ।**
**हिंद को लेकिन खयाली फलसफे पर नाज था ॥**
**शमा-ए-हक से जो मुनब्बर हो, यह वह महफिल न थी ।**
**वारिश-ए-रहमत हुई लेकिन जमीं काबिल न थी ॥**
**आह ! शुद्र के लिए हिन्दोस्तान् गाम खाना है ।**
**दर्द-ए-इन्शानी से इस बस्तीका दिल बेगाना है ॥**
**बरहमन सरशार है जब तक मए पिन्दार में ।**
**शमा-ए-गौतम जल रही है महफिले अरियार में ॥**

परन्तु तथागतकै बारेमा भन्नु शुरु गर्नुभन्दा पहिले अघिल्लो बोधिपुष्पाञ्जलिले निम्त्याएका केही प्रश्नहरूको उत्तर दिन चाहन्छु। केही राम्रा प्रश्नहरू उठाइएका थिए र गणका ती प्रश्नहरू धेरै नै उपयोगी हुनेछन् भन्ने सोचेको छु।

एउटा प्रसङ्ग के उठाइएको थियो भने तथागतले भन्नु भएको थियो कि, "एक आर्य पूरा होश (पूर्ण स्मृति-सम्प्रजन्य) सहित गर्भमा प्रवेश गर्छ परन्तु होश हराउँछ, अर्को उच्च तहको आर्य पूर्ण होश सहित गर्भ प्रवेश गर्छ र पूर्ण होश सहितै रहन्छ परन्तु जन्मिदाखेरि त्यो पूरा होश हराउँछ, एक तथागत मात्र पूर्ण होश सहित गर्भ प्रवेश गर्छ, रहन्छ र निस्कन्छ।" परन्तु शिवपुरी बाबाले दावी गरेका थिए कि उनी पूरा होश सहितै जन्मेका थिए र अझ अरू जस्तो नरोएर हाँसिकनै जन्मेका थिए। श्रीमद्भागवतमा कथा आउँछ कि शुकदेव पनि पूरा होश सहित नै जन्मेका थिए किनकि उनले जन्मिने बित्तिकै सालनाल बोकेर जङ्गलतिर कुदेका थिए। अष्टावक्रको कथाले देखाउँछ कि उनी आमाको पेटभित्र हुँदा खेरि नै वेद आदि जानिसकेका थिए।

अर्को प्रश्न उठाइएको थियो कि कसैले पनि परम्परागत गुरूहरूसँग सहयोग नलिइकन पूर्ण शुद्ध ज्ञान हासिल गर्न सक्दैन। श्री सत्य साई बाबाले उहाँजस्तो ३२ लक्षणले युक्त पुरूषलाई कोही गुरूसँग सिक्न आवश्यक पर्दैन, आफै ज्ञान हुन सक्छ भन्नुभएको छ भन्ने कुरा उठेको थियो। त्यस्तै श्रीमद्भागवतले श्री कृष्ण जस्ता ३२लक्षणले युक्त पुरूषलाई कोही गुरूसँग पनि ज्ञान सिक्न पर्दैन थियो भनेर बताएको छ। यस्ता प्रश्नहरू स्वयंमा त्यति जटिज, गम्भीर प्रश्न होइनन् जति तिनीहरू छन् जस्तो लाग्छन्। तिनीहरूको उत्तर सजिलैसँग दुई तीन खुड्किलामै दिन सकिन्छ। यी प्रश्नहरू स्वयंले सम्यक्दृष्टि र अरू यस्तै कुराहरूको बारेमा केही गम्भीर किसिमका गलत बुझाइलाई औंल्याउँछन्। त्यसै कारणले मैले यी प्रश्नहरूलाई प्रक्षेपकको रूपमा लिएको छु जसबाट तपाईंहरू सबैलाई यस्ता धेरै मसिना कुराहरूको बारेमा स्पष्ट होओस् र विचिकित्सा हटोस्। म तपाईंलाई एउटा

प्रश्न सोध्दैछु :-

१) बाइबलले भन्छ कि परमेश्वरले यो विश्वलाई सात दिनमा बनाए र जिसस क्राइष्ट परमेश्वरका एकमात्र पुत्र हुन्। जसले उनलाई विश्वास गर्दैनन् उनीहरू शाश्वत दुःखमा (दुर्गतिमा) फस्दैछन्।

२) कोरानमा बताइएको छ, "अल्लाह बाहेक अर्को कुनै पनि ईश्वर हुँदैन र जसले अल्लाहमाथि विश्वास गर्दैनन् उनीहरू शाश्वत दुर्गतिमा फस्छन् र मुहम्मद नै अल्लाहका अन्तिम देवदूत हुन्"। यसको तात्पर्य अरू सबै सिद्ध बाबा या देवदूतहरू शैतानका दूत हुन् किनकि उनीहरूका शिक्षाहरू कोरानसँग शतप्रतिशत मिल्दैनन्।

प्रश्न यस प्रकार छः के तपाईंले ती शास्त्रहरूमा लेखिएका यी दुई कुराहरूलाई पत्याउनुहुन्छ ? यदि तपाईंले "हैन, यी कुरा त म पत्याउँदिन" भन्नुहुन्छ भने म सोध्न चाहन्छु "किन ?"

के उत्तर उही होइन, "तिनीहरू न त युक्तिसंगत भनाइ हुन् न त म क्रिश्चियन या मुस्लिम हुँ। त्यसैले म ती शास्त्रसँग सहमत छैन ?"

राम्रो ! यदि त्यसो हो भने, "तपाईं को हो त ?" यहाँ तीन वटा सम्भाव्य उत्तरहरू छन् १) म बौद्ध हुँ २) म हिन्दू हुँ र ३) म सबै धर्ममा विश्वास राख्छु र सबै धर्महरूले र गुरूहरूले उही कुरालाई बताउँछन् भन्ने कुरामा मान्यता राख्छु।

बौद्धहरूलाई मेरो उत्तर यसप्रकाश छ -यदि तपाईं बौद्ध हुनुहुन्छ भने कसरी तपाईंले श्रीमद्भागवत र शिवपुरी बाबा, साई बाबा आदिलाई आध्यात्मिक क्षेत्रमा प्रामाणिक मान्नुहुन्छ ? के तपाईंले तथागतका शिक्षा र वचनहरूलाई यी साधु, बाबा र तिनीहरूको शास्त्रभन्दा बढी आधिकारिक ठान्नुपर्ने होइन र ? तपाईंलाई आफ्नो दृष्टिसँग सम्बन्धित कुराहरूमै धेरै भ्रम छ जस्तो छ। यदि तपाईंले 'छेद' (ट्रेक्चू) या 'हेवज्र' या 'वज्रकील' जस्ता अभ्यास पनि गर्दैराख्नुहुन्छ परन्तु तथागतका शिक्षा र उपदेशमा भन्दा अन्य साधुहरूका उपदेश, भनाइ र तत्सम्बन्धि शास्त्रहरूमा बढी विश्वास

पनि गरिराख्नु भएको छ भने पक्कै पनि तपाईं यो शताब्दिकै सबभन्दा ठूलो मूर्ख हुनुहुन्छ। तपाईंका दृष्टिहरू पूर्ण रूपमा मिथ्या छन्। म तपाईंलाई जानकारी गराउन चाहन्छु कि तथागतका उपदेश र श्रीमद्भागवत, शिवपुरी बाबा, साई बाबा, शुकदेव, अष्टवक्र आदिका शिक्षाहरूमा धेरै कुराहरू विरोध हुन्छन्। यी माथिका कुरा मात्रै पनि होइनन्। यदि तपाईंले म यी बाबा र ती शास्त्रहरूसँग सहमत हुन्छु र तथागतको भनाइसँग सहमत छैन भन्नुहुन्छ भने म सोध्न चाहन्छु कि किन हेवज्र, ट्रेक्चू, वज्रकीलय या महामुद्रा र स्मृत्युपस्थान जस्ता अभ्यासहरू गरिराख्नु भएको छ त ? किन वैष्णव तिलक धारण गरेर हरेराम हरेकृष्ण जपिराख्नु हुन्न ? या भ्रूमध्यमा ध्यान लगाएर वस्नु हुन्न या नाद सुन्ने अथवा सोऽहं या हंस जप सहितको ध्यान गरिराख्नुहुन्न त ?

माफ गर्नुहोला, तपाईंको चित्त त एउटा लागू औषधिले ग्रस्त चित्तभन्दा पनि बढी अन्यौल र अव्यवस्थित भएको छ जस्तो लाग्छ। तपाईंको बढी अन्यौलमा परेको चित्तलाई सरल तरिकाले भन्ने हो भने हामी बौद्धहरूले पनि तपाईंले एक मिनेट अगाडि बाइबल या कोरानका भनाइहरूलाई नमानेझैं आध्यात्मिक क्षेत्रमा हिन्दू शास्त्र र हिन्दू बाबा, साधुहरूका भनाइलाई प्रामाणिक मान्दैनौं। अनि जसरी तपाईंले बाईबल, कोरान आदिका त्यस्ता भनाइलाई युक्तिसंगत मान्नु भएन त्यसरी नै हामीले पनि ती बाबा र उनीहरूका शास्त्रमा बताइने कतिपय कुराहरूलाई युक्तिहीन ठान्छौं। हामीले प्रमाणित गर्छौं कि तिनीहरू किन युक्तिसंगत छैनन् र भर पर्न आधिकारिक हुँदैनन्। पहिले तपाईंभन्दा अझैं झन बढी खिचड-मिचड र अन्यौलमा फसेकाहरूलाई जवाफ दिइहालौ जो “मैले सबै धर्ममा विश्वास गर्छु” भन्नेवाला हुन्।

श्रीमान् मिस्-मास् खिचडि ज्यूलाई धन्यवाद भन्न चाहन्छु कि हामीले पनि विश्वास गर्छौं कि सबै धर्मले मानिसलाई राम्रो बन्न, चोरी, ढाँटी, ठगी नगर्न सिकाउँछन् इत्यादि। हामीले यो पनि मान्छौं कि प्रत्येक व्यक्तिलाई अरूको मूल्य र मान्यतामा आँच नआउने गरी आफ्ना मूल्य र मान्यता बमोजिम चल्ने र अभिव्यक्ति दिने अधिकार पनि छ। हामीले पनि सत्यको

खोजीमा सांसारिक जीवनलाई त्याग गरेर बसेका सबै श्रमण र ब्राह्मणहरूलाई आदर-सम्मान गर्ने, दान आदि दिने जस्ता कार्यहरू गर्छौं। तथागतले स्पष्टरूपमा तोकेरै भन्नुभएको छ कि हामी बौद्धहरूले सबै ब्राह्मण र श्रमणहरूलाई दान दिने, आदर सम्मान गर्ने गर्नुपर्छ चाहे ती बौद्ध होउन् चाहे अबौद्ध। त्यसकारण हामीले पनि सबै साधु, भिक्षु, सन्त, वैरागी, सन्यासी, महात्माहरूलाई आदर गर्छौं र दान आदि पनि दिन्छौं।

तपाईंको खिचडी चित्तले यहाँ सन्देह पैदा गरेको कुरालाई 'चर्या' र 'दृष्टि' को रूपमा छुट्याएर हेर्न सकिन्छ। हामीले चर्यामा सबै ब्रह्मण श्रमण आदिसँग आदर भाव राख्छौं र मूल्यवान मानवदेहधारीकै समान रूपबाट व्यवहार गर्छौं, दान आदि दिन्छौं। परन्तु यसको तात्पर्य यी सबैको दृष्टि पनि समानै छ र शुद्ध एवं सम्यक्‌दृष्टि भएकै रूपमा यिनीहरूलाई आदर गर्नुपर्छ भन्ने होइन। कुनै व्यक्ति ज्यादै दयालु वा करूणाले युक्त हुन सक्छ र समाधिको ज्यादै उच्च तहमा पुगेको हुन सक्छ, अझै उसका ऋद्धि-सिद्धिहरू पनि प्रशस्तै हुन सक्छन् परन्तु उसको दृष्टि अझै पनि पूर्ण रूपमा मिथ्या र तारोभन्दा बाहिर परेको हुन सक्छ। बुझ्नु पर्ने कुरा यही हो। लाखौं व्यक्तिलाई सहयोग गर्नु, अस्पताल निर्माण गर्नु जस्ता महान् करूणापूर्ण कामहरू गर्नु अवश्य पनि सराहनीय कुरा हो र सबै मानवले यस्ता व्यक्तिहरूको प्रशंसा गर्नुपर्छ। परन्तु यदि यस्ता व्यक्तिहरूको दृष्टि मिथ्या छ भने उनीहरूले देवलोक मात्र प्राप्त गर्छन् र लोकोत्तरसिद्धि प्राप्त गर्न सक्दैनन्। उच्च तहको समाधि र सिद्धि-ऋिद्धिहरू प्रशंसनीय कुरा हुन् र यस्ता कुरा हासिल गरेका व्यक्तिलाई सामान्य रूपमा लिन सकिन्न। परन्तु यदि त्यो व्यक्तिका दृष्टिहरू पनि सम्यक् छैनन् भने उसले पनि स्वतः नै लोकोत्तर चित्त प्राप्त गर्न सक्दैन। बढीमा उसले ब्रह्मलोकहरू प्राप्त गर्न सक्छ।

श्रीमान् मिस्-मास्-खिचडिलाई सम्झाउन चाहन्छु कि तथागतले भनेको र अरू साधुहरूले भनेका या उनीहरूका शास्त्रमा भनिएका कुराहरू बिच बिरोध हुनु स्वयं नै सबै धर्मले उही कुरालाई बताउँछन् भन्ने भद्दा र

अस्पष्ट खालको तपाईंको विचार पूरै गलत छ भन्ने प्रमाण हो । तथागतले शिवपुरी बाबा या श्रीमद्भागवतले जे बताएको छ त्यही कुरा बताउनुभएको छैन । वास्तवमा उहाँले त्यसको विरूद्ध बताइराख्नु भएको छ । त्यसकारण तपाईंको मिस्-मास्-खिचडी विचारको आधार के हो ? यदि तपाईंले साँच्चिकै सबै धर्मले उही कुरा नै बताएका छन् भन्ने मान्नुहुन्छ भने माथिका बाईबलमा, कोरानमा लेखिएका भनाइहरू पनि स्वीकार्नु पर्‍यो ।

परन्तु अभिधर्मले त सृष्टि हुँदाखेरि पनि एक अन्त कल्प समय लागेको थियो र त्यो पनि प्राणीका अनन्त कर्महरू परिपाक भएर ब्रह्माण्डमा बस्न योग्य भएको कारणले भएको हो भनेको छ । अतः तपाईंका अनुसार ईश्वरले सात दिनमा संसारको रचना गरे भन्नु र कर्मद्वारा एक अन्त कल्प लगाएर त्रिसाहस्र महासाहस्र लोकधातु (हिन्दू भाषामा ब्रह्माण्ड) को सृष्टि भएको छ भन्नु उही कुरा हो ? तपाईंको चित्त पनि कति अनर्थक रहेछ । तपाईंको मन त श्रीमान् भागवत भक्त वज्रकील साधकको भन्दा पनि बढी अन्यौलको स्थितिमा रहेछ । विष्णुपुराणले पनि सात दिनमा सृष्टि भएको भन्ने विचारलाई मान्दैन । अब म यो मानौं कि अझै पनि तपाईंले विष्णुपुराणले पनि वास्तवमा उही कुरालाई बताइरहेको हो भन्ने ठान्नु हुनेछैन ।

सामाजिक आचरण र नीतिगत मान्यताहरूका सम्बन्धमा मात्र सबै धर्महरूले उही कुरा सिकाउँछन् तर जब हामीले दृष्टिको बारेमा कुरा गर्छौं तब उनीहरूले उही कुरा सिकाउँदैनन् । बुद्ध धर्म र हिन्दू महद्गती बाबाहरूको त कुरै छोडौं, हिन्दू धर्मभित्रै पनि श्रीसम्प्रदायका प्रवर्तक रामानुजाचार्यले श्री शंकराचार्यको दृष्टिसंग सहमति नजनाएर बरू आफ्नो ब्रह्मसूत्र भाष्यमा उनको पूरै खण्डन गरेका छन् । त्यस्तै माधवाचार्यले पनि त्यस्तै खण्डनमण्डन गरेका छन् । ध्यान विधिमा पनि धेरै जसो वैष्णवहरूले नादमा ध्यान गर्ने या भ्रूमध्यमा ध्यान गरेर कालो प्रकाश र त्यसको बीचमा चाँदीका जस्तो तारालाई हेर्नेमा केन्द्रित गर्ने ध्यान अथवा कुण्डलिनी योग जस्ता विधिहरूबाट मुक्ति मिल्ने मान्दैनन् । आजभोलि भारतका लगभग सबै जसो गुरूहरूले एक न एक प्रकारले यस्तै विधिहरू नै सिकाउँछन् र त्यसबाट तेस्रो आँखा

खोलिन्छ भन्ने विश्वास गराउँछन्। अनि के बुद्ध धर्मले यी पद्धति र दृष्टिहरूलाई नस्विकार्नु कुनै आश्चर्यजनक कुरा हो त ?

पातञ्जलसूत्र १-३ मा भनिएको छ, **'तदा द्रष्टुः स्वरूपेऽवस्थानम्'** अर्थात् योग भएको बेलामा द्रष्टा आफ्नो स्वरूपमा स्थित हुन्छ। यसले स्पष्टै पार्छ कि यी सबै योगका तरिकाहरू, जस्तै १) भूमध्यमा दृष्टि स्थापना गरी तारा, कालो विन्दु आदि देख्दै त्यसलाई द्वार बनाएर त्यसभित्र छिरेर अनन्त चिदाकाशमा पस्ने २) क्रमशः १० विभिन्न प्रकारका नादहरू सुन्दै जाने (जसलाई सन्त परम्पराहरू जस्तैः- कवीर पन्थ, बालयोगेश्वर, जसपाल महाराज, राधाकृष्ण स्वामी, आदिको परम्परामा शब्द सूरत योग भनिन्छ या सूरत शब्द भनिन्छ) यिनीहरूले त्यो सीमित द्रष्टालाई आफ्नो स्वरूपमा राख्छन्। यो सन्दर्भमा स्वरूप भनेको नै त्यही अनन्त 'चिद् मात्र' हो। यी सबै प्रकारका प्रणालीहरूमा यो आत्मा या ब्रह्म हो र त्यसको साक्षात्कार नै ज्ञान हो भन्ने मान्यता छ। म जोड दिएर भन्छु कि यिनीहरू नै धेरैजसो तथाकथित उच्च बाबाहरूले पनि खव गोप्य प्राचीन योग भनेर सिकाउने तरिका र लक्ष्य हुन्।

हो, अनि शंकराचार्यले समेत पनि आफ्नो ब्रह्मसूत्र भाष्यमा यस्ता प्रकारका योगहरूबाट मात्रै पनि ब्रह्मज्ञान हुन्छ भन्ने कुरालाई अति स्पष्ट रूपमा खण्डन गर्नुभएको छ। उहाँले ज्यादै जोड दिएर भन्नुभएको छ कि यी ध्यानहरूसँग उपनिषद्को सही दृष्टिलाई मिलाएर अभ्यास गर्नु ज्यादै महत्वपूर्ण हुन्छ, नत्रभने ब्रह्मज्ञानमा तिनीहरूले पुऱ्याउँदैनन्। यहाँनेर हिन्दू शंकरले पनि अन्य हिन्दू योगीहरूलाई खण्डन गरेर विरोध गर्नुहुन्छ। बुद्ध धर्ममा त शंकरको औपनिषदिक दृष्टिलाई पनि सम्यक्दृष्टिको रूपमा स्वीकार नगरेर हामी खण्डन गर्छौं। तथागतले मिथ्यादृष्टिमा आधारित ध्यान विधिहरूले लोकोत्तर चित्तोत्पाद गराउँछन् भन्ने कुरालाई स्वीकार्नु हुन्न। शंकराचार्यले पनि यो सिद्धान्तलाई स्पष्ट रूपमा स्वीकार्दछन्। तैपनि शंकराचार्यले जेलाई औपनिषदिक सम्यक्दृष्टि मान्छन् त्यो तथागतको सम्यक्दृष्टि होइन। न त अरू शंकरेतरहरूले प्राप्त गरेको अनन्त चिदवस्थालाई तथागतको लोकोत्तर

चित्त मानिन्छ। त्यसकारण तिनीहरू सबैले उही कुरा बताएका र एकै तर्फ लाग्ने होइनन्।

यहाँ बुझ्नु पर्ने महत्वपूर्ण कुरा के हो भने हामीले सोऽहं-हंस, नाद योग या भ्रूमध्यको गुहामा पस्ने जस्ता ध्यानहरू गरेर अनन्त चिदवस्थाको अनुभूति गर्न सकिन्छ भन्ने कुरालाई कदापि नकारेका छैनौं। यी कुराहरू भृगुयोगमा सिकाइएकै छन् र अहिलेको भारतमा आफ्नै प्रणालीमा मात्र सिकाइने अति गोप्य ध्यान पद्धति भन्ने दावी पनि गरिन्छन् तापनि आजकालका सबैजसो प्रणालीहरूद्वारा यिनै योगहरू नै सिकाइएका हुन्छन्। त्यस्तै प्रणवनादलाई आज्ञाचक्रमा अनुभूति गर्न या जप्न र मर्दाखेरि पनि यसैको अनुभूति गर्दै र जप्दै मर्न पनि सक्नुहुन्छ। अथवा अझै गहिरो अवस्थामा गएर 'अव्यक्त' याने व्यक्तप्रणवभन्दा परको अनन्त चिद् आकाशलाई अनुभूति गरिरहन पनि सक्नुपर्छ।

जब यस्ता योगीहरू मर्छन् तब उनको सानो द्रष्टा आफ्नो स्वरूपमा लय हुन्छ अर्थात् **'तदा द्रष्टुः स्वरूपेऽवस्थानम्'** (१-३ पातञ्जलसूत्र) अनि ऊ अव्यक्त समाधिमा २१ दिनदेखि ४५ दिन सम्म पनि रहन सक्छ। यस्तो अवस्थामा उसको श्वासप्रश्वास पूर्ण रूपमा बन्द भैसकेको हुन्छ तापनि उसको शरीरको क्षयीकरण भएको हुँदैन। यदि यी योगहरूको अभ्यास गर्नुभयो भने यी सबै कुरा सम्भव हुन्छन् र हामीले त्यो नकारेका छैनौं। शंकराचार्यले, धेरै थरिका वैष्णवहरूले र हामी बौद्धहरूले पनि नकारेको त 'त्यही नै ज्ञानावस्था हो' भन्ने कुरालाई मात्र हो। अझै शंकरले स्पष्टसँग भनेका छन् कि यी सामान्य वैष्णव गलत हुन्। उता सबै वैष्णवहरूले शंकरको निर्गुण ब्रह्मलाई परमार्थ मान्नु गलत हो भन्ने विश्वास गर्छन्। हामी बौद्धहरूले नाद योगीहरू, अव्यक्त अनन्त चिद्योगी, वैष्णवहरू सबै हद भएमा महद्गत चित्तका प्रकार मात्र हुन् र यिनीहरूको दृष्टि अनुसार चल्नु र अभ्यास गर्नुले तीन असंख्य कल्प सम्ममा पनि लोकोत्तर चित्त उत्पाद गर्दैनन् भन्ने मान्छौं। किन ? दुई कारण छन्ः

१) त्यस्ता प्रकारका ध्यान विधिहरू जो क) भ्रूमध्यमा गरिन्छन्,

ख) नादानुसन्धान या शब्द सुरत योग हुन्, ग) हंस जप या सोऽहम् जप या अजपा गायत्री हुन्, घ) शंकरको या योगवसिष्ठको ब्रह्मवृत्ति योग हुन्, ङ) कुण्डलिनी खालका लय योग हुन्, च) वैष्णवहरूको हृत् पुण्डरीकमा साक्षात्कार नहुँदासम्म इष्टको ध्यान गर्ने खालको विधि, छ) कुम्भक आदिबाट श्वासलाई रोक्ने प्रकृयाको 'अमृत योग' या अझै श्वास आउँछ र जाँदाको बीचको एक क्षण रोकिएको स्वाभाविक अवस्थामा हेर्दै गर्ने झन् प्राकृतिक तरिकाको श्वास रोक्ने योग आदि थुप्रै अरू योगिक विधिहरू हुन् । ती सबै ध्यानहरू केवल शमथ हुन् । त्यसैले केवल आनन्द र सिद्धि-ऋद्धि आदि मात्र उत्पन्न गर्न सक्छन् र लोकोत्तर चित्त उत्पन्न गर्न सक्दैनन् ।

२) यी कुनै पनि विधिहरूमा सम्यक दृष्टिको बारेमा विल्कुल चेतना छैन र त्यही सम्यक् दृष्टिले मात्र लोकोत्तर चित्त उत्पन्न गर्न मद्दत गर्छ । शमथका विधि नै भए पनि बौद्ध शमथ विधिको तरिकासँग यिनीहरू धेरै नै नमिल्ने खालका छन् । ती विधिहरूले क्रमशः विस्तारै तपाईंलाई बाहिरी संसारबाट टाढा टाढा लैजान थाल्छन् र अनन्त चिदाकाशको भित्री संसारमा मात्र रमाउँदै जान थाल्नुहुन्छ र यति सम्म पुग्नुहुन्छ कि अरू कसैको सहयोग विना स्वयंले खान पनि नसक्ने स्थितिमा आइपुग्नुहुन्छ। यी प्रणालीहरूमा त्यस्ता योगीहरूलाई 'अवधुत' भनिन्छ । बुद्धधर्म अनुसार यस्ता व्यक्तिहरू कल्पौं सम्मको लागि असंज्ञी समाधि या अरूप धातुको दलदलमा भासिन पुगेका छन् भन्ने मानिन्छ। यस्ता योगीहरू आफ्नो परम आनन्दमय र परम चिद्घनको समाधिमा अरू कुनै कुराको पनि होश नराखि १०,०००-८०,००० कल्पसम्म हराइरहेका हुन्छन् । यही अवस्थामा गइएला भनेर आर्यहरू पृथग्जनले नरकमा जान डराएको भन्दा पनि बढी डराउँछन् । त्यो अवस्था कदापि लोकोत्तर चित्त होइन । बौद्ध शमथले त्यस्तो अवस्थातिर लग्दैन ।

यहाँ धेरै सूक्ष्म कुराहरू छन् जसको बारेमा शमथको विषयमा

बताउँदाखेरि हामीले कुरा गर्नेछौं । नत्र यो छलफल धेरै लम्बिन्छ र बेलुका नौ पनि बज्न सक्छ । तैपनि मिस्-मास्-खिचडी महाशयको चित्तको जालो फाल्नको लागि केही मूल मामलाको बारेमा अलिकति छुन चाहन्छु ।

१) हामीले पहिले नै देखिसकेका छौं कि यी विधिहरू केवल शमथ मात्र हुन् र स्वयंले लोकोत्तर चित्त उत्पाद गराउन सक्दैनन् ।

२) यस्ता समाधिहरू त्यति कामका मानिँदैनन् र अझै लोकोत्तर चित्त उत्पाद गराउनबाट आफूलाई टाढा लग्ने भएकोले यिनीहरू झन खतरनाक मानिन्छन् । कुन मानेमा खतरनाक भने ८०,००० कल्पसम्म पनि लोकोत्तर चित्तबाट वञ्चित पार्ने भएकोले खतरनाक । त्यसैले पृथग्जन नरक देखि डराएभन्दा पनि बढी आर्यहरू यीनीदेखि डराउँछन् भनिएको हो ।

३) हामीले यो पनि देख्यौं कि तिनीहरू शमथका विधि नै भए पनि गलत खालका शमथ हुन् र आफूले गरेको अभ्यासको आधारमा या त कुनै ब्रह्मलोक या असंज्ञी समाधि या अरूपधातुतिर लैजान्छन् ।

४) हामीले यो पनि देख्यौं कि त्यस्ता कतिपय विधिहरूको राम्रो गरी खटेर अभ्यास गर्दै जाने हो भने योगीले सफलता हासिल गर्दै गयो भने ऊ जुन संसारलाई सारा हिन्दू शास्त्रमा प्रपञ्च भन्दछन् त्यस्तो बाहिरी संसारबाट अलग हुँदै जान्छ र सम्बन्धै राख्न छोड्दै जान्छ । अनि झन् झन् भित्री अनन्त चिद्वस्थामा डुब्न थाल्ने रहेछ ।

५) हामीले यो पनि देख्यौं कि यस्तो अवस्थालाई बौद्ध धर्मले लोकोत्तर चित्त भन्दोरहेनछ ।

६) यो बताउनु पनि ज्योदै महत्वपूर्ण छ कि यी योगहरू विज्ञापन गरिए जति सजिला पनि छैनन् र धेरै काम व्यक्तिगत मात्र प्रणवको आदि नाद सुन्ने अवस्थामा पुग्छन् र झन् त्यो भन्दा पनि निकै कम मात्र अव्यक्त गुफा भित्र प्रवेश गर्न सक्छन्, जहाँ ईश्वर या आत्मा रहन्छ

भनिन्छ ।

७) कल्याण योगाङ्क पृष्ठ ४१५ मा एक हिन्दू योगीले लेखेको अनुच्छेदको उद्धरण गर्न चाहन्छु -"इन शब्दों को निरन्तर सुनने से किसी किसी को मस्तिष्क मे गर्मी आ जाती है आर किसी किसी को अपने उपर से प्रभुत्व जाता रहता है।..."

८) हामीले त्यस्तो पनि एक प्रकारको समाधि हो र ती योगीहरूका ऋद्धि-सिद्धि हुन्छन् भन्ने कुरालाई नकारेका छैनौं, जसको तात्पर्य हुन्छ उनीहरू हाँस्दै जन्मिन्छ, जन्मेको बेलामा धेरै कुराहरू सम्भन (परन्तु सम्पूर्ण कुरा यथावत सम्भिन त होइन) सक्छन् । उनीहरूले धेरै सैयौं कल्प अधिको जीवनका कुराहरू पनि प्रशस्तै सम्भिन सक्छन् । स्वर्गद्वारी महाप्रभुले ९०० कल्प सम्मका कुराहरू सम्भिन सक्नु हुन्थ्यो । हामीले त यी ऋद्धि-सिद्धिले ती बाबा-महाप्रभु आदिले तथागतको लोकोत्तर चित्त उत्पाद गरेका छन् भन्ने प्रमाण हुँदैन मात्र भनेर नकारेका हौं । पातञ्जलसूत्रले नै भनेको छ कि- **'जन्मौषधिमन्त्रतपः समाधिजाः सिद्धयः'** (१.४.१) अर्थात् सिद्धिहरू जन्मबाट, औषधिबाट, मन्त्रबाट, तपस्याबाट, समाधिबाट पनि उत्पन्न हुन सक्छन् । यही सूत्रले नै प्रमाणित गर्दछ कि सिद्धिहरूले ती बाबाहरू ज्ञानी अर्थात् लोकोत्तर चित्तवाला हुन् भन्ने प्रमाणित हुँदैन । शंकराचार्य समेतले पनि यही स्वीकार्नुहुन्छ ।

९) शंकराचार्यले विवेक चूडामणिमा भन्नुहुन्छ -

**न योगेन न सांख्येन कर्मणा नो न विद्यया ।**

**बह्मात्मैकत्वबोधेन मोक्षः सिद्धयति नान्यथा ॥**

मोक्ष त न योगले हुन्छ न सांख्यले, न कर्मकाण्डले हुन्छ न विद्याले हुन्छ । यो त ब्रह्म र आत्माको एकत्वको बोधले मात्र सिद्ध हुन्छ, अरू कुनैले पनि हुँदैन ।

१०) हामीले यस्ता महद्गत योगीहरू दयालु, भद्र, शान्त, आर्य जस्तै

करूणामय हुँदैनन् भनेका पनि छैनौं र उनीहरूको नजिक बस्दा कुनै शक्ति, शान्ति, आदि आभास नै हुँदैन भनेका पनि छैनौं । हो, धेरै महद्गत योगीहरू ज्यादै दयालु, अति भद्र र नजिक बस्दा साह्रै शान्ति र आनन्द महसुस हुने या कुनै प्रकारको तरङ्ग महसुस हुने हुन्छन् । परन्तु त्यतिले नै उनीहरू आर्य हुँदैनन् । आर्य नभए पनि शुद्ध शमथ गरेको योगी छ भने उसका यी सब कुराहरू हुन सक्छन् ।

११) श्वासै रोकिने समाधिमा पस्न त्यति सजिलो कुरा होइन, यो सत्य हो तापनि यदि कसैले त्यस्तो समाधिमा दक्षता हासिल गरिसकेको छ भने उसले आफ्नो शरीरको मेटाबोलिजमलाई यति कम गर्न सक्छ कि फलतः ऊ ५०० वर्ष या त्यो भन्दा पनि धेरैसम्म बाँचिरहन पनि सक्छ र यस्तो योगी वास्तवमा आदरणीय र विशिष्ट नै हुन्छ । तर म तपाईंलाई सम्झाउँछु कि त्यो अवस्था लोकोत्तर चित्तको अवस्था होइन । म यो पनि जानकारी गराउन चाहन्छु कि प्रत्येक हिउँदमा बर्खा नलाग्दासम्म भ्यागुताहरू यस्तै खालको समाधिमा आफ्नो मुटु, श्वास प्रकृया आदिलाई निरोध गरेर बस्छन् जसलाई शरीरवित् भनिन्छ । बर्खा लागेपछि उनीहरू जान्छन् । भालुहरू पनि हिउँदमा यस्तो समाधिमा जाने गर्छन र श्वास प्रश्वास आदिलाई निरोध गरेर बस्छन् ।

१२) अन्तमा तपाईंहरूको अन्यौल तपाईंलाई प्रकाश पारिदिन एक उपाय दिन चाहन्छु । पहाडतिर अझै पनि केही मानिसहरू यस्ता छन् जसले पृथ्वीलाई सूर्यले घुम्छ भन्ने विश्वास गर्दछन् । हामी सबैले अहिले जानेका छौं कि त्यो दृष्टि गलत हो । अब म तपाईंलाई सोध्छु, के उनीहरूको दृष्टिलाई नमान्नु असहिष्णुता हो ? के उनीहरूको दृष्टि गलत छ भनेर उनीहरूलाई बताउनु असहिष्णुता हो ? उसको दृष्टिलाई हामीले सहमति नदिनु ऊप्रति निर्दयी हुनु हो ? उसको जस्तो पृथ्वीले सूर्यलाई घुम्छ भन्ने दृष्टिकोणसँग

> पूर्णरूपमा असहमत भैकन पनि ऊप्रति आचरणमा दयालु, सौहार्दमय भएर रहन सकिन्छ कि सकिँदैन ? यही विषयमा तपाईं खिचड-मिचड भएर "सबै धर्महरू उही हुन्, सबै धर्मले उही कुरा सिकाएका छन् र सबै धर्मले एउटै कुरालाई बताइरहेका छन्, हामीले यसमा सबैप्रति सहिष्णु, सौहार्द र दयालु हुनुपर्छ' भन्नु भएको हो । तपाईंले देखिहाल्नु भयो कि सबै हिन्दूहरूको दृष्टि उही छ भन्नु पनि अझ ठीक हुँदैन ।

अब हामी तेश्रो व्यक्तिसँग कुरा गर्छौं, हिन्दू आदरणीय स्वामीजी ! कम्तिमा तपाईं मिस्-मास्-खिचडी महाशय र श्रीमान् भागवत-भक्त-वज्रकील साधकभन्दा त बढी स्पष्ट हुनुहुन्छ । तपाईंको, "हाम्रो शिवपुरी बाबाले यो भन्नु हुन्छ, भागवतले त्यो भन्छ" भन्ने त पूर्ण अधिकार छ । अब म तपाईंलाई हामी किन उहाँहरूसँग सहमत छैनौं भन्ने कुरा बताउँछु ।

शिवपुरी बाबाले दावी गर्नुभएको थियो कि उहाँ पूरा होशसहित भएरै जन्मिनु भएको थियो आदि ... । सर्वप्रथम त कोही बाबा या ऋद्धिमान् व्यक्तिले भनेको हुने बित्तिकै अन्धाधुन्ध स्वीकार्ने काम हामी गर्दैनौं । ती भनाइहरू कति आधिकारिक हुन सक्छन् भन्ने कुरा पनि हेर्नुपर्ने हुन्छ । उहाँले के पनि भन्नुभएको थियो भने उहाँ सर्वज्ञ र सर्वशक्तिमान् हुनुहुन्थ्यो । उहाँले "यो ब्रह्माण्डलाई नै मुट्ठी भित्र मिचिदिने शक्ति मेरो छ" भन्नुभएको थियो । अब यता तथागतले कोही पनि सर्वज्ञ हुन सक्दैन भन्नुभएको थियो । त्यसो भएको हुनाले हाम्रा निमित्त त त्यो भनाइ पहिले नै मिथ्या र गलत भैसकेको छ । तैपनि एक पटक हाम्रा बाबालाई मौका दिउँ र उहाँ कति सर्वज्ञ हुनुहुन्छ भन्ने विश्लेषण गरौं ।

उहाँले के भन्नुभएको थियो भने बुद्धले जे सिकाउनुभएको थियो उहाँले पनि त्यही सिकाउनुभएको थियो परन्तु बुद्धका शिक्षाहरू सयौं वर्ष पछाडि आएर संकलन गरिएकोले उहाँका अनुयायीहरूले बुद्धका खास शिक्षालाई बिर्सिए र अहिले अभिलेख गरिएका शिक्षाहरू बुद्धका बास्तविक शिक्षा होइनन् । अब यदि अलिकति पनि बौद्ध इतिहासको बारेमा तपाईंले

जानकारी राख्नुभयो भने थाहा हुने छ कि तपाईंको बाबाजीको सर्वज्ञताको धोती खुस्किसकेको छ। शास्ताको परिनिर्वाण भएको ४ महिनामा नै उहाँकै आफ्ना ५०० अर्हत् शिष्यहरूले -जो उहाँ जीवित हुँदा नै अर्हत् भैसकेका थिए-सँगै बसेर उहाँका शिक्षाहरू संकलन गरिसकेका थिए र त्यसैले बिर्सिए, छुटे भन्ने कुरा आउँदैन र शिवपुरी बाबाको समयसम्म त छैठौं संङ्गायन समेत भैसकेको थियो र शिक्षालाई शुद्ध र कसैबाट बिगारेर विकृत तुल्याइएको त छैन भनेर दोहोऱ्याइ पक्का गरिएको थियो।

अतः तपाईंको बाबाको सर्वज्ञताले २५०० वर्षसम्म पनि भ्याउन सकेन जुन वेला प्रथम सङ्गायन भएको थियो किनकि उहाँले त्यो नै थाहा नपाएर सैयौं वर्ष पछि संकलन गरिए भन्नुभयो। सम्राट अशोकका पालासम्म त तीन सङ्गायन भैसकेका थिए। अब पनि हामीले उहाँ सर्वज्ञ हुनुहुन्थ्यो भन्ने भनाइलाई पत्याइ रहौंला भन्ने अपेक्षा राख्नुहुन्छ त ? २५०० वर्ष अघि भएको कुराको समेत पनि थाहा हुनमा गलती हुन्छ भने कस्तो किसिमको सर्वज्ञता हो भन्ने त ? यदि उहाँको सर्वज्ञताको दावी स्पष्ट रूपमा गलत प्रमाणित भैसक्यो भने उहाँको "पूरा होश सहित जन्मेको" भन्ने अर्को भनाइ माथि पनि शंका उठाउनु साँच्चिकै अयुक्त छ त ?

आदरणीय स्वामीजी, तपाईंका बाबाले रमण महर्षि र रामकृष्ण परमहंस दुवै जनालाई उहाँहरू मर्ने बेलामा आफैले परम ज्ञान दिएको दावी गर्नुभएको छ। परन्तु रामकृष्ण र रमण महर्षि दुवैले आफूलाई जीवनमुक्त भन्ने दावी गरेका थिए। जीवनमुक्त भनेको त जीवित हुँदाखेरि नै मुक्त भैसकेका व्यक्ति हुन्छन् (मर्ने वेलामा होइन) र उनीहरूलाई मर्ने वेलामा कसैबाट केही ज्ञान लिनुपर्ने जरूरत हुँदैन। न त ती दुवैका अभिलेखहरूमा यस्तो घटना भएको कुरा पाइन्छ जहाँ उनीहरू दुवैले त्यसरी अरूबाट परम ज्ञान पाएको भन्ने देखियोस्।

महामहोपाध्याय गोपीनाथ कविराजका एक गुरू सिद्धिमाताको भनाइ अनुसार उहाँ र शुकदेव बाहेक अरू कोही पनि जीवन मुक्त थिएनन् याने शिवपुरी बाबा पनि जीवनमुक्त थिएनन्। अब म सोध्छु, "स्वामीजी, यी

विशिष्ट बाबाहरूमध्ये अब कसलाई तपाईंले विश्वास गर्नुहुन्छ ? हामीले शिवपुरी बाबा भनेको भन्दैमा जे कुरा पनि आँखा चिम्लेर कसरी स्वीकारिहाल्ने त ?"

फेरि तपाईंलाई अर्को प्रश्न पनि सोध्न चाहन्छु कि, "स्वामीजी, पूर्ण होश भन्नाले तपाईं के बुझ्नुहुन्छ ?" मान्नुहोस् कि तपाईंको ठीक अगाडि कोही रातो कमिज लगाएको व्यक्ति उभिराखेको थियो परन्तु तपाईंले उसले रातो कमिज लगाएको कुराको ख्याल समेत गर्नुभएन। के त्यसलाई तपाईं पूर्ण होस् भएको भन्नुहुन्छ ? मलाई लाग्छ एउटा मूर्खले पनि होइन नै भन्ला। उदय-व्यय त अहिले हाम्रै अगाडि नै निरन्तर भैरहेको हुन्छ। फलस्वरूप अनित्य-अनात्मा-दुःख पनि हाम्रै सामु भैरहेको तथ्य हो। यो तथागतले भनेको कुरामा आधारित मात्र होइन। तै पनि हामी बेहोश नै भएका हुनाले त्यसको ख्याल हामीलाई छैन। जसले उदय-व्यय अनि अनित्य-अनात्मा-दुःखको अनुभव गरिरहेका हुँदैनन्, उनीहरू अझै पनि आफ्नो सामु भैरहेको कुराप्रति बेहोश नै हुन्छन्। स्वामीजी, के हामीले त्यस्ता बेहोश व्यक्तिलाई पूर्ण होशसहितका भन्न सक्छौं त ?

अब म तपाईंलाई सोध्न चाहन्छु कि ३० वर्षसम्म नर्मदाको घना जंगलमा तपस्या गरेर पनि शिवपुरी बाबाले सत्कायदृष्टि-आत्मालाई नै देखिराख्नु भयो र उदय-व्यय देख्न सक्नुभएन भने उहाँले जन्मिँदा पनि उदय-व्यय देख्नुभएको थियो भन्ने सोच्न सक्छौं त ? यदि उहाँले उदय-व्यय, अनित्य-अनात्मा-दुःखलाई जन्मिदा देख्न सक्नु भएको थिएन भने कसरी उहाँ पूरा होश सहित जन्मनुभयो त ? उहाँले पूरा होश जेलाई भन्नु हुन्छ, तथागतको तुलनामा त त्यो बेहोशी अवस्था हो। उहाँ जन्मिदाखेरि हाँसी हाँसी जन्मिनुभएको थियो र त्यो वेलाका केही या धेरै कुराहरू सम्झन सक्नुहुन्थ्यो भन्दैमा उहाँ पूर्ण होश सहित जन्मिनुभएको थियो भन्ने बुझिँदैन। तपाईंको बाबाले आफू पूरा होश सहित जन्मेको भन्ने ठान्नुभयो तर तथागतको तुलनामा उहाँ बेहोशीमै जन्मनुभएको थियो। अतः हामीले कसैले केही भन्यो भन्दैमा उसको भनाइलाई विचारै नगरी विश्वास गरिहाल्नु

हुँदैन ।

ठीक यही कुरा शुकदेव र अष्टावक्रमा पनि लागू गर्न सकिन्छ। शुकदेवले जन्मिने बित्तिकै साल-नाल बोकेरै कुदे भन्दैमा उनी पूर्ण होश सहित जन्मेका थिए भन्ने प्रमाण हुँदैन। जन्मको त कुरै छोडौं, उनी ठूलै गुरू भएर सिकाउँदा पनि सत्कायदृष्टि/आत्मा नै सिकाइरहे, जसको अर्थ हुन्छ उनी पनि उदय-व्यय र अनित्य-अनात्मा-दुःखको बारेमा बेहोशै थिए जुन उनको सामु भैरहेको कुरा हो। अष्टावक्र पनि यही वर्गमा आउँछन्। हामीले पहिले पनि बताइसक्यौं कि शमथ योगीहरू जन्मिँदै हाँस्ने, आफ्नो जन्म संझिन सक्ने, धेरै कल्पसम्म पनि देख्न सक्ने अथवा भनौं साल-नाल सहितै हिड्ने या गर्भबाटै बोल्ने गर्न पनि सक्छन्। यस्ता घटनाहरूले मात्रै ऊ जन्मिँदा नै पूर्ण होश सहित जन्मेको थियो भन्ने देखाउँदैन। हामीले देख्न सक्छौं कि उनीहरू धेरै कुरामा पूर्णरूपमै बेहोश नै थिए। कसरी कतिपय कुराको होश नै नभैकन जन्मेकालाई पूर्ण होश सहित जन्मेका भन्न सकिन्छ त ?

अब म तथागतको सन्दर्भमा पूर्ण होश भन्नाले के बुझिन्छ भन्ने कुरा बताउँछु। सर्वप्रथम त पूर्ण स्मृति-सम्प्रजन्यले युक्त भएको व्यक्तिलाई मात्र पूर्ण होश भएको व्यक्ति भनिन्छ। अरू सबै किसिमका होशलाई पूर्ण होश भनिदैन। पूर्ण स्मृति-सम्प्रजन्य भएको व्यक्तिले उदय-व्यय, अनित्य-अनात्मा-दुःखको अनुभव नगरिरहनै सक्दैन। शिवपुरी बाबा, शुकदेव, अष्टावक्रहरूले उदय-व्यय, अनित्य-अनात्मा-दुःखको अनुभूति जीवनमा कहिल्यै पनि नगरेका हुनाले उनीहरू पूर्ण-स्मृति-सम्प्रजन्य सहित जन्मेका थिएनन् भन्नु बडो युक्तिपूर्ण हुन आउँछ।

३० वर्षको तपस्या पछि पनि शिवपुरी बाबाले पुरै सत्कार्य दृष्टिले युक्त शिक्षाहरू नै दिइराख्नु भयो। आध्यात्मिक क्षेत्रमा यस्ता व्यक्तिहरूलाई कसरी अधिकारिक मान्न सकिन्छ र "म पूर्ण होश सहित जन्मेको थिएँ" भन्ने भनाइलाई आधिकारिक मान्न सकिन्छ ? अँ, स्वामीजी ! यो भन्दा पनि अझै तपाईंको बाबाले आफूले दिएको ईश्वर, आत्मा र यस्तै थुप्रै

सत्कायदृष्टि सहितका कुराहरूको उपदेशहरूलाई बुद्धले सिकाएका कुरा हुन् परन्तु शिष्यहरूले बुद्धलाई बुझेनन् र वास्तविक बुद्धका शिक्षाहरू हराए भन्न पुगे। स्वामीजी ! अब तपाईंले बौद्ध धर्मको इतिहास पनि अध्ययन गर्नुभयो र बौद्ध धर्मका मूल मूल अवधारणाहरू जस्तै अनीश्वरवाद, प्रतीत्यसमुत्पाद, अनात्मा आदिको अध्ययन पनि गर्नुभयो भने, कसरी कोही व्यक्तिले यी बाबाजीलाई आध्यात्मिक कुराको आधिकारिक व्यक्ति मान्न सक्छ, भन्नुहोस्। के तपाईंको तर्क यिनै बाबाको दावीमा आधारित भैकन प्रमाणित हुने होइन् ? अनि यस्ता बाबाको भनाइलाई तथागतको वाक्यका विरूद्ध प्रमाण दिन साँच्चिकै मिल्ला ?

यहाँ म अर्को कुरा पनि थप्न चाहन्छु कि स्वामी विवेकानन्दले बुद्धको दर्शन पाए र त्यसमा बुद्धले "शिष्यहरूले मेरो भनाइलाई गलत तरीकाले बुझे" भने भनी दावी गरेका छन् र "बुद्धका शिष्यले बुद्धलाई राम्ररी बुझेनन्, मैले बुद्धका वास्तविक शिक्षाहरू बुझेको छु" भन्ने दाबी पनि गरेका छन्। अरू धेरै स्वामीहरूले पनि यस्तै गरेका छन्, जस्तै भारतका भू.पु. राष्ट्रपति स्व डा. राधाकृष्णन्‌ले पनि त्यही दाबी गर्नु भएको छ। यो विचार कति नमिल्दो रहेछ भन्ने देखाउन राहुल सांस्कृत्यायनले आफ्नो पुस्तक 'दर्शन दिग्दर्शन' मा दिएको उत्तरलाई दोहोऱ्याउन चाहन्छु -

"स्वयं बुद्ध, उन के समकालीन शिष्य, नागसेन (१५० BC), नागार्जुन (सन् १००), असंग (सन् ३७५), वसुबन्धु (सन् ४००), दिङ्नाग (सन् ४२५), धर्मकीर्ति (सन् ६००), धर्मोत्तर, शान्तरक्षित (सन् ७५०), ज्ञानश्री, शाक्यश्रीभद्र (सन् १२००) जिस रहस्य को जान नपाएथे, उसे खोज निकालने का श्रेय सर राधाकृष्णन् ( तथा विवेकानन्द, शिवपुरी बाबा जैसे अनेक हिन्दू साधु, सन्त महाराज) को है, जिन्होंने अनात्मवादी बुद्ध को उपनिषद् के आत्मवाद का प्रचारक सिद्ध कर दिया। २५०० वर्षो तक भारत, लंका, वर्मा, स्याम, चीन, जापान, कोरिया, मंगोलिया, तिब्बत, मध्य एशिया, अफ्‌गानिस्तान आर दूसरे देशों तक फैले भूमाग पर कितना भारि भ्रम फैला हुआ था जो कि वह बुद्ध को अनात्वादी, अनीश्वरवादी समझते रहे। और

अक्षपाद, वादरायण, वात्स्यायन, उद्योतकर, कुमारिल, (शङ्कराचार्य), वाचस्पती, उदयन जैसे वैदिक ब्राह्मणों ने भी बुद्ध के दर्शन को जिस तरह का समझा वह भी उनकी भारि 'अविद्या' थी !!"

अब मेरा प्रिय स्वामीजी ! यस्ता बाबाहरूको बारेमा अरू के भन्नुहुन्छ ? के तपाईंले बुद्धका आफ्नै शिष्यहरू, जो अर्हत् पनि भैसकेका थिए र आर्य थिए, उनीहरूले बुद्धका वास्तविक शिक्षालाई नबुझेर २५०० वर्ष पछि यी पृथग्जन महद्गत योगी, जस्तै शिवपुरी बाबा, विवेकानन्द या डा. राधाकृष्णन् आदिले बुद्धले वास्तवमै भन्न खोजेका कुरा बुझ्न सके भन्ने विश्वास गर्नुहुन्छ त ? कुनै पनि विवेकशील व्यक्तिले यस्तो वाहियात कुरा पचाउन सक्छ भन्ने ठान्नुहुन्छ ? यदि ठान्नुहुन्न भने तपाईंले यस्ता बाबाहरूको भनाइलाई आधिकारिक, प्रमाणिक बनाएर कसरी प्रस्तुत गर्न मिल्छ ? अनि कुनै यस्ता बाबाहरूको शमथ अभ्यासको कारणले केही ऋद्धि-सिद्धिहरू भए, या जन्मिदै मुस्कुराएर जन्मेका थिए या साल-नाल सहितै हिँडे या गर्भभित्रैबाट बोले भन्ने कारणले मात्र यिनीहरूले जे बोल्छन् ती सबै ठीक, आधिकारिक, प्रामाणिक कुरा बोलेका हुन्छन् भन्ने ठान्ला भनेर साँच्चिकै अपेक्षा राख्नुहुन्छ त ?

म फेरि दोहोऱ्याउँछु कि हामीले यी बाबा, ती बाबाहरूका केही सिद्धि नै थिएनन् भनेका छैनौं । वास्तवमा हामीले ठीक त्यही भनेका छौं । हामीले भनेका छौं कि तिनीहरू केही सिद्धि-ऋद्धिहरू भएका महद्गत योगी मात्र हुन् परन्तु लोकोत्तर योगी होइनन् । अतः जब एक लोकोत्तर योगीको भनाइसँग तिनीहरूको भनाइ बाझ्दछ तब उनीहरूको भनाइलाई प्रामाणिक, आधिकारिक मान्न सकिँदैन । हामीले यो पनि भनेका छैनौं कि तिनीहरू एक सामान्य बाल पृथग्जन मात्र हुन् । हामीले उनीहरू महद्गती पृथग्जन हुन् र आर्य होइनन् भनेका हौं । हामीले निकै परिभाषिक शब्दहरू प्रयोग गरेका छौं किनकि तपाईंले आफूलाई हिन्दू भन्ने दावी गरे पनि हामीहरूलाई के थाहा छ भने तपाईंले हाम्रो बोधिपुष्पाञ्जलिको अध्ययन गरिराख्नु भएको छ ।

अब स्वामीजी, तपाईंको फाइदाको लागि हामीले आफै एउटा प्रश्न उठाउँछौं । जसरी तपाईं बौद्धहरूले पूर्ण होश भन्दाखेरि उदय-व्यय, अनित्य-दुःख-अनात्माको पूर्ण होश भन्ने बुझ्नुहुन्छ त्यस्तै हामी हिन्दूले पनि पूर्ण होश भन्दाखेरि आत्माको पूर्ण होशलाई बुझ्छौं । शिवपुरी बाबा, शुकदेव अष्टावक्र आदि सबै आत्माको पूरा होश सहित जन्मेका थिए, त्यसैले पूरा होशमै जन्मेका थिए भन्नुमा के गलती भयो र ? हिन्दू भएकाले तपाईंले यो प्रश्न उठाउनुपर्ने थियो । परन्तु यस्तो भन्दा धेरै गलतीहरू हुन्छन् त्यसैले यसलाई पूरा होश मान्न सकिन्न ।

आदरणीय स्वामीजी ! के तपाईंले आफ्नो परिकल्पना, आफ्नो निजी धारणाको होश हुने तर पनि त्यहाँको वास्तविकताको कुनै ख्याल छैन भने त्यसलाई पूर्ण होश भएको व्यक्ति मान्नुहुन्छ ? यदि तपाईंले यस्तो व्यक्तिलाई पूर्ण होश सहितको व्यक्ति मान्नु हुन्छ भने भांग, धतुरो, एल्.एस्.डी. आदिको नशामा भएको व्यक्तिलाई पनि पूरा होश भएको व्यक्ति भन्ने मान्नु पर्‍यो । उनीहरूलाई वास्तविकताको कुनै ख्यालै हुँदैन । परन्तु आफ्नो काल्पनिक संसारको बारेमा त तीव्र रूपमा सचेत नै हुन्छन् । तिनीहरूलाई किन पूरा होश सहितको मानिदैन भने उनीहरूलाई होश भैरहेको संसार वास्तविक अस्तित्वको नभएर केवल उनीहरूको निजी कल्पनाको संरचना मात्र हो । उनीहरू आफ्नो त्यो संसारको तीव्र होश र पूरा होशमा भए पनि अन्य कुनै मापदण्डबाट पनि उनीहरूलाई पूरा होश भएको व्यक्ति मानिदैन । अझै उनीहरू त साँच्चिकै वास्तविकताको र तथ्य संसारको बेहोशीमै बोधो अवस्थामै छन् । अतः उनीहरूलाई कुनै पनि बुद्धिमान्ले पूरा होश सहितको व्यक्ति मान्दैन् ।

यदि तपाईंले हाम्रो बोधिपुष्पाञ्जलिको राम्रोसँग अध्ययन गर्नुभएको छ भने आत्मा भनेको किन र कसरी हाम्रो आफ्नै अविद्या, सत्कायदृष्टि र मिथ्या शास्त्रहरूले खडा गराएको परिकल्पना मात्र हो भन्ने बुझिसक्नुभएको होला । अतः शिवपुरी बाबा, शुकदेव, अष्टावक्र आदि आत्माको तीव्र होश सहितै जन्मेका भए पनि भांग, धतुरो या एल्.एस्.डी. वाला जस्तै आफ्नै

कल्पना, अविद्या र शमथ ध्यानबाट सिर्जित कुराको मात्र होशमा जन्मेका थिए। उनीहरूले वास्तविक तथ्यको ख्याल समेत गरेका थिएनन्। उनीहरूका सिद्धि-ऋद्धि भए पनि चित्तको अवस्था एक प्रकारले भांग, धतुरोवालासँग धेरै मिल्ने खालको हो। अनि कसरी तपाईं जस्ता बुद्धिमान व्यक्तिले पनि त्यस्ता व्यक्तिहरूको भनाइलाई आधिकारिक भनाइको रूपमा स्वीकार्नु हुन्छ ? यदि तपाईंलाई सत्कायदृष्टि या आत्मदृष्टिको बारेमा थाहा छैन भने कृपया बोधिपुष्पाञ्जलि ३-७ को राम्रोसँग अध्ययन गर्नुहोस्। यहाँ पुनरूक्ति भैराख्ने डरले गर्दा हामी त्यसतर्फ लाग्दैनौं।

अनि किन शिवपुरी बाबाले आफैलाई पूर्ण होश सहितको भन्नुहुन्छ ? किन एउटा भ्यागुताले आफ्नो सानो कुवालाई नै पूरा संसार ठान्दछ ? जाजरकोटको राजाले आफूलाई भारतवर्षको महाराज हुँ ठभन्न सक्छ परन्तु त्यसले उसलाई भारतवर्षको महाराज त बनाउँदैन। त्यसकारण आध्यात्मिक कुरामा यस्ता बाबा, सन्त, महाराज, महाप्रभु, परंहंस आदिलाई त्यति गम्भीर रूपमा लिन सकिँदैन।

अब तपाईंका दोस्रा बाबा साई बाबाको भनाइलाई हेरौं। तपाईंको भनाइ अनुसार उहाँले भन्नुहुन्छ कि ३२ लक्षणले युक्त भएको पुरूषलाई कसैसँग सिक्नुपर्दैन आदि। सर्वप्रथम त प्रिय स्वामिजी, जो स्वयं ३२ लक्षणले युक्त छ उसले मात्र ३२ लक्षण वालाले के गर्न सक्छ र के गर्न सक्दैन भन्ने बारे बताउन सक्छ। सिद्धि-ऋद्धि भएकै व्यक्ति भए पनि यस्ता कुराका सम्बन्धमा अन्य जो कोही व्यक्तिको भनाइलाई आधिकारिक मान्न सकिँदैन। मलाई लाग्छ जुनसुकै मूर्खले पनि मान्दछ कि तपाईंको साई बाबाका ३२ लक्षण छैनन्, त्यसैले उहाँलाई यस सम्बन्धमा आधिकारिक मान्न सकिँदैन। त्यो त गाउँको एक प्रधानपञ्चले सम्राट्ले के गर्न सक्छ र के गर्न सक्दैन भन्ने कुरा गरे जस्तै भयो।

३२ लक्षणहरूलाई नै उहाँ उल्लेख गर्न आज समय भएन तैपनि कोही व्यक्तिका ३२ लक्षण छन् कि छैनन् भन्ने सजिलै सँग छुट्याउनको लागि मद्दत गर्नेछौं। तीन लक्षणहरू हुन्छन् जसलाई अन्य जो कोही

व्यक्तिले पनि सजिलैसँग देख्न सक्छन् - १) 'उष्णीष' जुन शिरका हाडहरूको विशेष खालको आकार हो। यो शिर माथि जुरो उठेको जस्तो खालको हुन्छ। २) 'उर्णा' जो भूमध्यमा दक्षिणवर्त घुमेको सेतो रौंको धर्का हो। ३) सुनौलो रंगको शरीर (छाला)। तपाईंले सजिलोसँग देख्नुहुनेछ कि तपाईंको साई बाबासँग यी ३ लक्षण छैनन्। उहाँसँग सिद्धि छ भन्ने कुरालाई यहाँ नकारिएको छैन। परन्तु कमैसँग सिद्धि-ऋद्धि हुँदैमा ऊ स्वतः ३२ लक्षणले युक्त हुन्छ भन्ने जरूरत छैन। त्यसैले तपाईंको बाबाले त्यसो भनेको त उहाँ स्वयंको गुरू नभएकोले मात्र हो। त्यसकारण उक्त वाक्यलाई परम्पराको गुरू चाहिँदैन भन्ने कुराको पुष्टिको लागि त्यति गम्भीर रूपमा लिन सकिँदैन। अझै उहाँको भनाइले वेदहरूलाई नै विरोध गर्छ र तपाईं हिन्दू भएको नाताले वेदविरूद्ध बताउने बाबाको भनाइलाई प्रामाणिक रूपमा लिन सक्नुहुन्छ। के हिन्दूहरूको अन्तिम प्रमाण वेद नै होइन त ? कठोपनिषद्मा भनिएको छ (१.२.८)-

**न नरेणावरेण प्रोक्त एष**

**सुविज्ञेयो बहुधा चिन्त्यमानः।**

**अनन्यप्रोक्ते गतिरत्र नास्ति**

**अणीयान् ह्यतर्क्यमणप्रमाणात्।** (कठोपनिषद् १.२.८)

"यो आत्मालाई कुनै तल्लो व्यक्तिले बताउन पनि सक्दैन किनकि यसलाई विभिन्न रूपबाट चिन्तन गरिने हुन्छ। न त यसलाई ज्ञान पाएको अरूले नभनिकन जानिन्छ, किनकि अणुभन्दा पनि यो सूक्ष्म र अतर्क्य छ।" शंकराचार्यले यसको भाष्यमा बताउनु भएको छ कि, 'स्वबुद्ध्याभ्यूहेन केवलेन' याने केवल आफ्नो बुद्धिको आधारमा यसलाई तर्क गर्न या पत्ता लागउन या सोच्न सकिँदैन। अतः यी बाबाले वेदको विरूद्ध बोलिसकेपछि पनि कसरी तपाईंलाई केही सिद्धि छन् भन्दैमा प्रामाणिक रूपमा लिनुभएको त ?

अब तपाईंको भनाइ अनुसार अर्को प्रमाण के हुनसक्छ भने

श्रीमद्भागवतमा कृष्णजस्ता ३२ लक्षणले युक्त पुरूषहरूलाई कसैसँग सिक्नुपर्दैनथ्यो भनिएको छ भन्ने पनि हुनसक्छ, त्यसलाई परीक्षण गरौं। यदि त्यसो भनिएको छ भने पनि -

१) यसले माथि बताइएको वैदिक उपदेशको (कठोपनिषद् १.२.८) विरूद्ध सन्देश दिइएकोले उही हिन्दूहरूले पनि प्रामाणिक मान्न सकिँदैन। के हामी बौद्धहरूले प्रामाणिक मान्छौं भन्ने अपेक्षा गर्नुहुन्छ त ?

२) शुद्ध हिन्दू ब्राह्मण शंकराचार्यले त श्रीमद्भागवातलाई आधिकारिक मान्दैनन् भने हामी बौद्धले आधिकारिक मान्लान् भन्ने अपेक्षा राख्नुहुन्छ ? उहाँको ब्रह्मसूत्र शाङ्करभाष्यमा भनिएको छ (१.२.४५) -वेदविप्रतिषेधश्र्च भवति। चतुर्वेदेषु परं श्रेयोऽलब्ध्वा शाण्डिल्य इदं शास्त्रमधिगतवानित्यादिवेदनिन्दादर्शनात्। तस्मादसंगतैषा कल्पनेति सिद्धम्' - वेदको विरूद्ध हुने हुन्छ र शाण्डिल्य ऋषिले चारै वेदमा परमश्रेय कुरा नपाएकोले यो शास्त्र (भागवत) को अध्ययन गरे भन्ने जस्ता वेदनिन्दाको प्रसङ्ग देखाइएकोले गर्दा यस्तो कल्पना असंगत छ भन्ने सिद्ध हुन्छ। अझै पनि हामीलाई श्रीमद्भागवतलाई आधिकारिक रूपमा लिने अपेक्षा गर्नुहुन्छ ? त्यो पनि तथागतको वचनको विरूद्धमा ?

३) यो भागवतमा श्रीकृष्णका ३२ लक्षण थिए भन्ने घोषणा पनि होला, तैपनि तपाईंले कृष्णमा उष्णीष, उर्णा र सुवर्ण वर्ण नभएको र स्पष्टैसँग देख्न सक्नुहुन्छ। त्यसैले यो शास्त्र आध्यात्मिक रूपमा अन्यौलको शास्त्र हो। यसले ३२ लक्षण नभएकालाई पनि ३२ लक्षण भएको भनेर घोषणा गर्दछ। अझै पनि तपाईंले यसलाई प्रामाणिक शास्त्र मान्नुहुन्छ।

४) यो शास्त्रले ईश्वरवाद, आत्मवादजस्ता भद्दा कुरा सिकाउँछ र सत्कायदृष्टिको होश समेत यसलाई छैन । यस्तो भद्दा शास्त्रले कसरी तथागतको वचनलाई गलत सावित गर्न सक्छ ?

५) स्वयं श्रीमद्भागवतले नै श्रीकृष्णलाई सान्दीपनी गुरूको आश्रममा गएको देखाउँछ । गुरूकहाँ नगैकन ज्ञान आदि प्राप्त भएको देखाउने कुनै पनि हिन्दू शास्त्र छैन । शुकदेव समेत पनि जनककहाँ गएकै छन् । कहिले काहीँ गुरू कहाँ नगैकन पनि ज्ञान प्राप्त गरेको भन्ने व्यक्ति त पूरा हिन्दू शास्त्रमा कहीँ पनि पाईदैन, अतः तपाईंको प्रमाण छैन ।

६) स्वामी विवेकानन्द आदिका अनुसार बुद्धलाई वेदसुधारक जस्तो हिसाबले लिइयो, शिवपुराणमा बुद्धलाई असुरहरूलाई वेदबाट टाढा राख्न वेदको उल्टो सिकाउने अवतारको रूपमा लिइयो । योगवशिष्ठमा बुद्धका शिक्षालाई ठीक वेदसँग मिल्ने देखाइयो भने रामायणमा बुद्धलाई 'चोर' भनियो । त्यस्तै वायु पुराणमा बुद्धको तरिकाबाट मुक्ति नमिल्ने कुरा देखाइयो । अब भन्नुहोस् स्वामीजी ! कुनै पनि सोचसमझ भएको व्यक्तिले यस्ता सन्दिग्ध शास्त्रहरूलाई आधिकारिक मान्न सक्छ ?

७) अङ्गुत्तर निकायको सोणसुत्तमा (जसलाई सबै इतिहासकारहरूले प्रमाणित मानेका छन्) ब्राह्मण सोणले बुद्धलाई सोधेका छन् कि -

देवो नो भवं भविस्सति ? - के तपाईं कुनै देव हुनुहुन्छ ?

न खो अहं ब्राह्मण देवो भविस्सति । - हे ब्राह्मण म देव होइन ।

गन्धब्बो नो भवं भविस्सति ? - के तपाईं गन्धर्व हुनुहुन्छ ?

न खो अहं ब्राह्मण, गन्धब्बो भविस्सति - हे ब्राह्मण म गन्धर्व होइन ।

यक्खो नो भवं भविस्सति ? - के तपाईं यक्ष हुनुहुन्छ ?

न खो अहं ब्राह्मण यक्खो भविस्सति - हे ब्राह्मण म यक्ष होइन ।

मनुस्सो नो भवं भविस्सति ? - के तपाईं मनुष्य हुनुहुन्छ ?

न खो अहं ब्राह्मण, मनुस्सो भविस्सति - हे ब्राह्मण म मनुष्य होइन ।

अनि सोणले भन्छन् -"तपाईं देव, गन्धर्व, यक्ष, मनुष्य कोही हुनुहुन्न भने के हुनुहुन्छ त ?" तथागतले उत्तर दिनु भयो -"बुद्धोति मां ब्राह्मण धारेहि" -ब्राह्मण, मलाई बुद्ध भनेर बुझ ।

अब स्वामीजी ! तपाईंको श्रीमद्भागवतले बुद्धलाई विष्णुको अवतार घोषणा गर्छ जो कि एक देव हुन्, अनि त्यो मिथ्या भएन् ? तब श्रीमद्भागवतमा भनिएका अरू कुरा पनि मिथ्या हुन सक्छन् भन्ने प्रश्न उठाउनु उपयुक्त होला त ? अनि त तपाईं जस्तो बुद्धिमान् व्यक्तिले भागवतलाई कसरी आधिकारिक मान्नुहुन्छ ?

८) के शुकदेवको सालनालको कथा त्यही भागवतमा लेखिएको होइन र ?

९) फेरि यो श्रीमद्भागवतले बुद्धको उल्लेख गर्ने भएकोले यो बुद्धभन्दा पछाडि नै लेखिएको हो ।

१०) अब तपाईंले भागवतमा बताइएका कृष्णका ३२ लक्षणहरू बुद्धका लक्षणभन्दा बेग्लै थिए भन्ने दावी गर्न सक्नुहुन्छ ।

त्यसो हो भने त हामीले भन्ने कुरा झन राम्रैसँग प्रमाणित भयो । त्यसले के प्रमाणित हुन्छ भने त्यो पूरा प्रणाली नै वेग्लै हो, त्यसैले त्यो प्रणालीले लोकोत्तर उत्पाद गर्दैन, महद्गत चित्त मात्र उत्पाद गर्छ । यो एउटै र उही पद्धति नभएको हुनाले नै तथागतको लोकोत्तर चित्त उत्पाद गर्न सक्दैन । त्यसैले शिवपुरी बाबा, रमणमहर्षि, रामकृष्ण, राम आदि सबै महद्गत योगी मात्र हुन् किनभने उनीहरूले पूर्णरूपमा भिन्दै पद्धति अपनाएका थिए । धन्यवाद स्वामीजी ।

११) तैपनि तपाईंलाई जानकारी गराउन चाहन्छु कि बुद्धका ३२ लक्षण थिए भन्ने कुरा स्वयं वैदिक ब्राह्मणहरूले आफ्नै शास्त्रहरूको आधारमा घोषणा गरेका थिए । यसको तात्पर्य हुन्छ, भागवत लेख्नेवेला सम्म ब्राह्मणहरूले ३२ लक्षण के के हुन् भन्ने कुरा समेत बिर्सिसकेका थिए । त्यसैले श्रीकृष्णलाई पनि जबर्जस्ती ३२ लक्षणवाला भनी घोषणा गरिदिए जब कि उनीहरूलाई ३२ लक्षण के हुन् भन्ने समेत थाहा थिएन । तपाईं जस्तो बुद्धिमान मानिसले कसरी यस्ता सन्देहास्पद किताबहरूलाई आधिकारिक र शास्त्र मान्नु हुन्छ ?

१२) फेरि हे प्रिय स्वामीजी, हामीले ऋद्धिमान् बाबा र महाराजहरूलाई केही पनि होइनन् भन्ने ठानेका छौं भन्ने जस्तो गलत सोचाइ नराख्नु होला । उनीहरू सत्यको खोजीमा लागेका ठूला श्रमणहरू हुन् र हामी बौद्धले त्यस्तो उद्यमको कदर गर्छौं । हामी के विश्वास गर्छौं भने तिनीहरूले समर्पित भएर ठूलै प्रयत्न गरेका छन् तापनि उनीहरूको प्रयत्न र समर्पण लोकोत्तर चित्त उत्पादनको हिसाबले हेर्दा गलत बाटोमा परेको छ । यो त गोसाइकुण्ड

जान्छु भनेर आरामै नगरिकन, थोरै खानाको भरमा रात दिन हिँडेर दक्षिणतिर गैराखेका मानिस जस्तो हो। यी यात्रीहरूको प्रयास र समर्पणलाई हामी प्रशंसा नै गर्छौं तापनि हामीलाई यो पनि थाहा छ कि उनीहरू गोसाइकुण्ड पुग्दैनन् ।

यहाँ उनीहरूलाई र धेरै अपरिपक्व आध्यात्मिक जिज्ञासुहरूलाई झुक्याउने कुरा के हो भने दक्षिणतिर गए पनि तिनीहरूले सिद्धि प्राप्त गर्न सक्छन् । यो सिद्धिले धेरै मानिसलाई र विशेष गरेर बौद्धिक र आध्यात्मिक रूपमा अपरिपक्व व्यक्तिलाई चुतिया बनाएको देखिन्छ। यदि कसैको भनाइलाई केवल उसका सिद्धि-ऋद्धिका आधारमा मात्रै स्वीकार गरिन्छ भने त्यो आध्यात्मिक एवं बौद्धिक अपरिपक्वताकै लक्षण हो। मात्रै भन्ने शब्द यहाँ ज्यादै महत्वपूर्ण शब्द हो। आधिकारिक परम्पराका गुरूहरूका पनि अभिज्ञाहरू हुन्छन् । स्वामीजी, यदि तपाईं सिद्धि-ऋद्धि देखेर मग्न हुनुभएको छ भने यो तपाईंको बौद्धिक बचपन र आध्यात्मिक अति कच्चापनको द्योतक हो ।

१३) अन्तमा मैले तपाईंलाई एउटा कुरा स्पष्ट पारिदिन चाहन्छु जसले तपाईं जस्ता धेरै हिन्दूहरूलाई पनि सन्दिग्ध बनाएको छ। पछाडि लेखिएका र बौद्ध प्रभावित केही हिन्दू शास्त्रहरूमा अश्वत्थामा, श्रीवापी, श्रीमरू जस्ता धेरै ऋषिहरू उत्तरकुरू जस्ता क्षेत्रमा बसिरहेकै छन् भन्ने दावी गरिएको हुन्छ। उनीहरू निर्वाणमा जान पनि सक्थे परन्तु गएका छैनन्। तिनीहरू वर्णाश्रम धर्मको हितको लागि कल्पान्त सम्मै रहन्छन् भनिएको छ। उनीहरूले अझै पनि यहाँ आएर योग्य व्यक्तिलाई सिकाउँछन् भन्ने पाइन्छ।

अब तपाईं जस्ता व्यक्तिहरू सजिलैसँग भ्रममा पर्नुहुन्छ।

के यो बोधिसत्व चर्या होइन त ? त्यसैले के उनीहरू लोकोत्तरी भएनन् त ? उत्तर छ "होइन ! उनीहरू बोधिसत्व होइनन् र अझै पनि महद्गत योगी नै हुन् र आएर महद्गती प्रणालीहरू सिकाउँछन् ।" बुद्ध धर्मले समेत पनि स्पष्ट बताएको छ कि धेरै उच्च तहका महद्गती योगीहरू उत्तर कुरूमा रहन्छन् । जहाँ कुनै दुःख, इच्छा, आकांक्षा, विमारी आदि केही हुँदैनन् र त्यहाँ उनीहरू हवन, यज्ञ आदि गरेरै बसिरहेका हुन्छन् । उनीहरूको सोचाइ के हुन्छ भने उत्तर कुरूको चित्तावस्था नै ज्ञान हो । परन्तु उत्तर कुरू त कामधातुको एक भाग हो र महाप्रलयमा नष्ट हुन्छ (प्रलयहरू धेरै किसिमका हुन्छन् र तिनीहरूको बारेमा पछि कुरा गर्नेछौं)

यी ऋषिले मानवलाई सहयोग गर्नका लागि निर्वाणलाई त्याग गरेका छन् भन्ने वाक्यमा निर्वाण भनेको त केवल ब्रह्मलोक हो र वास्तविक बोध होइन । 'मानवलाई मद्दत गर्न' भनेको त वर्णाश्रम धर्मको पुनःस्थापना गर्नु हो याने यसबाट शूद्रहरू दासवत् व्यवहार गरियून् आदि । यस्तो चर्यालाई बोधिसत्वको चर्या भन्नै मिल्दैन । यदि यसलाई बोधिसत्वचर्या भन्नुहुन्छ भने त हिटलरले पनि बोधिसत्व चर्या गरेका थिए भन्ने मान्नुपर्ने हुन्छ किनकि उनले पनि जर्मन आर्य कुलको महत्ता स्थापित गर्न र अन्य सबै जातलाई उनीहरूको दास बनाउन प्रयत्न गरेका थिए । वर्णाश्रम धर्म जस्तो क्रूर र अमानुष प्रणालीलाई कायम राख्न या फैलाउन खोज्ने व्यक्ति हिटलरभन्दा त्यति धेरै भिन्न होइन ।

फेरि 'निर्वाण' भन्ने शब्दको प्रयोगले के स्पष्ट पार्छ भने यी ऋषिले वर्णाश्रम धर्मको स्थापना गरेर मानवलाई हित गर्न

आफ्नो निर्वाणलाई त्याग गर्छन् भन्ने विचार नै महायानबाट प्रभावित विचार हो। निर्वाण भन्ने बौद्ध शब्द हो र गीता आदि हिन्दू शास्त्रहरूमा यो शब्द भेटिनुले ती शास्त्रहरू परबौद्ध हुन् भन्ने स्पष्ट संकेत दिन्छ। एक बोधिसत्व त त्यो व्यक्ति हो जसले अरूलाई लोकोत्तर मार्गको शिक्षा दिन्छ (याने दुःखबाट मुक्तहुने एक मात्र मार्ग, दुःख निरोधगामी मार्ग मात्र सिकाउँछ।)

एक शुद्ध महद्गत योगी धेरै कारूणिक हुन सक्छ, धेरै मानिसलाई मद्दत गर्न सक्छ र अरूका निमित्त स्वयं आफ्नो बलि दिन पनि सक्छ। परन्तु यी कुराले मात्र उसलाई बोधिसत्व बनाउँदैन। त्यसोभए यो लोकोत्तर चित्त र यो तथागत के हो त ? ठीक यही नै हामीले पहिलेका ११ बोधिपुष्पाञ्जलिहरूमा तपाईंलाई परिभाषित गर्ने प्रयास गरिराखेका छौं र अगाडि पनि यसलाई नै चालु राख्ने छौं। हामीले अर्को बोधिपुष्पाञ्जलिमा तथागतको बारेमा विस्तारपूर्वक कुरा गर्नेछौं।

**ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत्।**
**तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः**

**वातुल वासल वज्र**

नेपाली अनुवाद - **नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**

## बोधिपुष्पाञ्जलि-१३

त्रि-रत्न शरणम्
नमो अमिताभाय बुद्धाय

इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति

१५ घण्टा देखि हामीले विचिकित्सालाई नै छलफल गरिरहेका छौं र अझै १५ घण्टा या त्यस्तै जति यसैलाई नै चालु राख्नेछौं। विचिकित्सा कामधातुको चित्तमा पूर्णरूपले सक्रिय हुने दश संयोजन मध्येको एउटा संयोजन हो। कामचित्त तीन चित्तगोत्र (कामचित्त, महद्गत चित्त, लोकोत्तर चित्त) मध्येको एउटा हो। चित्त भनेको द्वादश निदानको या द्वादशाङ्गप्रतीत्य समुत्पादन अथवा द्वादशाङ्ग भवचक्रको तेस्रो प्रत्यय विज्ञान हो। यो भवचक्र दुःखको अर्को पर्यायवाची शब्द हो। सबै धर्महरूको लक्ष्य यही दुःखलाई अन्त गर्नु हो। सबै बाबा/महाबाबा/सन्त/महाराज/परमहंस आदिको लक्ष्य यही दुःखलाई अन्त गर्नु हो। यो कुरामा उनीहरू र बौद्ध धर्म बीचमा केही अन्तर छैन।

त्यासे भए कहाँ अन्तर छ त ? फरक त सैद्धान्तिक लक्ष्यमा होइन, बरू पहिलो -दुःखको व्यवहारिक पहिचान र परिभाषामा हो भने दोश्रो-उक्त पहिचान गरिएको र परिभाषित गरिएको दुःखको निमित्त अपनाइएको व्यवहारिक विधिमा हो। वास्तवमा त्यो अपनाइएको विधि त लक्ष्यलाई कसरी पहिचान गरिएको र परिभाषित गरिएको छ भन्ने कुरामा भर पर्छ। यहीँ आएर सोझा व्यक्तिहरू अल्मलिन्छन्। यद्यपि सबै साधु/बाबा/महाराज/सन्त आदिले र बुद्ध धर्मले पनि त्यही 'दुःख' भन्ने शब्द प्रयोग गर्दछन् तापनि यो (दुःख निरोध) लक्ष्यको परिभाषा र पहिचान भिन्दाभिन्दै भएको हुनाले वास्तवमा त्यो लक्ष्य उही लक्ष्य नै होइन। लक्ष्य नै फरक भएपछि त्यो लक्ष्यद्वारा निर्धारित हुने मार्ग पनि उही हुन सक्दैन।

वास्तवमा उही शब्द, वाक्यांश र वाक्यहरूका पनि धेरै अर्थहरू हुन सक्छन्। यो कुरा तथागतले दिएको एउटा उदाहरणबाट थाहा पाउन सकिन्छ।

यदि तपाईंले कुनै गोठालोलाई 'रात पर्‍यो' भन्नुभयो भने उसलाई यसको अर्थ 'अब गाई घर लैजाने वेला भयो' भन्ने लाग्छ। यदि कुनै कर्मचारीलाई त्यो भन्नुभयो भने उसलाई 'कार्यालयको समय सिद्धियो' भन्ने अर्थ लाग्छ। यदि बच्चालाई विद्यालयमा पढ्न पठाएकी आमालाई त्यसो भन्ने हो भने 'मेरो बच्चा विद्यालयबाट आउने वेला भयो' भन्ने लाग्छ। यदि भर्खरै विवाह गरेकी श्रीमतीलाई त्यसो भन्ने हो भने 'आफ्नो श्रीमान् कामबाट फर्कने वेला भयो' भन्ने अर्थ लाग्ला। यद्यपि वाक्यांश त उही 'रात पर्‍यो' भन्ने नै थियो तै पनि परिभाषित र उपलक्षित अर्थहरू उस्तै छैनन्।

'गाईहरू घर फर्काउने वेला भयो' भन्नु र 'मेरो श्रीमान् अफिसबाट घर फर्कने वेला भयो, उनलाई स्वागत गर्ने तयारी गर्नुपर्‍यो' भन्नु एउटै अर्थ होइनन्। त्यसैगरी 'दुःख बाट मुक्त हुने' भन्ने वाक्यांश सबै धर्महरूले प्रयोग गरेको उही वाक्यांश हो तापनि बुद्धधर्मले पहिचान र परिभाषा गरेको यसको अर्थ र अन्य पद्धति र बाबाहरूले परिभाषित र पहिचान गर्ने अर्थ उही छैनन्। हामीले ठीक यसकै बारेमा अघिल्लो महिनामा कुरा गरेका हौं। बौद्ध सम्यक् दृष्टिलाई बुझ्न यो कुरालाई बुझ्नु ज्यादै जरूरी छ। यदि तपाईंले 'दुःखनिरोध' को बौद्ध सम्यक् दृष्टि अनुसार गरिएको पहिचान र परिभाषा अन्य अबौद्ध पद्धति अनुसार दिइएको परिभाषा र पहिचानसँग आनका तान फरक छ भन्ने साँच्चिकै बुझ्नुभएको छैन भने बौद्ध सम्यक्दृष्टि तपाईंले बुझ्नुभएन। त्यसकारण तपाईंहरू सबैले यस विषयमा राम्रो सँग चिन्तन गर्नुहोस्।

तपाईंहरूले १) दुःख २) दुःखको कारण ३) दुःख निरोध एवं ४) निरोध मार्ग (तरिका) को विषयमा बौद्ध धर्ममा दिइएको परिभाषा र पहिचान र अरू बाबा/परमहंस/साधु/महाराज एवं अन्य धर्ममा दिइएको परिभाषा र पहिचानमा भिन्नता देख्न सक्नुहुन्छ कि सक्नु हुन्न ? त्यसैकारणले चार आर्यसत्यको स्पष्ट बुझाइ (सैद्धान्तिक एवं व्यवहारिक) हुनु बौद्ध सम्यक् दृष्टिलाई बुझ्न ज्यादै नै आवश्यक कुरा हो। केवल जाजेन, ट्रेक्छो, हेवज्र, वज्रकीलय, तारा आदिको अभ्यास गर्दैछु भन्ने दावी गरेर मात्रै

आफ्नो सम्यकदृष्टि भएको पुष्टि हुँदैन। जाजेन सही जाजेन हुनलाई, ट्रेक्छो सही ट्रेक्छो हुनको लागि, हेवज्र सही हेवज्र हुनको लागि सम्यक्‌दृष्टि त्यहाँ हुनै पर्छ। यदि तपाईंले चार आर्यसत्यलाई एक नौसिकारूको लागि मात्र चाहिने हल्का फुल्का शिक्षा हो भन्ने ठान्नुहुन्छ भने तपाईंको त्यही नै मिथ्यादृष्टिको संकेत हो र चार आर्यसत्यको गहिराइ नै नबुझेको प्रमाण हो। चार आर्यसत्य भनेको त सूत्र र तन्त्र दुबैको भूमि, मार्ग र फल नै हो जसको मतलब ट्रेक्छो, जाजेन, आनापानस्मृति, हेवज्र सबैको भूमि-मार्ग-फल हो। यो त बुद्धधर्मको आदि, मध्य र अन्त सबै हो। सबै बौद्ध दर्शनहरू, सबै बौद्ध भावनाहरू र सबै बौद्ध साक्षात्कारहरू केवल चार आर्यसत्यका विस्तारहरू मात्र हुन्। यदि तपाईंले चार आर्यसत्यलाई राम्रोसँग साँच्चिकै बुझ्नुभएको छ भने तपाईं फेरि कहिल्यै पनि मिथ्यादृष्टिमा पर्नुहुँदैन। तपाईंलाई कुनै पनि ऋद्धिमान् बाबा या देवले र उनीहरूको शिक्षाले फेरि कहिल्यै झुक्याउने छैनन्।

यी बाबाका आर्शिवादले गर्दा गलगाँड निको भयो या ती बाबाको आशीर्वादले मेरो जीवनमा फलिफाप भयो भन्दैमा ती बाबाले पनि लोकोत्तर चित्त उत्पाद गराउन सक्लान् भन्ने सोचाइको धरापमा फेरि कहिल्यै पर्नुहुनेछैन। वास्तवमा सच्चा बौद्धहरूका निमित्त यस्ता प्रकारका चमत्कारहरू त दुःखलाई नै निरन्तरता दिइराख्ने थप हेतुहरू मात्र हुन्।

कसरी ? यहाँ तीन कारणहरू छन् - १) यस्ता चमत्कारहरूले अष्टलौकिक धर्महरू (लाभ-अलाभ, सुख-दुःख, यश-अपयश, निन्दा-प्रशंशा) लाई नै बढावा दिइराख्छन्, तिनीहरूले व्यक्तिलाई यिनै आठ लौकिक धर्मलाई नै चालू राख्न मद्दत गर्छन् जसले हामीलाई भवचक्रमै बाँधिराख्छ। भवचक्र भनेको दुःख नै हो। २) यदि यस्ता सस्ता कुरामा चमत्कारको प्रयोग गर्ने हो भने त्यो व्यक्तिले पहिलो दुःख सत्यलाई बुझ्न समेत कहिल्यै पनि प्रयत्न गर्दैन। अनि कसरी ऊ लोकोत्तर चित्त उत्पादकतर्फ लाग्न पनि सक्छ त ? ३) यस्ता चमत्कारहरूले दुःखबाट बचाउने झूठो राहत दिन्छन्। फलतः व्यक्तिले न त दुःखलाई बुझ्ने प्रयास गर्छ न त

दुःखनिरोधलाई । यस्ता डाक्टर बाबाहरूद्वारा तिर्मिराउने गरी मोहित हुनेहरूसँग मेरो एउटा प्रश्न छ -'के तपाईंका बाबाले तपाईंको कर्मलाई नै निको पारिदिए कि पछाडि सारिदिए मात्र, जसले गर्दा फेरि तपाईंले त्यस्तो कर्म भोग्नै पर्ने छ ?' मैले जानकारी गराउन चाहन्छु कि कसैले पनि तपाईंको कर्मलाई नाश पारिदिन, उपचार गर्न सक्दैन । केवल तपाईं आफूले मात्र आफ्ना कार्मिक फलहरू भोग्दै आफ्ना कर्महरूलाई नष्ट पार्न सक्नुहुन्छ ।

यसको अर्थ के भयो भने तपाईंका बाबाले तपाईंको कर्मलाई अहिले विपाक हुन नदिएर हाललाई पछाडि सारिदिए । त्यही रोग या त्यही गलगाँड देखा पार्ने कार्मिक संस्कारहरू अझै पनि त्यहीँ छन् । तपाईंलाई फेरि पनि त्यो फल भोग्नै पर्नेछ । बरू झन् खराब के भयो भने ती बाबाले तपाईंलाई झूठो राहत दिएर तपाईंले आफ्नो त्यो कर्म अझै पनि भोग्न बाँकी छ भन्ने कुरे बिर्सिसक्नुभयो । त्यही भएर सामान्यतया बौद्ध धर्म यस्तो चामत्कारिक उपचारको विरूद्धमा नै खडा हुन्छ । यदि तपाईंले धैर्य धारण गरेर आफ्नो बज्रसत्व आदिको ध्यानलाई चालू नै राखेको भए त्यसको उपचार मात्र नभएर तपाईंको कर्म पनि सिद्धिन्थ्यो । परन्तु त्यसको त्यस्तो विधि अनुसार गर्न तपाईंले आफ्नै टाउकोमा जिम्मेवारी बोक्नुपर्थ्यो र निको हुनुभन्दा अघि आफ्नो कर्म आफैले भोगेर सिद्धयाउनुपर्थ्यो । तर यसरी उपचार गर्दा तपाईंको कर्मको समेत उपचार भैसक्थ्यो ।

औषधिहरू तपाईंको कर्मको विरूद्ध जाँदैनन् र अस्थायी रूपमा रोक्ने काम गर्दैनन् परन्तु चमत्कारहरूले अस्थायी रूपमा तपाईंको कर्मको प्रवाहलाई रोकिदिन सक्छन् । त्यसैकारणले चमत्कारले जस्तै औषधिहरूले काम गरेको जस्तो नदेखिने गर्छ र ढिलो पनि हुन्छ । त्यसो हुनाले बुद्धधर्म औषधिको विरूद्धमा छैन परन्तु चामत्कारिक उपचार भने बुद्धधर्मको सामान्य प्रयोजन र प्रवाहको विरूद्ध नै जान्छ । त्यसैकारणले प्रातिहार्यमा अतुलनीय हुँदाहुँदै पनि शास्ताले यस्ता किसिमका चमत्कारहरूको प्रायः प्रयोग गर्नुभएन । उहाँले शिक्षा र व्यक्तिको उत्तरोत्तर प्रगतिसँग सम्बन्धित प्रातिहार्यहरूको मात्र प्रयोग गर्नुभयो ।

चामत्कारिक शक्तिमा आधारित श्रद्धा वास्तविक श्रद्धा इन्द्रियमा विकसित हुन सक्दैन। यिनै कारणहरूले गर्दा शास्ताले सिद्धि-ऋद्धिको सामान्य प्रयोगलाई र ऋद्धि-सिद्धिद्वारा आफ्ना शिष्य जम्मा गर्ने कुरालाई निरूत्साहित पार्नुहुन्थ्यो। त्यसैले गर्दा शास्ता स्वयंका र उहाँका शिष्य-प्रशिष्यहरूका अतुलनीय प्रातिहार्यहरू हुँदा हुँदै पनि शास्ताको समयदेखि नै बुद्धधर्ममा ऋद्धि-सिद्धिले सधैं दोस्रो दर्जा पाएको छ। हामीले यी कुराहरू पछि शास्ताको जीवनीमा देख्नेछौं। त्यही कारणले नै मानव इतिहासमा शास्ता अतुलनीय हुँदा हुँदै पनि बौद्ध संस्कृतिमा यसलाई कहिल्यै पनि जोड दिइएन, बरू पछाडि पारेर राखियो। मध्यदेश भारतवर्षका पछिका निवासीहरूले तथाकथितका अचिन्त्य प्रातिहार्यहरूको बारेमा सुन्न समेत नपाउनुका कारणहरूमध्ये यो पनि एउटा हो। त्यसैले उनीहरूले प्रत्येक परमहंस/साधु/सन्त/महाराज जोसुकैलाई पनि केही सिद्धिहरू हुँने बित्तिकै उहाँकै तहमा छन् भन्ने सोच्छन्।

मरेकालाई ऋद्धिद्वारा बचाउने या निको पार्ने सन्दर्भमा तथागतको प्रवृत्ति कस्तो थियो भन्ने कुरा प्रस्टयाउन चाहन्छु। किशा गौतमकी एकमात्र छोरा मर्दाखेरि उनी पागल जस्ती भएकी थिइन्। मानिसहरूले उनलाई भने "शाक्य पुत्र एक तथागत बुद्ध हुन्, उनले फेरि बचाइदिन सक्छन्।" त्यसैले उनी बुद्धकहाँ गइन्। बुद्धले उनलाई भन्नुभयो कि यदि तिमीले कोही पनि नमरेको घरबाट अकिकति तोरी ल्यायौ भने म तिम्रो छोरालाई बचाइदिन सक्छु। उनी तुरून्तै घर घर चाहार्दै हिँडिन थालिन् र सोध्दै गइन् कि कतै कोही नमरेको घर छ ? परन्तु जहाँ गए पनि बाजे, बज्यै, छोरा, श्रीमती, श्रीमान्, बुबा, आमा आदि कोही न कोही त मरिसकेकै घर मात्र भेटिन्। अन्तमा उनले तोरी पाउन सक्ने कुनै घर पनि भेटाइनन्। परन्तु जब उनी घर पछि घर चाहार्दै हिँड्न थालिन् उती स्वयंले महसुस गर्न थालिन् कि सबै कुराहरू अनित्य रहेछन् र हरेक व्यक्ति दुःखी रहेछन्, उनीमात्र दुःखी भएको होइन रहेछ। उनी बुद्धकहाँ फर्केर आउँदाखेरि उक्त तथ्यको उनलाई साक्षात्कार भैसकेको थियो।

यही शिक्षा नै अन्तमा आएर व्यक्तिलाई दुःखबाट मुक्त हुनको लागि तात्कालिक झूठो राहतभन्दा बढी महत्वपूर्ण भएर आउँछ । सेप्टीक ट्याङ्कको दुर्गन्धलाई हटाउने दुई तरीकाहरू छन् । एउटा तरिका के हो भने त्यो सेप्टीक ट्याङ्कलाई पूर्ण रूपमा ढाकिदिनु, जसले गर्दा त्यसको दुर्गन्ध बाहिर आउन नपाओस् । यो चामत्कारिक उपाय जस्तो हो । तिनीहरूले ट्याङ्कलाई अस्थायी रूपमा ढाकिदिन्छन् र झूठो राहत दिलाउँछन् । परन्तु दुर्गन्ध र त्यसको हेतु त त्यहीं नै हुन्छ । दोस्रो तरिका तथागतले गरेजस्तो तरीका हो र बौद्ध तरिका पनि त्यस्तै नै हुन्छ । अर्थात् तपाईंले ट्याङ्क खोल्नुहुन्छ र सफाई गर्न थाल्नुहुन्छ । सफा गर्ने वेलामा वास्तवमा पहिलेको भन्दा ज्यादै नै दुर्गन्ध आउछ । यदि तपाईं आफ्नो यो काम गर्नुभयो भने निकै दुर्गन्ध खप्नुपर्ने हुन्छ । परन्तु एक पटक आफ्नो कार्मिक सेप्टीक ट्याङ्कलाई सफा गरिसकेपछि स्थायी रूपमा तपाईं दुर्गन्धबाट मुक्त हुनुहुन्छ, यदि फेरि भर्ने काम गर्नुभएन भने । त्यसैकारणले बुद्ध स्वयंले र बुद्धधर्मले पनि सामान्यतया चामत्कारिक उपचारको र चमत्कार सम्बन्धि चर्चा -परिचर्चाको त्यति जोड गर्दैनन् । बरू आफ्नो सेप्टीक ट्याङ्कलाई सफा गर्न कठोर र अथक प्रयास एवं समर्पित रूपमा कार्य गर्ने कुरा मात्र जोड दिइरहन्छन् । सबभन्दा ठूलो र परमार्थ उपचार त सफा सेप्टीक ट्याङ्क नै हो । जुन फेरि कहिल्यै दुर्गन्धित हुँदैन । तर त्यो त कठोर र खट्नु पर्ने काम हो । न त बुद्धले न त कुनै पनि बुद्धधर्मको शाखाले यो आफ्नो सेप्टिक ट्याङ्कलाई सफा गर्ने काम सजिलो छ भनेर बताएका छन् ।

अब हामी प्रश्न उठाऔं, के बुद्धको सिद्धि नै नभएकोले किशा गौतमीको छोरालाई जीवन दान नगर्नु भएको हो त ? अर्को कथाले सजिलैसँग यसको उत्तर दिन्छ । कथा लामो छ, मैले केवल सारांश मात्र यहाँ दिनेछु । सुनक्षत्र लिच्छवीले बुद्धलाई सोध्यो, 'कुकुरव्रती कोरक्षत्री' अर्हत् हो कि होइन ?" उसले आफ्नो पूरा जीवन नै कुकुरको जस्तो व्रत गरेर बिताइरहेको छ, कुकुरले जस्तै गरी खाने, कुकुरले जस्तै गरी चार हात खुट्टा टेकी हिँडने र कुकुर जस्तै गरी सुत्ने गरेको छ ।"

प्राचीन वैदिक धर्ममा यस्ता व्रतहरू (गोव्रत, अश्व व्रत आदि) धेरै थिए जहाँ ती व्रतबाट आफूलाई शुद्ध गर्न सकिन्छ र अर्हत् हुन सकिन्छ भन्ने विश्वास थियो। शास्ताले सुनक्षत्र लिच्छवीलाई कोरक्षत्री अर्हत् होइन भन्नुभयो। तब उसले सोच्यो कि उहाँले पक्षपात गरेर कुकुरव्रतीलाई अर्हत् हो भन्न नचाहेको हो। त्यसैले शास्ताको वचनलाई उसले पत्याएनन्, बरू शंका गऱ्यो।

शास्ताले उसको मनको कुरा बुझ्नुभयो र भन्नुभयो, "यदि तिमीले मलाई पत्याएनौं भने सात दिनसम्म पर्ख। ऊ सात दिन पछि मर्नेछ र कालकञ्ज असुर भई जन्मिने छ जो असुर मध्येको सबैभन्दा तल्लो जाती हो।" सुनक्षत्रले अझै पनि विश्वास गरेन। बरू गएर कोरक्षत्रीलाई शास्ताले भनेका सबैकुरा बरू बतायो र सात दिनसम्म राम्रोसँग खानू जसले गर्दा शास्तालाई झूठो सावित गर्न सकियोस् भन्ने सल्लाह दियो। सुनक्षत्र सधैं गएर कोरक्षत्रीले राम्रो आहार गऱ्यो कि गरेन भनेर हेर्न थाल्यो। परन्तु सातौं दिनमा झाडा लागेर कोरक्षत्री मऱ्यो। भगवान्ले यो पनि बताइदिनु भएको थियो कि कोरक्षत्रीको लाशलाई स्मशानमा वीरण घाँस (एक प्रकारको घाँस) को थुप्रो माथि फ्याकिएको हुनेछ।

त्यो समयमा सबैलाई जलाउनै पर्ने भन्ने चलन थिएन क्यारे, धेरै जसो गरीव या आफ्ना नातेदार कोही नभएकाहरूलाई मशानमा स्याल गिद्धलाई ख्वाउनको लागि त्यसै फ्याकिदिन्थे। त्यसैले गर्दा नै त्यसवेला अशुभ भावना गर्न सजिलो र सम्भव थियो किनकि यदि मशानमा जाने हो भने कोही सडेका, कोही ताजा, कोही आधा खाइएका विभिन्न प्रकारका लाशहरू देख्न पाइन्थ्यो। अनि भगवान्ले सुनक्षत्रलाई के पनि बताउनु भएको थियो भने यदि उसले चाहने हो भने त्यहाँ गएर कोरक्षेत्रीको लाशलाई तीन पटक हिर्काउन सक्छ र कोरक्षत्री जाग्नेछ र आफू उसलाई कहाँ जन्मेको छ भन्ने कुरा सोध्न सक्नेछ। यो सम्झेर सुनक्षत्र मशानमा गयो। कोरक्षत्रीको लाश भगवान्ले सात दिन अघि बताए जस्तै वीरण घाँसको थुप्रो माथि फ्याँकिएको थियो। भगवान्ले भनेजस्तै गरी उसले

त्यो लाशलाई तीन पटक हातले हिर्कायो। कोरक्षत्री जाग्यो र उठ्यो अनि पिठिउँ कन्याउँदै रून थाल्यो। "तिमी कहाँ जन्मेका छौं ?" भनेर सोध्दा उसले रूँदै भन्यो, "म कालकञ्ज असुरमा जन्मेको छु" अनि फेरि लड्यो र मऱ्यो।

त्यसकारण भगवान्को सिद्धि नभएर किशा गौतमीको छोरालाई नबचाउनु भएको होइन। वास्तवमा यदि तथागतको जीवनीलाई राम्ररी पढ्ने हो भने अभिलिखित इतिहासमा अरू कसैको भन्दा तथागतकै चमत्कार बढी देखिन्छ र उहाँका चमत्कारहरू अन्य ऋषि, देव, यक्ष, ब्रह्मकायिक देव आदिको भन्दा धेरै उच्च गुणस्तरका छन्। त्यसैकारणले अघिल्लो महिनाको बोधिपुष्पाञ्जलिमा मैले लेखेको हुँ कि भारतवर्षका मानिसले तथागतलाई बिर्सिसकेका छन्। उहाँलाई यति राम्ररी बिर्सिए कि कसैले त उहाँ एक ठूलै ज्ञानी हुनुहुन्थ्यो, तर अरू पनि थुप्रै बाबा/सन्त/साधु/महाराज/परमहंस र देवदेवीहरू छन् जो तथागतभन्दा बढी नै ऋद्धिमान् छन् भन्ने ठान्छन्।

ठीक छ, जब तपाईंले आजको प्रवचन र पछाडिका अरू २-३ प्रवचनहरू सुन्नु हुन्छ जुन तथागतको जीवनीको विषयमा छ, त्यसपछि मलाई लाग्छ तपाईंको यो भ्रम चित्तबाट सदाका लागि सफा हुनेछ। प्रातिहार्यकै सम्बन्धमा मात्र हेर्ने हो भने तथागतको त कुरै छोडौं, उहाँका ५०० अर्हत् शिष्यहरू पनि कुनै देव या ऋषिहरूले नभेटाउने नै थिए। फेरि मलाई पक्का छ कि यहाँ प्रवचन सुनिरहेका कतिपय तपाईंहरूले त अर्हत्हरूको प्रातिहार्यको बारेमा सुन्नुभएको पनि छैन होला। तपाईंलाई अलिकति स्वाद चखाउनको लागि यहाँ दुई कथाहरू छन् तिनीहरूलाई तपाईंले थाहा पाएका महाबाबा या देवहरूको कथासँग तुलना गर्नुहोला।

३०/४० वर्ष जति अगाडि यहीं काठमाडौंमै एक जना सिद्ध हुनुहुन्थ्यो। उहाँलाई झिम्सिखेलका बुबा भनेर सबैले चिन्दथे। उहाँ गोसाईकुण्डमा सशरीर कुनै साधनविना नै आउने जाने गर्नुहुन्थ्यो भनिन्छ। उहाँ कुवेर लोकमा पनि जान सक्नुहुन्थ्यो (मनोमय कायबाट)। वास्तवमा उहाँको मृत्यु धेरै दुःखान्त जस्तो भयो किनकि उहाँका परिवार र शिष्यहरूले

बितिसक्नुभयो भन्ने ठानेर उहाँको शरीरलाई जलाइदिए। वास्तवमा उहाँले आफनो शरीरलाई यहीं छोडेर कुवेरलोकमा मनोमय शरीरमा जानुभएको थियो। अर्हत्‌हरू त्रायस्त्रिंशा जस्ता देवलोकहरूमा सजिलै जान सक्थे जुन  कुवेरलोकभन्दा पनि माथिको हो। कुवेर भनेका वैश्रवण जस्तै हुन् जुन चातुर्महाराजिक देव हुन्। अर्हत्‌हरू त त्यसभन्दा माथिका विभिन्न ब्रह्मलोक र अझै शुद्धावासमा पनि पुग्न सक्थे। त्यति मात्र नभएर उनीहरू त्यहाँ सशरीर नै पुग्थे, मनोमय कायबाट मात्र पनि होइन्। यहाँनेर हामीले यो प्रातिहार्यको स्तरमा भिन्नता देखिहाल्यौं। तपाईंहरूमध्ये धेरैले सोच्नुहुन्छ कि सिद्धि भनेका सबै उस्तै हुन्। तर वास्तविकता त्यस्तो होइन। सिद्धिका पनि धेरै स्तर हुन्छन्। उही खालको सिद्धिका पनि धेरै स्तर र तहहरू हुन्छन्।

एक दिन मौद्‌गल्यायन त्रायस्त्रिंशामा सशरीर जानुभएको थियो। इन्द्र र त्रायस्त्रिंशाका देवताहरूले उहाँलाई देखेपछि इन्द्रले उहाँको स्वागत गरे र घुमाउँदै विभिन्न सुन्दर बगैंचाहरू देखाउँदै आफ्नो सुन्दर वैजयन्त प्रासाद(दरबार) मा लगे। इन्द्रले सोचेका थिए कि ऽआफ्नो सुन्दर उपवन र सुन्दर चमत्कारिक दरबार देखेर मौद्‌गल्यायन जिल् खान्छन् र इन्द्र कति शक्तिशाली रहेछ भन्ने थाहा पाई आदर सम्मान गर्लान्। जब उनीहरू इन्द्रको दरबारको सामु आइपुगे तब मौद्‌गल्यायनले आफ्नो खुट्टाको बूढी औला त्यो दरबारको जगमा राखेर हल्लाउनुभयो। पूरै इन्द्रको दरबार र भित्रको आसन (गद्दी) यसरी हल्लियो कि मानौं उहाँले कुनै सानो खेलौनालाई छोइरहनुभएको छ। इन्द्र र कुवेर चकित भएर आफूले मौद्‌गल्यायनलाई एक ऋषि जस्तो मात्र ठानेकोमा क्षमा मागे।

एक पटक वर्षावासको समयमा तथागत श्रावस्तीमा बसिरहनु भएको थियो र त्यहींबाट आफ्नो आमा मायादेवीलाई धर्मोपदेश गरेर मुक्ति दिलाउनको लागि त्रायस्त्रिंशामा शरीरसहितै जानुभयो। चार महिनाको वर्षावासको अन्तमा उहाँ श्रावस्तीबाट करीब ३००/४०० कि.मि. पर पर्ने अर्कै शहरमा ओर्लिने विचार गर्नुभयो (काठमाडौंबाट नेपालगञ्ज जत्तिकै टाढा) त्यहाँ

शास्तालाई स्वागत गर्ने कोही नभएको हुनाले अनिरूद्ध महास्थविरले आफ्नो प्रातिहार्यको बलले त्यहाँ श्रावस्तीमा भएका भिक्षुहरूलाई तुरून्तै त्यस ठाउँमा पुऱ्याउनुभयो । जसले गर्दा उनीहरू सबैले तथागतलाई स्वागत गर्न सके । यो त तपाईंहरूले तथागतको र उहाँका शिष्यहरूको प्रातिहार्यलाई कसरी पूर्ण रूपमा बिर्सिनुभएको रहेछ भन्ने देखाउनलाई अचार चखाएको मात्र हो । र उच्च तहका ब्रह्मकायिक देवहरू, ब्रह्मा, विष्णु, महेश्वर आदि पनि प्रातिहार्यमा मौद्गल्यायन, शारिपुत्र, अनिरूद्ध जस्ता अर्हत्हरूसँग तुलना गर्न सकिँदैनन् भने तथागतको त के कुरा गर्नु ? तपाईंले तथागतको साँच्चिकै इतिहास थाहा पाउनुभयो भने तपाईंका यस्ता भ्रमहरू हराउने छन् ।

अब प्रश्न उठ्छ किन र कसरी भारतवर्षका मानिसले तथागतका प्रातिहार्यको बारेमा यसरी पूर्ण रूपमा बिर्सिए, उहाँका शिष्यहरूको प्रातिहार्यको बारेमा बिर्सिए त ? एउटा प्रमुख कारण त के हो भने तथागत स्वयंले नै यी प्रातिहार्यलाई निकै कम महत्व दिनुभयो र यिनीहरूलाई महत्व दिनुहुँदैन भन्ने नै सिकाइरहनु भएको थियो । त्यसैले आजसम्म पनि यो बौद्ध संस्कृति नै भयो र प्रातिहार्यका कथाहरूलाई पछाडि पार्ने चलन नै बन्यो । तथागतले सधैं उपदेश प्रातिहार्यलाई जोड दिइराख्नुहुन्थ्यो । त्यसैकारणले बौद्ध गुरूहरूका जीवनीहरू पढ्नुभयो भने प्राचीन कालदेखि अहिलेसम्म पनि तपाईंले के पाउनु हुन्छ भने उहाँले कोसँग के अध्ययन गर्नुभयो, आफूले के अभ्यास गर्नुभयो, कोसँग कहाँ के अभिषेक आदि लिनुभयो, कहाँ कहाँ के के साक्षात्कार गर्नुभयो, कसलाई के के सिकाउनु भयो आदि आदि मात्र पाउनुहुन्छ । प्रातिहार्यको बारेमा त उल्लेख गरिँदैन या त निकै कम महत्व दिएर बताइन्छ मात्र ।

उता, यदि तपाईंले अबौद्ध गुरूको जीवनीहरू पढ्नुभयो भने किताबको धेरै जसो भाग के के सिद्धि-ऋद्धि उहाँले कहाँ कहाँ देखाउनु भयो भन्ने कुराले मात्र भरिएको हुन्छ । उदाहरणको लागि एउटा बौद्ध जीवनी यसरी जान्छ, “उहाँले वज्रकीलयको अभिषेक xyz गुरूबाट लिनु भएको छ, तीन

वर्षसम्म बाघदाँते पर्वतमा गुफा बस्नुभएको थियो, त्यो समयमा उहाँलाई यस्ता यस्ता धेरै कुराको साक्षात्कार भयो" ... आदि। "त्यो समयमा उहाँलाई यस्तो धेरै साक्षात्कार भयो" यस्तो वाक्य नै 'धेरै साक्षात्कार भयो', को ठाउँमा विस्तार पूर्वक ऋद्धि-सिद्धिको बखान गरेर लेख्नुको साटो त्यसलाई महत्वै नदिएर टुङ्ग्याउन खोज्ने बौद्ध लेखनशैलीको संस्कृति भैसकेको नमूना हो।

अब यदि अबौद्ध जीवनी पढ्नुभयो भने यसरी कुँदेको हुन्छ, "एउटा मलेरिया लागेको केटालाई ती बाबाकहाँ ल्याइयो। ती बाबाले त्यसलाई एक चुट्की बजाइदिने वित्तिकै विस्तारै ज्वरो ओर्लेर सफा चट् भयो ....." आदि। यही नै पूरा बौद्ध संस्कृति र अन्य प्रणालीमा केमा जोड दिइन्छ भन्ने कुरामा देखिने प्रमुख भिन्नता हो। कोही सुस्त दिमागवालाले सजिलै सोच्न सक्छन् कि बौद्ध गुरूहरूका सिद्धि-ऋद्धिहरू छैनन् र अबौद्ध गुरूहरूका अति गजवका सिद्धि-ऋद्धि एवं क्षमताहरू हुन्छन्।

पहिलो त शास्ताले शिष्यहरू बढाउनको लागि प्रातिहार्यहरू देखाउन कडा प्रतिबन्ध लगाउनुभएको थियो किनकि त्यस्तो श्रद्धाको जग हुँदैन। त्यसैले पनि बौद्ध गुरूहरूले प्रातिहार्यको प्रयोगलाई जोड गर्दैनन्। दोस्रो, लोकोत्तर धर्म र अष्टलौकिक धर्महरू एक अर्काका विरोधी हुन् र प्रातिहार्यले जहिले पनि मानिसलाई आठ लौकिक धर्ममा नै झुण्डयाउने प्रवृत्ति राख्ने भएकाले बौद्ध गुरूहरूले प्रातिहार्य प्रयोग गर्न गाह्रो मान्छन्। तेस्रो, शास्ता स्वयंले स्पष्ट बताउनुभएको छ कि "जसले प्रातिहार्यलाई विचारै नगरी प्रयोग गरिरहने गर्छन्, ती मेरा शिष्य होइनन्।" त्यसैले बौद्ध गुरू सिद्धहरूले प्रातिहार्य प्रयोग गर्न, प्रातिहार्य भएको दावी गर्न या शिष्यहरूलाई प्रातिहार्य छ भनेर दावी गर्न दिन समेत पनि हिचकिचाउँछन्।

मौद्गल्यायनको कथा नै छ। एक पटक उनी भिक्षा माग्न गैरहेको वेलामा एउटा बजारमा धेरै मानिसहरूको भीड जम्मा भएको थियो। बीचमा एउटा ठूलो अग्लो खम्बा गाडिएको थियो र त्यसको टुप्पोमा एउटा माछा थियो। यदि कोही व्यक्तिले त्यो खम्बाको टुप्पोबाट त्यस खम्बालाई

छुने, चढ्ने आदि केही पनि नगरिकन उक्त माछा निकाल्न सक्यो भने उसको गुरूलाई त्यो समयमा सबभन्दा उच्चकोटीको गुरू मान्ने भन्ने झ्याली पिटिएको रहेछ। धेरैले प्रयास गरेर पनि त्यो माछालाई निकाल्न सकेका रहेनछन्। मौद्गल्यायनका निमित्त त्यस्तो प्रलोभन अति हद नै भयो। उनले विचार गरे, "मेरो गुरू शास्ता नै सबभन्दा ठूला हुनुहुन्छ भन्ने त देखाइदिनै पऱ्यो।" त्यसैले उडेर खम्बामाथि पुगी त्यो माछालाई लिएर उनी तल आए। सबै जनाले मौद्गल्यायनलाई जयजयकार गरे र बुद्धलाई सर्वश्रेष्ठ गुरू भन्ने घोषणा गरे।

तर जब बुद्धलाई यो कुरा सुनाइयो तब उहाँले मुद्गलीपुत्रलाई बोलाएर गाली गर्नुभयो अनि भन्नु भयो, "जानिराख कि जसले प्रसिद्धि कमाउने या शिष्यको श्रद्धा जम्मा गर्ने या कसैको कार्मिक प्रवाहलाई विथोल्ने या अष्टलौकिक धर्मभित्र नै मानिसलाई बाँधिराख्न जस्ता यस्तै कुराहरूमा आफ्नो प्रातिहार्यलाई प्रयोग गर्छ, ऊ मेरो शिष्य होइन भन्ने प्रमाण नै यही हो।" यदि तपाईंले तथागतको या उहाँको शिष्यहरूको जीवनी पढ्नुभयो भने विरलै मात्र पाउनुहोला कि कतै उहाँहरूले कसैको फुमन्तर गरेर रोग निको पार्नुभयो, कसैलाई छोरा प्रदान गर्नुभयो, (आफ्नो शक्तिद्वारा) या यस्तै यस्तै कुराहरू।

बौद्ध प्रातिहार्यहरू प्रायः दुई थरीका हुन्छन् : १) अनाभोग प्रातिहार्यहरू - जस्तै भूकम्प हुनु, प्रकाश देखा पर्नु, इन्द्रेणी देखा पर्नु आदि। २) शिक्षासँग या कसैलाई लोकोत्तर चित्त उत्पाद तर्फ धकेल्ने कुराहरूसँग सम्बन्धित प्रातिहार्यहरू। महद्गत संस्कृति र लोकोत्तर संस्कृतिको बिचको यो भेद बुझ्नु ज्यादै नै निर्णायक कुरा हुन जान्छ। बौद्ध सिद्धहरूले यस्ता चमत्कारहरू नगरेको गर्न नसकेर होइन, बरू यिनीहरूले (निम्न कोटिका र सस्ता ऋद्धि-सिद्धि प्रदर्शनले) लोकोत्तर चित्तको विकासको विरूद्ध काम गर्ने भएकोले नगरेका हुन्।

यो कुरालाई स्पष्ट पार्न म एउटा दृष्टान्त दिन्छु जुन घटना दश वर्ष अघि वर्मामा भएको थियो। एक जना व्यक्तिको आन्द्रामा ट्युमर पलाएछ।

डाक्टरहरूले उसलाई सल्लाह दिएछन् कि अपरेशन बाहेक अर्को उपाय छैन । परन्तु डाक्टरले यो पनि बताए कि अपरेशन सुरक्षितै छ भन्ने जरूरी छैन, यस्तो अपरेशनमा मृत्यु नै पनि हुन सक्छ । उनी सच्चा बौद्ध साधक भएको हुनाले उनले सोचे कि यदि कुनै साक्षात्कारै नगरी मरियो भने त यो मानव जीवन व्यर्थ नै जाने भयो । अतः उनले पहिले विपश्यना गरेर अलिकति साक्षात्कार गर्नै पर्‍यो, अनि पछि मात्र अपरेशन गर्नुपर्‍यो भन्ने विचार गरे । अनि उनले सयादो 'उ पण्डित' कहाँ गएर भेटे । 'उ पण्डित' ले भन्नुभयो कि विपश्यना गरेर त्यो ट्रयुमर सञ्चो हुने या तिमी नमर्ने भन्ने कुनै पनि ग्यारेण्टी छैन । अझ यदि विपश्यना गर्दै गयौ भने त्यो ट्रयुमर झन् झन् खराब हुँदै जान पनि सक्छ । परन्तु साँच्चिकै कडा मेहनत गरेर अभ्यास गर्‍यौ भने मर्नुभन्दा अघि केही कुरा साक्षात्कार गर्न भने सक्छौं । उहाँले यो पनि स्पष्ट पारिदिनु भयो कि पहिले विपश्यना गर्छौं कि पहिले अपरेशन गर्छौं त्यो सब कुराको जिम्मेवारी केवल तिम्रो आफ्नो हुनेछ ।

ती मानिसले पूरा जिम्मेवारी आफ्नै हातमा लिएर विपश्यना थाले । परन्तु जति जति विपश्यना बढाउँदै गए उती उती ट्रयुमर झन् झन् दुख्न थाल्यो । उनी झन् पछि झन् कमजोर हुँदै गए । उ पण्डितले सम्झाउनुभयो कि "यदि तिमी चाहन्छौं भने जति खेर इच्छा लाग्छ त्यतिखेर गएर अपरेशन गराइहाल्न र विपश्यना छोड्न सक्छौं ।" परन्तु ती मानिसले मर्नुभन्दा अघि केही साक्षात्कार गरेरै छाड्ने दृढ निश्चय गरिसकेका थिए । त्यसैले उनले अभ्यासलाई नै चालु राखे । जब ट्रयुमरको दुखाई झन् झन् खराब हुँदै गयो तब अभ्यास गर्न पनि कठिन हुन थाल्यो । 'उ पण्डित' ले उनलाई सिकाउनु भयो कि "त्यो असह्य वेदनालाई नै चार आर्य सत्यको साक्षात्कार गर्ने साधनको रूपमा प्रयोग गर ।" वेदना झन् दन्किँदो आगोको ज्वाला जस्तै हुन थाल्यो । ती मानिस मुर्छा परे । फेरि जाग्ने वित्तिकै उनले अभ्यास गर्न थालिहाले । वेदना अत्यन्त चरम चुलीमा पुग्यो । ती मानिसले आफू भित्र भयङ्कर बम पड्केको जस्तो ठूलो आवाज सुने । उनी त्यहीं बेहोश भएर

लडे । आधा घण्टा पछि उनी फेरि जाग्दाखेरि वेदना भन्ने कुरा केही थिएन र उनले चित्त असाधारण रूपमा शान्त र स्पष्ट भएको थियो ।

'उ पण्डित' ले उनलाई भन्नुभयो "तिमीले जे साक्षात्कार गर्छु भनेर आएका थियौं त्यो साक्षात्कार गरिसक्यौ । अब तिमी जान सक्छौं र डाक्टरलाई भेट्न सक्छौं ।" परन्तु डाक्टरहरूले भने कि उसको त ट्युमर छैन, त्यसैले अपरेशन गर्ने कुनै आवश्यकता छैन । डाक्टरहरूको भनाइ के थियो भने त्यो ट्युमर कुनै कुराले फुटेको हुनु पर्छ । उनको सेप्टीक ट्याङ्कलाई कसैले पनि ढाकेर राख्न र झूठो आश्वासन पनि दिएन । उनी आफूले नै बुद्धका उपदेशहरूको सहायताले सेप्टीक ट्याङ्कलाई सफा गरे । यही नै उपदेश प्रातिहार्य हो । तैपनि उनको भने उपचार पनि भयो । यो कुरामा कुनै ग्यारेण्टी हुँदैन । ग्यारेण्टी त के को हुन्छ भने सेप्टिक ट्याङ्क जरूर सफा हुन्छ, यदि तपाईंले उपदेशहरूलाई समर्पित भएर अपनाउन आँट गर्नुभएको छ भने । बुद्ध धर्मले यी उपायहरू अपनाउने आँट गरेका जसलाई पनि यो ग्यारेण्टी चाहिँ गर्छ ।

यदि अर्हत्, बोधिसत्व, सिद्ध आदिले प्रातिहार्य प्रयोग गरे भने त्यो सधैं मार्गमा अघि बढाउनको लागि मात्र हुन्छ। झूठो आश्वासन दिई सेप्टीक ट्याङ्कलाई अस्थायी रूपमा ढाक्नको लागि होइन । हरेक व्यक्तिले आफ्नो निर्णय आफै गर्नुपर्छ । तपाईंले लोकोत्तरको चित्त उत्पाद चाहनुहुन्छ कि आठ लौकिक धर्म याने लाभ-अलाभ, सुख-दुःख, यश-अपयश, निन्दा-प्रशंसामा फलिफाप भएको चाहनुहुन्छ ? तपाईंले जे चाहनुहुन्छ त्यसै अनुसार तपाईंको गुरू, तपाईंको परम्परा तपाईंको निमित्त परिभाषित हुन जान्छ । यी दुई कुरालाई कहिल्यै पनि मिसाउनु हुँदैन । यदि लोकोत्तर मार्गलाई लौकिक धर्मको मार्गसँग मिसाइयो भने तपाईंले धैरै नराम्रो ककटेल बनाउनु हुन्छ । अन्तमा तपाईंले दुबै मार्ग फुत्काउनुहुनेछ ।

तपाईंले सोध्न सक्नु हुन्छ, यदि त्यसो हो भने के सच्चा बौद्धहरूले कुनै फलिफाप चाहनु नै गलती हुन्छ त ? होइन । परन्तु तपाईंले आफ्नो फलिफाप यसरी खोज्नु पर्छ कि त्यसले लोकोत्तर लक्ष्यहरूलाई हानि न

पुऱ्याओस् । विशेष गरेर हामी जस्ता गृहस्थहरूलाई यो झन् बढी सत्य सावित हुन आउँछ । यदि तपाईं अबौद्ध गुरू, अबौद्ध देवताहरूलाई आराधना गर्नुमा भर पर्नु हुन्छ र उनीहरूलाई आफ्नो हृदयमा स्थान दिनु हुन्छ भने तपाईंको लोकोत्तर चित्तोत्पादको मार्ग नष्ट हुन पुग्छ। तपाईं त केवल आर्यहरूमा (चाहे देव हुन् चाहे मनुष्य) या बौद्ध देव र स्वयं आफ्नो कठोर परिश्रममा भर पर्नुपर्छ । आफ्ना लौकिक आवश्यकताहरू पूर्ति गर्न बौद्ध देवताहरूमा भर पर्नु केही गलती हुँदैन किनकि उनीहरूले तपाईंको सेप्टीक टेयाङ्कलाई ढाकेर झूठो राहत दिँदैन् । अबौद्ध देव र गुरूहरूले तपाईंको कोलेस्टेरोल या क्यान्सरलाई निको पार्लान् या तपाईंलाई नाम र यश देलान् या तपाईंलाई छोरा देलान् परन्तु त्यस प्रक्रियामा उनीहरूले तपाईंको लोकोत्तर चित्तको मार्गलाई अवरूद्ध पारिदिने मात्र होइन अपितु तपाईं स्वयंलाई नै दुःख सत्य याने पहिलो आर्य सत्यलाई नै बिर्सन बडो मद्दत गर्दछन् ।

**"कर्मक्लेशक्षयान् मोक्षः कर्मक्लेशा विकल्पनतः ..."**

नागार्जुन, मध्यमशास्त्र, अर्थात् कर्म र क्लेशलाई क्षय गरेपछि मात्र मोक्ष हुन्छ ...। तपाईंको कोलेस्टेरोल या ट्यूमर या छोरा तपाईंको कर्मसँग ज्यादै नजिकबाट सम्बन्धित कुरा हुन् । तपाईंको कर्मको स्वाभाविक प्रवाहलाई व्यवधान गरेर कृत्रिम रूपबाट उपचार गरिदिनाले तपाईं आफ्नो कर्मभोगबाट गुज्रिन पाउनुहुन्न । यसको मतलब कर्म अझै पनि त्यहाँ बाँकी नै हुन्छ। तपाईंलाई सन्चो भएको महसुस भए पनि तपाईंको कोलेष्ट्रोल या छोरा आदिका वास्तविक हेतु (कारण) त तपाईंका पहिलेका अकुशल कर्म नै हुन् जुन अझै नष्ट भएका छैनन् । त्यसको तात्पर्य के हुन आउँछ भने यसरी अवरोध गरिएको कर्म नै लोकोत्तरतिर भैरहेको आफ्नो प्रगतिलाई रोकिदिने बाँध हुन आउँछ। कृपया यस विषयमा अलि गम्भीर भएर सोच्नुहोस् र तपाईंहरू स्वयंले नै निर्णय गर्नुहोस् कि तपाईं के चाहनुहुन्छ ।

अब, तथागतको बारेमा जानुभन्दा अगाडि मैले नारायणलाई त्रिधातुको बारेमा बयान गर्न भनेको छु। विभिन्न लोक धातुहरूले तथागतको

जीवनकथालाई बुझ्न ठूलो भूमिका खेल्न सक्छन् ।

यहाँ तपाईंहरू धेरै जसो र बौद्ध पृष्ठभूमि भएकाहरू समेत पनि यो चमत्कारिक बाबा या त्यो चमत्कारिक परमहंसको कथा, शिव, कृष्ण र यस्तै ऋद्धिमान देवताहरूका चमत्कारिक कथाहरूले भरिपूर्ण टेलिभिजन श्रृंखला आदिले गर्दा चमत्कारिक कथाहरूको नशा लाग्नाले एक लागु पदार्थ दुर्व्यसनी झैं हुनुभएको छ र वास्तविकतालाई पनि बुझ्न सक्नु हुन्न । त्यसकारण कृष्ण, महाबाबा, परमहंस आदिका किंवदन्ती कथाहरूमा जस्तो गरी शास्ताका ऋद्धि-सिद्धिहरूको प्रदर्शन र प्रसारण गर्नु बौद्ध संस्कृतिकै विरूद्ध हुने भए तापनि ऋद्धिमान् देव र बाबाहरूको नशालाई हटाउन होमियोप्याथिक तरिका होला कि भन्ने आशाले त्यस्तै शैलीमा शास्ताको जीवन कथाहरूको संकलन गरेको छु। पूरै बौद्ध संस्कृति कै विरूद्ध गइरहेकोमा तथागत, अर्हत् र सिद्ध, महासिद्धहरूले मलाई क्षमा गर्नुहोला भन्ने आशा गर्दछु। तैपनि यी कथाहरूले तपाईंहरूलाई त्यस्ता बाबा र ऋद्धिमान् देवहरूबाट ध्यान मोड्न होमियोप्याक असर देखाउन सके भने मलाई लाग्छ मैले त्यति नराम्रो काम त गरिन होला । आधारको रूपमा मैले थेरवाद र महायान दुबैले स्वीकारिएको ग्रन्थ ललितविस्तर सूत्रलाई लिएको छु । त्यो अलावा मज्झिम निकाय, दीर्घनिकाय, महावस्तु, संयुक्त निकाय, अंगुत्तर निकाय, धम्मपद अट्ठ कथा, बुद्ध चरित्र, सौन्दरनन्द जस्ता ग्रन्थहरूको आधार लिएको छु । यो पनि स्पष्टसँगै भनिदिनुपर्ने हुन्छ कि इतिहासकार (इतिहासविद्) हरूले प्रातिहार्यहरूलाई वास्तविक मान्दैनन् । परन्तु त्यो त इतिहासकारहरूको टाउको दुखाइ हो। हामी ध्यानीहरूलाई त प्रातिहार्य भनेको यथार्थ (वास्तविक ) कुरा हुन् ।

अहिलेका तथागत (शाक्यमुनी) को कथा तीन असंख्य कल्प अघि जान्छ । असंख्य कल्प भनेको के हो ? यो $१०^{६०}$ कल्प हो । अर्थात् १ को पछाडि ६० वटा शून्य । गणितीय दिमाग नभएकालाई सजिलो होस् भनेर यहाँ पूरै अंक लेखिएको छ जसले गर्दा उहाँहरूले समेत पनि यसको मतलब कति हो भनेर अनुमान गर्न सक्नु हुन्छ। एक असंख्य भनेको

१ ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ० ०००००००००००००००००००००००००००० हो (अभिसमयालङ्कार अनुसार)। यहाँ कल्प भन्नाले महाकल्पलाई भनिएको हो जसको अर्थ हुन्छ दुई कल्पहरू। हरेक कल्प ४० अन्तर कल्प हरूमा विभाजित भएको हुन्छ। त्यस कारण महाकल्प भन्नाले ८० अन्तरकल्प हुन आउँछ। परित्ताभ लोकबाट महाब्रह्मको जन्म हुँदादेखि सबभन्दा तल्लो नरकलोकको सृष्टि हुँदासम्म ३० अन्तरकल्प बित्दछन्। जसलाई विवर्त कल्प भनिन्छ। अनि यो संसार २० अन्तर कल्पसम्म कायमै रहन्छ जसलाई अन्तरकल्प नै भनिन्छ। अनि यो संसारको विनाश हुन थाल्छ। तल्लो नरकदेखि शुरु भै प्रभास्वर (द्वितीय ध्यान भूमिको तह हो) सम्म नाश हुन्छ। प्रत्येक अन्तरकल्पमा सैयौं महायुगहरू बित्दछन्। यसरी ८० अन्तरकल्पहरू मिलाएर एक महाकल्प हुन्छ। अनि एक असंख्य कल्प भनेको $१०^{६०}$ महाकल्प हो। तीन असंख्य कल्प भनेको $१०^{६०}$ कल्पको तीन गुणा हो।

अतः तीन असंख्य महाकल्प अगाडि सुमेध नाम गरेका एक ब्राह्मण, हज्जारौं जीवनको अभ्यासको फलले गर्दा ऋद्धिमान् ब्राह्मण भएका थिए। उनले त्यसवेलाका सम्यक् सम्बुद्ध शाक्यमुनि (संयोगवश उहाँको नाम पनि शाक्यमुनि पर्न गएछ) सँग शरण गएर उहाँकै अगाडि, केवल अर्हत् मात्र नबनी बुद्ध नै बन्नेछु भनेर बोधिचित्त उत्पाद गरेका थिए।

यहाँ ख्याल गर्नु पर्ने तीन कुरा छन्। एक, सुमेध पहीले नै सिद्धि ऋद्धि सहितका सिद्ध योगी भैसकेका थिए जुन वेला उनले तथागत शाक्यमुनिलाई भेटेका थिए। अतः उनले किन बुद्धमा शरण लिए र उनले नयाँ कुरा के सिके त ? तथागतको मद्दतले उनले थाहा पाए कि आफू केवल महद्गत योगी रहेछन् र उनी त्यसबाट मुक्त हुने रहेनछन्, मुक्त हुनलाई केवल एक मात्र उपाय लोकोत्तर चित्त उत्पाद गर्नुपर्ने रहेछ जुन सैंतिस बोधिपक्ष सहितको विपश्यना नै रहेछ। उनी स्वयं ऋद्धि-सिद्धिले युक्त सिद्ध ध्यानी भए तापनि यो कुरा उनले तथागत शाक्यमुनिबाट मात्र सिक्न पाए। गणलाई मैले यो बुँदा बुझ्न ज्यादै महत्वपूर्ण छ भन्ने कुरा सम्झाउन

चाहन्छु । तथागतलाई भेट्ने वेलामा सुमेध थुप्रै सिद्ध बाबा, महाराज, साधु, परमहंस जस्ता धेरै सिद्ध समान भैसकेका थिए र उनी पनि तथागतसँग छलफल भैसकेपछि मात्र आफू केवल महद्गत योगी भएको र लोकोत्तर बोधप्राप्त ज्ञानी नभएको तथ्य स्वीकार गरे ।

दोस्रो महत्वपूर्ण कुरा के हो भने उनले तथागत शाक्यमुनिकै सामु सबै प्राणीहरूको हितका निमित्त उहाँ उस्तै बुद्ध बन्ने प्रतिज्ञा गरे । उनी तिनै तथागतसँग शिक्षा लिएर त्यही जीवनमै अर्हत् हुन सजिलै सक्थे परन्तु त्यसो नगरेर उनले तथागत नै बन्ने संकल्प गरे ।

तेस्रो महत्वपूर्ण कुरा के हो भने सिद्धि-ऋद्धि सहितको ध्यानी सिद्धलाई समेत पनि बुद्ध बन्नलाई ३ असंख्य कल्प लाग्दो रहेछ, यदि सूत्रयान अनुसार बोधि खोज्ने हो भने । हरेक तथागतले दिने दुई मूल शिक्षाहरू हुन्छन् । एक श्रावकयान हो जसबाट अर्हत् हुन पुगिन्छ, अर्को बोधिसत्वयान हो जसबाट सम्यक् बुद्धता प्राप्त हुन्छ । बोधिसत्वयानका पनि दुई मूल मार्गहरू छन् - १) सूत्रयान, जुन क्रमिक र विस्तारै हुने विधि हो । २) तन्त्रयान जुन छिटो मार्ग हो । परन्तु सबै बुद्धहरूले तन्त्रयान सिकाउँदैनन् । जे होस् तात्कालिक तथागत शाक्यमुनिले सुमेधलाई तन्त्रयान सिकाउनुभएन्, सूत्रयान नै सिकाउनुभयो । तीन असंख्य कल्पसम्म पुण्य र ज्ञानको सम्भार गरिसकेपछि मात्र ती ऋद्धिमान् भिक्षु सुमेध अर्को तथागत बन्न पुगे जसलाई आज हामी शाक्यमुनि (सिद्धार्थ गौतम बुद्ध) भन्छौं ।

पहिलो असंख्य कल्पमा भिक्षु सुमेधले तात्कालिन शाक्यमुनि बुद्धसँग शुरु गरेर ७५००० बुद्धहरूसँग सिक्दै अन्तमा रत्नशिखि बुद्धसँग सिकेका थिए । त्यस अवधिमा उनीले लोकोत्तर चित्त उत्पादको मार्गको अभ्यास गरी दर्शन मार्गमा प्रवेश गरेका थिए ।

दोस्रो असंख्य कल्पको बोधिसत्वचर्यामा भिक्षु सुमेधका दीपङ्कर तथागत अन्तिम बुद्ध थिए र त्यसवेला उनको नाम घटिकार थियो । त्यसवेला ७६,००० बुद्धहरू देखा परेका थिए । त्यस बोधिसत्वचर्यावधिमा उनले लोकोत्तर मार्गको दोस्रो भूमिदेखि सातौं भूमिसम्म पुगेका थिए । दीपङ्कर

बुद्धले उनी कहिले र कसरी शाक्यमुनि बुद्ध हुनेछन् भन्ने कुराको भविष्यवाणि (व्याकरण) गर्नु भएको थियो। तेस्रो असंख्य कल्पलाई विपश्यी बुद्धबाट भिक्षु सुमेधले अन्त्य गरेका थिए। त्यतिखेर ७७,००० बुद्धहरू आएका थिए। भिक्षु सुमेधले आठौं भूमिदेखि दशौं भूमि पनि त्यसैवेला पार गरे। त्यो अन्तिम भूमि याने बुद्ध भूमि या समन्तप्रभा भूमि हो। तन्त्रमा त्यसलाई बज्रधर भूमि, समन्तभद्र भूमि या वज्रसत्व भूमि पनि भनिन्छ।

बितेका ९१ कल्पहरूमा विपश्यी बुद्ध, त्यसपछि शिखि बुद्ध, अनि विश्वभू बुद्ध, त्यसपछि क्रकुच्छन्द बुद्ध, अनि कनकमुनि बुद्ध, अनि काश्यप बुद्ध देखा परेका थिए। काश्यप बुद्धको जन्म हुँदा भिक्षु सुमेधले आफ्नो लोकोत्तर मार्गको अभ्यास पूरा गरेर अकनिष्ठमा समन्तप्रभा भूमिमा स्थित भैसकेका थिए र पूर्ण स्मृतिसम्प्रजन्य सहित अकनिष्ठबाट तुषिता देवलोकमा श्वेतकेतु भएर ओर्लेका थिए। अकनिष्ठ जानु भन्दा अघि मनुष्यको रूपमा 'वेस्सन्तर' भएर अन्तिम पटक जन्मेका थिए।

अनि काश्यप बुद्धको परिनिर्वाण पछि विस्तारै उहाँका शिक्षाहरू हराउन थाले। धेरै युग पछाडि अष्टक, वामन, वामदेव, विश्वामित्र, जमदग्नि, अङ्गिरस, भारद्वाज, वसिष्ठ, कश्यप, भृगु जस्ता केही ऋषिहरूले काश्यप बुद्धका केही फाटफुट शिक्षाहरूलाई आफ्नो सिद्धिका वलले समात्न सफल भएका थिए। परन्तु यो निकै टाढाको स्टेशनको रेडियो सिग्नललाई एउटा कमजोर रेडियो रिसिभरले समात्न खोजे जस्तै थियो। सबै कुरा स्पष्ट थिएन। यही नै वेदहरूको शुरुआत थियो। तै पनि यी अस्पष्ट र अलि अलि नमिल्ने शिक्षाहरू समेत पनि पछि यी शाक्यमुनि बुद्धका पालासम्ममा आएर पछाडिका ब्राह्मणहरूले अझै बदल्दै गैसकेका थिए।

बुद्धका शिक्षाहरू पूर्ण रूपमा हराइसकेका हुनाले शुद्धावासका देवहरू तुषितमा आएर स्वेतकेतुलाई जम्बूद्वीपमा झरी एक मात्र मार्ग (एकायनो मग्गो) लाई पुनः चालू गराउनलाई बिन्ती गरे। ललित विस्तरले भन्छ (ललितविस्तर अपभ्रंशमा लेखिएको सूत्र भएकोले शुद्ध संस्कृत व्याकरणसँग मिल्दैन):-

**समतीत्य कामधातुं देवा ये रूपधातुकानेके ।**

**सर्वे ह्यभिनन्दन्ते स्पृशेय सिद्धिव्रतो बोधिं ॥२४॥**

**निहता ति मारकर्मा जितास्त्वयान्ये कुतीर्थिका नाथा ।**

**करतलगता इव ति बोधि कालोऽयं मा उपेक्षस्व ॥२५॥**

**क्लेशाग्निना प्रदीप्ते लोके त्वं वीर मेघवद्व्याप्य ।**

**अभिवर्षामृतवर्षं शमय क्लेशान्नरमरूणान् ॥२६॥**

"काम धातुलाई नाघेर रूपधातुमा पुगेका अनेक देवहरूले श्वेतकेतुलाई सबै जन्ममा श्रेष्ठतम जन्मेको सम्यक्सम्बोधि प्राप्त गर्न प्रार्थना गरे -हे भगवान्, तपाईंले मारको कर्मलाई नाश गरिसक्नु भएको छ, अन्य कुतीर्थिक (अबौद्धहरू) लाई पराजय गरिसक्नु भएको छ, बोधि तपाईंको हत्केलामै छ। समय आइसक्यो, उपेक्षा नगर्नुहोस् !

हे महासत्व, (वीर) क्लेशको अग्निले जलिरहेको संसारमा तपाईंले मेघले झैं अमृतको अति वर्षा गर्नुहोस् र मनुष्य र देवहरूका क्लेशहरूलाई शान्त पार्नुहोस् ।

यी कतिपय देवहरूको थिए जसले यसरी श्वेतकेतुलाई जम्बूद्वीपमा झरेर सम्यक्सम्बोधि प्राप्त गर्न र देव एवं मनुष्यलाई धेरैकालसम्म हराइसकेका शिक्षाहरू प्रदान गर्न विन्ती गरे ? ललित विस्तर भन्छ -

**महेश्वरश्चन्दन ईशनन्दौ प्रशान्तचित्तो महितः सुनन्दन :**

**शान्ताह्वयश्चाप्यथ देवपुत्र स्तास्ताश्च बह्वोऽथ च देवकोट्य ॥८॥**

महेश्वर, चन्दन, ईश, नन्द, प्रशान्तचित्त, महित, सुनन्दन, शान्त नाम गरेका र अन्य करोडौं देवहरू थिए ।

बोधिसत्व महासत्व श्वेतकेतु स्वयंले पहिले नै लोकधातुको दयनीय र बिग्रेको अवस्था र विशेष गरेर जम्बूद्वीपमा काश्यप बुद्धका शिक्षाहरू पूरै हराइसकेको र प्राचीन ऋषिहरूका अस्पष्ट शिक्षाहरू समेत पूर्ण रूपले तोडमरोड भैसकेको देख्नुभएको थियो । त्यसकारण शुद्धावासका यी देवहरू

र अन्य उच्च रूपधातुका देवहरूले झरेर धर्मचक्र प्रवर्तन गर्नको लागि ओर्लन विन्ति गरेपछि उहाँले तुषितबाट जम्बुद्वीपमा १२ वर्षको अवधिमा झर्ने निर्णय गर्नुभयो। यहाँ बुझ्नु पर्ने मुख्य बुँदाहरू यस प्रकार छन् -

१) श्वेतकेतु तीन असंख्य कल्प अघि शाक्यमुनि बुद्धलाई भेट्दाखेरि नै वशिष्ठ वामदेव आदि जस्ता ऋद्धिमान् ऋषि थिए।

२) त्यसो भएको हुनाले श्वेतकेतु तीन असंख्य कल्पको अभ्यासबाट अति अचिन्त्य र असाधारण भैसकेका थिए होलान् भन्ने तपाईं स्वयं पनि कल्पना गर्न सक्नुहुन्छ।

३) यी तीन असंख्य कल्पसम्म श्वेतकेतुले कल्पनै गर्न नसकिने पुण्य र ज्ञानको सम्भार गरिसकेका थिए। अतः दुई जोड दुईको न्यायले शक्तिशाली देव, ब्रह्मा, विष्णु, महेश्वर या वशिष्ठ, विश्वामित्र जस्ता ऋषिहरू भनेका श्वेतकेतुका अगाडि कहाँ राजा महाशाही कहाँ मनुवा भाँड भनेको जस्तो हुन्छ भन्न सकिन्छ। अहिलेका बाबा, साधु, सन्त, महाराजहरूको त के कुरा गर्नु !

४) शुद्धावासका महेश्वर, जुन श्वेतकेतुलाई विन्ती गर्न तुषितमा झरेका थिए, एक आर्य थिए र शुद्ध लौकिक हिन्दू महादेवभन्दा भिन्दै थिए। हामीले सजिलै देख्छौं कि हिन्दू महादेव आर्य होइनन् किनकि उनले आत्माको उपदेश गरेका छन्, सत्-चित्-आनन्दको उपदेश गरेका छन्, ईश्वरको उपदेश गरेका छन्। अनात्मा आदिको उपदेश गरेका छैनन्।

५) ती महेश्वरले समेत पनि पछि शाक्यमुनिलाई उहाँको तीन असंख्य कल्पसम्मको कुरा र तुषितबाट झरेको कुरा बताउनलाई शिरले बुद्धको पाउमा ढोगेर विन्ति गरेका छन्।

६) यी देवहरूको अनुरोधपछि मात्र तथागतले स्वयं यी कथा भन्नुभएको थियो। त्यसैले हामीले अहिले यो विषयमा थाहा पाउँदै छौं।

७) तीन असंख्य कल्प भित्र उहाँले विताएका ५०० मानव जन्महरूको

बारेमा तथागत स्वयंले बताउनुभएको थियो। यिनीहरू जातक कथाभित्र उल्लिखित छन् ।

८) तथागतले त्यस अवधिको ५०० देव जीवनका बारेमा पनि बताउनु भएको छ ।

९) तथागतले आफ्नो तीन असंख्य कल्प अगाडिको कुरा पनि बताउनु भयो भन्ने कुराले नै प्रमाणित गर्ने भयो कि उहाँले तीन असंख्य कल्पसम्म पनि सम्झन सक्नुहुँदो रहेछ। वास्तवमा तथागतले ग्रामणिलाई संयुक्तागममा यसरी बताउनु भएको छ -

"इतोऽहं ग्रामाणी एकनवतं कल्पमुपादाय समनुस्मरामि" हे ग्रामाणी ! मैले ९१ कल्पअरू स्वतः विनाप्रयासै सम्झन्छु । यहाँ ९१ कल्प भनेको ९१ असंख्य कल्प हो र यो पनि कुनै प्रयास या ध्यानविना सहजै हो । यहाँ म यो याद दिलाउन चाहन्छु कि शास्ताले ९१ असंख्य कल्पसम्म विना प्रयासै सम्झन सक्ने र चाहेमा त्योभन्दा बढी थाहा पाउन सक्ने भए तापनि मज्झिम निकायमा तपाईं सर्वज्ञ हुनुहुन्छ भनेर सोध्दाखेरि तथागतले 'म सर्वज्ञ होइन' र कोही पनि सर्वज्ञ हुँदैन भन्ने जवाफ दिएको कुरा पाइन्छ । अब म याद दिलाउँछु कि जसले २५०० वर्ष अघि पनि देख्न सक्दैनन् र उनले स्वयंलाई सर्वज्ञ भनेर दावी गरेका हुन्छन् । बौद्ध र अबौद्ध संस्कृतिमा के फरक छ भने कुरा बुझ्न यो ज्यादै महत्वपूर्ण छ ।

१०) त्यसवेलामा त्रिधातु भरीमा नै आध्यात्मिक रूपमा सबभन्दा ज्येष्ठ श्वेतकेतु नै थिए । त्यसैकारणले ५ शुद्धावासका देवहरूले समेत पनि उहाँलाई ढोग्थे । ती ५ लोक ब्रह्मलोकहरूमा सबभन्दा उच्च लोकहरू हुन् । त्यसैकारणले शुद्धोदनको पुत्र भएर जन्मिने बित्तिकै उहाँले उद्घोषण गर्न सक्नुभएको थियो, **"ज्येष्ठोऽहं सर्व लोके, श्रेष्ठो लोके विनायकः"** -सबै लोकको म जेठो हुँ र सर्वोत्तम हुँ, सबैको नायक हुँ ।"

११) यसको अर्थ हो शुद्धोदनको त्यो बच्चाभन्दा (याने उक्त श्वेतकेतु) ज्येष्ठ, श्रेष्ठ र उच्च कुनै लोकमा कुनै देव पनि थिएन। ब्रह्मा, विष्णु, महेश्वर कुनै पनि ज्येष्ठ थिएनन्।

१२) त्यसकारण शुद्धोदनकुमार श्वेतकेतुभन्दा आध्यात्मिकरूपमा तल्लो तहका देवता विष्णुको अवतार कदापि थिएनन्।

१३) श्वेतकेतुले १२ वर्ष पछि जम्बूद्वीपमा झर्ने निर्णय किन गर्नु भएको थियो भन्ने कुरामा १) उत्तम द्वीप २) उत्तम देश ३) उत्तम काल ४) उत्तम कुल ५) उत्तम मातृकुक्षि (आमाको कोख) यी पाँच चीज छान्नको लागि गर्नुभएको थियो। जसमा आमाको आयु प्रसवपछि ७ दिनभन्दा बढीको हुनुहुँदैनथ्यो किनकि जुन गर्भमा महासत्व बसेका हुन्छन् त्यसमा अन्य कसैले पनि दूषित गर्नु मिल्दैनथ्यो।

अब पुनः कथातिरै लागौं। श्वेतकेतु पूर्ण स्मृति सम्प्रजन्य सहित तुषितबाट झर्नुभयो र मायादेवीको गर्भमा पूर्णस्मृतिसम्प्रजन्य सहित प्रवेश गर्नुभयो। त्यस क्षणमा कपिलवस्तुमा भूकम्प भयो र भयङ्कर चट्याङ्गको गर्जन सुनियो। एक प्रकारको अद्वितीय प्रकाश त्रिधातुभरी फैलियो र कम्पन पनि गर्‍यो। उहाँले तुषित छोड्नु अघि अकनिष्ठबाट त्यहाँ झरेका मैत्रयलाई अर्को तथागतको मुकुट पहिराएर झर्नु भएको थियो जुन कुरा कश्यप बुद्धको समयमा उहाँ स्वयंले पनि प्राप्त गर्नु भएको थियो। मैत्रेय कलियुगको करीव १०,००० वर्ष वितेपछि झर्नुहुनेछ। अहिले कलियुगको ५०९९ वर्ष बिते, जसको अर्थ हुन्छ मैत्रेय तथागत देखा पर्ने अबदेखि ४०११ वर्ष पछि याने सन् ६००८ मा हुन आउँछ।

जब, महासत्व मायादेवीको गर्भमा प्रवेश गर्नुभयो, त्यसवेला उनले पनि सपना देखिन्।'चतुर्महाराजिक देवले उनलाई स्नान गराए। अनि एउटा सेतो हिउँजस्तो चाँदी झैं टल्किने, ६ ओटा दाह्रा भएको अगाडिका र पछाडिका पाउ सुन्दर भएको, सिमृक जस्तो रातो शिर भएको, मनोहर गति भएको, वज्र समान बलियो शारीरिक संगठन भएको, श्रेष्ठ हात्ती उनको

पेटमा प्रवेश गऱ्यो' ।

महासत्व सुनौला प्रकाशको खोलमा गर्भमा प्रवेश गर्नुभएको थियो र त्यहाँ १० महिनासम्म सालनाल आदिले स्पर्शै नगरी रहनुभयो । त्यसवेलादेखि आफ्ना लोकबाट तल आएर चतुर्महाराजिक देवहरू (वैश्रवण, विरूढक, विरूपाक्ष, धृतराष्ट्र) ले त्यस गर्भलाई १० महिनासम्म सुरक्षा गरे । यक्षहरूका मालिक वैश्रवणले उत्तर दिशामा रक्षा गरेका थिए, कुम्भाण्डहरूका साथ विरूढकले दक्षिण दिशामा सुरक्षा गरे, नागहरूका नाथ विरूपाक्षले पश्चिम दिशामा सुरक्षा गरे भने गन्धर्वनाथ धृतराष्ट्रले पूर्व दिशामा सुरक्षा दिएका थिए । त्यस क्षणदेखि उप्रान्त मायादेवीलाई कायसुख र चित्तसुख प्राप्त भयो र उनको चित्त समाधिमा भए जस्तो हुन्थ्यो । अनि शुद्धावासबाट देवपुत्रहरू आएर शिरदेखि कम्मरसम्म देखाउँदै शुद्धोदनलाई भने -

**व्रततपगुणयुक्तस् तिसुलोकेषु पूज्यो**
**मैत्रीकरूणलाभी पुण्यज्ञानाभिषिक्तः ॥**
**तुषितपुरि च्यवित्वा बोधिसत्वो महात्मा**
**नृपति तवसुतत्वं मायकुक्षोपपन्नः ॥१५९॥**

हे राजन, महासत्व बोधिसत्व व्रत, तप, मैत्री, करूणाले युक्त भएका तीनै लोकमा पूज्य र पुण्य एवं ज्ञानद्वारा अभिषिक्त भएका छन् । तिनी महात्मा तुषितपुरीबाट झरेर तपाईंको छोराको रूपमा मायादेवीको कोखमा प्रवेश गरेका छन् ।

मायादेवीले पनि बोधिसत्व महासत्व गर्भमा प्रवेश गरेपछि त्यसकै प्रभावले दिव्यचक्षु प्राप्त गरिन् । त्यसैले उनले पनि राजालाई भन्छिन् -

**वितिमिर त्रिसहस्रां पश्यमी भ्राजमानां**
**देव नयुत देवाये स्तुवन्ती सयानाम्**
**न च मम खिल दोषो नैव रोषो न मोहो**
**ध्यानसुखसमङ्गी जानमी शान्तचित्ता ॥१६२॥**

मलाई अन्धकार कहीँ छैन, मैले त्रिसाहस्र लोधातुलाई नै चम्कीरहेको देख्छु । खरबौं देवहरूले लेटिरहेकी मलाई स्तुति गरिराखेका छन् । मलाई क्रोध, मोह, द्वेष आदि केही पनि नभएजस्तो भइरहेको छ । मलाई ध्यानमा भएको जस्तै शान्त र आनन्दमय चित्त भएको थाहा पाइरहेको छ ।

मायादेवीले राजालाई ब्राह्मणहरू बोलाई सपनाको अर्थ बताउन लगाउने आग्रह गरिन् । ६० जना ब्राह्मणको शकुन जान्ने जमात बोलाइयो । मायादेवीले ब्राह्मणहरूलाई भनिन् -

**हिमरजतनिकाशश्चन्द्रसूर्यातिरेकः**

**सुचरण सुविभक्तः षड्विषाणो महात्मा**

**गजवरू दृढसन्धि वज्रकल्पस्सुरूपः**

**उदरि मम प्रविष्टस्तस्य हेतुं श्रृणुष्व ॥१६५॥**

"सेतो चाँदी जस्तो उज्यालो, सूर्य र चन्द्रलाई पनि माथ गर्ने, राम्रा र स्पष्ट पूणचरणहरू भएको, छ ओटा दाह्रा भएको, वज्र समान बलियो अति राम्रो उत्तम हात्ती मेरो पेटमा पसेको छ, यसको अर्थ के हो ?"

**बचनमिमु श्रुणित्वा ब्राह्मणा एवमाहुः**

**प्रीति विपुल चिन्त्या नास्ति पापं कुलस्य ।**

**पुत्र तव जनेसी लक्षणै र्भूषिताङ्गं**

**राज स्वकुल कुलीनं चक्रवर्ती महात्मम् ॥१६६॥**

यस्तो वचन सुनेर ब्राह्मणहरूले यसो भने, "यो खुशी र प्रसन्नता बढाउने कुरा हो कि यो कुलको अशुभ या पाप केही छैन । तपाईंले महान् बच्चालाई जन्म दिनुहुनेछ । जो तपाईंको आफ्नो राजकुलको कुलीन (कुललाई उद्धार गर्ने) चक्रवर्ती पुत्र हुनेछ र ३२ ओटै लक्षणले भूषित हुनेछ ।"

**स च पुर विजहित्वा काम राज्यं च गेहं**

**प्रव्रजित निरपेक्षः सर्वलोकानुकम्पी**

**बुद्धो भवति एषो दक्षिणीयस्त्रिलोके**

**अमृतरसवरेणा तर्पयेत् सर्वलोकम् ॥१६७॥**

"यदि उसले काम, राज्य, भोग र घरलाई त्याग गऱ्यो भने ऊ बुद्ध नै हुनेछ र तिनै लोकधातुमा पूज्य भएर सबैलोकलाई श्रेष्ठ अमृतको रसले तृप्त पार्नेछ।"

यसरी महासत्व बोधिसत्व आमाको गर्भमा प्रवेश गर्दा पूर्ण स्मृति-सम्प्रजन्य सहित, पूरा रूपमा ३२ लक्षणहरू सहितै भएर प्रवेश गर्नुभएको थियो र वज्रासनमा दायाँतर्फ सम्भोगकाय तहको प्रासादमा सम्भोगकायको गद्दीमा आसीन हुनुभएको थियो। उहाँको सामान्य षडायतनको प्रकृया अपनाउनुभएको थिएन याने कलल-अर्बुद-पेशी-घन-प्रशाखजस्ता गर्भावस्थाका शारीरिक प्रकृयाबाट जानुभएको थिएन। यो कुरा मायादेवीले पनि स्पष्ट रूपमा देखेकी थिईन्, किनकि उनको पनि दिव्यदृष्टि भैसकेको थियो। महासत्वले गर्भमा प्रवेश गरेको थाहा पाउनासाथ चतुर्महाराजिक देवहरूका अतिरिक्त ५०० देवपुत्रहरू सहित इन्द्र, २८ महायक्ष सेनापतिहरू, वज्रपाणि, गुह्यकाधिपति सबै आएर गर्भको नजिकै वसी सुरक्षा गर्न थाले।

पहिलो प्रहरमा (विहान) चतुर्महाराजिक, २८ यक्ष सेनापति, ५०० यक्ष आदिले बोधिसत्वको पूजा गर्ने र बोधिसत्वले आफ्नो दाहिने हात उठाएर औंलाहरूले उनीहरूलाई बस्ने इशारा गर्नुहुन्थ्यो र धर्म सिकाउन थाल्नुहुन्थ्यो। दिउँसो दोपहरमा त्रायस्त्रिंशाका सम्पूर्ण देवताहरू सहित शक्रले पूजा वन्दना आदि गर्दथे र बोधिसत्वले उनीहरूलाई धर्मोपदेश गर्नुहुन्थ्यो। सन्ध्याकालमा सहांपति ब्रह्मा र ब्रह्मलोकका लाखौं ब्रह्मकायिक देवहरू आएर उहाँको पूजा वन्दना आदि गर्थे र उहाँले पनि उनीहरूलाई धर्मोपदेश गर्नुहुन्थ्यो।

दशै दिशाबाट बोधिसत्वहरू पूजन, वन्दना, पर्युपासना आदि गर्नको लागि निरन्तर आइरहन्थे र उहाँले पनि उनीहरूलाई शिक्षा दिइराख्नु हुन्थ्यो। (आमाको गर्भबाट अष्टावक्रले वेदका केही शब्दहरू बोलेको सँग यसको तुलना गर्नुहोस्। बोधिसत्व र तीन असंख्य कल्प अगावै अष्टावक्र जस्ता

ऋषि थिए) अष्टावक्रले आफ्ना बाबुलाई वेदका केही शब्द बताए परन्तु बोधिसत्व महासत्वले त उनकी आमालाई गर्भवती भएबाट भेट्न आउने जति सबैलाई स्वागत गर्नुहुन्थ्यो, त्यो पनि आमाले भन्दा अगाडि नै !

महासत्व गर्भमा भएको वेलामा ऋतु, वर्षा, वायु सबै कुरा उत्तम रूपमा सन्तुलित थिए। अनाज धन धान्यादिको प्राचुर्य थियो। त्यस स्थानमा निरन्तर दिव्य संगीत सुनिइरहन्थ्यो र देवहरूले निरन्तर पृष्पवृष्टि गरिराखेका हुन्थे।

**ये च इष्टिदारका सुदुः खिता तदा अभूत्**
**भूतस्पृष्ट क्षिप्तचित्त नग्न पांशुम्रक्षिता**
**ते च सर्व दृष्ट्व माय भोन्ति लब्धचेतना**
**स्मृती मती गती उपेत गेहि गेहि गच्छिषु ॥१८४॥**

जो स्त्री र बच्चाहरू अति दुःखी थिए, उसलाई भूत लागेको थियो, जसको चित्त ठेगानमा थिएन, जो नाङ्गै हिडने गर्थे, जो धूलो-मूलोमा लपेटिएर रहन्थे ती सबै मायादेवीलाई देखेर होशमा आउँथे। स्मृति, मति र गति पाएर आ-आफ्ना घरमा फर्किन्थे।

**वाततो वा पित्ततो वा श्लेषसन्निपातकैः**
**ये च चक्षुरोग श्रोत रोग कायचित्तपीडिताः**
**नैक रूप नैक जाति व्याधिभिश्च ये हताः**
**स्थापिते स्म माया मूर्ध्नि पाणि भोन्ति निर्जरा ॥१८५॥**

जो बातरोग, पित्तरोग या कफ या सन्निपात रोगबाट पीडित थिए, जो आँखाको रोग या कानको रोगबाट काय-चित्तमा पीडित भैरहेका हुन्थे, जो विभिन्न प्रकारका र विभिन्न जातका व्याधिहरूले आहत भएका हुन्थे ती सबै मायादेवीले शिरमा हात राखिदिने बित्तिकै निरोगी हुन्थे।

यसरी महासत्व बोधिसत्व आमाको गर्भमा १० महिना सम्म बसेको बेला देखि यस्ता धेरै सिद्धि-ऋद्धिहरूको अविर्भाव भएको थियो। मैले ती

कुरालाई यहाँ संक्षेपमा संकेत मात्र गरेको हुँ । तपाईंहरू सबैले ललितविस्तर, सौन्दरनन्द, महावस्तु, बुद्धचरित आदि ग्रन्थहरू पढेर विस्तारमा बुझ्नुपर्छ । पछि तथागतले आनन्द, इन्द्र चतुर्महाराजिक र अन्य देवहरूलाई फिल्म देखाए जस्तै गरी यो सब देखाइदिनु भएको छ ।

गर्भावक्रान्तिको बारेमा मनमा राख्नु पर्ने केही कुराहरू यी हुन्-

१) उहाँ माताको गर्भमा पूर्ण स्मृतिसम्प्रजन्य सहित प्रवेश गर्नुभएको थियो र पूर्ण स्मृतिसम्प्रजन्य सहित नै रहनुभएको थियो ।

२) प्रवेश गर्दाखेरि पूर्ण रूपमा र ३२ ओटै लक्षणहरूले युक्त भएरै प्रवेश गर्नुभएको थियो र सम्भोगकाय तहको रत्नव्यूहको गद्दीमा बज्रासनमा गर्भको दायाँ तर्फ बस्नुभएको थियो । महासत्वको लागि चतुर्महाराजिकदेवहरूले, शक्रले, त्रायस्त्रिंशाका देवहरूले, सुयाम देवपुत्रहरूले, तुषितका देवपुत्रहरूले, सुनिर्मित र परिनिर्मितवशवर्ती देवपुत्रहरूले आ-आफ्नो प्रासाद बनाई दिएका थिए । महासत्वको क्षमताले गर्दा ती प्रासादहरूमा मायादेवीसहित महासत्व बसिरहेका देखिन्थे । सहांपति ब्रह्माजीले मायादेवीको गर्भमा विशेष प्रकारको सम्भोगकायिक रत्नव्यूह (बाकस जस्तो रत्नकूटागार) बनाइदिएका थिए जसमा १० महिनासम्म ती महासत्व बोधिसत्व कुनै सालनाल समेत नछोइएर नै रहनु भएको थियो ।

३) आमालाई भेट्न आउने सबै जनालाई आमाले भन्दा पहिले नै उहाँले स्वागत गर्नुहुन्थ्यो ।

४) बोधिसत्व महासत्वले विभिन्न देव र बोधिसत्वहरूलाई निरन्तर शिक्षा दिइराख्नु हुन्थ्यो र त्यो कुरा केवल दिव्य चक्षु भएकाहरूले मात्र देख्दथे र मायादेवीले पनि देख्नुहुन्थ्यो ।

५) यी प्रातिहार्यहरू सुन्दा रामायण, श्रीमद्भागवत् आदिका कथा जस्तै लाग्न सक्छन् । यहाँ दुईवटा कुरा मनमा राख्नु पर्छ, एउटा त यी कथाहरू रामायण श्रीमिद्भागवत् आदिभन्दा पहिले लेखिएका हुन् । त्यसकारण ती ग्रन्थहरूले तथागतको जीवन गाथाबाट विचारहरू लिएको स्पष्टसँगै देखिन्छ न कि भागवत् आदिबाट तथागतको जीवन कथा प्रभावित भएको । ललितविस्तर आदिको संस्कृतको शैली पनि भगवान् आदिको शैलीभन्दा पुरानो छ । दोस्रो कुरा, सिद्धि-ऋद्धिका धेरै तहहरू हुन्छन् भन्ने कुरा बुझ्नु हो । यी ग्रन्थहरूमा देखाइएका र अझै पुराना सीधै पहिलो संगायन हुँदा भनिएका ग्रन्थहरूमा देखाइने प्रातिहार्यहरू पछाडिका हिन्दू ग्रन्थ भागवत् आदिका भन्दा ज्यादै उच्चकोटिका छन् । तै पनि हामीले देख्न सक्छौं कि यी हिन्दू ग्रन्थहरू ती बौद्ध ग्रन्थबाट बलियै प्रभावित छन् ।

६) महासत्व मायादेवीको गर्भमा पस्दा ठूलै भूकम्प भएको थियो र ठूलै प्रकाश र चट्याङ्को गर्जन सुनिएको थियो । सूर्य, चन्द्र, देव, असुर, नाग आदिको भन्दा बेग्लैखालको दिव्य प्रकाश त्रिसाहस्र महासाहस्र लोकधातुभरी फैलिएको थियो । त्रिसाहस्र महासाहस्र लोकधातुका सबै देवलोकहरू कम्पन भएका थिए ।

७) मायादेवीले ६ ओटा दाह्रा भएको सेतो हात्ती पेटभित्र प्रवेश गरेको सपना देखेकी थिइन् र त्यसपछि सधैं उनलाई समाधिको आनन्द आउन थालेको थियो र दिव्यचक्षु पनि प्राप्त गरेकी थिइन् ।

८) ब्राह्मणहरूलाई सपनाको लक्षण सोध्दाखेरि ३२ लक्षणले युक्त बच्चा पेटमा प्रवेश गरेको र उक्त बच्चाले संसारलाई त्यागी प्रव्रज्या लिएमा बुद्ध बन्ने नत्रभने चक्रवर्ती सम्राट

हुनेछन् भनेका थिए ।

९) यहाँ चार कुराहरू देखिन्छन् -क) त्यस वेलाका ब्राह्मणसँग यस्तो प्रकारको लक्षण जान्ने विद्या थियो जुन पछाडि हामीले देख्नेछौं । ख) ३२ लक्षणहरूको बारेमा जान्ने ब्राह्मणहरू नै थिए । ग) तथागत र चक्रवर्ती राजाको अवधारणा ब्राह्मणहरू कै थियो र पछि आएर ब्राह्मणहरूमा त्यो कुरा हरायो । घ) ३२ लक्षणयुक्त तथागत त्रिधातुमै सबैभन्दा ज्येष्ठ हुन्छन्, ब्रह्मा, विष्णु, महेश भन्दा पनि ज्येष्ठै हुन्छन् र अझै पाँच शुद्धावास कायिक देवलोकका आर्यहरूभन्दा पनि ज्येष्ठ हुन्छन् ।

अब अहिलेका बाबा, साधु, सन्त, महाराज, परमहंसहरू कोही पनि वसिष्ठ, वामदेव, अङ्गिरस, आदि समान प्रातिहार्य (ऋद्धि-सिद्धिवाला) छैनन् र ती ऋषि-महर्षिहरू पनि राम, कृष्ण आदिसँग प्रातिहार्यमा बराबरी गर्न सक्दैनथे । राम, कृष्ण आदि विष्णुकै अवतार थिए । अब म निस्पक्ष तुलना गर्न भन्छु कि विष्णु भनेका सर्वप्रथम त देव हुन् र वैदिक प्रणालीभित्र त काम धातुकै त्रायस्त्रिंशा भनिने एक देवलोकका हुन् । पछि आएर भगवान् दर्शनमा विष्णुलाई उच्च स्थान दिइयो । यदि यो स्वीकार गर्ने हो भने पनि कुनै ब्रह्मलोक मध्येको कुनै एकमा उनी पर्ने हुन्छन् । तै पनि विष्णु शुद्धावासका देव भने कदापि हुन सक्दैनन् । किन ? किनकि यदि उनी शुद्धावास मध्येको कुनै देवलोकको देव या शासकै भए त उनी आर्य हुनुपर्ने हुन्छ । यदि उनी आर्य भएको भए उनले आत्मवाद, ईश्वरवाद, ब्रह्मवाद जस्ता सत्कायदृष्टिले युक्त शिक्षा दिनै सक्दैनथे । कृष्ण आदिले आत्मबाद, ईश्वरवाद आदि सिकाएको स्पष्टै छ । त्यसकारण विष्णु शुद्धावास भन्दा तलकै हुनुपर्ने हुन्छ । अर्को विकल्पै छैन । हदै भए विष्णु कुनै एक व्रह्मलोकको मालिक हुनुपर्छ चाहे त्यो माथिल्लो ब्रह्मलोक (शुद्धावासभन्दा तल) किन नहोस् ।

अब तथागतले अंगुत्तर निकायमा भनेको एक वाक्यलाई हेरौं । यसले हामीलाई विष्णु, इन्द्र जस्ता देवहरूको तुलनामा तथागत कहाँ हुँदा

रहेछन् र तथागत भनेकै के रहेछन् भन्ने कुरा बुझ्न मद्दत गर्दछ। शास्ताले भन्नुभएको छ कि तीन असंख्य कल्पभित्रको अवधिमा उहाँले एक पटक सात वर्षसम्म मैत्री भावनाको अभ्यास गर्नुभयो। यहाँ यसको मतलब के हो भने सात वर्षसम्म गुफाबास गरी मैत्रीको तीव्र रूपमा भावना गर्नुभएको थियो। यो विशेष किसिमको शमथ अभ्यासको फलस्वरूप उहाँ सात सम्वर्तकल्पसम्म आभास्वर लोकको ब्रह्मा भएर जन्मिनुभयो। त्यही नै भागवत्का विष्णुसँग उस्तै दर्जा भैसक्यो। फेरि सात विवर्त कल्पसम्म त्यो भन्दा पनि माथिल्लो ब्रह्मा भएर जन्मनुभएको थियो। उहाँ ब्रह्मा, महाब्रह्मा, अभिभू, अनभिभू, सर्वु, दर्शि, वशवर्ती आदि भएर जन्मनुभएको थियो। यी सबै ब्रह्माका नाम हुन्। उहाँ ३६ पटक देवेन्द्र इन्द्र हुनुभयो। धेरै सयौं वर्षसम्म त चक्रवर्ती राजा भएर जन्मिनुभएको थियो। यसले तपाईंलाई स्पष्ट हुनु पर्ने हो कि प्रातिहार्यका गुणहरूमा विष्णुजस्ता ब्रह्मलोकका कुनै पनि देवहरूभन्दा तथागत धेरै नै माथि हुन्छन्। यस्ता देवहरू भएर ७ महाकल्प सम्म जन्मिन ७ वर्षको तीव्र मैत्री चित्त नै पर्याप्त हुँदो रहेछ भने एक तथागत हुन तीन असङ्ख्य कल्प सम्मको तीव्र अभ्यास चाहियो। कृपया यो कुरालाई राम्ररी विचार गर्नुहोस्।

अर्को कुरा बुद्धको पालामा बैदिक ब्रह्मणहरूले धेरै विद्याहरू जानेको जस्तो देखिन्छ जुन आजभोली हराए जस्तो छ। उदाहरणको लागि उनीहरूले सपनाबाटै चक्रवर्ती राजा जन्मिने या तथागत जन्मिने भन्ने कुरा बताइदिन सक्थे। तिनहरूलाई तथागत जन्मिदाका विभिन्न लक्षणहरू के के हुन् भन्ने पनि थाहा थियो। शाक्यमुनिको जन्म हुँदाखेरि (हामीले पछि देख्ने छौं) ऋद्धिमान् ऋषि असित कालदेवले विशेष प्रकारको प्रकाश देखेका थिए जसले त्रिसाहस्र महासाहस्र लोकधातुलाई कुना कुनासम्म छोएको थियो, भूकम्प भएको अनुभव गरेका थिए र यो तथागतको जन्म भएको लक्षण हो भन्ने थाहा पाएका थिए। ती ब्रह्माणहरूले तथागतको जन्म र एक देवको अवतारको जन्ममा के फरक छ भन्ने पनि जान्दथे। उनीहरूले पदछाप (पाइलाको छाप) बाटै पनि त्यो व्यक्ति क्लेशमुक्त हो कि होइन भन्ने कुरा जान्दथे। उनीहरूले कसरी शरीरका लक्षणहरू पढ्ने भन्ने जान्दथे र बच्चा

के हो भन्ने थाहा पाउँदथे । पछि हामीले देख्ने छौं कि ऋषि असित देवलले त्यो कुरा सिद्धार्थलाई देखेर जानेका छन् । रामायण, भागवत् आदि लेखिने वेला सम्ममा यस्ता कुराहरू ब्राह्मणहरूको स्मरणमा धमिलो भैसकेका थिए । त्यसैकारण रामायण भागवत् आदिमा केही धारणाहरू उल्लेख गरिए जस्तो पनि पाइन्छ, तर स्पष्ट छैन ।

बुद्धको पालामा ब्राह्मणहरूमा राम्रोसँग प्रसिद्ध भएका कुराहरूमध्ये चक्रवर्ती राजा र ३२ लक्षणहरू पनि हुन् । यी धारणाहरू तथागतको धारणासँग पनि ज्यादै नजिकबाट सम्बन्धित छन् । त्यसैले हामीले पनि यिनीहरूको बारेमा केही अध्ययन गर्नेछौं ।

हरेक तथागतले बाह्र लीलाहरू (कृत्यहरू) गर्दछन् (शाक्यमुनि बुद्धले मात्र होइन) । ती हुन् - १) तुषितमा अवतरण २) तुषितबाट तल जम्बूद्वीपमा झर्ने ३) मातृ कुक्षि प्रवेश या गर्भावक्रान्ति ४) जन्म ५) शिक्षाहरू चाँडै सिक्ने र सबै कुरामा निपूण हुने एवं विवाह गर्ने ६) दरवारिया जीवन र चार निमित्तहरू ७) महाभिनिष्क्रमण गृह त्याग गरी प्रब्रज्या गर्ने ८) तपश्चर्या ९) मारविजय १०) सम्यक् सम्बोधि ११) धर्मचक्र प्रवर्तन १२) महापरिनिर्वाण ।

यहाँ हामीले ती सबै १२ लीलाहरूको विस्तारमा चर्चा गर्न सक्दैनौं होला । अहिले छोटकरीमा गर्भावक्रान्ति सम्मको चर्चा गरिसक्यौं । हामी सबैलाई थाहै छ कि तथागत लुम्बिनीको उपवनमा जन्मिनु भएको थियो, त्यसैले ती कुरा सबै छोडेर म सीधै जन्मतिर लाग्दै छु ।

जन्म हुनुभन्दा अगाडि ६०,००० अप्सराहरू मायादेवीको वरिपरी आएर उनको जन्माउने प्रकृयामा सहयोग गर्न थाले । दिव्य गानाले गगनै गुञ्जायमान भएको थियो र लाखौं देवहरू आएर मायादेवीलाई प्रणाम गर्दै थिए । इन्द्रराज, ब्रह्मा र अन्य लोकपाल (महेश्वर, विष्णु, गणेश, कार्तिकेय, भृङ्गी, रिटि र कामदेव) हरू मायादेवीको अघिल्तिर शिर झुकाएर उभिएका थिए । मायादेवीले कुनै पनि प्रसववेदनाको अनुभव नै नगरिकन गर्भबाट निस्कने सालनाल आदि कुनै पनि दूषण न निकाली दायाँतर्फबाट महासत्व बोधिसत्वलाई जन्म दिईन् र उहाँ सबै ३२ लक्षण र ८० अनुव्यञ्जनहरूले

सहित पूर्ण कायमा पूर्ण स्मृतिसम्प्रजन्यले युक्त भई देखा पर्नुभयो। उहाँ सामान्य रूपमा सालनाल सहित भै आमाको गर्भबाट जन्मिनु भएको होइन (शुकदेवको सालनाल सबै आफूले बोकेर भाग्नुपर्ने स्थितिको घटनासँगै तुलना गर्नुहोस्)

**शक्रमपि च ब्रह्म तौ पाणिभिः सम्प्रतीच्छा मुनिं**

**क्षेत्र सहस्र संकम्पिता आभ मुक्ता शुभा**

**अपि त त्रिषु अपायि सत्वा सुखी नास्ति दुःख पुन**

**अमर शतसहस्र पुष्पां क्षिपी भ्रामयन्त्यम्बरान् ॥२१८॥**

शुक्र र बह्मा दुबैले मुनिलाई हातमा लिए, हज्जरौं बुद्धक्षेत्रहरू कम्पायमान भए, राम्रो आभा प्रकट भयो, तीनै उपाय गति (दुर्गतिका) प्राणीहरू सुखी भए, दुःख केही रहेन। कपडाहरू फहराउँदै सयौं हजारौं देवताहरूले पुष्पवृष्टि गरे।

त्यस वेलामा ऋद्धिमान् ब्राह्मण ऋषि असित कालदेवल विन्ध्याचलको घना जंगलमा तीव्र रूपमा तपस्यारत थिए। उनी राजा शुद्धोदनका गुरू थिए। उनले भूकम्प महसूस गरे, प्रकाश देखे र शास्त्रहरूका अनुसार तथागत हुने बच्चाको जन्म हो भन्ने जाने। उनी सशरीर इन्द्रको त्रायस्त्रिंशा देवलोकमा गए र त्यहाँका देवहरूले हर्षोल्लास मनाइरहेको देखेपछि सोधे। उनीहरूले उनलाई बताए कि शुद्धोदनको पुत्र रूपमा महासत्व बोधिसत्व जन्मिनुभएको छ, त्यसैले उनीहरूले अब चाँडै नै सद्धर्मको उपदेश सुन्न पाउनेछन्।

अब फेरि जन्मतिरै लागौं, इन्द्र पछि ब्रह्माले बच्चालाई हातमा लिए अनि मात्र सर्वप्रथम बच्चालाई जमीनमा राखेका थिए। उहाँले जमीनमा स्पर्श गर्ने बित्तिकै त्यहाँ कमलको फूल उत्पन्न भएको थियो। यसैगरी उनी सात पाइला अघि बढे र प्रत्येक पाइला जमीनबाट उम्रेको कमलमै पऱ्यो। ललित विस्तरले यसरी बयान गर्छ -

**त्रिसाहस्रा इयं भूमि कम्पते सचराचरा**

**प्रभा च रूचिरा मुक्ता अपायाश्च विशोधिताः**

**क्लेशदुःखाश्च ते शान्ता जाते लोके विनायके ॥२२०॥**

लोकमा विनायक (बुद्ध) जन्मिदाखेरि यो चराचर त्रिसाहस्र महासाहस्र भूमि नै चलायमान भयो, सुन्दर प्रभा निस्क्यो, अपाय गतिहरूको शोधन भयो र ती सबैका क्लेश र दुःखहरू शान्त भए ।

**क्षिपन्ति मुरतः पुष्पं जातेऽस्मिन् नरनायके ।**

**क्रम सप्तपदां वीरः क्रमते बल वीर्यवान् ॥२२१॥**

यी नरनायक उत्पन्न भएपछि देवताहरूले पुष्प वर्षाए र वीर्य, बलले युक्त यी वीरले सात पाइला चाले ।

**पादौ निक्षिपते यत्र भूमौ पद्मवराः शुभाः ।**

**अभ्युद्गच्छन् ततो मह्यां सर्वरत्नविभूषिताः ॥२२२॥**

जहाँ जहाँ भगवान्ले पाउ राख्नुभयो त्यहाँ त्यहाँको जमीनमा सबै रत्नहरूले विभुषित उत्तम कमल निस्के ।

**यदा सप्तपदां गत्वा ब्रह्मस्वरमुदाहरि ।**

**जरामरणविधाती भिषग्वर इवोद्गत ः ॥२२३॥**

जब सात पाइला चाल्नुभयो तब ब्रह्माश्वर (स्पष्ट, ठूलो र गुञ्जने लक्षणको स्वर) मा उद्घोषण गर्नुभयो कि जरामरण विनाश गर्न श्रेष्ठ वैद्य समान म जन्मेको छु ।

**व्यवलोकयित्वा च विशालदो दिशां**

**ततो गिरां मुञ्चति अर्थयुक्तां**

**ज्येष्ठोऽहं सर्वलोकस्य श्रोष्ठो लोके विनायकः**

**इयं च जातिर्मम पाश्चिमा ति ॥२२४॥**

निर्भीक (विशारद) भगवान्ले त्यस पछि दशैदिशातिर हेरिसकेर गम्भीर

अर्थ भएको वचन बोल्नुभयो, "म सबै लोकमा जेठो हुँ, सबै लोकमा श्रेष्ठ हुँ, उत्तम विनायक (अरूलाई डोऱ्याउने वाला) हुँ, यो मेरो अन्तिम जन्म हो।"

यहाँ म तपाईंहरूलाई सम्झाउन चाहन्छु कि महासिद्ध विरूपादले पनि शिवलिङ्गलाई ढोग्नुभएको थिएन। "म जेठो हुँ अतः जेठो दाजुले कान्छो भाइलाई ढोग्दैनन्" भन्नु भएको थियो। यसको मतलब के हो भने विरूपाद ऋद्धिमान् देव महादेवभन्दा पनि जेष्ठ हुनुहुन्थ्यो। पछि राजाले जबर्जस्ती ढोगाएपछि त्यो शिवलिङ्ग सात टुक्रा भएर फाटेको थियो। तथागत त विरूपादभन्दा पनि धेरै जेठा हुनुहुन्छ। त्यसकारण यो पूर्ण रूपमा ठीकै हो कि मानिस, नाग, असुर, देव, ब्रह्मा, मार, बोधिसत्व, या महासिद्धहरू कोही पनि तथागतभन्दा ज्येष्ठ र श्रेष्ठ हुँदैनन्, त्यसैले प्रातिहार्यमा उहाँभन्दा क्षमतावान् कोही पनि हुन सक्दैनन्। तथागतको मतलब यही हो। यस्तो किसिमको जन्मलाई मात्र पूर्ण स्मृति र सम्प्रजन्य सहितको जन्म याने पूरा होश सहित जन्मेको मानिन्छ। (कृपया हाँस्दै जन्मेका शिवपुरी बाबासँग यसको तुलना गर्नुहोस् जसले पूरा होशसहित जन्मेको दावी गर्नुभएको थियो।)

अनि ती बच्चा मुक्तसँग हाँसे, "हास्यं च मुक्तं नरनायकेन"। त्यसपछि इन्द्र, ब्रह्मा, महेश्वर, विष्णु, कामदेव, गणेश, भृङ्गी, रिटि र कार्तिकेयले आठ महानागराजले आकाशबाट खन्याएको सुगन्धजलले बच्चालाई स्नान गराए। एक खरव देवहरूले पनि बालकलाई नुहाउन सहायता होस् भनी पानीका धारा चलाएका थिए। त्यसपछि सहांपति ब्रह्माले त्यो रत्नव्यूह (तथागत दश महिनासम्म बसेको रत्नकूटागार) लाई लिएर स्तुप बनाउन ब्रह्मलोकमा लगे।

शुद्धोदन आफ्नो घर (दरबार) तिर आउने बाटामा आफ्नो कुलदेवी अभया (कालीको एक रूप) भएको स्थानमा रोकिए। उनले आफ्नो छोरालाई कुलदेवीलाई ढोगाउन मन्दिरमा लगे। बालक पनि चाहेरै गए। परन्तु जब बालक मन्दिरभित्र प्रवेश गरे तब अभया देवीको ढुंगे मूर्ति खडा

भएर स्वयं नै बालकलाई दण्डवत् प्रणाम गऱ्यो । बालकले पनि आफ्नो चरण दिए जसले गर्दा देवीले उनको चरण शिरले स्पर्श गरिन् । अनि बोलिन्, "यदि यी बालकले कुनै पनि देव, ब्रह्मा, या शक्र, त्रिधातुकै कुनै पनि सत्वलाई ढोगे भने उसको शिर सात टुक्रा भएर फुट्नेछ ।" (स्मरण रहोस् कि विरूपादले ढोग्दाखेरि पनि शिवलिङ्ग सात टुक्रामा विभाजित भएको थियो ।)

अनि असित ऋषितिर लागौं । उनी त्रायस्त्रिंशावाट तल ओर्लेर आफ्नो तपोभूमि विन्ध्याचल आए । अनि आफ्नो शिष्यहरू लिएर कपिलवस्तु आए । बालकलाई देखेपछि पाउमा धर्मचक्र अङ्कित भएको र अन्य सबै ३२ लक्षणहरूले युक्त भएको पाए । बाँकी ललितविस्तरलाई नै भन्न दिऊँ -

**"प्रत्युत्थाय ततः कृताञ्जलिपुटो चरणानि सो वन्दते"** - उनले उठेर अञ्जली बाँधी बालकको चरणमा प्रणाम गरे र भने -

**राजा वा भवि चक्रवर्ति बलवान् बुद्धो व लोकोत्तमः**

**वाष्पं त्यक्त सुदीनकायमनसो गम्भीर निश्वस्य च**

**उद्विग्नश्च बभूव पार्थिववरः किं ब्राह्मणो रोदिती**

**मा विघ्नं खलु पश्यतेऽयमसितः सर्वार्थसिद्धस्य मे ॥२५९॥**

"यी या त बलवान् चक्रवर्ती राजा हुनेछन् या त लोकमा सर्वश्रेष्ठ बुद्ध हुनेछन्" अनि आँशु झारेर दुःखी मन र शरीर बनाएर गम्भीर रूपमा श्वास फाले । त्यो देखेर राजा आत्तिए, यी असित ब्राह्मण किन रून्छन् ? कतै यिनीले मेरो सर्वार्थसिद्ध (सिद्धार्थ) लाई कुनै अनिष्ट हुने कुरा त देखेका छैनन् ? भन्ने सोचे । अनि राजाले असितलाई आँसु बगाउनाको कारण सोधे । तब ऋषिले उत्तर दिए -

**आत्मानं बहु सोचमी नरपते जीर्णोऽस्मि यज्जर्जरः**

**यदयं भेष्यति बुद्ध लोकमहितो धर्मं यदा वक्ष्यते ॥**

**नरूक्षे अहु लब्ध प्रीति मनसो इत्यर्थ रोदाम्यहम् ॥२६०॥**

"हे राजन, म आफूलाई सोचेर रोएको हुँ । म अहिले धेरै बूढो जर्जर भैसकें । जब यी लोकपूजित बुद्ध हुनेछन् र धर्मको शिक्षा दिनेछन् तब यिनलाई प्रीतियुक्त मनले देख्न पाउने छैन त्यसैले रोएको हुँ ।" (यो याद गरिराख्नु पर्छ कि असित ऋद्धिमान् ऋषि थिए र सशरीर त्रायस्त्रिंशाजस्ता देवलोकहरूमा जान सक्थे) उनले भने -

**यस्या कायि भवन्ति विलक्षणवरा द्वात्रिंशती निर्मला**

**द्वे तस्या गतयो न अन्य तृतिया जानीष्व एवं नृप**

**राजा वा भवि चक्रवर्ति बलवान् बुद्धोऽथ लोकोत्तमः ॥२६१॥**

जसको शरीरमा यी निर्मल एवं श्रेष्ठ बत्तीस लक्षण हुन्छन् उसका केवल दुई किसिमका मात्र गतिहरू हुन्छन् र तेस्रो कुनै पनि गति हुँदैन । यस्तो जान्नुहोस् कि या त त्यो बलवान चक्रवर्ती राजा हुन्छ या त लोकमा सर्वश्रेष्ठ बुद्ध हुन्छ ।

अनि असितले भने, "परन्तु यी बालक चाहिँ चक्रवर्ती राजा नभएर बुद्ध नै बन्नेछन् ।" यस्तो भविष्यवाणी गरेर महासत्व बोधिसत्वको चरणमा झुकी परिक्रमा गरेर आफ्नो आश्रममा फर्के । अनि १२,००० शुद्धावास-कायिक देवहरू सहित देवपुत्र महेश्वर त्यहाँ आई कोठालाई विशेष प्रकारले उज्ज्वल बनाए, महासत्वको चरणमा शिरले स्पर्श गरे, परिक्रमा गरे र फर्के ।

त्यसपछि बोधिसत्व महासत्वलाई देवकुलमा लगियो जहाँ शाक्यहरूले पूजा गरिने सबै देवताहरू राखिएका थिए । तर, जब बोधिसत्वले आफ्नो दायाँ पाउले मन्दिरभित्र टेक्नुभयो तब त्यहाँका अचेतन मूर्तिहरू- शिव, स्कन्द, नारायण, कुबेर, चन्द्र, सूर्य, वैश्रवण, शक्र, ब्रह्मा र गणेश, कामदेव, भृङ्गिरिटि आदि सबै सचेत भएर र उभिई महासत्व बोधिसत्वको चरणमा प्रणाम गरे । त्यसवेला हि-हि, किलि-किलि जस्ता ध्वनिहरू सुनिन्थ्यो र मानौं त्यहाँ लाखौं लाख प्राणीहरूले त्यस्तै स्वर निकाले जस्तो भयो । अनि ती मूर्तिका सबै देवहरूले आ-आफ्नो स्वरूप देखाएर यो गाथा गाए

**नो मेरू गिरिराज पर्वतवरो जातू नमे सर्षपे**

**नो वा सागर नागराजनिलयो जातू नमे गोष्पदे**

**चन्द्रादित्य प्रभंकरा प्रभाकरा खद्योतके नो नमे**

**प्रज्ञापुण्यकुलोदितो गुणधरः कस्मान्नमे देवते ॥२९०॥**

"पर्वतहरूमा श्रेष्ठ पर्वतराज सुमेरू कहिल्यै पनि सर्स्यूंको दाना अगाडि झुक्दैनन्, नागराजहरूको निवासस्थान सागर कहिल्यै पनि गाईले टेकेको पाइलाको खाडलमा भरिएको पानीको अगाडि झुक्न सक्दैनन्, चम्किला किरण भएका एवं उज्यालो दिने चन्द्र र सूर्यहरू जुनकीरीको अगाडि झुक्दैनन् । तब प्रज्ञा एवं पुण्यले पूर्ण भई (उत्तम) कुलबाट उदाएको गुणवान् पुरूषले कसरी देवताहरूको सामु शिर झुकाउनु मिल्छ ?"

**यद्वत् सर्षम गोष्पदे व सलिलं खद्योतका वा भवेत्**

**एवं च त्रिसहस्रदेवमनुजा ये केचि मानाश्रिताः**

**मेरूसागरचन्द्रसूर्यसदृशो लोके स्वयंभूत्तमो**

**यं लोको ह्यभिवन्द्य लाभ लभते स्वर्गं तथा निर्वृतिम् ॥२९१॥**

यो त्रिसाहस्र महासाहस्र लोकधातुमा जो कोही पनि मान (अभिमान) ले युक्त भएका मनुष्य, देव आदि आदि छन् तिनीहरू सर्स्यूं, गोष्पदको जल, या जुनकीरी जस्ता हुन् । लोकमा उत्तम स्वयंभू (भगवान् तथागत) सुमेरू, समुद्र, चन्द्रमा एवं सूर्य जस्ता हुन् जसको वन्दना गरेर लोकले स्वर्ग र निर्वाणको प्राप्ति गर्न सक्छन् ।

यहाँ यो बुझ्नु धेरै आवश्यक छ कि जो भन्दा ज्येष्ठ, श्रेष्ठ त्रिधातु-षड्गतिमा कोही पनि छैन, चाहे कामधातुका इन्द्र, रूद्र हुन् चाहे उच्च ब्रह्मकायिक देवहरू जस्तैः -ब्रह्मा, विष्णु, महेश्वरहरू हुन्, चाहे त्यो भन्दा माथिका शुद्धावासका देवताहरू जस्तै -महेश्वरहरू, सहांपति ब्रह्मा आदि होऊन् । अनि जसलाई यी सबैले नतमस्तक भै ढोग्दछन्, ती बालक पनि अझै सम्यक् सम्बुद्ध याने तथागत होइनन्, उनलाई केवल फलोपचारबाट

तथागत भनिन्छ (उनले तथागतत्व लाभ गरेरै छोड्ने निश्चितै भएको हुनाले त्यही दृष्टिमा पहिल्यै पनि तथागत भनिएको) । पिता बितिसकेको युवराजलाई पनि राजा नै भन्दछन् यद्यपि उसको औपचारिक राज्याभिषेक भने अझै भैसकेको हुँदैन । राज्यभिषेक भैसकेपछि मात्र ऊ राजा हुने हो । त्यसैगरी सिद्धार्थ पनि अझै बोधिसत्व महासत्व नै थिए । उनी बोधगयाको बज्रासनमा मात्र तथागत हुनेछन् ।

उदाहरणका लागि, मैत्रेयले पूर्ण बोधि लाभ गरिसक्नु भयो याने अकनिष्ठमै १० भूमि पार गरिसक्नुभयो, तैपनि उहाँ अझै महासत्व बोधिसत्व मात्र हुनुहुन्छ, तथागत होइन । तर यही अवस्थामा याने अहिले उहाँ सम्पूर्ण देव, मार, व्रम्ह्माहरू, नाग, तारा, मञ्जुश्री, समन्तभद्र, क्षितिगर्भ आदि भन्दा ज्येष्ठ र श्रेष्ठ हुनुहुन्छ । वास्तवमा उहाँभन्दा माथिल्लो दर्जाको, बढी ऋद्धिमान्, बढी ज्ञानवान् र बढी पुण्यवान् कहीँ कुनै सत्व नै छैन । बालक सिद्धार्थको लागि पनि यही कुरा लागू हुन्थ्यो । सिद्धार्थ मैत्रेयभन्दा पनि ज्येष्ठ हुनुहुन्छ । उहाँले परिनिर्वाण लाभ गरिसकेपछि मैत्रेय सर्वज्येष्ठ श्रेष्ठ हुन आउनुभयो ।

यस्अहिले सम्ममा तपाईंहरूमध्ये धेरै जसोले महसूस गरेको हुनुपर्छ कि सिद्धार्थको बारेमा यस्तो कुरा त सुनिएको थिएन भाइ ! तपाईंहरू मात्र होइन, भारत वर्षमै सिद्धार्थको बारेमा पूरा जानकारी भएका व्यक्तिहरू धेरै छन् भन्ने मलाई लाग्दैन । त्यसैकारण त इकवालले लेख्नुपरेको हो - **“शमा ए-गौतम जलरही है महफिले अरियार मे ।”**

यी कथाहरू तिब्बती, चिनियाँ, जापानी, कोरियाई, भियतनामी, क्याम्बोडियन, लाओसियन्, बर्मेली, श्रीलङ्कन, मंगोलियन र मध्य एशियाका बौद्ध जनताहरूलाई थाहा हुन्छ परन्तु मध्यदेश -जहाँ तथागत स्वयं जन्मिनुभएको थियो, बोधि प्राप्त गर्नुभयो, त्यहाँका तपाईंहरूलाई थाहा हुँदैन् !

यी कुराहरू किन यसरी पूरापूर बिर्सिन पुगे भन्ने कारणहरू यी हुन् -

१) हजार वर्षदेखि यता आएर हिन्दू बाबा, महाबाबा, स्वामी, परमहंस, महाराज, साधु, सन्तहरूले बुद्धको बारेमा झूठो

बोल्दै आउनु ।

२) धेरै जसो पछाडि रचिएका ब्रह्मण शास्त्रहरूमा बौद्ध धर्मलाई भारत वर्षमा पछाडि पार्न १५०० वर्षसम्म भ्रूठा कुराहरू लेखिनु -जसले ब्राह्मणको उच्चता कायम राख्ने वर्णाश्रम धर्म पुनः फैलियोस् ।

३) परन्तु सबभन्दा महत्वपूर्ण कुरा त के हो भने बुद्ध स्वयंको पालादेखि नै यी प्रातिहार्यहरूलाई दोश्रो दर्जामा राखिनु र पछाडि पारिनु र शिक्षाहरूलाई मात्र पहिलो प्राथमिकता दिइदै आउनु ।

कथाहरूमा हेर्दै जाने हो भने दुई किसिमका प्रातिहार्यहरूको उल्लेख पाइन्छ, १) त्रिसाहस्र महासाहस्र लोकधातुभित्र नै प्रकाश फैलिनु, २) भूकम्प र चट्याङको गर्जन हुनु । तथागतको जीवनमा जम्मा चार पटक यस्तो अद्वितीय प्रकाशले पूरै त्रिसाहस्र महासाहस्र लोकधातुलाई व्याप्त गर्दछ - क) माताको कुक्षि (कोख) मा तुषितबाट भरेर प्रवेश गर्दाखेरि, ख) मातृकुक्षिको दायाँ तर्फबाट जन्मिँदाखेरि, ग) उहाँले सम्यक् सम्बोधि प्राप्त गर्दाखेरि, घ) सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्दाखेरि, ङ) उहाँले परिनिर्वाणमा जाने निर्णय गर्दाखेरि । यदि तथागतले चाहनुभयो भने एक कल्पसम्म जीवित रहन पनि सक्नुहुन्छ । तथागतको यति शक्तिशाली कर्म हुन्छ कि कुनै पनि मानव, देव, असुर, मार आदिले उहाँलाई भुक्याएर (अचानक) हत्या गर्न या परिनिर्वाण गराउन सक्दैन । त्यसकारण प्रत्येक तथागतले पहिले संकल्प गर्दछन् अनि त्यस्तो आवाज सुनिने, भूकम्प जाने गर्दछ । च) अन्तमा तथागत परिनिर्वाण जाने वेलामा छैठौं पटक भूकम्प जाने र तडित् गर्जन् सुनिने हुन्छ । यिनीहरू नै तथागत आउने, रहने, शिक्षा दिने र जाने लक्षणहरू हुन् ।

तथागतको सुनौला रंगको शरीर उहाँको जीवनमा दुईपटक विशेष रूपले चम्किन्छ । १) बोधिप्राप्त गरेपछिको विहानीमा, २) तथागत परिनिर्वाण जाने क्षणभन्दा अगाडि ।

हामीले अहिले जन्मसम्मको कुरा मात्र गऱ्यौं। मलाई लाग्छ तपाईंहरू सबैले पुण्य र प्रातिहार्यमा तथागत अतुलनीय नै हुँदारहेछन् भन्ने महसुस गर्नुभयो होला। मानव इतिहासमै तथागत अतुलनीय हुनुहुन्छ। त्यति मात्र होइन देव, ब्रह्मा, मार, असुरहरूमा समेत पनि ज्ञान, पुण्य, क्षमता र उपदेशमा तथागत सबैभन्दा ज्येष्ठ हुनुहुन्छ। उहाँ साँच्चिकै देवता र मनुष्यहरूको गुरू हुनुहुन्छ। अर्थात् -**"शास्ता देवमनुष्याणाम्।"**

तैपनि तथागत र उहाँको परम्परामा अहिले तपाईंले सुनेको कुरा कुनै खास विशेष कुरा होइन। यस्ता चमत्कारहरू त कौडिका पनि गनिदैनन्। चमत्कार त तब शुरु हुन्छ, जब उहाँले देव र मनुष्यलाई सिकाउन थाल्नुहुन्छ। हामीले अर्को महीना पनि यही कथालाई नै चालु राख्ने छौं।

**ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत्।**

**तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः**

**वातुल वासल वज्र**

नेपाली अनुवाद - **नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**

## बोधिपुष्पाञ्जलि -१४

त्रि-रत्न शरणम्

नमो अमिताभाय बुद्धाय

इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति

आज तथागतको जीवनी सम्बन्धमा चर्चा गर्ने कार्यक्रम रहे पनि दशैं-तिहार आदिको कारणले उक्त विषयमा प्रवचन तयार गर्न सकिएन। त्यसकारण यो अवसरमा पहिले नदिएका वा विस्तारमा चर्चा नगरिएका केही पारिभाषिक शब्दावलीको वारेमा वयान गर्ने मेरो विचार छ। विचिकित्साकै एक अङ्गको रूपमा रहेको तथागतको जीवनीको बारेमा अर्को महिनामा वर्णन गरिनेछ। आज हामी पहिले देखि नै हामीले प्रयोग गरिरहेका र पछि प्रयोग गरिने धेरै परिभाषिक शब्दहरूको वास्तविक परिभाषा दिँदैछौं। तिनीहरूलाई पूरै कण्ठस्थ पार्नुहोला। 'मन' भन्ने नेपाली शब्द र Consciousness, Awereness, Mind जस्ता अंग्रेजी शब्दहरू जनसाधारणले प्रयोग गर्ने अस्पष्ट/अनिश्चित (vague) शब्दहरू हुन्। यस्ता शब्दहरूले विवेचना गर्ने क्रममा समेत धेरै भ्रम उत्पन्न गराउँछन्।

"मेरो मन दुख्यो" भन्ने वाक्याकै उदाहरण लिउँ। यहाँ 'मन' भनेको वेदना स्कन्धको पर्यायवाची शब्द हो। यसले संज्ञा वा विज्ञान स्कन्धको अर्थ दिँदैन। विज्ञान स्कन्धले पीडा महसूस गर्दैन, यसले त्यहाँ पीडा छ र ममा त्यो पीडा छ भन्ने कुरा मात्र थाहा पाउँछ। त्यस्तै कुनै जनसाधारण व्यक्तिले "मैले मन मनमै थाहा पाएँ" भन्दा 'मन' चाहिँ मनोविज्ञानको पर्यायवाची शब्दको रूपमा प्रयोग गरिएको हो न कि वेदना स्कन्धको रूपमा। "यो कुरा मनन गर" भन्दा 'मन' शब्द संज्ञा स्कन्धको क्रियात्मक रूपमा प्रयोग गरिएको छ न कि विज्ञान वा वेदना स्कन्ध। यसरी तथ्य कुरा केलाउने प्रयास गर्दा यस्ता शब्दहरूले भ्रम पैदा गर्छन्। अधिकांश छलफल तथा धार्मिक चर्चामा यस्ता राम्रोसँग परिभाषित नगरिएका शब्दहरूलाई सस्तो ढंगले प्रयोग गर्नाले मानिसहरू निराशाजनक रूपमा अल्भिएको पाइन्छ।

त्यस्तै गरी अंग्रेजी शब्दहरू Awareness, Consciouness, Mind, Perception ले मनोविज्ञान, वेदना वा संज्ञा (या परिप्रेक्ष अनुसार नाम) अर्थ दिन सक्छन् । त्यसैकारण हामीले अभिधर्मका परिभाषाहरूलाई कण्ठस्थ पारेर सम्झिनु पर्छ । पहिले पारिभाषिक शब्दहरूमा राम्रोसँग पारंगत नभएसम्म भौतिक विज्ञान या रसायन विज्ञान बुझ्न नसकेजस्तै 'मन' भन्ने जटिल कुरालाई साँच्चिकै बुझ्न शुरुमा आभिधार्मिक परिभाषाहरू राम्ररी बुझ्नुपर्छ ।

अब हामी पञ्च स्कन्धको व्याख्यामा जाऔं । पञ्च स्कन्धमा १) रूप, २) वेदना, ३) संज्ञा, ४) संस्कार र ५) विज्ञान स्कन्ध पर्छन् । यी पञ्च स्कन्धभन्दा हामीमा अरू तत्व केही पनि छैनन् ।

१) **रूप स्कन्ध - "रूपं पञ्चेन्द्रियाण्यर्थाः पञ्चाविज्ञप्तिरेव च ।"** (१:९, अभिधर्मकोष) यो परिभाषा अनुसार रूप भनेको पाँच इन्द्रिय, पाँच अर्थ र अविज्ञप्ति हो । पञ्च इन्द्रिय भनेको चक्षुरिन्द्रिय, श्रोत्रेन्द्रिय, घ्राणन्द्रिय, जिह्वेन्द्रिय र कायेन्द्रिय हुन् भने तिनीहरूको अर्थ या आलम्वन भनेको रूप, शब्द, गन्ध, रस र स्प्रष्टव्य हुन् । अविज्ञप्तिको बारेमा अहिले हामी चर्चा गर्दैनौं ।

फेरि **"रूपं वणसंस्थानात्मकम्"** याने रूप भनेको वर्ण र संस्थान हो । वर्ण भनेको हरियो, नीलो, पहेंलो जस्ता रङ्गहरू हुन् र संस्थान भनेको आकार हो । यी दुईवटा गुण भएको चीजलाई नै रूप भनिन्छ । यहाँ रूप भन्नाले चक्षुर्विज्ञानले देख्ने रूप मात्र हो भने माथिको रूप चाहिँ अन्य विज्ञानहरूले पनि अनुभव गर्न सकिन्छ । **"रूप्यते इति रूपम्"** -यसका तीनवटा अर्थ हुन्छन् । पहिलो, 'रूप्यते' भन्नाले विकार उत्पन्न हुनु हो, याने एउटा बिग्रेर अर्को बन्नु हो, अर्थात् परिवर्तन हुनु हो । हुन त नाम पनि परिवर्तनशील हो तर यहाँ स्पष्ट देखिने भन्न खोजिएको हो । दोस्रो 'रूप्यते' भन्नाले बाधित (रोकिने) हो । जसले आफ्नो स्थानमा अर्कोलाई आउनबाट रोक्छ, त्यसैलाई रूप भनिन्छ । 'रूप'को अर्को अर्थ भिन्न हुनु अर्थात् अरूबाट भिन्न हुनु हो । यो चाहिँ

प्रायः वैदिक संस्कृतमा पनि लागू भएको पाइन्छ।

२) **वेदना स्कन्ध- "वेदना अनुभवः"** (१:१४ अभिधर्म कोष) याने वेदना अनुभव हो। **"वेदना रसानुभवः"** पनि भनिन्छ याने वेदना भनेको रसको अनुभव हो। रस भनेको काव्य शास्त्र अनुसार नव रस (श्रृङ्गार, वीर, हास्य, रौद्र, विभत्स, करूणा, भयानक, अद्भूत, शान्त) र पाक शास्त्रमा षड् रस (तीतो, टर्रो, अमिलो, गुलियो, नुनिलो, पीरो) हो। तर यहाँ रस भन्नाले तीन किसिमका हुन्छन्। क) दुःख याने दुःखात्मक अनुभव, ख) सुख याने सुखात्मक अनुभव र ग) अदुःखाऽसुख याने सुख पनि होइन दुःख पनि होइन। यी तीन रसको अनुभवलाई नै वेदना भनिन्छ या हर अनुभवको यी रसलाई नै वेदना भनिन्छ। अभिधर्म कोष अनुसार त रस र अनुभवमा भेद छैन, त्यही रस नै अनुभव हो।

३) **संज्ञा स्कन्ध -"संज्ञा निमित्तोद्ग्रहणात्मिका"** (१:१४) अभिधर्म कोष) याने संज्ञा भनेको निमित्त ग्रहण गर्नु हो। निमित्त भन्नाले **"निमित्तं वस्तुनोऽवस्था विशेषो नीलत्वादि"** हो याने निमित्त भनेको वस्तुको विशेष अवस्था हो। त्यस कारणले कुनै पनि वस्तुको विशेष लक्षण अवस्थादि थाहा पाउनु नै संज्ञा हो, जस्तै "यो हरियो सारी लगाएको केटी हो" भनेर थाहा पाउनु संज्ञा हो। **"संजानानीती संज्ञा"** पनि भनिन्छ। 'स' भनेको पूर्ण रूपमा र 'जानाति' भनेको जान्नु हो।

४) **संस्कार स्कन्ध - "चतुर्भ्योऽन्ये तु संस्कारस्कन्धः"** याने चार अलावा जे बाँकी छ, त्यो संस्कार स्कन्ध हो। यहाँ चार भन्नाले रूप, वेदना, संज्ञा र विज्ञान भन्ने बुझिन्छ। यति चारलाई छोडेपछि जे बाँकि रहन्छन्, ती सबै संस्कार स्कन्धमा समेटिन्छन्। यसमा वेदना र संज्ञा बाहेक सबै चैतसिक (चैत्त) मा पर्छन्। **"संस्कार स्कन्ध कतमः ? षट् चेतनाकायाः"** (३७:१६ अभिधर्म कोष व्याख्या) याने संस्कार स्कन्ध भनेको ६ चेतना हो। चेतना भनेको

संकल्प हो याने कुनै पनि काय, वाक र चित्तबाट कृयाकलाप हुनुभन्दा अगाडि चित्तमा त्यसो गर्नको लागि संकल्प हुन्छ। यही संकल्प नै षड् विज्ञानबाट उत्पन्न हुने भएकोले षट्काय भनिन्छ र त्यही नै चेतना हो। यो चेतना नै कर्मको बीज भएकोले यसैलाई नै कर्म पनि भनिन्छ। यसलाई द्वादश निदानको द्वितीय प्रत्ययमा संस्कार भनिन्छ र दशौंमा कर्मभव भनिन्छ।

यसले पञ्च स्कन्धलाई नै अभिसंस्कृत (प्रभावित) गर्छ, त्यसै कारणले **"संस्कृतम् अभिसंस्करोति तस्मात् संस्कारा उपादानस्कन्ध इत्युच्यते"** (संयुक्त निकाय २२:७८:८५) याने संस्कृत (the conditioned) धर्मलाई अभिसंस्कृत गर्ने (to condition) भएकोले संस्कार स्कन्ध भनिन्छ। यहाँ संस्कृत धर्म भन्नाले **"अन्योऽन्यापेक्षया कृता जनिता इति संस्कृता"** याने एक आपसमा आधारित (अपेक्षित) भईकन उत्पन्न भएको चीजलाई संस्कृत भनिन्छ। हाम्रा पाँचै स्कन्धहरू संस्कृत हुन् र ती पाँच स्कन्धलाई अभिसंस्कारित गर्ने चेतना जस्ता चैतसिक आदिहरूको समूहलाई नै संस्कार स्कन्ध भनिन्छ।

५) **<u>विज्ञान स्कन्ध -</u> "विज्ञानं प्रतिविज्ञप्तिः"** (१:१६ अभिधर्म कोष) याने विज्ञान भनेको हरेक हरेकलाई थाहा पाउनु, बोध हुन, अवबोध हुनु, जान्नु हो। नेपाली भाषामा विज्ञापन भनेको थाहा दिनु रु, अवबोध गराउनु हो। विज्ञप्तिको मूल पनि त्यही हो। विज्ञप्ति भनेको थाहा हुनु हो। यो एक क्रियापद (verb) हो र बौद्ध परिभाषामा विज्ञान, विज्ञप्ति, चित्त आदि एक प्रकृया (process) हुन्। यो चाहिँ ज्ञाता, थाहा पाउने वाला जस्तो हैन। व्याकरणको भाषामा चित्त आदि नाम (noun) भएतापनि बौद्ध दर्शनमा यो वस्तु नभैकन प्रकृया या व्यापार (function) मात्र हो। अंग्रेजी भाषामा चित्त आदि थाहा पाउने वाला (knower) नभईकन थाहा पाउने प्रकृया (knowing process/function) मात्र हो र ज्ञाता

(knower) को अस्तित्व बौद्ध दर्शनमा मानिन्न। बौद्ध सम्यक् दर्शन बुझ्नलाई यो तथ्य बुझ्नु अति नै जरूरी छ।

माथि हामीले हरेक विषयको विज्ञप्ति नै विज्ञान हो भन्यौं। यसको अर्थ, **"विषयम् विषयम् प्रति विज्ञप्तिरूपलब्धिर्विज्ञान स्कन्ध इत्युच्यते"** बाट स्पष्ट हुन्छ। अलग अलग विषयको बोध उपलब्ध हुनुलाई नै विज्ञान स्कन्ध भनिन्छ। यहाँ हरेक हरेक विषय भन्नाले ६ वटा विज्ञान (चक्षु, श्रोत, घ्राण, जिह्वा, काय र मनोविज्ञान) को आफ्नो आफ्नो विषय/आलम्बन (रूप, शब्द, गन्ध, रस, स्प्रष्टव्य र धर्महरू) हुन्।

अब यही सिलसिलामा थाहा पाउने प्रकृयालाई अलिकति विस्तारमा चर्चा गरौं। यहाँ अंग्रेजी भाषामा 'to know' र 'थाहा पाउनु' सरल शब्दले थाहा पाउने प्रकृयाको बहु आयामत्व (multi-dimensionality) स्पष्ट हुँदैन। हामीले माथि भनिसकेका छौं कि संज्ञा पनि एक थाहा पाउने प्रकृया हो। अब, विज्ञान पनि थाहा पाउने प्रकृया नै हो। तेस्रो, प्रज्ञा (जसको बारेमा अहिले सम्म चर्चा गरिएको छैन) पनि एक थाहा पाउने प्रकृया नै हो। यी कुरा छुट्याउन जरूरी छैन। एक त विज्ञानमा पनि षड्विज्ञानको समूहलाई नै विज्ञान स्कन्ध भनिन्छ।

**"चित्तम् अर्थमात्रग्राहि चैत्ता विशेषावस्थाग्राहिणः सुखादयः"** (माध्यमिक वृत्ति) अनुसार चित्तले वस्तु (अर्थ) मात्र थाहा पाउँछ या अझ सही बौद्ध भाषामा भन्ने हो भने चित्त भनेको अर्थ/वस्तु मात्र थाहा पाउनु हो। चैत्त/चैतसिक भनेको वस्तुको विशेष अवस्था बाहेक केवल वस्तु मात्र भनेको हो। जस्तैः मनले अरू कुरा सोचिरहँदा कानले पनि आवाज सुनिरहेको हुन सक्छ, तर हामीले मन त्यतातिर ल्याएपछि मात्र अगि सुनेको त्यो आवाज सुनेको थिएँ भनेर पछि बोध हुन सक्दैन। कानले थाहा पाइरहेको थियो, तर के थाहा पाइरहेको थियो भने, केवल 'शब्द वस्तु' मात्र। त्यो आवाज हो भनेर कानलाई थाहा थिएन। त्यो आवाज हो भनेर थाहा पाउने मनोविज्ञान हो। हामीले वस्तु मात्र छुट्याउनको लागि यो उदाहरण लिएका हौं, तर हर प्रकृयामा पहिले कान जस्तै पाँचै विज्ञानले

वस्तु मात्र ग्रहण गर्छन् । (थाहा पाउँछन्) । त्यसपछि मनोविज्ञानले 'यो त्यो वस्तु हो' भनेर थाहा पाउँछ। (ग्रहण गर्छ)। यहाँ कान भन्नाले सरल भाषामा श्रोत विज्ञानलाई भन्न खोजिएको हो। मनोविज्ञानले पनि रूप, शब्द, गन्ध, रस, स्प्रष्टव्य, चैत्त/चैतसिक आदि मात्र हो भनेर थाहा हुन्छ। त्योभन्दा बढी त्यसको विशेष अवस्था थाहा हुँदैन। यो विशेष अवस्था थाहा पाउने चैत्त/चैतसिक हो। (**चैत्ता विशेषावस्थाग्राहिणः**) उदाहरणार्थ, चक्षुर्विज्ञान (आँखा) द्वारा नीलो र आकृति थाहा हुन्छ तर यो नीलो हो र यस्तो आकारको हो भनेर थाहा हुँदैन। यो यस्तो आकार र यस्तो रङ्ग (नीलो) हो भनेर थाहा पाउने मनोविज्ञान हो।

**चक्षुर्विज्ञानेन नीलं विजानाति न तु नीलं इति।**

**मनोविज्ञानेन नीलं नीलमिति विजानाति॥** (अभिधर्मकोष व्याख्या)

याने चक्षुविज्ञानले नीलो वर्ण थाहा पाउँछ, तर यो नीलो हो भनेर थाहा हुँदैन। मनोविज्ञानले नीलो पनि थाहा पाउँछ, यो नीलो हो भनेर पनि थाहा पाउँछ र मैले नीलो थाहा पाएँ भनेर पनि थाहा पाउँछ। वीथिको भाषामा एउटा चक्षुर्द्वार वीथि हो र त्यसपछि तीन वटा अलग अलग मनोद्वार वीथि हुन् (नीलो थाहा पाउनु एक वीथि हो, यो नीलो हो भनेर थाहा पाउनु दोस्रो वीथि हो र यो नीलो हो भनेर मैले थाहा पाएँ भन्ने तेस्रो वीथि हो)। यिनीहरू चक्षुर्द्वारवीथि पछि मनोद्वारवीथिको रूपमा क्रमिक रूपमा उत्पन्न हुन्छन्। यो बुझ्नुपर्छ कि यी ज्ञानहरू साथसाथै (युगपद्) भएजस्तो देखिन्छ, तर वास्तवमा क्रमबद्ध रूपमा अलग अलग थाहा पाउने प्रकृया हुन्। अब मनोविज्ञानले यो नीलो हो, यो आकारको हो भनेर थाहा पाएपछि संज्ञाले मनोविज्ञानमा आधारित भइकन त्यो नीलो सारी लगाएको आइमाई हो भनेर थाहा हुन्छ। यो अर्को मनोविज्ञान वीथि नै हो तर संज्ञासहितको हो। त्यसपछि संस्कार स्कन्धले त्यो आइमाई राम्रो नराम्रो लागेको छुट्ट्याउँछ र त्यो थाहा हुन्छ। फेरि वेदनाले त्यो दृष्य सुखात्मक या दुःखात्मक हो भनेर छुटयाउँछ र त्यो थाहा हुन्छ। यिनीहरू पनि मनोद्वार वीथि हुन्, तर माथि दिइएको क्रम अनुसार हुनुपर्छ भन्ने जरूरी छैन। संज्ञा, वेदना, संस्कार,

चैत्त/चैतसिक हुन् ।(**चैत्ता विशेषवस्थाग्राहिणः**) ।

अर्को थाहा पाउने प्रकृया चाहिँ प्रज्ञा हो । प्रज्ञा भनेको तथ्य अतथ्य छुट्ट्याई थाहा पाउने प्रकृया हो, जस्तै माथिको उदाहरणमा आँखाले नीलो र आकार मात्र थाहा पाउँछ, मनोविज्ञानले त्यो नीलो हो र फलानो आकारको छ र मैले त्यो थाहा पाएँ भन्ने इत्यादि कुरा थाहा पाउँछ, संज्ञाले नीलो सारी लगाएको आइमाई भनेर थाहा पाउँछ। त्यसमा वेदना, संस्कार आदिले थप्छन् या सहयोग गर्छन् । प्रज्ञाले त्यो नीलो सारी लगाएको आइमाई स्वभावसिद्ध हैन भनेर थाहा पाउँछ। यो परिभाषा बुझेमा किन चित्त, चैतसिकको थाहापाइबाट मात्र युक्त नभएर विपश्यना (प्रज्ञा) को थाहापाइबाट मात्र मुक्त हुन सक्छ भन्ने कुरा बुझ्न सकिन्छ । अविकल्पको प्रश्न मात्र हैन किनकि पञ्च विज्ञान अविकल्प नै हो र मनोविज्ञान मात्र विकल्पात्मक हो ।

यसमा मूल थाहा पाउने विज्ञान हो किनकि संज्ञा, प्रज्ञा आदि विना पनि विज्ञानले थाहा पाउन सक्छ भने विज्ञान विना संज्ञा आदि एक्लैले मात्र थाहा पाउन सक्तैन । यसमा बुझ्नुपर्ने के छ भने विभिन्न चैत्तहरू चित्त विना रहँदैनन् भने चित्त स्वयंको चाहिँ केही चैत्तहरू विना पनि अस्तित्व हुन सक्छ। पञ्च विज्ञान चैतसिक विना रूप आलम्बनको आधारमा उत्पन्न हुन्छ भने मनोविज्ञान चैतसिकको आधारमा उत्पन्न हुन्छ ।

विज्ञान स्कन्ध भन्दाखेरि षड्विज्ञानलाई भनिएको भन्ने बुझ्नुपर्छ र हरेक षड्विज्ञानको उत्पाद, स्थिति र भङ्ग बुझ्नलाई अष्टादश धातु र वीथि बुझ्नुपर्छ जसको बारेमा अलि पछाडि चर्चा गरिनेछ। त्यो भन्दा पहिले हामी पञ्च स्कन्धलाई दुई भागमा बाडौं-नाम र रूप। रूपको व्याख्या हामीले अगाडि नै गरिसक्यौं। नाम भन्दाखेरि वेदना, संज्ञा, संस्कार र विज्ञान चारैवटालाई समावेश गरिन्छ। यसैलाई नै जनसाधारणको भाषामा 'मन' र अंग्रेजीमा 'mind' भनिन्छ ।

यहाँ सम्झनुपर्ने के छ भने आभिधार्मिक 'मन' र यो 'मन' मा भिन्नता छ। अभिधर्मको भाषामा 'मन' र 'चित्त' दुबै 'विज्ञान' शब्दका पर्यायवाची

हुन् भने नाम (याने जनसाधारणको 'मन') चित्त र चैत्त/चैतसिक दुबै हो र चैत्त भन्दा वेदना, संस्कार सबै पर्छन् जुन चाहिँ विज्ञान भनिँदा लागू हुँदैन।

**'नाम त्वरूपिणः स्कन्धाः"** (३.३० अभिधर्म कोष) को अनुसार नाम भनेको अरूप स्कन्ध हो याने रूपस्कन्ध अलावा बाँकी चार रूप नभएका स्कन्धहरू (वेदना, संज्ञा, संस्कार र विज्ञान) लाई नाम भनिन्छ। यसलाई 'नाम' भन्नुको कारण **'नमतीति नाम'** याने जो आफ्नो आलम्बन तर्फ नम्छ या झुक्छ, त्यसलाई नाम भनिन्छ। 'नमस्कार' र 'नम्रता' शब्दहरू पनि त्यहि 'नाम' शब्दसंग सम्बन्धित धातुबाटै आएका हुन्। तर यहाँ ढोग्नुभन्दा पनि त्यतातिर झुक्नु, ढल्कनु आदि भनिएको हो। हामीले कुनै चीजको नाम भनेर प्रयोग गर्छौं जस्तै गाई, टेवल आदि जस्ता नामहरू। या नाम पनि त्यही धातुबाटै उत्पन्न भएको शब्द हो र अघि भनिएको नामसँग सम्बन्ध राख्छ। **"नमतीति नाम"** याने जसले झुकाउँछ, त्यो नाम हो। जस्तै, गाई भन्ने शब्दले मनलाई त्यो आलम्बनतर्फ झुकाउँछ, त्यसैकारणले त्यो पनि नाम हो र अघि बताइएको नामको परिभाषासंग सम्बन्धित छ।

माथि बताइएको जस्तै नाम भन्दाखेरि चित्त र चैत्त दुबै बुझिन्छ र चैत्त भन्दा स्पर्श वेदना, संज्ञा र संस्कार बुझिन्छ। वेदना, संज्ञा र विज्ञान छोडिकन बाँकी जति पनि छन्, ती सबै संस्कार भित्र पर्दछन्। याने ४९ किसिमका चैत्त/चैतसिकहरू संस्कारमा पर्छन्, जस्तै काम, क्रोध, लोभ, चेतना, स्मृति, सम्प्रजन्य, विचार, विकल्प, प्रज्ञा आदि। यो चैत्त/चैतसिकको व्याख्या पछि सन्दर्भ आएको वेलामा गर्नेछौं।

अब विज्ञान स्कन्धलाई बुझ्नको लागि अष्टादश धातुको व्याख्या तर्फ जाऔं। यी अष्टादश धातुको तालिकाको आधारमा चित्त क्षण क्षणमा बदलिने विभिन्न हेतु-प्रत्ययबाट उत्पन्न भएको सन्तान हो भनी बुझ्न सकिन्छ। यसलाई विपश्यनाबाट पनि प्रत्यक्ष देख्न सकिन्छ। षड्विज्ञानलाई पञ्च विज्ञान र मनोविज्ञानलाई पञ्च विज्ञान र मनोविज्ञान गरी दुई भागमा बाँड्न सकिन्छ। पञ्च विज्ञानको मूल प्रत्यय मध्ये बाहिरी रूप (रूप, शब्द, गन्ध, रस, स्प्रष्टव्य) हो भने मनोविज्ञानको प्रत्ययको रूपमा आलम्बन

धर्महरू (चैत्त/चैतसिक) छन् ।

१) कायेन्द्रिय+स्प्रष्ट →काय विज्ञान

२) श्रोत्रेन्द्रिय +शब्द→श्रोत विज्ञान

३) जिह्वेन्द्रिय+रस→जिह्वा विज्ञान

४) घ्राणेन्द्रिय+गन्ध→घ्राण विज्ञान

५) चक्षु इन्द्रिय+रूप (वर्ण, संस्थान) →चक्षुर्विज्ञान

६) मन इन्द्रिय (भवाङ्ग) +धर्महरू→मनोविज्ञान

हामीले 'देखें' भन्छौं या 'आँखाले देखे' भन्छौं । यसो भन्दा चक्षुर्विज्ञान उत्पन्न भयो भन्न खोजिएको हो किनकि चक्षुर्विज्ञान विना आँखा (चक्षु इन्द्रिय) ले देख्न सक्दैन । चक्षु इन्द्रियले नै देख्ने भए मुर्दाले पनि देख्नुपर्ने हुन्थ्यो । तर आँखाविना पनि साधारणतया देखिँदैन । यसको माने के हो भने चक्षु इन्द्रियविना चक्षुर्विज्ञान उत्पन्न हुन सक्दैन । तर चक्षु इन्द्रियले मात्र पर्याप्त हुँदैन, देखिने चीज याने रूप पनि अगाडि हुनुपर्छ । रूप अगाडि हुनुपर्छ को तात्पर्य त्यहाँ रूप भएको हुनुपऱ्यो, रूपको साथै प्रकाश पनि हुनुपऱ्यो । यी चारवटा कुरा (चक्षु इन्द्रिय, रूपालम्वन, प्रकाश र मनसिकार) भएपछि मात्र चक्षुर्विज्ञान उत्पन्न हुन सक्छ । यहाँ मनसिकार भन्नाले अगाडिको विज्ञान त्यतातिर ढल्किनु वा जानु पऱ्यो, नत्र यी अगाडिका तीनैवटा प्रत्ययहरू भए पनि मनो विज्ञानले अर्कै अर्कै कुरा सोचेर बसिरहेको छ भने, जस्तै हामी भित्र भित्रै हराएर बसिरहेका छौं भने या अन्य कुनै पाँच विज्ञान मध्ये एकमा मन पूरै एकीकृत भईरहेको छ भने आँखाले देख्दैन । यसको मतलब चक्षुर्विज्ञान उत्पन्न हुँदैन । अन्य विज्ञानबाट कसरी भवाङ्गपात भई चक्षुर्विज्ञान हुन पुग्छ भन्ने कुरा बुझ्न वीथि बुझ्नुपर्छ ।

यहाँ बुझ्नुपर्ने कुरा के हो भने विज्ञान एउटै सन्तति मात्र हो जुन परिवर्तन हुँदै षड्विज्ञानको रूपमा प्रकट हुँदै चल्छ । ती षड्विज्ञानमा एक एक विज्ञान हुनुलाई अगाडिको विज्ञान (पूर्व विज्ञान) र आ-आफ्ना प्रत्ययहरू चाहिन्छन् । जस्तै चक्षुर्विज्ञानलाई हामीले पहिले चार प्रत्यय दर्शायौं ।

चक्षुर्विज्ञान उत्पन्न हुनु भनेको नै देख्ने प्रकृया भएको हो।

यो चक्षुर्विज्ञान नामपद भएतापनि बौद्ध प्रणालीमा प्रकृयात्मक कृयापदको अर्थ लाग्छ भनेर अगाडि नै भनिसकिएको छ। यो बुझ्नु आवश्यक छ कि भाषागत समस्याले गर्दा नामपद शब्दावली प्रयोग गरिरहनु परेको छ, जस्तै व्याकरणमा चक्षुर्विज्ञान नामपद हो। तर यहाँ भन्न खोजिएको देख्ने प्रकृया हो न कि देख्ने वाला वा देखिने वस्तु।

त्यस्तै किसिमले श्रोतेन्द्रिय, शब्दालम्वन, आकाश र मनसिकारबाट श्रोत विज्ञान उत्पन्न हुन्छ। घ्राणन्द्रिय, गन्धालम्वन, वायु एवं मनसिकारबाट घ्राण विज्ञान उत्पन्न हुन्छ। त्यस्तै जिह्वेन्द्रिय, रसालम्वन, जल र मनसिकारबाट जिह्वाविज्ञान र कायेन्द्रिय स्प्रष्टव्यालम्वन, पृथ्वी धातु र मनसिकारबाट काय विज्ञान उत्पन्न हुन्छ। यिनीहरू सबैमा इन्द्रिय, आलम्बन र मनसिकार चाहिँ मूल प्रत्यय हुन् र अरूहरू चाहिँ सहायक प्रत्यय हुन्। ती ६ इन्द्रिय, ६ आलम्बन र उत्पन्न भएका ६ नयाँ विज्ञानका सहयोगबाट अष्टादश धातु बन्छन् जसलाई माथिको तालिकामा दर्शाइएको छ।

यी अष्टादश धातुले दर्शाउन खोजेको कुरा यस प्रकाश छ। हामीले आँखाले देख्छौं, कानले सुन्छौं, शरीरले छोएको महसुस गर्छौं। अब प्रश्न उठ्छ कि यो देखाइ/सुनाइ/शरीरले छोएको महसूस गरेको के हो र कसरी उत्पन्न हुन्छ ? यही देखाइलाई नै यहाँ चक्षुर्विज्ञान भनिएको हो। त्यो चक्षुर्विज्ञान कसरी उत्पन्न हुन्छ ? पहिले चक्षु इन्द्रिय (जसलाई चक्षु प्रासाद पनि भनिन्छ) याने आँखा हुनुपऱ्यो, त्यसपछि आँखाले देखिने चीज हुनुपऱ्यो जसलाई यहाँ रूपालम्बन (**रूपं वर्णासंस्थानात्मकम्**) भनिन्छ। ती दुईको सम्पर्क (स्पर्श) हुनुपऱ्यो। तर त्यतिले मात्रै पनि देखिँदैन, नत्र मुर्दाको आँखाले पनि देख्नुपर्ने भन्ने कुरा पहिले नै गरिसकेका छौं। तर पनि यी दुईवटाको सम्पर्क नभैकन पनि देखिँदैन जस्तै टेवल देखिनका लागि टेवल र चक्षुइन्द्रिय (आँखा) को सम्पर्क हुन अनिवार्य छ, पहाड र चक्षुइन्द्रियको सम्पर्क हुँदा टेवल देखिँदैन। टेवल र आँखाको सम्पर्क भैसकेपछि देखाइ हुनाको लागि विज्ञान पनि चाहिन्छ। मुर्दामा विज्ञान नभएको हुनाले ती

दुईको सम्पर्क भएतापनि देखाइ हुँदैन । त्यो विज्ञान चाहिँ त्यो भन्दा अगाडिको सुन्ने विज्ञान (श्रोत) जस्ता अरू विज्ञानहरू मार्फत आउँछ। त्यसलाई मनसिकार भनिन्छ । मनसिकार भनेको त्यो भन्दा अगाडिको विज्ञान त्यतातिर ढल्कनु या त्यतातिर ध्यान दिनु हो । त्यतातिर झुकेपछि आँखा, टेवल र पूर्व विज्ञानको त्रिक सन्निपात हुन्छ र नयाँ चक्षुर्विज्ञान उत्पन्न हुन्छ । यही चक्षुर्विज्ञान उत्पन्न भएकोलाई नै देखाइ भनिएको हो ।

यो देखाइ याने चक्षुर्विज्ञान चाहिँ यसपछि आउने विज्ञान, जस्तै सुनाइ (श्रोतविज्ञान) को लागि पूर्व विज्ञान हुन पुग्छ। श्रोत विज्ञान पनि कान (श्रोत्रेन्द्रिय) , आवाज (शब्दालम्बन) र अघिको चक्षुर्विज्ञान झुकेर यी दुईको सम्पर्कमा आउनुबाट उत्पन्न हुन्छ। त्यस्तैगरी कायविज्ञान र मनोविज्ञानमा पनि यही नियम लागू हुन्छ। यसरी हाम्रो विज्ञान कहिले चक्षुर्विज्ञान उत्पन्न भएर, त्यसपछि श्रोत विज्ञान भएर, त्यसपछि काय विज्ञान भएर अनि मनोविज्ञान हुँदै बदलिँदै सन्तानको रूपमा प्रवाहित भईरहेको हुन्छ (बगिरहन्छ) । कुन विज्ञानपछि के आउँछ भन्ने कुरा हेतु-प्रत्ययहरूमा भर पर्ने भएकोले निश्चित क्रम हुन सक्दैन ।

यहाँ चित्तसन्तान बदल्दै गएको हो न कि एउटा चित्त भन्ने वस्तु छ जुन चाहिँ बदलिरहेको छ भन्ने हो । एउटा चित्त छ जो बदलिरहेको छ भन्नु विरोधाभासपूर्ण धाराणा हो । किनकि एउटा चित्त छ भन्नुको अर्थ परिवर्तन नभइकन एकै वस्तु रहिरहनु पर्छ। त्यो चित्तलाई बदलिरहेको छ भन्दाखेरि बदलिँदै नबदलिएको उही चित्त बदलिरहेछ भन्नु समान हुन्छ ।

चित्त A चित्त B बन्नुलाई नै बदल्नु या परिवर्तन हुनु भनिन्छ । चित्त B उत्पन्न हुँदा चित्त A को पनि अस्तित्व बाँकी रहँदैन भने चित्त B चित्त Cबन्दा चित्त Aको त नाम निशान नै हुँदैन । केवल यसो भन्न सकिन्छ कि चित्त B बन्नु (उत्पन्न हुनु) लाई चित्त A एक प्रत्यय (condition) हुन जान्छ, तर चित्त B उत्पन्न हुँदा चित्त A पूर्णतया व्यय भैसकेको हुन्छ, त्यस्तै किसिमले चित्त Bचित्तC को प्रत्यय हुन जान्छ तर चित्त Cउत्पन्न हुँदा चित्त B पूर्ण व्यय भैसकेको हुन्छ भने चित्त Aको त के कुरा गर्ने ? त्यसैकारण

त्यहाँ कुनै एउटा उही चित्त छैन जो बदलिरहेको भन्न मिलोस् । वास्तवमा कुनै वस्तु पनि त्यस्तो हुन सक्दैन । त्यो नबदलिइकन एउटै, एकनासै रहिरहने तर त्यो बदलिइरहने -पूरै विरोधाभासपूर्ण कुरा हुन जान्छ ।यो कुरा चित्त सन्तानमा मात्र लागू नभएर रूप सन्तानमा पनि लागू हुन्छ । वास्तवमा सन्तान बुझ्नको लागि यो कुरा बुझ्न अति जरूरी छ र सन्तान बुझें भन्ने धेरै जना यो कुरामा अल्झिरहेका हुन्छन् ।

माथिका सैद्धान्तिक कुरालाई व्यवहारमा हेरौं । चक्षुर्विज्ञान भनेको श्रोत्रविज्ञानबाट भिन्न कुरा हो । भिन्न नभएको भए देख्दा पनि सुन्नुपर्ने र सुन्दा पनि देख्नुपर्ने थियो, अझ अर्को भाषामा, कानले देख्नुपर्ने र आँखाले सुन्नुपर्ने थियो । तर आँखाले देख्दा एक लेश मात्र पनि आँखाले सुन्दैन । त्यस्तै कानले पनि एक लेश मात्र पनि देख्दैन । केवल यति भन्न सकिन्छ कि श्रोतविज्ञान प्रत्यय भैकन भवाङ्ग बन्छ र भवाङ्ग प्रत्यय बनिकन चक्षुर्विज्ञान उत्पन्न हुन्छ । श्रोतविज्ञान भवाङ्ग होइन र भवाङ्गचक्षुर्विज्ञान होइन । न चक्षुर्विज्ञान नै त्यसपछि उत्पन्न हुने भवाङ्ग हो । अघि-अघिको (पूर्व) चित्त पछि -पछिको चित्तको प्रत्यय हुँदै सन्तति अटुट रूपमा कायम रहन्छ ।

दृष्टान्तको लागि एक बत्तीलाई हेरौं । कुनै पनि बत्ती बल्नुलाई अर्को बत्ती, जस्तै सलाईको बत्ती चाहिन्छ । यो अगाडिको बत्ती पूर्व चित्त हो र दियोमा बालेको बत्ती पछि उत्पन्न भएको चित्त हो । ती दुई एउटै एकैनासे बत्ती होइनन् तैपनि अघिको बत्ती पछिको बत्तीको प्रत्यय भैकन उत्पन्न भएको हो । यसैलाई सन्तति या सन्तान या सरेको भनिन्छ ।

अब त्यही बलिसकेको दियोलाई हेर्दाखेरि पनि एकनास एउटै बत्ती बलिरहेको जस्तो देखिन्छ, तर वास्तवमा त्यो भ्रम मात्र हो किनकि हर क्षण नयाँ तेलको थोपा र नयाँ सुत जलिरहेको छ जसबाट त्यो क्षणको बत्ती उत्पन्न भइरहेको छ । त्यो तेलको थोपा, सूत र अगाडिको बत्ती पछि-पछि आउने बत्तीको प्रत्यय हो । बत्तीलाई हेर्दा त एकनास नै देखिन्छ तर तेल र सूतबाट थाहा हुन्छ कि नयाँ तेल र नयाँ सूत प्रत्यय बनिरहेका छन् । अघिको सूत र तेलबाट उत्पन्न भएको बत्ती पछिको सूत र तेलबाट उत्पन्न

भएको बत्तीसँग एउटै कसरी हुन सक्छ ? अघिको तेल र सूत पछिको तेल र सूत त होइन । अलग अलग चिजबाट उत्पन्न भएको चीज कसरी एउटै हुन सक्छ ? त्यसैकारण यहाँ क्षण क्षणमा बदलिइरहेको बत्तीको सन्तति मात्र छ न कि एउटै बत्ती एकनास रूपमा बलिरहेको ।

त्यस्तै किसिमले विज्ञान पनि पूर्व विज्ञान र नयाँ नयाँ प्रत्ययबाट बत्ती जस्तै सन्ततिको रूपमा क्षण क्षणमा बदल्दै गइरहेको छ । यही बदलिनु नै एक प्रकृया हो, व्यापार/अर्थक्रियाकारित्व (function) हो र त्यहीँ त्यो प्रकृया अलावा त्यो प्रकृया गर्ने अपरिवर्तनशील वस्तु केही पनि छैन । यही नै बुद्धधर्मको एक मौलिक धारणा हो । यो कुरा बुझ्न वस्तु प्रवर्तित अवधारणा (process oviention) मा फट्को मार्न सकिन्छ । यसैलाई नै रूप तालिका फट्को मार्नु (thingness orientation) बाट प्रकृयाप्रवर्तित अवधारणा (paradigm shift) भनिन्छ । यो नबुझेसम्म मौलिक बौद्ध अवधारणाहरू बुझ्न गाह्रो हुन्छ ।

चक्षुर्विज्ञानबाट भवाङ्ग भैकन श्रोतविज्ञान उत्पन्न हुने प्रकृयालाई नै वीथि भनिन्छ । जसको व्याख्या पनि भैसकेको छ, पछि पनि वृहत् रूपमा व्याख्या गरिनेछ । अर्को महिनामा तथागतको कथाको बारेमा पुनः वयान गरिनेछ । यो बोधिपुष्पाञ्जलिका संस्कृत भाषामा भएका परिभाषाहरू कण्ठस्थ पार्नुहोस्, गहिरिनको लागि अर्को विकल्प छैन ।

लामा श्याब्कारको सानो प्रसङ्ग उल्लेख गरेर आजको प्रवचन टुङ्ग्याउन चाहन्छु । लामा श्याब्कार भीमसेन थापाको समयमा तिब्बतको आम्दो प्रान्तका महासिद्ध हुनुहुन्थ्यो । आजकाल बौद्धनाथ स्तूपमा देखिने सुनको गजूर उहाँले नै राजा राजेन्द्र विक्रम शाह तथा काजी भिमसेन थापाको अनुमति लिएर जडान गर्नुभएको थियो । उहाँले न्यालाम (कुती)बाट नै उक्त स्तूपको प्राणप्रतिष्ठा गर्नको लागि फूल छर्किदा बौद्धनाथ अगाडि चेलाहरूले पूजा गरिरहेको ठाउँमा पुष्पवृष्टि भएको थियो । उहाँ भन्नुहुन्छ, "आजकाल केही व्यक्तिहरू भन्ने गर्छन् कि पूर्वागत अभ्यासहरूमा (preliminary) त्यति ज्यादा मेहनत लगाउन आवश्यक छैन, यस्ता जटिल

कार्यहरूको के अर्थ ? निष्प्रपञ्च (चित्तको अविकल्पात्मक स्वरूप (non-conceptual nature of mind) महामुद्राको अभ्यास गर्नु नै पर्याप्त छ। तर त्यसो भन्नु नौनी चलाउन नसक्नेले ढुंगा चलाउन सक्छु भनेजस्तो हो। त्यस्ता अर्थहीन (बकम्फुसे) व्यक्तिको कुरा नसुन। जो समुद्रको किनारसम्म पनि पुगेको छैन, उसले कसरी समुद्रको बारेमा कुरा गर्न सक्छ ?"

अर्को वेला उहाँले आफ्ना चेलाहरूलाई अनुभूति नभएसम्म सबै पूर्वागतहरू पूर्ण रूपमा पूरा गर भन्नुभएको छ। ती अभ्यासहरू सकेपछि पनि उत्पत्तिक्रम र सम्पन्नक्रम शुरु गर्नुभन्दा पहिले बारम्बार तिनै पूर्वागत अभ्यासहरू गर्नुपर्छ। निष्प्रपञ्च र अविकल्पात्मक महामुद्रा गर्नुभन्दा अगाडि पनि यी अभ्यासहरू पूर्ण रूपले गर्नु भन्नुभएको छ। त्यसैले यो कुरालाई तपाईंहरू सबैले ध्यान दिनुहोस्।

**ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत्।**

**तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः**

**वातुल वासल वज्र**

नेपाली अनुवाद - **नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**

# <u>चित्त तालिका</u>

- पुद्गल (व्यक्ति)
  - नाम
    - चित्त
      - वीथि-मुक्त
        - १) भवाङ्ग
          - सुषुप्ति
          - क्षणिक
        - २) प्रतिसन्धि चित्त (द्वादश निदानको तेस्रो प्रत्यय गर्भ प्रवेश गर्दा खेरिको चित्त)
        - ३) च्युति चित्त (द्वादश निदानको बाह्रौं प्रत्यय, मरण हुँदा छोडिने चित्त)
      - वीथि-युक्त
        - १) कायेन्द्रिय + स्प्रष्टव्य → काय विज्ञान = कायद्वारावर्जन वीथि
        - २) श्रोत्रेन्द्रिय + शब्द → श्रोत्र विज्ञान = श्रोत्रद्वारावर्जन वीथि
        - ३) जिह्वेन्द्रिय + रस → जिह्वा विज्ञान = जिह्वाद्वारावर्जन वीथि
        - ४) घ्राणेन्द्रिय + गन्ध → घ्राण विज्ञान = घ्राण द्वारावर्जन वीथि
        - ५) चक्षु इन्द्रिय + रूप (वण, संस्थान) → चक्षुर्विज्ञान = चक्षुर्द्वारावर्जन वीथि
        - ६) मन इन्द्रिय (भवङ्ग) + धर्म → मनो विज्ञान = मनोद्वारावर्जन वीथि
    - चैत्त (५१ वा ५२)
  - रूप

## बोधिपुष्पाञ्जलि-१५

त्रि-रत्न शरणम्

नमो अमिताभाय बुद्धाय

इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति

भगवान् बुद्धले 'गृहविनय' मा पनि र पत्नीका पाँच कर्तव्यहरूको देशना गर्नुभएको छ। आजभोलि पनि बौद्ध प्रचलन अनुसार विवाहको समयमा भिक्षु वा बौद्ध आचार्यद्वारा आवाहन सूत्र, मङ्गल सूत्र पाठ गराई ती पाँच कर्तव्यहरूको प्रतिज्ञा गराउने चलन छ।

**वरबाट गरिने प्रतिज्ञा-**

मैले भगवान् बुद्धले देशना गर्नुभएको गृहीविनय अनुसार निम्न पाँच कर्तव्य पत्नीको सम्मानमा जीवनभर पालना गर्नेछु।

१) मैले आफ्नी पत्नीको सम्मान गर्नेछु।

२) मैले आफ्नी पत्नीको अपमान गर्नेछैन।

३) मैले व्यभिचार गर्नेछैन र आफ्नी पत्नीको विश्वास पात्र बन्नेछु।

४) मैले आफ्नो शक्ति अनुसार सम्यक् रूपले कमाएको धन दौलत र वस्तु आदिबाट आफ्नी पत्नीलाई सन्तुष्ट राख्नेछु।

५) मैले आफ्नी पत्नीलाई यथाशक्ति गहना आदि दिएर सबै प्रकारबाट खुशी पार्नेछु।

**वधुबाट गरिने प्रतिज्ञा-**

मैले भगवान् बुद्धले दशना गर्नुभएको गृहीविनय अनुसार निम्न पाँच कर्तव्य पतिको सम्मानमा जीवनभर पालना गर्नेछु।

१) मैले आफ्नो घरको सबै काम राम्रोसँग गर्नेछु।

२) मैले घरका परिवार, परिजन र नोकर चाकर सबैलाई प्रसन्न तथा अनुशासित गराउनेछु।

३) मैले व्यभिचार गर्नेछैन र आफ्नो पतिको विश्वास पात्र बन्नेछु ।

४) मैले पतिले कमाएको धन दौलतको रक्षा गर्नेछु ।

५) मैले घरको सम्पूर्ण काम-कारवाही दक्ष तथा आलस्यरहित भएर गर्नेछु ।

अंगुत्तर निकायमा एक समयमा भगवान्ले 'भग्ग जनपदको संमुमार गिरीको भोषकला वन' नामक मृगदावमा विहार गर्नुहुन्थ्यो । तव भगवान्ले पूर्वाह्नमा चीवर पहिरेर पात्रचीवर लिएर गई नकुलपिता गृहस्थको घरमा पाल्नुभयो । पुगेर विच्छाइएको आसनमा बस्नुभयो । तब नकुल पिता गृहपति तथा नकुलमाला गृहपत्नीले भगवान् भएको ठाउँमा पुगेर उहाँलाई अभिवादन गरी एकातर्फ बसे । अनि नकुलपिताले भने-"भन्ते ! जब म सानो थिएँ, नकुलमाता पनि सानै थिइन्, यिनलाई ल्याएँ । त्यसवेलादेखि इनले समेत पनि विरूद्ध आचरण गरेको थाहा छैन । हाम्रो इच्छा छ कि यो लोकमा बाँचुञ्जेल सम्म पनि एक आपसमा हेर्दै रहौं र मरेपछि पनि यसै गरी एक आपसमा हेर्दै रहौं ।" त्यसै गरी नकुलमाताले पनि नकुलपिताको बारेमा त्यस्तै भनिन् । अनि भगवानले भन्नुभयो -"हे गृहपति हो ! यदि तिमीहरू दुबै पति-पत्नीले बाँचुञ्जेल पनि मिलेर सँगसँगै रहिराख्ने र मरेपछि पनि यसरी नै सँगसँगै रहने हो भने दुबैजना समान श्रद्धावाला हुनुपर्छ, समान शीलवाला हुनुपर्छ, समान रूपबाट त्यागी हुनुपर्छ र समान प्रज्ञावाला हुनुपर्छ । जो यस्ता हुन्छन्, तिनीहरू बाँचुञ्जेल पनि आपसमा मिलेर रहन्छन् र मरेपछि पनि त्यसैगरी नै संगै रहन्छन् ।"

त्यस्तै किसिमले एक दिन भगवान मेढ्रकको नाति उग्रहको घरमा जानुभएको थियो । मेढ्रकले निवेदन गरे कि, "भन्ते ! यी मेरा छोरीहरू पतिका कुलमा जाँदैछन्, यिनीहरूलाई उपदेश दिनुहोस्, अनुशासन गर्नुहोस् जसले गर्दा चिरकाल सम्म सुखको कारण हुन जान्छ ।" भगवान्ले भन्नुभयो, "यसको लागि तिमीहरूले यसरी सोच्नुपर्छ कि, तिमीहरूको कल्याण चाहने, अनुकम्पा गर्ने, हित चाहनेवाला माता-पिताले तिमीहरूमाथि अनुकम्पा गरेर जुन पतिलाई सुम्पिन्छन्, 'हामी उनीभन्दा पहिले उठ्नेवाली र उनीभन्दा पछि

सुत्नेवाली हुनेछौं, आज्ञामा रहनेवाली हुनेछौं, अनुकूल व्यवहार गर्नेवाली हुनेछौं तथा प्रियवादिनी हुनेछौं ।

फेरि पतिका गौरव भाजनहरू चाहे माता होऊन्, चाहे पिता या श्रमण या ब्राह्मण होऊन्, उनीहरूको सत्कार गर्नेछौं, उनीहरूको गौरव गर्नेछौं, उनीहरूलाई मान्नेछौं, उनीहरूलाई पुज्नेछौं तथा अतिथि आएको वेला तिनलाई आसन र जल दिनेछौं । फेरि स्वामीको व्यवसाय जे भएपनि, चाहे ऊनको काम होस्, चाहे कपासको काम होस्, त्यसमा दक्ष हुनेछौं, आलस्य रहित हुनेछौं, त्यसमा यथोचित विचार गर्नसक्ने र त्यसलाई व्यवस्थित गर्नसक्ने हुनेछौं ।

फेरि, स्वामीको घरभित्रका जे जति पनि नोकरचाकर आदि छन्, उनीहरूले काम गरेको या नगरेको जानकारी राख्नेछौं, रोगीहरूको क्षमता भए नभएको विचार राख्नेछौं र उनीहरूको भोजन-पानी पनि त्यही हिसाबले बाँडिदिनेछौं । त्यस्तै स्वामीको धन, धान्य, सुनचाँदीको सुरक्षा र हिफाजत गर्नेछौं, त्यसप्रति धूर्त (ठग) हुनेछैनौं, चोर्ने छैनौं, नोक्सान हुन दिनेछैनौं ।' हे कुमारी हो ! जुन स्त्रीमा यी पाँच गुण हुन्छन्, उनीहरू शरीर छोड्ने बित्तिकै मनापकायिक (राम्रो रूप भएका) देवलोकमा जन्म लिन्छन् ।"

एक दिन भगवान् अनाथ पिण्डकको घरमा पाल्नुहुँदा त्यहाँ हो हल्ला भएको सुन्नुभएको थियो । के भएको थियो भन्ने सोधपुछ गर्नुभएपछि, "प्रभु ! यो सुजाता मेरी बुहारी हुन्, सुसम्पन्न परिवारबाट यहाँ ल्याइएकी हुन्, न सासुलाई टेर्छिन्, न ससुरालाई टेर्छिन्, न आफ्नो पतिलाई नै ! न बुद्धलाई आदर कदर गर्छिन् ।" भनि अनाथपिण्डकले निवेदन गरे । अनि भगवान्‌ले सुजातालाई आफ्नो सामु बोलाएर सात प्रकारका पत्नीहरूको बारेमा प्रकाश पार्नुभयो - (यी सात प्रकारका पत्नीहरू आजको आधुनिक समाजमा पनि विद्यमान छन्)-

१) <u>बाधक भार्या -</u> उनी कपटी हुन्छिन्, खराब प्रकृतिकी हुन्छिन्, निर्दयी हुन्छिन् र आफ्नो पतिको वास्ता नगरी अरू पुरूष प्रति मन लगाउने खालकी, वेश्यावृत्ति भएकी,

दिक्क पार्ने खालकी हुन्छिन् ।

२) चोरभार्या - उनी पतिले जति (थोरै/धेरै) सुकै आम्दानी गरेपनि उडाएर सिद्धयाउने खालकी हुन्छिन् ।

३) आर्य (अधिपति) भार्या - यिनी केही काम गर्न पनि मन नलगाउने, धेरै खञ्चुवा, कठोर र निष्ठुरी, खराब र पीर्ने खालको बोली बोल्न रूचि भएकी, परिश्रमीहरूलाई दबाएर बस्ने आदत भएकी हुन्छिन् ।

यस्ता तीन किसिमका पत्नीहरू नराम्रा हुन् भने,

४) मातृभार्या - सधैं मैत्री र करूणा भावले आफ्नो पतिलाई आमाले आफ्नो छोरालाई रक्षा गरेझैं रक्षा गर्छिन् र पतिको सञ्चित धनलाई सुरक्षा गर्छिन् ।

५) भगिनीभार्या - आफ्नो दाइ प्रति वहिनीले आदर गरेझैं पतिप्रति हुन्छिन् । उचित मात्रामा लज्जाशील, पतिको इच्छानुसार चल्ने हुन्छिन् ।

६) सखिभार्या - उनी लामो समयसम्म विछोड भएपछि भेट हुँदा एक मित्रले अर्को मित्र प्रति जसरी रमाउँछ, त्यसरी नै पतिलाई देख्ने बित्तिकै रमाउने खालकी हुन्छिन् । पुण्यवान् र पतिव्रता हुन्छिन् ।

७) दासीभार्या - गाली गर्दा पनि, दण्ड दिँदा पनि रिसाउँदिनन्, बरू शान्त भई पतिको सबै कुरा सहेर क्रोधरहित भई पतिको इच्छा मुताविक चल्छिन् ।

यी चारवटा राम्रा पत्नीहरू हुन् । यी सात मध्ये तिमी कुन चाहिँ हौ सुजाता ?" भनि भगवानले सोध्नुभयो । भगवानले यसो भन्दा सुजाताले "आज देखि भगवानले मलाई दासीभार्या हो भनेर मान्नुभए हुन्छ" भन्ने उत्तर दिइन् र त्यस दिन देखि अनाथपिण्डकको घरमा बुहारीको कारणले कचिंगल हुन छोड्यो ।

पहिले बताए झैं द्वादश निदानको तेस्रो प्रत्यय विज्ञानमा तीन किमिसका (काम चित्त, महद्गत चित्त र लोकोत्तर चित्त) विज्ञान छन्। ती मध्ये कामचित्तलाई दश संयोजनले बाँधिराखेका हुन्छन्। विचिकित्सा सत्काय दृष्टिपछिको अर्को संयोजन हो। यसको प्रतिपक्ष श्रद्धाको व्याख्या गर्ने सिलसिलामा हामीले तथागतको जीवनी शुरु गरेका थियौं। यही क्रममा आज अघि बढ्ने छौं। तर पनि शुरु गर्नुभन्दा अघि गत बोधिपुष्पाञ्जलिका केही बुँदाहरूलाई संक्षेपमा दोहोऱ्याउन चाहन्छु।

हाम्रो बोधिपुष्पाञ्जलिको शैली यसरी अघि बढेको छ कि बुद्धधर्म अनुसारको मौलिक धारणा, अवधारणा र शब्दावलीहरू बारम्बार विभिन्न दृष्टिकोण र विभिन्न पक्ष र स्तरहरूबाट दोहोऱ्याउँदै आइएको छ। यसको कारण तपाईंहरूलाई यी पद-पदावलीहरू र धारणाहरू कण्ठस्थ होऊन् भन्ने हो। ल्याटिन भाषामा "Repetitio est mater studiorum" भन्ने भनाइ छ जसको नेपालीमा अर्थ हुन्छ, “दोहोऱ्याइ रहनु नै अध्ययनको आमा हो” (Repetition is the mother of study)। “घोकन्ति विद्या” !

हामीले अस्ति पञ्च स्कन्धको कुरा गरेका थियौं। त्यसमा ‘स्कन्ध’ को परिभाषा हो - **“राश्यर्थ स्कन्धार्थ इति”** याने राशी या थुप्रो, समूहको अर्थमा स्कन्धको अर्थ लिइएको छ। अर्थात् वर्ण, संस्थान आदिको थुप्रो, ढीको, या जमात नै स्कन्ध हो। अंग्रेजीमा collection भनिन्छ। नेपाली भाषामा पनि धनको राशी, धनराशी भन्दाखेरि ‘थुप्रो’ लाई भने जस्तो यहाँ पनि रूप, अङ्ग, आकार, अणु आदिको थुप्रोलाई नै रूपस्कन्ध भनिएको हो। त्यस्तै क्षण क्षणका दुःख सुख आदिको अनुभवका राशीलाई वेदना स्कन्ध भनिएको हो। यसैगरी संज्ञा, संस्कार र विज्ञान स्कन्धलाई पनि बुझ्नुपर्छ।

स्कन्धको अर्को अर्थ काँध या कुम पनि हुन्छ। यसले भार बोक्ने गर्छ। त्यस अर्थमा हेर्ने हो भने पनि पञ्च स्कन्धले पुद्गल (व्यक्ति) रूपी भार बोक्ने काम गर्छ। पुद्गल भनेको ‘व्यक्तित्व’ याने ‘म’ भनेर हामीले बुझिने व्यक्तित्व हो। बुद्धधर्ममा यसको कुनै अस्तित्व नभए पनि व्यवहारमा

यसको अस्तित्व पञ्च स्कन्धमा आधारित हुन्छ। यहाँ आधारित भनेको आरोपित हुनु हो । जस्तै मधुरो प्रकाश हुँदाखेरि डोरीमा सर्पको आरोप हुन सक्छ। **"रज्जौ सर्पभ्रमणारोपः ।"** डोरी नभएको भए सर्प भनेर भान (आरोप) हुँदैन। त्यसकारण उक्त सर्प त्यतिखेर डोरीमा आधारित छ या डोरीले सर्पको भार बोकेको छ भने पनि हुन्छ। त्यस्तै किसिमले पुद्गल (व्यक्ति) पनि पञ्चस्कन्धमा आरोपित (भान) हुन्छ।

अस्तिको प्रसंगमा 'सन्तान' भन्ने शब्द पनि निस्केको थियो। सन्तानको परिभाषा हो, **"स्वजातीयक्षणप्रवाहः सन्तानः"** अर्थात् आफ्नै जातीय क्षणहरूको प्रवाह नै सन्तान हो । जस्तै काठ-काठ सबै सजातीय हुन्, पानी-पानी सबै सजातीय हुन्। क्षणप्रवाह भनेको "छिन छिनमै बदल्दै बगिरहनु" हो। त्यसकारण उस्तै गुण र लक्षण भएका कुराहरू छिन छिनमै बदल्दै बगिरहेको प्रवाह नै सन्तान हो। यहाँ बुझ्नुपर्ने कुरा के हो भने क्षणप्रवाह भनेको क्षण क्षणमै बदलिरहेको प्रवाह हो। तर त्यो बदलिरहेता पनि, त्यस प्रवाहका प्रत्येक अलग अलग क्षणहरू बेग्ला बेग्लै हुन्। तर पनि तिनीहरूको समान किसिमका गुण र लक्षणहरू भएका हुनाले सजातीय (स्वजातीय) भनिएको हो। त्यस्तै प्रकाशको सन्तान र खोलाको सन्तान सजातीय नभएर विजातीय हुन्। त्यस्तै दुई दुईटा भिन्दै खोलाको सन्तान सजातीय भएपनि तिनीहरू बेग्लै हुने भएकोले अलग अलग सन्तान हुन् अर्थात् 'सन्तानान्तर' हुन्।

**रूपं पञ्चेन्द्रियाण्यर्थाः पञ्चाविज्ञप्तिरेव च।** (१.९, अभिधर्मकोष, रूप भनेको पाँच इन्द्रय, पाँच अर्थ र अविज्ञप्ति यति (एघार) हुन्।)

**रूपं वणसंस्थानात्मकम्/वेदनानुभवः** (१.१४, अभिधर्मकोष, रूप भनेको रङ्ग र आकार भएको हो भने वेदना भनेको अनुभव हो।)

**संज्ञा निमित्तोद्ग्रहणात्मिका** (१.१४, अभिधर्मकोष, संज्ञा भनेको निमित्तलाई पकडिने स्वभावको हो।)

**निमित्तं वस्तुनो, अवस्थाविशेषः।** (निमित्त भनेको वस्तुको अवस्था

विशेष हो ।)

**चतुर्भ्योऽन्ये तु संस्कारस्कन्धः** (१.१५, अभिधर्मकोष, यी चार बाहेकका अरू सबै संस्करस्कन्ध हुन् ।

**संस्कारस्कन्धः कतमः ? षट्चेतनाकायाः** (संस्करस्कन्ध के हो ? ६ ओटा चेतनाहरूको समूह हो ।)

**संस्कृतं अभिसंस्करोति तस्मात् संस्कारा उपादान स्कन्ध इत्युच्यते ।** (संस्कृत धर्महरूलाई अधिसंस्कार गर्ने याने ढाँचा दिने भएकाले संस्कारलाई उपादान स्कन्ध भनिन्छ ।)

**विज्ञानं प्रतिविज्ञप्तिः** (१.१६, अभिधर्मकोष, विज्ञान भनेको प्रत्येक कुरा थाहा हुनु हो ।

विषयं विषयं प्रतिविज्ञप्तिरूपलब्धिर्विज्ञानस्कन्ध इत्युच्यते । (विषय विषयहरू प्रति थाहा हुनु या उपलब्ध हुनु नै विज्ञानस्कन्ध भनिन्छ ।)

**चिनोतीति चित्तम्** (चयन गर्ने, जम्मा गर्ने भएकोले चित्त भनिन्छ ।)

**मनुते इति मनः** (मान्ने, नाप्ने भएकोले मन भनिन्छ ।)

**चित्तम् अर्थमात्रग्राही चैत्ता विशेषावस्थाग्राहिणः सुखादयः** (चित्तले अर्थमात्रलाई ग्रहण गर्छ भने चैत्तहरू चाहिँ विशेष अवस्थालाई पनि ग्रहण गर्ने स्वभावका हुन्छन्, जस्तै सुख आदि ।)

**नाम त्वरूपिणः स्कन्धाः** (नाम भनेको अरूपी स्कन्ध हुन् ।)

**नमतीति नाम** (झुक्ने भएकोले नाम हो )

**नमयतीति नाम** (झुकाउने भएकोले नाम हो)

**चक्षुर्विज्ञानेन नीलं विज्ञानाति नो तु नीलमिति** (चक्षुर्विज्ञानले नीलो थाहा पाउँछ तर नीलो हो भनेर थाहा पाउँदैन् ।)

**मनोविज्ञानेन नीलं नीलमिति च विजानाति** (मनोविज्ञानले नीलो र 'नीलो हो' भन्ने पनि जान्दछ ।)

**चैत्ताः सर्वचित्तसम्प्रयुक्तधर्माः** (चैत्त भनेका चित्तसँग जोडिएका सम्पूर्ण धर्महरू हुन् ।)

यी पाँच स्कन्धका अलावा अर्को कुनै कुरा पनि हामीमा उपलब्ध हुँदैन । (पाईदैन) । यहाँ प्रश्न उठ्छ कि वेदान्तले कसलाई आत्मा भनेको त ? त्यो बुझ्नलाई शंकराचार्यऽको 'तत्वबोध' (२६) मा **"आत्मा तर्हि कः?** (त्यसो भए आत्मा के हो त ?) **सच्चिदानन्दस्वरूपः** (सद्-चिद्-आनन्द स्वरूप हो)" अनि (२७)मा **"सत् किम् ?** (सत् भनेको के हो ?)", "कालत्रयेऽपि तिष्ठतीति सत् (तीनै कालमा जो रहन्छ, त्यो सत् हो याने जो अपरिवर्तनशील छ त्यो नै सत् हो)" । **"चित् किम् ?** (चित् भनेको के हो ?) **ज्ञान स्वरूपः** (ज्ञान स्वरूप हो, अर्थात् सम्पूर्ण पदार्थहरूको स्वरूप जान्नु नै चिद् हो) ।" **"आनन्द कः? सुखस्वरूपः"** (आनन्द के हो? सुख रूप हो याने दुःख प्रपञ्चबाट रहित भएको )

अब यसलाई बौद्ध 'विज्ञान' सँग तुलना गर्दा विज्ञान 'ज्ञानस्वरूप' पनि हो किनकि विज्ञान भनेको थाहा हुनु हो भनेर बताइसकेका छौं र विज्ञान वेदान्तको आत्मा भन्दा फरक हो अतः दुःख सुखबाट पर छ किनकि वेदना स्कन्धले मात्र दुःख सुख अनुभव गर्छ, विज्ञान स्कन्धले होइन । तर यो आत्मा तीनै कालमा परिवर्तन नभइकन रहेको (कूटस्थ) हो भने विज्ञान त क्षणक्षणमा बदलिइरहेको प्रवाह (सन्तान) हो ।

यहाँ आएपछि दुईटाको दृष्टिमा (बौद्ध दृष्टि र वेदान्त दृष्टि) प्रश्न चिन्ह खडा हुन्छ । यदि क्षण क्षणमा बदलिइरहने विज्ञान नै 'थाहा पाउनु' हो भने त्यो भन्दा भिन्दै कूटस्थ, तीनै कालमा नबदलिने आत्मा कहाँ हुन् सक्छ ? यो पनि याद गर्नु आवश्यक छ कि 'थाहा पाउनु' एक प्रक्रिया हो र कुनै पनि प्रक्रिया केवल बदलिँदो सन्तानमा मात्र हुन सक्छ किनकि नबदलिकन प्रक्रिया (process) या व्यापार (function) हुन सक्दैन । आत्मा यदि चिद् स्वरूप अर्थात् 'थाहा हुनु' (ज्ञान) हो भने त्यो एक प्रक्रिया हो, त्यसकारण बदलिनु नै पर्छ र बदलिएमा त्यो 'सत्' हुनै सक्दैन । यहाँ अर्को प्रसङ्ग पनि उठ्छ कि विज्ञानको अलावा अर्को परमार्थ सत्ता रूपी

नित्य, त्रिकालमै उस्तै रहिरहने आत्मालाई मान्ने हो भने सत्कायदृष्टि कसरी काटिन्छ ? विज्ञान नै आत्मा हो भनेर मान्ने हो भने त्यसको परिभाषामै 'सत्' भनेर मान्नु स्पष्ट गलती हो र विज्ञानभन्दा भिन्दै पर अर्को थाहा पाउने केही पनि हुनै सक्दैन र सम्भावना नै छैन। फेरि यो विज्ञान चिनेर मुक्त भइन्छ भन्ने कुरा पनि हामी बौद्धहरू मान्दैनौं जस्तो कि वेदान्तमा त्यो 'आत्मा' चिनेर मुक्त भइन्छ भन्ने मानिएको छ। यसरी यहाँ मुक्तिको परिभाषा समेत स्पष्टै फरक भएको देखिन्छ।

यहाँ वेदान्तको विज्ञानमयकोशले पनि धेरैलाई भ्रममा पारेको छ। बौद्ध विज्ञान भनेको थाहा पाउने प्रक्रिया मात्र हो जो 'सच्चिदानन्द' को परिभाषामा चिद्भित्र आइहाल्छ। वेदान्तै अनुसार पनि विज्ञानमयकोश र आत्मा एउटै होइन किनकि वेदान्तमा विज्ञानमयकोशलाई जड नै मानिएको छ। शंकराचार्यको तत्वबोध (२४) मा **"विज्ञानमयकोशः कः"** (विज्ञानमयकोश के हो?) **"बुद्धि ज्ञीनेन्द्रियपञ्चकं मिलित्वा यो भवति सः विज्ञानमयकोशः** (बुद्धि र पाँच ज्ञानेन्द्रिय मिलेर जे हुन्छ त्यसलाई विज्ञानमय कोश भनिन्छ)। यो विज्ञानमयकोशले आत्माको प्रकाशद्वारा मात्र थाहा पाउँछ नत्र भने जड नै हो भनिने भएकोले त्यसमै थाहा पाउने क्षमता छैन। तर बौद्ध विज्ञानमा त त्यो क्षमता छ। अन्तमा विज्ञानमयकोशले आत्माको प्रकाशद्वारा थाहा पाउने भएको हुनाले "त्यसले पनि थाहा पाउँछ" त भन्नु पऱ्यो। अतः दुईटा थाहा पाउनेवालाको प्रसङ्ग उठ्छ जसको छलफल हामीले पहिलेका बोधिपुष्पाञ्जलिहरूमा गरिसकेका छौं।

बोधिपुष्पाञ्जलि १३ मा हामीले तथागतको जन्म परिवर्तसम्म बताइसकेका थियौं। अब अघि बढ्दै जाऔं। पहिले बताइए जस्तै, तथागतको जीवन गाथालाई अति विस्तृत रूपमा सबै कुरा बताउन त सम्भव हुँदैन। त्यसकारण केही उल्लेखनीय कुराहरूलाई मात्र यहाँ बताउनेछौं।

जब सिद्धार्थकुमार बढ्दै गए तब उनलाई लिपिशालामा अक्षर सिक्न पठाइएको थियो। त्यस बखतको घटना क्रमलाई ललितविस्तरले यसरी

उल्लेख गर्छ -

बोधिसत्वलाई जब लिपिशालामा प्रवेश गराइयो तब तत्कालै त्यहाँका शिशुहरूका आचार्य विश्वामित्रले बोधिसत्वको श्री र तेजलाई सहन नसकेर भुईंमा मुखकाभर पल्टे । उनलाई यसरी पल्टेको देखेर तुषित लोकका शुभाङ्ग नाम गरेका देवपुत्रले दाहिने हत्केलाले उठाएर आकाशमै अडिएर राजा शुद्धोदन र त्यो जनसमूहसँग निम्न गाथाहरू गाए ।

**शास्त्राणि यानि प्रचरन्ति लोके**

**संख्या लिपिश्च गणनापि च धातुतन्त्रं**

**ये शिल्पयोग पृथु लौकिक अप्रमेयाः**

**तेष्वेषु शिक्षितु पुरा बहुकल्पकोट्यः ॥२९७॥**

"संख्या, लिपि, गणना, धातुतन्त्र (अण्ड-पिण्ड-विज्ञान) आदि जो जति शास्त्रहरू मनुष्यलोकमा प्रचलित छन्, त्यस्तै जति पनि असंख्य शिल्पकला सम्बन्धि योग र लौकिक कलाहरू छन्, ती सबैमा यी (बोधिसत्व) ले पहिले नै धेरै करोडौं कल्पसम्म शिक्षा पाएका छन् ।"

**किं तू जनस्य अनुवर्तनतां करोति**

**लिपिशालमागतु सुशिक्षितः शिष्यणार्थ**

**परिपाचनार्थ बहु दारक अग्रयाने**

**अन्याँश्च सत्वनयुतानमृते विनेतुं ॥२९८॥**

"परन्तु यिनी लोकको अनुसार चलिरहेका छन् । त्यसैले सुशिक्षित भैसकेका भएपनि धेरै बालकहरूलाई अग्रयान (अर्थात् बोधिसत्वयान) मा परिपाक गराउनको लागि र अन्य खरबौं खरब सत्वहरूलाई अमृत पद (मोक्ष याने निर्वाण) मा विनेय गर्नको लागि यहाँ लिपिशिलामा सिक्न आएका हुन् ।"

**लोकोत्तरेषु चतुसत्यपथे विधिज्ञो**

**हेतु प्रतीत्य कुशलो यथ सम्भवन्ति**

**यथा च निरोध क्षयु संस्थितु सीतिभावः**

**तस्मिन् विधिज्ञ किमथो लिपिशास्त्रमात्रे ॥२९९॥**

"यिनले चार आर्य सत्यको लोकोत्तरमार्गको विधिलाई जान्दछन् । हेतु प्रत्ययबाट धर्महरू जसरी उत्पन्न हुन्छन्, त्यो सबै जान्नमा यिनी कुशल छन् । सबै धर्महरू कसरी क्षय, निरोध र स्थित हुन्छ अनि शान्त हुन्छन् त्यो सबै यिनले जान्दछन् । अनि त लिपिशास्त्रको मात्र भन् के कुरा गर्ने ?"

**नेतस्य आचरिय उत्तरि या त्रिलोके**

**सर्वेषु देवमनुजेष्वयमेव जेष्ठः ।**

**नामापि तेष लिपिनां न हि वित्थ यूयं**

**यत्रेष शिक्षितु पुरा बहुकल्पकोटयः ॥३००॥**

"तीनै लोकमा या त्यो भन्दा माथि पनि यिनको आचार्य कोही पनि छैन । यिनी सबै देवताहरू र मनुष्यहरूमा ज्येष्ठ छन् । यि बोधिसत्वले पहिलेका धेरै करोडौं कल्पहरूमा कति लिपिहरू सिके त्यसको नाम सम्म पनि तिमीहरूले जान्न सक्दैनौं ।"

**यो चित्तधार जगतां विविधा विचित्रा**

**एकक्षणन अयु जानति शुद्धसत्वः**

**अदृश्यरूपहितस्य गतिं च वेत्ति**

**किं वा पुनोऽथ लिपिनो ऽ क्षरदृश्यरूपां ॥३०१॥**

"लोकमा विविध एवं विचित्र चित्तधारा या चित्तसन्ततिहरूलाई समेत पनि यिनी शुद्धसत्वले एकै क्षणमा जानिहाल्छन् । अदृष्य र रूप रहित (भाषा) को गति समेत जान्दछन् भने रूप सहितका अक्षरहरूको लिपिको त कुरै के भयो र ?"

यति भनेर ती देवपुत्रले बोधिसत्वलाई दिव्य पुष्पहरूले पूजा गरी अन्तर्धान भए । त्यसपछि धाईहरू त्यहीं बसे र बाँकी शुद्धोदन आदि शाक्यहरू फर्किए । अनि बोधिसत्वले 'उरगसार चन्दन' बाट बनेको दिव्य

रङ्ग भएको, सुनौला तिलको चारैतिर मणिहरूले र रत्नहरूले जडित लिपिफल्याक (पाटी) लिएर विश्वामित्र आचार्यसँग भने, "हे उपाध्याय, मलाई कुन लिपि सिकाउनुहुन्छ ?"

१) ब्राह्मी, २) खरोष्ठी, ३) पुष्करसारी, ४) अङ्गलिपि, ५) वङ्गलिपि, ६) मगधलिपि, ७) मङ्गल्य लिपि, ८) अङ्गुलीय लिपि, ९) शकार लिपि, १०) ब्रह्मवलि लिपि, ११) पारूष्य लिपि, १२) द्रविड लिपि, १३) किरातलिपि, १४) दाक्षिण्य लिपि, १५) उग्रलिपि, १६) संख्यालिपि, १७) अनुलोमलिपि, १८) अवमूर्धलिपि, १९) दरद लिपि, २०) खाष्य लिपि, २१) चीनलिपि, २२) लून लिपि, २३) हूनलिपि, २४) मध्याक्षरविस्तर लिपि, २५) पुष्य (पुष्प) लिपि, २६) देवलिपि, २७) नागलिपि, २८) यक्षलिपि, २९) गन्धर्वलिपि, ३०) किन्नर लिपि, ३१) महोरगलिपि, ३२) असुर लिपि, ३३) गरूड लिपि, ३४) मृगचक्र लिपि, ३५) वायसरूत लिपि, ३६) भौमदेवलिपि, ३७) अन्तरिक्षदेवलिपि, ३८) उत्तर कुरूद्विपलिपि, ३९) अपरगोदानीय लिपि, ४०) पूर्वविदेह लिपि, ४१) उत्क्षेपलिपि, ४२) निक्षेपलिपि, ४३) विक्षेपलिपि, ४४) प्रक्षेपलिपि, ४५) सागरलिपि, ४६) वज्रलिपि, ४७) लेखप्रतिलेखलिपि, ४८) अनुपद्रुतलिपि (अशीघ्रलिपि) ४९) शास्त्रावर्त लिपि, ५०) गणनावर्तलिपि, ५१) उत्क्षेपावर्तलिपि, ५२) निक्षेपावर्तलिपि, ५३) पादावर्तलिपि, ५४) द्विरूत्तरपद सन्धिलिपि यावद्दशोत्तरपद सन्धिलिपि, ५५) अध्याहारिणी लिपि, ५६) सर्वरूत संग्रहणीलिपि, ५७) विद्यानुलोमाविमिश्रितलिपि, ५८) ऋषितपस्तप्ता लिपि, ५९) रोचमाना लिपि, ६०) धरणीप्रक्षेपणलिपि, ६१) गगनप्रेक्षणलिपि, ६२) सर्वौषधिनिष्यन्दालिपि, ६३) सर्व सार संग्रहणीलिपि, ६४) सर्वभूतरूतग्रहणी लिपि, यी चौसठ्ठी लिपिहरू मध्ये कुन लिपि सिकाउनु हुन्छ ?"

तब बालकहरूका अचार्य विश्वामित्रले आश्चर्य चकित हुँदै मान, घमण्ड आदिले रहित भएर मुखमा मुस्कान गर्दै निम्न गाथाहरू गाए -

**महाश्चर्यः शुद्धसत्वो लोके लोकानुवर्तने**

**शिक्षितः सर्वशास्त्रेषु लिपिशालामुपागतः ॥३०२॥**

"सबै शास्त्रहरूमा शिक्षित भैसकेका अत्यन्त आश्चर्यजनक शुद्धसत्व (यी बोधिसत्व) पनि लोकमा लोक अनुसार चल्नको लागि लिपिशालामा आएका छन् ।"

**येषामहां नामधेयं लिपीनां न प्रजानमि**

**तत्रैष शिक्षितः सन्तो लिपिशालामुपागतः ॥३०३॥**

"जुन लिपिका नाम समेत मैले जान्दिन, ती सबैमा शिक्षित भैसकेर पनि यी सन्त लिपिशालामा आएका छन् ।"

**वक्त्रं चास्य न पश्यामि मूर्धानं तस्य नैव च**

**शिष्ययिष्ये कथं ह्येनं लिपिप्रज्ञाय पारगम् ॥ ३०४॥**

"यिनको मुख पनि देख्दिन र शिर पनि देख्न सक्दिन (तेजले गर्दा) फेरि लिपिको ज्ञानमा पारंगत भएका यिनलाई कसरी मैले सिकाउने होला ?"

**देवदेवो ह्यतिदेवः सर्वदेवोत्तमो विभुः**

**असमश्च विशिष्टश्च लोकेष्वप्रतिपुद्‌गलः ॥३०५॥**

"यिनी देवताहरूका पनि देवता हुन्, अतिदेव हुन्, सबै देवताहरूमा उत्तम हुन्, विभु हुन्, यिनी समाजको कोही पनि हुँदैन, यिनी विशिष्ट हुन् र लोकमा यिनी बराबरको अर्को पुरूष पनि हुँदैन ।"

**अस्यैव त्वनुभावेन प्रज्ञोपाये विशेषतः**

**शिक्षितं शिष्ययिष्यामि सर्वलोकं परायणम् ॥३०६॥**

"यिनकै आनुभावले (कृपाले) गर्दा प्रज्ञा र उपायमा विशेष गरी शिक्षित भएका र सबै लोकमा आश्रयदातालाई सिकाउनेछु ।"

"हे भिक्षु हो, यस प्रकार दश हजार बालकहरू बोधिसत्वका साथमा लिपिको शिक्षा पाउँथे । त्यहाँ बोधिसत्वको अधिष्ठान (संकल्प) ले गर्दा त्यहाँ मातृका (वर्णमाला) वाचन गर्ने समयमा उनीहरूले 'अ' भनेर उच्चारण गर्दाखेरि 'अनित्य छन् सव संस्कार' भन्ने वाक्य निस्कन्थ्यो । 'आ' भन्दाखेरि

'आफ्नो र अरूको हित' भन्ने गुन्जिन्थ्यो ................"

यसरी हरेक अक्षरको उच्चारणमा बोधिसत्वको प्रभावले गर्दा प्रमुख असंख्येय सयौं हजारौं धर्ममुख अर्थात् धर्ममा प्रवेश गराउने शब्दहरू ती बालकहरूको उच्चारणमा गुञ्जिन्थ्यो ।

"त्यस वेलामा लिपिशालामा रहँदा रहँदै नै उनले बत्तीस हजार बालकहरूलाई अनुत्तर सम्यक् सम्बोधिमा पक्का गराएका थिए र बत्तीस हजार बालिकाहरूले बोधिचित्त उत्पाद गरेका थिए। त्यसै कारणले नै बोधिसत्व शिक्षित भैसकेका भए पनि लिपिशालामा गएका थिए ।"

हामीले सिद्धार्थलाई शुद्धोदनको छोरा र शाक्य कुलका पुरूष हुन् त भन्यौं परन्तु शाक्य कुल भनेको कस्तो हो भन्ने बारेमा केही भनेका छैनौं । शाक्य कुल सूर्यवंशी राजाहरूको इक्ष्वाकु कुलबाटै आएको कुल हो जसभित्र रघु, दशरथ, राम आदि पनि पर्दछन् । राम र कृष्णको सन्दर्भमा स्वयं भगवान् (शास्ता) का वचनहरू जातक कथामा प्रशस्त पाइन्छन् जसको बारेमा हामी पछि उल्लेख गरौंला ।

शास्ता २९ वर्षको उमेरमा घर छोडी ज्ञानको खोजीमा हिँडनुभएको भन्ने कुरा त सर्वविदितै छ। तर त्यो भन्दा अगाडि बाल्यकालमै भएको एक अर्को घटनातिर लागौं ।

बालक सिद्धार्थ यसैगरी केही ठूलो भैसकेपछि एक दिन उहाँलाई खेत बाली हेर्न मन लाग्यो र अरू कुमारहरूका साथ खेतमा हेरिसकेर एउटा उपवन (उद्यान) मा जानुभयो । त्यसवेला उहाँमा वैराग्य जागेकोले एक्लै सबैलाई छोडेर घुम्दै जानुभयो र एउटा मनोहर जामुना (जम्बु) को रूख देखेर त्यसमै बसी ध्यान गर्न थाल्नुभयो । तुरून्तै उहाँलाई समाधि प्राप्त भयो र विचार, वितर्क, प्रीति, सुख र एकाग्रता यी पाँच अंगले युक्त प्रथम ध्यानमा प्रवेश गर्नुभयो । फेरि विचार, वितर्क, प्रीति र सुखलाई क्रमशः त्याग गर्दै क्रमैले द्वितीय, तृतीय एवं चतुर्थ ध्यानमा पनि प्रवेश गर्नुभयो ।

त्यसवेला पाँच जना तीर्थिक ऋषिहरू आफ्नो ऋद्धिबलले आकाश

मार्गबाट उत्तरतिर जाँदै थिए। त्यो उपवनमाथि आइपुग्दा अघि बढ्न सकेनन्। अनि सोचे कि, “हामीमा त सुमेरू, देवलोक, यक्षलोक आदि जस्ता स्थानमा पनि पुग्न सक्ने सामर्थ्य छ र पुगेका थियौं, यहाँ प्रवेश गर्नबाट रोक्ने कस्को शक्ति रहेछ ?” यो जानेर वनदेवताले सिद्धार्थ ध्यानमा बसेको कुरा जनाइदिएपछि ऋषिहरू तल ओर्लेर दिव्य सुनौला प्रकाशले देदीप्यमान शाक्य कुमारलाई देखेर दश औंला जोडी दण्डवत् पाउमा परे, जुन प्रसङ्गमा ललितविस्तर लेख्छः-

**ते विस्मिता दश नखा करियान मूर्ध्नि**
**प्रणता कृताञ्जलिपुटा निपतन् क्रमेषु**
**साधो सुजात सुमुखं करूणा जगस्य**
**शीघ्रं विबुद्ध अमृते विनयस्व सत्वान् ॥३२९॥**

“तिनीहरू आश्चर्य चकित भई दश नङ्ग्रा (औला) शिरमा राख्दै अञ्जलि बाँधी क्रमशः झुकेर चरणमै परे र भने ‘हे साधुपुरूष, हे शोभन जन्म भएका, उत्तम मुखमण्डलावाला ! जगतको करूणाले चाँडै नै बोधि प्राप्त गर्नुहोस् र सत्वहरूलाई अमृतपदमा लैजानुहोस्।’ पछि सूर्य ढल्दै गयो परन्तु त्यो वृक्षको छायाले सिद्धार्थलाई छोडेन। किनकि उक्त जामुनाको वृक्ष झुकेर छायालाई सिद्धार्थमाथि पारिरहेको थियो। पिता शुद्धोदनले खोज्दै जाँदा त्यहाँ त्यस्तो आश्चर्यजनक अवस्थामा कुमारलाई देखेर श्रद्धा र भावविभोर भएका थिए। कुमारले पितालाई समाधिबाट जागेर यसो भन्नुभयो -

**यदि स्वण कार्यु अहु स्वण प्रवर्षयिष्ये**
**यदि वस्त्र कार्य अहमेव प्रदास्यि वस्त्रां।**
**अथ धान्य कार्यु अहमेव प्रवर्षयिष्ये**
**सम्यक् प्रयुक्त भव सर्वजगे नरेन्द्र ॥३३७॥**

-हे नरेन्द्र ! यदि सुनले काम हुन्छ भने म सुन वर्षाइदिन्छु, वस्त्रले हुने भए मैले नै वस्त्र दिन्छु, यदि धान्य आदिले हुन्छ भने त्यो पनि मैले नै वर्षाइदिन्छु, तपाईं सबै जगत्को हितका निमित्त राम्ररी खट्नुहोस् ।

यसरी पितालाई शिक्षा दिएर उहाँ लोकाचार पालन गर्दै नगरमा रहन थाल्नु भएको थियो ।

**ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत् ।**

**तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः**

**वातुल वासल वज्र**

नेपाली अनुवाद - **नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**

# परिशिष्ट

चित्त, विज्ञान, मन

- वीथियुक्त चित्त
  - १. प्रतिसन्धि चित्त
  - २. च्युति चित्त
  - ३. भवाङ्ग चित्त
    - सुषुप्ति
    - क्षणिक
- वीथिमुक्त चित्त
  - १. चक्षुर्द्वारवीथि→ चक्षुरिन्द्रिय + रूप => चक्षुर्विज्ञान
  - २. श्रोत्रद्वारवीथि→ श्रोत्रेन्द्रिय + शब्द => श्रोत्रविज्ञान
  - ३. घ्राणद्वारवीथि→ घ्राणेन्द्रिय + गन्ध => घ्राणविज्ञान
  - ४. जिह्वाद्वारवीथि→ जिह्वेन्द्रिय + रस => जिह्वाविज्ञान
  - ५. कायद्वारवीथि→ कायेन्द्रिय + स्प्रष्टव्य => कायविज्ञान
  - ६. मनोद्वारवीथि→ मनइन्द्रिय+चैत्त (चैतसिक) => मनोविज्ञान

तीन गोत्र -

१) कामचित्त जहाँ माथिका सबै पाइन्छन्

२) महद्गत चित्त
- → रूपी महद्गत–जहाँ घ्राण र रस बाहेक अरु सबै हुन्छन् ।
- → अरूपी महद्गत–जहाँ केवल मनो विज्ञान र भवाङ्ग मात्र पाइन्छ।

३) लोकोत्तर चित्त
- → कामधातु भित्र भए त्यसकै अङ्ग हुन्छन् ।
- → महद्गत भए त्यसकै अङ्ग हुन्छन् ।

## बोधिपुष्पाञ्जलि -१६

त्रि-रत्न शरणम्

नमो अमिताभाय बुद्धाय

इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति

### आत्मीय मित्र

विवाह भनेको सौहार्द स्नेह या आत्मीय प्रेम गर्ने अभ्यास हो । यो शारीरिक आकर्षण, यौन इच्छा या मस्तिष्क र शरीरमा हुने रासायनिक प्रकृयाबाट आउने पनि होइन । धेरैजसो 'प्रेम' या 'माया-ममता' धेरै अनियन्त्रित कुराहरूले शरीरमा ल्याएको रासायनिक परिवर्तनमा आधारित हुन्छन् र धेरैजसो अहं भावनामा केन्द्रित हुन्छन् । यस्तो किसिमको प्रेम या त शरीरमा ती रसायन (chemical) हरू छँदा सम्म हुन्छ या त 'मेरो' आवश्यकताहरू अर्को व्यक्तिबाट पूरा भइरहँदासम्म मात्र रहन्छ । यस्तो प्रेम लौकिक रूपमा मात्र पनि जीवनलाई परिपूर्ण बनाउने खालको होइन भने आध्यात्मिक रूपमा पूर्णता दिने खालको हुँदैन । केवल सौहार्द स्नेहले मात्र आध्यात्मिक रूपमा र व्यवहारिक रूपमा पूर्णता दिन सक्छ र यसको विकास गरेपछि कहिल्यै पनि अन्त नहुने गरी झन् गहिरो भएर जान्छ । हरेक विवाह एक अर्कामा सधैं बढ्दै गइरहने सौहार्द स्नेह फैलाउने एक प्रक्षेपक (launching pad) जस्तो हुनुपर्छ जसबाट यो स्वयं नै सबै प्रणीहरूप्रति मैत्री र करूणाको विकासको निमित्त प्रक्षेपक हुन जान्छ । यदि विवाहको आफ्नो साथी प्रति पनि तपाईंले सौहार्द स्नेहको विकास गर्नसक्नु भएन भने कसरी अरू सबै प्राणीहरू प्रति मैत्री/करूणा/बोधिचित्तको विकास गर्नसक्नु हुन्छ ?

सौहार्द स्नेह भनेको आफ्नो साथीलाई पूर्णरूपमा र विनाशर्त नै स्वीकार्नु हो । तपाईंले आफ्नो साथीले वस्तुहरूलाई अनुभव गरे जसरी नै अनुभव गर्न (लिन) सक्नुपर्छ । यो त संसारलाई आफ्नो साथीको आँखा, कान आदिबाट देखेको, सुनेको, अनुभव गरेको जस्तै हो । यो याद राख्नुहोस् कि अहिले तपाईंको साथीले जे अनुभव गरिरहनुभएको छ, जसरी अघि

बढीरहेको छ तपाईंले पनि आफ्नो जीवनको कुनै विन्दुमा त्यस्तै किसिमका अनुभूति र त्यस्तै तरिकाबाट अघि बढ्ने काम गरेको हुनुहुन्छ या पछि त्यसैगरी जानुहुनेछ।

यदि हामीसँग सौहार्द स्नेह छ भने हामीले आफ्नो साथीलाई बन्दै गरेको तथागतको रूपमा या आफ्नो बुद्धताको यात्रामा खुल्दै गइरहेको भावी तथागतको रूपमा हेर्न सक्नुपर्छ। हामीले के महसुस गर्नुपर्छ भने आफ्नो साथी जतिसुकै अन्योलमा भएपनि हामी सबैले नै 'सौहार्द स्नेह' को खोज गरिरहेका हुन्छौं र त्यो अन्योल र दुःखबाट मुक्त हुनै खोजिरहेका हुन्छौं। हामीसँग कसैप्रति सौहार्द स्नेह भयो भन्दैमा हामी पनि त्यस्तै अन्योलमा पर्नु र उनीहरू जस्तै अन्योलग्रस्त यात्रा गर्नु पर्छ भन्ने केही छैन। केवल उनीहरूप्रति हाम्रो सौहार्द स्नेह भएकोले र एक समयमा हामीहरू पनि उनी जस्तै गरी यिनै अन्यौल (विचिकित्सा) द्वेष/घृणा/लोभ आदिबाट यात्रा गरिरहेका थियौं भन्ने महसुस गर्ने हुनाले उनीहरू हामीभन्दा साँच्चिकै धेरै फरक होइनन्। त्यसैले हामी सबै नै हाम्रो तथागतगर्भलाई फक्राउने यात्रामा छौं। हामीमध्ये केहीले जीवनको सन्देशसँग तालमेल मिलाईछ समेत भएर हाम्रा तृष्णा/क्लेश/आवरण आदि अर्थात् हाम्रा व्यसनहरूलाई हटाउने काममा प्रगति गर्दैछौं भने अरूले त्यति छिटो प्रगति गर्न सकेका छैनन् अथवा यिनीहरूसँग कसरी काम गर्ने भन्ने नजानेर रोकिएका छन्।

हामीले आफै प्रति -यहीं अहिल्यै - सौहार्द स्नेह गर्न पनि सिक्नुपर्दछ। हाम्रा आफ्ना बितेका कर्मलाई हामीले जतिसुकै गए गुज्रेकै ठहऱ्याए पनि प्रत्येक दिन, प्रत्येक मिनेट, प्रत्येक सेकेण्डको जीवन एक नयाँ र स्वच्छ नै हुन्छ भन्ने बुझ्नु, अनुभव गर्न आवश्यक छ। प्रत्येक पञ्चस्कन्धको पूर्ण व्यय पछि नयाँ उदयभएको हुन्छ जुन वास्तवमा पूर्ण रूपमा नयाँ र स्वच्छ एवं पहिले कहिल्यै अस्तित्वमा नआएको हुन्छ।

शर्त विनाको सौहार्द स्नेह सिक्नुपर्छ भन्नाले हाम्रो 'जैव-कम्प्यूटर (bio-computer)' मा बेढङ्गसँग/गतलीले दिइएको निर्देशनहरूबाट प्रोग्राम

भएका 'आदत (addiction = संस्कार) ' हरूको प्रत्यारोपण (interference = रोकावट) बाट मुक्त हुनु भन्ने बुझिन्छ। यदि तपाईंले आफूलाई यो 'प्रोग्राम' बाट मुक्त गर्न सक्नुभयो भने 'अहिले यहाँ (here and how) ' के छ भन्ने कुरा स्पष्ट हेर्न, अनुभूति गर्न बुद्धिमत्तापूर्ण तरिकाले मूल्यांकन गर्न, प्रभावकारी ढंगबाट कार्य गर्न -याने जे गर्नु आवश्यक हो त्यो गर्न -सक्षम हुनुपर्छ। यसको साँचो (कुञ्जी) नै जुन कुरा पहिले आफ्नो साथीमा अस्वीकार्य रूपमा देखिएको थियो आफूले पनि त्यसलाई तत्कालै भावनाबाटै स्वीकार्नु (emotional acceptance) मा छ न कि बौद्धिक रूपबाट मात्र स्वीकार्नुमा। प्रत्येकलाई र स्वयं आफैलाई पनि शर्त विनाको सौहार्द स्नेह दिनुपर्छ। याद गर्नुहोस् कि यो संसार भनेको ऐना जस्तै हो, जब तपाईंले यसमा हेर्नुहुन्छ, आफ्नै अनुहार देख्नुहुन्छ। तपाईंले बाहिरको यो जगत्मा केवल आफ्नै प्रतिबिम्ब मात्र देख्न सक्नुहुन्छ जुन तपाईंको आफ्नै उल्झेको मानसिक गाँठो, आफ्नै हल नभएको क्लेश, विकृति र समस्याहरूको प्रतिविम्व हो। यदि तपाईंका क्लेशहरू नभएका भए प्रत्येक कुरालाई आदिशुद्ध देख्नुहुन्थ्यो। तपाईंको श्रीमान् या तपाईंकी श्रीमती भनेको तपाईंको आफ्नै व्यक्तिगत हाताभित्र (compound) प्रवेश गरेको संसार हो। त्यसकारण तपाईंले आफ्ना जीवन साथीमा जे देख्नुहुन्छ, जे थाहा पाउनुहुन्छ या जे अनुभव गर्नुहुन्छ त्यो उनमा/उनीमा प्रतिबिम्बित भएको तपाईंको आफ्नै मनोरोग (neurosis) मात्र हो। आधुनिक मनोविज्ञानले समेत मान्दछ कि हामीले संसारमा आफ्नै नसुल्झेका मानसिक अन्तद्वन्द्व, तनाव र मनोरोग आदि प्रतिबिम्बित भएको देख्छौं। विवाह भनेको आफ्ना मनोरोगीय हेराइको अनुसार अर्कोलाई विश्वास गर्ने/चल्ने/हुने कुरामा बाध्य गराउने या कसले कसलाई अधीनमा पार्ने (dominate) भन्ने बाजी जित्ने कुरा होइन। बरू यो त दुईटा स्रोत र उपायहरूको समायोजन हो जसबाट दुःखमय जीवनका समस्याहरू समाधान गर्दै आध्यात्मिक रूपमा अघि बढ्न सकियोस्। त्यसो गर्न सक्नको लागि प्रत्येकले 'उसले मलाई बुझ्ला' भन्ने आशा गर्नुको सट्टा अर्कोलाई आफूले बुझ्न प्रयत्न गर्नुपर्छ। प्रत्येकले आफूले दिएर आनन्द लिन खोज्नुपर्छ न कि आफूले अर्कोबाट लिएर

आनन्द लिन खोज्ने। यो व्यापारमा श्रीमान् श्रीमती दुबै नै बराबरीका साझेदार हुन्छन्। दुवै जनाले अर्कोलाई खुशी र आनन्दी भएको देखेर आफूले आनन्द र खुशी लिने कला सिक्नुपर्छ न कि अर्कोबाट आफूले सुख र खुशी पाउने प्रयास गर्ने आदत बसाल्न। यदि दुवैजनाले उसलाई/उनलाई कसरी खुशी पार्ने भनी निरन्तर लागिरहेका छन् भने दुवैजनाले सुख र खुशी पाउनेछन्। 'दान' को सार यही नै हो जो सबै तहबाट 'दिनु' हो। जबकि अरूबाट आफूले लिएर खुशी हुन चाहनु सारतः 'लोभ' हो जो दुःख उत्पन्न गर्ने क्लेशहरू मध्येको एउटा हो। धेरै प्रकारमा मानसिक, शारीरिक, मनोवैज्ञानिक, सामाजिक रोक लगाउने खालका नियन्त्रणहरू मूलतः लोभमै आधारित हुन्छन् भने स्वतन्त्रता (मुक्ति) का धेरै प्रकारहरू 'दान' या 'अलोभ' मै आश्रित हुन्छन्। दम्पतिहरूले आफ्नो जीवनसाथी प्रति आफूले त्यस्तो कुनै रोक लगाउने खालको नियन्त्रण त गरिएन भनेर निरन्तर केलाउने र पुनर्मूल्याङ्कन गर्ने गरिरहनु पर्छ। यो नियन्त्रण कतै सही र परिस्थितिको बुद्धिमतापूर्ण तरिकाले गरिएको मूल्यांकनमा आधारित नभएर मेरो आफ्नै लोभ/क्रोध/मोह/काम मा आधारित या जीवनसाथीलाई नियन्त्रण गर्न र दमन गर्न गरिएको अथवा मेरो आफ्नै मनको उन्माद (neurotic), भय, उत्तेजना र नसुल्झेका गाँठाहरूमा आधारित त छैन ?

याद गर्नुहोस् कि तपाईंका तथाकथित 'आफ्नो' भन्ने शरीर र चित्त त आत्मा या आत्मीय ('म' र 'मेरो') होइनन् र तपाईंको तिनीहरू प्रति वास्तवमा त्यति नियन्त्रण छैन भने कसरी तपाईंका श्रीमान्/श्रीमती तपाईंको व्यक्तिगत सम्पत्ति हुन सक्छन् ? तपाईंको जीवनसाथी तपाईंको व्यक्तिगत वस्तु होइन जसलाई तपाईंले आफूले चाहेको वेलामा आफ्नो व्यक्तिगत आवश्यकताका निमित्त उपभोग गर्न मिलोस्। तपाईंको साथी तपाईं जत्तिकै सचेत जीवित सत्व हो। उसको/उनको बानी, विचार, विश्वास आदिको पनि त्यत्तिकै लामो इतिहास छ, जति तपाईंका व्यहोराको छ। उसको/उनको पनि दुःखबाट मुक्त हुने त्यतिकै बलियो इच्छा छ जति तपाईंको छ। ऊ/उनी पनि त्यतिकै रूपमा स्वतन्त्र हुन चाहन्छ/चाहन्छिन् जति तपाईं

चाहनुहुन्छ। तसर्थ तपाईंको जीवनसाथी पनि बराबर स्तरको सचेत सत्व हो र आफूले भोग गर्न नचाहुञ्जेलसम्म तपाईंको तखतामा राख्ने निर्जीव वस्तु मात्र होइन भन्ने कुरा मनमा राख्नु राम्रो हुन्छ। उसका/उनका पनि तपाईंका जत्तिकै लामो मनोवैज्ञानिक इतिहास बोकेका मन पर्ने कुरा र मन नपर्ने कुराहरू छन्। उसका/उनका पनि तपाईंका जत्तिकै बलिया शारीरिक, सामाजिक, मनोवैज्ञानिक आवश्यकताहरू छन्। उसका/उनका पनि तपाईंका जस्तै विचिकित्सा र नसुल्झेका मानसिक गाँठाहरू छन्। उसले/उनले पनि तपाईंले जस्तै कुनै घटना या जीवनको बारेमा गलत किसिमले बुझ्न सक्ने सम्भावना हुन्छ। ऊ/उनी पनि घटनाहरूलाई, वस्तुहरूलाई या जीवनलाई बुझ्न तपाईं जत्तिकै ठीक हुन सक्छ/सक्छिन्। "मै मात्र यहाँ भोकाउने, तिर्खाउने, अन्योलमा पर्ने, भावनाहरू हुने, मन पर्ने या नपर्ने चाहनाहरू भएको, सुखी हुन चाहने, जीवनमा स्वतन्त्र हुन र मजा लिन चाहने मानिस होइन" भन्ने मनमा राखिराख्नु राम्रो हुन्छ। म मात्रै विचार र धारणाहरू भएको र मेरो विचार र धारणाहरू मात्र ठीक हुन्छन् भन्ने केही छैन। त्यही काम गर्ने अरू धेरै तरिकाहरू पनि छन्, जो उत्तिकै उपयुक्त (मान्य) छन् र त्यो काम गर्ने त्यही एउटा मात्र ठीक तरिका हो भन्ने कदापि हुन सक्दैन। बिभिन्न स्वादहरू हुन्छन्, चाहना र आवश्यकताहरू हुन्छन्, कामनाहरू हुन्छन्, उही एउटै कुराको बारेमा सोच्ने पनि विभिन्न तरिकाहरू हुन्छन्। सौहार्द स्नेह भनेको यसलाई बुझ्नु र स्वीकार्नु हो न कि मेरो स्वाद, मेरो कामना, मेरो आवश्यकता, मेरो चाहना र मेरो सोच्ने शैलीलाई अर्कामाथि जबर्जस्ती लाद्न खोज्नु। हामीले यहाँ सम्यक् दृष्टि, कुशल या अकुशल कर्म आदिको बारेमा कुरा गरेका होइनौं। यी त मेरो व्यक्तिगत धारणा पनि होइनन् र मेरो जीवन साथीका पनि होइनन्। हामीले त दैनिक व्यवहारका, मन पर्ने-नपर्ने, इच्छा-आकांक्षा, कामना, आवश्यकताको बारेमा चर्चा गरेका हौं जो सम्यक्दृष्टिसंग नबाझिएर पनि धेरै किसिमका हुन सक्छन्। अर्थात् कर्मका नियमहरू यति विविध छन् कि कुनै पनि दुईवटा व्यक्तिहरू उस्तै हुँदैनन्। याद राख्नुहोला कि तपाईंको साथी पनि तपाईं जत्तिकै कामना, आवश्यकता, चाहना, विचार, धारणा, उत्तेजना, नसुल्झेका मानसिक उन्माद

र संवेगात्मक गाँठा (emotional knots) हरूको मिश्रित जन्जाल (complex network) हो । यदि तपाईंहरू आपसमा आत्मीय मित्रको रूपमा विकसित हुन चाहनु हुन्छ भने तपाईं अति संवेदनशील हुनुपर्ने कुरा मध्ये केही यिनै हुन् । तपाईंहरू पोखरा जाने भिडभाडको बसमा ८।१० घण्टा सम्म आपसमा नजिकिएर बसी यात्रा गर्न बाध्य भएका अपरिचित यात्री झैं, सामाजिक मूल्य-मान्यताले जीवनभर एउटै विछ्यौनामा सुत्न बाध्य तुल्याइएका दुई अपरिचित व्यक्ति जस्तै हुन चाहनुहुन्छ कि गहिरो आत्मीयता भएका आत्मीय मित्र बन्ने यो गजबको अवसरलाई उपयोगमा ल्याउन चाहनुहुन्छ भन्ने कुरा तपाईं दुबैजनाको हातमा हुन्छ । समाज त पितृप्रधान या मातृप्रधान जे पनि हुन सक्छ परन्तु तपाईंहरू सुत्ने विछ्यौना त कि आत्मीय (intimate) हुन्छ कि अपरिचित जस्तो (strange) हुन्छ, न कि मातृप्रधान या पितृप्रधान । सबभन्दा त आत्मीय मित्र र सौहार्द स्नेहहरू न त मातृसत्तात्मक हुन्छन् न त पितृसत्तात्मक । अनि पितृसत्तात्मक समाजले तपाईंको सम्बन्धलाई भरिपूर्ण (सन्तोषपूर्ण) बनाउने पनि होइन् । त्यो त तपाईंहरू दुबैजनाले मिलेर एक अर्कालाई गराउने हो ।

पहिले जस्तै हामी अझै विचिकित्साको कुरा गर्दैछौं । यो कामचित्त स्गोत्रमा पूर्णरूपले काम गरिराखेका १० संयोजनमध्ये एक हो र कामचित्त गोत्र भनेको कामधातुमा पाईने चित्त हो । कामधातुमा नरक, प्रेतलोक, तीर्यग्लोक (पशुलोक), मनुष्यलोक र देवलोक हुन्छन् । रूपधातु र अरूपधातुहरू पनि देवलोकभित्रै गनिन्छन् तैपनि कामधातुका देवलोकभन्दा यिनीहरू धेरै उच्च र श्रेष्ठतर हुन्छन् । सबै त्रिधातु भनेको विभिन्न तहका लोकहरू नै हुन्, त्यसैले त्रिधातुमध्ये जुनसुकैमा पाइने चित्त पनि लौकिक चित्त नै हुन्छन् । यदि तपाईं प्रथम ध्यानमा पस्नुभयो भने त्यसवेलाको चित्त या प्रथम ध्यानमा पस्न सक्ने चित्त काम चित्त या काम धातुको चित्त नभएर रूपधातुको महद्गत चित्त हो । यदि तपाईंले प्रथम ध्यान देखि माथि द्वितीय, तृतीय, चतुर्थ, ध्यान तिर प्रगति गर्दै जानुभयो भने चित्तले गोत्र बदल्दै ती ती ध्यानको उच्च रूपलोकहरूमा प्रवेश गर्दै जान्छ । अर्थात्

उच्च ब्रह्मलोकहरूमा प्रवेश गर्दै जान्छ । रूप र अरूपधातुका लोकहरूलाई पनि ब्रह्मलोक नै भनिन्छ । अरूप ध्यानमा प्रवेश गर्नुभयो भने पनि तपाईंको चित्तले गोत्र बदलेर अरूपधातु लोकको चित्त जस्तै बन्न पुग्छ । परन्तु रूपधातु र अरूपधातु दुवै उच्च तहका लोक नै भएकाले ती चित्तहरू पनि अझै लौकिक चित्त नै हुन्छन् । तिनीहरू यी लोकभन्दा माथिका चित्त होइनन्, अर्थात् लोकोत्तर चित्त होइनन् । त्यसैले तपाईंको समाधि जति गम्भीर र गहिरो भएपनि त्यो लौकिक चित्त हो र लोकोत्तर चित्त होइन । त्यसकारण समाधिमा जाने विभिन्न तरिकाहरू भएका पद्धतिहरू सबै लौकिक मार्ग हुन् र लोकोत्तर मार्ग होइनन् । अर्थात् यस्ता प्रणालीले तपाईंलाई लोकोत्तर चित्त (मुक्ति या ज्ञान) प्राप्त गराउन कुनै मद्दत गर्नै सक्दैनन् । मुक्ति पनि दुई किसिमका छन् -

१) चेतोविमुक्ति

२) प्रज्ञाविमुक्ति ।

चेतोविमुक्ति भनेको शमथको माध्यमबाट अस्थायी रूपमा क्लेशहरूबाट मुक्त हुनु हो । यो केवल अस्थायी हुन्छ किनकि अनुशयधातुलाई छोइएकै हुँदैन तर चित्त चाहिँ पर्युत्थान र व्यतिक्रमण तहका क्लेशबाट मुक्त रहने भएकोले व्यक्तिलाई धेरै आराम (relaxed), स्पष्ट र आनन्दको अनुभव भइरहन्छ । सामान्यजनले महसुस गर्नेजस्तो सांसारिक दुःख उसलाई महसूस हुँदैन र उसले क्लेबाट (अतः दुःखबाट पनि) मुक्ति भएजस्तो अनुभव गर्छ र देखिन्छ । तैपनि अनुशय धातु र विशेष गरी सत्कायदृष्टि आदिलाई चलाउँदै नचलाइएको हुनाले क्लेश र दुःखका बीजहरू नष्ट भएका हुँदैनन् । यी अनुशय धातुहरू कर्मको पनि बीज भएकाले कर्म पनि नाश भएको हुँदैन । यस्तो महद्गत योगीले आफू कर्म र क्लेशबाट मुक्त भएको महसूस गर्दछ । शमथयोगी (महद्गतयोगी) को यो अवस्थालाई चेतोविमुक्ति भनिन्छ । चेतोविमुक्ति लाभ गरेको चित्त कामचित्तभन्दा त निश्चित रूपमा फरक छ किनकि काम चित्त त अझै पनि क्लेशको भूमरीमा जङ्गली पाराले घुमेको घुम्यै हुन्छ । त्यसो भए पनि यो पूर्णरूपमा मुक्त भएको चित्त होइन र यस्तो

योगी ज्ञानी पनि होइन। केवल प्रज्ञाविमुक्त योगीहरूलाई मात्र पूर्णरूपमा मुक्त भएका या 'ज्ञानी' भन्न मिल्छ।

प्रज्ञाविमुक्ति भनेको के हो ? प्रज्ञाविमुक्ति भनेको प्रज्ञाबाट मुक्ति हुनु हो। 'प्रज्ञा' को आभिधार्मिक परिभाषा यस्तो छ, **'प्रज्ञा धर्माणां प्रविचायः'** अर्थात् प्रज्ञा भनेको धर्महरूलाई केलाउनु हो। (investigation, examination)। धर्महरूलाई केलाउने या प्रविचय गर्ने (investigation, examination) तरिका र मार्गको निमित्त प्रयोग गरिने अर्को शब्द 'विपश्यना' या 'विदर्शण' हो। 'वि' भनेको विशेष गरी या विविध रूपमा, समग्रमा र 'पश्यना' या 'दर्शणा' भनेको हेर्नु या परीक्षण गर्नु हो। विपश्यना या विदर्शणाको 'पश्यना' या 'दर्शणा' भागलाई नै प्रज्ञा भनिन्छ। विपश्यना या विदर्शणा भनेको प्रज्ञाद्वारा हेर्नु हो र प्रज्ञा भनेको धर्महरूलाई केलाउनु। (investigation, examination) हो। यहाँ धर्म भनेको हिन्दू, बौद्ध धर्म जस्तो धर्मलाई भनिएको होइन। यहाँ धर्म भनेको त अनुभव गर्नेवाला लगायत अनुभव गरिने सम्पूर्ण कुराहरूलाई भनिएको हो। यो धर्मको लागि सबभन्दा सुहाउने अंग्रेजी शब्द phenomena हो। उदाहरणको लागि १८ धातुहरू १८ धातुहरू १८ विभिन्न किसिमका धर्महरू हुन्। **"व्ययधर्माः संस्काराः अप्रमादेन सम्पादयेथाः"** मा पनि धर्म भन्ने शब्द त्यही अर्थमा प्रयोग गरिएको छ।

भगवान्‌ले भन्नुभएको छ कि **"नाहं एकं धर्ममप्यनभिज्ञाय अपरिज्ञाय दुःखस्यान्तक्रियां वदामि"** अर्थात् **"एक धर्म पनि राम्रोसँग बुझिएन राम्रोसँग जानिएन भने दुःखको अन्त हुन्छ भनेर बताउँदिन"**। किन त ? जबसम्म तपाईंले सबै धर्मलाई तिनीहरूको यथाभूत रूपमा देख्न सक्नुहुन्न, तबसम्म अनुशयहरू बाँकी नै रहन्छन्, जुन कर्म र क्लेशका बीज हुन्। किन ? किनकि सत्कायदृष्टिलाई पूर्णरूपमा नबुझिकन र सबै धर्महरूलाई जस्ताको तस्तै नजानीकन यसलाई नष्ट गर्न सकिँदैन। किन ? किनकि धर्महरूलाई मूलभूत रूपमै गलत तरिकाले बुझ्नु (misunderstanding) मा नै सत्कायदृष्टि आधारित हुन्छ। हामीले सत्कायदृष्टिको बारेमा विस्तारमै

चर्चा गरिसकेका छौं तैपनि घोकन्ती विद्या (repetitio est mater studiorum) भएकोले फेरिफेरि पनि सत्कायदृष्टिसँग सम्बन्धित बोधिपुष्पाञ्जलिहरू पढ्न सल्लाह दिन्छु।

प्रज्ञाविना अविद्यालाई काट्न सकिँदैन। अविद्या भनेको मूलभूत रूपमा गलत तरिकाले बुझ्नु नै हो (fundamental misunderstanding) जुन सत्कायदृष्टिकै जरो हो। यदि सत्कायदृष्टि बाँकी नै रह्यो भने सबै क्लेशका स्रोतहरू बाँकी नै रहन्छन्। यसरी सबै क्लेशका बीजहरू अनुशयधातुको रूपमा बाँकी रहेका हुन्छन्। अतः प्रज्ञा अर्थात् विपश्यना/विदर्शणा को प्रयोग नगरूञ्जेल सम्म पूर्ण रूपमा मुक्त हुन र ज्ञानी हुन सम्भव छैन। त्यसकारणले प्रज्ञाविमुक्ति नै वास्तविक मुक्ति हो र चेतोविमुक्ति साँच्चिकै मुक्ति होइन। यदि तपाईंले बुद्धधर्मलाई बुझ्न चाहनुहुन्छ भने बुझ्नुपर्ने मूल कुरा यही हो। त्यही भएर हामी विभिन्न दृष्टिकोणबाट बारम्बार दोहोऱ्याइ दोहोऱ्याइ यही कुरामा आएका हौं। आज हामीले यसलाई दुईवटा शब्दहरू प्रयोग गरेर विश्लेषण (धर्म प्रविचय) गर्नेछौं - प्रज्ञाविमुक्ति र चेतोविमुक्ति।

बोधिपुष्पाञ्जलिमा हामीले बारम्बार देखाइसकेका छौं कि शमथ बेग्लै तहको ध्यान हो र समथको अभ्यासबाट उत्पन्न भएको अनुभूति साँच्चिकै बोधि (ज्ञान) होइन, आदि ....। परन्तु यो कुरा शमथलाई नकारात्मक रूपबाट हेरेर "त्यो केही पनि होइन, त्यसको आध्यात्मिक मूल्य नै छैन" भन्न खोजिएको होइन। यो त शमथ प्रकारका ध्यानहरूमा मात्र आधारित मार्गले (प्रणालीले) ज्ञान प्राप्त गराउन सक्दैन भन्ने देखाउनको लागि मात्र भनिएको हो। वास्तवमा समाधि त पाँच इन्द्रियहरू मध्येको एउटा इन्द्रिय मात्र हो र यसलाई समाधिबल सम्म पुऱ्याउनु त छँदैछ र त्यो गर्ने एक मात्र उपाय पनि शमथ नै हो। अतः सम्यक्मार्गमा शमथले निर्णायक भूमिका खेल्दछ। फेरि अझै पहिलो ध्यानसम्म मात्रै पुगेका व्यक्ति पनि कामधातुको गूको खाल्डोमा पौडी खेलिरहेका व्यक्तिसँग समान तहमा गनिन सक्दैनन्। तिनीहरूले समेत आफ्नो दैनिक जीवनमा शान्ति,

प्रीति आदिको अनुभव गरिसकेका हुन्छन् जुन प्रथम ध्यानमा नपसेकाको लागि कल्पना गर्न पनि सम्भव हुँदैन । आँखा, कान र कायेन्द्रियका स्नायुशीर्ष (nerve-endings) हरूको आणविक संरचना (molecular structural change) समेत बदलिएको हुन्छ जसले गर्दा इन्द्रिय प्रसाद पनि अब उही खालको हुँदैन, त्यस्तै चित्तले पनि गोत्र बदल्छ । अझै प्रज्ञाविमुक्त नभएकालाई पनि शमथका यी तहमा पुग्नु निश्चित रूपमै एक अतिरिक्त वरदान हो ।

प्रज्ञाका तीन तहहरू हुन्छन् -१) श्रुतमयी प्रज्ञा - अध्ययन, श्रवण आदिबाट भएको प्रज्ञा । अहिले हामीले पनि त्यही गरिराखेका छौं । तर यदि यसलाई अर्को तहको प्रज्ञामा पुऱ्याइएन भने यो तहको प्रज्ञाले मात्र हामीलाई मुक्त गराउँदैन । अर्को तहको प्रज्ञा हो - २) चिन्तामयी प्रज्ञा - यो चिन्तन र विकल्प सहितको ध्यानबाट भएको प्रज्ञा हो । चिन्तन भन्ने शब्द पनि चित्तसँग निकै नजिकको छ । जबसम्म हामीसँग चित्त हुन्छ तबसम्म चिन्तन भइरहन्छन् । त्यसकारण सबै बाल पृथग्जन (ordinary people) हरूको चित्त हुन्छ र विकल्प सहितको हुन्छ । यो त अपरिहार्य छ ।

तपाईंहरू धेरैलाई आफूले अविकल्प भावना (non-conceptual meditation) गरिरहेको छु भन्ने जस्तो लाग्न सक्छ परन्तु दर्शनमार्ग नपुग्दासम्म यो भ्रम मात्र हो । दर्शनमार्गमा प्रवेश गरिसकेपछि मात्र कोही पनि व्यक्ति साँच्चिकै अविकल्प अवस्थामा रहन सक्छ । त्यो भन्दा अघिका सबै अभ्यास, सबै भावनाहरू केवल चिन्तामयी प्रज्ञाबाटै हुन्छन् अर्थात् यिनीहरू अविकल्प हुन प्रयास भैरहेका सविकल्प भावना (conceptual meditation) मात्र हुन् । यसले मात्र पनि तपाईंलाई मुक्त पार्न सक्दैन । तपाईंले यो सविकल्प भावनालाई प्रयोग गरेर अर्थात् चिन्तामयी प्रज्ञालाई उपयोग गरेर अन्तमा अविकल्प भावना अर्थात् ३) भावनामयी प्रज्ञामा आफूलाई हुत्याउनु पर्छ । बुद्धधर्ममा साँच्चिकै भावना (ध्यान) भनेको यही भावनामयी प्रज्ञा नै हो र यही मात्र मुक्त गराउने ध्यान हो । परन्तु यो त दर्शनमार्गमा प्रवेश गरेका आर्यहरूको मात्र गर्न सकिने कुरा हो । सामान्य पृथग्जन अविकल्प अवस्थामा जान सक्दैनन् ।

द्वैतचित्त (dualistic mind) हुँदा सम्म अविकल्प भावना (non-conceptual nmeditation) हुँनै सक्दैन। दर्शनमार्गमा आएपछि चित्त अचित्त हुन्छ अर्थात् हाम्रो द्वैत चित्त नाश हुन्छ या हराउँछ। त्यसवेलामा हामीले भन्ने 'भावना' (meditation) पनि हराउँछ र 'अभावना' (non-meditation) हुनपुग्छ। हामीले जे लाई भावना भन्छौं (चाहे त्यो अविकल्प भनेर हामीले कल्पना गरेका हुन सक्छौं) त्यो त्यही चित्तमा आश्रित छ। चित्त अथवा विज्ञान भनेको त्यो हो जसले कुनै आलम्बन जान्दछ या थाहा पाउँछ। **"विज्ञानं प्रतिविज्ञप्तिः", "विज्ञानं आलम्बनविजाननलक्षणम्"** अर्थात् विज्ञान भनेको विभिन्न आलम्वनहरू थाहा हुनु हो, अर्थहरू थाहा हुनु हो, विषयहरू थाहा हुनु हो। त्यसकारण यो चित्त (विज्ञान) हराएपछि याने अचित्त भएपछि हाम्रो भावना पनि हराउँछ र अभावना हुन्छ। "अभावना नै एकमात्र सच्चा भावना हो (non-meditation is the only true meditation)" भनेको अर्थ पनि यही हो।

यहाँ बुझ्नुपर्ने महत्वपूर्ण कुरा के हो भने केवल शमथ प्रकारको ध्यान ८०,००० कल्पौंसम्म गरेपनि दर्शनमार्गमा प्रवेश गर्न सकिँदैन। केवल प्रज्ञाको विकासद्वारा मात्र दर्शनमार्गमा प्रवेश हुन सक्छ जुन पाँच इन्द्रिय मध्येको एउटा हो। प्रज्ञा इन्द्रियको विकास गर्ने एक मात्र तरीका नै एक एक गरि क्रमशः श्रुतमयीबाट चिन्तामयी र त्यसबाट भावनामयी प्रज्ञाको विकास गर्नु हो। त्यही भएर यो साँच्चिकै **"एकायनो मग्गो"** हो। अर्थात् मुक्त हुने, ज्ञान प्राप्त गर्ने एक मात्र बाटा हो। अरू कुनै उपायले पनि काम गर्न सम्भव छैन।

यसबाट हामी 'विकल्प' भन्ने शब्दतिर आउँछौं। 'वि' भनेको 'विषय' अथवा 'आलम्वन' या 'अर्थ' हो। अर्थ, आलम्बन, विषय सबै नै विज्ञानले थाहा पाउने कुरासँग सम्बन्धित हुन्छ। प्रत्येक विज्ञप्तिको यो वस्तुगत पक्ष (objective aspect) हो। **"विज्ञानं प्रतिविज्ञप्तिः"** विज्ञप्ति भनेको ६ विषयहरूको अनुभव (थाहा) हुनु (रूप, शब्द, गन्ध, रस, स्प्रष्टव्य, चैत्त) हो। **"षड्विषयस्य उपलब्धिर्विज्ञप्तिः"** - यहाँ उपलब्धि भनेको थाहा

पाउनु (perception) हो। यो विज्ञप्तिको विषयगत पक्ष (subjective aspect) चाहीँ त्यसपछि स्वतः नै उत्पन्न हुने वीथि हो जुन "मैले त्यो विषय जानें" भन्ने रूपबाट जान्नु हो।

वीथिको भाषामा भन्दाखेरि, एक पछि अर्को गरी आउने दुई किसिमका वीथिहरू हुन्छन्। पहिले, ६ विषयहरूलाई थाहा पाउने वीथि हुन्छ। उदाहरणको लागि - यो प्रवचन गरिरहेको नारायणलाई देख्नु या सुन्नु मात्र यो हो। नारायणलाई देख्नु रूपको उपलब्धि (perception) हो र प्रवचन सुन्नु शब्दको उपलब्धि हो। यही नै ( देख्नु/सुन्नु) विज्ञप्ति हो। **"षड् विषयस्योपलब्धिर्विज्ञप्तिः"** । परन्तु यो त व्यवहारमा (conventionally) भन्दाखेरि विज्ञप्तिको वस्तुगत पक्ष मात्र हो। यसपछि तुरून्तै, एक सेकेण्डको करोडौं भागभित्र, अर्को वीथि प्रक्रिया शुरु भैहाल्छ जसमा "मैले नारायणयलाई देखें, मैले नारायणले भनेको सुनें" भन्ने थाहा पाउने मनोद्वारवीथि आउँछ। यस्तो वीथि त्यही विज्ञप्तिको विषयगत पक्ष (subjective aspect) हो। वीथिको यो पूरै प्रक्रियालाई हामी विज्ञप्ति भनेर बुझ्छौं। त्यही विज्ञप्तिलाई नै विज्ञान भनेर बुझिन्छ जुन एक प्रक्रिया (process) मात्र हो।

अब विकल्पतिर जाऔं। पहिले भनिहालियो कि 'वि' भनेको विषय र 'कल्प' भनेको कल्पना (imagination) हो। अघि हामीले विज्ञप्तिका मुख्य वीथिहरूको वयान गऱ्यौं। तर एउटा 'विज्ञप्ति' लाई बनाउने लाखौं मसिना गौण (minor) वीथिहरू हुन्छन् जसलाई समग्रमा हामी एउटा थाहा पाउने काम भएको ठान्छौं। उदाहरणका लागि, "नारायणलाई देख्नु" भन्ने विज्ञप्तिभित्र "नारायण मानिस हो, नारायण बाहुन हो, नारायण विवाहित छ, नारायण राम्रो छ, मलाई नारायण मन पर्छ, नारायणले न्यानो कोट लगाएको छ ........." जस्ता थुप्रै विचारहरूको वीथि समाहित भैसकेको हुन्छ। यी सबै कल्पनाहरू हुन्। आधारभूत कल्पना चाहिँ के हो भने "नारायण-विषय-त्यहाँ बाहिर छ र म -विषयी-यहाँ भित्र छु, हामी दुवै अलग-अलग सत्ता (entry) हौं" भन्ने हो। यही नै मूल कल्पना

हो। (जरो हो) जसलाई अंग्रेजीमा dualistic conceptualization र संस्कृतमा 'विकल्प' भनिन्छ।

तपाईंले सोध्न सक्नुहुन्छ, के यस्तो विकल्पविना कसैले केही कुरा साँच्चिकै देख्न/सुन्न/जान्न/अनुभव गर्न सक्छ होला त ? यो सही शंकाको म भगवान्कै शब्दमा उत्तर दिन्छु। यसलाई मैले 'सही' भनें, किनकि सामान्य पृथग्जनले सामान्यतया यही विकल्पनातमक विज्ञप्तिलाई मात्र अनुभव गरेका हुन्छन् र उनीहरूलाई यो भन्दा अर्को प्रकारको उपलब्धि (perception) पनि सम्भव हुन्छ भन्ने विचार समेत हुँदैन। हाम्रो भाषा समेत पनि यही खालको विज्ञप्तिलाई मान्ने गरी संगठित भएको छ। वास्तवमा विज्ञप्ति भनेकै यही विकल्पात्मक विज्ञप्ति हो र जनसाधारणको भाषामा अद्वय (non-dualistic) या विकल्पात्मक नभएको विज्ञप्तिलाई बताउते कुनै पनि शब्द छैन।

जे होस्, अब हामी तथागतले दिएको यस्तो अद्वय उपलब्धि (non-dualistic perception) को वचत तिर जाऔं। उहाँले संक्षेपमा परन्तु एकदमै ठीक ठीक गरी यस्तो विज्ञप्तिलाई बयान गर्नुभएको छ -(वास्तवमा विज्ञप्ति पनि नमिल्ने शब्द हो किनकि यसले द्वैत विकल्पात्मक विज्ञप्तिलाई नै जनाउँछ) - **"अत्र च ते महकिमातर, दृष्टे दृष्टेमात्रं भविष्यति, श्रुते, मते, विज्ञाते विज्ञातमात्रम्"** - अर्थात् "हे महकिमाता, यहाँ देख्दा देखेको मात्र, सुन्दा सुनेको मात्र, सोच्दा सोचेको मात्र जान्दा जानेको मात्र छ।" यहाँ भन्न खोजिएको के हो भने त्यहाँ कल्पना भन्ने कुरा हुँदैन। 'दृष्टमात्र' मा 'मात्र' भन्नाले "यो देखिएको हो" भन्ने कल्पना समेत पनि त्यहाँ छैन, केवल कुनै पनि कल्पनारहितको देखाइको नग्न अनुभूति मात्र छ भन्ने हो। फेरि पनि हामीले "अनुभूति मात्र छ" भनिहाल्यौं। यो वाक्यांश नै गलत छ किनकि अनुभूति पनि विज्ञप्ति नै हो। अनि हाम्रा निमित्त स्वतः नै त्यो द्वैत, विकल्प नै हुन्छ। त्यसैकारणले गुरूहरूले यसलाई **'अननुभूत अनुभूति'** भनी बताउनु भएको छ। परन्तु यस्तो 'अनुभूति' तब मात्र सम्भव हुन्छ जब दर्शनमार्गमा प्रवेश गरिन्छ जुन वेला हाम्रो चित्त हराउँछ र अचित्त (no-

mind) बन्दछ ।

वास्तवमा हामीले जेलाई चित्त भन्छौं त्यो त विकल्पनाको प्रक्रिया मात्र हो । त्यसकारण यो चित्त नविलाएसम्म विकल्पना रोकिन सक्दैन । महायान र तन्त्रयानमा यो ज्यादै महत्वपूर्ण कुरा हो । तपाईंले आफूलाई अविकल्प ट्रेख्छो या महामुद्राको अभ्यास गर्दैछु भन्ने ठाने पनि के बुझ्नु आवश्यक छ भने चित्त हुँदासम्म विकल्प र चित्त पर्यायवाची जस्तै नै हुन्छन् र त्यहाँ विकल्प रहेकै हुन्छ, हाम्रो अभयास हदै भए चिन्तामयी प्रज्ञाको तहको हुन्छ । हामी अविकल्प र अद्वय अवस्थामा तब मात्र हुने सम्भावना हुन्छ जब दर्शनमार्गमा प्रवेश गरिसकिन्छ । त्यो भन्दा अगाडि सम्भावना छैन । त्यसपछि मात्र भावना मार्ग शुरु हुन्छ ।

स्वाभाविक रूपमा प्रश्न उठ्छ कि हामी दर्शनमार्गमा प्रवेश गऱ्यौं कि गरेनौं भन्ने कुरा कसरी थाहा पाउने ? सर्वप्रथम त दर्शनमार्गमा प्रवेश हुन त्यो भन्दा पहिले नै प्रयोगमार्गमा पसिसकेको हुनुपऱ्यो । पाँच मार्गहरू मध्ये पहिलो सम्भारमार्ग हो भने दोस्रो चाहिँ प्रयोगमार्ग हो । अनि दर्शनमार्ग, भावनामार्ग र अन्तमा अशैक्षमार्ग हुन्छ । प्रयोगमार्गमा पसरे प्रगति गर्दै गएपछि तपाईंले केही प्रतिभासहरू (visions) देख्नुहुन्छ । यद्यपि ती प्रतिभासहरू स्वयं भ्रान्तिमात्र (like illusion = मायावत्) हुन् तापनि तिनीहरूले तपाईं प्रयोगमार्गमा पसेको लक्षण जनाउँछन् । यी प्रतिभासहरू देवीदेवता देख्नु, गुरूहरूलाई देख्नु या यस्तै खालका कुराहरू होइनन् । तिनीहरू त बेग्लै प्रकारका प्रतिभास हुन्छन् । यदि तपाईंलाई ती प्रतिभासहरू आए भने थाहा नहुने या भुल्किने सम्भावना नै हुँदैन ।

मैले अहिले यहाँ ती प्रतिभासहरूको बारेमा बताउँदिन किनभने एकपटक थाहा पाइसकेपछि तपाईंहरू मध्ये केही कल्पनामा डुब्ने खालका (visionary) व्यक्तिहरूले ती प्रतिभासहरू देख्न थालिहाल्ने संभावना हुन्छ । यस्तो परिस्थितिमा ती प्रतिभासहरू सही हुँदैनन् । हो, ती सही हुन् कि होइनन् भन्ने सजिलै सित थाहा पाउन सकिन्छ किनकि तिनीहरूका साथमा केही अरू अनुभूतिहरू पनि हुनुपर्ने हुन्छ । उदाहरणको लागि, प्रयोगमार्गमा

आएपछि मात्र उदय-व्ययको वा शून्यताको सीधा अनुभूति हुन थाल्छ। सीधैं अनुभूति त हुन्छ परन्तु अझै पनि केही विकल्प विचार वितर्कहरू द्वारा नै हुन्छ। यदि यस्ता प्रतिभासहरू भएका छैनन् भने प्रयोगमार्गमा पनि पुगिएको हुँदैन, दर्शनमार्गको त के कुरा गर्नु ?

फेरि जब प्रयोगमार्गमा प्रवेश गरिन्छ तब क्लेशहरू पनि निकै कमजोर हुन पुग्छन् र दर्शनमार्गमा प्रवेश गरेपछि तीन ओटा (सत्कायदृष्टि, विचिकित्सा, शीलव्रतपरामर्श) त पूर्णरूपमै प्रहाण हुन्छन् जब कि अन्य बाँकी क्लेशहरू पनि पूरै क्षीण भएका हुन्छन्। फेरि पाँच इन्द्रियहरू (श्रद्धा, वीर्य, स्मृति, समाधि, प्रज्ञा) पाँच बलमा परिणत हुने पनि प्रयोग मार्गमा नै हो। अतः यदि तपाईंको पहिले नै श्रद्धाबल, वीर्यवल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल छैन भने तपाईं दर्शनमार्गमा पुगेको हुने सम्भावना नै छैन। यदि दर्शनमार्गमा पुग्नुभएको छैन भने अविकल्प भावना (non-conceptual meditation) गर्दैछु भन्ने कल्पना नगर्नु नै व्यवहारिक र सुरक्षित पनि हुन्छ।

विकल्पहरू मूलतः तीन प्रकारका छन्-

१) स्वभावविकल्प

२) निरूपणविकल्प

३) अनुस्मरणविकल्प।

स्वभाव विकल्प पनि दुई प्रकारका हुन्छन् - क) वितर्क ख) विचार। यी दुई शब्दहरू पारिभाषिक शब्द हुन् र सोच-विचार, तर्क-वितर्क, शंका भन्ने जस्तो अर्थ यिनीहरूको होइन। वितर्क भनेको विज्ञानद्वारा आवलम्वनलाई ग्रहण गर्नु (grasp) हो। अर्थात् समात्ने या ग्रहण गर्ने प्रक्रिया हो। विचार भनेको त्यो आलम्वनमा रहिरहनु या आलम्वनको वरिपरि चरिरहने (विचरण) प्रक्रिया हो। विचारमा 'चार' भनेकै 'चर्नु' हो - आलम्वनको क्षेत्रमा चरिरहनु। यद्यपि यी दुबै विकल्प नै हुन् तर पनि यदाकदा विकल्पको रूपमा लिइन्नन्।

उदाहरणको लागि पाँच विज्ञानहरू वितर्क र विचारसँगै हुन्छन् तैपनि पाँच विज्ञानहरूलाई प्रायः अविकल्प पनि भन्ने गरिन्छ। कारण के हो भने स्वभावविकल्प स्वयंले मात्र हाम्रो दृष्टिमा भ्रम विकृति या तोडमरोड ल्याउने काम गर्दैनन्। हाम्रो हेराइ (vision) मा आधारभूत विकृति ल्याउने त अरू बाँकी दुई थरीका विकल्पहरूले हो। ती मध्ये दोस्रो विकल्प - निरपण विकल्प -हाम्रो विकृतिको मूल स्रोत नै हो। शब्दले बताए झैं, निरूपण विकल्प भनेको त्यो हो जसले विभिन्न अनुभूति र धारणाहरूलाई सुखदायी, नित्य, शाश्वत, साँच्चिकै (वास्तविक), यो या त्यो भन्ने रूपमा छुट्याउने, रेखाङ्कन गर्ने (delineate), अलग्याउने काम गर्छ। यो काम संज्ञास्कन्धले मनोविज्ञान र संस्कारस्कन्धका अन्य चैत्तहरूसँग मिलेर गर्दछ। यहाँ 'अन्य चैत्त' भनेको तपाईंहरूलाई याद गराउनको लागि हो कि संज्ञास्कन्ध पनि चैत्तहरूकै एक समूह हो। हाम्रो भ्रान्ति (अज्ञान) को स्रोत नै यही निरूपण विकल्प (concept) भएको हुनाले यही निरूपण विकल्पलाई नै प्रयोग गरेर हामीले सबै धर्महरूलाई अनित्य, दुःख, अनात्म शून्य भनी निश्चित गर्नुपर्छ। विषलाई औषधिको रूपमा कसरी प्रयोग गरिन्छ भनेको यही हो।

निरूपण विकल्पलाई शमथको वीधिले रोक्न सक्छ तापनि निरूपण विकल्पप्रवृत्तिको जरालाई त छुँदा पनि छुँदैन। किनकि यिनीहरू त अनुशयधातु हुन्। यहाँ आएर पनि हामी पुनः त्यही मामलामा आइपुग्छौं कि "मिथ्या दृष्टि र हेराइलाई सामना गर्न निरूपण विकल्प प्रयोग नगर्ने विधिले किन मुक्त गर्ने सम्भावना हुँदो रहेनछ त ?" श्रुतमयी प्रज्ञाबाट शुरु भएर चिन्तामयी प्रज्ञा हुँदै अन्तमा भावनामयी प्रज्ञासम्म पुग्ने विपश्यना खालको तरिकाले मात्र दुःख निरोधगामी मार्गको रूपमा प्रभावकारी ढंगले काम गर्न सक्छ भन्ने कुराको अर्को कारण यो पनि एउटा हो। मिथ्या दृष्टि आदिसँग सामना गर्ने निरूपण विकल्पको प्रयोग स्वयं नै चिन्तामयी तहको हो। आत्मा, सुख, नित्य, स्वभावसिद्ध जस्ता कुराको मिथ्या धारणालाई सामना गर्न अनित्य, दुःख, अनात्म, शून्यता आदिको अनुभव र धारणाको प्रयोग गर्नु मात्रै यिनीहरूको जरैदेखि नष्ट पार्ने एक मात्र विधि हुन सक्छ।

यो केवल एक जोड एक बराबर दुई हो (१+१=२) र त्यति जटिल मामला होइन।

निरूपण विकल्पहरू ६ प्रकारका छन् -

१) पिण्डग्राह विकल्प - यो विकल्पले "मैले अनुभव गरेका वस्तुहरू साँच्चिकै छन्, वास्तविक छन्, सुखदायी छन् भन्ने र "यो हुन्, यस्ता हुन्" भन्ने निरूपण (decide) गर्छ।

२) अहमिति विकल्प - यसले "त्यो अनुभव गर्ने म हुँ" या "म त्यो हुँ, साँच्चिकै छु" भन्ने जस्ता कुराहरूलाई निरूपण गर्छ।

३) ममेति विकल्प - यसले "यो मेरो हो" भन्ने कुरा निरूपण गर्छ।

४) प्रिय विकल्प - यसले "त्यो पिण्ड प्रिय छ, मलाई त्यो मन पर्छ, यो राम्रो छ" भन्ने जस्ता कुराहरूको निरूपण गर्दछ।

५) अप्रिय विकल्प - यसले फेरि "त्यो अप्रिय छ, मलाई मन पर्दैन, यो राम्रो छैन" भन्ने जस्ता कुराहरू निरूपण गर्छ।

६) तदुभयविपरीत विकल्प - यसले माथि जस्तै "त्यो वस्तु न प्रिय छ न अप्रिय" भन्ने निरूपण गर्छ, अर्थात् प्रिय पनि हैन अप्रिय पनि हैन भन्ने निर्णय गर्छ। "मलाई यसको बारेमा केही मतलब छैन" भन्ने जस्ता कुराको निरूपण गर्छ।

नेपालीमा सोच्नु, समभमा आउनु, जान्नु, अवधारणा गर्नु, चिताउनु, विचार, वितर्क आदि शब्दहरू प्रयोग गर्दाखेरि हामीले धेरैजसो माथि भनिएका निरूपण विकल्पहरूको नै मतलब निस्केको हुन्छ। सविकल्प (conceptual) या अविकल्प (non-conceptual) भन्ने जस्ता शब्दहरू प्रयोग गर्दाखेरि यही निरूपण विकल्प नै मूल मामला बनेको हुन्छ। तपाईंले

केवल विचार, चिन्तन आदिको निरोध गर्दैमा या विभिन्न तरिकाबाट रोक्दैमा यस्ता निरूपण विकल्पहरूको अविकल्प अवस्था प्राप्त गर्न सक्नुहुँदैन। यो त गूको खाल्डोलाई छोप्नुजस्तो मात्र हुनेछ। यी ६ प्रकारका निरूपण विकल्पहरूबाट मुक्त हुनको लागि तिनीहरूको जरोलाई नै नष्ट पार्नुपर्छ। गूको खाल्डोलाई सफा गर्ने एक मात्र उपाय हो निकालेर सफा पार्ने, खाली बनाउने। अतः तपाईंले विपरीत खालका विकल्पहरू प्रयोग गरेर पहिलो तहमा त्यसलाई निरूपण विकल्पदेखि सफाई गर्नुपर्छ। विपश्यना ठीक यसकै बारेमा हो।

तेस्रो प्रकारको विकल्प अनुस्मरण विकल्प पनि शत्रु (villain) नै हो परन्तु निरूपण विकल्प जत्तिको होइन। आधारभूत रूपमा सम्झिनुसँग सम्बन्धित सबै प्रकारका धारणागत कृयाहरू (conceptual activities) अनुस्मरण विकल्प नै हुन्। अतः सम्झिनु, चिन्नु, सम्झेर कुनै आकृति तयार पार्नु (visualize), कुनै सानो कल्पना या सम्झनामा बारम्बार पछि लागेर (अनु) सोचिरहनु (स्मरण) आदि अनुस्मरण विकल्प भित्र पर्दछन्। उदाहरणको लागि कायानुस्मृति, वेदनानुस्मृति, चित्तानुस्मृति र धर्मानुस्मृतिहरू सबै अनुस्मरण विकल्पहरू हुन्। यी विकल्पहरू विना तपाईंले प्रज्ञा/विपश्यना आदिको विकास गर्न सक्नुहुन्न। पहिले प्रज्ञाको विकास नगरिकन प्रज्ञापारमिताको अवस्थामा पुग्न सक्नुहुन्न। प्रज्ञापारमिता भनेको नै अद्वय ज्ञान हो, तथागत भनेको पनि त्यही हो। अचित्त (no-mind) भनेर जेनमा भन्ने पनि त्यसैलाई हो। झोग्छेनमा 'रिग्पा' भन्ने र महामुद्रामा 'सहज ज्ञान' भन्ने पनि यही हो। अविकल्प चित्त, अभावना (non-meditation) भनेको पनि यसैलाई हो। दिङ्नागको **'प्रज्ञापारमितापिण्डार्थ'** को पहिलो श्लोकमा भनिएको छ-

**"प्रज्ञापारमिता ज्ञानम् अद्वयं सा तथागतः ॥"**

अर्थात्, प्रज्ञापारमिता नै अद्वय ज्ञान हो र यही नै तथागत हो।

अब हामी तथागतकै कथा तिर लागौं।

तथागतको जीवन शुद्ध मानवीय पक्ष र परामानवीय पक्षहरू (trans

human elements) को संमिश्रण हो। यो नै एक सिद्धको जीवनको अद्वितीयता (uniqueness) र वास्तविकता (factuality) हो। सिद्ध भनेको धेरै पक्षमा मानव नै हो र भौतिक नियमहरूबाट पूर्ण रूपमा स्वतन्त्र पनि हुँदैन भने फेरि मानवले कल्पनै गर्न नसकिने चमत्कारिक क्षमताहरूद्वारा विभूषित पनि हुन्छ। सिद्धको धेरैजसो जीवनीहरू एकतर्फी (one sided) भएका पाइन्छन् र अपरिपूर्ण हुन्छन्। सिद्धहरूका कथामा या अरू परम्पराका गुरू र अवतारहरूका कथामा तपाईंले प्रायः उनलाई टाउको दुख्यो, कम्मर दुख्यो, झाडा लाग्यो, बातले सतायो, अनुहार चाउरी पऱ्यो, बूढो हुँदै गयो, कपाल फुल्यो भन्ने कुराहरू पढ्न पाउनुहुन्न। त्यसैले यस्ता कथाहरू अमानवीय र मानवीय सत्यताबाट पर भएजस्ता लाग्छन्।

तर तथागतका अभिलेखहरूमा हामीले कल्पनै गर्न नसकिने प्रातिहार्यको उल्लेख पनि पाउँछौं भने सँगसँगै फेरि "तथागतलाई कम्मर दुख्यो, उहाँ भुईमा पल्टी आराम गर्नुभयो र सारिपुत्र या आनन्द आदिलाई सिकाउन भन्नुभयो, आफूले सुनिराख्नुभयो" भन्ने जस्ता सामान्य तथ्यहरू पनि भेटाउँछौं। त्यहाँ हामीले पाउँछौं कि तथागतलाई वातको तीव्र वेदनाले सताउथ्यो र उहाँको वैद्य जीवकले औषधि दिनुपर्थ्यो। यस्तो पनि भेटिन्छ कि तथागतलाई झाडाले र कब्जियतले सताउथ्यो। एक पटक उहाँलाई कब्जियतले सताएपछि जीवकले दिएको औषधि खाँदा २१ पटकसम्म झाडा गएपछि मात्र सञ्चो भएको थियो।

त्यस्तै उहाँ असी वर्षको हुँदाखेरि जीवनमा पहिलो पटक साह्रै विरामी पर्नुभयो र उहाँ अब परिनिर्वाण हुनुहुन्छ कि भन्ने ठानियो, किनकि त्यसले गर्दा उहाँ धेरै कमजोर हुनुभएको थियो। यस्ता कुराहरूका साथसाथै फेरि यस्तो पनि छ कि उहाँले त्यसलाई यौगिक क्रियाद्वारा स्वयंले नै निको पार्नुभयो किनकि उहाँले त्यसवेला छोडिहाल्नु उपयुक्त समय ठान्नुभएन रे। यसले प्रश्न उठाउँछ कि उहाँले झाडा, वात, पीठ्यूँ दुख्ने आदिको उपचार पनि त चाहेको भए स्वयं नै गर्न सक्नुहुन्थ्यो। तर गर्नुभएन र औषधि नै लिएर उपचार गर्नुभयो। यिनै कारणहरूले गर्दा महायानले सामान्यतया

यस्तो विश्वास गर्ने गरेको छ कि "यी सबै केवल लीलाहरू मात्र थिए।"

जेहोस्, चाहे लीला होस् या नहोस्, अरू अवतार या बाबाहरूको जस्तो नभएर उहाँको यस्ता कुराहरू भएको पाइन्छ र ती सबै राम्ररी अभिलिखित (record) गरिएका कुरा हुन्। ती छिपाइएका कुरा होइनन्। यसले तथागतलाई हामी मावनहरूको र मानवीय सत्यताको नजिक ल्याउँछ जुन हामी सबैले सामना गर्ने कुरा हो। कहिल्यै बूढो नहुने, कहिल्यै विरामी नहुने सिद्ध त अवास्तविक (unreal) र मायावी (illusion) जस्तो देखिन्छ। उसँग सम्बन्ध राख्न पनि सम्भव हुँदैन र ऊ एउटा प्रशंसा गर्नको लागि कहानी मात्र बन्न पुग्छ न कि उसबाट सिक्न र अनुकरण (emulate) गर्न। यहाँ सम्भोगकायको कुरा गरिएको होइन। त्यही भएर तथागतले आफू मानव नभएपनि पूरै मानवीय भौतिक कमजोरीहरू पनि देखाउनुभएको थियो। उहाँ मानव हुनुहुँदैन थियो किनकि उहाँ स्वयंले श्रोण ब्राह्मणलाई त्यस्तो बताउनु भएको थियो -**"न खो अहं ब्राह्मण, मनुस्सो भविस्सामि"**

तैपनि उहाँ धेरै त मानवै हुनुहुन्थ्यो किनकि मावनमात्र तथागत बन्न सक्छ। देव या ब्रह्माहरू या नाग, असुर आदि कोही पनि पहिले मानव भएर नजन्मिकन तथागत बन्न सक्दैनन्। तथागतको जीवनी मात्रै त्यस्तो छ जहाँ मावन शरीरका मानवीय कमी कमजोरी र एक तथागतका अचिन्त्य प्रातिहार्यहरू दुबै नै एकै ठाउँमा सम्मिलित भएर एउटा गजबको जीवनकथा बनेको हामी पाउँछौं। मानव देहका यी मानवीय कमजोरी र शक्तिशाली प्रातिहार्यहरूको यस्तो मिश्रण बौद्ध गुरूहरूका जीवनहरूमा शताब्दियौं देखि पाउँदै आइएको छ। धेरैजसो अरू कथाहरूमा बाबा या अवतारहरूका यी मानवीय पक्षहरूलाई लुकाइएको हुन्छ र मानौं उनी मानव नै होइनन् कि भनेजस्तो गरी देखाइएको हुन्छ।

बौद्ध वाङ्मयको संस्कृतिसँग राम्रो हेलमेल नभएका धेरै मानिसहरू त्यस्ता बाबा या अवतारहरूको कथाबाट निकै झुक्किएका हुन्छन्। बूढो नहुने, विरामी नहुने आदि गरी मानव भएर जन्मिन त ऊ अवतार या विशिष्ट बाबा नै भए पनि सम्भव हुँदैन जबसम्म त्यहाँ कुनै कृत्रिम कुरा भैरहेको

हुँदैन। या त त्यो कथा कृत्रिम हुन्छ या त त्यो व्यक्ति (बाबा आदि) ले अस्थायी रूपमा बुढ्याइँ, रोग आदिलाई रोक्ने कुनै कृत्रिम तरिका अपनाएको हुन्छ, त्यो चाहिँ सम्भव छ। तथागतले पनि त्यस्तो गर्न सक्नुहुन्थ्यो तर मुख्य कुरा त उहाँले त्यसो गर्नुभएन। किन ?

१) यसको अर्थ हुन्थ्यो कि उहाँको त्यो शरीर प्रतिअति आसक्ति रहेछ।

२) यसको अर्थ हुन्थ्यो कि उहाँ एक पूर्ण योगी हुनुपर्छ भन्ने धारणामा निकै आशक्त हुनुहुन्थ्यो जुन एक प्रकारको ग्राह हो र मुक्तिको लक्षण होइन।

३) यदि उहाँले आफ्नो कुनै शारीरिक पीडा नै नभएको, कहिल्यै विरामी नै नभएको कहिल्यै बूढो नै नभएको देखाएको भए उहाँका आफ्नै शिक्षा अनित्य-दुःख-अनात्माको विरूद्ध गएको ठहरिनुहुन्थ्यो।

४) उहाँ पूर्ण रूपमा आग्रह (let go) भैसक्नुभएको हुनाले उहाँलाई कुनै पूर्ण योगीको (perfect) जस्तो आडम्बर रच्नु र प्राकृतिक क्रमलाई रोक्नु, बदल्नु जरूरत नै थिएन।

५) उहाँले प्रातिहार्यहरू प्रयोग गर्दाखेरि जहिले पनि शिक्षा दिनको निमित्त या व्यक्तिको आध्यात्मिक उन्नतिको लागि हुन्थ्यो -

क) न कि मानिसहरूको सामु प्रभाव पार्न र कृत्रिम भक्ति (श्रद्धा) बटुल्न। एक पटक एक जना ब्राह्मणले तथागतलाई "चमत्कार देखाउनुहोस्, त्यसले धेरै मानिसहरू श्रद्धान्वित हुन्छन् र तपाईंको अनुयायी हुन्छन्" भन्दाखेरि उहाँले त्यस्तो श्रद्धा कृत्रिम हो र सही होइन भन्नुभएको थियो।

ख) न कि आफूलाई त्रिकालकै सबैभन्दा श्रेष्ठतम

योगी भन्ने प्रमाणित गराउन। ऐतिहासिक रूपमा तथागत नै सबै योगी, देव, मार, असुर, यक्ष आदिमा ज्येष्ठ एवं श्रेष्ठ हुन्छन्। यो कुरालाई उहाँले कसैका सामु प्रमाणित गर्नु जरूरी नै हुँदैन।

६) उहाँका अरू खालका प्रातिहार्यहरू सबै तथागतले स्वतः नै गरिने खालका लीलाहरू थिए।

७) उहाँका ती अरू प्रातिहार्यहरू स्वाभाविक घटनाहरू थिए जुन हरेक तथागत जन्मिँदा, ज्ञान प्राप्त गर्दा, परिनिर्वाण जाँदा स्वतः धर्मनियाम अनुसार हुने गर्छन्।

उहाँका शिष्य नबनेकाहरूसँग तथागत सधैं धीर, दयालु, भद्र हुनुहुन्थ्यो र कसैले उहाँलाई गालि गर्दा पनि उहाँ कहिल्यै रिसाउनुभएन र क्रोधका लक्षण नै देखिँदैनथे र बाहना पनि हुँदैनथ्यो, बरू सधैं शान्त र आराम अवस्थामा हुनुहुन्थ्यो। तर उहाँका आफ्नै शिष्यहरूले मूर्खतालका प्रश्नहरू सोध्दा र उहाँले भनेको गलत तरिकाले अर्थ लगाउँदा खिन्न भएको या यस्तो वाहाना गरेको जस्तो देखिनुहुन्थ्यो। उहाँले शिष्यहरूले मिथ्यादृष्टि राख्दा या उहाँको कुरालाई गलत तरिकाले लिँदाखेरि उनीहरूलाई 'मोघ पुरूष' भनी गालि गर्नुहुन्थ्यो। मोघ पुरूष भनेको 'बेकम्मा' हो। अझै पनि बनारसतिर काम नलाग्ने मानिसलाई 'मोधिमा' भन्नेगर्छन्।

एक पटक महान् सारिपुत्र सहितका भिक्षुहरूको एक जमातले होहल्ला मचाएछन्। तथागतले त्यो देखेपछि सारिपुत्र लगायत उक्त भिक्षुहरू सबैलाई नै संघबाट निकालिदिनुभएको थियो। पछि उनीहरू सबै आएर आफ्नो त्यो अभद्र व्यवहारप्रति क्षमा मागेपछि मात्र पुनः संघमा प्रवेश दिनुभएको थियो। त्यसकारण तथागत कुनै पनि भावना (emotions) नदेखाउने मानव हुनुहुँदैनथियो जसका कुनै पनि भावनाहरू नै नहोऊन् र समाधिमा बसेको योगीझैं दिनभरि नै मुस्कुराएर बसेकोबस्यै होस्। त्यस्तो योगी त धेरै कृत्रिम हुन्छ। तथागत त जीउँदो-जाग्दो, जल्दो-बल्दो सजीव सत्त्व हुनुहुन्थ्यो। त्यसकारण उहाँले आफ्नो शिष्यहरूलाई गालि गर्नुहुन्थ्यो र उहाँको मन

परेको गालि नै मोघपुरूष थियो । आफ्ना शिष्यहरूको व्यवहार देखेर उहाँ चिढिने पनि गर्नुहुन्थ्यो ।

अब कथातिरै जाऔं । हामीले तथागतको यशोधरासँग विवाह भएको प्रसंगलाई नाघेर जानेछौं । यसोधरा पनि तथागत जन्मेकै दिन त्यहि वेलामा नै जन्मेकी थिइन् । वास्तवमा यशोधरा पनि तथागतको प्रज्ञा (consort) हुनलाई नै जन्मेकी थिइन् । प्रत्येक तथागत जन्मिदाँ उहाँकी प्रज्ञा पनि सँगै जन्मिन्छिन् र उहाँले बोधिलाभ गर्ने वृक्ष पनि सँगै नै अंकुर हाल्दछ ।

हामी सबैलाई चार निमित्तहरूको (signs) बारेमा थाहा नै छ । १) लाश २) विरामी व्यक्ति ३) बूढो व्यक्ति ४) साधु । यिनीहरूले उहाँको चित्तलाई यो संसार त्याग्नको लागि अभिप्रेरित गर्ने काम गरेका थिए । २९ वर्षको मानिसले कहिल्यै पनि विरामी, बुढो या मरेको व्यक्ति या साधुलाई नदेखेको हुने सम्भावना पनि हुँदैन । कथाले भन्न खोजेको कुरा के हो भने, त्यसवेलामा यी निमित्तहरूले उहाँको सम्वेदनशील हृदयलाई राम्ररी छोए (घत लाग्यो) । हामी सबैले त्यस्ता कुराहरू देखेकै छौं, परन्तु हाम्रो दिललाई नछोएरै (without moving out mind) यी घटनाहरू भएका देखिन्छन् । जब एउटा १० वर्षको बच्चाले उसको बाजे बितेको देख्छ तब ऊ रून्छ र बिर्सिन्छ । यसले उसलाई “म पनि यसै गरी मरिहाल्नुपर्छ” भनेर गहिरिएर सोच्ने बनाउँदैन ।

बूढा मानिसहरूले पनि पशुपतिमा लाशलाई जलाएको देखेकै हुन्छन् । अझ दिनदिनै पशुपति जानेहरूले त झन् दिनदिनै लाश देख्छन् तर पनि उनीहरूलाई आफू पनि यै हालतमा मरिने हो भन्ने कुराले छुँदैन । तर उनन्तीस वर्षको उमेरमा आफ्नो सारथी छन्दसँग बाहिर निस्कँदा सिद्धार्थलाई त्यस्ता दृष्यले विचलित पारे । उहाँलाई अनित्यता, मृत्यु, व्याधि र बूढयाइँको सत्यताले राम्ररी हिर्काएको थियो । तपाईंहरूलाई पनि अनित्यता, मृत्यु, व्याधि, बुढयाइँ, दुःख जस्ता कुराले मुटुको (दिल) केन्द्रमै सीधै छुन सकेको छैन भने तपाईंको आध्यात्मिक यात्रा (spiritual journey) अझै शुरु नै भएको छैन ।

त्यही भएर बौद्ध मार्गमा यी कुरा पहिला खुड्किला नै हुन्। तिनीहरूलाई जानेर मात्र पनि पुग्दैन, जस्तो कि सिद्धार्थले पनि त्यो दिनभन्दा पहिले नै ती कुरा जानेकै हुनुपर्छ। आफ्नो सही आध्यात्मिक जीवन तिरको मोड आउनुभन्दा पनि अघि नै यी कुराहरू आफ्नो व्यक्तिगत जीवनमै जीवन्त रूपमा घटेको हुनुपर्छ। सिद्धार्थलाई पनि यस्तै भएको थियो, मानौं उहाँले यो पहिलो पटक नै देख्नुभएको हो कि जस्तो गरी पहिलो पटक वास्तविक अनुभूति भएको थियो। त्यसैले उहाँको प्रश्न "त्यो के हो ?" त्यति सरल बच्चाले एउटा लाश या बुढोलाई पहिलो पटक देख्दा सोधेको जस्तो थिएन। सो प्रश्न त त्यस क्षणमा उहाँले अनुभव गरेको अनुभूतिको अभिव्यक्ति (expression) नै थियो। यो स्वयंमा एउटा कोआन् (koan) थियो। अनि उहाँ दरबारमा गएर पितासँग भन्नुहुन्छ -जुन कुरा ललितविस्तरमा यसरी बताइएको छ -

**सो च स्थिहित्व पुरतो नृपतिं अवोचत्**

**मा भूयु विघ्न प्रकरोहि म चैव खेदं।**

**नैष्क्रम्य काल समयो मम देव युक्तो**

**हन्त क्षमस्व नृपते सजनः सराष्ट्रः ॥५९५॥**

राजाको सामु गएर उहाँले भन्नुभयो - "अब विघ्न नगर्नुहोस् र दुःख पनि नमान्नुहोस्। हे देव ! मेरो निस्कने समय आयो। अहो राजन ! राष्ट्र सहित सबै आफ्ना मानिसहरूले मलाई क्षमा गर्नुहोला।"

**तं अश्रुपूर्णनयनो नृपती बभाषे**

**किंचित् प्रयोजनु भवेद विनिवर्तने ते**

**किं याचसे मम वरं वद सर्वु दास्ये**

**अनुगृह्ण राजकुलु मां च इदं च राष्ट्रम् ॥५९६॥**

आँखामा आँसु भरिएको अवस्थामा राजाले भने - "कुनै प्रयोजनले फर्कनु मिल्छ भने (तिमी फर्क), के वर माग्छौं त्यो सब मैले दिन्छु।

राजकुललाई, मलाई र यो राष्ट्रलाई नै कृपा गर (अनुग्रह गर)।"

**तद बोधिसत्व अवची मधुरप्रलापी**
**इच्छामि देव चतुरो वार तान् मि देहि।**
**यदि शक्यसे ददितु मह्य वसे ति तत्र**
**तद् द्रक्ष्यसे सद गृहे नच निष्क्रमिष्ये ॥५९७॥**

अनि मधुर वचनले ती बोधिसत्वले भने - "हे देव, मलाई चार ओटा वरदान दिनुहोस्। यदि सक्नु हुन्छ भने म यहीं तपाईंसँगै बस्छु। मलाई सधैं घरमै देख्नुहुनेछ र म निस्कने छैन।"

**इच्छामि देव जर मह्य न आक्रमेय्या**
**शुभवर्ण - यौवन - स्थितो भवि नित्यकालं।**
**अरोग्यप्राप्तु भवि नो च भवेत् व्याधिः**
**अमितायुषश्च भवि नो च भवेद् विपत्तिः ॥५९८॥**

"हे देव, मेरो इच्छा छ कि मलाई बुढयाईंले आक्रमण नगरोस्, सुन्दर रूपरङ्ग र यौवन सधैं नै स्थिर रहोस्, आरोग्य प्राप्ति होस् र कुनै व्याधिहरू नहोऊन्, अपरिमित आयु प्राप्त होस् र मलाई कुनै विपत्ति नहोस्।"

**राजा श्रुणितव वचनं परमं दुःखार्तो**
**अस्थानु याचसि कुमार न मेऽत्र शक्तिः**
**जरव्याधिमृत्युभयतश्च विपत्तितश्च**
**कल्पस्थितीय ऋषयोऽपि न जातु मुक्ताः ॥५९९॥**

यो वचन सुनेर राजा अत्यन्तै दुःखी भएर भने - "हे कुमार, तिमीले कुठाउँमा वर माग्यौ, यसमा मेरो सामर्थ्य छैन। जरा, व्याधि, मृत्यु, भयबाट र विपत्तिबाट त कल्पभरि बाँच्ने ऋषिहरू पनि कहिल्यै मुक्त भएका छैनन्।" पिताको वचन सुनेर कुमार भन्दछन् -

**यदि दानि देव चतुरो वर नो ददासि**

**जरव्याधिमृत्युभयतश्च विपत्तितश्च ।**

**हन्त श्रृणुष्व नृपते अपरं वरैकं**

**अस्माच्च्युतस्य प्रतिसन्धि न मे भवेथ्या ॥६००॥**

"हे देव, यदि तपाईंले जरा, व्याधि, मृत्युभय र विपत्तिबाट मुक्त पार्ने चार वरदान दिनुहुन्न भने अहो, हे राजन, अर्को एउटै मात्र वरदान दिनुहोस् कि यस लोकबाट च्युत (मृत्यु) भैसकेपछि मेरो फेरि प्रतिसन्धि (पुनर्जन्म) कहिल्यै नहोओस् ।"

**श्रुत्वैव चेम वचनं नरपुङ्गवस्य**

**तृष्णां तनुं च करि छिन्दसि पुत्रस्नेहं**

**अनुमोदनी हितकरा जगतः प्रमोक्षं**

**अभिप्रायु तुभ्य परिपूर्यतु यन्तमं ते ॥६०१॥**


ती महापुरूषको यस्तो वचन सुनेपछि राजाले तृष्णालाई कम गरे र पुत्रस्नेहलाई पनि काटे । जगत्को यो हितकारक मुक्तिलाई अनुमोदन पनि गरे र भने, "तिम्रो जो अभिप्राय हो त्यो पूरा होस् ।" यसरी उहाँ निस्कनुभएको थियो ।

**ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत् ।**

**तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः**

**वातुल वासल वज्र**

नेपाली अनुवाद - **नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**




(१) चैत्तका विभिन्न बौद्ध परम्पराहरूमा वर्गीकरणहरू –

१) अभिधर्मकोष (वैभाषिक परम्परा) = ४६ चैत्त / चैतसिक

२) अभिधम्मस संगहो (थेरवाद, पालि परम्परा) = ५२ चैतसिक

३) अभिधर्म समुच्चय (असङ्ग) (योगाचार परम्परा) = ५१ चैत्त / चैतसिक

यो भेद मूलभूत अवधारणामा नै भिन्न प्रकारको नभएर केवल वर्गीकरण मात्र भिन्न प्रकारले गरिनाले भएको हो ।

(२) अभिधर्म / अभिधम्म / माध्यमिकहरूले विज्ञानलाई ६ विज्ञानमा वर्गीकरण गरेका छन् भने योगाचारमा आठ विज्ञानमा वर्गीकरण गरिएको छ । योगाचारमा दुईवटा थपिएको पनि वर्गीकरणमा भेद भएकोले हो न कि वास्तवमै विज्ञान थपिएर ।

## बोधिपुष्पाञ्जलि-१७

त्रि-रत्न शरणम्

नमो अमिताभाय बुद्धाय

इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति

### पिपासुको स्वप्नगुरू

समान्यतया सद्गुरू एक पृथग्जनले खोजेको (चाहेको) जस्तो हुँदैन । पृथग्जन भनेको त सपना देख्ने व्यक्ति हो। ऊ अझै सपनै देखिरहेको हुन्छ। उसले एउटा किताबमा एउटा कुरा पढ्छ, अर्को किताबमा अर्को कुरा पढ्छ र एउटा आदर्श गुरू (ideal guru) को सपना देख्न थाल्छ। परन्तु त्यो पृथग्जन त अझै पनि सपनाभित्रै हुन्छ र उसका धारणा, विचार, विश्वास, मान्यताहरू सबै त्यही सपनाका भाग मात्र हुन्। त्यसकारण उसका स्वप्नहरू पनि बढी त उसकै अभिसंस्कृत (conditioned) सपनाको भाग मात्र हो। सही गुरू हो भने उसले बोध प्राप्त गरेको हुनुपर्छ अथवा कम्तीमा पनि अटुट सिद्ध परम्पराबाट बोधको प्रकाशलाई छोएकै हुनुपर्छ। त्यसकारण बोध प्राप्त भैसकेको या बोधितर्फ उन्मुख भैसकेको गुरू कसरी एक अभिसंस्कृत पृथग्जनको सपनाको आकृतिसँग ठ्याम्मै मिल्न सक्छ ?

सपना देख्नेवालाले सोच्छ कि गुरू त यस्तो हुनुपर्छ, उस्तो हुनुपर्छ, यसरी व्यवहार गर्नुपर्छ, उसरी व्यवहार गर्नुपर्छ, यस्तो गर्नुहुन्न या यस्तो गर्नुपर्छ, यस्ता चमत्कारहरू गर्नुपर्छ, यस्ता चामत्कारिक शक्तिहरू हुनुपर्छ, अर्थात् संक्षेपमा भन्दाखेरि उसको आफ्नो सपनाको गुरू-आकृतिसँग मिल्नुपर्छ। यदि चामत्कारिक क्षमताहरू हुनु र शक्तिशाली करिश्मा हुनु नै सद्गुरूका शर्तहरू हुन् भने त रावण र कंस पनि सद्गुरू हुनुपर्ने हो ।

स्वप्नदर्शीहरूले गुरूको बारेमा जस्ता सपना पनि देख्ने हुन्छन् । उनीहरूका आफ्ना सपनाहरू आफ्नै संस्कार, पूर्वाग्रह, झुकावहरूमा आधारित छन् र वास्तविकताका आफ्नै विकृत रूप हुन् भन्ने कुराको ख्याल समेत हुँदैन । उसले बुद्धवचनहरू नै पढ्यो भने पनि बुद्धवचनको उसको निजी

बुझाइ आफ्नै संस्कारहरूमा आश्रित हुन्छ भन्ने कुरा बिर्सिन्छ। त्यसैकारणले गर्दा बुद्धवचनहरूको पनि अटुट सिद्ध परम्पराको व्याख्यालाई बुझ्नु ज्यादै महत्वपूर्ण हुन्छ। सद्गुरू त बोध प्राप्त भएको व्यक्ति हुन्छ, त्यसैले उसले निरन्तर बोध गराउने काम नै गरिरहेको हुन्छ र त्यो सपना अनुसार मिल्ने काम त गरेको हुँदैन। अतः सद्गुरू शिष्यलाई अलि रन्थनाउने प्रवृत्ति राखेको हुन्छ किनकि एक पृथग्जनले कल्पना गरेको या सपना देखेको तख्ताभित्र ऊ ठ्याक्क अटाउने त देखिँदैन।

यो विचार गर्नुहोस् त, बोध प्राप्त गरेको सद्गुरूले एक पृथग्जनको सपना अनुसार कसरी व्यवहार गर्ने, बोल्ने, काम गर्ने गरोस् त ? सद्गुरूले सामान्यतया स्वप्नदर्शीका सपनाहरूलाई पूरा नगर्ने कारण के हो भने सद्गुरू भनेकै त्यस्तो व्यक्ति हो जसले सधैं नै त्यो सपनालाई अन्त्य गर्नको लागि नै काम गर्ने, व्यवहार गर्ने, बोल्ने गरिरहेको हुन्छ न कि त्यही सपनालाई नै स्वीकारेर त्यसैलाई प्रवर्धन गर्ने।

धेरैजसो मानिसहरूले गुरू खोज्दाखेरि १) आफ्नै नसुल्झेका मागहरूलाई परिपूर्ति गर्नको लागि खोजेका हुन्छन्, २) बचपनदेखि र अहिले सम्म बनिसकेका कल्पनाहरूको परिपूर्तिका लागि खोजेका हुन्छन्, ३) बच्चैदेखि नै चल्न अभिसंस्कृत गरिएका चालहरूमा मिल्ने व्यक्तिको खोजी गरिरहेका हुन्छन् अर्थात् आफ्ना चालहरूको (games) साथीको खोजी गरिरहेका हुन्छन्, ४) अथवा गुरू कस्तो हुनुपर्छ भन्ने मामलामा कस्ता कुराहरूबाट अभिसंस्कृत भइएको छ त्यसमा राम्रोसँग मिल्ने कुनै व्यक्तिको खोजी गरिरहेका हुन्छन्। उनीहरूलाई लाग्न सक्छ कि उनीहरूले बोध गराउन सक्ने व्यक्तिकै खोजी गरिरहेका हुन् किनकि किताब आदिमा उनीहरूले पढे-सुनेको नै त्यस्तै थियो, तर जब उम्मेदवारलाई साँच्चिकै भेट्छन्, तब उनीहरूको मूल्याङ्कन साँच्चिकै बोध अवस्थाबाट त हुँदैन। बरू आफ्नै संस्कारले तोड-मरोड गराइएको हेराइले एक बोध प्राप्त व्यक्ति या अवस्थालाई जस्तो हुनुपर्छ भन्ने विश्वास दिलाएको हुन्छ त्यसमा आधारित भएर नै हुन्छ। उनीहरूको विकृत हेराइ पनि आफ्नै नसुल्झेका सपना,

आफ्नै बचपनदेखिका कल्पना, आफ्नै परिवार, संस्कृति र समाजमा आधारित भएका अभिसंस्कारहरू र आफ्नै मनोरोग (neurosis) एवं भावनाका गाँठा (complex) हरूमा धेरै नै भर पर्दछ। त्यसैले जब उनीहरूले सद्गुरूलाई भेटाउँछन्, तब आफूले खोजेको जस्तो गुरू नभेटिए झैं लाग्छ, उनीहरूको प्रश्न अनुत्तरित भएझैं लाग्छ, उनीहरूलाई मार्ग नदेखाइएजस्तै लाग्छ। संक्षेपमा भन्दा, त्यो व्यक्ति उनीहरूको सपना अनुसार मिल्दैन् ।

आफ्नो सपना अनुसार त्यो मानिस मिल्नु या नमिल्नु त उनको काम होइन, बरू सद्गुरूको नाताले उनको काम त उनीहरूलाई बचपनदेखिका कल्पना र नसुल्झेका मानसिक गाँठा एवं मागहरूबाट मुक्त गराउनको लागि त्यो सपनाबाट जगाउनु हो। यो कुरा उनीहरूले बिर्सिन्छन्। त्यति मात्र होइन अझ समस्या त के हो भने नसुल्झेका कल्पना र सपना एवं मागहरूले युक्त भएका मानिसहरू ती कुराबाट मुक्त हुनै चाहँदैनन्। उनीहरूले चाहेको कुरा त्यो होइन। उनीहरूले ती माग, आवश्यकता, परिकल्पना, मनोरोग आदिकै सन्तुष्टि चाहन्छन् न कि ती समस्याहरू हल भएको । यद्यपि उनीहरूले सोचे अनुसार ती नसुल्झेका कल्पना, भावना र मागहरूबाट मुक्त हुनै चाहेको हो तापनि अचेत मनको तह (unconscious) बाट फेरि त्यही चाल (game) लाई चालु राखेरै त्यसको परिपूर्ति गरिदिने गुरूको खोजी गर्छन्, न कि ती चाल, भावना, मनोरोग र विकृतिहरूलाई नष्ट परिदिएर साँच्चिकै परिपूर्ति गरिदिने गुरूको ।

एक पृथग्जनले चर्किएको ऐनामा देखिएको अनुहार झैं देखिने मुहार नै खोजिरहेको हुन्छ किनकि त्यस्तो अनुहार नै उसको सपनासँग मेल खाने हुन्छ। त्यसकारण जब उसले एक सद्दे ऐनामा देखिने जस्तो अनुहार देख्छ, तब उसको सपनासँग त्यो मिल्दैन। "मैले पूर्ण अनुहार खोजेको हुँ" भने पनि उसले वास्तवमा खोजेको अनुहार त्यो होइन। उसले साँच्चिकै पूर्ण अनुहारलाई भेट्यो भने आफूले खोजेको कुरा नपाएको जस्तो अनुभव गर्दछ।

स्वप्नदर्शीले आफ्नो सपना देख्ने कामलाई चालू राखेरै त्यो सपनासँग मिल्ने गुरूको खोजी गरिरह्यो भने एउटा व्यक्तिलाई भेटाउँछ नै। किनकि हामीले हाम्रो जस्तो चाल चल्ने खालका साथी, श्रीमान्/श्रीमती आदि त सधैं भेटाएकै हुन्छौं। त्यस्तै यहाँ पनि हाम्रो चित्तको फुटेको ऐनामा देखिने अनुहारसँग मिल्ने गुरू पाउने नै छौं।

हामी पहाडमा चढ्छौं र त्यहाँ एउटा ओडारमा ऊ शक्तिशाली तरङ्ग फैलाउँदै (with powerful vibration) हामीप्रति मुस्कान दिँदै बसेको हुन्छ। उसले हामीलाई हाम्रो नाम, हाम्रा श्रीमान्/श्रीमती को नाम, जिजु-बराजुको नाम समेत ठ्याक्कै बताइदिन्छ। यसले हाम्रा प्रश्नपत्रहरूको ठीक ठीक उत्तर दिइहाल्छ। अनि हामी भन्छौं, "हो, गुरू त उहाँ नै हो बा !" अनि उसले एउटा हारको बाकस दिन्छ, तपाईंले यसलाई खोल्नुहुन्छ जहाँ तपाईंका सम्पूर्ण सपनाहरू पूर्ति गरिदिने एउटा अति गोप्य-मन्त्र (super-secret) हुन्छ। त्यहाँ एउटा चक्की पनि हुन्छ जसलाई तपाईंले निल्ने बित्तिकै तपाईं जवान भैहाल्नुहुन्छ। तपाईंको कपाल, कालो, चिल्लो, लामो भएर आउँछ, आँखा-कानबाट प्रकाश निस्कन थाल्छ। तपाईंका सारा पारिवारिक समस्याहरू, तपाईंका सारा धनका समस्याहरू, कपडा-खानाका समस्याहरू सफाचट् ! अब तपाईंले गर्नुपर्ने भनेकै के मात्र रह्यो भने, अर्को पहाडमा गएर एउटा ओडारमा बस्ने र अर्को अपेक्षित शिष्यले त्यहाँ चढेर तपाईंलाई पत्ता लगाई "जय श्री सदगुरू !" भन्दै बयान गरेको पर्खने !

परन्तु एउटा सही सद्गुरूले त त्यस्तो गर्दैन। ऊ न त्यस्तो पहाडमा बसेको होला न तल मैदानमा बसेको होला। न ऊ अर्धनग्न होला न हारले जडित मुकुट र डिजाइनरको पोषाक पहिरिएको होला। न ऊ १००० वर्षको बूढो होला न २० वर्षको तन्नेरी। न उसको युवा हट्टा कट्टा यौगिक शरीर होला न ऊ एक वयोवृद्ध दार्शनिक जस्तो देखिने चाउरी परेको व्यक्तित्व होला, यी सबै पृथग्जनका विभिन्न सपनाहरू मात्र हुन्। यी कुनै कुराले पनि स्वयं उसलाई सद्गुरू बनाउन सक्दैनन्। सद्गुरूले त्यस्तो रूपबाटै

काम गर्ने भन्ने हुँदैन। त्यसकारण स्वप्न-पिपासुलाई त निराशाजनक लाग्न सक्छ। त्यसैले उसलाई स्वप्न-पिपासुले नदेख्ने (नचिन्ने) सक्ने हुन्छ।

यदि तपाईंको बैठकको लागि मिल्ने खालको टि.भी. खोजे जस्तै गरी गुरूको खोजी गर्नुहुन्छ, यदि तपाईंले गुरूका लक्षणहरू "शान्त मुस्कान, प्रवल तरङ्ग (strong vibration), कुनै बूढो, अद्भुत 'कुरा भएको' भन्ने खोज्नुहुन्छ र त्यो गुरूले तपाईंका बचपनदेखिका सबै प्रश्नपत्रहरूको ठीक ठीक ठाउँमा चिनो लगाउनु पर्ने सबै कुराहरू जान्नैपर्ने, तपाईंले ऊ जस्तो हुनुपर्ने सोच्नुहुन्छ त्यसै अनुसार उसले व्यवहार गर्नुपर्ने भन्ने ठान्नुहुन्छ भने यति कुरामा पक्का हुनुहोस् कि एक सही सद्गुरू तपाईंका निमित्त खिन्नता दिने खालकै हुन्छ।

हामीमध्ये धेरैले बचपनमा आफ्ना अभिभावकहरूसँग नजिकिने सम्बन्ध पाएका हुँदैनौं र हाम्रो पूरा जीवन नै साथी, श्रीमान्, श्रीमती र जगत्‌बाटै त्यो आवश्यकतालाई पूर्ति गर्न व्यतीत गरिरहेका हुन्छौं। हाम्रो कोही गुरू नभए पनि स्वतः नै त्यो काम गरिरहेकै हुन्छौं। आफ्नो गुरूलाई पनि हामीले हाम्रा अभिभावकको त्यो स्थानमा प्रतिस्थापन (replace) गरी हाम्रो साँच्चिका अभिभावकले जे दिएनन् त्यो दिनुपर्ने अपेक्षा राख्छौं। परन्तु सद्गुरू त त्यसको निमित्त होइन। तपाईंका बा-आमाले जुन नजिकको माया-ममता तपाईंलाई दिएका थिएनन्, त्यो दिनको लागि सद्गुरू बसेको हुँदैन, बरू ऊ त तपाईंका तिनै अपूर्ण बाल-आवश्यकताहरूबाट मुक्त गराएर संसारसँगै कसरी नजिकिने भन्ने बाटो सिकाउन बसेको हुन्छ। तपाईंलाई नसुल्झेका ती मातृग्रन्थि र पितृग्रन्थि (father complex र mother complex) हरूले कसरी चाहेको कुरा प्राप्त गर्नबाट रोकिरहेका छन् भन्ने देखाउनको लागि बसेको हुन्छ।

बच्चामा हामी धेरैजसोले त्यो माया र ममता आवश्यकरूपमा पाएका हुँदैनौं, त्यसकारण पूरा जीवन नै त्यसकै खोजी र चाहनामा बिताइरहेका हुन्छौं। हाम्रा साथीहरूबाट त्यो पाउन खोज्छौं, यदि उनीहरूले हामीलाई त्यो दिन सकेनन् भने हामी उनीहरूलाई छोडिदिन्छौं। हाम्रा पति/पत्नीबाट

पाउन खोज्छौं, उनीहरूबाट पूरा हुन सकेन भने पनि हामी खुशी रहन सक्दैनौं । अनि यी मागहरू पूरा गरिदिने गुरूको खोजीमा हिँड्छौं । परन्तु सद्गुरूले हाम्रा यी मानसिक आवश्यकताहरूलाई समातेर हामीलाई बल्छी लगाउने काम गर्दैन । उसले देख्छ कि ठीक यिनै अपूर्ण मागहरूले गर्दा हामीलाई दुःख भैरहेको छ । त्यसैले उसले हामीसँग त्यो चाल चल्दैन । अवश्य पनि हामीलाई यस्तो सद्गुरू निराशाजनक र दिक्कलाग्दो महसूस हुन्छ ।

केही व्यक्तिहरू आध्यात्मिक रूपमा कल्पनामा डुब्ने हुन्छन्, उनीहरू अझै पनि बचपनका कल्पनाहरूको दन्त्यकथामै बाँचिरहेका हुन्छन् । उनीहरूले यो सिद्ध या त्यो सिद्धका वास्तविकताभन्दा धेरै तन्काएर बताइएका कथाहरू र चमत्कारिक कृयाकलापका कहानीहरूबाट आफ्ना बचपनका कल्पनाहरूलाई तेल हाल्नेहरूको खोजी गरिरहेका हुन्छन् । केही मानसिक कारणहरूले गर्दा यस्ता मानिसहरू मानसिक रूपमा ५/१० वर्षको उमेरभन्दा माथि चढ्न कहिल्यै पनि सकेका हुँदैनन् । जब कि ती कथाहरू त्यो उमेरसम्मका बच्चाहरूको मानसिक विकासको लागि मात्र आवश्यक हुन्छ । शारीरिक रूपमा र बौद्धिक रूपमा उनीहरूको उमेर २०-३० वर्ष या त्यो भन्दा पनि धेरै नै भैसकेको हुन्छ, तर बचपनका कल्पनाहरूसँग सम्बन्धित मनको एक भाग भने अझै पनि १० वर्षभन्दा बढी उमेरको भएको हुँदैन ।

उनीहरू यो कल्पना-मनोरोगबाट जाग्नु आवश्यकता हुन्छ र आफ्नो बाल्यकालमा बाँधिएका यी गाँठाहरूलाई फुकाउनुपर्छ । बचपनका परिकल्पनाहरू (childish fantasies) लाई अघि बढाउनुहुँदैन । उनीहरूलाई बढी सतहमा (धरातलमा) रहन (here and now) सिकाउनु आवश्यक छ । उनीहरूको चित्तको काव्य, संगीत, सिद्धि-ऋद्धि जस्ता कुरासँग सम्बन्धित भाग बचपनमा कहिल्यै पनि विकसित भएको हुँदैन । विशेष गरेर यदि उनीहरूका अभिभावक सुख्खा बौद्धिक (dry intellectuals) वर्ग हुन् र देखे सुनेको भन्दा पर गएर हेर्न नसक्ने खालका हुन् भने यस्तो हुन्छ । यस्ता व्यक्तिहरू 'अहिले-यहाँ' (hero and new) जस्ता धारणाहरूबाट अत्यधिक

रूपमा आकर्षित भएका हुन्छन् । (खाने, फूलबारी सजाउने, अर्थात् व्यावहारिक जीवन आदि - (practical things)। उनीहरूले 'अहिले -यहाँ' (here and now) को बारेमा अभ्र बढी अन्यौलमा पर्नु आवश्यक छैन । उनीहरूले आफ्नो चित्तको प्रतिभास (vision) र कल्पनासंग सम्बन्धित पक्षको विकासगर्नु आवश्यक हुन्छ ।

त्यस कारण एक सद्गुरूले यस्ता व्यक्तिहरूको इच्छा बमोजिम व्यवहार गर्ने या त्यस्तो देखिने गर्दैन, बरू साँच्चिकै के गर्नु आवश्यक हो त्यो गर्दछ। फेरि उनीहरूलाई प्रतिभासहरू र यस्ता कथाहरू आवश्यक हुन्छन् भने भोलि गएर उनीहरूलाई बढी प्रज्ञाको जरूरत हुन सक्छ, पर्सि गएर उनीहरूलाई श्रद्धाको पुनः आवश्यकता पर्न सक्छ। हामीले यो सम्भिरहनुपर्छ कि सबै इन्द्रियहरूको सन्तुलित विकास हुनुपर्दछ । त्यसकारण एक सद्गुरूका उपदेशहरू गतिशील (dynamic) हुनुपर्दछ न कि कुनै दृढ, स्थिर र निश्चित (fixed, rigid and static) नियम र उपदेशहरू । तर पनि ती उपदेशहरू सधैं दुःख-निरोधगामी मार्गको सिद्धान्तसँग र तथागतको अटुट सिद्ध परम्पराका उपदेशहरूसँग सुसंगत (in concordance with) हुनुपर्दछ। बनावटी अभ्यास र विचारहरूको खतरनाक मिश्रण हुनुहुँदैन । उसका उपदेशहरू अटुट परम्पराका आधिकारिक शिक्षाहरूबाट सधैं नै प्रमाणित गर्न सकिने हुनुपर्छ ।

कोही व्यक्तिको अत्यधिक शीलब्रतपरामर्श हुनसक्छ, जुन दश संयोजन मध्येको एउटा हो । उनीहरू एउटै निश्चित, स्थिर, दृढ नियम अनुशासनमा मात्र अत्यधिक रूपमा आसक्त (बाँधिएका) हुन्छन् । उनीहरूले स्कूलको बच्चाले जस्तै जीवन भनेको १+१=२ भनेजस्तो हो भन्ने विश्वास गर्छन् । गणितमा १+१ सधैं नै २ हुन्छ भने वास्तविक जीवनमा त कहिले ० पनि हुन सक्छ। कहिले ३ पनि। मैले के भन्न खोजेको हूँ भने जीवन र मनोवैज्ञानिक नियमहरू विशेष गरी रेखीय (linear) हुँदैनन् अर्थात् सीधा साधा हिसाबले चल्दैनन् । त्यसकारण निश्चित नियम-अनुशासनको अनुसरण गर्दैमा अपेक्षित परिणाम प्राप्त हुनैपर्छ भन्ने केही छैन । बरू यस्ता व्यक्तिहरू

आफ्नो स्कूलमा पढ्दाका कक्षाकोठाको परिस्थितिभन्दा माथि कहिल्यै उठेका हुँदैनन् ।

स्कूलको कक्षामा निश्चित नियमहरू पालन गर्नुपर्ने हुन्छ र यदि तपाईंले तिनीहरूको राम्रोसँग पालन गर्नुभयो भने तपाईं राम्रो विद्यार्थी मानिनुहुन्छ, राम्रो अङ्क ल्याउनुहुन्छ। तर जीवन भनेको त बहु-आयामिक (munti-dimensional) जटिल (complex) परिस्थिति हो। जुन त्यो कृत्रिम कक्षा कोठाको परिस्थितिभन्दा धेरै नै भिन्दै खालको हुन्छ। धेरै मानिसहरूले जीवनलाई पनि त्यस्तै खालको ठूलो कक्षा कोठाको रूपमा नै लिइरहेका हुन्छन् र 'शिक्षक'ले उनीहरूलाई स्कूलमा जस्तै ठीक ठीक उस्तै नियम अनुशासन बताइदेओस् भन्ने चाहन्छन् जसबाट उनीहरू "असल विद्यार्थी" बन्न सकून् ।

शीलव्रतपरामर्शको तात्पर्य ठीक यही हो, अर्थात् यदि शील र ब्रत जस्ता निश्चित नियमहरूलाई पालन मात्र गर्ने हो भने स्वतः नै शुद्ध भइन्छ र अन्तमा मुक्ति प्राप्त गरिन्छ भन्ने धारणा हो । त्यसकारण यस्ता व्यक्तिहरू "हो सर् ! होइन सर् ! धेरै राम्रो सर् !" भन्ने आफ्नो त्यो अवस्थाबाट कहिल्यै पनि माथि उठ्न सकेका हुँदैनन् । उनीहरूले गुरूलाई अहिलेदेखि निर्वाणसम्म ठीक ठीक, दायाँ बायाँ गर्न नपाइने खालका कडा नियमहरू अगाडि तेर्स्याइदिए हुन्थ्यो भन्ने चाहन्छन् जसबाट उनीहरूले केवल अनुसरण गरे मात्र पुग्छ र ठीक परिणाम सधैं आइहाल्नेछ। तर जीवनमा ठीक र बेठीक उत्तर भन्ने हुँदैनन् । कहिलेकाहीँ आज ठीक उत्तर भनिएको कुरा भोलि गएर गलत उत्तर हुनसक्छ। शीलब्रत -मनरोगीहरूले जीवनलाई जोखिममा उठाउन चाहँदैनन् र आफ्नो स्कूल पढ्दाखेरिको कक्षा-कोठाको जस्तो नियन्त्रित वातावरणमा र सुरक्षित पक्षमा नै रहेर बिताउन चाहन्छन् । उनीहरू वस्तुतः अनिश्चित र अनियन्त्रित जीवनको वास्तविक जीवनशैलीबाट जीउन डराउँछन् । एक सद्गुरूले उनीहरूको त्यो शीलब्रत मनोरोगलाई झन् फैलाउने काममा कुनै पनि मद्दत गर्दैन । उसले यो शिलब्रत मनोरोगमा अड्केर बसेकाहरूलाई त्यो भत्काइदिएर अलग्याउन प्रयास

गरिरहन्छ ।

एकथरी व्यक्तिहरू फेरि यस्ता पनि हुन्छन् जसले कुनै पनि शील ब्रतलाई अँगाल्दैनन् । उनीहरूले सोच्छन् कि आफूले जति बेला जे गर्न चाह्यो त्यति बेला त्यही गर्नुमा नै मुक्ति हुन्छ । उनीहरूको सोचाइ हुन्छ कि शील र ब्रत भनेका सबै बन्धन मात्र हुन् र मुक्त भएकाहरूले त्यो सबै तोड्नुपर्छ र कुनै शील र ब्रत नै पालना गर्नुहुँदैन । कुनै नियम अनुशासन हुने बित्तिकै उनीहरू सशंकित हुन्छन् र प्रतिक्रिया गर्न थाल्छन् । यिनीहरू सामान्यतया स्कूल पढ्ने बेलामा 'खराब विद्यार्थी' थिए र स्कूलका ती नियम अनुशासनबाट दिक्क भैसकेका हुन्थे र स्कूलबाट छुट्ने बित्तिकै देखि उनीहरूको चित्तले कुनै पनि नियम-अनुशासनको विरूद्ध प्रतिक्रिया गर्नथालेको हुन्थ्यो ।

अर्का थरी चाहिँ असल विद्यार्थी हुन्छन् जसको चित्तले स्कूलमा या घरमा अत्यधिक नियम लादेको मात्र विरोध गरेको थियो । यस्ता व्यक्तिहरूको विचिकित्सा-मनोरोग हुन्छ । उनीहरू शंकालु हुन्छन् र उनीहरूको अभिसंस्कृत चित्तले जे गर्न मान्दैन त्यस्ता कुनै पनि कुरामा विश्वास गर्दैनन् । तिनीहरूले त्यस्ता गुरू र शिक्षाहरू मन पराउँछन् जसले अत्यधिक रूपमा "सहज तरिकाले रहने (being spontaneous)" या "वर्तमानमा रहने (just being or being in the present)" या "केही विचार नगर्ने (don't think)" या "केही विचार नगर्ने मात्र (just don't think)" भन्ने जस्ता कुरामा जोड गर्दछन् । उनीहरूले मुक्ति भनेको जे चाह्यो त्यो गर्नुमा नभएर गराइको गुणस्तरमा पो हुन्छ त भन्ने कुरा नै बुझ्न नसकेको देखिन्छ । यस्तो गुण विकास गर्नलाई त प्रारम्भिक चरणको रूपमा नियम अनुशासन चाहिन्छ । कुनै अनुशासनविना त कुनै पनि 'राम्रो' कुरा प्राप्त गर्न सकिँदैन । सद्गुरू निश्चय पनि यस्तो प्रकारको विचिकित्सा-मनोरोगको पछि लाग्दैन । कहिले काहीँ कुनै व्यक्ति आफ्नो आध्यात्मिक यात्राको क्रममा शीलब्रतपरामर्श मनोरोगदेखि विचिकित्सा मनोरोगमा, त्यसदेखि फेरि शीलब्रतपरामर्श मनोरोगमा जाने गर्नसक्छ । निश्चय पनि एक सही सद्गुरूको नियम र उपदेश त्यस्तो

व्यक्तिका लागि या त्यस्ताहरूको समूहको लागि तदनुसार नै परिवर्तन हुने गर्दछन् ।

जिज्ञासुहरूको अर्को वर्ग पनि छ जो शिक्षित हुन्छन् र धेरै गुरूहरूका धार्मिक किताबहरू पनि धेरै नै पढेका हुन्छन् । उनीहरू सुशिक्षित पनि भएका हुनाले ती विभिन्न शिक्षाहरूलाइ केलाउने, विवेचना गर्ने, विचार गने बानी भएका हुन्छन् । जहाँसम्म कुनै शिक्षालाई केलाउने, विवेचना गर्ने प्रश्न छ, त्यो त राम्रो लक्षण हो र बुद्धधर्मले त्यसलाई राम्रोसँग प्रेरणा दिन्छ, परन्तु समस्या त तब आउँछ जब त्यस्ता स्वभावैले विश्लेषण गर्ने खालका व्यक्तिहरूले भोक्छेन्, महामुद्रा जस्ता शिक्षाहरू सुन्छन् जहाँ एक गोठालोले समेत पनि सीधा-सीधा उपदेशबाट मात्रै साक्षात्कार (realization) प्राप्त गर्न सक्छ र अरू धेरै कुरा केही चाहिँदैन भनिएको हुन्छ । निश्चित रूपमा यो सही हो कि कोही गोठालाले सीधासीधा उपदेशको भरमा मात्र पनि उच्च कोटीको साक्षात्कार गरेका थिए । तर यहाँ प्रायः के बिर्सिएको छ भने उनीहरू त साँच्चिकै गोठाला नै थिए । अर्थात् उनीहरू शिक्षित थिएनन् त्यसैले विचिकित्सा या बढी विश्लेषणात्मक (over-analytical) चित्त भएका थिएनन् । अर्थात् उनीहरूको श्रद्धाबल पहिले नै भैसकेको थियो ।

ती गोठालाहरू धेरै नै सोझो मन भएका र गुरू र उहाँका उपदेशमा अत्यधिक श्रद्धा भएका व्यक्ति थिए, जुन कुरा सामान्यतया टुरिस्ट गाईड, इन्जिनियर, डाक्टर आदिको रूपमा काम गरिरहेका एम्.ए. र बी.ए. वालाहरूसँग हुँदैन । उनीहरूले त विश्लेषण गर्ने, शंका गर्ने जस्ता कामहरू गर्दैनथे जब कि शिक्षित व्यक्तिले त स्वाभाविक रूपमै गर्ने गर्दछन् । फेरि उनीहरूको त समाधि इन्द्रिय जस्ता अरू इन्द्रियहरू पनि धेरै नै माथिल्लो तहसम्म विकसित भैसकेका थिए । मिलारेपाले जुन गोठालोलाई "चित्तमा हेर्नु" भनि उपदेश दिनुभयो, त्यो त ३/४ दिन भन्दा पनि बढी त समाधिमै स्थित भएको थियो । १९५० ताका इन्द्रचापकाय (rainbow body) प्राप्त गर्ने प्रसिद्ध न्यिङ्मा कालीगड (stone carver) ले पनि १३,००,००० पूर्वयोग (ngondro) आदि सिद्धयाएका थिए । फेरि सद्गुरूबाट त्यस्ता सीधा-

सीधा उपदेशहरू (pith instructions) लिएका प्रत्येक गोठालाहरूले इन्द्रचापकाय प्राप्त गरे भन्ने पनि थाहा पाइएको छैन ।

स्वभावैले एक सद्गुरूले त्यस्ता छट्टु नगरवासी (slick city dwellers) सँग त्यस्तो 'गोठाले चाल' चल्दैन जसले आफूलाई सोझो मन भएका (simple minded) गाउँले या गोठालो भन्ने कल्पना गर्छन् । यस्ता नगरवासीहरूले चित्तलाई हेर्ने बित्तिकै ३-४ दिनसम्म समाधिमा गएका भन्ने सुनिएको छैन अथवा कम्तिमा पनि आज सम्म मैले सुनेको छैन । बरू ४ पटक मात्रै पूर्वयोगहरू गर्नु भन्ने हो भने पनि सबभन्दा पहिले गुनासो गर्ने र "हामीले त्यो किन गर्नुपर्दैन" भन्ने सिद्ध गर्न सबै प्रकारका तार्किक कारणहरू दिन पछि नपर्ने पनि यिनीहरू नै हुन्छन् । हो, गोठालाहरूले त आफ्ना गुरूले जे गर्नु भन्नुभयो त्यो कुरालाई दोहोर्‍याएर समेत विचार नगरी कुनै प्रश्न विना नै गर्न सक्छन् । त्यसो भए 'गोठाले चाल' (playing the cowherd game) चल्ने यी नगरवासीहरूले पनि सद्गुरूले "हो, तिमीलाई धेरै जटिल कुरा केही पनि चाहिँदैन, सरल अभ्यासहरू मात्र गर, त्यही नै पर्याप्त छ । तिमीले इन्द्रचापकाय प्राप्त गर्नेछौं" भनिदिए हुन्थ्यो भन्ने अपेक्षा राख्छन् ? परन्तु एक सद्गुरूले त त्यस्तो भन्न इन्कार गर्छ । त्यसैले त्यस्तो नगरवासी फेरि अर्को गुरूको खोजीमा हिँड्छ जसले उसको 'गोठाले चाल' लाई स्वीकार गरिदेओस् ।

केही व्यक्तिहरू निर्दोषितावादी धारणा (ideas of perfection) मा अड्किएका हुन्छन् जसले गर्दा उनीहरूलाई जहिले पनि अरूमा दोष मात्र देख्ने बानी हुन्छ । यसले नै उनीहरूको आध्यात्मिक उन्नतिलाई बाधा गरी राखेको हुन्छ र जीवनको सुख लिनबाट रोकिराखेको हुन्छ । जब यस्ता निर्दोषितावादीहरूले गुरूको खोजी गर्छन्, तब उनीहरूको आशामा गुरू भनेको निर्दोष (कुनै पनि प्रकारको खोट, दोष नभएको) हुनुपर्छ । उनीहरू यो तथ्यमा अन्धा हुन्छन् कि सर्वप्रथम त 'निर्दोष' भनेको धेरै नै सापेक्षिक (relative) शब्द हो । फेरि 'निर्दोष' का जुन लक्षणहरू उनीहरूले विचार गरेका हुन्छन् ती सबै उनीहरूको अन्योलमा परेको अभिसंस्कृत चित्तका

उपज हुन् । उनीहरूलाई यो पनि महसूस हुँदैन कि उनीभन्दा पनि बढी बुद्धिमानहरूले ती लक्षणहरू नै निर्दोषिताका लक्षण हुन् भन्ने मानेकै हुन्छन् भन्ने केही छैन ।

अन्तमा, कुनै पनि मानव-गुरू या देव-गुरू पूर्ण रूपले निर्दोष हुने सम्भावना नै हुँदैन चाहे 'निर्दोषिता' को माने जेसुकै होस् । केवल एक तथागतलाई मात्र निर्दोष भन्न सकिन्छ, त्यो पनि एक धेरै नै सापेक्षिक रूपमा हेर्दाखेरि मात्र । आखिर देवदत्तले तथागतलाई निर्दोष देखेन । नत्रभने उसले उहाँलाई मार्ने र संघभेद गर्ने प्रयासै गर्दैनथ्यो । त्यसमाथि पनि तथागत भनेका प्रत्येक दशाब्दी या शताब्दीमै जन्मिराख्ने सस्ता पुरूष पनि होइनन् । अन्तमा, तर महत्वपूर्ण कुरा के हो भने निर्दोषितावादमा अत्यधिक आसक्ति हुनु या "निर्दोष हुनुपर्छ" भन्ने धारणामा पकड हुनु स्वयं नै एउटा दोष हो । त्यस अवस्थामा एउटा निर्दोषवादीले यदि कुनै 'निर्दोष' गुरू (जुन धेरै नै शंकास्पद छ) भेटायो भने पनि त्यो निर्दोषिता (perfection) स्वयं त्यो गुरूकै दोषिता (imperfection) हो । जसको तात्पर्य हुन्छ उसले अझै पनि एक 'निर्दोष' गुरू भेटाएको छैन ।

'निर्दोष' गुरू खोज्ने काम नै प्रायः नसुल्झेका मानसिक जटिलता र बचपनका अन्योल (confusion) मा आधारित कुरा हो । बच्चालाई 'निर्दोष' बनाउनको लागि तालिम दिन आवश्यक मानिएको हुन्छ मानौं कि त्यो निर्देषिता भनेको प्राप्त गर्न सकिने चिज हो । नत्र भने कुनै पनि बच्चाको विकास राम्रोसँग हुँदैन । परन्तु केही वयस्क मानिसहरू निर्दोषिताको बालदृष्टि (childhood vision) बाट बढेर माथि कहिल्यै पनि आएका हुँदैनन् । उनीहरूले जीवन कहिल्यै पनि निर्दोष हुन सक्दैन, निर्दोषिता भनेको केवल परिकल्पनात्मक लक्ष्य हो (hypothetial goal) जसलाई हामीले अगाडि ल्याइराखेका मात्र हौं, एउटा आदर्शलाई अघि राखेर त्यतातिर अघि बढ्दाखेरि हाम्रो विकास हुँदै जाओस् भनेर मात्र त्यो गरेका हौं, भन्ने कुरा सिक्ने गरी कहिल्यै पनि बढेका हुन्नन् (never grown up)। उनीहरूले अझै पनि आफ्नो मगजमा बाल्यकालमा नजानिँदो गरी सिकेका तिनै निर्दोषितावादी

धारणालाई नै बोकिराखेका हुन्छन् ।

यस्तो अवस्थामा एक सद्गुरूले निश्चय पनि 'निर्दोष गुरू चाल (perfect guru game)' चलेर त्यो भ्रान्तिलाई (illusion) निरन्तरता दिइराख्दैन । बरू सद्गुरूले त जानी जानी आफ्नो दोषलाई प्रयोजनवशात् (purposfully) प्रकट गरेरै त्यो जिज्ञासु (seeker) को बालभ्रान्तिलाई चकनाचूर पार्दछ । तपाईंले निश्चय गरे हुन्छ कि, मानव होस् या देव, प्रत्येक गुरूका धेरै दोषहरू हुन्छन् । एक सही सद्गुरूले मानवका यी कमी कमजोरीहरूलाई आफ्ना शिष्यहरूबाट लुकाउन र "म एक निर्दोष गुरू बन्छु है" भन्ने चाल चल्न प्रयास गर्दैन । यो एउटा 'बहाना चाल (pretended game)' हो । किनकि भित्र मनमा गुरू -चेला दुबैलाई नै यो सही हुन सक्दैन भन्ने थाहा हुन्छ । त्यही भएर शिष्यले पनि गुरूका मानवीय दोषहरू नदेखेजस्तो वहाना गर्छ र मानौं ती साँच्चिकै होइनन् भने जस्तो गरी बहाना दिएर हटाउन खोज्छ (explains them away) । गुरूले पनि शिष्यले त्यो थाहा पाएको छैन कि भने जस्तो बहाना गर्छ या राम्रै हिसाबले लिइरहेको छ भन्ने बहाना गर्छ । यदि त्यो शिष्यले कुनै मनोवैज्ञानिक कारणले गर्दा त्यस्तो बहाना गर्न सकेन भने उक्त गुरूलाई छोडेर हिँड्छ ।

तर, एक आधिकारिक सद्गुरूका निमित्त यस्ता कुनै पनि चाल चल्नु आवश्यक हुँदैन । उसले आफू 'निर्दोष' छु भन्ने बहाना कहिल्यै पनि गरेको हुन्न, उसले व्यावहारिक जीवनका सबै समस्याहरूको समाधान "म सँग छ" भन्ने बहाना कहिल्यै गरेको हुन्न, उसले "मैले सबै कुरा जानेको छु" भन्ने बहाना पनि कहिल्यै गरेको हुन्न र मानसिक रूपमा असन्तुलित भएका ती 'निर्दोषितावादी' (perfectionist) हरूको सामु आफू 'निर्दोष' हुने कबुल पनि गरेको हुँदैन । गुरू भनेको त जगाउन (बोध गराउन) को लागि हो न कि पृथग्जनका लहड र धारणा अनुसार व्यवहार गर्नको लागि ।

कोही व्यक्तिले "Zen Mind Beginner's Mind" जस्ता राम्रा किताबहरू पनि पढेका हुन्छन् र यस्तै खालका अरू पनि । अनि "Beginner's Mind" (नौसिकारू चित्त), "Ordinary Mind" (प्राकृत

चित्त), "Spontaneous Mind" (सहज चित्त) जस्ता धारणाहरूमा अड्केका हुन्छन् । उनीहरूलाई महसुस हुँदैन कि उनीहरूको "Beginner's Mind" को बुझाइ "Beginner's Mind" को साँच्चिकै वास्तविक अर्थ नै होइन, बरू त्यो त वास्तवमा वासी "I-know-it-Mind" (मैले-बुझें-चित्त) हो । उनीहरूलाई यो महसुस हुँदैन कि प्राकृत चित्त (Ordinary Mind) भन्दाखेरिको उनीहरूको बुझाइको चित्त साँच्चिकै प्राकृत चित्त नभएर अन्योलग्रस्त र जटिल चित्त हो । जब उनीहरूले गुरूलाई भेट्छन् तब उनीहरूको सोचाइ अनुसारको “हामीले सही शब्द जानेका, सही अभिव्यक्ति जानेका, सही कुरा जानेका हुनाले ती सद्गुरूले त्यो कुरा स्वीकार गरेर हाम्रो प्राकृत चित्त चाल (ordinary-mind game) र नौसिकारू चित्त चाल (beginer's-mind game) आदि चल्छन्होला” भन्ने अपेक्षा राखेका हुन्छन् ।

परन्तु एक आधिकारिक सद्गुरूले त त्यो चाल चल्दैन, त्यसले गर्दा उनीहरू खिन्न हुन्छन् । तिनीहरूलाई यो पनि महसुस नभएको देखिन्छ कि यदि उनीहरूले साँच्चिकै नौसिकारू चित्त, प्राकृत चित्त, अचित्त (No Mind), अहिले -यहाँ चित्त (Here-and-Now Mind) को बारेमा सबै थाहा पाएको भए र उनीहरूले जानेकै कुराको आधारमा सद्गुरूको मूल्याङ्कन गर्न सक्ने भए किन उनीहरूलाई सद्गुरूको खाँचो पर्‍यो त ? उनीहरूलाई यो पनि महसूस नभएको देखिन्छ कि उनीहरूले यहाँ-त्यहाँ त अझै आधिकारिक गुरूहरूबाट लेखिएका आधिकारिक किताबहरू पढेका भएपनि सर्वप्रथम उनीहरूले ती किताबका कुरा स्वयंले बुझ्नुभन्दा अगाडि नै उनीहरूका आफ्नै संस्कार र विकल्पहरूले छानिसकेका (filtered) हुन्छन् । उनीहरूले यो पनि नबुझेको जस्तो देखिन्छ कि त्यस्तो किसिमको बुझाइ यदि सही तरिकाले भएको रहेछ भने पनि त्यो त केवल यात्रा गर्ने बाटोको नक्सा मात्र हो, स्वयं यात्रा होइन, केकको तस्बीर मात्र हो, स्वयं केक होइन । आखिरमा त्यो नक्शा जतिसुकै राम्रो भएपनि र तपाईंले जति राम्रोसँग जाने पनि साँच्चिकै यात्रा गर्न एउटा मार्गनिर्देशक (guide)

का साथमा जाँदाखेरि त तपाईंलाई थाहा हुन्छ कि त्यो बाटोका बारेमा नक्सामा नलेखिएका धेरै कुराहरू त्यो मार्गनिर्देशकले जानेको रहेछ। ठूलै पत्थर सामुने आउला, त्यसको छेउबाट घुमेर जानुपर्ने होला, पहिरो गएर बाटोमा फेरबदल गराइएको होला, जुन कुरा नक्सामा लेखिएका थिएनन् ।

३७ बोधिपक्षहरू, पाँच मार्गहरू बूढानीलकण्ठको बाटाका नक्शाहरू हुन् । परन्तु यात्रा गर्दाखेरि त तपाईं सडकको दायाँतर्फबाट हिँड्नुहुन्छ कि बायाँतर्फबाट हिँडनुहुन्छ त्यो आफ्नै कर्म (क्लेश-संस्कार) मा भर पर्ने कुरा हो, तपाईं एक खुट्टे हुनु होला, दुई खुट्टे हुनुहोला, साइकलमा हुनुहोला या त्यो बाटोमा मोपेडमा हिँड्दै हुनुहोला, तपाईंको एउटा आँखा हुनसक्छ, आँखै नहुन सक्छ या दुईटै आँखा हुनसक्छन् । यस्ता सबै तथ्य र अन्य करोडौं यस्तै कुराहरूले गर्दा तपाईंको वास्तविक यात्रा, वास्तविक पाईला त्यही मार्गमा पनि धेरै नै भिन्दै प्रकारको भइराखेको हुन्छ । प्रत्येक व्यक्तिको यस्तै खालको आफ्नै व्यक्तिगत यात्रालाई 'प्रतिपद' भनिन्छ र पुस्तकहरूमा कहिल्यै पनि पाईदैन । त्यो मार्गबाटै पहुँचेको या कम्तिमा पनि तपाईंभन्दा धेरै नै अघि पुगेको र तपाईंलाई बुझेको योग्य सद्गुरूले मात्र तपाईंको 'प्रतिपद्' मा तपाईंलाई साथ दिन सक्छ । 'रूलस्मार्ग' र 'प्रतिपद' मा फरक यही हो ।

मार्ग स्पष्टसित परिभाषित हुनुपर्छ, राम्रोसँग अङ्कित हुनुपर्छ, धेरैले राम्रोसँग हिँडिएको हुनुपर्छ । अनि यहाँ भन्न सकिन्छ कि जबसम्म बूढानीलकण्ठको मार्गमा लागिँदैन तब सम्म बूढानीलकण्ठ पुगिँदैन पनि । परन्तु प्रतिपद त पहिल्यै परिभाषित गर्न, तयार पार्न या नक्सा गर्न सकिने कुरा होइन किनकि यो प्रत्येक व्यक्तिको फरक फरक हुन्छ र समय अनुसार परिवर्तन पनि भैरहन्छ । मार्ग र प्रतिपदको बीचको यो फरकलाई बुझिराख्नु राम्रो हुन्छ । दुःख निरोधको मार्ग एउटै मात्र हुन्छ र केवल एक मात्र हुन्छ परन्तु त्यो मार्गको प्रतिपद एउटै र उही कहिल्यै पनि हुन सक्दैन ।

कसैको सोचाइ हुन्छ कि गुरू भनेको सधैं मैत्री-करूणाको अनुहारले हिँड्ने हुनुपर्छ। एक सद्गुरू पनि सहज रूपमै सबै प्राणीहरूप्रतिको मैत्री, करूणा, बोधिचित्तले भरिएको हुन्छ। यो कुरा ठीक हो तापनि त्यसलाई अनुहारको भाव (या मुद्रा) को आधारमा मात्र मूल्याङ्कन गर्नु उचित होइन। सधैं एउटा कारूणिक व्यक्तिको तस्वीर झैं देखिएर रहने गुरूले या त अभिनय गर्दैछ या त कुनै मानसिक गाँठोमा (physchological knot) अड्केर रहेको छ। जहाँ उसका अभिभावकले या स्कुलमा शिक्षकहरूले "सधैं मुस्कुराऊ" भन्ने या यस्तै कुनै निर्देशन दिएका थिए। जे होस् यस्तो अपरिवर्तनशील तस्वीर- गुरू त सही हुन सक्दैन। सही र जीवन्त करूणा, मैत्री र बोधिचित्त त गतिशील हुन्छ। यो त परिस्थिति अनुसार चल्ने हुन्छ र यसको अभिव्यक्ति (expression) पनि सधैं नै परिस्थितिसँग सान्दर्भिक रूपले र ताजा हुन्छ।

जीवनका परिस्थितिहरू कहिल्यै पनि एक फोटो जस्तो सदाकालको लागि अचल हुन नसक्ने भएकोले एउटा सही र गतिसील (dynamic) गुरूको अभिव्यक्ति पनि परिवर्तनशील नै हुनुपर्ने हुन्छ। सदगुरूको निमित्त परिस्थिति अनुसार रिस प्रकट गर्नु पनि मैत्री/करूणा/बोधिचित्तकै अभिव्यक्ति हो। शिष्यको वास्तविक हित हुने परिस्थिति हुँदा हुँदै पनि कुनै रिस नदेखाएर बस्नु चाहिँ मैत्री/करूणा/बोधिचित्त होइन, बरू चित्तमा अड्केका मैत्री/करूणा/बोधिचित्त सम्बन्धी धारणाहरूको अनुसरणबाट अन्योलमा परेको स्थिति हो। साँच्चिकै मैत्री/करूणा/बोधिचित्त भनेको न त कुनै निश्चित धारणामा टाँसिएको अभिव्यक्ति हो न त यस्ता धारणाहरूमा अड्किनाले आएको परिणाम हो। यो त संस्कारहरूबाट मुक्त भएको चित्त (असंस्कृत चित्त) को जीवन्त र गतिशील (living and dynamic) अभिव्यक्ति हो, र वास्तविक परिस्थितिसँग र यथार्थ वास्तविकतासँग तालमेल मिलाएर स्वयं नृत्य गर्न सक्छ। निश्चय पनि यस्तो गुरू त्यो मैत्रि/करूणा/बोधिचित्त मनोरोगीको (Maitri/Karuna/Bodhichitta neurosis) चिटिक्क परेका ढाँचा (neat pattern) मा मिल्ने हुँदैन। यो

बुझ्नु महत्वपूर्ण हुन्छ कि सही मैत्रि करूणा कदापि मनोरोग हुन सक्दैन। मनोरोग त के हो भने मैत्री करूणा कस्तो हो भन्ने सम्बन्धमा आफ्नो व्यक्तिगत धारणामा अड्केर बस्नु।

फेरि अर्काथरि यस्ता पनि हुन्छन् जो आफूले पढेको, सुनेको या विश्वास गरेको कुराले यति भरिएका हुन्छन् कि उनीहरूले कुनै पनि नयाँ कुरा सिक्ने ठाउँ राखेका हुँदैनन्। उनीहरूमा सही गुरूले दिएको सन्देशलाई ग्रहण गर्ने क्षमता हुँदैन र सधैं नै उहाँको सन्देशलाई तोड मरोड गरेर आफ्नै धारणा, विचार र सुविधामा पुऱ्याइदिन्छन्। आध्यात्मिक क्षेत्रमा सिक्ने भनेको वास्तवमा सिकेको निकालेर फ्याक्ने प्रक्रिया (process of unlearning) हो भन्ने कुरा पनि उनीहरूले नबुझेको जस्तो देखिन्छ। वास्तवमा जबसम्म तपाईंले अहिलेसम्म सिकेका कुरालाई निकालेर फ्याक्न सिक्नुहुन्न, तबसम्म आफ्नै अगाडि भैरहेको सद्गुरूलाई पनि तपाईंले चिन्न सक्नुहुन्न।

कुनै पनि गतिशील सजीव, सही सद्गुरू एउटा तस्वीर जस्तै गरेर तपाईंले अहिलेसम्म आफ्नो सिकाइबाट बनाएका धारणाहरूमा ठ्याक्क मिलेर बस्ने खालको हुँदैन। जबसम्म तपाईंले सिकेको निकालेर फ्याक्न सक्नुहुन्न तबसम्म कोही गुरूले तपाईंलाई केही गर्न मुस्किलै छ। सिकेको निकालेर फ्याक्न तयार हुनको लागि तपाईंले सबै अनुभव गरेपनि, सबै अध्ययन गरेपनि वास्तवमा “मलाई केही थाहा छैन” भन्ने महसुस गर्न सक्नुपर्छ। आध्यात्मिक क्षेत्रमा यही ‘जान्दिन चित्त-don't know mind' नै एक मात्र सही चित्त हो। यो ‘जान्दिन चित्त’ भनेको अध्ययन गरेर पनि बुझ्न नसकेर नजानेको चित्त पनि होइन र जान्दै नजानेको चित्त पनि होइन, ता कि उसले जीवनमा कहिल्यै केही गहिरो अनुभूति नै नगरेको होस् या यसले अहिलेसम्म केही अध्ययन नै नगरेको होस् वा धेरै नै कम अध्ययन गरेको होस्। यो त यस्तो चित्त हो जसले धेरै अध्ययन, भावना (ध्यान) र धेरै राम्रा उच्च तहका अनुभूतिहरू गरिसकेपछि पनि “जे भने गरे पनि मलाई साँच्चिकै थाहा रहेनछ” भन्ने महसूस गरिरहेको चित्त हो। यही नै

सही आध्यात्मिक उन्नतिको शुरुआत हो ।

जबसम्म तपाईंले “मलाई थाहा छ” भन्ने ठान्नुहुन्छ, तबसम्म सही गुरूका सन्देशहरूप्रति तपाईंको चित्त बन्द रहेको हुन्छ । यात्रा गर्नुभन्दा अघि यदि नक्शाको राम्रोसँग अध्ययन गर्नुभएको छ भने त्यसको काम आउन सक्छ । परन्तु नक्सा स्वयं त यात्रा होइन नि । अनि त तपाईंलाई वास्तवमा त्यो यात्राको बारेमा थाहा नै छैन भने हुन्छ । साँच्चिकै यात्राको बाटोमा जाँदा वास्तवमा के हुन्छ या वास्तवमा के अनुभव गर्नुपर्छ भन्ने कुरा त तपाईंले त्यो नक्सामा आधारित भएर बनाएको आकृतिसँग त पटक्कै मिल्दैन । यदि तपाईंले मार्गदर्शन (guide) सँग आफूले नक्शा अध्ययन गरेर सोचेको र अहिले यहाँ अनुभव भैरहेको कुरा त मिलेन नि भनेर गुनासो गर्न थाल्नुभयो भने त्यो मार्गदर्शकले सम्भवतः तपाईंलाई दिमाग खुस्केको भन्ने ठान्छ ।

सद्‌गुरूलाई आफूले अध्ययन आदि गरेर बनाएको मानसिक आकृतिसँग नमिलेको कारणले चिन्न नसक्ने शिष्य त नक्शाको अध्ययन गर्दाखेरि बनाएको आकृतिसँग यो बाटो मिलेन भनेर हिँड्न नचाहने यात्री जस्तै हो । नक्शा भनेको सधैं उस्तै रहिरहने स्थिर कुरा हो, परन्तु साँच्चिकै यात्रा त कदापि स्थिर कुरा होइन । यो त क्षणक्षणमै, घण्टाघण्टामै, दिनदिनमै बदलिरहेको हुन्छ र हरेक व्यक्तिका निमित्त फरक फरक नै हुन्छ । तैपनि धेरै कुरामा फेरि नक्शा बमोजिमकै हुन्छ । आध्यात्मिक नक्शा पनि यसरी नै बनेको हुन्छ । यद्यपि ३७ बोधिपक्ष र ५ मार्गको ठीक ठीक नक्शा यहाँ भएपनि हामीलाई सम्यक्‌दृष्टिको दिक्सूचक (compass) पनि आवश्यक भइरहन्छ र तैपनि प्रत्येक व्यक्तिको साँच्चिकै यात्रा (प्रतिपद) चाहिँ आपसमा फरक हुने मात्र होइन क्षणक्षणमै, महिनामहिनामै, वर्षवर्षमै गतिशील रूपमा परिवर्तन समेत भैरहेको हुन्छ ।

राम्रा जुत्ता लगाउनुपर्छ भन्ने नियम हुनसक्छ तापनि ती जुत्ता लगाउँदा खुट्टामा फोडा आयो भने त्यो यात्रीलाई केही समयको लागि ती जुत्ता फुकालेर चप्पल लगाउनुपर्ने हुनसक्छ । त्यसको मतलब त्यहाँ हिँड्ने अरूले

पनि चप्पल लगाउनुपर्छ भन्ने त हुँदैन नि । अनि मार्गदर्शकलाई गएर, “अँ, तपाईंले नै हो मलाई हिजो यी जुत्ता लगाउनुपर्छ भनेको र आज फेरि यी जुत्ता फुकाल भनेर तपाईं नै भन्दै हुनुहुन्छ ?” भन्ने गुनासो गर्न त मिल्दैन । आध्यात्मिक यात्रामा ठीक यही नाटक प्रायः दोहोरिने गरेको पाइएको छ ।

“एक सद्गुरूलाई हामीले कसरी चिन्ने त ?” भन्ने प्रश्न प्रत्येक सच्चा जिज्ञासुको मनमा हुन्छ । परन्तु मैले पहिले नै बोधिपुष्पाञ्जलि ११ मा बताइसकेको छु कि वस्तुगत एक मात्र तरिका (the only objective criteria) हो, “उनी एक अटुट शुद्ध सिद्ध परम्पराबाट आएका हुन् कि होइनन् ? उनी त्यस्ता गुरूहरूबाट आधिकारिक बनाइएका छन् कि छैनन् ? उनले त्यस्ता परम्पराका अमूल्य उपदेश अनुसार राम्रोसँग अभ्यास गरेका छन् कि छैनन् ?...” वस्तुगत शर्तहरू अरू केही छैनन् । बाँकी अरू सबै विषयगत शर्तहरू (subjective creteria) हुन् । हाम्रो चित्तसन्तान क्लेशबाट आरूढ भएको र अन्योलग्रस्त हुने भएकोले यस्ता विषयगत शर्तहरू हामी भर पर्ने सम्भावना हुँदैन । ती वस्तुगत शर्तहरूभन्दा पनि बढी त जिज्ञासुले यस्तो प्रश्न गर्नु बढी फलदायी हुन्छ, “एक सत् चेलाका शर्तहरू के के होलान् ?” एक प्राचीन पाश्चात्य ज्ञान ध्यान प्रणालीमा बताइन्छ कि “यदि शिष्य तयार छ भने गुरू त्यहीं हुन्छ ।” तपाईंहरू सबैले गुरूको माथि भनिएको वस्तुगत शर्तको बारेमा पत्ता लगाउनुभन्दा बढी त यो प्रश्न सोध्नु पर्छ कि, “के शिष्य तयार छ ?” न कि “के त्यो गुरू हो ?”

यो लेखमा बताइएका सबै प्रकारका जिज्ञासुहरूले गलत प्रश्न गरिरहेका हुन्छन् । उनीहरूले सोच्छन् कि, “के त्यो गुरू मेरो लागि तयार छ ?” राम्रोसँग विचार गर्नुहोस् त, के ती सबै खालका जिज्ञासुहरूको प्रश्नको सार यही होइन ? के त्यो प्रश्न ठूलै अहङ्कारबाट सोधिएको प्रश्न होइन ? सही जिज्ञासुले सोध्ने प्रश्न त यस्तो हुन्छ, “के म एक आधिकारिक सद्गुरूको निमित्त तयार छु ? यदि म तयार छैन भने सद्गुरूका निमित्त म तयार हुनुपऱ्यो, नत्रभने मेरो अगाडि सद्गुरू हुँदाहुँदै पनि उहाँले मलाई साँच्चिकै मद्दत गर्न सक्नुहुने छैन या अझ ठीक तरिकाले भन्ने हो भने मैले उहाँलाई कुनै

पनि लाभ दिन सक्ने छैन। म सद्गुरूका निमित्त कसरी तयार हुने होला ?

बज्रयानको उत्तर त मेरो मन नखुल्दा सम्म बाहिरी र भित्री पूर्वागत अभ्यास (सामान्य पूर्वयोग र असाधारण पूर्वयोग) गर्ने भन्ने छ र जबसम्म मेरो चित्तले सद्गुरूको शिक्षालाई राम्रोसँग ग्रहण गर्न सक्ने हुँदैन तबसम्म गर्ने भन्ने छ" बाहिरी पूर्वागत अभ्यास (साधारण पूर्वयोग) भनेको त चार मति परिवर्तनको क्रम नै हो जुन तपाईंहरू सबैले गर्दैहुनुहुन्छ। कोही कोही त यसको अन्त्यतिर आइपुग्न लाग्नुभएको पनि छ। भित्री पूर्वागत अभ्यास (असाधारण पूर्वयोग) भनेको शरणागति, बोधिचित्तोत्पाद -क्रम, वज्रसत्व-भावना, मण्डलयोग र गुरूयोग हुन्। यदि तपाईंहरूले यसलाई सही आशयले र गहिरो शमथ सहित भएर गर्दै हुनुहुन्छ भने गुरूयोग सक्ने बेला सम्ममा तपाईं सद्गुरूको निमित्त तयार हुनुहुने छ। वास्तवमा गुरूयोग भनेकै गुरूसँग एकीकृत गर्नु (सम्बन्ध जोड्नु) हो। सद्गुरूको अगाडि भौतिक रूपमा उपस्थित रहनु र उहाँलाई मनले (चित्तले) भेट्नुमा धेरै ठूलो अन्तर छ। उहाँलाई मनले भेट्न सकेपछि मात्र तपाईंले राम्रै गरी सही रूपमा साँच्चिकै आध्यात्मिक यात्रा शुरु गर्नुभयो। अनि त तपाईं डोल्पाको यात्रा गर्न पनि तयार भैसक्नुभयो, पोखराको यात्रा मात्र होइन। मेरो तपाईंलाई के सल्लाह छ भने तपाईंले यी कुरा मनमा राख्नुपर्छ -

१) तपाईंको ढाँचामा गुरू मिल्नुपर्ने होइन कि गुरूको ढाँचामा तपाईं मिल्नुपर्ने हो।

२) तपाईंको आफ्नोपनलाई गुरूले कदर गर्नुपर्ने होइन कि गुरूको आफ्नोपनलाई तपाईंले कदर गर्नुपर्ने हो।

३) तपाईंको तहमा गुरू झर्ने होइन कि गुरूको तहमा तपाईं उक्लन खोज्नुपर्ने हो, यसलाई नै आध्यात्म भनिन्छ।

अब तथागतको कथालाई नै अगाडि बढाऔं। बोधिसत्वले पहिले नै शुद्धोदनसँग आज्ञा मागेका थिए जसलाई उनले नकार्न पनि सकेनन्। तैपनि ५०० शाक्यहरूले दिन रात त्यो नगरको रेखदेख गर्नथाले ता कि

सिद्धार्थले घर छोड्न नसकून् । शुद्धोदनले सिद्धार्थको मनलाई सांसारिक जीवन शैलीमा नै अल्भ्काउन भनेर धेरै सुन्दरी युवती-गायिका र नर्तकीहरूलाई पठाएका थिए । परन्तु राजकुमार सिद्धार्थले तिनीहरूलाई ख्याल समेत नगरेर चार निमित्तहरू मध्येको एउटा साधुकै अनुहारमा बारम्बार विचार गर्न थाल्नुभयो । अन्तमा ती सबै सुतेपछि राजकुमार मध्य रातमा उठेर सुतिरहेको आफ्नो छोरा राहुल र प्रज्ञा यशोधरातिर एकपटक अन्तिम दृष्टि दिनुभयो । उहाँ कोठाबाट सुटुक्क बाहिर निस्केर छन्दलाई बोलाउनुभयो । उनले राजकुमारलाई सम्झाउन प्रयास गरे परन्तु अन्तमा हार खाएर राजकुमारको प्यारो सिन्धी घोडा कन्थकलाई लिएर आए ।

आजभोलि अरबी घोडालाई विश्वभरी नै राम्रो भनी चिन्दछन् भने त्यसवेला सिन्धी घोडालाई सबभन्दा राम्रो घोडा मानिन्थ्यो । कन्थकले आफूलाई त्यो महान् कार्यमा छानिएको खुशीयालीमा उच्च स्वरले हिनहिनायो । देवहरूले शुद्धोदन लगायत पाँच सय शाक्यहरूलाई निद्रामै पारिराखे । अनि नगरको मूलद्वार पनि त्यो मध्यरातमा खुला थियो जब कि त्यसलाई खोल्न अघि पछि पाँच सय जवान शाक्यहरू लाग्नुपर्थ्यो । त्यो द्वार खोल्ने (५०० अनुयायी सहित) यक्ष 'सुप्रतिष्ठ' थियो भनिन्छ । चतुर्महाराजिक (धृतराष्ट्र, कुवेर, विरूढक, विरूपाक्ष) देवहरूले घोडाका चार खुट्टाहरूलाई थामेका थिए जसबाट घोडाको खुरको आवाजले नगरमा कसैलाई पनि जगाउन नपाओस् । त्यसवेला कामधातुको सर्वोच्च लोक परनिर्मितवशवर्तिमा बस्ने 'मार' भन्ने एक देवले राजकुमारसँग आएर चक्रवर्ति राजा हुनुको आकर्षण देखाएर दरबारमै राख्ने प्रयास गऱ्यो । परन्तु राजकुमार चक्रवर्ती राजाको पदप्रति आकर्षित हुनुभएन ।

यसरी ती महाबोधिसत्वले छन्दको सहायताबाट चक्रवर्ती राज्य लगायत संसारलाई ऐतिहासिक रूपमै परित्याग गर्नुभयो । बौद्ध वाङ्मयमा यसलाई 'महाभिनिष्क्रमण' भनिन्छ । त्यो दिन आषाढ पूर्णिमा थियो र राजकुमार २९ वर्षको हुनुहुन्थ्यो । मूलद्वारबाट अलि पर नपुग्दै नगरदेवीले राजकुमारलाई आफू जन्मेको हुर्केको नगरलाई एक पटक अन्तिम दृष्टि दिएर अनुभव

(blessing) गर्न विन्ती गरिन् र उहाँले पनि आफू जन्मे-हुर्केको नगरलाई एक पटक हेर्न चाहनुभयो। त्यसैले फर्केर एक पटक प्रेमले नगरलाई ह्ेर्नुभयो, सम्पूर्ण नगर उहाँको अगाडि देखा पऱ्यो (यहाँ पनि एक सरल मानवीय भावना र शक्तिशाली प्रातिहार्यको संयोग हामी देख्छौं।)

मल्लहरूको राज्यतिर अघि बढ्दै उहाँहरू कपिलवस्तुबाट १२ योजन दक्षिणतिरको सुनसान निदाइरहेको गाउँ अनोमिया (अनुपिया पनि भनिन्छ) मा आइपुग्नुभयो। जुन 'अनोमा' नदीको पारिपट्टि थियो। त्यहाँ पुगेर बोधिसत्व घोडाबाट ओर्लनुभयो। घोडामा चढ्ने काम पनि यो उहाँको अन्तिम थियो। महाबोधिसत्वले आफ्नो शरीरका सबै गहनाहरू फुकाल्नुभयो किनकि उहाँलाई अब तिनीहरूको कुनै आवश्यकता थिएन। अनि छन्द सारथीलाई भन्नुभयो कि ती यशोधरा, उसको परिवार र सहयोगी नगरवासीहरूलाई दिनू। अनि कन्थकले विछोडको अनुभव गर्न थाल्यो र अति दुःख मानेर हिनहिनाउन थाल्यो। उसको दिल यति चिरियो कि फर्केपछि कपिलवस्तु पुग्नासाथ उसले प्राणत्याग गरेर इन्द्रद्वारा शासन गरिएको 'त्रायस्त्रिंशा' देवलोकमा देवता भएर जन्मियो।

अनि शास्ताले आफ्नो केशलाई उहाँको आफ्नो तरबारले काट्नुभयो र फ्याकिदिनु भयो, परन्तु त्रायत्रिंशाका देवहरूले यसलाई बिचमै (आकाशमै) समाते र स्तूप निर्माण गर्न भनेर लगे। त्यसवेला काटेदेखि उप्रान्त महाबोधिसत्वको केश कहिल्यै पनि बढेन। त्यसपछि स्वयं इन्द्र एक शिकारीको भेषमा त्यहाँ आए र बोधिसत्वले आफ्नो लुगा ती शिकारीसँग साट्नुभयो। अनि ती इन्द्रले उहाँका लुगाहरू लगेर त्रायस्त्रिंशा गए। अनि महासत्व मगधको राजगृह तर्फको यात्रा गर्न थाल्नुभयो जो तपस्वी ब्राह्मण र श्रमणहरूको निमित्त सुप्रसिद्ध ठाउँ थियो।

यो मनमा राखिराख्नु आवश्यक छ कि त्यसवेला (बुद्धका पालामा) भारतको सबै ठाउँ ब्राह्मणधर्मले युक्त थिएन। हामीले देख्छौं कि त्यसवेला सम्म पनि ब्राह्मणहरूले श्रमणसँग प्रतिस्पर्धा गरिरहेका हुन्थे। श्रमण भनेका ब्राह्मण धर्मबाट भिन्न तपस्यामा लाग्नेहरू हुन् जसले ब्राह्मणले झै वेदको

अनुसरण गर्दैनन् । त्यसवेलामा ६ जना प्रसिद्ध श्रमण गुरूहरू थिए । उनीहरू ब्राह्मणवादीभन्दा बढी श्रमणवादीकातर्फ ढल्केका थिए । फेरि, त्यसवेलामा ब्राह्मणहरूले जातीय उच्चताको निमित्त संघर्ष गरिरहेकै देखिन्छ र सबै भारतीय समाजले ब्राह्मणलाई उच्चतम जातको रूपमा अफै स्वीकार नगरेकै देखिन्छ जति कि आजभोलि गरिएको छ । तैपनि ब्राह्मणहरू स्वयंले नै आफूलाई अरू सबैभन्दा श्रेष्ठ ठानिरहेका थिए र त्यो पनि त्यति अगाडि । राजपुत्र क्षत्रियहरूले पनि आफूलाई ती ब्राह्मण लगायतका सबै अरू जातहरूभन्दा श्रेष्ठ ठान्थे । त्यसकारण त्यसवेला ब्राह्मण र क्षत्रियहरूले आपसमा जातको हिसाबले श्रेष्ठतम हुन प्रतिस्पर्धा गरिरहेका थिए ।

बुद्धको पालाका ६ प्रसिद्ध गुरूहरू हुन्ः

१) निर्ग्रन्थनाथ पुत्र, जसलाई आजभोलि 'महावीर' भनेर चिनिन्छ र जैन धर्मका प्रवर्तक मानिन्छ। परन्तु त्यहाँ अर्काथरी निर्ग्रन्थनाथहरू पनि थिए जसले त्यो भन्दा पनि पहिलेका 'पार्श्वनाथ' भन्ने गुरूको अनुसरण गर्दथे । ती पार्श्वनाथले त्यो भन्दा १२० वर्ष अगाडि पनि त्यस्तै खालका शिक्षाहरू दिएका थिए । यी दुई अलग सम्प्रदायहरू पछि गएर एउटैमा मिले र 'जैन धर्म' बन्यो । त्यो पुरानो सम्प्रदाय नाङ्गै बस्ने गर्दथ्यो, त्यसैले उनीहरूलाई 'दिगम्बर' भन्ने गरिन्थ्यो भने महावीरका चेलाहरूले सेतो वस्त्र लगाउने भएकाले 'श्वेताम्बर' भनिएका हुन् । जैन धर्ममा अफै पनि यी दुई सम्प्रदायहरू विद्यमान छन् ।

२) पूरण काश्यप, जसले कुशल अकुशल कर्मको कुनै फल हुन्छ भन्ने कुरा मान्दैनथे ।

३) अजितकेशकम्बली, जसले केवल यो भौतिक कुरालाई मात्र सत्य हुन्छ र मरिसकेपछि मूर्ख र बुद्धिमान सबै नै पूर्ण रूपमा नाश हुन्छन् भन्ने सिकाएका थिए ।

४) प्रकुद कात्यायन, जसले अकृततावादलाई सिकाएका थिए र उनका अनुसार गर्नेवाला र गरिनेवाला (हिंसा-हिंस्रक) केही छैन भन्ने थियो ।

५) मश्करीपुत्र गोशाल, जो वैदिक थिए र धेरै पटक सम्म जन्म मरण हुँदै गएपछि अन्त्यमा आएर सबैले स्वतः नै मुक्ति प्राप्त गरिहालिन्छ भन्ने सिकाउँथे । यस्तो धारणामा अझै पनि धेरै हिन्दू दार्शनिकहरूले विश्वास गरेको देखिन्छ । स्वामी विवेकानन्दले पनि यो संसार एक व्यायामशाला जस्तै हो जसमा मानिसहरू प्रवल, झन् प्रवल हुँदै जान्छन् र अन्तमा एक दिन मुक्ति प्राप्त गरेरै छाड्छन् भनेका छन् । मश्करीपुत्र गोशालका अनुयायीहरूलाई अजीविक भनिन्थ्यो । उनीहरूले एक्लै बस्न, नाङ्गै बस्न र अति कठोर तपस्या गर्नमा आनन्द लिन्थे । यिनीहरू नै पछाडिका सन्यासी र यस्तै खालका अन्य हिन्दू साधुहरूका प्रारूपहरू (proto-types) हुन् ।

६) सञ्जय वेलट्ठीपुत्र, जो एक अनियतवादी थिए र जे प्रश्न सोधे पनि 'हुन पनि सक्छ, नहुन पनि सक्छ' भन्ने जस्तो उत्तर दिन्थे ।

यी थिए मुख्य श्रमण एवं ब्राह्मण गुरूहरू र यिनीहरूलाई बुद्धले सिकाएकै बेलामा पनि निकै प्रसिद्ध गुरू मानिन्थ्यो । तैपनि ती नवभिक्षु महासत्वले पहिले दुई ब्राह्मण साधु 'साक्या' र पद्मा' लाई भेट्नुभयो, अनि रेवतकहाँ जानुभयो । उहाँ अर्का ब्राह्मण तपस्वी 'भार्गव' कहाँ पनि जानुभयो । त्यस्तै उहाँ वसिष्ठकहाँ पनि जानुभयो । अनि पछि उहाँ वैशाली महानगरीका सांख्यका प्रसिद्ध गुरू भनेर बताइने 'अराड् कालाम' कहाँ पुग्नुभयो । उनका ३०० शिष्यहरू थिए र तिनीलाई जिन श्रावक भनिन्थ्यो । उनीहरू शमथको धेरै उच्च तहको ध्यानमा पुगेका थिए जो अरूप ध्यान आकिञ्चन्यायतन थियो । सिद्धार्थले अराड् मुनिको ध्यान विधिको सिद्धान्त र ध्यान दुबैमा

दक्षता हासिल गर्नुभयो। छिट्टै नै उहाँ अराड्कै शमथको गहिराइमा पुगिहाल्नुभयो। अराड्का त्यति खेरसम्मका शिष्यहरूमा उहाँ नै श्रेष्ठतम हुनुभयो। अराड्ले उहाँलाई आफूले जस्तै गरी गुरू बनेर ध्यान सिकाउन आमन्त्रण गरे। तैपनि महासत्वलाई शमथ ध्यानको यो उच्च तहबाट आफ्नो प्रश्नको समाधान आएन। उहाँको लक्ष्य दुःखलाई सर्वथा अन्त्य गर्नु थियो। त्यसैले उहाँले अराड्लाई छोडेर जानुभयो किनकि उनले आफ्नो विधिमा आकिञ्चन्यायतन भन्दा माथि जाने कुरा छैन भन्ने स्वीकारे। भिक्षा माग्दै, वातावरणले जहाँ दिन्छ त्यहीँ सुत्दै, कहिले यता कहिले उता घुम्दै गुरू खोज्ने क्रममा अन्तमा उहाँ राजगृहमा आइपुग्नुभयो। त्यो नगरमा उद्रक रामपुत्र नाम गरेका अर्का प्रसिद्ध गुरू थिए। उनी शमथको धेरै माथिल्लो तहसम्म पुगेका थिए, आकिञ्चन्यायतनभन्दा पनि माथिको नैवसंज्ञानासांयतन (भवाग्र) सम्म। उनका ७०० शिष्यहरू थिए। उनीहरूलाई पनि जिनश्रावक भनिन्थ्यो। यहाँ पनि महासत्व चाँडै नै ती गुरूसँग सिद्धान्त र ध्यानमा समान तहमा पुग्नुभयो। उद्रक रामपुत्रले पनि उहाँलाई आफूसँगै बसेर आफ्ना अरू शिष्यहरूलाई आफैले जस्तै गरी सिकाउन आग्रह गरे। उनले पनि त्योभन्दा माथिको कुनै कुरा हुन्छ भन्ने थाहा नभएको स्वीकार गरे। त्यो सीमित सफलताबाट सन्तुष्ट नभएर र अपुरो अवस्थाको गुरू बन्न इच्छा नभएर महासत्वले उद्रक रामपुत्रलाई पनि छोडिदिनुभयो।

यहाँ यो बुझिराख्नु अति आवश्यक छ कि ती महासत्वले आफै नै आफ्नो गुरू समानको भएँ या भइनँ भनेर निर्णय गरेको होइन। यदि उहाँ स्वयंले नै सिद्धान्त र ध्यानमा आफू गुरूसमान भएको भन्ने निर्णय गरेको भए त्यो अहंकारको काम हुन्थ्यो र स्वीकार्य हुँदैनथियो। परन्तु, यहाँ त उहाँलाई आफ्ना ती दुई गुरूहरूले स्वयं नै प्रस्ताव राखेर आफूलाई मद्दत गर्न, शिष्यहरूलाई सिकाइदिन भनेका थिए। आध्यात्मिक प्रणाली यस्तो हुनुपर्छ। यही हो परम्पराबाट प्रमाणित भएको गुरूको महत्व।

अतः यहाँ प्राचीन भारतीयहरूमा पनि पहिलेदेखि नै एउटा सद्गुरू खोज्ने विषयगत र ठीक तरिका थियो भन्ने देखिन्छ। उसको गुरू या

गुरूहरूले उसलाई सिकाउन अनुमति दिएको हुनुपर्दछ जसको मतलब परम्परागत गुरूले प्रमाणित गरेको हुनुपर्‍यो। त्यसकारण जसका कुनै परम्परागत गुरूहरू हुँदैनन् उनीहरू सद्गुरू हुन सक्दैनन् र आफ्नै गुरूले प्रमाणित नगरेको मानिसहरू पनि सद्गुरू हुन सक्दैनन्।

ती युवा बोधिसत्वलाई पहिले नै ती प्राचीन परम्पराका गुरूहरूले प्रमाणित गरिसकेका थिए र ती गुरूहरू स्वयं पनि ठूला असाधारण योगीहरू थिए। परन्तु महासत्वले ती प्रस्तावहरूलाई स्वीकार गर्नुभएन किनकि उहाँले अझै पनि आफूले बोधि प्राप्त नगरेको महसुस गर्नुभयो। उहाँले अनुभव गर्नुभयो कि दुःख-निरोधसँग सम्बन्धित उहाँका प्रश्नहरू अझै अनुत्तरित नै थिए। अर्को शब्दमा भन्ने हो भने यी सबै प्रकारका ऋद्धिसिद्धिले सम्पन्न भएका महद्गत योगीहरू पनि अझै दुःखबाट साँच्चिकै मुक्त भएका थिएनन्। छोटकरीमा भन्दाखेरि उहाँ ती सही महद्गत परम्पराबाट सन्तुष्ट हुनुभएन र अझै लोकोत्तर मार्ग, या लोकोत्तर पद्धतिको खोजीमै हुनुहुन्थ्यो। उद्रक रामपुत्रबाट आफूसँग सिद्धार्थको त्यसवेलाको ज्ञानभन्दा बढी ज्ञान केही नभएको स्वीकृति (अनुमति) पाएपछि महासत्वले उनलाई पनि छोडेर भिक्षा गर्दै राजगृहमा जानुभयो।

राजा बिम्विसारले टाढाको देशबाट आएका यी राजकीय तपस्वीलाई देखेर सोचे कि यिनी पक्कै पनि कुनै यशस्वी परिवारको हुनुपर्छ। बिम्विसारले आफ्नो मानिसलाई पत्ता लगाउन पठाए। उनीहरूले ती त शाक्यपुत्र राजकुमार सिद्धार्थ बाहेक अरू कोही होइनन् र राजा बिम्विसारका बालककालका साथी नै रहेछन् भन्ने खबर लगेपछि बिम्विसारले स्वयं नै गएर सिद्धार्थलाई पाण्डव पर्वतमा भेटे। उनले महासत्वलाई प्रशस्त धन चढाए परन्तु उहाँले उनलाई सम्झाउनु भयो कि त्यस्तो धन त आफैसँग प्रशस्तै थियो र आफ्नै इच्छाले त्यो सबै त्यागेर आएको हुँ। अनि महासत्वले प्रतिज्ञा गर्नुभयो कि, “बोधि प्राप्ति गरेपछि म यहाँ फर्केर आउँनेछु र शिक्षा दिनेछु।” अनि उनलाई छोडेर हिँडनुभयो।

सत्यको आफ्नो खोजीकै क्रममा ठाउँ ठाउँ घुम्दै महासत्व अन्तमा

गया आइपुग्नुभयो जो नैरञ्जना नदीको किनारमा बसेको सानो नगरी थियो। उहाँले सम्यक् सम्बोधि प्राप्त गर्नको लागि कठोर तपस्या गर्न भनी यही स्थानलाई नै रोज्नुभयो। उहाँले तपस्याका विधिहरूको अन्त्यसम्मै अनुसरण गर्दा पनि तिनीबाट सन्तुष्ट हुनुभएन। ती तपस्याहरू स्वयं आफैले नै परीक्षण गर्न भनी तयार हुनुभएको थियो र गर्नुभयो पनि। त्यो स्थान शान्त, एकान्त थियो, मानिसहरूको व्यावधान (distrubance) बाट पनि टाढा थियो भने भोजन आदि प्राप्त गर्नको लागि उरूविल्वहरूको 'सेनापतिग्राम' पनि नजिकै थियो।

सेनापतिग्रामको मुखियाकी छोरी सुजाताले महासत्वलाई आमाले जस्तो गरी माया गरिन्। त्यसैले गर्दा उहाँलाई त्यो ग्राम (गाउँ) बाट नियमित रूपमा भोजन प्राप्त गर्न सजिलो भयो, जब कि त्यही गाउँबाट पूरण काश्यपले कुनै भिक्षा नपाएर फर्केका थिए। उहाँले योगमा प्राणहरूलाई नियन्त्रण गर्ने अभ्यासलाई लिनुभयो भने तपस्यामा क्रमशः भोजन र पानीलाई घटाउँदै जान थाल्नुभयो। उहाँको आफ्नो शरीर र मनको नियन्त्रण गराइ यति कडा (तीब्र) थियो कि जाडोको मौसममा पनि उहाँको निधार र काखीबाट पसिना बग्न थाले। विस्तारै उहाँले श्वास-प्रश्वास रोक्नुभयो तब उहाँको कानमा भयंकर आवाज आउन थाल्यो जो कामीको खलाती झैं थियो।

यस्ता विभिन्न रूपबाट श्वासलाई रोक्ने विधिहरूलाई प्राचीन अति-गुह्य विधि भनेर नयाँ बनेका स्वामीहरूले बजारमा अझै पनि बेच्दैछन्। नाद योग वा शब्द सूरत योगको बारेमा पनि ठीक यस्तै भइराखेको छ जुन विधिहरू कानभित्रबाटै भैरहेको आवाजलाई आधार बनाएर गरिने समाधि अभ्यास हुन्।

उहाँले जब आफ्नो मुख, नाक, आँखा, कान पूरै बन्द गरेर अतुलनीय रूपले गरिएको नियन्त्रण चरम विन्दुमा पुग्यो तब शिरबाट एउटा हुरी बतासले घच्याटे जस्तो अनुभव गर्नुभयो जो यति जोडले भयो कि उहाँको टाउकोमा कुनै हतियारले हिर्काउँदा खप्पै फुटेर निस्किएको जस्तो भयो।

त्यो भयानक वेदनाले उहाँलाई तिखो भालाले टाउकोमा प्रहार गरी गाईलाई मार्दा उसलाई यस्तै हुँदो हो भन्ने याद आयो। आज पनि यो नाक, कान, मुख, आँखा बन्द गरी षण्मुखी मुद्रा गर्ने अभ्यास सिकाउने गुरूहरू पाइन्छन्। शिरोभेदन (ब्रह्मरन्द्र भेदन) भएर खुलेको त्यो अनुभूतिलाई 'कपालभाति' भनेर जानिन्छ जो षण्मुखी मुद्राका अति उच्च तहका साधकहरूलाई मात्र हुन्छ र त्यो अनुभूतिमा धेरै नै कम व्यक्ति मात्र पुग्न सक्छन् जसलाई आज पनि ज्ञान प्राप्त भएको (मुक्ति) मानिन्छ। परन्तु महासत्वलाई त्यो कपालभातिबाट सन्तोष भएन।

यसको बारेमा ज्ञान भएका हिन्दू स्वामीहरूले यसलाई ब्रह्मरन्ध्रबाट जीव निस्केर परमात्मासँग मिलेर एक भएको लक्षण हो भनी मान्दछन्। परन्तु महासत्वले कपालभाति पनि परम बोध होइन भन्ने अनुभव गर्नुभयो। प्राणायम (श्वास रोक्ने आदि) को अभ्यास गर्नेहरू मध्येज्यादै नै कम व्यक्ति मात्र कपालभाति प्राप्त गर्न सक्छन् र यस्ता व्यक्ति मुक्त भएका ज्ञानी सिद्ध मानिन्छन्। धेरैजसो व्यक्ति कपालभातिमा पुग्नै सक्दैनन् र यस्ता अभ्यासहरू गर्न खोज्ने धेरै व्यक्तिले आफ्नो वायु यति नराम्ररी बिगार्छन् कि आखिरमा उनीहरूको दिमाग सड्केर पागल हुन्छन्। त्यही भएर कपालभातिलाई ज्यादै नै दुर्लभ कुरा मानिएको हुन्छ। लाखौं साधकहरूमध्ये एक दुई जना मात्र त्यो अवस्थामा पुग्न सक्छन्। त्यसैले कपालभाति भनेको 'दालभात' होइन।

परन्तु महासत्वले यसलाई लोकोत्तर होइन भनेर त्यागिदिनुभयो। कपालभातिले दुःखको अन्त नगर्ने भएकोले यो परम सुख होइन भनेर उहाँले भारतमा अहिलेसम्म पनि सुविख्यात भैरहेको अर्को विधि अपनाउनुभयो। उहाँले भोजनलाई घटाउन शुरु गर्नुभयो। घटाउँदा घटाउँदा एक दिनको एक कनिका खाने तहमा पुगेर अन्त्यमा खान पनि बन्द गर्नुभयो। उहाँका अङ्गहरू यति सुकेर गए कि ती जोर्नीहरू लहरा जस्ता हुन पुगे, उहाँका बङ्गराहरू बाख्राका खुर जस्ता भए, उहाँका करङ्हरू पूर्ण रूपमा बाहिर आए, मेरूदण्ड खस्रो बटारिएको डोरी झैं भयो, उहाँका सुन्दर

आँखाहरू प्वालभित्र धसिन पुगे र गर्मीको अन्त्यतिर गहिरो इनारमा ताराको प्रतिविम्ब देखिए जस्तै हुन पुगे ।

यी अभ्यासहरू त्यसवेला जैन मुनिहरूले गर्ने गरेका थिए र अहिले सम्म पनि गरिँदैछन् । उहाँले लामो समय सम्म गर्मी र जाडोमा आफ्नो शरीरलाई अचल बनाएर असह्य वेदना सहनुभयो र यस्तै कष्टहरू खप्नुभयो । शारीरिक रूपमा उहाँ यति परिवर्तित हुनुभयो कि त्यहाँका कोही गाउँले केटाकेटीहरूले उहाँलाई कुनै भूत या प्रेत भन्ने ठानेर ढुङ्गा आदिले पनि हिर्काए । उहाँ पूर्ण रूपले सिद्धिसकेको अवस्थामा आइपुग्नुभयो र झण्डै मृत्युको नजिक पुग्नुभयो । त्यो भन्दा बढी त जीव पनि बाँच्न सक्ने थिएन । उहाँ निराश हुनुभयो किनकि अझै लक्ष्यको नजिक पुग्नुभएको थिएन । यस्ता तपस्याहरूमा उहाँले जम्माजम्मी ६ वर्ष जति बिताउनु भयो र त्यस वेला प्रख्यात भएका ध्यान विधिका लगभग सबै प्रकारहरूमा उहाँले निपुणता हासिल गर्नुभयो । तर पनि उहाँले आफूले लोकोत्तर चित्त अझै पनि प्राप्त नगरेको महसुस गर्नुभयो । उहाँलाई लाग्यो कि यस्ता प्रकारका तपस्या र ध्यानहरूले आफूले चाहेको कुरा प्राप्त नहुने रहेछ । अतः उहाँले यी सबै विधिहरूलाई ख्वात्तै त्याग्ने निर्णय गर्नुभयो ।

यहाँनेर आएर पनि महासत्वलाई सम्झाउन मार देखापर्‍यो र भन्यो कि उहाँको बोधको खोजी बेकारको हो, बरू त्योभन्दा त घरै फर्केर गए राम्रो हुनेछ । परन्तु महासत्वले आफ्नो खोजीलाई निरन्तरता दिनमा नै अडिग रहनुभयो । उहाँले तरल पदार्थहरू ग्रहण गर्ने र विस्तारै ठोस खाना पनि खान शुरु गर्ने निर्णय गर्नुभयो । देवहरूले यो थाहा पाएपछि उहाँलाई आफ्नो ऋद्धि-सिद्धिको प्रयोग गरेर शरीरका छिद्रहरूबाट आवश्यक शक्ति दिन तयार भए । परन्तु महासत्व र उहाँपछि आउने पूरा बौद्ध परम्पराकै विशेषताको रूपमा उहाँले यस्तो सहायताको अस्वीकार गर्नुभयो र सबै जनसाधारणले देख्ने-बुझ्ने सामान्य तरिका अपनाउने निर्णय गर्नुभयो ।

जब उहाँले खुलेआम भोजन ग्रहण गर्न थाल्नुभयो, तब उहाँलाई साथ दिँदै उहाँको परम बोध प्राप्तिको प्रतीक्षा गर्दै रहेका पाँच तपस्वीहरू

खिन्न भएर उहाँलाई छोडिदिए । ती पाँच जनाले महासत्वलाई खाना आदि खाएको देखेपछि महासत्व पथभ्रष्ट भएछन् भन्ने ठानेर उँहालाई छोडेका हुन् । यदि तथागतले ती देवहरूले चाहे बमोजिम रोमकूपबाट (pores) शक्ति ग्रहण गरेको भए ती पाँच जना यति प्रभावित हुने थिए कि उनीहरूले महासत्वलाई बोध प्राप्त गरेकै ठान्ने थिए र पछि लागिरहन्थे । ठीक यस्तै किसिमको श्रद्धालाई हो बोधिसत्वले आलोचना गरेको र कहिल्यै विश्वास पनि नगरेको । त्यसैले बुद्धधर्मका सबै स्वरूपले अहिले सम्म पनि त्यही संस्कृतिलाई नै अनुसरण गरिराखेका छन् ।

अनि तथागतले भोजन लिन थालेपछि पुनः स्वस्थ हुँदै आउनुभयो । उहाँले पाँच ओटा सपनाहरू पनि देख्नुभयो जसले उहाँको बुद्धता प्राप्त हुने समय आइपुगेको सङ्केत गरे । भावना (ध्यान), बोधि र अभ्र पाँच मार्गहरूमा उन्नति हुनु पनि मनसँग ज्यादै नजिकबाट सम्बन्धित हुने भएकोले यो विल्कुलै स्वाभाविक प्रकृया हो कि अवचेतन मन (subconscious mind) ले चेतन मन (conscious mind) को रूपान्तरण (transformation) हुनुभन्दा अगाडि नै त्यो कुरालाई व्यक्त गर्न थाल्छ । किनकि, अवचेतन मन चेतन मनको अग्रगामी (forerunner) हो । अवचेतन मनले स्वयंलाई अभिव्यक्ति दिने भाषा भनेकै सपना हो । सपना भनेका अवचेतन मनले हामीसँग सञ्चारको लागि प्रयोग गने भाषा नै हुन् । वज्रयानमा यही सन्दर्भमा नै सपनाहरू धेरै काम लाग्ने र सार्थक मानिएका हुन् । सपना र प्रतिभास (visions) हरूले हामीलाई हाम्रो चित्तसन्तानको गहिराइमा के भइरहेको छ भन्ने कुरा बताउँछन् । यद्यपि वज्रयान लगायत बुद्धधर्मका सबै स्वरूपहरूले सपनालाई मात्र होइन, जसलाई हामी साँच्चिकै संसार भन्छौं त्यसलाई समेत पनि शून्य, माया जस्ता सारहीन मान्छन् तापनि हाम्रो चित्तको गहिराइमा के भैरहेको छ भन्ने कुराको जानकारी लिने सन्दर्भमा तिनीहरूको आफ्नै मूल्य छ, चाहे तिनीहरू केवल सपनै मात्र किन नहोऊन् । सपनाले हामीलाई चित्तको गहिराइमा के भैरहेको छ भन्ने देखाउन सक्ने र त्यो सीधै चेतन मनको बुझाइ र सोझो किसिमले ग्रहण (linear grasping) भन्दा पर

भएको हुनाले र रूपान्तरण (transformation) पनि सतहमा व्यक्त हुनुभन्दा पहिले भित्र भूइँमा (ground) पहिले हुनुपर्ने भएकोले सपनाहरूले चेतन तहमै पनि के परिवर्तन आएका छन् भन्ने कुरा हामीलाई बताउने हुन्छन् । परन्तु ती सपनाहरूलाई कुनै बाहिरी तत्वले व्यवधान (hinder) गरेको हुनु हुँदैन । वज्रयानमा किन र कसरी सपनाको महत्व हुन्छ भन्ने कुरा यही हो ।

यदि तपाईंको चित्त बढी तर्क वितर्कले अनावश्यक रूपमा दबाबग्रस्त बनेको छ भने, सांसारिक अनुभवहरूलाई रेखीय तरिकाले (in a linear way) लिएर बढी विश्वास गर्ने गरिएको छ भने तपाईंले एक भावनात्मक अवरोध (emotional blockage) खडा गर्नुभएको हुन्छ जसले तपाईंको अवचेतन (subconscious) लाई सपनाहरूको माध्यमबाट स्वतन्त्र रूपमा अभिव्यक्त हुनुमा बाधा पुऱ्याइरहेको हुन्छ । यस्तो अवस्था वैज्ञानिक या युक्तिसंगत होइन बरू चित्तको रूग्ण अवस्था (sick state) हो र यसलाई उपचार गर्नुपर्ने हुन्छ । बोध प्राप्त गरेको व्यक्तिले सपना देख्दैन, केवल शुद्ध प्रतिभास (pure vision) मात्र देख्छ भन्ने त सही हो परन्तु दर्शनमार्गमा पनि प्रवेश नगरेको व्यक्तिले सपना नै नदेख्नु चाहिँ बोधप्राप्त व्यक्तिको लक्षण होइन । आधुनिक मनोविज्ञानका अनुसार सपना नदेख्ने व्यक्ति नै हुँदैन । निश्चय पनि बोध प्राप्त व्यक्तिहरूको लागि यो भनाइ लागू हुँदैन । किनकि ज्ञानीहरूको चित्तको अध्ययन र परीक्षण त मनोविज्ञानले अझै गरेको छैन । सामान्य व्यक्तिहरूमा भिन्नता के हो भने कसैले सपनाहरू सजिलैसित सम्झन सक्छन् भने कसैले सक्दैनन् । कसैले सपनाहरू नसम्झने कारण के हो भने या त तिनीहरूको स्मृतीन्द्रिय कमजोर हुन्छ या त कुनै कारणवश चेतन मनले नै त्यो सपनालाई चेतन मनसम्म आउन दिएको हुँदैन । धेरैजसो त त्यो चेतन मनले दबाउन, थिच्न र लुकाउन खोजिरहेको र स्पष्ट रूपमा जान्न नखोजेका गोप्य मन पर्ने र मन नपर्ने कुराहरूको कारणले यस्तो हुन्छ ।

महासत्वले देखेका पाँच सपनाहरू निम्न प्रकारका छन्ः -

१) पूरा भारत नै उहाँको बिछ्यौना बनेको थियो र हिमालय

उहाँको सिरानी। बायाँ हातले पूर्वको समुन्द्रलाई र दायाँ हातले पश्चिमी समुन्द्रलाई ढाकेको थियो। दक्षिणको समुद्र उहाँको खुट्टाले ढाकेको थियो।

२) उहाँले देख्नुभयो कि तिरिया घाँस उहाँको नाभिबाट उम्रेर आकाश सम्म पुग्यो।

३) उहाँले देख्नुभयो कि कालो टाउको र सेतो जीउ भएको एउटा प्राणी खुट्टाबाट निस्केर घुँडासम्म ढाक्यो।

४) उहाँले देख्नुभयो कि विभिन्न रङ्गका चार ओटा चराहरू चार दिशाबाट आएर उहाँको चरणमा परे र सेतो रङ्गका भए।

५) उहाँ गूको पहाडमा माथि चढ्दै गइरहनु भएको थियो तर पनि उहाँलाई गूले नछोएरै अलग्गै रहनुभएको थियो।

तथागतको आफ्नै व्याख्या अनुसार पहिलो सपना उहाँको नजिकै आइसकेको बोधि थियो जुन उहाँले छिट्टै नै प्राप्त गरिहाल्नुभयो। दोस्रो सपनाले के देखाउँथ्यो भने उहाँले हराइसकेको आर्य अष्टाङ्गिक मार्गलाई पत्ता लगाउने वाला हुनुहुन्थ्यो अर्थात् ३७ बोधिपक्षसहितको पाँच मार्गक्रम निकाल्ने वाला हुनुहुन्थ्यो र देव एवं मनुष्यलाई सिकाउनुहुने वाला थियो। तेस्रो सपनाले बताउँथ्यो कि धेरै श्वेत वस्त्रधारी गृहस्थहरूले तथागतमा शरण लिनेछन्। चौथो सपनाले बताउँथ्यो कि त्यो बेला भारतमा व्याप्त भएका अधिकांश चारै वर्णहरूले आफ्नो जात छोडेर बुद्धको अनुशासनमा भिक्षु भई अर्हत् लाभ गर्नेछन्। पाँचौं सपनाले बताउँथ्यो कि तथागतले भिक्षुका सबै आवश्यकताहरू जस्तै चीवर, भिक्षा, ग्लानप्रत्यय-भैषज्य, परिष्कार आदि सबै यथेष्ट रूपमा प्राप्त गर्नुहुनेछ परन्तु त्यसबाट विल्कुल नलेपिएर (अनासक्त) मुक्तप्रज्ञ भई प्रयोग गर्नुहुनेछ।

आज अन्त्य गर्नुभन्दा अगाडि ती पञ्चवर्गीय भिक्षुहरू को थिए भन्ने कुरा उल्लेख गर्न चाहन्छु।

जब महासत्व जन्मे, तब ज्योतिर्विद्हरूलाई उहाँका ३२ लक्षण आदिको भविष्यवाणी गराउन बोलाइएको थियो। त्यहाँ ६ जना मुख्य ब्राह्मणहरू थिए र तिनीहरू मध्येमा सबभन्दा कम उमेरका चाहिँ कौण्डिन्य थिए। यी ६ ब्राह्मणहरूले आफ्ना छोराहरूलाई भनेका थिए कि "जब राजकुमार सिद्धार्थ बढेर ठूला हुन्छन् तब उनी तथागत हुनेछन्, त्यसैले तिमीहरू सबै उहाँको अनुशासनमा भिक्षु हुनू किनकि तथागतका मुक्ति दिलाउने शिक्षाहरू धेरै नै अमूल्य हुन्छन्। यदि हामीहरू बाँच्ने भए त हामीले पनि तथागतसँगै भिक्षुत्व ग्रहण गर्ने थियौं।" तैपनि ती कौण्डिन्य बाहेक अरू सबै मरिसकेका थिए र चार जनाले आफ्ना बाबुको सल्लाह माने। यी थिए पाँच वर्गीय भिक्षुहरू।

**ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत्।**

**तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः**

**वातुल वासल वज्र**

नेपाली अनुवाद - **नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**

## बोधिपुष्पाञ्जलि -१८

त्रि-रत्न शरणम्

नमो अमिताभाय बुद्धाय

इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति

अहिले हामीले विचिकित्सा र यसको प्रतिपक्ष श्रद्धेन्द्रियको बारेमा अध्ययन गर्दैछौं। विचिकित्सालाई सफा गर्ने र श्रद्धेन्द्रियको अध्ययन गर्ने सिलसिलामा हामीले अटुट शुद्ध-सिद्ध-परम्परालाई समुचित दृष्टिकोणबाट हेर्न योग्य हुनको लागि तथागतको जीवनीको बारेमा सुन्दैछौं। यदि हामीलाई तथागतको बारेमा पर्याप्त जानकारी भएको भए - जुन कि अधिकांश नेपालीहरूलाई छैन - अटुट शुद्ध-सिद्ध-परम्परा जसबाट शुरु भयो त्यो तथागत भनेको को हो भन्ने पनि राम्रोसँग थाहा भैसक्ने थियो।

मध्यदेशका अधिकांश मानिसहरूको सोचाइमा आजभोलिका र बितेका शताब्दीका धेरैजसो गुरूहरू बुद्ध समानकै हुन् भन्ने धारणा छ। धेरैले प्रश्न गर्छन् कि, "यदि शाक्यमुनिले कुनै परम्परा २५०० वर्ष अघि शुरु गर्नुभयो भने हामीले पनि आजभोलि त्यस्तै प्रकारको सही परम्परा -भनौं राममूर्तिबाट या जेसुकै नाम दिऊँ -शुरुआत गर्न किन नहुने ?" यी शंका र प्रश्नहरू सही हुन्, परन्तु तिनीहरू त शाक्यमुनि को हो, उहाँको त्रिअसंख्य कल्पको ऐतिहासिक पृष्ठभूमि के छ भन्ने र अझ तथागत भनेकै के हो भन्ने बारेमा पनि पर्याप्त जानकारी नभएको आधारमा खडा भएका प्रश्नहरू हुन्।

तपाईंहरूमध्ये जसको मनमा यस्ता प्रश्नहरू छन् या जसले यस्ता प्रश्नहरू सुन्नुभएको छ उहाँहरूले अहिलेसम्म पक्कै पनि ती प्रश्नहरू स्वयं नै गलत रहेछन् किनकि तिनीहरू त पर्याप्त जानकारी नभएर पो उठेका रहेछन् भन्ने महसुस गर्नुभएको होला भन्ने मलाई विश्वास छ। तथागतको जीवनीतिर जानुभन्दा अगाडि हामीले वीथिको बारेमा अलि विस्तारमा जाने विचार गरेका छौं किनकि सम्यक्दृष्टिलाई बुझ्न यो ज्यादै नै उपयोगी

अवधारणात्मक सामग्री (conceptual equipment) हुनेछ।

वीथि भन्ने शब्दले मार्ग, बाटो, तरिका, प्रक्रिया भन्ने जनाउँछ र पंक्ति या रेखा भन्ने पनि जनाउँछ। यस अर्थमा वीथि भन्नाले चित्त जुन प्रक्रियाबाट जान्छ त्यो बाटोलाई जनाउँछ। निश्चय पनि चित्त स्वयं कुनै विमीय (स्थान ओगट्ने) गुण भएको कुरा होइन (non-spatial), त्यसकारण यो वास्तवमै कुनै लम्बा-चौडा बाटोबाट हिँड्ने भन्ने जस्तो कुरा त होइन। तर पनि यहाँ भन्न खोजिएको चाहिँ यो चित्त गमन गरेजस्तो लाग्ने आरोपित बाटो (metaphoric route) हो। हामीलाई थाहा छ कि चित्त भनेको एक प्रकारको सन्तान हो र जुनसुकै सन्तान पनि एक प्रक्रिया मात्र हो। अनि प्रक्रिया भन्नाले बिचमा नटुटिकन भैरहने परिवर्तनलाई नै बुझिन्छ। हामीले पहिले नै परिभाषा गरिसकेका छौं कि सन्तान भनेको हेतु-फलको प्रवाह हो (सन्तानो हेतुफलप्रवाहः)। अर्थात् सन्तान भनेको हेतु विचमा नटुटिकन फलमा परिणत हुने र त्यो फल स्वयं पनि नटुटेरै फेरि अर्को फलको निमित्त हेतु हुने, त्यो पनि फेरि त्यसैगरी अर्कोको हेतु हुने गर्दै अनन्त सम्म चलिरहने प्रक्रिया हो। चित्तसन्तान लगायत जुनसुकै सन्तानको पनि बाटो (वीथि) भनेको यही हो। अर्थात् हेतुफलप्रवाह स्वयं नै सन्तानले लिने बाटो हो। त्यसको अर्थ हुन्छ वीथि भनेको पनि त चित्तसन्तान नै हो या चित्तको प्रवाह नै हो।

प्रवाह स्वयं नै प्रक्रिया हो र त्यही नै चित्तसन्तान हो। अनि चित्तसन्तान स्वयं नै प्रकृया हो र त्यही नै वीथि हो। तैपनि पारिभाषिक रूपमा प्रयोग गर्दाखेरि वीथि भनेर केवल षड्विज्ञानलाई मात्र प्रयोग गरिन्छ र अन्य जस्तैः - भवाङ्ग, प्रतिसन्धि, च्युति जस्ता चित्तलाई वीथिचित्त नभनेर वीथिमुक्त चित्त भनिन्छ। परन्तु यसको तात्पर्य वीथिमुक्त चित्तहरू सन्तान नै होइनन् भन्ने चाहिँ होइन। तिनीहरू पनि सन्तान नै हुन्, परन्तु बेग्लै किसिमका। यहाँनेर आफैले याद राख्नु राम्रो हुन्छ कि बुद्ध धर्म भनेको प्रकृयामुखी प्रणाली हो जसको बारेमा हामीले पहिले नै कुरा गरिसकेका छौं। सम्पूर्ण संस्कृत धर्महरू, चाहे नाम होऊन्, चाहे रूप होऊन्, सबै प्रकृया नै हुन्।

तैपनि वीथि चाहिँ केवल षड्विज्ञानसँग सम्बन्धित प्रकृयाका लागि मात्र प्रयोग गरिन्छ अरू सन्तानको लागि होइन ।

वीथिहरू मुख्यतया दुई किसिमका हुन्छन् -

१) पञ्चद्वारावर्जन वीथि - अर्थात् चक्षु, श्रोत्र, घ्राण, जिह्वा र काय यी पाँच द्वारहरूको माध्यमबाट जाने वीथि । यी द्वारहरू चक्षुरिन्द्रिय, श्रोत्रेन्द्रिय, घ्राणेन्द्रिय, जिह्वेन्द्रिय र कायेन्द्रिय भनेर जानिने पाँच इन्द्रियहरू नै हुन् । यहाँ यी इन्द्रिय भनेका आँखा, कान आदि स्वयं नभएर तिनीहरूमा रहेका विशेष स्नायु (नाडी) हरू हुन् जसले आँखामा रासायनिक रूपबाटै रूपरंग आकार आदिको आकृतिहरू पैदा गर्छन् । यी स्नायुशीर्षहरूलाई पारिभाषिक शब्दमा 'प्रसाद नाडी' भनिन्छ या चक्षुप्रसाद, श्रोत्रप्रसाद आदि नामले जानिन्छ । कायेन्द्रियको भने छाला स्वयं नै इन्द्रिय होइन, बरू ती स्नायुशीर्षहरू हुन् जसले स्पर्शको प्रतिकृया जनाउँछ (tactile nerve endings) जसलाई कायप्रसाद भनिन्छ । अतः इन्द्रिय भनेको वास्तवमा प्रसाद नै हो ।

२) मनोद्वारावर्जन वीथि - यो दोस्रो प्रकारको वीथि हो । मनोद्वारवीथिमा इन्द्रिय त्यस्तो भौतिक (physical) हुँदैन । त्यसकारण यहाँ प्रसाद (nerve-ending) भन्ने प्रश्न उठ्दैन । बरू भवाङ्ग स्वयंले नै इन्द्रियको स्थान लिएको हुन्छ । त्यसवेला त्यही भवाङ्गलाई नै मन इन्द्रिय भनिन्छ । मन इन्द्रियमा इन्द्रिय भनिएको केवल अन्य इन्द्रियहरूसँग तादात्म्य मिलाउनको लागि मात्र हो । यसको मतलब मन इन्द्रिय भन्ने कुनै भौतिक प्रसाद नाडी छ भन्ने सोच्न हुँदैन । मनस् (मन) भनेको भवाङ्गकै पर्यायवाची शब्द हो । तर मनोविज्ञान भने भवाङ्ग होइन । त्यो त मन इन्द्रिय र धर्म स्पर्श हुँदा उत्पन्न हुने विज्ञान हो । तैपनि भवाङ्ग या

मन इन्द्रिय स्वयं नै सन्तानशः (continuum-wise) परिवर्तन भएर मनोविज्ञान बन्दछ ।

यसरी पञ्चद्वारवीथि र मनोद्वारवीथि गरी दुई किसिमका वीथि हुन्छन् । यी नामहरू त वीथि बन्न मद्दत गर्ने या बनाउने 'प्रसाद' लाई लिएर दिइएको हो । यी नामहरू त ती विज्ञान स्वयंलाई आधार बनाएर पनि दिन सकिन्छ । त्यसवेलामा यिनीहरूलाई पञ्चविज्ञान वीथि र मनोविज्ञानवीथि पनि भन्न सकिन्छ । हामीले यो मनमा राख्नुपर्छ कि यी प्रत्येक पञ्चद्वारवीथि/पञ्चविज्ञानवीथिहरू भिन्दाभिन्दै हुन् । फेरि यी प्रत्येक पञ्चद्वार/पञ्चविज्ञान वीथिहरू पनि आलम्बनको स्पष्टताका आधारमा पुनः चार चार प्रकारका हुन्छन् । पञ्चद्वारवीथिका यी चार प्रकारहरू छन् :-

१) अतिमहद् आलम्बन वीथि (अत्यन्त स्पष्ट आलम्बन हुने)

२) महद् आलम्बन वीथि (स्पष्ट आलम्बन हुने)

३) परीत्त आलम्बन वीथि (अस्पष्ट आलम्बन हुने)

४) अति परीत्त आलम्बन वीथि (अत्यन्त अस्पष्ट आलम्बन हुने)

यहाँ आलम्बनको आकारसँग कुनै सम्बन्ध हुँदैन किनकि धेरै ठूला पहाड पर्वत पनि धेरै अस्पष्ट हुन सक्छन् भने यदि अन्य प्रत्ययहरू जस्तै चक्षुप्रसाद (आँखा), प्रकाश, मनसिकार (degree of concentration of the mind) र यस्ता कुराहरू अनुकूल छन् भने ज्यादै सानो सियोको प्वाल पनि धेरै स्पष्टसँग देख्न सकिन्छ ।

आज हामीले यी पञ्चद्वारवीथिहरूको विस्तारमा छलफल गर्नेछौं र मनोद्वारवीथिलाई अर्को महिनातिर छलफल गरौंला । कृपया यिनीहरूको राम्रोसँग अध्ययन गर्नुहोला । वीथिको अध्ययन गर्न हामीले केही सांकेतिक अक्षरहरू प्रयोग गर्नु सजिलो हुन्छ । त्यसको लागि निम्न अनुसार प्रयोग गर्नेछौं ।

अ = अतीत भवाङ्ग अर्थात् चालन हुनु या हल्लिनुभन्दा अगाडिको भवाङ्ग ।

चा = भवाङ्ग चालन अर्थात् चलेको भवाङ्ग ।

उ = भवाङ्गोपच्छेद अर्थात् भवाङ्ग उच्छेद भएको ।

प = पञ्चद्वारवर्जन अर्थात् चित्त सन्तान पाँच द्वारमध्ये कुनै एकमा पुगेको ।

म = मनोद्वारावर्जन अर्थात् मनइन्द्रियको सम्मुख पुगेको चित्त सन्तान

च = चक्षुर्विज्ञान अर्थात् चक्षुरिन्द्रिय, रूप आलम्बन र भवाङ्ग उच्छेद भैसकेपछि चक्षुद्वारमा आवर्जन भएको विज्ञानको संयोगबाट उत्पन्न भएको चक्षुर्विज्ञान । त्यसैगरी यदि

श्रोत्रद्वारमा भयो भने ->श्रो

घ्राणद्वारमा भयो भने ->घ्रा

जिह्वाद्वारमा भयो भने ->जि

कायद्वारमा भयो भने ->का

सम्=सम्प्रत्येषण (सम्प्रतीच्छन्न) अर्थात् आलम्बनलाई खोजेको, आलम्बनमा पु गेको विज्ञान हो । परन्तु यो उडेर परको आलम्बन जस्तैः रूख, पहाड, नारायण आदिमा जाने भनेको होइन । यो त नारायण, पहाड, रूख आदिको चक्षुः प्रसादमा बनेको आकृतिलाई पकड्न पुग्ने, समात्ने विज्ञान हो ।

सन् = सन्तीरण अर्थात् सम्प्रत्येषणमा समातेर आलम्बनको मूल्याङ्कन गर्ने छुट्ट्याउने विज्ञान हो ।

व्य = व्यवस्थापन (वोट्ठपन) अर्थात् मूल्याङ्कन गरिसकेपछि त्यसलाई फेरि स्थापना गर्ने याने निश्चय गर्ने विज्ञानको प्रक्रिया हो ।

ज = जवन अर्थात् आलम्बनको व्यवस्थापन भैसकेपछि यसलाई आस्वादन गर्नको निमित्त अति तीव्र रूपमा गमन गर्ने चित्त । जवन भनेको उच्च गति हो अर्थात् पूर्ण रूपले गति गर्नु (move) हो । यही जवनको वेलामा नै चित्त (विज्ञान) ले आफ्नो गोत्रको प्रकट गर्दछ । यदि विज्ञान (चित्त) कामचित्त हो भने जवन पनि ‘कामजवन’

हुन्छ जसले कामचित्तका गुणहरू बोकेको हुन्छ । कामजवन भनेको द्वादश निदानमा आठौं प्रत्यय हो । त्यसैले कामजवनका पनि धेरै प्रकार हुन्छन् जस्तै काम लोभ जवन, काम राग जवन, काम द्वेष जवन आदि । त्यसका अर्थ के हो भने जवनको वेलामा नै विज्ञानले आलम्बनप्रति मन पराउने (राग), मन नपराउने (द्वेष) र तटस्थ बस्ने (मोह) प्रवृत्ति देखाउँछ । यही वेलामा मात्र तपाईंले रूख, पहाड या नारायणप्रति मन परेको, मन नपरेको या केही फरक नपरेको महसूस गर्नुहुन्छ ।

पञ्चविज्ञानको वेलामा तिनीहरू त्यति प्रबल हुँदैनन्, परन्तु मनोविज्ञानकै जति स्पष्ट भने भैसकेका हुन्छन् किनकि विकल्प त्यहाँ भैसकेको हुन्छ । यदि तपाईंको विज्ञानले गोत्र पहिले नै बदलिसकेको रहेछ भने अर्थात् यदि महद्गत चित्त बनिसकेको रहेछ भने (प्रथम ध्यान आदिमा पसेको कारणले) तपाईंको जवन शुद्ध कामजवन नभएर महद्गत कामजवन हुनेछ । त्यसकारण तपाईंको संसारलाई अनुभव गर्ने गुणस्तर पनि गोत्र बदलिएदेखि बदलिन्छ । अनि फेरि तपाईं पाँच मार्ग मध्येको दर्शनमार्गमा प्रवेश गर्नुभयो (या थेरवाद अनुसार स्रोतापन्न हुनुभयो) भने तपाईंको विज्ञानले गोत्र बदलेको हुन्छ । लोकोत्तर चित्तको जवनको गुणस्तर त महद्गत चित्तको भन्दा झन पूर्ण रूपमा फरक नै हुन्छ ।

यहाँ पनि हामीले अर्को कारण देख्छौं कि किन शमथ प्रकारका विधिहरूले लोकोत्तर वीथिबाट प्राप्त हुने फल पैदा गर्न सक्ने रहेनछन् । महद्गत योगी र लोकोत्तर योगीका लोकसम्बन्धी अनुभूति समेत पनि गुणात्मक रूपले फरक नै हुन्छन् । किन ? अहिले हामीसँग ती चित्तहरूको जवन गुणात्मकरूपमा भिन्दै नै हुन्छ भन्ने कुरा बुझ्न अवधारणात्मक सामग्री (conceptual equipment) छ । महद्गत योगीहरूमा पनि प्रथमध्यानभूमिक, द्वितीयध्यानभूमिक, तृतीयध्यानभूमिक, चतुर्थध्यानभूमिक योगीहरूको जवन एक अर्कामा

गुणात्मक रूपले फरक पर्दै गएको हुन्छ। प्रथम ध्यानबाट चतुर्थ ध्यानसम्म पुग्दा विज्ञान झन् झन् स्पष्ट, होशपूर्ण, आनन्दमय हुँदै जान्छ। फेरि यो कुरा समापत्ति (समाधि) मा मात्र हुने नभएर पृष्ठलब्धावस्था याने दैनिक कृयाकलाप गर्दा पनि भइरहन्छ। दैनिक जीवनका जवनहरू पनि परिवर्तन भएका हुन्छन्। परन्तु अझै पनि त्यो लोकोत्तर जवन हुँदैन।

त = तदालम्बन अर्थात् विज्ञानले जवनको अनुभूति (आलम्बन) लाई अझै पछिसम्म (जवन सकिएपछि पनि) अनुभव गरिरहने चित्त (विज्ञान) हो। तद् = त्यसैलाई नै, जुन कि जवनमा थियो, आलम्बन =आड लिइराख्ने अर्थात् आलम्बनको रूपमा ग्रहण गरिराख्ने। यद्यपि त्यो विज्ञानले साँच्चिकै आलम्बनलाई भने समातेको हुँदैन। तपाईंले एक छिन सम्म रातोमा हेरिराख्नुभयो, अनि झ्वाट्ट अन्यत्र हेर्नुभयो भने पनि एकछिन सम्म रातो देखेजस्तो हुन्छ, यद्यपि रातोमा त्यसवेला हेरिएको हुँदैन। तदालम्बन भनेको पनि झण्डै यस्तै खालको प्रकृया हो। यद्यपि विज्ञानको आलम्बनलाई स्वाद लिन कुद्ने काम (जवन) गर्न रोकिइसक्यो तापनि अझै केही छिनसम्म विज्ञानले त्यही आलम्बनलाई नै ग्रहण गरिराख्न खोज्छ (याने ग्रहण गरिराख्छ)।

पा = भवाङ्गपात अर्थात् विज्ञान पुनः भवाङ्ग प्रकृयामा खस्नु याने फेरि भवाङ्ग चित्त बन्नु। ‘पात’ भनेको ‘खस्नु हो जसको अर्थ ‘पतन’ सँग सम्बन्धित छ। तर यहाँ के याद राख्नु उपयुक्त हुन्छ भने त्यहाँ पहिलेदेखि नै भइरहेको भवाङ्ग भन्ने हुँदैन, जसमा त्यो चक्षुर्विज्ञान (या अन्य कुनै विज्ञान) खसोस्, त्यो त स्वयं चक्षुर्विज्ञानको सन्तति नै (तदालम्बन आदि चित्त) बदलिएर पुनः भवाङ्ग चित्त बन्न पुग्छ। अर्को चिन्ह पनि हामीले जानिराख्नुपर्छ, त्यो हो -

… = तीन ओटा विन्दुहरू हुन् र यिनले प्रत्येक क्षणिक चित्त (विज्ञान) को उत्पाद, स्थिति र भङ्गलाई जनाउँछन्। एक चित्तक्षण (छिन)

तीन ओटा क्षुद्रक्षण (क्षुद्र=सानो) मिलेर बनेको हुन्छ। उत्पाद क्षणमा यो देखा पर्छ (उत्पन्न हुन्छ), स्थितिक्षणमा यो रहन्छ र परिवर्तन हुँदै भङ्गक्षणमा आएर विनाश हन्छ। तीन ओटा विन्दु (...) ले यिनै तीन क्षणहरूलाई जनाउँछन् । उदाहरणका लागि एक जवन भनेको एक चित्तक्षण हो र यसलाई यसरी जनाइन्छ - ज । यदि जवनहरू चारपटक दोहोरिएका छन् भने यसरी जनाउने गरिन्छ । ज ज ज ज । यसको अर्थ चार जवन चित्तहरूको उत्पाद, स्थिति र भङ्ग भैसक्यो भन्ने हुन्छ । यहाँ जवन चार क्षणसम्म रहेको होइन । चारओटा भिन्दा भिन्दै जवनहरू क्रमशः उत्पाद, स्थिति र भङ्ग हुँदै गएका हुन् ।

अब यही पृष्ठभूमिका आधारमा अतिमहदालम्बन चक्षुर्द्वारवीथिको अध्ययन गरौं । त्यो यस प्रकारको हुन्छ -

अ चा उ प च सम् सन् व्य ज ज ज ज ज ज ज त त

यदि चक्षुरिन्द्रिय (चक्षुःप्रसाद) को सामु अत्यन्त स्पष्ट आलम्बन आयो भने चक्षुरिन्द्रिय र रूपालम्बनको स्पर्श हुन्छ। अनि संवेदनशील चक्षुःप्रसादमा परिवर्तन आउँछ। चक्षुःप्रसादको सम्बन्ध नाडीहरूद्वारा हृदयक्षेत्रमा हुने हृदयवस्तुसँग भएको हुन्छ। चक्षुःप्रसादमा भएको यो परिवर्तनलाई तुरून्तै हृदयवस्तुले ग्रहण गरिहाल्छ। त्यहाँ पनि चक्षुःप्रसाद जस्तै 'प्रसाद' नाडी हुन्छ । आधुनिक जीवविज्ञानको भाषामा भन्दा रेटिनामा भएको जैवरासायनिक परिवर्तनलाई हृदयवस्तुले अंकित (record) गर्छ भन्न सकिन्छ ।

भवाङ्ग हृदयवस्तुमा रहन्छ । यसवेलाको आलम्बन अतिमहदालम्बन भएको हुनाले हृदयवस्तु शक्तिशाली रूपमा खलबलिन्छ जसले गर्दा भवाङ्ग चल्नु (भवाङ्ग चालन) भन्दा अगाडि एउटै चित्तक्षण अ (अतीतभवाङ्ग) मात्र हुन पाउँछ (र यसपछि चालन भैहाल्छ) । यदि रूप आलम्बन त्यति स्पष्ट नभएको भए हृदयवस्तुमा त्यति साह्रो हलचल आउन पाउने थिएन ।

चक्षुप्रसाद र हृदयवस्तुमा राम्रोसँग ग्रहण हुन (register) नपाएकोले त्यस अवस्थामा एकभन्दा बढी दुई या तीन या अफ्न धेरै 'अ' (अतीत भवाङ्ग) भएपछि मात्र चालन हुनसक्ने हुन्छ।

अतिमहदालम्बनको नै कुरा गरौं- यो अत्यन्तै स्पष्ट भएको हुनाले हृदयवस्तुलाई राम्रैसँग हल्लाइदिन्छ। आधुनिक भाषामा भन्दाखेरि चक्षुः प्रसादमा भएको प्रवल उत्तेजना (stimulation) ले गर्दा हृदयवस्तुका स्नायुशीर्षहरू (nerve-endings) प्रवल रूपमा उत्तेजित (irritated/stimulated) हुन्छन्। यो प्रवल उत्तेजनाको कारणले गर्दा आफ्नो अवस्थाबाट एकै चित्तक्षणमै भवाङ्ग बेसरी हुत्तिएर बाहिर आउँछ (भवाङ्ग चालन = चा् )।

त्यसो हुनाले वीथि तालिकामा एउटै मात्र अ् (=अतीत भवाङ्ग) हुन्छ। यदि त्यहाँ दुई चित्तक्षण लागे भने त्यसवेला वीथि तालिकामा दुईवटा 'अ्' लेखिन्छन् जस्तै अ् →अ्→चा्... इत्यादि। शान्त पोखरीमा जोडसँग हावा चल्नाले लहरी चल्न थाले जस्तै भवाङ्ग पनि अब त्यसरी भवाङ्ग भनेर रहँदैन र उच्च गतिमा चक्षुरिन्द्रिय तर्फ कुद्छ। त्यसैलाई नै उ् र प् ले जनाइएको हो। यसको अर्थ हो भवाङ्गको विनाश (उच्छेद) हुने प्रकृया एक चित्तक्षणमा हुन्छ र अर्को चित्तक्षणमा पाँच द्वार (इन्द्रिय) मध्ये एउटामा देखा पर्न पुग्छ जसलाई प् बाट जनाइएको छ। हाम्रो दृष्टान्तमा चक्षुर्द्वारमा आवर्जन भएको हुन्छ याने पुगेको हुन्छ। यसपछि मात्रै पहिले नै सम्पर्कमा आएका चक्षुरिन्द्रिय र रूपालम्बनको पूर्वचित्तसँग सम्पर्क हुन्छ। पहिले पनि विभिन्न सन्दर्भहरूमा हामीले यी तीन हेतु-प्रत्ययको सम्पर्क (स्पर्श)बाट नै नयाँ विज्ञान पैदा हुन्छ भनेर धेरै पटक बताएका थियौं। अतः यिनै तीन कुराको जब स्पर्श हुन्छ तब नै अर्को चित्तक्षणमा चक्षुर्विज्ञान (दर्शन कृत्य) उत्पन्न हुन्छ। च् को मतलब यही नै हो। त्रिक सन्निपात हुने भनेको पनि यहीं नै हो जो वास्तविक स्पर्श क्षण हो। चक्षुर्विज्ञान उत्पत्ति हुनासाथ अर्को क्षणमा त्यो आलम्बनलाई यसले समात्छ अर्थात् आलम्बनको निश्चय गर्ने, ठहर गर्ने चित्त उत्पन्न

हुन्छ। त्यसैलाई सम्प्रत्येषण (सप्रतिच्छन्न) भनिएको हो र स्‌म्‌ ले तालिकामा जनाइएको हो। यसरी आलम्बन समातिसक्ने बित्तिकै त्यसलाई मूल्यङ्कन गर्ने, यस्तो उस्तो भन्ने छुट्याउने, निरूपण गर्ने (सन्तीरण गर्ने) क्रम पैदा हुन्छ र त्यस्तो चित्त नै सन्तीरण चित्त हो जुन सम्प्रत्येषण चित्त व्यय हुनासाथ अर्को चित्तक्षणमा आउँछ। यसलाई स्‌न्‌ द्वारा देखाइएको हो। यसरी निरूपण भैसकेपछि जे निरूपण भयो त्यसको समेत निश्चय गर्ने या स्थापना गर्ने चित्त पैदा हुन्छ। त्यसैलाई व्यवस्थापन (व्‌य्‌) ले देखाइएको हो।

अब प्रश्न उठ्छ -चक्षुर्विज्ञानले 'यो नीलो हो' भन्ने त जान्दैन किनकि यो त मनोविज्ञानको कार्य हो भन्ने हामीलाई थाहा छ। **"चक्षुर्विज्ञानेन नीलं विजानाति न तु नीलमिति, मनोविज्ञानेन नीलं नीलमिति च विजानाति"** (अभिधर्मकोषभाष्य) अर्थात् चक्षुर्विज्ञानले नीलो थाहा पाउँछ मात्र परन्तु 'यो नीलो हो' भन्ने जान्दैन। मनोविज्ञानले चाहिँ 'नीलो' पनि थाहा पाउँछ र 'यो नीलो हो' भन्ने पनि जान्दछ। प्रश्न यो हो कि "त्यसो भए यहाँ चक्षुर्विज्ञान सन्ततिमा कस्तो प्रकारको सम्प्रत्येषण र व्यवस्थापन हुने रहेछ त ?"

१) जसले आलम्बनलाई समात्छ /पकडिन्छ/निश्चत गर्छ। स्‌म्‌ भनेको त्यही हो।

२) जसले यो अर्थ/आलम्बन/विषयलाई अर्थात् नीलो रङ्ग, पहाड या नारायण आदिलाई अन्य अर्थ/आलम्बन/विषयसँग छुट्याउँछ, त्यो सन्तीरण हो।

३) अर्थलाई छुट्याइसकेपछि स्वाभाविक रूपमै त्यसलाई निश्चय गर्छ परन्तु कुनै पनि नामाकरण नगरिकन। जस्तैः "यो नीलो हो, यो नारायण हो, यो पहाड हो" भन्ने काम नगरीकनै व्यवस्थापन गर्दछ। त्यस्तो नाम दिने काम त मनोविज्ञानबाट हुने हो जुन मनोद्वारवीथिको भाग हो न कि चक्षुर्द्वारवीथि। यहाँ त्यो नामकरण त एक सेकेण्डको

लाखौं करोडौं भागको एक भाग पछि नै आइहाल्छ जसलाई हामी विकल्प भन्छौं । अविकल्प (thoughtless) हुनको लागि यही विकल्पलाई रोक्नुपर्दछ। यसको अर्थ सबै विकल्पलाई रोक्नै पर्छ भन्ने होइन । सत्कायदृष्टि आदिसँग सम्बन्धित विकल्पहरू मात्र रोक्नुपर्ने हो ।

अब वीथितिरै लागौं, व्यवस्थापन (व्य) पछि सातओटा भिन्दै जवनक्षणहरू आउँछन् (ज ज ज ज ज ज ज) अर्थात् सात पटक सम्म विज्ञानको अलग अलग उत्पाद-स्थिति-भङ्ग भइरहन्छ। यहाँनेर आएपछि आलम्बनसँग सम्बन्धित अनुशयधातुको क्रियाशीलतामा विज्ञान अति उच्च वेगले ७ पटक सम्म जवनको रूपमा उत्पन्न हुने गर्दछ। त्यो चित्तक्षणको जोड या 'गति' अन्य चित्तको भन्दा धेरै नै तीव्र हुन्छ। त्यसैले यी चित्तलाई जवन चित्त भनिएको हो जसको अर्थ वेगले चल्नु भन्ने हुन्छ। यहाँ ७ वटा जवन हुनै पर्ने हुन्छ अन्यथा वीथि (अनुभव) नै पूर्ण हुन पाउँदैन । त्यस पछि दुईटा तदालम्बन चित्त उत्पन्न हुन्छन् (त त) । अर्थात् चित्तले आलम्बनको स्वाद लिन छोडिसकेपछि पनि सम्झेको जस्तो या सहज क्रिया (reflex action) मा जस्तो गरी त्यही आलम्बनलाई समात्ने चित्त क्षण उत्पन्न हुन्छन्। ७ जवन र २ तदालम्बन भएपछि मात्र कुनै आलम्बनको पूर्ण अनुभव हुन सक्छ। त्यसपछि स्वाभाविक रूपमै भवाङ्गपात हुन्छ। त्यसलाई तालिकामा देखाइएको छैन ।

यस बारे केही व्याख्या गर्नु आवश्यक हुन्छ। सर्वप्रथम त तपाईंहरू सबैले देखिहाल्नुभयो कि अ (अतीत भवाङ्ग) देखि द्वितीय त (तदालम्बन) सम्मका १७ चित्तक्षण भैसके। यो हो बुझ्नुपर्ने कुरा। प्रत्येक वीथि यसको आलम्बनसँग सम्बन्धित हुन्छ जुन रूप, शब्द, गन्ध, रस र स्प्रष्टव्य हुन् । यी दुईटा सन्तान हुन् र क्षण क्षणमै उदय-व्यय भैरहने प्रकृया हुन् । वीथि चाहिँ रूप आलम्बनको आयुसँग सम्बन्धित हुने भएकोले एउटा वीथि तब सम्म मात्र रहन सक्छ जबसम्म एक रूपक्षण रहन्छ। जुन वेलासम्ममा एक रूपक्षणको समय सिद्धिन्छ (अर्थात् क्षणिक रूपको उत्पाद-स्थिति-भङ्ग

भइसक्छ) तब सम्ममा त्यससँग सम्बन्धित वीथि पनि सिद्धिन्छ। एक रूप एकाईलाई एक रूपक्षण भनिन्छ। एक रूपक्षण भनेको रूपसन्तानभित्र एक रूप एकाईको उत्पाद-स्थित-भङ्ग हुनलाई लाग्ने समय हो। एक रूपक्षण १७ वटा चित्तक्षणसँग बराबर हुन्छ। त्यही भएर एक रूपक्षण आयु भएको एक रूप एकाईलाई समात्ने चित्तवीथि पनि एक रूपक्षणसम्म मात्र रहन सक्छ। रूपको त्यो एकाई (unit) को अस्तित्व समाप्त भएपछि त्यसलाई आलम्बन गरिरहेको चित्तहरूको के अवस्था हुन्छ भन्ने कुरा त्यो वीथिको भागभित्र पर्दैन। त्यसैले रूप एकाईसँग सम्बन्धित प्रत्येक वीथिहरू १७ चित्तक्षणसम्म मात्र रहन्छन्। त्यसैले यो अतिमहद् आलम्बनवीथिमा १७ क्षण पछि भवाङ्गपात हुन्छ तापनि त्यो (पा) लाई (साँच्चिकै) वीथिभित्र गनिँदैन। अहिले सम्म बताइएको कुरालाई कृपया राम्रोसँग अध्ययन गर्नुहोस्। अर्को महिनामा यसैमा आधारित भएर वीथिको बारेमा अझै विस्तारमा जानेछौं।

अब तथागतको जीवनीतिरै लागौं। हामीले पहिल्यै देखिसक्यौं कि महासत्वले पाँचओटा विशेष खालका सपनाहरू देख्नुभएको थियो जसले उहाँको चित्त सम्यक् सम्बोधिको साक्षात्कार गर्न तयार थियो भन्ने जनाएका थिए। ती सपनाहरूले स्पष्टसँग देखाउँछन् कि सिद्धार्थको रूपमा जन्मिनु भन्दा पहिले नै उहाँले सबै ३७ बोधिपाक्षिक धर्महरूलाई पूरा गरिसक्नुभएको थियो। महासत्वको जीवनीलाई हेर्ने सम्बन्धमा थेरवाद परम्परा र महायान परम्परामा केही भिन्दै व्याख्या प्रणाली (hermanutics) हरू अपनाइएको देखिन्छ। त्यसकारण तुलना गर्न र मूल्याङ्कन गर्न चाहन्छु।

सर्वप्रथम, थेरवाद परम्पराले विश्वास गर्छ कि उहाँको अन्तिम मानव जीवन विश्वन्तर (वेस्सन्तर) पछि श्वेतकेतुको रूपमा उहाँ तुषितमा जन्मनुभएको थियो। महायानले भन्छ कि उहाँले त्यसपछि अकनिष्ठमा जन्मेर त्यहाँ तन्त्र अभ्यास गरी सम्बोधि प्राप्त गरिसक्नुभएको थियो र बुद्धले गर्ने लीलाको क्रममा उहाँ तुषितमा श्वेतकेतु भएर झर्नुभएको थियो। यदि श्वेतकेतु एक सामान्य पृथग्जन मात्र भए र विश्वन्तर मानवबाट सीधै

त्यहाँ जन्मेको भए कसरी श्वेतकेतु त्यसवेला त्रिधातुभरिमै ज्येष्ठ र श्रेष्ठ हुन सक्थे अथवा शुद्धोदनको छोरा भएर जन्मनासाथ पनि ज्येष्ठ/श्रेष्ठ कसरी हुन सक्थे त ? याद गर्नुहोस् कि ती भर्खर जन्मेका शाक्यकुमारले सात पाइला चालेर, **"ज्येष्ठोऽहम् सर्वलोके च श्रेष्ठो लोके विनायकः"** भनेका थिए ।

शुद्धावास र त्यस्तै अन्य रूप् धातु र अरूपधातुहरूमा काश्यप बुद्धका पालादेखिका कोही न कोही अनागामी या अर्हत्हरू त पक्कै थिए होलान् किनकि यी धातुहरूमा सत्वको आयु ८०,००० कल्पसम्म पनि हुनसक्छ । शाक्यमुनि र काश्यपको बिचको समयान्तराल त यी लोकका धेरैजसो सत्वहरूका आयुभन्दा कम छ । त्यसैले कसरी एउटा पृथग्जन श्वेतकेतु या उनका लगत्तै पछिको पुनर्जन्मको बच्चा सिद्धार्थ त्रिधातुमै ज्येष्ठ र श्रेष्ठ हुन् सक्छन् यदि एक पृथग्जन नै भैरहेको भए ?

दोस्रो, थेरवाद परम्पराले विश्वास गर्छ कि महासत्व बोधिसत्व बोधगयामा गएपछि मात्र स्रोतापन्न हुनुभएको थियो जब कि महायानले विश्वास गरे अनुसार उहाँ अकनिष्ठमै बुद्ध बनिसक्नुभएको थियो र बाँकी सबै लीला मात्र थिए भन्ने छ । यदि महासत्व बोधिसत्वले बोधगयामा नै पहिलो पटक स्रोतापत्ति लाभ गर्नुभएको भए फेरि कसरी त्रिधातुमै उहाँ ज्येष्ठ श्रेष्ठ हुनुभयो त ?

फेरि पालि ग्रन्थ अंगुत्तर निकायमा उहाँ स्वयंले नै बताउनुभएको छ कि उहाँ जन्मिँदाखेरि पूर्ण स्मृति सम्प्रजन्य सहित भएर जन्मिनुभएको थियो जुन तरिकाले एक अनागामी समेत पनि जन्मिन सक्दैनन् । यसको मतलब त तथागत स्वयंले नै स्पष्ट पार्नुभएको छ कि उहाँ राजकुमार सिद्धार्थ भएर जन्मिनुभन्दा पहिले नै अनागामीभन्दा माथि सम्यक् सम्बुद्ध भैसक्नुभएको थियो । नत्र त अहिले अनागामीहरूको भन्दा पनि प्रबल स्मृति-सम्प्रजन्य कसरी हुन सक्यो त ?

अब मनोविश्लेषणात्मक (psycho-analytical) दृष्टिकोणबाट हेरौं । उहाँका सपनाहरूले उहाँको अवचेतन मनको तहमा पहिले देखिनै उहाँ बुद्ध

हुनुहुन्थ्यो भन्ने देखाउँछन् न कि एक पृथग्जन। यदि उहाँ एक पृथग्जन भएको भए उहाँले स्रोतापन्न हुनुसँग सम्बन्धित सपना देख्नुपर्ने थियो या जे देख्नुभएको थियो त्यसको स्रोतापन्न हुन लागेको भन्ने किसिमले अर्थ लगाउनुपर्ने थियो। परन्तु उहाँ आफैले बुद्धता प्राप्त हुनै लागेको (आसन्न बोधिको) संकेत थियो भनी स्पष्टसँग अर्थ लगाउनु भएको छ। स्रोतापन्न पनि नहुँदै उहाँले बुद्धता प्राप्तिसँग सम्बन्धित सपना त नदेख्नु पर्ने हो। मनो-विश्लेषणात्मक रूपबाट पनि उहाँले त पहिले स्रोतापन्न हुनुसँग सम्बन्धित सपना देखेको हुनुपर्थ्यो।

फेरि उहाँले धेरै बुद्धहरूलाई भेट्नुभएको थियो र तीन असंख्य कल्पसम्म बोधिसत्व मार्गको अभ्यास गर्नुभएको थियो तर अझै उहाँ पृथग्जन हुनुहुन्थ्यो र बोधगयामा मात्र स्रोतापन्न हुनुभयो र उच्च तह प्राप्त गर्नुभयो भन्नु पनि त्यति युक्तिसंगत देखिँदैन। आखिरमा थेरवाद भनेको श्रावकयानको पद्धति हो, त्यसैले बोधिसत्वको बारेमा त्यहाँ लेखिएका कुरालाई नै अन्तिम निर्णायक शब्द मान्न त सकिँदैन, त्यसमा पनि विशेष गरेर यदि बोधिसत्वयानमा आधारित भएको प्रणालीसँग विरोध हुने कुरा छ भने। वैभाषिक, थेरवाद जस्ता श्रावकयानको प्रणाली अनुसार पनि बुद्ध त वास्तवमा बोधिसत्व नै हुनुहुन्थ्यो (पहिले)।

महासत्व केवल एक पृथग्जन हुनुहुन्थ्यो भन्नु पनि मिल्दो देखिँदैन किनकि उहाँ जन्मिदाखेरि भूकम्प भएको थियो, अद्वितीय प्रकाशले त्रिधातु नै भरेको थियो र यस्तै अन्य लक्षणहरू देखा परेका थिए। पहिलो असंख्य कल्पमा बोधिसत्व दर्शनमार्गमा प्रवेश गरेका थिए भन्ने आदि पनि बरू बढी युक्तिसंगत देखिन्छन्। जसको बारेमा हामीले पहिले बताइसकेका थियौं र त्यो पनि वैभाषिक भन्ने अर्को श्रावकयानको प्रणाली अनुसार हो। भिक्षु सुमेधले धेरै बुद्धलाई भेटेका थिए र बोधिसत्वको लोकोत्तर मार्गमा अघि बढ्दै थिए। उनले निश्चय पनि शुद्ध लौकिक मार्गको अभ्यास त गरेका थिएनन्। फेरि बौद्ध लोकोत्तर मार्गको तीन असंख्य कल्पसम्म अभ्यास गर्दा पनि पृथग्जन नै थिए भन्ने त अयुक्त नै देखिन्छ। त्यस्तो त लौकिक

मार्गको अभ्यास तीन असंख्य कल्पसम्म गरिराखेको मानिसको निमित्त भए मात्र ठीक हुनेथियो परन्तु लोकोत्तर बोधिसत्व मार्गको अभ्यास गर्नेलाई त त्यस्तो हुँदैन ।

तैपनि अङ्गुत्तर निकायमा एउटा वचन छ कि तथागत स्वयंले नै आफूले बोधि प्राप्त नगरूञ्जेलसम्म आफैंलाई पृथग्जन भन्नुभएको थियो । यो एउटा भनाइ तथागतले नै भनेका माथिका थेरवाद परम्परामा पाइने सबै भनाइसँग विरोध हुने भएकोले तीमध्ये एउटा त पछाडिको व्याख्या (प्रक्षिप्त) हुनै पर्छ । तर यो भनाइ चाहिँ एक दुई ठाउँमा मात्र आउँछ र अन्य माथिका कुराहरू र तिनीसँग मान्य हुने अरू धेरै कुरा पनि पालि त्रिपिटकभरी पाइन्छन् । त्यसैले गर्दा यदि हामीले यो बेमतलबको एउटा भनाइ लाई ठीक ठानेर त्यसमा टाँस्सियौं भने त तथागतका यससँग नमिल्ने प्रशस्त कुराहरूलाई काटेर फाल्नुपर्ने हुन्छ । जस्तो कि

१) उहाँ ज्येष्ठ र श्रेष्ठ हुनुहुन्थ्यो भन्ने भनाइ,

२) जन्मिने बेला पृथ्वी काँप्यो भन्ने भनाइ,

३) अद्वितीय प्रकाशले त्रिधातु नै ढाक्यो भन्ने भनाइ,

४) जन्मेपछि ७ पाइला हिँडनुभयो भन्ने भनाइ,

५) अनागामीहरूले पनि लिन नसक्ने पूर्ण स्मृति-सम्प्रजन्य-सहितको जन्म उहाँको थियो भन्ने भनाइ,

६) सम्बोधि हुनु अघिका सबै प्रातिहार्यहरू

७) उहाँले तीन असंख्य कल्पसम्म अभ्यास गरेको भन्ने भनाइ,

८) बुद्धको मार्ग सिकाउन श्वेतकेतु भएर जन्म लिने बेलामा शुद्धावासकायिक देवहरूले विन्ती गरेको कुरा,

९) श्वेतकेतुले देश, काल, परिस्थिति, माता आदिलाई छानेको कुरा, किनकि एक पृथग्जनले कसरी त्यो छान्न सक्छ ?

१०) असितकालदेवलको पूरै कथा, किनकि असितकालदेवलले

बच्चामा भएका लक्षणहरूको आधारमा ती बालक बुद्ध बन्नेछन् भन्ने भविष्यवाणी गरेका थिए। किन शक्तिशाली ऋद्धिमान असितले आफूजस्तो पृथग्जन बच्चाको चरणमा ढोग्थे त, जो कि आफूभन्दा त्यति कान्छो थियो।

११) सत्तुभस्तक जातकमा उहाँलाई सेनक पण्डित भनिने गर्थ्यो, त्यसवेला उँहाले घोषणा गर्नुभएको थियो कि उहाँभन्दा बढी प्रज्ञा भएको कोही थिएन। यसको मतलव त उँहा त्यसवेला पनि शुद्धावास या अन्यत्र कहींका आर्यहरू भन्दा पनि प्रज्ञामा धेरै माथिल्लो तहमा हुनुहुन्थ्यो। यदि बोधगयाको घटनाक्रम भन्दा अघिसम्म उहाँ पृथग्जन नै हुनुहुन्थ्यो भने कसरी शुद्धावासका देवको भन्दा पनि उहाँको प्रज्ञा उच्च हुन्थ्यो त ?

१२) विभिन्न जातकहरूमा लेखिएका अनुसार उहाँ प्रज्ञामा मात्र नभएर शील, दान आदि ६ या १० पारमिताहरूमा पनि सर्वश्रेष्ठ हुनुहुन्थ्यो। यदि बोधगयाको घटनासम्म उहाँ पृथग्जन नै भएको भए त उहाँ कसरी ती शुद्धावासका आर्यहरू भन्दा पनि श्रेष्ठ हुनुभयो त ?

यी सबै कारणहरूले गर्दा सिद्धार्थ राजकुमार तुषितमा श्वेतकेतु भएर जन्म लिनुभन्दा अगाडि नै कम्तिमा पनि अनागामी भन्दा माथिकै तहको आर्य हुनुहुन्थ्यो। थेरवाद परम्परा अनुसार उहाँ विश्वन्तर (वेस्सन्तर) पछि सीधै श्वेतकेतु भएर जन्मनु भएको थियो। परन्तु विश्वन्तर जातकले उहाँलाई अनागामीभन्दा माथिको तह प्राप्त गरेको भन्ने देखाउँदैछ। त्यसकारण उहाँले विश्वन्तर भएपछि तृषितमा श्वेतकेतु भएर जन्मिनुभन्दा अगाडि नै सो तह प्राप्त गरेको हुनुपर्छ। यसमा सबैभन्दा युक्तियुक्त ठाउँ त अकनिष्ठ नै हो।

यो सन्दर्भमा थेरवाद परम्परामा निश्चय पनि केही कुरा छुटेको जस्तो देखिन आउँछ। उहाँले अकनिष्ठमा बुद्धता प्राप्त गर्नुभएको थियो भन्ने

महायानको कुराले थेरवाद व्याख्या प्रणालीको यो छुटेको कुराको परिपूर्ति गरिदिने मात्र होइन अपितु थेरवाद परम्पराकै बाँकी अन्य ग्रन्थहरूसँग पनि हातमा हात मिलाएर अघि बढ्छ। "पृथग्जनको आवस्थामा उहाँसँग राग थियो" भन्ने जस्ता एक दुई छोटा वाक्यहरूको आधारमा बोधगयामा बुद्धता प्राप्त गर्नुभन्दा अघि उहाँ पृथग्जन नै हुनुहुन्थ्यो भन्ने पक्षमा गयौं भने त राम्रोसँग तादात्म्य मिलेका थुप्रै कुराहरू पनि काटिदिनु पर्ने हुन्छ।

अनि त कथामा के बाँकी रह्यो भने शाक्यमुनि भनेका एक प्रागैतिहासिक गान्धी या मार्क्स या जे नाम दिनुहुन्छ त्यही थिए भने हुन्छ। वास्तवमा कोही थेरवादीहरूले उहाँलाई गान्धी आदि जस्तै एक महामानव मात्र बनाउने प्रयास पनि गरेका छन्। हामी महायानीहरूले त्यस्तो भनाइलाई पूर्ण रूपमा अयुक्त, अर्थहीन र अपूरो भनाइ मान्दछौं। थेरवादी ग्रन्थमै पनि यदि उहाँ स्वयंले नै आफूलाई मानव, देव, यक्ष, गन्धर्व आदि केही होइन भनेर अस्वीकार गरिराख्नुभएको छ भने कसरी उहाँ केवल महामानव मात्र हुनुहुन्छ ? त्यसो हो भने त उहाँलाई महादेव, महायक्ष, महागन्धर्व भन्नु पनि उत्तिकै ठीक हुन्छ। श्रोण ब्राह्मणले सोध्दाखेरि आफैले बताउनुभए झैं उहाँलाई तथागत या बुद्ध भन्नु मात्र उपयुक्त हुन्छ। उहाँले कहिल्यै पनि आफूलाई महामानव भन्नुभएन।

राजकुमार सिद्धार्थको रूपमा जन्मिँदा नै सर्वज्येष्ठ र श्रेष्ठ हुनको लागि उहाँले पहिले नै अकनिष्ठ बुद्धता प्राप्त गरेकै हुनुपर्छ, त्यसैले उहाँ पहिले नै बुद्ध हुनुहुन्थ्यो। केही मानवशास्त्री (anthropologists) हरूले यस्ता प्रातिहार्यका कथाहरूलाई स्तुत्यभिलेख (hagiography) भनेर पछाडिका भक्तले जोडजाड गरेर तयार पारेका अवास्तविक जीवनी भन्ने गर्छन्। यदि हामीले तथागतको जीवनीबाट प्रातिहार्य भाग जति सबै निकालिदिने हो भने उहाँलाई मानिस, देव आदि नभनेर 'तथागत' भन्नलाई के नै बाँकी रह्यो त ?

यदि हामीले रेखीय रूपतालिका (linear paradigm) मा आधारित भएर वैज्ञानिक बन्न खोज्ने मावनशास्त्रीहरूको स्तुत्यभिलेखको यो

सिद्धान्तलाई मान्ने हो भने निश्चय पनि सिद्धार्थ गौतम एक महामानव मात्र थिए र तथागत थिएनन् । "तथागत" भन्ने शब्दै पनि भक्तिमानहरूले आफ्नो श्रद्धा भक्तिबाट प्रयोग गरेको शब्द मात्र हो, उनी त वास्तवमा तपाईं, हामी जस्तै एक सामान्य मानिस थिए। एउटै फरक के भयो भने उनले ७५% एशियालाई २५०० वर्षसम्म प्रभावमा पारे, त्यति मात्रै हो। त्यसैले हामी मावनशास्त्रीहरूले उनलाई 'महामानव' भन्ने उपाधि दिएका हौं।"

यदि हामीले प्रातिहार्यहरूलाई वास्तविक नमान्ने हो भने मलाई के डर छ भने कुन भाग इतिहास हो र कुन भाग स्तुत्यभिलेख हो भन्ने निर्णय त प्रत्येक मानवशास्त्रीहरूको विषयगत (subjective) 'प्रिय', 'अप्रिय' र 'प्राथमिकता' मा भर पर्ने भयो। मानवशास्त्रले पनि अन्य धेरैजसो विज्ञानहरूले जस्तै अझै पनि कार्टेजन (cartesian) रूप तालिका (paradigms) भित्रै मरिमेटिरहेको छ, जुन रूपतालिकाभित्र १००/२०० वर्ष अघि भौतिक शास्त्र (physics), रसायन शास्त्र (chemistry) जस्ता शुद्ध विज्ञानहरू अडेका थिए। परन्तु भौतिक शास्त्र त यस्ता कार्टेजन रूपतालिकाको खोलबाट बाहिर आइसकेको छ र अन्य कोरा विज्ञानहरू (hard sciences) जस्तै रसायन शास्त्र, जैवभैषज्य शास्त्र (bio-medicine) हरूले पनि वास्तविकतालाई हेर्ने सम्बन्धमा कार्टेजन मोडल (cartesian modle) का सीमितता र कमीकमजोरीहरूलाई महसुस गर्न थालिसकेका छन्। यो स्तुत्यभिलेखको धारणा पनि यो रेखीय कार्टेजन मोडल नै हो।

कसले भन्न सक्छ र, अब देखि १०० वर्ष पछाडि या यस्तै तिर मानवशास्त्रले अहिले जेलाई स्तुत्यभिलेख भन्छ, त्यही कुरा अर्कै आयामको इतिहास नै बन्ने पो हो कि ? जुन कुरा त्यो कार्टेजन मोडलमा प्राप्त गर्न सकिएको थिएन। त्यसकारण केही मानवशास्त्रीहरूले त्यो स्तुत्यभिलेख हो भने भन्दैमा हामी बौद्धहरूले तथागतको प्रातिहार्यसँग सम्बन्धित सबै कथालाई किनारातिर मिल्काउने पक्षमा छैनौं।

स्तुत्यभिलेख भनेका आधारभूत रूपमा कुनै गुरू या व्ययित्तको बारेमा उनका भक्तहरूले आफ्नो श्रद्धाभक्तिको कारणले फूल बुट्टा भरेर,

प्रशंसायोग्य बनाएर बयान गरिएका कुराहरू हुन् । त्यसैले तिनीहरू वास्तविक यथार्थ हुँदैनन् । यो कुरा साँचो हो कि भक्तहरूले त्यस्ता कथाहरू बनाउने गर्छन् र बौद्धधर्म (महायान र थेरबाद समेत पनि) यसको अपवाद छैन भन्ने मलाई पक्का छ । परन्तु प्रातिहार्यहरू पनि वास्तविक कुरा हुन् जुन सधैं ध्यानीहरूले थाहा पाएकै कुरा हो । त्यसैले कुन कुरा इतिहास हो र कुन कुरा स्तुत्यभिलेख हो भन्ने निर्णय गर्ने काम पूरै ती मानवशास्त्रीहरूको लहड र पूर्वाग्रहमा सुम्पिइनु कहाँसम्म उचित र यथार्थपरक ठहर्ला ! मैले त्यस्ता निर्णयहरूलाई वैज्ञानिक र निर्णायक ठान्न सक्दिन ।

अब यदि श्वेतकेतु अकनिष्ठमा पहिले नै बुद्ध भैसकेका भए उहाँको जन्म, प्रव्रज्या (गृहत्याग), बोधि र परिनिर्वाण भनेको एक तथागतका अन्तिम चर्याभिनय या नाटक जस्तो हुनुपर्ने हो । अर्थात् उहाँको सिद्धार्थको रूपमा भएको नाटक चाहिँ अन्तिम अंक हुनुपर्‍यो जसले उहाँको तीन असंख्य कल्पसम्मको अभ्यासको निष्कर्ष दिन्छ । उहाँले अकनिष्ठमै सम्बोधि प्राप्त गरिसक्नुभएको हुनाले कामधातुको जम्बूद्वीपमा भएको उहाँको जन्म र जीवन हरेक बुद्धनाटकको अन्तिम अंक हुनुपर्‍यो । प्रयोजन चाहिँ हराएका शिक्षाहरूलाई पुनः स्थापना गर्नु थियो जहाँ प्रत्येक भावी बुद्धहरूले एक दिन बुद्ध भएरै छाड्ने संकल्प गर्नै पर्छ । त्यो त्रि-असंख्य कल्पको तालीमको स्वाभाविक नाटक देखाउनु थियो जसले अधिकतम सत्वहरूलाई हित सुख हुन्छ ।

कामधातुमा मात्र नयाँ आगन्तुकले स्त्रोतापत्ति या दर्शनमार्ग सजिलैसित प्राप्त गर्न सक्छ जुन विना आर्यमार्गमा कोही पनि पस्न सक्दैन । त्यसैले गर्दा बुद्धलाई कामधातुमै देखा पर्नु परम आवश्यक हुन जान्छ, रूपधातु या अरूपधातुमा होइन । अरूपधातुमा बुद्धको कुनै कामै हुन सक्दैन किनकि त्यहाँ आफ्नो चैत्त बाहेक अरू सुन्ने देख्ने केही पनि हुँदैन । त्यसैकारणले आत्मा, ब्रह्म जस्ता अरूपध्यानहरू मात्र गर्नु खतरनाक हुन्छन् । यदि स्रोतापन्न भैसकेको या दर्शनमार्गमा पसिसकेको व्यक्ति हो भने उसले अरूपधातुमा पनि आफ्नो उन्नति स्वयं गर्दै जान सक्छ । चिन्तामयी र

भावनामयी प्रज्ञामा जानको लागि श्रुतमयी प्रज्ञाको विकास गर्नैपर्ने हुन्छ। त्यसैले गर्दा अरूपधातुमा दर्शनमार्गमा प्रवेश हुन या स्रोतापन्न हुन नसकिएको हो किन कि त्यहाँ सम्यक् मार्गका उपदेशहरू याने बौद्ध शिक्षाहरू सुन्न सकिने सम्भावना हुँदैन।

रूपधातुमा धेरै दुःख हुँदैन र जीवन पनि कल्पनै गर्न नसकिने जति लामो हुन्छ, त्यसैले त्यहाँ दुःखको र अनित्यको बारेमा चिन्तन मनन गर्न सकिँदैन। अतः त्यहाँ चिन्तामयी प्रज्ञाको विकास हुन सक्दैन यद्यपि त्यहाँ शिक्षाहरू सुन्न त सकिन्छ। तैपनि यदि कसैले पहिले नै कामधातुमा स्रोतापन्न बल या दर्शनमार्गको लाभ गरिसकेको छ भने रूपधातुमा पनि अभ्यासलाई अघि बढाइरहन सक्छ। कामधातुको देवलोकहरूमा पनि धेरै सुख, आनन्द हुन सक्ने भएकोले त्यहाँका देवहरूलाई पनि बुद्धका शिक्षाहरूलाई गम्भीर रूपमा लिन गाह्रो हुन्छ, तर असम्भव भने हुँदैन। नरकमा, प्रेतलोकमा, तिर्यग्लोक (पशु) मा दुःख कष्ट र मूढता आदि नै धेरै हुने भएकोले बुद्धका शिक्षाहरू सुन्न सामान्यतया धैर्य नै हुँदैन। मनुष्यलोकमा मात्र सुख दुःखहरू समानुपातमा हुने भएकोले त्यहाँका सत्वहरू (मानव) ले बुद्धका शिक्षाहरू राम्ररी सुन्न सक्छन्।

त्यही भएर हरेक बुद्धहरूले आफ्नो असंख्य कल्पको नाटकको अन्तिम अंक यही कामधातुमा नै देखाउनु परेको हो। उहाँको बुद्धनाटक आफ्नो बज्रासनमा नगएसम्म पूरा हुँदैन। त्यसपछि मात्र सिकाउन शुरु गर्नु हुन्छ। कामधातुका एवं रूपधातुका एवं शुद्धावासका देवहरू (यी पनि रूपधातुकै उच्च तहका ब्रह्मलोकहरू हुन्) लाई पनि मनुष्यलोकमा आएर बुद्धका शिक्षाहरू सुन्न सजिलो हुन्छ न कि मनुष्यहरूलाई काम र रूप लोकमा गएर सुन्न। त्यही भएर बुद्धको चर्याक्षेत्र पनि मनुष्यलोक नै हुन्छ। यो हिसाबले हेर्दा तथागतको जीवन लीला मात्र हो अर्थात् "नाटकको अन्तिम अंकको अभिनय" हो भन्ने महायानको दृष्टि पनि युक्तिसंगत र मतलबपूर्ण लाग्छ।

पालि स्रोतहरूलाई मात्र आधिकारिक मानेर हेर्ने हो भने पनि सिद्धार्थ

जन्मिने बेलामा पृथग्जन नै थिए र बज्रासनमा पुगेर बसेपछि त्यही एउटै आसनमै स्रोतापन्न देखि बुद्धतासम्म प्राप्त गरेका हुन् भन्ने थेरवादको व्याख्या प्रणाली कमै मिल्दो देखिन्छ । परन्तु पालि ग्रन्थहरू मात्रै भगवान् बुद्धका शिक्षाहरूका एक मात्र आधिकारिक मूल स्रोत हुन् भन्ने मान्नलाई कुनै पनि युक्तियुक्त र ऐतिहासिक कारण छैन । यहाँ त हामीले थेरवाद व्याख्या प्रणालीको मात्र कुरा गरेका हौं न कि पालि ग्रन्थ आधिकारिक हो कि होइन भन्ने प्रश्न ।

तैपनि शाक्यमुनिले वज्रासनमा गई एकै आसनमा नै स्रोतापन्न-सकृदागामी-अनागामी र बुद्धता सम्म प्राप्त गर्नुभएको थियो भन्ने थेरवादी व्याख्या प्रणालीको दाबीमा पनि केही अंशमा सत्यता त छ । मृत्युक्षणमा च्युति चित्त उत्पन्न हुनुभन्दा अघि पनि मानिसले जीवनभरिका अनुभवहरूको बारेमा फिल्म हेरे झैं पुनरावलोकन गर्दछ, मानौं फेरि तिनीहरूको पुनरनुभूति गरेको हो कि जस्तो गरेर । सम्बोधि पनि वास्तवमा ठूलै मृत्यु हो । त्यो त साम्रव चित्तको पूर्ण मृत्यु नै हो । सम्यक् सम्बोधि पनि त्यसकै पुनश्चर्याभिनय (re-enactment) हो । त्यसैले उहाँले बुद्धका सबै तहहरूको (स्रोतापन्न/दर्शनमार्ग देखि बुद्धत्व सम्म) एकै आसनमा अनुभूति गर्नुभएको थियो भन्नु त्यति आश्चर्यजनक त लाग्दैन ।

वास्तवमा पूर्वनिवासानुस्मृति ज्ञान भन्ने तहबाट उहाँ अघि बढ्नुभएको थियो भन्ने त थेरवाद परम्परा अनुसार पनि भनिएकै कुरा हो । यो अवस्थामा उहाँले स्रोतापन्नत्वको या दर्शन मार्गको पनि पुनः अनुभव गर्नुभयो भन्न सकिने हुन्छ । यदि यस्तो मान्ने हो भने थेरवाद व्याख्या प्रणाली र महायान व्याख्या प्रणाली दुबै मिल्छन् र घटनाको अझ बढी पूर्ण चित्रण गर्न सक्छन् ।

परन्तु महायानको अनुसार र तीन असंख्य कल्पसम्म उहाँले अभ्यास गर्नुभएको भन्ने कुराको युक्तिपूर्ण हिसाबले पनि उहाँ त जन्मिँदाखेरि नै अनागामीहरूभन्दा पनि ज्येष्ठ एवं श्रेष्ठ हुनुहुन्थ्यो (थेरवादका शुद्ध पालि ग्रन्थ अनुसार पनि), जसको मतलब हुन्छ उहाँ सिद्धार्थ भएर जन्मिनुभन्दा

पनि अघि नै बुद्ध भैसक्नुभएको थियो । अनागामीभन्दा माथि त कि अर्हत् हुन्छन् कि बुद्ध मात्र हुन्छन्, अरू कोही पनि हुँदैनन् । अनि सुमेध चाहिँ त्रि-असंख्य कल्प अघिदेखि नै बोधिसत्व मार्गमा भएको हुनाले उहाँ अर्हत् हुने सम्भावना छैन ।

तैपनि बुद्धहरू दुई किसिमका हुन्छन्, एक चित्तबुद्ध जो पूर्ण बुद्ध भैसकेको हुन्छन् तापनि ३२ लक्षणले युक्त रूपकाय लिएर त्यसरी अभिव्यक्त भैसकेका हुँदैनन् । अर्काथिरि सम्यक्सम्बुद्ध हुन्छन्, जो तिनै चित्त बुद्धले ३२ लक्षण आदिले युक्त रूपकाय सहित जन्मेर आफ्नो निश्चित बज्रासनमा गएपछि बनेका हुन्छन् । चित्तको तहमा उनीहरूमा केही फरक हुँदैन (अझ सही पारिभाषिक शब्दमा भन्ने हो भने धर्मकाय र सम्भोगकायको हिसाबमा केही अन्तर हुँदैन) परन्तु चित्त बुद्धले रूपकाय व्यक्त गरेर त्यसले बज्रासनमा सम्यक्सम्बोधि प्राप्त गर्ने र सबभन्दा धेरै मनुष्य र देवलाई हित सुख हुनेगरी शिक्षा दिने भूमिका खेलेको हुँदैन । त्यसको लागि प्रत्येक बुद्धले मनुष्यलोकमा जन्मिनु पर्छ र सबै बुद्धहरूले गर्ने नाटकको मूल ढाँचाबाटै जानुपर्छ ।

त्यसैले सबै बुद्धहरू १) कामधातुमा जम्बूद्वीपमा जन्मिन्छन्, २) आफ्नो जन्म पछि ७ दिनको आयु हुने आमालाई छान्छन्, ३) आफ्नो प्रज्ञासँग विवाह गर्छन्, ४) सांसारिक जीवनलाई परित्याग गर्छन्, ५) विभिन्न तपश्चर्या आदिको अनुभव गर्छन्, ६) आफ्नो छानिएको बज्रासनमा सम्यक्सम्बोधि लाभ गर्छन्, ७) धर्मचक्र प्रवर्तन गर्छन्, ८) परिनिर्वाणमा जान्छन्, ९) सारिपुत्र र मौद्गल्यायन जस्ता मुख्य दुई शिष्यहरू हुन्छन् र यस्तै धेरै कुराहरू हुन्छन् । यी कुराहरू सबै बुद्धहरूको जीवनका ढाँचा हुन् यद्यपि उनीहरूका आ-आफ्नै व्यक्तिगत कुराहरू आपसमा भिन्दाभिन्दै नै हुन्छन् ।

यी बुद्धका शारिपुत्र र मौद्गल्यायन नाम गरेका प्रमुख शिष्य थिए भने अरू बुद्धका अर्कै नाम गरेका दुई शिष्यहरू हुन्थे जुन कुरा पालि जातकहरूमा पनि स्पष्टसँग बताइएको हुन्छ । यी बुद्धले पिपल (बोधिवृक्ष) को मुनि बसेर

बोधिप्राप्त गरेका थिए भने अरूले जम्बूद्वीपमा विभिन्न स्थानहरूमा सालको रूख, शिरीषको रूख आदिमा बोधि प्राप्त गरेका थिए। तैपनि एउटा कुरा सजिलैसँग देख्न सकिन्छ कि जन्मेपछि सबै बुद्धहरूले उस्तै आधारभूत ढाँचाबाट नाटक गर्नुपर्छ जस्तै माथि बताइएका कुरा, भूकम्प, बोधि, परिनिर्वाण आदि सबै बुद्धका साझा कुरा हुन्। यी तथ्यहरूलाई दृष्टिगत गर्दा महायान व्याख्या प्रणालीले शाक्यमुनि बुद्धको जीवनलाई बुद्धको 'लीला' या 'तथागतचर्या' भन्नु थेरवाद व्याख्या प्रणालीको पृथग्जन-विचार भन्दा बढी तार्किक देखिन्छ।

जसरी यो जीवन-नाटकको अन्तिम अङ्कका रूपमा च्युति चित्त भन्दा अगाडिका क्षणहरू आउँछन् जुन अगाडि गरेका कर्महरूको पुनरावलोकन र परिणाम पनि हो र त्यो जीवनभरिको परिणामको प्रदर्शन (playing out) हो त्यस्तै जम्बूद्वीपमा तथागतको अन्तिम जीवन पनि तीन असंख्य कल्प नाटकको अन्तिम अङ्क हुनुपर्‍यो। यसरी हेर्दा त्यो जीवन तीन असंख्य कल्पको परिणामको अन्तिम अङ्क प्रदर्शन मात्र हुने भयो। च्युति-चित्त-क्षणभन्दा अगाडि जस्तै यस्तो अन्तिम अङ्कमा तीन असंख्य कल्पसम्मका सारहरूको प्रदर्शन हुनुपर्‍यो। अर्थात् उहाँले पृथग्जन भएको, जिज्ञासा उत्पन्न भएको, दर्शन मार्ग आदि आर्यका तहहरूबाट बुद्धता सम्म पुगेको अभिनयबाट जानुपर्‍यो। यही नै अभिनय प्रदर्शन या लीला हो।

तर लीलाका त धेरै अर्थहरू छन् -१) वाहना गर्नु, २) खेलका निमित्त विष्णुले अवतार लिनु, ३) खेल आदि। परन्तु तथागतचर्यामा यी कुनै अर्थले पनि मतलब दिँदैनन्। यो लीलाको एक मात्र सही मिल्ने अर्थ त तीन असंख्य-कल्प-नाटकको अन्तिम अङ्क स्वाभाविक रूपले प्रदर्शन गर्नु नै हुन आउँछ। यो त वाहना पनि होइन, या खेल पनि होइन या विष्णुको जस्तो लीला गर्न झरेको अवतार पनि होइन। बरू ती असंख्य-कल्प नाटकको अन्तिम परिणामी अंक हो।

यही अर्थमा नै प्रत्येक तथागतले तथागतचर्या गरेका हुन्छन् जुन

उनीहरूको तुषित-अवतरण देखि परिनिर्वाणसम्मको भाग हो। प्रत्येक तथागतका जीवन कथाहरू भिन्दा भिन्दै हुन्छन् र उनीहरू पनि बेग्ला बेग्लै नै हुन् तापनि नाटकको अंगीभूत लक्षण (motif) र नाटकको आधारभूत ढाँचाहरू सबै तथागतका उस्तै नै हुन्छन्। यदि यो हिसाबले बुझ्ने हो भने थेरवादी व्याख्या प्रणालीको "उहाँ पहिले पृथग्जन हुनुहुन्थ्यो र बोधगयामा मात्र स्रोतापन्न हुनुभएको थियो" भन्ने धारणा र महायानको "त्यो लीला मात्र थियो" भन्ने धारणाहरूमा एकीकरण (integration = समायोजन) भएर आपसमा कुनै विरोध नभएरै एउटा परिपूर्ण तस्वीर दिन सक्छ।

जसरी मानिस मर्दाखेरि पहिलेको सारा कुरा अनुभव गर्नु उसको वाहना (लीला) पनि होइन र उसले खेल्ने खेल (लीला) पनि होइन, तैपनि फेरि यो उसले त्यतिवेला साँच्चिकै घटना घटेर अनुभव गरेको पनि होइन बरू पुनरभिनय (re-inactment) मात्र हो। त्यसैगरी तथागतले गरेको पनि त्यस्तै लीला हो किनकि यो पनि कामधातुमा उहाँको अन्तिम जीवन थियो जहाँ उहाँले त्रि-असंख्य-कल्प-नाटक शुरु गर्नुभएको थियो।

अब तथागतको जीवनी तिरै लागौं। महासत्वले त्यसवेला भारत वर्षमा प्रख्यात भएका सबै जसो विधि र तरिकाहरूबाट प्रयास गर्नुभयो। उहाँ नैवसंज्ञानासंज्ञायतन समाधिको उच्च तहसम्म पनि पुग्न सफल हुनुभयो जहाँ केवल चिन्मात्र याने विज्ञान सन्नति मात्र रहेको हुन्छ, उहाँले षण्मुखि मुद्राबाट कपालभाति पनि प्राप्त गर्नुभयो। आज पनि यी कुराहरू हिन्दू र जैन साधुहरूका अन्तिम लक्ष्य मानिन्छन्।

उहाँले गोवर मात्र खाने, खाना घटाउँदै गएर निराहारमै पुग्ने, लामो सयमसम्म एक मुद्रा(आसन) मै बसिराख्ने जस्ता अति कठोर ब्रतहरू पनि अपनाउनु भयो। यी ब्रत या यस्तै अरू अभ्यासहरू आजसम्म पनि हिन्दू र जैन साधुहरूले बोध प्राप्तिको बाटो भनी अभ्यास गर्दैछन्। उहाँ यति दुब्लो हुनुभएको थियो कि यहाँको सुनौलो छाला डरलाग्दो भैसकेको थियो, उहाँका करङ्गहरू पूरै बाहिर देखिन्थे, उहाँका आँखाहरू यति भित्र

गढेका थिए कि ती गहिरो इनारमा ताराको प्रतिबिम्ब चम्के झैं देखिन्थे। उहाँको भौतिक शरीर यति बदलिसकेको थियो कि कोही केटाकेटीहरूले उहाँलाई भूत-प्रेत भन्ने ठानेर ढुङ्गा मुढाले पनि हिर्काए। अन्तमा उहाँ मुर्छा पनि पर्नुभयो र बिउँझेपछि उहाँलाई महसुस भयो कि यो त बोधिको मार्ग होइन।

उहाँले सम्झिनुभयो कि कसरी उहाँ बच्चैमा पनि चतुर्थ ध्यानसम्म पस्नुभएको थियो। यस्ता अभ्यास गर्न त शक्ति चाहिन्छ परन्तु उहाँ त पूरै सिद्धिसक्नुभएको थियो। अन्तमा उहाँले विस्तारै झोल पदार्थबाट क्रमशः आहार ग्रहण गर्दै जानुभयो र देवताहरूले पनि गर्न तयार हुने यी विधिहरूलाई त्यागिदिनुभयो। अब उहाँलाई नाटकको अन्तिम भागमा जानको लागि आफ्नो नियत रूखको घटनामा जान दह्रो भोजनको आवश्यकता थियो।

सुजाताले वनदेवतालाई भाकल गरेका फलस्वरूप छोरा पाइसकेपछि आफ्नो सेविका पूर्णाका साथमा सुनको कचौरामा पायस (खीर) लिएर ती वनदेवतालाई चढाउन भनेर त्यही रूखमा आइन्। त्यो रूखमुनि ध्यानमा बसेका सिद्धार्थलाई उनीहरूले देखेपछि यहाँ त साँच्चिकै वनदेवता प्रकट भएका रहेछन् भनेर त्यो पायस सिद्धार्थलाई नै अर्पण गरे। त्यो बैशाख पूर्णिमाको दिन थियो। दुइटा अवसरमा दिएको भोजनदान अपरिमित पुण्य जम्मा गर्ने 'महादान' हुनपुग्छ :-

१) यदि बुद्धको सम्यक्सम्बोधि प्राप्त हुने बेलाको भोजनदान हो भने अर्थात् त्यो भोजनको बलले सम्यक् सम्बुद्धता प्राप्त गराउने रहेछ भने अथवा महासत्वले तथागत हुनुभन्दा अगाडि ग्रहण गर्ने अन्तिम भोजनदान।

२) तथागत परिनिर्वाणमा जानुभन्दा अघिको अन्तिम भोजन।

महासत्वलाई अन्तिम भोजन दिने सुजाता अति भाग्यमानी थिइन् जो सिद्धार्थले महासत्व बोधिसत्वको रूपमा ग्रहण गर्ने अन्तिम भोजन थियो। महासत्व बोधिसत्वले सात

हप्तासम्म कुनै ठोस भोजन ग्रहण गर्नुभएको थिएन र नुहाइ धुवाइ पनि गर्नुभएको थिएन। त्यसैले उहाँले ७ हप्ता (४९ दिन) पछि मात्र सर्वप्रथम ठोस भोजन ग्रहण गर्नुभयो जुन भोजन उहाँको महासत्व बोधिसत्वको रूपमा अन्तिम भोजन थियो।

त्यसपछि जहाँ सुजाताले दिएको त्यो सुनको कचौरा लगेर स्नान गर्न नैरञ्जना नदीमा जानुभयो। उहाँले पहिले नै ती पाँचवटा पूर्व सूचक सपनाहरू (premoniting dreams) देख्नुभएको थियो। उहाँले मैले साँच्चिकै सम्यक् सम्बोधि प्राप्त गर्न सक्छु कि सक्दिन भन्ने विचार गर्न त्यो सुनको कचौरालाई नदीमा फ्याँकिदिनु भयो। त्यसवेला उहाँले सङ्कल्प गर्नुभयो कि, "यदि मैले साँच्चिकै सम्यक् सम्बोधि प्राप्त गर्ने रहेछु भने त्यो कचौरा पानीको धारसँगै तल बग्नुको सट्टा माथितिर जाओस्। यदि यो तलैतिर सामान्य हिसाबले गयो भने मेरो बोधि प्राप्त हुने बेला भएको रहनेछ।"

त्यो कचौरा प्रतिस्रोतगामी भएर माथितिर गयो र डुब्यो अनि नागलोकको किनारमा पुग्यो। यहाँ पनि हामीले उहाँको मानव भावना (human sentiment) को ज्यादै नजिकको कुरा पाउँछौं - "के मैले आज साँच्चिकै सम्बोधि प्राप्त गर्न सकुँला या नसकुँला ?" जुन अतुलनीय प्रातिहार्यसँगै जोडिएको छ।

ती प्रातिहार्यहरू यस्ता थए: -१) पाँचवटा असाधारण प्रतिभासहरू (vision), २) महासत्वले त्यस दिन राति सम्यक्सम्बोधि प्राप्त गरिन्छ भन्ने कुराको पक्का पक्की थाहा पाउनु, ३) सुनको कचौरा नदीमा माथितिर जानु, ४) कचौरा नागलोकमा पुग्नु आदि। बेलुकी पख उहाँ फर्के पहिले नै थाहा पाएको जस्तो गरी आफ्नो बोधिबृक्षतिर आउनु भयो। यो बोधिवृक्षको बीज पनि उहाँ जन्मेकै वेलामा अङ्कुरित भएको थियो र उहाँकै उमेरको थियो याने २९+६=३५ वर्षको थियो। यहाँ पनि उहाँले त्यो रूखलाई पहिले नै चिनेको जस्तो देखिन्छ किनकि त्यो जहाँ थियो, सीधै त्यतैतिर पूर्ण

दृढ विश्वासका साथ जानुभएको थियो (यो पनि प्रत्येक तथागतले गर्ने कुरा हो, त्यसैले यो पनि तथागतको लीला हो) बोधिवृक्षतिर जाने वेलामा उहाँले बाटामा एउटा घाँस काट्ने ब्राह्मण स्वस्तिकलाई भेट्नुभयो। उनीसँग अलिकति कुश माग्नुभयो र स्वस्तिकले पनि उहाँलाई आठ मुठा कुश दिए। तिनीहरू १४ हात लामा थिए।

उहाँले त्यो वृक्षलाई घुम्नुभयो, परन्तु पूजा गर्नलाई नभएर उहाँको बोधिको निमित्त आसन भेटेकोमा धन्यवाद स्वरूप परिक्रमा गर्नुभएको थियो। यही दृष्टिकोणको प्रवृत्ति नै पछि बौद्ध संस्कृति बनेको छ, जहाँ गद्दीमा बस्नुभन्दा अघि त्यो गद्दीलाई प्रणाम गरिन्छ। जेनमा पनि आफ्नो आसनीलाई ढोग्नुपर्छ। तिब्बती परम्परामा पनि गद्दीधारीले आफ्नो गद्दीमा बस्नुभन्दा अघि गद्दीलाई प्रणाम गर्नुपर्छ, इत्यादि। आसनमा बसेपछि उहाँले आफ्नो लक्ष्य प्राप्ति नगरेसम्म यो आसनबाट उठ्ने छैन भन्ने प्रतिज्ञा गर्नुभयो। ललितविस्तरले यस्तो भन्छ -

**इहासने सुष्यतु मे शरीरं, त्वगस्थिमांसं प्रलयं च यातु ॥**
**अप्राप्य बोधिं बहुकल्पदुर्लभां, नैवासनात् कायमतश्चलिष्यते ॥**

(ललितविस्तर ९१७)

अनि पछि फेरि मारले महासत्वलाई बिथोल्ने प्रयास गऱ्यो। उसले रूख र घाँसहरू उखेल्ने किसिमको भयङ्कर आँधिवेरी सिर्जना गऱ्यो। परन्तु उसले महासत्वको चीवरको कीनारा समेतलाई हल्लाउन सकेन। त्यसपछि उसले फेरि पानी, ढुङ्गा, मुढा, प्राणघाटक हतियारहरू, आगो, खरानी, बालुवा र माटोको भयङ्कर वृष्टिपात गरायो, परन्तु ती सबै महासत्वकहाँ खस्दाखेरि पूजा गरेझैं फूलको रूपमा परिणत भएर खसे। त्यसपछि मारले चारैतिर अत्यन्त अन्धकार पैदा गऱ्यो र आफ्ना सेनाहरूलाई प्राणघातक शस्त्रअस्त्र लिएर महासत्वलाई आक्रमण गर्न भनी आदेश दियो। उता आफू स्वयं पनि चक्र लिएर प्रहार गर्न आयो। परन्तु महासत्व बोधिसत्वमा त्यसको कुनै पनि प्रभाव परेन।

त्यसपछि मारले अर्को तरिका अपनायो। उसले "देवदत्तले शाक्यहरूलाई दमन गरेर कपिलवस्तुमा शासन गर्न थाल्यो भन्ने खबर महासत्वलाई सुनायो।" परन्तु त्यसबाट पनि उहाँमाथि कुनै प्रभाव परेन। त्यसपछि फरि उसले यशोधरा र अन्य रानी मृगदजा, गोपालको रूप धारण गरेर देखा पऱ्यो, तैपनि महसत्वलाई केही फरक परेन।

अनि उसले अत्यन्त सुन्दरी अप्सराहरूलाई आफ्नी छोरी रती, अरती र तृष्णाका साथमा पठायो। उनीहरू थुप्रै हाउ भाउ कटाक्षसहितका मुद्राहरूमा आफ्नो शरीरलाई देखाउन थाले। तिनीहरू मध्येकोही १३ देखि १६ वर्ष सम्मका थिए, कोही २०/२५ वर्षका थिए, कोही ३०/३५ वर्षका थिए आदि। उसको आशामा यति भए त महासत्वले चाहने खालको कोही न कोही त पर्लान् भन्ने थियो। तर यो चाल पनि केही काम लागेन। महासत्व कत्ति पनि विचलित हुनुभएन।

अन्तमा आएर मारले महासत्वलाई त्यो आसनमा बस्ने अधिकार छैन भनेर आपत्ति जनायो। त्यसपछि भूदेवी (पृथ्वीमाता) प्रकट भएर उहाँको लक्ष पूरा हुनै लागेको प्रमाण बनिन्। शाक्यमुनिको मूर्तिमा भूमिस्पर्श मुद्राको महत्व यही नै थियो। मारसेनाहरू उहाँको सामु हार खाएर पराजित भई फर्के। अन्धकार पूरै हट्यो र पूर्णचन्द्रमा देखा पऱ्यो। महासत्व बोधिसत्व ध्यानमै डुब्नुभएको थियो। उहाँ प्रथम ध्यान-द्वितीय ध्यान-तृतीय ध्यान हुँदै चतुर्थ ध्यानसम्म पुग्नुभयो।

कोही व्यक्तिहरू बढी तर्कवादी (over-rational), बढी रेखीय (over linear) बनेर मार या प्रातिहार्यसँग सम्बन्धित यस्तै कुरालाई मूल्याङ्कन गर्न खोज्छन्। उनीहरू सामान्य जनजीवनका दैनिक घटनाहरूसँग मेल नखाने खालका कुनै पनि कुराहरूलाई स्वीकार नगर्न र कुनै पनि परम्पराका सिद्ध, योगी आदिका जीवनीहरूमा भेटिने त्यस्ता खालका कुराहरूलाई बढी सरलीकरण (over-simplified) गरेर व्याख्या दिनमा आफूलाई वैज्ञानिक किसिमले हेर्ने भएको विश्वास गर्छन्।

यी रेखीय छद्मवैज्ञानिक (नक्कली वैज्ञानिक -linear pseudo-

scientists), जसले सामान्यतया साँच्चिकै वैज्ञानिक शिक्षा ग्रहण गरेका पनि हुँदैनन्, यिनीहरूका अनुसार मारको बारेमा दुई किसिमका व्याख्याहरू पाइन्छन् । १) मार भनेको केवल आफ्नै चित्त हो र संघर्ष पूरै आफ्नो मनमा नै भएको थियो । २) यिनीहरू पछाडिका अन्धभक्त अनुयायीहरूले कथामा जोड जाड गरिएका कुरा हुन् ।

वास्तवमा आधुनिक मानवशास्त्रले यस्ता कथाहरूलाई स्तुत्यभिलेखको दर्जामा राखेको छ। परन्तु यहाँ पनि मानवशास्त्रले बढी रेखीय मूल्याङ्कन (linear evaluation) तिर मात्र झरेको प्रवृत्ति देखाउँछ। सामान्य किसिमको सोझो सोचाइसँग र सामान्य दैनिक जीवनसँग नमिल्ने खालका कुराहरू जे जति छन् ती सबै पछाडिका परमभक्तहरूले थप-थाप गरेका कुरा हुनुपर्छ भन्ने धारणाले स्तुत्यभिलेखको धारणामाथि प्रभुत्व जमाएको छ। यदि त्यस्तो सही भएको भए त सामान्य दैनिक जीवनका अनुभूतिहरूबाट पर पुगेको मानिस कोही पनि कहिल्यै पनि भएकै छैन, दैनिक जन-जीवनमा अनुभव नगरिने कुनै पनि कुराहरूको कसैले पनि अनुभव गरेकै छैन, सीधासाधा (linear) सोचाइबाट समात्न नसकिने कुनै पनि अनुभूति कसैलाई पनि भएकै छैन भन्नुपर्‍यो। अर्थात् छोटकरीमा भन्दाखेरि, सिद्ध, तथागत, सूफीहरू, ऋषि आदि कोही पनि वास्तवमा थिएनन् । ती सबै सामान्य मानिस हुन् जसले दालभात खाए, हगे, अरू झैं सुते इत्यादि र त्यहाँभन्दा बढी कुराहरू सबै पछाडीका कट्टरपन्थी भक्तहरूले थपेका या लेखेका हुन् ! हदै भएको भए उनीहरू धेरै करिश्मायुक्त या बुद्धिमान् थिए र सामान्य मानिसले भन्दा यिनले धेरै जनालाई प्रभावित पार्न सकेका थिए ।

अँ, हामीले यस्तो सीधा सोचाइलाई मञ्जुर गर्न सक्दैनौं यद्यपि आज यिनीहरूलाई विज्ञान (science) भन्ने नाम दिइएको छ । आखिरमा विज्ञान (science) को रूपतालिका (paradigm) पनि परिवर्तन भइरहन्छ जस्तो कि कोरा विज्ञान भौतिक शास्त्र, रासायन शास्त्र, जैव-भैषज्य आदिले आज देखाइरहेका छन् । जेलाई पहिले केवल अलौकिक (mystical) या

मिथकीय (mythical) भनिन्थ्यो, त्यो आज आएर वैज्ञानिक रूपमा प्रमाणित भैसकेको भनेर स्वीकार गरिसकिएको छ।

जस्तै उदाहरणको लागि holoverse, hologram आदि। यसमा के भनिन्छ भने अवलोकन गर्नेवाला (observer), अवलोकन गरिने कुरा (observed) र अवलोकनको साधन (observing instrument) हरू सबै पूर्ण अविभाज्य (individsible) कुराका आपसमा सम्बन्धित प्रक्रिया हुन्। त्यो पूर्ण कुरा नै holoverse हो (अर्थात् अविभाज्य पूर्ण संसार)। पचास वर्षजति अघि मात्रै पनि विश्वको यस्तो प्रारूप (model) लाई केवल काव्यात्मक या अलौकिक मात्र ठानिन्थ्यो र वैज्ञानिक मानिँदैन थियो। आज आइन्स्टाइनकै सहकर्मी विश्वकै उत्कृष्ट वैज्ञानिक डेविड बोमले यो प्रस्ताव राखेका छन् र लेजर बीमहरू प्रयोग गरेर र होलोग्राफ भन्ने एक प्रकारको तस्वीरका आधारमा यो सिद्धातलाई वैज्ञानिक रूपबाटै प्रमाणित गरिएको छ।

यसैगरी जब युवा मावनशास्त्र विकसित हुँदै जान्छ, तब यहाँ पनि रूपतालिकामा परिवर्तन हुन्छ र मावन अनुभूतिका आजसम्म स्तुत्यभिलेख भनेर छुट्याइएका धेरै पक्षहरूलाई वास्तविक रहेछन् भनेर स्वीकार्नेछ भन्ने हाम्रो विश्वास छ। ध्यानीको नाताले हामीहरू सबैलाई थाहा छ कि प्रातिहार्य र ऋद्धि-सिद्धिहरू वास्तविक नै हुन् र पछिका भक्तहरूका परिकल्पना होइनन्। ध्यानी भएको नाताले हामीलाई थाहा छ कि सत्यको खोजीमा लाग्ने ध्यानीहरूलाई चार प्रकारका मारहरूले विथोल्छन् -

१) **स्कन्ध मार**-यो हाम्रै पाँच स्कन्धहरूको अवस्था हो जसले हामीलाई अभ्यास गर्नमा बाधा पुऱ्याउँछ या जति चाहन्छौं त्यति अभ्यास गर्न दिँदैन। आफ्नो कर्मको विपाकस्वरूप हाम्रो शरीर रोगी हुनसक्छ, यसले कसिएर अभ्यास गर्नबाट रोक्न सक्छ या जति गर्न चाहन्छौं त्यति गर्नमा बाधा पुऱ्याइरहन सक्छ। स्कन्धमारभित्र हाम्रा आर्थिक र सामाजिक कारणहरू पनि पर्छन् जसले हामीलाई धर्म

अभ्यास गर्नबाट रोकिराख्छन् ।

२) **क्लेश मार** - यो कुविचार आउने, भावनात्मक गाँठोमा (emotional knots) अल्भिने आदि कुरा हुन् जसले अन्योल पैदा गरिरहन्छन् र हाम्रो मार्गमा बाधा हालिदिन्छन् । सबै मार भनेका केवल रूपक मात्र हुन् (metaphoric) भन्ने बढी तर्कवादी धारणाहरूको मार पनि यही प्रकारको मार मात्रै हो जसले हाम्रो आफ्नै चित्तमा भएको भित्री क्लेशको सङ्केत गर्दछ, अर्थात् संक्षेपमा भन्दा हामीलाई अभ्यास गर्नमा बाधा पारिराखेका जुनसुकै क्लेशहरू स्वयं नै क्लेशमार हुन् ।

३) **मृत्यु मार**- मृत्यु मार भनेको मृत्यु स्वयं नै हो जसले हामीलाई मार्गमा व्यवधान गरिदिन्छ । यो मार हाम्रो कर्मसँग पनि ज्यादै नै सम्बन्धित छ । यदि एक पटक मरिसकियो भने फेरि हामी मानिस नै भएर जन्मौंला भन्न ज्यादै नै मुश्किल छ, र जन्मिहालियो भने पनि मार्ग सिकाइने प्रदेशमा जन्मिन भन् मुश्किल हुन्छ भने त्यसमा पनि सद्गुरूसँग भेट हुन्छ कि हुँदैन भन्ने कुराको कुनै पनि निश्चितता हुँदैन ।

हामीले पहिले नै देखिसकेका छौं कि तान्त्रिक साधकका निमित्त भने यदि उनीहरूको समय शुद्ध छ भने यही शुद्ध समयले उसले जति सक्यो उति चाँडै नै आफ्नो गुरू या सद्गुरूलाई भेट्दछ भन्ने निश्चित गर्दछ । परन्तु यसको विपरीत पनि निश्चित नै गर्छ नि फेरि ! यदि समय राम्रोसँग शुद्ध राख्न सकिएन भने यस्ता साधकहरूलाई फेरि सद्गुरू भेट्ने मौका एक सामान्य व्यक्तिलाई भन्दा ज्यादै नै कम हुन्छ । यदि तपाईंले तान्त्रिक मूलापत्तिहरूलाई नै तोड्नुभयो र आफ्नो निजी व्यक्तिगत ढीठ धारणाले

गर्दा त्यसको शोधन गर्नुभएको छैन भने तपाईंले गरिरहेका अभ्यासले तपाईंलाई कुनै पनि फल नदिने मात्र होइन अपितु उल्टो फल मात्र दिइरहन्छन् र तपाईं पनि सीधै सबभन्दा तल्लो अवीचि नरकमा जानुहुन्छ। अवीचिलाई वज्रयानमा वज्रनरक भनिन्छ किनकि वज्रयानका साधकहरूले मूल तान्त्रिक समय तोडे भने मरिसकेपछि जाने ठाउँ नै त्यही हो।

यो मनमा राखिराख्नु राम्रो हुन्छ कि यदि आफ्नो गुरूसँग प्रति देशना (confess) गरियो भने या गुरूले भने अनुसार गरियो भने सबै किसिमका समस्याहरूको त्रुटिको शोधन हुन्छ। शोधनै हुन नसक्ने समयत्रुटिहरू कुनै पनि हुँदैनन्। परन्तु शोधन गर्न जति लामो समय लगाइयो उति नै गाह्रो भएर जान्छ। यदि तपाईं मानव भएर जन्मनुभयो भने पनि साना तिना सबै समय त्रुटिहरू तपाईंका क्लेश मार बनेर रहन्छन् र त्यहाँ तपाईंलाई मार्गमा अघि बढ्न दिँदैनन्।

४) **देवपुत्र मार** - देवपुत्र मार र उसका गणहरू भनेका कामधातुको सबभन्दा माथिल्लो लोकमा बस्ने शक्तिशाली देवताहरू नै हुन्। उनीहरू परनिर्मितवशवर्ती देवलोकको एक कुनामा बसेका हुन्छन्। उनीहरू विद्रोही सिपाहीहरू (renegade) जस्तै हुन्। तिनीहरू हाम्रो आफ्नै चित्त होइनन् या केवल रूपक मात्र पनि होइनन्। ती त साँच्चिकै सत्व नै हुन्। अझ सही तरिकाले भन्ने हो भने देवताहरू हुन्।

त्यसको अलावा कामधातु र रूपधातु दुबैका थुप्रै यक्ष-यक्षिणी, असुर, देवता, डाक र डाकिनीहरू हुन्छन् जसले बुद्ध धर्मको प्रचार-प्रसार भएको या गरिएको रूचाउँदैनन्। उनीहरूले सत्वलाई आफूभन्दा शक्तिशाली

बनेको या उनीहरूको नियन्त्रण क्षेत्रबाट बाहिर निस्केको रूचाउँदैनन् । बज्रासनमा महासत्व बोधिसत्वलाई बाधा गर्न आएको मार यही वर्गको मार हो। निश्चय पनि अत्यधिक सीधा-साधा-सोचाइ (excessive linear thinking) भएका उपबुज्रुकहरूले व्याख्या गर्न खोजेजस्तो चित्तभित्रै भएको द्वन्दको रूपकालङ्काको अभिव्यक्ति (metaphoric expression) होइन ।

शास्ता स्वयंले नै यस्तो प्रकारको मारको अस्तित्वको बारेमा थेरवाद पालि ग्रन्थ अंगुत्तर निकायमा स्पष्टसँग बताउनुभएको छ। यदि यस्तो मारको वर्ग केवल आलङ्कारिक (motohporic) भएको भए र वास्तविक नभएको भए त अरू सबै देवता र उनीहरूको देवलोक पनि आलङ्कारिक नै हुन् र चित्तकै पक्ष मात्र हुन् भन्नुपर्‍यो । त्यस अवस्थामा पुनर्जन्म र कर्म भनेका पनि आलङ्कारिक नै हुन पुग्छन् र केवल आफ्नै मनका उपज मात्र हुन पुग्छन् । अनि त भिक्षु सुमेधको त्रि-असंख्य कल्पको अभ्यासमा देव, मनुष्य आदि भएको भन्ने कुरा पनि आलङ्कारिक हुने भयो। तुषित र त्यहाँबाट मायादेवीको कोखमा आर्लेको भन्ने पनि आलङ्कारिक मात्र भयो र साँच्चिकै भएन। त्यसोभए जन्म, गृहपरित्याग, बोधि, परिनिर्वाण पनि आलङ्कारिक हुन् भने पनि कति फरक पर्ला र ?

त्यस्तो हुनाले अर्थ निकाल्नलाई पनि सीधा हिसाबले व्याख्या गर्नुपर्‍यो । अतः अन्तमा आएर सिद्धार्थको तथागतत्व, बुद्धत्व पनि केवल आलङ्कारिक हुन जानेछ र वास्तवमा उनी त तपाईं हामी जस्तै एक सामान्य मात्रै थिए भन्नुपर्नेछ। यस्तो सोझो व्याख्या प्रणालीका अनुसार निश्चय पनि उनी बढी भए महामानव थिए र त्यो भन्दा बढी केही थिएनन् । बुद्ध, तथागत भन्ने त सबै आलङ्कारिक कुरा मात्र हुन् । पालि र संस्कृत सूत्रहरूमा लेखिएका जे जति कुराहरू यस्तो सीधा-सोझो-व्याख्या (linear interpretation) प्रणालीसँग मिल्दैनन् ती सबै स्तुत्यभिलेख हुन् । त्रिरत्नशरणम् !

हामी ध्यानीहरूले विश्वास गर्छौं कि यहाँ पूरै त्यस्तो आयाम पनि छ जसलाई विश्लेषणको सीधा तरिकाले छुन पनि सक्दैन तर पनि त्यो उत्तिकै

वास्तविक हो जत्ति यो दाल - भात र हग्ने, मुत्ने हो । त्यो उत्तिकै मानविय पनि हो र मानसिक अन्तर्द्वन्द्व र सीधा हिसावले बुझिने कुराहरू जत्तिकै मानवीय वास्तविकताको भाग पनि हो । अझ भन्ने हो भने त वास्तविकतालाई सोझो ढाँचामा (linear framework) मिलाउनलाई तोड मरोड गरेजस्तो कुनै पनि प्रकारले नबिगारिकन यसलाई जस्ताको तस्तै पूर्ण रूपले बुझ्नको लागि यो सोझो रेखीय विचारको शैली नै अपर्याप्त छ । भौतिक शास्त्र, रसायन शास्त्र जस्ता शुद्ध विज्ञानहरूले पनि यो कुरा महसुस गर्न थालिसके । त्यसो हुनाले हामीले आधुनिक वैज्ञानिक धारणा अपनाउने वाहना गर्न र जीवन र जगत्का जुनसुकै घटनाहरूमा पनि रेखीय विश्लेषणलाई होलसेलमै प्रयोग गर्न सक्दैनौं । विशेष गरेर देव, देवलोक, तथागत, बोधि र तथागतका जीवनका घटनाहरूलाई हेर्ने सम्बन्धमा यो बढी सत्य हुन आउँछ ।

यो वर्गको मारले महासत्वलाई मात्र बाधा गरेको होइन, आजसम्म पनि सम्यक् मार्गमा जानेहरूलाई बाधा गर्दैछ । मिथ्या मार्गमा लाग्नेहरूलाई यसले त्यति धेरै बाधा गर्दैन किनकि ती मार्गले उनीहरूलाई त्यो मारको पकडबाट बाहिर निकाल्न या मुक्त गराउन सक्दैनन् । वास्तवमा यस्ता मिथ्या मार्गहरूले संसारलाई नै चालू राखिराख्ने भएकोले सत्वहरूलाई ती मारको नियन्त्रणमै राखिराख्छन् । त्यसो हुनाले यस्ता मिथ्या मार्गीहरूलाई मार सहयोगी बनेर आउन पनि सक्छ । यो मार भनेको देवता नै भएको हुनाले सामान्य पृथग्जनहरूलाई आफूले देखेको प्रतिभास (vision) आदि आफ्नो गुरू या आफ्नो मन पर्ने इष्टदेवको रूपमा मार नै देखा परेको हो कि साँच्चिकै सम्यक् मार्गको गुरू नै देखा परेको हो भन्ने छुट्याउन धेरै कठिन हुन्छ । मारले आफ्नो हितका निमित्त उपयोगमा ल्याउने कुराको मूल सार नै यही हो ।

मारले तपाईंको गुरूको रूप पनि धारण गर्न सक्छ या कुनै अरू देवहरूको रूप धारण गर्न पनि सक्छ र तपाईंलाई मिथ्या उपदेश दिन सक्छ जसले तपाईंलाई मार्गबाट बाहिर निकालिदिन्छ भन्ने कुरा याद गरिराख्नु होला । यो कुरामा प्रत्येक प्रतिभासी व्यक्ति (visionary type) हरू सतर्क

र होशियार हुनुपर्छ। त्यही भएर प्रतिभासमा दिइएका दृष्य, उपदेश र शिक्षाहरूलाई जहिले पनि आधिकारिक परम्परा-गुरूबाट पक्का गराउनै पर्ने हुन्छ। मनमा राखिराख्नुहोस् कि तपाईंको प्रतिभासमा जतिसुकै गम्भीर लाग्ने उपदेश दिएको भए पनि त्यो मार पनि हुन सक्छ। भर्खर शुरु गर्नेहरूलाई झन् यो मार हुने सम्भावना बढी नै हुन्छ। त्यसकारण जतिसुकै शक्तिशाली प्रतिभास भए पनि आफ्नो गुरूसँग प्रमाणित गराउनुपर्ने चलन र शिक्षा वज्रयानको अत्यन्त महत्वपूर्ण पक्ष हो। मार ज्यादै नै चतुरो हुन्छ र केही कालको लागि सम्यक् उपदेशसँग मिल्ने कुराले तपाईंको विश्वास जित्न पनि सक्छ र यदि एक पटक तपाईंको विश्वास जित्न सक्यो भने विस्तारै तपाईंलाई सही गुरू र परम्पराबाट छुट्याएर पथभ्रष्ट पारिदिन सक्छ। त्यसकारण होश राख्नुहोला।

**ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत्।**

**तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः**

**वातुल वासल वज्र**

**नेपाली अनुवाद - नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**

## बोधिपुष्पाञ्जलि-१९

### त्रि-रत्न शरणम्
### नमो अमिताभाय बुद्धाय

इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति

हामी अझै पनि विचिकित्सामै छौं, जुन कामधातुमा पूर्णरूपमा पाइने दश संयोजनमध्ये एक हो। यसकै भागको रूपमा हामी तथागतको कथाको बारेमा पनि बताइरहेका छौं, जसबाट तथागत को हो र के हो भन्ने पनि बुझियोस् र उहाँबाट अङ्कुरित भएको परम्पराको मतलब पनि जानियोस्। हामी तथागतको जीवनको सबभन्दा महत्वपूर्ण क्षण याने 'बोधिप्राप्ति' मा आइपुगेका छौं। अझ सही तरीकाले भन्ने हो भने वज्रासनमा बुद्धता प्राप्तिको पुनश्चर्याभिनय (re-enactment) को कुरामा आइपुगेका छौं। कथा शुरु गर्नुभन्दा अघि हामी वीथिको बारेमा अलि विस्तारमा जानेछौं। मलाई आशा छ कि तपाईंहरूले अघिल्लो महिनाको वीथिको राम्रोसँग अध्ययन गर्नुभएको होला। यदि गर्नुभएको छैन भने आजको वीथिको विषय बुझ्नलाई अलि गाह्रो हुन्छ, मलाई माफ गर्नुहोला।

हामीले भनेका थियौं कि वीथि भनेको एउटा आलम्बनसँग सम्बन्धित विज्ञानको धारा हो र त्यो एक रूपक्षण याने १७ चित्तक्षणसम्म रहन्छ। वास्तवमा वीथि भनेको आलम्बनले क्रियाशील बनाएको चित्त स्वयंकै प्रवाह हो। यदि आलम्बन रूप/शब्द/गन्ध/रस/स्प्रष्टव्य हुन् भने एउटा पूर्ण वीथि १७ चित्त क्षण याने एक रूपक्षणसम्म रहन्छ जुन एउटा पूर्ण वीथि पूरा हुँदासम्म सम्पर्कमा आउने रूप-एकाईको आयु हो। हामीले पछि देख्नेछौं कि मनोद्वारवीथि भनेका अलि केही फरक ढंगका वीथि हुन् किनकि मनोद्वारमा स्पर्श हुने रूप स्वयं होइन, त्यो त रूपालम्बनको र अन्य चैत्तहरूको स्मृति प्रतिबिम्बित हुने मात्र हो। रूपालम्बनका यस्ता मानसिक आकृतिहरू पनि चैत्त नै हुन्।

हामीले पञ्चद्वारवीथिको अति महदालम्बन वीथिको बारेमा त

अघिल्लो महिनामा नै विस्तारमा अध्ययन गरिहाल्यौं। आलम्बन अत्यन्त स्पष्ट हुँदाखेरि यदि त्यहाँ अन्य बाधा-व्यवधान छैनन् भने सामान्य रूपमा 'देखिनु' भनेको यही हो। त्यसैले फेरि त्यसको बारेमा म विस्तारमा जान चाहन्न। तैपनि एक पटक फेरि सम्झनाका लागि अतिमहदालम्बन वीथिको तालिका दिएको छु।

अ चा उ 'प च सम् सन् व्य ज ज ज ज ज ज ज त त'

तपाईंहरूले देखिहाल्नुभयो होला कि प देखि त सम्म उद्धरण चिन्न दिइएको छ। यसले के जनाउँछ भने प देखि दोस्रो त सम्मका चित्तक्षण मात्र साँच्चिकै वीथिका भाग हुन्। किनकि अ भनेको अतीत भवाङ्ग हो, चा भनेको भवाङ्गकै चालन हो, उ भनेको पनि भवाङ्ग नष्ट हुने तीन क्षुद्र क्षण मात्र हुन्। त्यसैले यी तीनओटा चाहिँ भवाङ्ग सँगै सम्बन्धित भएका हुनाले वीथिको क्रियाशील चित्त होइन्। परन्तु रूप आलम्बनको स्पर्श त अ मै भैसकेको हुनाले रूपको आयु १७ चित्तक्षण वित्न अ चा उ यी तीनै चित्तक्षणहरू समेत गनिन्छन्।

अघिल्लो महिनामा हामीले भनेका थियौं कि वीथिहरू मूलतः दुई किसिमका हुन्छन्। १) पञ्चद्वारवीथि २) मनोद्वारवीथि। पञ्चद्वारवीथिलाई पञ्चविज्ञानवीथि पनि भनिन्छ भने मनोद्वारवीथिलाई मनोविज्ञानवीथि पनि भनिन्छ भनेका थियौं। पञ्चद्वार याने पञ्चविज्ञानवीथिहरू पाँच प्रकारका छन् भन्ने कुरा पनि बताइएको थियो। यी थिएः-

१) चक्षुर्द्वार/विज्ञान वीथि,
२) श्रोत्रद्वार/विज्ञान वीथि,
३) घ्राणद्वार/विज्ञान वीथि,
४) जिह्वाद्वार/विज्ञान वीथि,
५) कायद्वार/ विज्ञान वीथि।

यी पाँचको व्याख्या गर्नु आवश्यक छैन, किनकि यी स्पष्टै छन्। यी प्रत्येक वीथिहरू चार प्रकारका हुन्छन्। यिनको बारेमा हामीले पहिले नै बताइसकेका थियौं।

१) पहिलो अतिमहद् आलम्बन वीथि थियो । यसमा आलम्बन अत्यन्त स्पष्ट हुन्छ याने प्रकाश, चक्षुप्रसाद, स्वयं आलम्बन आदि सबै प्रबल हुन्छन् । सामान्य किसिमको हेराइ, सुनाइ, सुँघाइ, चखाइ, छुवाइ भनेको यही हो जहाँ हामीले स्पष्ट रूपमा ती क्रियाहरू गरेको अनुभव गर्दछौं । यो वीथिलाई गत महिनामा राम्रोसँग अध्ययन गऱ्यौं ।

२) दोस्रो प्रकारको पञ्चद्वारवीथि चाहिँ महदालम्बन वीथि हो । यो स्पष्ट आलम्बनसँग सम्बन्धित (अति स्पष्ट होइन) वीथि हो । यो पनि सामान्य अवस्थाको हेराइ, सुनाइ आदिसँग सम्बन्धित वीथि हो ।

३) परीत्त आलम्बन वीथि । यसमा आलम्बन त्यति स्पष्ट हुँदैन (प्रकाश आदि विभिन्न हेतु प्रत्ययले गर्दा) ।

४) अति परीत्तालम्बन वीथि । यसमा आलम्बन अत्यन्तै अस्पष्ट हुन्छ ।

आज हामी यी पछिल्ला तीनओटा पञ्चद्वार वीथिहरूको बारेमा विस्तारमा जानेछौं ।

सर्वप्रथम महदालम्बन वीथिलाई हेरौं । यदि १) रूपालम्बन, २) चक्षुः प्रसाद र ३) प्रकाश, यी तीनमध्ये कुनै एउटा कुरा पनि कमजोर छ भने त्यसवेलाको आलम्बन त्यस्तो अति स्पष्ट हुँदैन । त्यसवेला केवल महदालम्बन वीथि भनिन्छ । यस्ता महदालम्बन वीथिहरू पनि तीनओटा प्रत्ययहरू कति बलिया छन् या कति  कमजोर छन् भन्ने आधारमा दुई किसिमका हुन्छन् । त्यसमध्ये प्रथम महदालम्बन वीथि यस प्रकारको छ -

अ अ चा उ प च सम् सन् व्य ज ज ज ज ज ज ज ज पा

२ ओटा अतीत भवाङ्ग                    ७ ओटा जवन

अतिमहदालम्बनमा एउटै मात्र अ़ हुन्थ्यो जसको अर्थ आलम्बन अत्यन्तै स्पष्ट भएको हुनाले (तीनै प्रत्ययहरू बलिया) भवाङ्गलाई एक चित्तक्षण (अ़) मै जगाइदिहाल्यो र दोस्रो क्षणमै चालन हुन्थ्यो चा़ । परन्तु महदालम्बन वीथिमा एउटा प्रत्यय कमजोर हुने भएकोले भवाङ्गलाई जगाउनलाई नै चक्षुः प्रसादमा आलम्बनले स्पर्श गरेदेखि दुई क्षण लागिहाल्छ । फेरि सातौं जवन क्षण सिद्धिँदा सम्ममा त्यस वीथिको १६ चित्तक्षण बितिसकेका हुन्छन् । त्यसैले त्यहाँ अझ दुईवटा तदालम्बन हुने क्षण बाँकी हुँदैनन् । तदालम्बन विज्ञानको स्वभावै यस्तो हुन्छ कि यदि यो भयो भने दुई ओटा हुन्छ, भएन भने भवाङ्गपात भइहाल्छ । त्यसैले यहाँ सातौं जवनक्षण पछि लगत्तै भवाङ्गपात (पा़) हुन्छ किनकि यहाँ तदालम्बन (त़) को लागि समय नै पुग्दैन । त्यसको अर्थ हो अतिमहदालम्बनमा जस्तो सुस्पष्ट आलम्बन यहाँ अनुभव हुन पाउँदैन । तैपनि भवाङ्गपात (पा़) भन्दा अघि यहाँ सात ओटा जवनक्षण हुने भएकोले (७ ज़) राम्रैसँग आलम्बनको अनुभूति हुन्छ ।

तपाईंले देखिहाल्नुभयो होला, विस्तारै विस्तारै हामी झन्झन् पारिभाषिक शब्दमा गहिरिँदै व्याख्या गर्न थालिसकेका छौं । मैले तपाईंहरूलाई अघिल्लो महिनाको वीथिको प्रवचनलाई राम्रोसँग अध्ययन गर्नुहोला भनेको थिएँ । यदि नगर्नु भएको भए आजको प्रवचन तपाईंहरूलाई धेरै कठिन लाग्न सक्छ । यस बारेमा तपाईंहरूलाई मैले बारम्बार दोहोऱ्याएर सचेत गराइरहेकै छु । यदि निर्वाण, बोध, महद्गत चित्त, सम्यक् दृष्टि र मिथ्या दृष्टि जस्ता जटिल विषयहरूलाई साँच्चिकै अत्यन्तै गहिरिएर बुझ्न चाहनुहुन्छ (सामान्य जनस्तरको बुझाइबाट मात्र नभएर) भने, तपाईंले परिष्कृत धारणागत साधन (sophisticated concedptual equipment) को विकास गर्नैपर्छ । परिष्कृत धारणागत साधनको प्रयोग विना तपाईंले बौद्ध र अबौद्ध प्रणालीहरूको बिचमा के भेद छ भन्ने कुरा बुझ्न आवश्यक सामग्री नै केही हुँदैन ।

उदाहरणको लागि, मैले “पञ्चद्वारवीथिमा जस्तो मनोद्वारवीथिमा सम़् सऩ् व्य़ हुँदैनन् मिनकि मनोद्वारवीथिको आलम्बनका निमित्त ती

आवश्यकतै पर्दैन्, कारण तिनीहरू त चैत नै हुन्" भनें । अब यदि तपाईंले चैत्त भनेको के हो, स़म़् स़ऩ् व्य़् भनेको के हुन्, पञ्चद्वारवीथि भनेको के हुन्, मनोद्वारवीथि भनेको के हो, भन्ने कुरा राम्रोसँग बुझ्नुभएको छ भने यी दुई वीथिहरूको भिन्नताका बारेमा बुझ्नुपर्ने कुराहरूलाई उक्त वाक्यले अत्यन्त स्पष्टसँग र धेरै नै विश्लेषणात्मक रूपबाट बताउँछ । परन्तु यदि तपाईंले यी परिभाषिक शब्दहरूलाई अझै जान्नुभएको छैन या केही परिचित जस्तो मात्र हुनुहुन्छ भने तपाईंले त्यसमा व्यक्त गरिएको सन्देशलाई ग्रहण गर्न सक्नुहुन्न र जनसाधारणको भाषामा यसलाई अभिव्यक्ति गर्नुपर्‍यो भने ४-५ पेज लाग्न सक्छ ।

यही बुँदालाई पनि जनसाधारणको भाषामा व्याख्या गर्न सकिन्छ, नसकिने होइन परन्तु धेरै समय-श्रम खर्च गर्नुपर्ने हुन्छ । तैपनि धेरै विषयहरू यस्ता पनि हुन्छन् जुन सजिलैसित जनसाधारणको भाषाको पकडमा आउँदैनन् । उदाहरणको लागि हामीले हिन्दू योगी र बौद्ध दर्शनमार्गीहरूको बीचमा के फरक हुन्छ भन्ने कुरालाई अभिव्यक्त गर्ने कोशिसमा करिब १०० पेज भन्दा बढी नै खर्च गरिसक्यौं । यदि तपाईंसँग वीथिको भाषा भैदिएको भए यसलाई सजिलैसित दुईटा सरल तालिकाबाट देखाउन सकिहाल्नुहुन्थ्यो जसलाई केवल दुई लाइन भए पुग्थ्यो । तपाईंले देख्नुहुन्थ्यो कि कसरी यी दुई थरी योगीहरूको अर्पणा जवन नै पूर्ण रूपमा फरक पर्ने रहेछन् ।

यहाँ तपाईंहरूमध्ये केही यस्ता व्यक्तिहरू पनि हुनुहुन्छ जसले अन्यन्त जटिल अति पारिभाषिक (highly technical) प्रश्नहरूको उत्तर त चाहनु हुन्छ तर बौद्ध दर्शनमा तयार भएका अति परिष्कृत पारिभाषिक भाषा शब्दावलीको राम्रो अध्ययन गरेर खार्न भने अत्यन्तै अल्छी गर्नुहुन्छ । यो त एउटा अत्यन्त अल्छी भोकाएको मान्छेले केराको बोट मुनि पल्टेर कुनै प्रयासै नगरी केरा खान खोजिरहेको जस्तो भयो । तपाईंहरूमध्ये जसले यस्तो गर्नुभएको छ कृपया केरा खानुहोस् । नत्रभने अर्को ५-६ महिना पछाडि नारायणले के को बारेमा बताउँदैछन् भन्ने कुराबाट पूर्ण रूपमा हराउनु हुनेछ । मलाई पक्का छ कि आजै पनि तपाईंहरूमध्ये केहीलाई

नारायणले बताएको के हो भन्ने कुरा बुझ्न गाह्रो भैसकेको छ।

अब हामी दोस्रो प्रकारको महदालम्बन वीथितिर जाऔं। यसलाई द्वितीय महदालम्बन वीथि भनिन्छ। त्यो यस प्रकारको हुन्छ।

अ अ अ चा उ प च सम् सन् व्य ज ज ज ज ज ज ज

तीन ओटा अतीत भवाङ्ग

प्रथम महदालम्बन वीथिमा भन्दा तीन प्रत्यय केही बढी नै कमजोर हुने भएकोले यहाँ भवाङ्ग चालन हुनुभन्दा अगाडी तीन क्षण बितिहाल्छन्, त्यही नै तीनओटा (अ) ले जनाउँछ। फेरि रूपको आयु १७ चित्तक्षण वित्दा सातौं जवन क्षण पनि पुग्छ। त्यसैले यो वीथि ज मै सिद्धिन्छ। 'पा' (भवाङ्गपात हुँदा खेरिको क्षण प्रक्रिया) यस वीथिभित्र पर्दैन (त्यसैले पा नदेखाइएको हो) किनकि रूपको आयु १७ चित्तक्षण मात्र हुन्छ र यसको उत्पाद भएको क्षण प्रसाद नाडीमा स्पर्श भएको क्षण हो जसले भवाङ्गलाई उत्तेजित बनाउँछ। परन्तु तीन प्रत्यय मध्ये कुनै एउटा प्रत्यय पनि कमजोर भयो भने भवाङ्ग चालन हुनु (चा) भन्दा अघि उत्तेजित हुनै २ क्षण, ३ क्षण, ४ क्षण या अझै बढी पनि लाग्छ सक्छ। त्यसैले १७ चित्तक्षण (१ रूपक्षण) को गन्ती प्रथम अ देखि नै गरिन्छ चाहे त्यहाँ धेरै अ नै किन नओऊन्। तर पनि साँच्चिकै वीथि प्रक्रिया भने प देखि वीथिको अन्त्यसम्म मात्र मानिन्छ। प पछाडिको लगत्तै आउने क्षणदेखि लिएर ११, १२, १३ चित्तक्षणसम्ममा जुनसुकै क्षणमा पनि वीथिको अन्त्य हुन सक्छ। मलाई आशा छ, मैले भनेको कुरा त बुझ्नुभयो होला। यदि बुझ्नुभएन भने पहिले वीथिको पारिभाषिक शब्दहरू कण्ठस्थ पारेर बुझ्नु राम्रो हुन्छ। याद गर्नुहोस् कि हामी झन् झन् पारिभाषिक बन्दै गइरहेका छौं, न कि कम कम पारिभाषिक।

हामीले दुई प्रकारको महदालम्बन वीथिको बारेमा बताइसक्यौं। अब तेस्रो पञ्चद्वारवीथि तिर जाऔं। त्यो हो परीत्तालम्बन वीथि याने

अस्पष्ट वीथि। यदि दुई या तीनै प्रत्ययहरू (चक्षुःप्रसाद/आलम्बन/प्रकाश) अस्पष्ट याने कमजोर छन् भने परीत्तालम्बन वीथि हुन्छ। आलम्बनहरू, प्रत्ययहरू अस्पष्ट भएका हुनाले देखाइ अस्पष्ट हुन्छ। यो वीथिमा यद्यपि हामी अन्धा भएका हुँदैनौं (चक्षुः प्रसाद राम्रो छ) र हेराइ बन्द भएको पनि हुँदैन तापनि हामीले आलम्बनलाई देख्न या अनुभूति गर्न सक्दैनौं। वीथि ज (जवन) सम्म पनि पुग्दैन। अब त बुझिसक्नुभयो होला कि हेराइ जब कमजोर हुँदै जान्छ तब आलम्बन पनि अस्पष्ट हुँदै जान्छ। जब आलम्बन कमजोर हुँदै जान्छ तब यसको चक्षुः प्रसादमा पर्ने प्रभाव पनि कमजोर हुँदैजान्छ।

त्यसैले चक्षुः प्रसादमा अङ्कित हुनलाई पनि केही क्षण लागिहाल्छ। चक्षुः प्रसादमा पर्ने प्रभाव कमजोर हुँदै जाँदा हृदयवस्तुको उत्तेजना पनि कम हुँदै जान्छ याने भवाङ्गमा पनि कम प्रभाव पर्दै जान्छ। हृदय वस्तु याने भवाङ्गमा उत्तेजना कम हुँदै गएपछि यसको चालन हुन पनि स्वतः नै धेरै चित्त क्षणहरू लाग्छन्। यसको मतलब त्यहाँ धेरै अ (अतीत भवाङ्ग) हुनुपर्‍यो र मात्र चा (याभवाङ्ग चालन) हुनुपर्‍यो। यति मात्र बुझ्नुभयो भने पनि परीत्तालम्बन वीथिको बारेमा निकै कुरा बुझ्नुहुनेछ। परीत्तालम्बन वीथिहरू ६ प्रकारका हुन्छन्। यहाँ प्रकारका भनेको ६ तहका आलम्बन भनेको हो र त्यो नै ६ तहमा बाँडिएको अस्पष्टता हो। यी ६ प्रकारका परीत्तालम्बन वीथिमा फरक हुने मूल कुरा नै अ को संख्या हो जुन चा भन्दा अगाडि उत्पन्न भएको हुन्छ।

<u>प्रथम परीत्तालम्बन वीथि</u>

अ अ अ अ चा उ प च सम् सन् व्य व्य व्य पा पा पा पा

चार अतीत भवाङ्ग — तीन व्यास्थापन — चार भवाङ्गपात

(ज को बदला यस्तो हुन्छ)

तालिकाले देखाउँछ कि चार अ पछि मात्र रूपालम्बन चक्षुः प्रसादमा

साँच्चिकै अङ्कित हुन पुग्छ। चक्षुःप्रसादमा अङ्कित हुँदा सँगसँगै हृदय वस्तुमा पनि अङ्कित भएको हुन्छ। त्यसैले दोस्रो (चार अ पछि) क्षणमा चालन हुन्छ (चा)। यहाँ आलम्बनका प्रत्ययहरू कमजोर हुने भएकोले चार चित्त क्षणमा मात्र चक्षु, प्रसादमा रूपालम्बन राम्रोसँग अङ्कित हुन पुग्छ। त्यसको रूप आयुका १७ चित्त क्षण मध्ये त्यसवेला सम्ममा चार चित्तक्षण (अ) वितिसकेका हुनाले र आलम्बन स्पष्टसँगै व्यवस्थित हुन नसक्नाले गर्दा व्यवस्थापन तीन पटक हुन पुग्छन् जसले गर्दा जवन पनि हुन सक्दैन। तीन पटक भैरहने व्य सामान्यतया सजिलैसँग बुझिने कुरा हो, यदि तपाईंले विचार गर्नुभयो भने।

मलाई लाग्छ तपाईंहरू सबैले अँध्यारोमा वस्तु हेर्दाखेरि अनुभव गर्नुभएकै होला कि विज्ञानले आलम्बनलाई त देख्छ परन्तु त्यो 'यो हो', 'त्यो हो' भनेर व्यवस्थापन गर्न सकिरहेको हुँदैन। विज्ञानले बारम्बार व्यवस्थापन गर्न खोज्छ परन्तु सकेको हुँदैन (३व्य)। आलम्बनलाई व्यवस्थापन गर्न नसकिएको या अझै व्यवस्थापन नभैसकेको कारणले गर्दा त्यहाँ चारओटा पा भइरहेको हुन्छन् मानौं विज्ञानले आलम्बनलाई के हो भन्ने कुराबाट सन्तुष्ट नभएर भवाङ्गमा जान नखोजेको हो कि जस्तो गरी चार पटक सम्म पात भइरहन्छ। त्यसवेला सम्ममा एक रूपक्षण (१७ चित्तक्षण = ५१ क्षुद्रक्षण) बितिसकेका हुनाले उक्त रूप आलम्बनको आयु समाप्त हुन्छ र त्यसको वीथि पनि टुँगिन्छ। परन्तु उक्त आलम्बनको बारेमा राम्रोसँग अनुभव नै नगरीकन टुँगिन्छ। तैपनि तीन क्षण व्यवस्थापन (३ व्य) गरिरहेको हुनाले केही हदमा व्यवसथापन भएको हुन्छ। त्यसैले हामीले केही चीज देखेको अनुभव गर्छौं, परन्तु त्यसको बारेमा हामीलाई स्पष्ट थाहा हुँदैन अतः यो प्रथम परीत्तालम्बन वीथि हो।

त्यस्तै गरी आलम्बनको अस्पष्टता झन् झन् बढ्दै जाने आधारमा अरू पाँच प्रकारका परीत्तालम्बन वीथिहरू हुन्छन्। त्यसमा अन्तमा आएर दुई पटक सम्म मात्र व्यवस्थापन (व्य) हुन भ्याउँछ। यी २/३/४/५/६ परीत्तालम्बनहरूमा हुने भिन्नता केवल त्यही स्पष्टतामा मात्र हो। त्यसैले

यसमा क्रमशः झन् झन् बढी क्षण लगाएर चक्षुः प्रसादमा आलम्बनको ग्रहण हुन्छ। यसको मतलब, चा(चालन) हुनुभन्दा अगाडी अ(अतीत भवाङ्ग) झन् झन् बढ्दै जान्छन् । अब हामीले यसको सिद्धान्त बुझिसकेका हुनाले यहाँ केवल यी द्वितीय, चतुर्थ, पञ्चम र षष्ठ परीत्तालम्बन वीथिहरूको तालिका मात्र दिँदै छौं ।

अ अ अ अ अ चा उ प च सम् सन् व्य व्य व्य पा पा पा

५ अतीत भवाङ्ग ३ व्यवस्थापन ३ भवाङ्गपात

प्रथम परीत्तालम्बन वीथि भन्दा यो त्यति भिन्दै छैन । केवल अ पाँच ओटा छन् र पा तीन ओटा छन् । त्यस्तै तृतीय परीत्तालम्बन वीथिमा ६ ओटा अ र २ वटा पा हुन्छन् । अतः

<u>तृतीय परीत्तालम्बन वीथि</u> यस्तो हुन्छ :-

अ अ अ अ अ अ चा उ प च सम् सन् व्य व्य व्य पा पा

यसको अर्थ पनि त्यही हो कि चक्षुप्रसादको सामु आलम्बन हुँदा हुँदै पनि अस्पष्टताको कारणले गर्दा त्यसमा अङ्कित हुन ६ चित्तक्षण (६ अ) लाग्दछन् । यो पनि बुझ्नुपर्छ कि चक्षुः प्रसादमा र हृदयवस्तुमा एकैसाथ आलम्बनको ग्रहण हुन्छ । त्यसकारण चक्षुः प्रसाद (retina) मा आलम्बनको ग्रहण हुनु र भवाङ्ग चालन हुनु सँगसँगै हुन्छ । अब हामीले प्रथम, द्वितीय र तृतीय परीत्तालम्बन वीथिलाई बुझिहाल्यौं । त्यस्तै गरी चतुर्थ, पञ्चम, षष्ठ परीत्तालम्बन वीथिमा झन् झन् धेरै अ(अतीत भवाङ्ग) भएको कारण पनि त्यसरी नै लागू हुन्छ । प्रथम देखि षष्ठ सम्ममा आलम्बन झन् झन् अस्पष्ट हुँदै जान्छ तैपनि आलम्बन देखिएकै हुन्छ किनकि यी सबै वीथिहरू कम्तिमा व्यवस्थापन (व्य) सम्म त पुगेकै हुन्छन् ।

यसको मतलब के हुन्छ भने चक्षुर्विज्ञानले आलम्बनलाई आफ्नो अर्थको रूपमा व्यवस्थापन गर्न सकेको हुन्छ । परन्तु त्यहाँ ज (जवन) नहुने भएकोले यसको स्पष्टसँग स्वाद थाहा हुँदैन याने अनुभव नै हुन पाउँदैन ।

हामीलाई राम्रोसँग स्पष्ट अनुभव हुन र स्वाद लिनको लागि ७ जवन र २ तदालम्बन हुनुपर्छ । यो कुरा त स्पष्टै भैसकेको हुनाले हामीलाई चतुर्थ देखि षष्ठ परीत्तालम्बन वीथिको बारेमा स्पष्टिकरण नगरी त्यसलाई वीथि तालिकामा मात्र देखाइएको छ :-

चतुर्थ परीत्तालम्बन वीथि

अ अ अ अ अ अ अ चा उ प च सम् सन् व्य व्य व्य पा

पञ्चम परीत्तालम्बन वीथि

अ अ अ अ अ अ अ अ चा उ प च सम् सन् व्य व्य व्य

यहाँ पा वीथिकृत्य (vithi activity) भित्र पर्दैन, त्यसैले नदेखाइएको हो तापनि भवाङ्गपात त हुन्छ ।

षष्ठ परीत्तालम्बन वीथि

अ अ अ अ अ अ अ अ अ चा उ प च सम् सन् व्य व्य

यहाँ वीथि सिद्धिँदा सम्ममा दुई पटक मात्र व्यवस्थापन हुने प्रयास हुन्छ । यसरी हामीले ६ प्रकारका परित्तालम्बन वीथिहरूको कुरा सक्यौं ।

अब हामीसँग पञ्चद्वारवीथिको अर्को समूह पनि छ जसलाई अति परीत्तालम्बन वीथि भनिन्छ याने अत्यन्तै अस्पष्ट आलम्बन भएको वीथि । यसमा तीनै प्रत्ययहरू (रूपालम्बन, चक्षुःप्रसाद र प्रकाश) यति कमजोर हुन्छन् कि उक्त आलम्बनको ग्रहण हुनै कम्तिमा पनि १० चित्तक्षण (१० अ) लाग्छ । त्यस वेला सम्ममा रूपको आयु ७ चित्तक्षण मात्र बाँकी रहेको हुन्छ र बल पनि यति कमजोर हुन्छ कि चालन (चा) सम्म मात्र हुन भ्याउँछ, उच्छेद हुन सक्दैन । यस्ता अति परीत्तालम्बन वीथिका पनि ६ प्रकार छन् जुन १० अ, ११अ, १२अ, १३अ, १४अ र १५अ पछि चालन हुने (चा) हिसाबले ६ किसिमका भएका छन् । मलाई आशा छ कि अहिले भर्खरै मैले भनेको कुरा त बुझ्नुभयो होला । त्यसलाई व्याख्या गर्नु पर्दैन होला । त्यसैले मैले अति परीत्तालम्बन वीथिका ६ ओटै प्रकारलाई व्याख्या नगरीकन केवल तालिकाको रूपमा मात्र देखाएको छु । अब त तपाईंहरूले

आफै नै यसलाई पढ्न र यसका सबै तात्पर्यहरू बुझ्न सक्नुपर्ने हो ।

प्रथम अतिपरीत्तालम्बन वीथि

अ अ अ अ अ अ अ अ अ अ चा चा पा पा पा पा पा

१० ओटा अ  २ ओटा चा  ५ ओटा पा

द्वितीय अतिपरीत्तालम्बन वीथि

अ अ अ अ अ अ अ अ अ अ अ चा चा पा पा पा पा

११ ओटा अ  २ ओटा चा  ४ ओटा पा

तृतीय अतिपरीत्तालम्बन वीथि

अ अ अ अ अ अ अ अ अ अ अ अ चा चा पा पा पा

१२ ओटा अ  २ ओटा चा  ३ ओटा पा

चतुर्थ अतिपरीत्तालम्बन वीथि

अ अ अ अ अ अ अ अ अ अ अ अ अ चा चा पा पा

१३ ओटा अ  २ ओटा चा  २ ओटा पा

पञ्चम अतिपरीत्तालम्बन वीथि

अ अ अ अ अ अ अ अ अ अ अ अ अ अ चा चा पा

१४ ओटा अ  २ ओटा चा  १ ओटा पा

षष्ठ अतिपरीत्तालम्बन वीथि

अ अ अ अ अ अ अ अ अ अ अ अ अ अ अ चा चा

१५ ओटा अ    २ ओटा चा

षष्ठ अतिपरीत्तालम्बन वीथि भनेको पूर्ण रूपमा अँध्यारो स्थानमा कुनै वस्तु हेर्दाखेरि पैदा हुने वीथि हो भन्न सकिन्छ । यी सबै अतिपरीत्तालम्बन वीथिहरूमा पञ्चद्वारावर्जन समेत हुँदैन, चक्षुर्विज्ञान पैदा हुने त के कुरा गरौं । यहाँ एउटा उचित प्रश्न उठ्न सक्छ, त्यो हो, पाँच ओटा पा को सट्टा उ प च सम् सन् हुन किन नसकेको हो त ? यसमा यदि आलम्बनले व्यवस्थापन गर्न सम्मको क्षमता राखेन भने उच्छेद पनि हुन नसक्ने हुन्छ, त्यसैले प च सम सन् पनि हुन नसकेको हो र सबै पा मात्र हुन गएको हो ।

अब हामीले पञ्चद्वारावर्जन वीथिहरू याने पञ्चविज्ञान वीथिहरूका चारै पक्रियाको बारेमा कुरा गरिसक्यौं । यहाँ हामीले चक्षुर्विज्ञानलाई लिएर मात्र दृष्टान्त दियौं परन्तु अन्य सबै -श्रोत, घ्राण, जिह्वा, काय विज्ञानहरूमा पनि ठीक यही कुरा लागू हुन्छ। पाँचै विज्ञानका निमित्त पञ्चद्वार - वीथिहरू ठ्याक्कै उस्तै हुन्छन् । पाँचै विज्ञानहरूमा अतिमहदालम्बन वीथि १ प्रकारको हुन्छ, महदालम्बन वीथि २ प्रकारका हुन्छन्, परीत्तालम्बन वीथि ६ प्रकारका हुन्छन् र अति परीत्तालम्बन वीथि पनि ६ प्रकारकै हुन्छन् ।

यदि तपाईंहरूले तलको तालिकालाई राम्रोसँग अध्यन गर्नुभयो भने देख्नुहुनेछ कि अति महदाललम्बन वीथिदेखि अति परीत्तालम्बन वीथिसम्मका सबै प्रकारका वीथिहरूमा भएको प्रमुख अन्तर नै भवाङ्ग चालन हुँदाखेरि लाग्ने क्षणको संख्यामा छ । यी लक्षणहरूलाई अतीत भवाङ्ग (अ) भनिन्छ ।

## वीथि चित्र

- पञ्चद्वारवीथि
  - चक्षुर्द्वारवीथि
  - श्रोत्रद्वारवीथि
  - घ्राणाद्वारवीथि
  - जिह्वाद्वारवीथि
  - कायद्वारवीथि
    - अतिमहदालम्बन वीथि (विज्ञान)
    - महदालम्बन वीथि
      - २ अ हुने
      - ३ अ हुने
    - परीत्तालम्बन वीथि
      - ४ अ हुने
      - ५ अ हुने
      - ६ अ हुने
      - ७ अ हुने
      - ६ अ हुने
      - ९ अ हुने
    - अति परीत्तालम्बन वीथि
      - १० अ हुने
      - ११ अ हुने
      - १२ अ हुने
      - १३ अ हुने
      - १४ अ हुने
      - १५ अ हुने
- मनोद्वारवीथि

यी सबै प्रत्ययहरू अत्यन्त स्पष्ट छन् भने अति महदालम्बन वीथि हुन्छ अर्थात् - यदि रूपालम्बन स्पष्ट र केहीले नछोएको छ, चक्षुःप्रसाद पनि कमजोर छैन र बिग्रिएको या नष्ट भएको छैन, अनि प्रकाश पनि पूर्ण रूपमा छ भने भवाङ्ग चालन हुनको लागि केवल एक क्षण मात्र लाग्छ। त्यसैले अति महदालम्बन वीथिमा एउटै मात्र अ भएको हो। क्रमशः जब कुनै एउटा या दुईवटा प्रत्ययहरू केही कमजोर हुँदै जान थाल्छन्, तब चालन हुनको लागि २ देखि ३ अ लाग्न सक्छ। त्यसैलाई महदलम्बन वीथि भनिएको हो। त्यस्तै ती प्रत्ययहरू झन् झन् कमजोर भए भने चालन हुनको लागि ४ अ देखि ९ अ सम्म पनि लाग्न सक्छ। त्यसवेला परीत्तालम्बन वीथि हुन्छन्। अन्तमा जब १० अ हुन्छन् तब अँध्यारो समान हुन्छ र त्यो भन्दा पनि अझ कम हुँदै १५ अ सम्म हुन सक्छन्। यिनीहरूलाई अति परीत्तालम्बन वीथि भनिन्छ।

मलाई आशा छ अब त तपाईंहरूले पञ्चद्वारवीथिलाई राम्रोसँग ग्रहण गर्नुभयो होला र प्रत्ययहरू कमजोर हुँदै गएपछि कसरी पूरै वीथिको स्वरूप नै बदलिँदो रहेछ भन्ने पनि बुझ्नुभयो होला। वीथिको बारेमा अझै

पनि अन्योलमा परेकाहरूका निमित्त अत्यन्त सरल किसिमले फेरि बताएर मात्र मनोद्वारवीथिमा जान चाहन्छु ।

अभिधर्मकोष १-१७ मा भनिएको छ, **"षण्णामनन्तरातीतं विज्ञानं यद्धि तन्मनः"** अर्थात् षड् विज्ञानहरू मध्ये प्रत्येकको बीचमा जुन विज्ञान हुन्छ त्यही नै मन हो । याने ६ विज्ञानहरू मध्ये प्रत्येक विज्ञान उत्पन्न हुनुभन्दा अगाडिको जुन विज्ञान बिचमा पर्ने हुन्छ । त्यही नै मन हो । मन भनेको भवाङ्गकै अर्को नाम मात्र हो । यो भवाङ्ग भनेको प्रत्येक षड्विज्ञानको ठीक अगाडि हुने विज्ञान भएको हुनाले मन नै दुई विज्ञानहरूको विचमा हुने रहेछ । त्यसैले प्रत्येक विज्ञान अर्को विज्ञान बन्नु भन्दा पहिले मन/भवाङ्ग बनेर (भवाङ्गपात) मात्र अर्को विज्ञान बन्दोरहेछ ।

उदाहरणको लागि, धेरै मोटामोटी रूपमा भनौं । हामीले शब्द सुन्छौं । यो श्रोत्रविज्ञानको उत्पत्ति हो । श्रोत्रविज्ञान हुनुभन्दा अगाडि यो के थियो त ? अभिधर्मकोषको अघिको भनाइ - **यद्धि तन्मनः** -अनुसार मन या भवाङ्ग नै थियो भन्नेउत्तर आउँछ ।

अब प्रश्न उठ्छ कि भवाङ्ग (या मन) ले श्रोत्रविज्ञानको रूपमा आउनको लागि कुन प्रक्रिया अपनायो, श्रोत्रविज्ञान स्वयं पनि कुन प्रक्रियाबाट चल्छ र कसरी त्यो श्रोत्रविज्ञानको अन्त्य भई नयाँ (भनौं) चक्षुर्विज्ञान पुनः उत्पन्न हुन्छ ? किनकि हामी सबैलाई थाहा छ कि हामीले कहिले सुन्छौं, त्यसको लगत्तै पछिको क्षणमै याने एक सेकेण्डको लाखौं भागको एक भाग पछि नै देख्छौं, फेरि सुँध्छौं फेरि देख्छौं आदि । यो सामान्य किसिमको हेराइ, सुनाइ, चखाइ, सुँघाइ, स्पर्शको अनुभव गराइ (छुवाइ) जुन हामीमा निरन्तर रूपमा भइरहेको छ, त्यही नै पारिभाषिक रूपमा भन्दाखेरि सन्तान हो जहाँ चक्षुर्विज्ञान उत्पत्ति हुन्छ, विनाश हुन्छ, अनि श्रोत्र विज्ञान उत्पत्ति हुन्छ - विनाश हुन्छ, अनि जिह्वा विज्ञान उत्पत्ति हुन्छ -विनाश हुन्छ इत्यादि ... । यी प्रत्येक विज्ञानहरू आ-आफ्ना अर्थ (विषय) सँग सम्बन्धित भएर उत्पन्न हुन्छन् जो रूपालम्बनकै एक पक्ष हुन्छ । रूपको एक एकाईको आयुलाई एक रूपक्षण भनिने भएकोले त्यो रूपालम्बनसँग सम्बन्धित भएर

उत्पन्न हुने विज्ञानको आयु पनि स्वाभाविक रूपमै एक रूपक्षण नै भैहाल्यो। यहाँ रूपालम्बन भनेको केवल वर्ण संस्थानात्मक (रंग र आकार वाला) मात्र होइन, यो त रूपालम्बनको एक प्रकार मात्र हो। रूप, शब्द, गन्ध, रस स्प्रष्टव्य सबै नै रूपालम्बन हुन्। सम्भनुहोस् कि हामीले पहिले नै 'रूप' लाई दुई किसिमको अर्थ दिएर प्रयोग गरिन्छ भन्ने छलफल गरिसकेका थियौं।

अब अर्को स्वाभाविक प्रश्न के हो भने कसरी यी एक रूपक्षणिक विज्ञानहरू उत्पत्ति हुन्छन् र विनाश हुन्छन् अनि एउटाको विनाश र अर्कोको उत्पादको बिचको निरन्तरता कायम भइरहेको हुन्छ ? यस्ता प्रश्नहरूले अझै अरू प्रश्नहरू निम्त्याउँछन्। एउटा विज्ञान एक रूपक्षण सम्म रहने भएकोले र विज्ञान सन्तति (चित्त सन्तति) रूपसन्ततिभन्दा झन् सूक्ष्म भएकोले किन चित्तक्षणले एक रूपक्षण सम्म रहने विज्ञान बन्दछ ? हामीले थाहा पाइसक्यौं कि विज्ञान सन्तति (चित्त सन्तति) एक रूपक्षण भित्रमा १७ पटक बदलिसक्छ याने १७ पटक उत्पाद र व्यय भइसक्छ। अब प्रश्न यो उठ्छ कि त्यो विज्ञानले ती १७ क्षणहरूमा के कस्ता क्रियाकलापहरू गर्दछ ? कहाँदेखि कसरी त्यो विज्ञान उत्पन्न हुन्छ ? अभिधर्मकोषले अनन्तरातीत (बिचमा पर्ने अतीत) विज्ञानलाई मन हो भन्छ। यही अतीत अनन्तर (बिचको) मनलाई नै अतीत भवाङ्ग भनिएको हो ? अनि यो अभिधर्मकोषको अनन्तरातीत मन कसरी चक्षुर्विज्ञान बन्न पुग्छ त ?

पहिले रूप आलम्बन (यहाँ वर्णसंस्थान) चक्षुः प्रसाद (आँखा) को अगाडि देखा पर्छ, अनि यसले रेटिना (चक्षुः प्रसाद) लाई विभिन्न तहमा उत्तेजित गर्छ, त्यसले हृदयवस्तु पनि सँगै उत्तेजित हुन्छ। हृदयवस्तु उत्तेजित भैसकेपछि त्यो उत्तेजनाको तीव्रताका आधारमा भवाङ्ग चल्नलाई १ देखि १५ अतीत भवाङ्गक्षण (अनन्तरातीत मन क्षण) लाग्न सक्छ। त्यही चलेको नै भवाङ्ग चालन हो। अनि भवाङ्गको/मनको नाश हुन्छ। त्यही नै भवाङ्गोच्छेद हो (उ़), त्यसपछि मात्र विज्ञान चक्षुर्द्वारमा देखा पर्छ

(पु.=पञ्चद्वारावर्जन) जुन एक क्षणमा हुन्छ। त्यो क्षण सकिने वित्तिकै याने द्वारावर्जन क्षण सिद्धिएपछि मात्र चक्षुर्विज्ञानको उत्पाद हुन्छ (कृत्य)। यही क्षण पछि मात्र देखाइको प्रक्रिया शुरु हुन्छ। त्यही भएर नै पारिभाषिक रूपमा त्यसदेखि मात्र वीथि शुरु भएको भनिएको हो। (याने पु. देखि वास्तविक रूपमा वीथि प्रक्रिया भएको मानिएको हो)

परन्तु कम्तीमा पनि ४ क्षणहरू चित्त क्षणहरू त्यसवेला सम्म बितिसक्ने भएकोले जम्मा जम्मी १७ क्षणको रूपालम्बनको आयुमा अधिकतम १७-४=१३ क्षणको हेराई मात्र हुन्छ। देख्ने प्रक्रिया स्वयंमा एक जटिल प्रक्रियाको सन्तान हो। जब हामीले 'देखाइ' या 'चक्षुर्विज्ञान' भन्छौं, तब यी सबै सूक्ष्म प्रक्रियाहरू (micro-process) त्यही एउटै नाम 'चक्षुर्विज्ञान' मै समेटिएको हुन्छन्।

यी सूक्ष्म प्रक्रियाहरू के के हुन् ? प्रथम चित्तक्षणमा पञ्चद्वारावर्जन पछि स्वयं चक्षुर्विज्ञान उत्पन्न हुन्छ। अर्को चित्तक्षणमा यसले आलम्बनलाई पकड्ने, समात्ने याने आलम्बनतर्फ फर्कने काम गर्छ (सम्प्रत्येषण)। अर्को चित्तक्षणमा त्यो आलम्बनलाई मूल्याङ्कन गर्ने याने छुट्याउने (नाम पनि नदिइकन अन्य आलम्बनबाट छुट्याउने) काम गर्छ (सन्तीरण)। फेरि अर्को चित्तक्षणमा यसले त्यो छुट्याइएको आलम्बन (अर्थ मात्रता) लाई निश्चय गर्छ याने सुव्यवस्थित गर्छ (पक्का गर्छ) - **चित्तम् अर्थमात्र ग्राहि-** त्यसैलाई नै व्यवस्थापन भनिन्छ। अनि मात्र चित्तमा लुकेर सुतेका काम/क्रोध/मोह अनुशयहरू जाग्दछन् र यिनै जागेका अनुशय धातुहरू (वासना) सँग ताल मिलाएर चित्त पनि अति उच्च आवृतिमा कम्पन गर्न थाल्छ (vibrates at a very high frequeicy) र यो क्रम अरू ७ चित्तक्षणसम्म चलिरहन्छ। यो नै चित्तले आलम्बनको स्वाद लिएको हो।

परन्तु यो पञ्चविज्ञान मध्येकै विज्ञान भएको हुनाले आलम्बनको अविकल्पक (non-vibral) रसास्वादन भइरहेको हुन्छ। तर यो रसास्वाद अविकल्पक भएता पनि अनुशयधातुहरूले युक्त हुने भएकोले अकुशल जवन (रसास्वाद) हुन्छ। त्यसैले गर्दा यो चित्तको नाम पनि अकुशल चित्त

भएको हो। यसलाई 'पञ्चद्वार काम जवन' अर्थात् कामधातु (या काम चित्तमा) हुने पञ्चविज्ञानको जवन भन्दछन्।

यहाँनेर हामीसँग परिष्कृत साधन (sophisticated equipment) छ जसले अविकल्प विज्ञान (विचार विकल्प नभएको = निर्विकल्प) पनि 'मुक्ति' नभएको संसारमै झन् बलियोसँग बाँध्ने कुरा हुनसक्ने रहेछ भन्ने देख्न सकिन्छ। त्यसकारण जुन सुकै प्रकारले पनि अविकल्प (=निर्विकल्प) हुँदैमा मात्र पुग्दैन। केवल एक विशेष प्रकारको अविकल्प अवस्थामा मात्र मोक्ष हुन्छ। त्यो चाहिँ कुशल चित्तसँग सम्बन्धित हुन्छ, अकुशल चित्तसँग होइन।

अब अगाडि बढौं, चक्षुर्विज्ञानको त्यो ७ जवन क्षणपछि २ क्षणमा तदालम्बन चित्त भइरहेको हुन्छ। यसमा त्यो रूपालम्बन अझै त्यहीं हुन्छ तापनि चित्तले जवन क्षणकै स्मृतिलाई अँगालिरहेको हुन्छ। दोस्रो तदालम्बन पछि मात्र चक्षुर्विज्ञान भन्ने चित्त भवाङ्गमा खस्न पुग्छ याने भवाङ्ग बन्न पुग्छ। चक्षुर्विज्ञान उत्पत्ति हुने क्षणदेखि पछाडि भवाङ्गपात सम्मका अधिकतम १३ क्षणिक चित्तहरूलाई मात्र चक्षुर्विज्ञानको एक एकाई भन्न सकिन्छ याने मोटामोटीरूपमा भन्दा देखाएको एक एकाई (unit) भन्न सकिन्छ। चक्षुर्विज्ञान सन्ततिको उत्पत्ति भएदेखि भवाङ्गपात भएर अन्त्य हुँदासम्म त्यसभित्र हुने कुरा भनेकै अधिकतम यिनै १३ क्षणिक चित्त हुन्। अनि मात्र श्रोत्रविज्ञान या घ्राणविज्ञान या मनोविज्ञान आदि उत्पन्न हुन्छ।

वास्तवमा यी प्रत्येक पञ्चविज्ञानपछि त्यससँग सम्बन्धित मनोविज्ञान उत्पन्न भैहाल्छ। त्यसलाई तदनुवर्तक मनोविज्ञान भन्दछन्। जसको अर्थ हुन्छ त्यो पञ्च विज्ञानलाई अनुसरण गर्ने मनोविज्ञान। त्यस पछाडि मात्र अर्को नयाँ पञ्चविज्ञान उत्पत्ति हुन्छ जसको आफ्नै तदनुवर्तक मनोविज्ञान प्रक्रिया हुन्छ। यही चक्षुर्विज्ञान या अन्य कुनै पञ्चविज्ञान एवं मनोविज्ञानको प्रक्रियालाई नै वीथि भनी जानिन्छ। क्रियाशील अवस्थामा रहेको विज्ञान सन्तान नै वीथि हो।

अब हामी सबैले जान्यौं कि हामीले देख्दा मात्र (चक्षुर्विज्ञान)

पनि त्यहाँ धेरै तहका देखाइहरू हुँदा रहेछन् । यदि प्रकाश पर्याप्त मात्रामा रहेछ, आँखा सही अवस्थामा रहेछन् र आलम्बन स्वयं पनि स्पष्ट रहेछ भने हामीले त्यो वस्तुलाई देख्न सक्छौं । त्यो देखाइ अतिमहदालम्बन वीथि हो । परन्तु यदि अँध्यारो कोठामा दिउँसो बत्ती नभए पनि वस्तुलाई देख्न त सकिन्छ परन्तु देखाइको गुणस्तर (quality) / तह भने फरक पर्न जान्छ । यो महदालम्बन वीथि हो । अनि जब सूर्य अस्ताउन थाल्छ र कोठाको प्रकाश क्रमशः झन् झन् मधुरो हुँदै जान्छ र त्यो वस्तु प्रतिको देखाइको स्तरमा पनि फरक पर्दै जान्छ । यो ६ प्रकारको परित्तालम्बन वीथि हो । अन्तमा जब सूर्य पूरै अस्ताएर रात परिसक्छ, बाहिर अँध्यारो भैसक्छ र भित्र प्रकाशै हुँदैन, तैपनि पूर्ण चन्द्रमा बाहिर उदाएका छन् भने भित्रको त्यो वस्तुको देखाइलाई प्रथम अति परीत्तालम्बन वीथि मान्न सकिन्छ । यदि औंसीको रात हो र कोठामा कत्ति पनि प्रकाशै छैन भने त्यसवेला षष्ठ (छैठौं) अति परीत्तालम्बन वीथि भन्न सकिन्छ ।

यहाँ मैले केवल प्रकाशलाई लिएर दृष्टान्त दिएँ जुन चक्षुर्विज्ञान पैदा गर्ने तीन प्रत्यय मध्ये एउटा मात्र हो । आँखाहरू कमजोर हुँदै गए भने पनि त्यस्तै प्रकारको कुरा हुने हुन्छ । कुनै कारणवश आलम्बन स्वयं अस्पष्ट हुँदै गयो भने पनि त्यस्तै हुन्छ । चक्षुर्विज्ञान र रूपालम्बनको सम्बन्धमा मात्र यस्तो हुने होइन श्रोत्रविज्ञान, शब्दालम्बन र यसका प्रत्ययहरूमा पनि यस्तै हुन्छ, घ्राणविज्ञान र यसको गन्धालम्बनको सम्बन्धमा पनि यस्तै हुन्छ, जिह्वाविज्ञान र यसको रसालम्बन, कायविज्ञान र यसको स्प्रष्टव्यालम्बनको सम्बन्धमा पनि यही हो । हामीले पहिले बोधिपुष्पाञ्जलिमा नै यी सबै प्रत्ययहरू दिइसकेका छौं तैपनि पुनरावृत्ति होस् भनेर फेरि मैले यहाँ दिँदैछु ।

**चक्षुर्विज्ञानका प्रत्ययहरू** १) चक्षुःप्रसाद २) रूपालम्बन ३) आलोक ४) मनसिकार

**श्रोत्रविज्ञानका प्रत्ययहरू** १) श्रोत्र प्रसाद २) शब्दालम्बन ३) आकाश ४) मनसिकार

**<u>घ्राणविज्ञानका प्रत्ययहरू</u>** १) घ्राण प्रसाद २) गन्धालम्बन ३) वायु धातु ४) मनसिकार

**<u>जिह्वाविज्ञानका प्रत्ययहरू</u>** १) जिह्वा प्रसाद २) रसालम्बन ३) आपो धातु ४) मनसिकार

**<u>कायविज्ञानका प्रत्ययहरू</u>** १) काय प्रसाद २) स्प्रष्टव्यालम्बन ३) पृथ्वी धातु ४) मनसिकार

यस प्रकार यी सबै पाँच विज्ञान वीथिहरू उस्तै प्रकारका हुन्छन् र सबैका १) अति महदालम्बन वीथि २) महदालम्बन वीथि ३) परीत्तालम्बन वीथि ४) अतिपरीत्तालम्बन वीथिहरू हुन्छन् ।

अर्को बुझ्नुपर्ने कुरा 'क्षण' को अवधारणा हो। हाम्रो सामान्य नेपाली भाषामा क्षण (छिन) भन्दाखेरि या त चुड्की बजाउँदाको समय, या आँखाका परेला झिम्काउँदाको समय या आधुनिक घडीको प्रचलनमा 'एक सेकेण्ड' लाई बुझिने हुन्छ। परन्तु 'रूप क्षण' को तुलनामा त्यो धेरै भद्दा क्षण हो। एक रूप क्षण भनेको अष्ट कलापले बनेको एक रूप एकाईको आयु हो। कलाप भनेको एक प्रकारले अणु भनेजस्तै हो। यस्ता आठ कलापहरूले बनेको संरचनालाई रूपको एकाई मानिएको हुन्छ। यस्तो रूप एकाईको उत्पाद-स्थिति-भङ्ग हुनलाई लाग्ने समय नै त्यसको आयु हो र त्यसलाई एक रूपक्षण भनिन्छ। औंलाको एक चुड्की बजाउँदाको बेरमा रूप एकाईको उत्पाद-स्थिति-भङ्ग त लाखौं पटक भैसक्छ। हामीले सामान्य रूपमा भन्ने क्षणभन्दा रूपक्षण त्यति मसिनो (सूक्ष्म) छ। अझ चित्तक्षण त रूपक्षण भन्दा पनि मसिनो (छिटो) छ। एक रूपक्षण/रूप आयु भित्र चित्तको १७ पटक उत्पाद-स्थिति-भङ्ग भइसक्छ। त्यसकारण रूपक्षण भन्दा चित्तक्षण/चित्तको आयु/चित्तले उत्पाद-स्थिति र भङ्गको लागि लिने समय झन् सानो र मसिनो 'क्षण' हुन्छ। अतः एक रूपक्षणभित्र १७ चित्तक्षण हुन्छन् याने रूपको उत्पाद-स्थिति-भङ्ग भइसक्दा चित्तहरू स्वयं १७ पटक उत्पाद-स्थिति-भङ्ग भइसक्नुपर्छ। वीथिको अध्ययन गर्दाखेरि यी दुई किसिमका क्षणको बारेमा राम्रोसँग बुझ्नुपर्छ। द्वारका ६ वीथिहरूसँग सम्बन्धित ६ कुराहरू छन्। यदि ६ षट्कलाई बुझ्नुभयो भने वीथिलाई

अब प्रश्न उठ्न सक्छ कि आमाको गर्भभित्र पनि के पञ्चद्वारवीथिहरू हुन्छन् ? हामीले धेरै पटक भनिसक्यौं कि जब चक्षुःप्रसाद, रूपालम्बन,

| | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| १ | चक्षुःप्रसाद वस्तु | हृदयवस्तु | चक्षुर्द्वार | रूपालम्बन | चक्षुर्विज्ञान | अतिमहदादि ६ प्रकारका |
| २ | श्रोत्र प्रसाद वस्तु | हृदयवस्तु | श्रोत्राद्वार | शब्दालम्बन | श्रोत्रविज्ञान | अतिमहदादि ६ प्रकारका |
| ३ | घ्राण प्रसाद वस्तु | हृदयवस्तु | घ्राणद्वार | घ्राणविज्ञान | घ्राणविज्ञान | अतिमहदादि ६ प्रकारका |
| ४ | जिह्वा प्रसाद वस्तु | हृदयवस्तु | जिह्वाद्वार | विह्वालम्बन | जिह्वाविज्ञान | अतिमहदादि ६ प्रकारका |
| ५ | काय प्रसाद वस्तु | हृदयवस्तु | कायद्वार | स्प्रष्टव्यालम्बन | कायविज्ञान | अतिमहदादि ६ प्रकारका |
| ६ | मन/भवाङ्ग | हृदयवस्तु | मनोद्वार | चैत्त/चैत्तसिक | मनोविज्ञान | विभूतालम्बन र अविभूतालम्बन |

प्रकाश र मनसिकार सँगै भए भने मात्र चक्षुर्विज्ञान उत्पन्न हुन्छ। आमाको गर्भभित्र प्रकाश नहुने भएकोले चक्षुर्विज्ञान उत्पन्न हुन सक्दैन। जसरी एउटा लामो बाकसको एक छेउमा भएको आवाज त्यसको अर्को छेउमा पनि सुनिन्छ या एउटा लामो काठलाई एक छेउमा पिटेर अर्को छेउमा कान राख्दा सुनिन्छ, त्यस्तै श्रोत्रप्रसाद विकसित भैसकेको बच्चाले गर्भ नजिकको शब्द सुन्न सक्छ या पेटमा हिर्काउँदा सुन्न सक्छ। गर्भमा नाकबाट सास फेर्ने काम नहुने भएकोले उसले गन्ध थाहा पाउन सक्दैन। यद्यपि घ्राणप्रसादको विकास भैसकेको हुनसक्छ तापनि गन्धालम्बनलाई त्यहाँ (इन्द्रिय) मा प्रवेश गराउने वायु नहुने भएकोले घ्राणविज्ञान पैदा हुँदैन किनकि वायु पनि ४ आवश्यक प्रत्यय मध्ये एक हो। जिह्वा प्रसादको विकास भैसकेपछि गर्भगत तरल पदार्थहरूको (आपो धातु) माध्यमबाट स्वाद थाहा पाउन सक्छ। त्यसैले जिह्वाविज्ञान या जिह्वाद्वारवीथि हुनसक्छ। कायविज्ञानको लागि आवश्यक पर्ने सबै प्रत्यय र आलम्बन (स्प्रष्टव्य) पनि पेटभित्र पूरा नै उपलब्ध हुने भएकोले त्यहाँ काय विज्ञान पनि हुन्छ याने कायद्वारवीथि हुनसक्छ। यस प्रकार त्यहाँ १) श्रोत्रद्वार वीथि २) जिह्वाद्वार वीथि ३) कायद्वारवीथि हुनसक्दछ। चक्षुर्द्वारवीथि र घ्राणद्वारवीथिहरू त गर्भबाट बाहिर आएपछि मात्र सम्भव हुन्छ जहाँ चक्षुरिन्द्रियको सफाई हुन्छ र श्वास प्रश्वासको प्रक्रिया शुरु हुन्छ।

पञ्चद्वारवीथिको बारेमा टुङ्ग्याउनु अघि छोटकरीमा हामी भनौंः-

१) जब चक्षुर्द्वारमा रूपालम्बन देखा पर्छ तब पञ्चद्वारावर्जन -चक्षुर्विज्ञान - वीथिचित्त उत्पन्न हुन्छ। त्यसैगरी शब्दालम्बन श्रोत्रद्वारमा आउने बित्तिकै पञ्चद्वारावर्जन-श्रोत्रविज्ञान आदिसँग सम्बन्धित वीथिचित्त उत्पन्न हुन्छ। त्यस्तै अन्य सबै द्वारहरूमा पनि (घ्राणद्वार, जिह्वाद्वार र कायद्वार) आफ्ना आलम्बन पुग्दा सम्बन्धित विज्ञान वीथि उत्पन्न हुन्छन्।

२) वीथिचित्तभित्र सात प्रकारका चित्त उत्पन्न हुन्छन्। याद गर्नुहोस् कि १७ चित्तक्षणको वीथि हुन्छ। (अतीत भवाङ्गबाट गन्दा) तापनि वास्तविक वीथिचित्त त़ प़ (पञ्चद्वारावर्जन) बाट मात्र शुरु हुन्छ र द्वितीय तदालम्बन (त़) मा टुङ्गिन्छ। अतः ती सात प्रकारका चित्तहरू यस प्रकारका हुन्छन् :- क) पञ्चद्वारावर्जन विज्ञान, ख) चक्षुर्विज्ञान (वा अन्य), ग) सम्प्रत्येषण विज्ञान, घ) सन्तीरण विज्ञान, ङ) व्यवस्थापन विज्ञान, च) जवन विज्ञान र छ) तदालम्बन विज्ञान।

३) एउटा वीथिभित्र अधिकतम १४ पटक चित्तको उत्पाद भइसक्छ। १ पटक पञ्चद्वारावर्जनमा, १ पटक चक्षुर्विज्ञानमा (या अन्य चार विज्ञानमा), १ पटक सम्प्रत्येषण विज्ञानमा, १ पटक सन्तीरण विज्ञानमा, १ पटक व्यवस्थापन विज्ञानमा, ७ पटक जवन विज्ञानमा र २ पटक तदालम्बन विज्ञानमा। यसरी जम्मा १४ पटक हुन्छ। १७ चित्तक्षण वाला वीथि तालिकामा - यी १४ लाई सामान्य तथा उद्धरण चिन्ह (question mark) भित्र राखेर जनाइने गरिन्छ। १७ चित्तक्षण मध्ये ३ ओटा चित्तहरू वीथिचित्त चित्रका भाग होइनन्। यी त पूरै वीथिलाई गनेर एक रूपक्षण बराबरको भन्दाखेरि मात्र त्यसमा पर्ने हुन्छ।

अब मनोद्वारवीथिमा जानुभन्दा अघि हामी एउटा बुँदामा छलफल गरौं । हामीले पञ्चद्वारवीथिलाई पूर्ण रूपमा अध्ययन गरिसक्यौं तापनि यहाँ केही कुराहरू बुझ्नु अत्यन्त जरूरी छ। सर्वप्रथम त हामीले "मैले देखें" या "मैले सुनें" भन्दाखेरि एउटा वीथि मात्र भएको हुँदैन । हामीले 'अहिले म देख्दै छु', 'अहिले म सुन्दै छु' भन्ने थाहा पाउनुभन्दा अगाडि नै त्यहाँ लाखौ विभिन्न प्रकारका वीथिहरू पूरा भैसकेका हुन्छन् । त्यसकारण एउटा चक्षुद्वारवीथि नै एउटा क्षणको हेराइ (देखाइ) होइन । हामीले भन्ने देखाइको एक क्षण त धेरै ठूलो (भद्दा) क्षण हो र त्यसभित्र लाखौं रूपक्षण भैसकेका हुन्छन् भने दशौं लाख चित्तक्षणहरू बितिसकेका हुन्छन् । एउटा वीथिचित्तले समान्ने रूपको एकाईलाई हामीले देखेको अनुभव गर्नु त ज्यादै नै सूक्ष्म कुरा हो। अतः पूर्ण रूपमा देख्दा या सुन्दाखेरिको कृयालाई लिउँ र वीथिको सन्दर्भबाट हेरौं ।

पहिलो त सबै प्रकारको पूर्ण ज्ञान (थाहा पाउने काम) का निमित्त मनोद्वारवीथि उत्पन्न भएको हुनैपर्छ जसको बारेमा हामीले अझ बयान गरेकै छैनौं । पहिले देखाइएको पूरापूर प्रक्रियालाई बयान गरिसकेपछि मनोद्वार वीथिको बारेमा विस्तरापूर्वक बयान गरौंला ।

मानौं तपाईंहरूले नारायणको टाउकोलाई देख्नुभएको छ। हामी भन्छौं कि "नारायणको टाउको देख्दै छौं' ।" यसको मतलब केहो भने नारायणको टाउकोसँग सम्बन्धित चक्षुर्विज्ञान भन्ने विज्ञप्ति उत्पन्न भएको हो । परन्तु यो नारायणको टाउकोलाई देख्नु चक्षुर्विज्ञान एउटा एकाई होइन, यो त चक्षुद्वारवीथिका थुप्रै एकाईहरूबाट उत्पन्न भएको एक जटिल प्रक्रिया (complex process) हो । सर्वप्रथम त कुनै पनि देखाइ पूरा हुनको लागि दुई किसिमका वीथिहरू भएकै हुनुपर्छ : - १) चक्षुद्वारवीथि र २) त्यसपछि सँगसँगै आउने अतीतग्रहण मनोद्वारवीथि । अतीतग्रहण मनोद्वारवीथि भनेको त्यो विधि हो जसले बितेको (अतीत) आलम्बनको मानसिक आकृतिलाई फेरि समातेर मनमा लिइराख्छ (ग्रहण गर्छ)। यसले पहिलेको चक्षुद्वार वीथिको आलम्बनलाई नै (या पञ्चद्वार मध्ये कुनैको) त्यो वीथि सक्किएपछि

तुरून्तै समात्ने भएकोले अतीतग्रहण मनोद्वारवीथि भनिएको हो । हामीले पहिले नै भनिसक्यौं कि एउटा चक्षुद्वारवीथिले समात्ने रूपालम्बनको एकाई ज्यादै नै सूक्ष्म भएको हुनाले आँखाले देखेको महसूस हुन सक्दैन । त्यसो भए के हुन्छ त ?

सर्वप्रथम हामीले टाउकोको जुन भागमा हेर्छौं, त्यहाँको आलम्बनसँग सम्बन्धित दुई थरी वीथिहरू (चक्षुद्वारवीथि र अतीताग्रहण मनोद्वारवीथि) को श्रृंखला धेरै पटक सम्म चल्छ । उदाहरणको लागि, निधारलाई समात्नुभन्दा अगाडि त्यसका दुई वीथिहरू निकै पटक चल्छन्, अनि यस्तै धेरै वीथिद्वयबाट आँखालाई समातिन्छ, कानलाई समातिन्छ, गालालाई, घाँटी आदिलाई समातिन्छ । त्यसपछि फेरि यी अङ्गहरूको समूहलाई समात्ने मनोद्वारवीथि चल्छ जसलाई समूहालम्बन वीथि भनिन्छ । समूहालम्बन वीथि पनि धेरै पटक चलेपछि फेरि त्यो 'अर्थ' या वस्तु (टाउको) लाई पूर्णरूपमा एउटै एकाई भनेर ग्रहण गर्ने मनोद्वारवीथिको श्रृंखला धेरै पटक चल्छ। यो वीथिलाई अर्थग्रहण वीथि भनिन्छ । किनकि यसले त्यो अर्थ/वस्तु/टाउकोलाई ग्रहण गर्छ याने देख्छ, जसलाई हामी टाउको भन्छौं ।

तैपनि यो त मनोविज्ञानबाट अर्थ मात्रको ग्रहण भएको हो (चित्तं अर्थमात्र ग्राहि) । अब फेरि अर्को मनोद्वार वीथिको श्रृंखला शुरु हुन्छ जसले 'त्यो टाउको' भनेर चिन्छ (जान्छ/देख्छ), त्यसलाई नामग्रहण वीथि भनिन्छ **(चक्षुर्विज्ञानेन नीलं विजानति न तु नीलमिति, मनोविज्ञानेन नीलं नीलमिति च विजानाति)**, अर्थात् चक्षुर्विज्ञानले नीलो (अर्थ मात्र) लाई थाहा पाएको हुन्छ र 'यो नीलो हो' भन्ने थाहा पाएको हुँदैन भने मनोविज्ञानले नीलो (अर्थ मात्र) लाई पनि ग्रहण गरेको हुन्छ (थाहा पाएको हुन्छ) र 'यो नीलो हो' भन्ने पनि जानेको हुन्छ । वीथिको भाषामा भन्ने हो भने मनोविज्ञानले 'नीलो' जान्नु अर्थग्रहण वीथि हो भने 'यो नीलो हो' भन्ने जान्नु चाहिँ नामग्रहण वीथि हो ।

त्यसैगरी नारायणको टाउको देख्दाखेरि पनि धेरैपटक प्रथम युगल वीथिहरू (चक्षुद्वार वीथि र अतीतग्रहण मनोद्वारवीथिहरू), अनि धेरै पटक

समूहग्रहण मनोद्वारवीथिहरू, अनि फेरि कयौं पटक अर्थग्रहण मनोद्वार वीथिहरू ग्रहण/समूहालम्बन र अन्तमा धेरै पटक नामग्रहण मनोद्वारवीथिहरू पूर्ण भइसकेका हुन्छन् । यस्ता लाखौं वीथिहरू उत्पाद-व्यय भैसकेको फलस्वरूप हामीलाई 'मैले नारायणको टाउकोलाई देखें' भन्ने ज्ञान हुन्छ । यी सबै हुन औंलाको चुट्की भन्दा पनि कम समय लाग्छ ।


पुनरावृत्ति होस् भनेर फेरि बताउँछु - पहिले धेरैपटक युगल वीथिको श्रृंखला जुन चक्षुर्द्वार (या कुनै) र अतीतग्रहण मनोद्वारको हो, त्यसपछि समूहग्रहण मनोद्वारवीथिको श्रृंखला धेरैपटक चल्छ । त्यसपछि अर्थग्रहण मनोद्वारवीथिको श्रृंखला धेरै पटक चल्छ, त्यसपछि नामग्रहण मनोद्वारवीथिको श्रृंखला धेरै पटक चल्छ, अनि मात्र हामीले 'नारायणको टाउकोलाई देखें' भन्छौं । यस्ता चार चरणहरू छाती, खुट्टा, पाखुरा आदिमा दोहोरिसकेपछि मात्र हामीले 'हाफ स्वीटर लगाएको नारायण देखें, यो मलाई मन पर्‍यो, ...' महसुस गर्दै जान्छौं । यी सबै वीथिहरूलाई यहाँ बताइरहने सम्भावना हुँदैन । तर पनि आधारभूत खुड्किला चाहिँ अघि बताइएका चार चरणहरू नै हुन् । घ्राणविज्ञान, जिह्वाविज्ञान र कायविज्ञानका सम्बन्धमा पनि ठीक यही क्रमका यिनै चरणहरू लागू हुन्छन् । परन्तु श्रोत्रविज्ञानमा भने यदि यो आलम्बन केवल आवाज रहेछ भने यही क्रम नै लागू हुन्छ । तर यदि त्यो शब्द (भाषाको नाम) रहेछ भने पहिले नामग्रहणवीथि हुन्छ र त्यसपछि मात्र अर्थग्रहणवीथि हुन्छ जस्तै पहिले 'गाई' भन्ने नामको ग्रहण हुन्छ र त्यसपछि मात्र गाईको ज्ञान हुन्छ, जुन अर्थ हो । अरू विज्ञानवीथिमा अर्थ पहिले आउँछ र नाम पछि आउँछ । जस्तै कि -

१) युगल वीथि, २) समूहग्रहण वीथि, ३) अर्थग्रहणवीथि र ४) नामग्रहणवीथि ।

नामग्रहणवीथिहरू क्रियाशील भएपछि मात्र हामीले विकल्पात्मक सोचाइ (conceptual thinking) राखेका हुन्छौं । त्यही भएर हामीले अघिल्लो बोधिपुष्पाञ्जलिको परिशिष्टमा विकल्प भनेको नामकरणसँग

सम्बन्धित कुरा हो भनेका थियौं। तैपनि यो विकल्प केवल निरूपण विकल्प मात्र हो। अरू विकल्पहरू रोकिनै पर्छ भन्ने छैन। नामग्रहणवीथिहरू भित्र पनि अन्य थुप्रै वीथिहरू पर्दछन् जस्तै, 'त्यो टाउको साँच्चिकै अस्तित्ववान् छ, स्वभावसिद्ध छ' आदि आदि। यिनी साँच्चिकै खतरनाक विकल्प हुन् र मेट्नै पर्छ। अब 'नारायणको टाउकोको देखाई' को प्रक्रियालाई तालिकामा राखौं जसबाट बुझ्न सजिलो होस् र याद पनि गर्न सकियोस्।

**<u>युगलवीथि</u>**




एउटा चक्षुर्विज्ञान विज्ञप्ति (टाउकोको देखाई)

संकेतः-
⇆ = थुप्रै अनगिन्ति वीथिहरू वीथिहरूबाट बनेका एक वीथि समूह ।।

"मैले टाउको देखें" भन्नलाई अझ एक थरी अर्को वीथिको असंख्य समूह उत्पाद भइरहेको हुनु पर्छ जुन मनोद्वारवीथि हुन् र यिनलाई 'अहमितिग्रहण वीथि' भन्छन्। फेरि अन्य किसिमका वीथि समुच्चयहरूले 'त्यो नारायणको टाउको' भन्ने निर्धारण गर्छन्। अर्कोथरी वीथिले 'त्यो मेरो देखाई' भन्ने निर्धारण गर्छन् जसलाई 'ममेतिग्रहणवीथि' भन्छन् ..... यी सबै नै काम जवन वीथि याने काम जवनले युक्त भएका वीथि अर्थात् काम/क्रोध/मोह आदिले प्रभावित पारिएका जवनहरू सहितका वीथि हुन्छन्।

यदि तपाईंले यो तालिकाको अध्ययन गर्नुभयो भने देख्नुहुनेछ कि सबै मानसिक क्रियाहरू वीथियुक्त चित्त नै हुन् । यसैले वीथियुक्त चित्तहरू कुनै पनि विकल्पले रहित हुन्छन् र कामजवनले युक्त पनि हुँदैनन् । यद्यपि ती वीथिमुक्त चित्तहरू कामजवनले रहित हुन्छन् र वीथिविनाका हुन्छन् तापनि अनुशय धातुबाट मुक्त भएका हुँदैनन् । कामजवनवीथि भनेको अनुशय धातुले प्रभावित भैसकेका वीथि हुन् । वास्तवमा वीथिमुक्त चित्तमा पनि अनुशय धातुहरू सुतेको झैं गरी (सुषुप्त भएर) रहेका हुन्छन् । त्यसैले नै फेरि वीथि उत्पाद हुँदाखेरि जवन क्षण शुरु हुनासाथ यी अनुशय धातुहरू पुनः क्रियाशिल भइहाल्छन् ।

कामजवनवीथि भनेका ती वीथि हुन् जहाँ सबै संयोजन (१० संयोजनहरू नै) पूर्ण रूपमा क्रियाशील रहन्छन् । वीथिमुक्त चित्त भनेका सुषुप्ति/प्रतिसन्धि/च्युति/भवाङ्ग क्षणका चित्त हुन् । महद्गत जवन वीथि भनेका महद्गत योगीको चित्तका वीथिहरू हुन् । यहाँ काम/क्रोध/मोहहरू धेरै कमजोर हुन्छन् । त्यसकारण यिनीहरूका जवनमा कामचित्त/काम जवन चित्तको जत्ति काम-क्रोध-मोहको वासना प्रवल हुँदैन । तर पनि तिनीहरू त्यहाँ अझै पनि क्रियाशील हुन्छन् । त्यसैले नै ती पनि काम जवन नै हुन् ।

महद्गत गोत्रको चित्त हुनको लागि कम्तिमा पनि प्रथम ध्यानमा पस्नै पर्छ । अनि जब द्वितीय, तृतीय हुँदै चतुर्थ ध्यानतिर बढ्दै जानुहुन्छ तब यी काम-क्रोध, मोह आदि झन् झन् क्षीण हुँदै जान्छन् । तर त्यसमा अनुशय धातुहरूलाई काट्ने कुनै पनि उपाय नपाइने भएकोले र वीथिमुक्त चित्त पनि अनुशयले भरिपूर्ण भएकोले गर्दा चतुर्थध्यानभूमिका जवन समेत पनि अनुशय धातुले युक्त हुन्छन् । यसैले ती पनि काम-जवन-चित्त नै हुन् ।

परन्तु चतुर्थ ध्यानमा बस्दा स्वयं त यति शान्त र उपेक्षाले युक्त एवं शुद्ध, स्पष्ट होशमात्रको अनुभव भइराख्छ कि यी वीथिमुक्त चित्तमा समेत पनि अनुशय धातु हुन्छन् भन्ने बारेमा जानकारी नभएका परम्पराको योगीले यस्ता अवस्थामा रहनुलाई ज्ञान प्राप्त भएको भन्ने ठानेर झुक्किन्छन् र

आफूलाई ज्ञान प्राप्त भैसकेको ठान्छन्। उनीहरूले पूर्ण कामजवन चित्तवालाले जस्तो दुःख आदि अनुभव गर्नु पनि पर्दैन। उनीहरू सधैं आनन्दमा मस्त रहन्छन्। उनीहरूको चित्त सधैं नै असाधारण रूपमा स्पष्ट हुन्छ। विकल्पात्मक सोचाइहरू धेरै नै कम मात्रामा आउने गर्छन्। उनीहरूले जगतको अनुभव गर्दाखेरि सजिलैसित यो सोच्न सक्छन् कि **"मलाई त 'दृष्टे दृष्टमात्रं भविष्यति, श्रुते, मते, विज्ञाते विज्ञातमात्रम्'"** (देख्दा देखेको मात्र, सुन्दा, सोच्दा, थाहा पाउँदा थाहा पाएको मात्र हुनेछ) भनेको ठ्याक्कै अनुभव भैरहेको छ।

जब त्यस्ता प्रथम/द्वितीय/तृतीय/चतुर्थ ध्यानिक महद्गत योगीले नारायणको टाउकोलाई देख्छन् तब उनीहरूको विकल्प पनि धेरै कम हुन्छन्, होश धेरै स्पष्ट हुन्छ र तीक्ष्ण हुन्छ, जवनमा काम-क्रोध-मोहको तनाव पनि धेरै फिका हुन्छ। त्यसकारण उनीहरूले ठान्छन् कि, 'मैले टाउको देख्दा केवल टाउको मात्र देखेको अनुभव गर्दैछु'। यस्ता योगीहरूमा यस्तो विश्वास दह्रोसँग जमेको हुन्छ। यसै कारणले यस्ता योगीहरूले सुन्नै चाहन्न याने कुनै लोकोत्तर योगीले यो त अझै साँच्चिकै "दृष्टे दृष्टमात्रं ..." को पूरा अनुभव होइन भन्न खोज्यो भने विल्कुलै सुन्न चाँहदैनन्, पत्याउँदैनन्।

यदि यस्ता महद्गत योगीहरूको सिद्धि-ऋद्धि पनि रहेछ भने त झन् उनीहरूले आफूले परमार्थ सिद्धि गरिसकेको भन्ने विश्वासमा अझै बलियोसँग जकडिन पुग्दछन्। अनि त त्यस्ता योगीहरूलाई आफ्नो त्यो अवस्थाबाट खसेर फेरि आफ्ना अनुशय धातु (काम/क्रोध/मोह) आदिले पूर्ण रूपमा झुलाउन थालेका थाहा पाउन सयौं कल्पभन्दा बढी लाग्छ।

जब हामीले यसौं कल्प बितेको बारेमा कुरा गर्छौं, तब यी योगीहरू त झन् सामान्य काम जवन चित्तवाला पृथग्जनभन्दा पनि अभागी ठहर्न पुग्छन् किनकि ती पृथग्जनले त अहिले प्रशंसा गरिने त्यस्ता योगीले भन्दा धेरै नै छिटो लोकोत्तर चित्त प्राप्त गर्ने सम्भावना हुन्छ। यी सामान्य कामजवनवाला पृथग्जनहरूले त ती सिद्धि-ऋद्धिमान् महद्गत योगीले

भन्दा लोकोत्तर योगीका कुरा बढी नै सुन्न सक्छन् ।

यो कुरालाई हामीले पहिले नै धेरैपटक छलफल गरिसक्यौं । तर आज फेरि यही कुरालाई हामीले जवन र वीथिको दृष्टिकोणबाट हेर्दैछौं । कृपया यो ध्यानमा राख्नुहोस् कि हामीले यहाँ सही सच्चा महद्गत योगीको चित्तको अवस्थाको बारेमा, जसले गोत्र परिवर्तन गरेको हुन्छ - र एक लोकोत्तर योगीको बारेमा - जसले पनि गोत्र परिवर्तन गरेको हुन्छ - तुलना गर्दछौं । गोत्र परिवर्तन हुनको लागि समाधिको अवस्था एक प्रकारको विशेष वीथि प्रक्रियाबाट चित्त जानुपर्छ । यो वीथिको बारेमा हामी पछि कुरा गरौंला ।

हामीले ती व्यक्तिको कुरा गरेका होइनौं जसले सम्प्रजन्य (होश) को केही तह हासिल गरेका छन्, स्पष्टता र आनन्दको तह प्राप्त गरेका छन्, त्यो पनि यता उता उफ्रने र थकित भएर विचारशून्य हुने जस्ता बडो कृत्रिम तरिकाबाट । यस्तो होशको अझै पनि पूर्ण प्रवल कामजवन नै हुन्छ । महद्गत जवन चित्त हुनलाई चित्तले समाधिको अवस्थामा गोत्र बदलेको हुनुपर्छ । चित्तले गोत्र नबदलुञ्जेलसम्म त यो चित्त जतिसुकै स्पष्ट, निर्विकल्प, आनन्दमय भए पनि कामधातु कामजवन कै चित्त हुन्छ र महद्गत जवन पनि भएको हुँदैन । लोकोत्तर जवनको त कुरै छोडौं । लोकोत्तर चित्त पनि गोत्र बदल्ने खालको एक विशेष वीथिद्वारा प्राप्त हुन्छ । तीनै जवन (काम, महद्गत, लोकोत्तर) वाला चित्तमा आनन्द-स्पष्टता र निर्विकल्पता हुनसक्ने भएकोले यी तीन किसिमका जवनको भिन्नता थाहा नपाएका व्यक्तिले सजिलैसित मिसमास गर्ने सम्भावना हुन्छ । त्यसकारण आनन्द, स्पष्टता, निर्विकल्पता (bliss-clarity-thoughtlessness) प्राप्त गर्दैमा हुँदैन ।

अब प्रश्न स्वभाविक रूपमै उठ्न सक्छ कि महद्गती या अझ कामजवनवाला चित्तले पनि अविकल्प, शुद्ध होश आदि प्राप्त गर्न सक्छ भने त्यो लोकोत्तर नभएपनि के फरक पऱ्यो त ? याने त्यो अवस्थामा गलती नै के भयो त ? यसको उत्तर नागर्जुनकै बोलिमा दिऊँ - मूल माध्यमिक कारिका १८.५मा उँहाले भन्नुहुन्छ :-

**कर्मक्लेशक्षयान्मोक्षः कर्मक्लेशा विकल्पतः**

**ते प्रपञ्चात् प्रपञ्चस्तु शून्यतायां निरुध्यते ।**

श्लोकले भन्छ कि कर्म र क्लेशहरूको क्षय भएपछि मोक्ष हुन्छ। कर्म र क्लेशहरू विकल्पबाट आउँछन् र ती विकल्पहरू प्रपञ्चबाट आउँछन् । यो प्रपञ्च चाहिँ शून्यतामा आएर निरोध हुन्छ ।

हामीले विकल्पको बारेमा त पहिले नै विस्तारमा छलफल गरिसकेका छौं । कर्म र क्लेशको बारेमा भने अझै राम्रोसँग परिभाषा गर्न बाँकी छ । यो पछि गरौंला । अहिले क्लेश भनेको तृष्णा हो जुन द्वादशनिदानको आठौं प्रत्यय हो र कर्म भनेको दशौं प्रत्यय (कर्मभव) हो । जुन अर्को भवचक्रका निमित्त सारतः कर्म संस्कार हुन्छ। अविद्यापछिको दोस्रो प्रत्यय क्लेश र कर्मको क्षय भएपछि मात्र मोक्ष हुन्छ। अर्थात् द्वादश निदानको तृष्णा-उपादान-कर्म को चक्रलाई रोकेपछि मात्र मोक्ष हुन्छ। **(कर्म-क्लेशक्षयान्मोक्षः)** ।

कर्म उपादानको कारणले हुन्छ र उपादान तृष्णाको कारणले हुन्छ। तृष्णा भनेको के हो ? तृष्णा भनेकै वेदनाका प्रत्येक क्षणपछि कृयाशील भएर आएका संस्कार (दोस्रो प्रत्यय) या कृयाशील भएका अनुशय धातुहरू हुन् । अभिधर्मकोष भाष्यमा भनिएको छ **-सुखायां रागोऽनुशेते, दुःखायां द्वेषः, अदुःखासुखायां मोहः** - याने सुखा वेदनामा राग सुतेको हुन्छ **(अनुशेते-अनुशय धातु)**, दुःख वेदनामा द्वेष सुतेको हुन्छ, अदुःखासुखा वेदनामा मोह सुतेको हुन्छ । यो सबै अनुशयधातु/वासना/संस्कार आदिको रूपमा रहेको हुन्छ । त्यस वेलामा (वेदनामा) त ती अनुशयधातुहरू सुतेको या बीजावस्थ (latent form) रूपमा हुन्छन् तर अर्को अवस्था (तृष्णा) मा आएर ती विकल्पको रूपमा निस्कन्छन् याने वीथिको रूपमा पूर्ण रूपले निस्कन्छन् ।

अतः विकल्प रोक्दा तृष्णा त क्षणिक रूपमा व्यक्त हुनबाट रोकिएला तर यसबाट मात्र बीजावस्थक्लेश (अनुशय धातुहरू) नष्ट हुँदैनन्, जुन प्रत्येक वेदनाक्षणसम्म एउटा बाघ सुतेजस्तै गरी सुतिरहेका हुन्छन् । जबसम्म

यी अनुशयधातुहरूलाई नष्ट गरिँदैन तबसम्म विभिन्न उपाय लगाएर विकल्प रोक्दैमा या स्पर्श -वेदना आदिलाई रोक्दैमा मात्र अनुशय धातुलाई त छुँदै पनि छुँदैन। यदि यहाँ विकल्प भएनन् भने अनुशय धातुहरू बिरालोले मूसालाई ढुकेर बसेझैं, वेदना क्षणमा व्यक्त हुनको निमित्त पर्खेर रहेका हुन्छन्। यदि स्पर्श-वेदना नै त्यहाँ भएन भने अनुशयधातुहरू बिरालो सुतेझैं तबसम्म सुतिरहन्छन् जबसम्म चित्तमा संस्कारको रूपमा निस्किने बेला आउँदैन।

नागर्जुन भन्नुहुन्छ -**"ते प्रपञ्चात्"** याने ती विकल्प वीथिहरू प्रपञ्चको क्षणबाट मात्रै अनुशयधातु सहित नष्ट हुन्छन्। यसोभए प्रपञ्च भनेको के हो त ? सर्वप्रथम नागार्जुनको मूल माध्यमिकारिकाको प्रज्ञाप्रदीप भन्ने भाष्यमा विकल्पका सन्दर्भमा यस्तो भनिएको छ -**"दुःखादुः खसकलकल्पना विकल्पेभ्यः"** - याने विकल्प वीथिहरू (जुन सबै मनोद्वारिका वीथि हुन्) बाटै सम्पूर्ण दुःख, सुख आदि कल्पना उत्पन्न हुन्छन्। यसले देखाउँछ कि विकल्पवीथि भनेको त्यस्ता प्रक्रियाहरू हुन् जसले वेदनालाई विभिन्न धारणाहरूको रूप दिएर तृष्णा उत्पन्न गर्छन्। परन्तु विकल्पहरू प्रपञ्चबाट आउने भएकाले हामीले प्रपञ्च भनेको के हो भन्ने बुझ्नु आवश्यक हुन्छ। नागार्जुनको मूल माध्यमिककारिकाको चन्द्रकीर्तिकृत भाष्य प्रसन्नपदामा र बुद्धपालितको भाष्यमा पनि भनिएको छ -**"व्यवहारसत्याभिनिविष्टलक्षणः प्रपञ्चः"** अर्थात् व्यवहार सत्यलाई ग्राह गर्ने लक्षण नै प्रपञ्च हो।

व्यवहार सत्य के हो ? म -मेरो, तिमी-तिम्रो, ज्ञाता-ज्ञेय, कर्ता, घडा, कपडा, रथ, मुकुट, रूप, वेदना, स्त्री, पुरूष र अष्ट लौकिक धर्म -लाभ, अलाभ, सुख, दुःख, यश, अयश, निन्दा, प्रशंसा आदि किसिमको कुरा नै व्यवहार सत्य हो। त्यसकारण यस्ता कुराको स्वभावसिद्धता प्रति ग्राह (अभिनिवेश -grasping) हुनु नै प्रपञ्च हो। यिनीहरूको नाम आदिबाट ग्रहण गर्नु विकल्प हो। छोटकरीमा भन्दाखेरि प्रपञ्च भनेको सहज ग्राहमा जरा हालेको हुन्छ जसले 'म' र 'यो जगत्' मैले अनुभव गरे जस्तै रूपमा साँच्चिकै छ, याने स्वभावसिद्ध रूपमा छ भन्ने प्रवल धारणालाई समातेको

हुन्छ। यो स्वयं अविद्या पनि हो र विशेष गरेर सत्कायदृष्टिको रूपमा हुन्छ। यो प्रपञ्चलाई बढावा दिने काम पुराना संस्कार/चेतना/वासना/अनुशयधातु आदिले गर्दछन् र नयाँ अनुशय धातु बनाउँछन्। पहिलेका अनुशयधातु/वासना आदि भनेका द्वादश निदानका द्वितीय प्रत्यय हुन्। प्रपञ्च-वेदना-विकल्प-तृष्णा र उपादानको श्रृंखलाबाट उत्पन्न भएको नयाँ अनुशय धातु नै (कर्म) भव हो र यसले पनि प्रपञ्चलाई निरन्तरता दिनको लागि घीउ थप्ने काम गर्छ। त्यसकारण जबसम्म यो प्रपञ्चको अन्त्य हुँदैन तबसम्म विकल्प/अनुशयधातुको अन्त्य हुँदैन।

प्रपञ्चको अन्त्य कसरी हुन्छ त ? **"प्रपञ्चस्तु शून्यतायां निरुध्यते"** भनेर नागार्जुन भन्नुहुन्छ। याने प्रपञ्च शून्यतामा निरूद्ध हुन जान्छ। यसको मतलब के हो भने जब तपाईंले जगत्लाई (विषय र विषयी दुवैलाई नै ) निःस्वभाव देख्न थाल्नुहुन्छ तब मात्र अनुशय धातुहरूको जरो नै काटिन्छ। मैले जगत्लाई समात्ने, ग्राह गर्ने, पक्रने गर्छु किन कि मैले साँच्चिकै अस्तित्व भएको, 'वस्तुसत्' भन्ने रूपमा यसलाई ग्रहण गर्छु (perceive), जसले सुख दिनुपर्छ भन्ने मेरो मान्यता हुन्छ। यहाँ हामीले प्रयोग गरेको शब्द 'जगत्' ले हामीले भन्ने 'म' र 'मेरो' (आत्मा र आत्मीय) दुबैलाई नै जनाउँछ। प्रपञ्चले आत्म ग्राह (याने आत्मा र आत्मीयहरूको स्वभावसिद्ध सत्ताप्रतिको विश्वास) नै जरा गाडेको हुन्छ। आत्मा भनेको 'म' हो र आत्मीय भनेको 'मेरो' याने जगत् हो। प्रपञ्चलाई नष्ट पार्ने एक मात्र तरिका हो संस्कृत या असंस्कृत सबै धर्महरूलाई निःस्वभाव छन् भन्ने ज्ञान हुनु। अर्थात् शून्यता ज्ञान हुनु।

यहाँ 'ज्ञान' भनेको भावना मार्गीय प्रज्ञाद्वारा भएको ज्ञान हो न कि केवल श्रुतमयी या चिन्तामयी प्रज्ञाबाट भएको ज्ञान मात्र। शून्यताका प्रवचनहरू सुन्दैमा या पढ्दैमा मात्र प्रपञ्च काटिँदैन। यो केवल श्रुतमयी प्रज्ञाको ज्ञान हो। न त यसको बारेमा धेरै पटक चिन्तन गर्दैमा त्यो प्रपञ्चको अन्त्य हुन्छ। यो केवल चिन्तामयी प्रज्ञा हो। यो त क्रमशः श्रुतमयी प्रज्ञाबाट चिन्तामयी प्रज्ञा हुँदै गएर भावनामयी प्रज्ञाबाट मात्र

काटिन्छ । जब प्रपञ्चको नाश हुन्छ तब त्यसमा जरा गाडेर बसेको विकल्पको पनि नाश हुन्छ । जब विकल्पको नाश हुन्छ तब जरा गाडेर बसेका कर्म र क्लेशहरूको पनि नाश हुन्छ । जब कर्म र क्लेशहरूको एक हदसम्म नाश भैसक्छ तब ऊ दर्शनमार्गमा प्रवेश गर्छ र अन्त्यमा मोक्ष प्राप्त हुन्छ **(कर्मक्लेशक्षयान्मोक्षः)** ।

तर शून्यता त अनात्मासँग धेरै नै नजीकबाट सम्बन्धित छ । अनात्माका पनि धेरै तहहरू छन् । त्यसको सम्बन्धमा सूक्ष्मतम र गम्भीरतम तह नै शून्यता हो । अनात्मा फेरि अनित्यसँग धेरै नजिकबाट सम्बन्धित छ जसले अनित्यको अनुभव गरेका छैनन् उनीहरूले वास्तवमा पूर्णरूपले अनात्माको अनुभूति गर्न सक्दैनन् । फेरि अनित्य पनि दुःखसँग बढी नजीकबाट सम्बन्धित छ । त्यसकारण शून्यताको ठोस अनुभूति हुनको लागि अनित्य-अनात्मा-दुःखको ठोस अनुभव हुनु पूर्वाधार बन्न आउँछ । यही पद्धति नै प्रपञ्चको विनाशको लागि एक मात्र मार्ग हुन आउँछ जुनविना बोध सम्भव हुँदैन । मार्गमार्ग छुट्याउने र आर्यको शिक्षा हो कि अनार्यको शिक्षा हो भन्ने छुट्याउने मुख्य कुरा यही हो ।

यदि शिक्षामा अनित्य -दुःख-अनात्मा र अन्तमा शून्यताको साक्षात्कार गराउने तरिका हुन्छ भने त्यो सम्यक् मार्गको र आर्यको तरिका हो । यदि एक गुरूका शिक्षाहरूमा अनित्य-दुःख-अनात्मा र शून्यताको बारेमा क्रमबद्ध तरिका पाईदैन भने यो अमार्गमा हुन्छ र आर्यको शिक्षा हुँदैन । अनित्य-दुःख-अनात्मा र शून्यताका बारेमा सिकाउने धेरै धेरै तरिकाहरू छन् । त्यसैले बौद्ध अभ्यासका धेरै तरिकाहरू छन् । यदि कोही गुरूले सिकाउने शिक्षा र ध्यान विधिहरूले यी कुरालाई अपनाएका छन् भने त्यो गुरू सद्गुरू हुन सक्छ । यदि यी कुराहरू छैनन् भने पटक्कै पनि ऊ सद्गुरू हुँदैन । यहाँ पनि सद्गुरूहरू र मार्गामार्गको मूल्याङ्कन गर्ने एउटा धारणात्मक सामग्री (conceptual equipment) फेला पर्दछ । यो धारणात्मक सामग्रीले तपाईंहरू सबैले कुनै मार्ग सम्यक्मार्ग हो कि मिथ्या मार्ग हो, कुनै ध्यान विधिले कर्म-क्लेशलाई क्षय गर्छ कि गर्दैन, कुनै तरिका दुःखनिरोधगामी छ

कि छैन, कुनै गुरूको शिक्षा ठीक छ कि छैन, त्यो गुरू सद्गुरू हो कि होइन भन्ने कुराको सजिलै सित मूल्याङ्कन गर्न सक्नुहुन्छ।

हामीले तथागतको जीवनीलाई अगाडि बढाउँदै जाने भन्ने मान्यता राखेका थियौं। अहिलेको प्रसङ्ग उहाँको बोधि प्राप्त गर्ने क्रममा आइपुगेको हुनाले र अर्को महिना बैशाख पूर्णिमा भएको महिना परेकोले त्यस दिन उहाँले बोधि प्राप्त गर्नुभएको साइत सम्झेर उहाँले बोध प्राप्त गरेको कुरा बैशाखमै भन्ने विचार गरेका छौं।

तैपनि यो प्रवचनको अन्त्य गर्नुभन्दा अघि छोट्करीमा मनोद्वार वीथिको बारेमा बताउन चाहन्छु। विस्तारमा अर्को महिनामा बताऔंला। मनोद्वारवीथिहरू मुख्यतया दुई किसिमका हुन्छन् १) कामजवनवार वीथि २) अर्पणा जवनवार वीथि। कामजवनवार वीथि भनेको काम चित्त वाला पुद्गलका सबै मनोद्वारवीथिहरू हुन्। यिनीहरूका जवनहरू स्वतः नै कामजवन हुने भएकाले काम जवनवार वीथि भनिएको हो। कामचित्तले महद्गतको या लोकोत्तरको रूपमा गोत्र परिवर्तन गर्दाखेरि वीथिको बीचमै जवनमा परिवर्तन आउँछ। त्यो वीथिलाई अर्पणा जवनवार वीथि भन्दछन्। अर्पणा या 'मौल' भनेको प्रथम/द्वितीय/तृतीय/चतुर्थ आदि ध्यानमा या लोकोत्तर चित्तमा स्थापना हुने जवन हो। यसको अर्थ 'पूर्ण हुनु', 'प्राप्त गराउनु' आदि हुन्छ। कामजवनवार वीथिहरू मुख्यतया तीन प्रकारका छन् -१) तद्नुवर्तक वीथि, २) शुद्धमनोद्वारवीथि र ३) अव्याकृत स्वप्नवीथि। तदनुवर्तक भनेको त्यसकै पछि लाग्ने भनेको हो। यो चाहिँ मनोविज्ञान हो र पञ्चद्वारवीथिकै पछि लाग्ने वीथि हो। माथिको तालिकामा देखाइएको बयान गर्दा हामीले अतीतग्रहण मनोद्वारवीथिको कुरा गरेका थियौं। त्यो एउटा तदनुवर्तक वीथि हो। शुद्धमनोद्वारवीथि चाहिँ कुनै पनि पञ्चद्वार वीथिको पछि नलागिकन शुद्ध रूपमा स्वयं मनमा उत्पन्न हुने वीथि हो। शुद्धमनोद्वारवीथि पनि तीन प्रकारका छन् - १) जवनवार वीथि (यी जवनसम्म पुग्छन्), २) तदालम्बनवार वीथि (यी तदालम्बनसम्म पुग्छन्) र ३) अवशिष्टालम्बन वीथि (यी वीथिहरूका बाँकी रहेका

आलम्बन हुन्छन्) । हामी यिनीहरूको बारेमा अर्को बोधिपुष्पाञ्जलिमा विस्तारमा जाऔंला ।

कृपया यो बोधिपुष्पाञ्जलिलाई निकै राम्रोसँग अध्ययन गर्नुहोस् र सबै पारिभाषिक शब्दहरूलाई राम्रोसँग ग्रहण गर्नुहोस् नत्रभने अर्को बोधिपुष्पाञ्जलि झन् बुझ्नुहुने छैन ।

वीथि चित्त

पञ्चद्वारवीथहरू ४x५=२० प्रकारका — मनोद्वारवीथि

मनोद्वारवीथि: काम जवनवार वीथि — अर्पणा जवनवारवीथि

काम जवनवार वीथि: तदनुवर्तक मनोद्वारवीथि — शुद्ध मनोद्वारवीथि — अव्यकृतस्वप्नवीथि

शुद्ध मनोद्वारवीथि: जवनवार वीथि — तदालम्बनवार वीथि — अवशिष्टालम्बन वीथि

यो तालिकाले तपाईंहरूका मुख्य मुख्य मनोद्वारवीथिहरूलाई सम्झिन मद्दत गर्नेछ । यी प्रमुख वीथिहरूसँग तपाईं परिचित हुनुभएन र यी नामहरूलाई याद गर्नुभएन भने अर्को महिनामा मनोद्वारवीथिमा विस्तारमा जान गाह्रो होला ।

**ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत् ।**

**तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः**

**वातुल वासल वज्र**

नेपाली अनुवाद - **नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**

## बोधिपुष्पाञ्जलि-२०

त्रि-रत्न शरणम्

नमो अमिताभाय बुद्धाय

इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति

हामी अझै पनि विचिकित्सा र त्यसको प्रतिपक्ष श्रद्धेन्द्रियको बारेमा कुरा गर्दैछौं जुन कामधातुमा हुने कामचित्त गोत्रवालाहरूमा बलियो अवस्थामा पाइने दश संयोजन मध्येको एउटा हो। कामधातुभित्र नरक, प्रेतलोक, तीर्यग्लोक, मनुष्यलोक र सात प्रमुख देवलोकहरू पर्छन्। श्रद्धेन्द्रियको विकासको भागमा तथागतको जीवन कथालाई लिएका थियौं। आज वैशाख हो र बैशाख पूर्णिमाको दिनमा नै तथागतले आफ्नो त्रि-असंख्य-कल्प-नाटकलाई वज्रासनमा पूरा गर्नुभएको थियो। त्यसैले यो वैशाखको प्रकरणमा उहाँको बुद्धता प्राप्तिको प्रसंग मिल्न आएको छ। तर तथागतको जीवनीतिर लाग्नुभन्दा अगाडि हामी एक पटक वीथिकै बारेमा जाऔं। अघिल्लो महिनामा हामीले पञ्चद्वार वीथिको बारेमा पूर्णरूपले बताएका थियौं र यस पटक हामी दोस्रो प्रकारको वीथिको बारेमा कुरा गर्नेछौं जसलाई मनोद्वारवीथि भनिन्छ।

हामीले पहिले नै भनिसकेका थियौं कि मनोद्वारवीथिहरू तीन प्रकारका हुन्छन्। १) अर्पणाजवनवारवीथि, २) शुद्ध मनोद्वार वीथि र ३) तदालम्बनवार वीथि। यो वैशाखको १ गते तपाईंहरूलाई अरू कार्यक्रमहरू पनि गर्नुपर्ने भएकोले यो बोधिपुष्पाञ्जलि अरूभन्दा छोटो हुनुपर्छ। अतः हामीले अर्पणाजवनवार वीथिको बारेमा मात्र चर्चा गर्नेछौं, जसभित्र दर्शनमार्ग आदिमा प्रवेश गर्दाखेरिको वीथि पर्दछ र तथागतले बोधि प्राप्त गर्दाखेरिको कुरा पनि आजै चर्चा हुनु छ।

सर्वप्रथम त तदनुवर्तक मनोद्वार वीथि भनेका ती वीथि हुन् जसले पञ्चद्वार वीथिकै अनुसरण गर्दछन् (अनुवर्तन)। “मैले यस्तो देखें, यस्तो सुनें” भन्ने जस्ता अनुभूति हामीलाई तब मात्र स्पष्ट रूपमा हुन्छन् जब यी

तदनुवर्तक मनोद्वार वीथिहरू पूरा भैसक्छन् ।

दोस्रो, शुद्ध मनोद्वार वीथि भनेका मनको द्वारमा उत्पन्न हुने ती वीथि हुन् जसको पञ्चद्वार वीथिसँग त्यस्तो सीधा सम्बन्ध (sequence) हुँदैन तैपनि शुद्ध रूपमा मनका घटनाका रूपमा उत्पन्न हुन्छन् र पञ्चद्वार वीथिसँग कुनै पनि सम्बन्ध राख्दैनन् । उदाहरणका लागि यदि तपाईंले आफूलाई तारा, गुरू पद्मसम्भव या वज्रसत्वको रूपमा भावना गर्नुभयो भने त्यो भावना (visualization) शुद्ध मनोद्वारिक वीथिको रूपमा सम्पन्न हुन्छ । यी दुई मनोद्वार वीथिहरूको बारेमा हामीले अर्को बोधिपुष्पाञ्जलिमा विस्तरामा चर्चा गरौंला । अर्पणाको सम्बन्धमा भने यी त्यस्ता वीथि हुन् जसले कुनै व्यक्तिलाई प्रथम, द्वितीय, तृतीय या चतुर्थ ध्यान या लोकोत्तर आदि स्थितिमा स्थापना गराउँछन् । अर्पणाको अर्थ हुन्छ राख्नु या स्थापना गर्नु ।

अर्पणा वीथिभित्र जम्मा सात प्रकारका वीथिहरू पर्दछन् -

१) परिनिर्वाण वीथि

२) मरणासन्न वीथि याने मर्ने वेलामा चित्तमा उत्पन्न हुने वीथि

३) निरोधसमापत्ति वीथि । निरोध समापत्ति भनेको एक विशेष प्रकारको समाधि हो जसमा हाम्रो यो द्वैत चित्त सन्तान (flow of dualistic mind) पूर्ण रूपमा निरोध हुन्छ र त्यो अवस्था सात दिनसम्म पनि रहन सक्छ । धेरै माथिल्लो तहका आर्य (आठौं भूमिभन्दा माथिका) या अर्हत् या अनागामीहरू मात्र त्यो समाधिमा जान सक्छन् ।

४) फलवीथि, जहाँ चित्तले स्रोतापत्ति या दर्शनमार्गको अवस्थालाई प्राप्त गर्छ ।

५) मार्ग वीथि, जुन बेलामा चित्त फल प्राप्त गर्नु अघि मार्गको अवस्थामा हुन्छ । यहाँ मार्ग भनेको अभ्यासको दर्शनमा भनिने मार्ग होइन, लोकोत्तर अभ्यासकै मार्ग पनि होइन,

यो त गोत्र बदलिनुभन्दा अघि या पछि क्षणिक रूपमा उत्पन्न हुने विशेष प्रकारको चित्त हो। यहाँ मार्ग भन्ने शब्द एक विशेष खालको सन्दर्भमा प्रयोग गरिएको हुन्छ।

६) अभिज्ञा वीथि, जुन अभिज्ञा उत्पन्न हुनको लागि आवश्यक पर्छ।

७) ध्यान वीथि - यिनीहरू शमथ र महद्गत गोत्रका वीथिहरू हुन्।

अब हामी अर्पणा वीथिको बारेमा विस्तारमा जाऔं। सबै अर्पणा वीथिहरूले आफ्नो आलम्बनलाई अति स्पष्टसँग अनुभूति गर्दछन्।

अर्पणा जवनवार वीथि

| परिनिर्वाण वीथि | मरणासन्न वीथि | निरोध समापत्ति वीथि | फल वीथि | मार्ग वीथि | अभिज्ञा वीथि | ध्यान वीथि |
|---|---|---|---|---|---|---|

ध्यान वीथिमा पृथ्वी आदि आलम्बनहरू लिइएको छ भने मात्र तिनीहरू अत्यन्त स्पष्ट भएपछि अर्पणामा पुगिन्छ। त्यस्तै मार्ग वीथि र फल वीथिमा निर्वाण आलम्बन हुन्छ र निर्वाणको अनुभूति हुँदाखेरि जहिले पनि अत्यन्तै स्पष्ट नै हुन्छ किनकि अर्पणाजवनवार वीथिको रूपालम्बन हुँदैन। अतः निर्वाण या कात्स्न्र्य विज्ञप्ति जस्ता कुराको लागि अतीत-भवाङ्गक्षणको (अ्) आवश्यकता नै पर्दैन। यो वीथि तत्काले चा (भवाङ्ग चालन) बाटै शुरु हुन्छ। चा पछि उ् हुन्छ। अनि मनोद्वारावर्जन (म-पञ्चद्वारवर्जनको सट्टा)। अनि सबै प्रकारका मनोद्वार वीथिहरूको निमित्त सम् सन् व्य को आवश्यकता हुँदैन किनकि यहाँ आलम्बन भनेको कुनै वेग्लै बाहिरी वस्तु नभएर चित्त स्वयंकै एक प्रकार हुन्छ। त्यसैले तुरून्तै जवन भैहाल्छन् (ज़)। यहाँ अर्पणा जवनवार वीथिहरूको सम्बन्धमा चार विशेष प्रकारका भिन्दै जवनहरू हुन्छन्। तिनीहरूलाई परिकर्म (परि), उपचार (उप), अनुलोम (अनु) र गोत्रभू (गो) भनिन्छ।

यसको अर्थ के हो भने एक जवन क्षण आफ्नो सङ्कल्प, इच्छा र अभिज्ञा या निर्वाण आदिमा निमित्त चित्तमा अर्पणा उत्पन्न गराउने प्रत्यय स्वरूप अभ्याससँग सम्बन्धित हुन्छ। त्यसैलाई नै परिकर्म (परि) क्षण भनिन्छ। त्यसपछिको जवन क्षणले झण्डै आफूले खोजेको फलको अवस्थालाई अनुभूति गर्छ। त्यसैलाई उपचार क्षण (उप) भन्दछन्। उपचारको अर्थ नै नजिकमा चर्नु (पुग्नु, घुम्नु) भन्ने हुन्छ। उदाहरणका लागि शमथ अभ्यासमा उपचार समाधि भनेको अर्पणा समाधिको ज्यादै नजीकको र उस्तै खालको समाधि हो। अर्पणा समाधि भनेको साँच्चिकै समाधिमा स्थापित हुनु हो। यी दुई शब्दहरूले परिनिर्वाण, दर्शनमार्ग जस्ता अवस्थाहरूको नजिकै पुग्नु र ती अवस्थामा साँच्चिकै स्थापित हुनुलाई जनाउँछन्। अनि उप पछिको जवन क्षण अनुलोम (अनु) हो जसमा चित्त साँच्चिको नयाँ समाधितिर या दर्शनमार्ग आदिमा प्रवेश गर्नको लागि जान्छ। अनि जवनले गोत्र परिवर्तन भएको अनुभव गर्छ याने 'गोत्रभू (गो) क्षण आउँछ। त्यसको अर्थ हुन्छ चित्तको नयाँ समाधिको अवस्थामा परिणत हुनु याने दर्शनमार्ग, अभिज्ञा, परिनिर्वाण आदिमा बदलिनु।

'मन्दप्रज्ञ' र 'धन्दाभिज्ञ' व्यक्तिहरूमा उनीहरूले चाहेको अर्पणमा प्रवेश हुन यिनै चार जवन क्षण (परि उप अनु गो) लाग्छन्। 'तीक्ष्णप्रज्ञ' र 'क्षिप्राभिज्ञ' व्यक्तिहरूलाई परि क्षणको आवश्यकता नपर्ने हुन्छ र तुरून्तै 'उप' जवन आउन सक्छ।

आठ प्रकारका ज्ञानसम्प्रयुक्त जवन चित्त हुन्छन्। त्यस्तै पृथग्जन र शैक्षहरूमा पाइने चार प्रकारका महाकुशल जवन चित्त हुन्छन् र अर्हत्मा पाइने चार प्रकारका महाक्रिया जवन हुन्छन्।

यहाँ यो मनमा लिइराख्नु राम्रो हुन्छ कि आठौं भूमिभन्दा माथिका बोधिसत्व र अर्हत्हरूको बाहेक अरू सबैको चित्त काम जवन चित्त हुन्छ। त्यसको अर्थ हो अझै पनि त्यहाँ जवनमा अनुशय धातुका वासनाहरू हुन्छन्। परन्तु कामचित्तका पृथग्जन, महद्गत चित्तका पृथग्जन र शैक्षहरूका चित्तमा ती वासनाहरूको संख्या र प्रबलता भने धेरै फरक पर्दै गएको हुन्छ।

शैक्ष भनेका ती हुन् जो आर्य भैसकेका हुन्छन् तापनि अझैं सिक्नुपर्ने अवस्थाका हुन्छन् याने सिकेको फ्याँक्न (उत्शिक्षण) अझै सिक्नुपर्ने हुन्छ। (तब मात्र अशैक्ष बन्छन्) अतः स्रोतापन्न, सकृदागामी, अनागामी र प्रथम देखि आठौं भूमिसम्मका बोधिसत्वहरू पनि 'शैक्ष' कहलाइन्छन्।

अशैक्ष भनेको ती हुन् जसले प्रत्येक संस्कार र अनुशय धातुहरूलाई उत्शिक्षण (निकालेर फाल्ने सिकाई -unlearn) गरिसकेका हुन्छन्। त्यसकारण उनीहरूलाई उत्शिक्षण (unlearn) गर्न सिक्नुपर्ने केही पनि बाँकी हुँदैन। अर्हत् र आठौं भूमिभन्दा माथिका बोधिसत्वहरूलाई अशैक्ष भन्छन्। उनीहरूका अनुशय धातु र वासनाहरू बाँकी हुँदैनन्। त्यसैले उनीहरूका जवन शुद्ध क्रियाजवन हुन्छन् र अनुशयले अवरोध नगरेर मुक्त भएका जवन हुन्छन्। त्यही भएर ती जवनहरूलाई 'महाक्रिया-जवन' भनिएको हो। आफ्ना जवनहरू महाक्रिया जवन भएपछि मात्र आफ्नो अनुभूति **'दृष्टे दृष्टमात्रं, भविष्यति, श्रुते, मते, विज्ञाते विज्ञातमात्रं'** भने जस्तो हुन्छ। त्यो भन्दा अगाडि चित्तमा स्थूल विकल्पहरू नभएपनि जवनलाई अनुशयधातुहरूले प्रभावित पारेका हुन्छन् किनकि त्यहाँ सूक्ष्म विकल्पहरू हुन्छन् र यी सुतेका/लुकेका अनुशयधातुहरूले चित्तलाई देख्दा देखेको मात्र, सुन्दा सुनेको मात्र भनेजस्तो अनुभूति गर्न दिँदैनन्।

तपाईंले हिँड्दा या बस्दा पनि त्यहाँ सोचाइ (विकल्पहरू) नहुन सक्छन् र तपाईंले अविकल्प भएको जस्तो ठान्न सक्नुहुन्छ। तापनि काम जवनले तपाईंलाई बस्दा बसेको मात्र र हिँड्दा हिँडेको मात्र अनुभूति गर्न दिँदैनन्। यिनीहरू एउटा दोषी चश्मा जस्तै हुन् जसले धर्महरू (वस्तु=phenomena) लाई यथाभूत रूपमा (जस्ताको तस्तै देख्न) दिँदैनन्। यदि तपाईंले कामजवन र क्रियाजवनलाई बुझ्नुभयो भने मात्र मार्गमार्गको भेद छुट्ट्याउन सक्नुहुनेछ याने लोकोत्तर चित्त उत्पाद गर्ने मार्ग र गर्न नसक्ने मार्ग छुटयाउन सक्नुहुनेछ।

कामजवन भनेको मुलभूत रूपमा द्वादश निदानकै आठौं प्रत्यय तृष्णा हो। यो तृष्णा कामचित्त र महद्गत चित्तमा (एवं तल्लो तहका आर्यहरूमा)

लुकिराखेका अनुशयधातुहरूबाट आउँछ। द्वादश निदानकै नवौं प्रत्यय उपादानबाट यी अनुशय धातुहरू सक्रिय हुन्छन्। तृष्णा र उपदान संस्कार/अनुशयधातुहरूबाट क्रियाशील हुन्छन् जुन द्वादश निदानको दोस्रो प्रत्यय हुन्। तिनै संस्कारहरू फेरि अविद्यामा आश्रित भएका हुन्छन् जुन द्वादश निदानको पहिलो प्रत्यय हो। अविद्या भनेको चार आर्य सत्यको बारेमा अज्ञान हुनु र त्यसैले गर्दा दुःखलाई सुख ठान्नु, अनित्यलाई नित्य ठान्नु आदि हो।

त्यसकारण अनुशयधातुद्वारा जेलाई सुख भनेर पकडिन्छ त्यसलाई दुःखै जान्नू, जेलाई नित्य भनेर पकडिन्छ त्यसलाई अनित्य भनेर जान्नू, जेलाई स्वभावसिद्ध भनेर पकडिन्छ त्यसलाई निःस्वभावसिद्ध भनेर जान्नु बाहेक अनुशयधातु क्षय गर्ने/संस्कार क्षय गर्ने अर्को कुनै पनि उपाय छैन।

त्यसैले चार आर्य सत्यको बारेमा सीधै सरोकार नराख्ने मार्गले अनुशयधातुहरूलाई काट्न सक्दैनन्। तिनीहरूले बढीमा पर्युत्थान र व्यतिक्रमण क्लेशलाई अर्थात् सम्मुखीभूत क्लेशलाई शमन गर्न सक्लान्, परन्तु अनुशयधातुलाई याने बीजावस्थ क्लेशलाई त छुन पनि सक्दैनन्। त्यही भएर बुद्धले **'एकायनो मग्गो'** भनेर दाबी गर्नुभएको थियो।

मनोद्वारवीथिको विस्तारमा अर्को महीनामा जाऔंला। यहाँ हामीले केवल ध्यानवीथि, मार्गवीथि, फलवीथि र अभिज्ञावीथिको मात्र कुरा गर्नेछौं। यी सबै मनोद्वारवीथिमध्ये अर्पणाजवनवारभित्रका वीथि हुन्। किनकि बुद्धता प्राप्तिसँग सम्बन्धित वीथिहरू पनि यिनै हुन्। जुनसुकै अर्पणा प्राप्त गर्नलाई पनि वीथिको ठीक प्रक्रिया कस्तो हुन्छ भन्ने कुरा त्यो व्यक्ति 'मन्दप्रज्ञ' हो (dull minded) कि तीक्ष्णप्रज्ञ (sharp minded) हो भन्ने कुरामा भर पर्छ। यदि ऊ मन्दप्रज्ञ रहेछ र पृथ्वी कसीण (उदाहरणका लागि) लाई लिएर बारम्बार अभ्यास गरिराखेको रहेछ भने प्रथम ध्यानको अर्पणा हुनलाई पहिले उसको कसीण मण्डल अत्यन्त स्पष्ट भएर आउँछ। त्यसैलाई उपचार समाधि भन्छन्। त्यहाँदेखि उसका जवनहरू सबै उपचार जवन हुन्छन्। अनि यिनै उपचार जवनहरूमा बारम्बार अभ्यास गरिराखेपछि (उपचार समाधिमा अभ्यास गरिराखेपछि) एक पटक यस्तो वीथि उत्पन्न

हुन्छ जसमा भवाङ्गचालन, भवाङ्गोपच्छेद, मनोद्वारावर्जन हुन्छ, अनि चार किसिमका विशेष उपचार जवनहरू उत्पन्न हुन्छन् जसलाई परिकर्म (परि), उपचार (उप), अनुलोम (अनु) र गोत्रभू (गो) भन्छन्। यहाँ अनुलोम क्षणमा चित्त अर्पणा (सामन्तक) तिर कुद्छ र गोत्रभू क्षणमा चित्तको गोत्र बदलिएर महद्गत बन्छन्। त्यही नै प्रथमध्यान प्रवेश हो। अनि नयाँ गोत्रको एउटा जवनचित्त उत्पन्न हुन्छ (ज)। त्यसपछि भवाङ्गपात हुन्छ (पा)। यस प्रकार मन्दप्रज्ञका निमित्त वीथि यस्तो हुन्छ -

अ ‘चा उ म परि उप अनु गो ज’ पा

पाँच प्रकारका भिन्दै जवनहरू

[यहाँ ज= ध्यानको अनुभूति भइरहेको जवन हो अतः यसलाई ध्या पनि भन्न सकिन्छ।]

तीक्ष्णप्रज्ञ (sharp minded) का लागि त्यो वीथि यस्तो हुन्छ -

अ चा उ म उप अनु गो ज ज ज पा

चार प्रकारका जवनहरू

तपाईंले देखिहाल्नुभयो कि वीथिमा परि को आवश्यकता पर्दैन किनकि उसको तीक्ष्ण प्रज्ञाले पहिले नै नयाँ गोत्र उत्पन्न गर्नलाई पूर्ण रूपमा अभिसंस्कृत गरिसकेको हुन्छ र उसले अर्पणाको अवस्थाको ध्यान जवनहरूलाई पनि तीन जवनक्षणसम्म अनुभूति गर्दछ। उसले द्वितीय, तृतीय, चतुर्थ ध्यानको अर्पणा प्राप्त गर्दा पनि यस्तै वीथिहरू दोहोरिने हुन्।

त्यसैगरी दर्शनमार्ग प्राप्त गर्दाका दुई किसिमका वीथिहरू निम्न प्रकारका हुन्छन् जसलाई मार्गवीथि भनिन्छन्।

**मन्दप्रज्ञका निमित्त**

अ चा उ म परि उप अनु गो मा फ फ पा

सात वजनहरू

त्यसमा मा = मार्ग फ = फल हो

**तीक्ष्ण प्रज्ञका निमित्त**

अ चा उ म उप अनु गो मा फ फ फ पा

सात जवनहरू

महद्गत गोत्र र लोकोत्तर गोत्र प्राप्त गर्नुमा फरक चाहिँ गोत्रमा मात्र हो। दुबै अवस्थामा गोत्र बदलिन्छ परन्तु कुन गोत्र हुन्छ भन्ने कुरा ‘उपचार’ मा भर पर्छ जुन पहिलेका अभ्यासमा आश्रित हुन्छ।

शमथ प्रकारका ध्यानहरूले महद्गत गोत्रको उपचार समाधि उत्पन्न गर्छन्। त्यो उपचारले महद्गत गोत्र पैदा गर्छ। महद्गतको उपचारले कहिल्यै पनि लोकोत्तर गोत्र उत्पन्न गर्न सक्दैन। झन् झन् धेरै अभ्यास गरियो भने बढीमा महद्गतकै उच्चतम गोत्रहरू उत्पन्न गर्न सक्ला। जस्तै द्वितीयध्यानिक, तृतीयध्यानिक, चतुर्थध्यानिक या अझै माथिका अरूप ध्यानिक गोत्रहरू उत्पन्न गर्न सक्छ। केवल विपश्यना ध्यान विधिहरूले मात्र लोकोत्तर गोत्रको उपचार समाधि उत्पन्न गर्न सक्छन्। विपश्यनाको बारेमा पछि विस्तारमा जाऔंला। अहिले छिटो र छोटोमा बुझ्नको लागि भन्ने हो भने, अनित्य-दुःख-अनात्मा र शून्यतासँग या कम्तिमा पनि यी मध्ये कुनै एउटासँग पनि सम्बन्ध नभएको ध्यान विधि विपश्यना होइन।

जब व्यक्ति लोकोत्तर मार्गमा चढ्दै जान्छ तब उसका वीथिहरू उस्तै नै हुन्छन् परन्तु गो (गोत्रभू) को स्थानमा व्यव (व्यवदान=purification) आउँछ। जब प्रथम भूमिको बोधिसत्व द्वितीय, तृतीय, चतुर्थ, पाँचौं, छैठौं, सातौं, आठौं, नवौं, दशौं मा प्रवेश गर्दछन् तब उनको आर्य लोकोत्तर गोत्र

बदलिँदैन, परन्तु उनीहरू झन् झन् विशुद्ध हुँदै जान्छन् किनकि झन् झन् धेरै अनुशय धातु/वासनाहरू पूर्ण रूपले नष्ट हुँदै जान्छन् । महद्गत मार्गमा अनुशय धातुहरू कहिल्यै पनि नाश हुँदैनन् ।

पर्युत्थान र व्यतिक्रमण क्लेशहरू झन् झन् क्षीण हुने मात्र हो, त्यसकारण उच्च तहका लोकोत्तर गोत्रहरूको वीथि यस प्रकारको हुन्छ -

<u>मन्दप्रज्ञ</u>

अ 'चा उ म परि उप अनु व्यव फ फ' पा

<u>तीक्ष्णप्रज्ञ</u>

अ 'चा उ म उप अनु व्यव फ फ फ' पा

अभिज्ञावीथि याने ऋद्धि-सिद्धि उत्पाद हुँदाको वीथि र फलवीथि याने आर्य मार्गहरूका विभिन्न अवस्थाहरूको फलको स्वाद लिने वीथिहरूका बारेमा हामीले तथागतका सम्बन्धित कथाहरूसँग सँगै मिलाएर विस्तारमा बताउनेछौं । मनोद्वार वीथिको बारेमा अर्को महिनामा अलि विस्तारमा जानेछौं ।

अब तथागतकै जीवनीलाई अघि बढाऔं । महासत्वले आफूलाई वज्रासनको गद्दीमा बोधि प्राप्त गर्नबाट निरूत्साहित तुल्याउने प्रयास गर्न आएको परनिर्मितवशवर्ती देवपुत्र मारलाई अन्तमा पराजित गर्नुभएको थियो । मारले जतिसुकै प्रयास गरे तापनि महासत्व बोधिसत्वले उसलाई परास्त गर्नुभयो । मार र उसका गण बेपत्ता भए । बोधिवृक्षको वरिपरि धेरै देवहरू जम्मा भई महासत्व बोधिसत्वको औपचारिक रूपमा तथागत बनेको अनौठो नाटक हेर्न तयार भएका थिए । परन्तु मारको सेनाले आक्रमण गर्ने बित्तिकै ती सबै बेपत्ता भएका थिए । अब मारका सेना सबै हार खाई बेपत्ता भएको देखेपछि फेरि त्यहाँ जम्मा भए ।

नागहरूको समूहले भन्थ्यो, "बुद्धले जिते, मारले हार्‍यो", गरूडको समूह, देवको समूह र ब्रह्माहरूको समूहले पनि ठीक त्यही आश्चर्य प्रकट गर्‍यो । यस प्रकार महासत्व बोधिसत्वले मारदमन गर्नुभयो । हामीले पहिले

नै भनेका थियौं कि त्यो वैशाख पूर्णिमाको दिन थियो। बोधिवृक्षका पातहरू उहाँका चीवरमा टन्नै छरिएका थिए मानौं उहाँमाथि राता मुगाहरूको वर्षा नै भएको हो कि जस्तो देखिन्थ्यो। उहाँ आफ्नो बज्रासनमा दृढतापूर्वक बस्नुभएको थियो। त्यो आसन पहिलेका बुद्धहरूको वज्रासनजस्तै उहाँका निमित्त विशेष वज्रासनको रूपमा पूर्वनिर्धारित थियो। यद्यपि उहाँ ब्राह्मण स्वस्तिकले दिएको कुशको मूठामा बस्नुभएको थियो तापनि सम्भोगकाय तहमा उहाँ रत्नद्वारा विभूषित हीराको (वज्र) आसनमा विराजमान हुनुहुन्थ्यो।

सर्वप्रथम उहाँ प्रथम ध्यानमा प्रवेश गर्नुभयो, त्यसपछि द्वितीय ध्यानमा प्रवेश गर्नुभयो, अनि तृतीय ध्यानमा प्रवेश गर्नुभयो र अन्तमा चतुर्थ ध्यानमा प्रवेश गर्नुभयो। रातको प्रथम प्रहरमा (करीब ७-१० बजेसम्म) उहाँले चतुर्थ ध्यानबाट पूर्वनिवासानुस्मृति ज्ञान प्राप्त गर्नुभयो। अर्थात् उहाँले आफ्ना पहिलेका सम्पूर्ण जीवनहरूको स्मरण गर्न सक्नुभयो। यसमा तीन असंख्य कल्पभन्दा पनि अघिका जन्म समेत सम्भन सक्नुभएको थियो। रातको दोस्रो पहर (करिब १०-१ बजेसम्म) मा उहाँको दिव्य चक्षु विशुद्ध भयो। उहाँले अन्य मनुष्यहरूको सामान्य आँखाले देख्न नसक्ने कुराहरू पनि सजिलैसित देख्न सक्ने हुनुभयो। तीन किसिमका चक्षुहरू हुन्छन् -

१) मानव चक्षु, याने हामी जस्तै सामान्य मानिसका छाला मासुको आँखा (चर्मचक्षु)

२) दिव्य चक्षु, याने देवहरूको आँखा

३) प्रज्ञा चक्षु, याने वस्तुहरूको यथाभूत स्वरूपलाई जस्ताको तस्तै देख्न सक्ने प्रज्ञाको आँखा। प्रज्ञा चक्षुले गर्दा नै बुद्धलाई बौद्ध वाङ्मयमा 'सर्वज्ञ' भनिएको हो। बौद्ध वाङ्मयमा सबै देश कालका भूत-भविष्य-वर्तमान सबै घटनाहरूलाई थाहा पाउन सक्ने वालालाई सर्वज्ञ भन्दैनन्। यस्तो प्रकारको सर्वज्ञतालाई शास्ताले अस्वीकार गर्नुभएको छ।

उहाँले अत्यन्तै स्पष्टसँग भन्नुभएको छ कि, "त्यस्तो खालको सर्वज्ञ त कोही पनि हुन सक्दैनन्" र उहाँले आफैं स्वयं पनि त्यस्तो नभएको बताउनुभएको छ । यो त दिव्य चक्षुको तहको सर्वज्ञता हो । परन्तु दिव्य चक्षु पनि सधैं पूर्ण र अचूक हुँदैन । त्यही भएर दिव्य चक्षुवालाहरूले पनि गल्ती गर्न सक्छन् ।

असङ्ग र वसुबन्धु दुई भाइको एउटा प्रसङ्ग छ । असङ्ग ऋद्धिमान् र दिव्यचक्षु वाला थिए भने वसुबन्धु बडो तार्किक (नैयायिक) विद्वान् थिए । परन्तु उनका ऋद्धि-सिद्धि थिएनन् । एक दिन उनीहरूमा एउटा गर्भवती गाईको विषयलाई लिएर एउटा विवाद पऱ्यो । असङ्गले आफ्नो दिव्य चक्षुद्वारा देखेछन् कि त्यो नजन्मिएको बाच्छाको निधारमा सेतो टीका (तारा) रहेछ । त्यसकारण उनले भनेछन् कि त्यो गाईले तारे बाच्छो पाउँछ । वसुबन्धुले बडो गम्भीरता पूर्वक सोचेर भनेछन्, "होइन, त्यो गाईले पुच्छरमा सेतो फुर्को भएको बाच्छो पाउँछ, निधारमा होइन ।" सम्भिराख्नुहोस् कि वसुबन्धको दिव्य चक्षु थिएन । दुई भाइले बाजी थापे ।

पछि बाच्छो जन्म्यो । त्यसको पुच्छरमा सेतो पाटा थियो । वास्तवमा भएको के रहेछ भने वसुबन्धुले आफ्नो अध्ययनको क्रममा पढेका रहेछन् कि बाच्छाहरू पेटमा हुँदाखेरि उनीहरूको पुच्छर घुमेर टाउकोमा अडिएको हुने रहेछ । असङ्गले आफ्नो दिव्य चक्षुले निधारतिर सेतो देखेछन् र त्यसकै भरमा अन्य कुरा विचारै नगरी बोलेका रहेछन् । वसुबन्धुले पेट भित्रको कुरा देख्न नसकेपनि असङ्गले दिएको सूचना र बाच्छाको गर्भको बस्ने तरिकाको बारेमा आफ्नो ज्ञानलाई मिलाएर भनेका थिए । त्यसैले दिव्य चक्षु नभएका आफ्नो भाइसँग दिव्य चक्षु भएको असङ्गले हार्नुपरेको थियो ।

एउटा ज्योतिषी-वैद्य र सारिपुत्रको कथा पनि छ । सारिपुत्रले एउटी माताको पेटमा बच्चा देखेर "त्यो बाच्छा छोरा जन्मिने छ" भन्ने घोषणा गरे । एक जना ज्योतिषि-वैद्य थिए, उनले के-के गणित गरेर भने कि "ती माताले छोरी पाउनेछिन् ।" पछि उनले छोरीलाई जन्म दिइन् । जब सारिपुत्रले गर्भमा हेरेका थिए तब उनको दिव्य चक्षुले बच्चा पुरूष भएको देखेको

थियो। तर बच्चाले अन्तिम महिनासम्म पनि स्त्री-पुरूषका चिन्हहरू बारम्बार बदलिराख्ने सम्भावना हुँदोरहेछ। उनले आफूले हेरेको बेलामा देखेको चिन्हको आधारमा भविष्यवाणी गरेका थिए भने ती ज्योतिषी-वैद्यले सारिपुत्रले बताएको लक्षणका अलावा कुन महिना, कहिले गर्भाधान भएको आदि अन्य धेरै गणना गरेर भन्दा ठीक निस्कन पुग्यो।

यी कथाहरूले के देखाउँछन् भने दिव्य चक्षुहरू सधैं अचूक हुँदैनन्। जसरी हाम्रा आँखाहरू सही हुँदा पनि कहिले काहीं गलती देख्न सक्छन् त्यस्तै दिव्य चक्षुहरूले पनि आफ्नै तहमा गलती देख्नसक्ने हुन्छन्। त्यही भएर तथागतले कोही पनि सर्वज्ञ हुन सक्दैन भन्नुभएको थियो।

अब प्रज्ञा चक्षु भनेको त्यस्तो आँखा हो जसबाट सबै धर्महरूको यथाभूत (as it is) स्वरूप देख्न सकिन्छ। जसरी मानव चक्षुको निर्मलताको पनि धेरै तहहरू हुन्छन्, त्यसैगरी दिव्यचक्षुको विशुद्धताको पनि धेरै तहहरू हुन्छन् र प्रज्ञाचक्षुको विशुद्धताको पनि धेरै तहहरू हुन्छन्। जसको प्रज्ञाचक्षु पूर्ण हुन्छ, उसले सम्पूर्ण धर्महरूको स्वभावलाई यथाभूत रूपमा देख्न सक्छ। त्यही भएर तथागतलाई सर्वज्ञ भनिएको हो-सबै धर्मको यथार्थ स्वरूपको ज्ञाता।

अब तथागतकै जीवनीतिर लागौं। तेस्रो प्रहरमा (१-४ बजेसम्म) उहाँले द्वादश निदानको, याने द्वादशाङ्ग प्रतीत्यसमुत्पादको क्रममाः साक्षात्कार गर्नुभयो। उहाँले अनुलोम र विलोम (farward and backward) क्रमले द्वादश निदानको साक्षात्कार गर्दाखेरि दश-साहस्र-महासाहस्र-लोकधातु सहित पृथ्वी बाह्र पटक सम्म भद्र तरिकाले कम्पायमान भयो। यसरी दश-साहस्र-महासाहस्र-लोकधातु बाह्र पटक कम्प भएपछि विहान उषाकाल भयो, विहानीपखका केही ताराहरू मात्र बाँकी भए, उहाँले सर्वज्ञता पद प्राप्त गर्नुभयो, बुद्धता प्राप्त गर्नुभयो। दश साहस्र लोकधातुमा फूलहरू फुले। दश त्रिसाहस्र-महासाहस्र-लोकधातुहरूसम्मै पुनः प्रकाशले छायो। त्रिसाहस्र-महासाहस्र-लोकधातुहरूका अन्तरालमा पनि त्यो प्रकाशले छायो, जहाँ सधैं अन्धकार

छाएको हुन्थ्यो । त्यसवेलामा यस्ता थुप्रै चमत्कारिक प्रातिहार्यका घटनाहरू घटेका थिए । अनि बुद्धता प्राप्त गरिसकेपछि उहाँले यो गाथा गाउनुभएको थियो जुन सबै बुद्धहरूले गाउँछन् ।

**अनेकजातिसंसारं सम्धाविषम् अनिविशमानः ।**

**गृहकारकं गवेषयन् दुःखा जाति पुनः पुनः**

**गृहकारक दृष्टोऽसि पुनर्गेहं न करिष्यसि**

**सर्वास्ते पार्श्विका भग्ना गृहकूटं विसंकृतं**

**विसंस्कारगतं चित्तं तृष्णानां क्षयमध्यगात् ॥**

जसको अर्थ हुन्छ -

“अनेक जन्महरू भएको यो संसारमा विश्रामै नगरीकन निरन्तर मैले यो घर बनाउने (शरीर) वालाको खोजी गरिरहें र यो जन्मको दुःखमा बारम्बार आएको आयै गरें । ओहो ! हे घर बनाउने वाला ! बल्ल अहिले देखिस्, अब तैंले पुनः घर बनाउने छैनस् । तेरा सबै कडी (beam) हरू टुटिसकेका छन्, तेरो गृहकूट (ridge pole) चकनाचूर भएको छ, चित्त असंस्कृत अवस्थामा (निर्वाण) पुग्यो र तृष्णाहरूको क्षय भैसकेको छ ।”

अनि तथागतले सोच्नुभयो, “बुद्धासनको निमित्त तीन असंख्य कल्पसम्म प्रयत्न गरें, यही आसनको निमित्त आफ्नो टाउको घाँटीबाट अलग्याएको थिएँ, आँखाहरू दान गरेको थिएँ, आफ्नो जलीय कुमार जस्तो पुत्रलाई गुमाएँ, कृष्णजिना जस्ती पुत्रीलाई गुमाएँ, मद्रीदेवी जस्ती भार्यालाई गुमाएँ । त्यो सबै अरूलाई बचाउनको लागि नै थियो । वास्तवमा यो धैरै विशिष्ट आसन हो । यो जिनहरूको आसन हो । यही आसनमा आएर मेरो त्रिअसंख्य कल्प पूरा भयो । यो आसनबाट म केही दिन उठ्दिन ।”

यो सोचेर उहाँ त्यही आसनमा एक हप्तासम्म रहनुभयो । दश खरब जति विभिन्न प्रकारका ध्यानहरूमा रहनुभयो । सम्यक्सम्बोधि लाभ गरिसकेर

पनि उहाँ सात दिनसम्म त्यहीँ बसिरहनुभएबाट केही देवहरूलाई लाग्यो कि सिद्धार्थ कुमारले अझै केही अभ्यास गर्नु बाँकी छ, उनको अभ्यास सकिएको छैन, त्यसैले उनी आफ्नो आसनमा अटल भैरहेका छन् । देवताहरूको यो शंका शास्तालाई थाहा भयो, अनि शास्ता आफ्नो आसनबाट माथि आकाशमा उड्नुभयो र यमक प्रातिहार्य देखाउनुभयो ।

यमक प्रातिहार्य भनेका ती हुन् जहाँ दुई भिन्दै प्रातिहार्यहरूलाई सँगै एकैपटक देखाइन्छ, जस्तै शरीरको नाभिभन्दा माथिको भागबाट आगो निकाल्नु र तलको भागबाट ठीक त्यही समयमा पानी निकालिरहनु । यस्ता प्रातिहार्यहरूमा पोख्त हुन ज्यादै नै गाह्रो हुन्छ किनकि आफ्नो इच्छा अनुसार अति छिट्टै वीथिहरू बदलिरहन सक्नुपर्ने हुन्छ । केवल तथागतले मात्र यस्ता प्रातिहार्यहरू देखाउन सक्छन् भन्ने भनाइ छ । सिद्धार्थले यमक प्रातिहार्य देखाएको देखेपछि मात्र देवहरूले सोचे कि सिद्धार्थ तथागत भैसकेका रहेछन् किनकि तथागतले मात्र गर्नसक्ने कार्य उनले गरेर देखाए ।

यो कथाले देखाउँछ कि तथागतको चित्त ती देवहरूको भन्दा धेरै नै माथिल्लो तहको भएकोले उनीहरूको दिव्य चक्षुले मात्र सिद्धार्थले बुद्धता प्राप्त गरे कि गरेनन् भन्ने कुरा थाहा पाउन सकेनन् । यमक प्रातिहार्य देखेपछि मात्र उनीहरूले थाहा पाउन सके, किनकि त्यो तथागतले मात्र गर्न सक्छन् । देव, मार, ऋषि, सिद्ध कसैले पनि त्यो यमक प्रातिहार्य गर्न सक्दैनन् ।

व्यक्ति दर्शनमार्गमा प्रवेश गर्दाखेरि लौकिकाग्रधर्मको सत्य ज्ञानदर्शनका १६ वटा गोत्रभू चित्तहरू उत्पन्न हुन्छन् जसमा पहिला पन्ध्र चित्तहरू नै वास्तमा दर्शनमार्ग हुन् र सोह्रौं क्षणमा चित्त चाहिँ भवनामर्ग हो र त्यसपछि व्यक्ति स्वतः भावनामार्गमा पसिसकेको हुन्छ । अभिधर्मकोष ६.२८ ले स्पष्टसँगै भनेको छ,

**अदृष्टदष्टेर्दृङ्मार्गस्तत्र पञ्चदश क्षणाः ।**

अर्थात् नदेखिएको कुरा देखिने भएकोले (सत्यलाई देखिने या

साक्षात्कार गरिने भएको हुनाले) 'दर्शनमार्ग' भनिएको हो, त्यसमा पन्ध्र क्षण हुन्छन् ।

यसरी सोह्रौ क्षणमा दर्शनमार्ग सकिएर भावनामार्ग शुरु हुन्छ याने भावनामार्गको अनुभूति गर्ने वीथि उत्पाद हुन्छ । त्यो सोह्रौं क्षण पछि मात्र साँच्चिकै भावनामार्ग याने अविकल्प भावनाको सुरूआत हुनसक्छ । त्यहाँदेखि मात्र आर्य अष्टाङ्गिक मार्गको सुरूआत हुन सक्छ । त्योभन्दा अघि त लौकिक अष्टाङ्गिक मार्ग मात्र अभ्यास भइरहेको हुन्थ्यो ।

दर्शनमार्गमा पस्ने वेलामा प्रयोगमार्गको अन्तिम अवस्था 'लौकिकाग्रधर्म' का अन्तिम क्षणमा सत्यको दर्शन हुन शुरु हुन्छ र त्यो दर्शन सोह्र क्षणसम्मको हुन्छ, जो अघि भनिहालियो । पहिलो क्षणमा दुःखधर्मलाई ज्ञान गर्ने तीव्र इच्छा या रूचि पैदा हुन्छ जसलाई 'दुःखे धर्मज्ञानक्षान्ति' भनिन्छ र यसले कामधातुका दुःखधर्मको यथार्थ ज्ञान गर्ने रूचि राख्दछ । यो नै पहिलो क्षण हो । त्यही रूचिको फलस्वरूप दोस्रो क्षणमा चित्तले कामधातुका दुःखधर्मको ज्ञान गर्दछ याने साक्षात्कार गर्दछ । यसलाई 'दुःखे धर्मज्ञान' भनिन्छ । यस्तो ज्ञान अनास्रव हुन्छ र लौकिक हुँदैन । त्यसपछि फेरि बाँकी दुःखहरू अर्थात् रूपधातुका र अरूपधातुका दुःखहरूलाई आलम्बन गरेर यथार्थ ज्ञान गर्न खोज्ने त्यस्तै खालको (अन्वय) तीव्र रूचि(क्षान्ति) पैदा हुन्छ जसलाई 'दुःखे अन्वयज्ञानक्षान्ति' भनिन्छ । अनि तत्कालै चौथो क्षणमा ती रूप र अरूपधातुका दुःखहरूको स्वभावको त्यसै गरी ज्ञान हुन्छ जसलाई 'दुःखे अन्वयज्ञान' भनिन्छ । यस प्रकार क्षान्ति, धर्मज्ञान, अन्वयज्ञान क्षान्ति र अन्वयज्ञान पैदा हुन्छन् र दुःखसत्यको पूर्णतया साक्षात्कार हुन्छ । यस्तो साक्षात्कारमा दुःखसत्यका चारै आकारहरूको ज्ञान भएको हुन्छ । ती आकारहरू हुन् -

१) दुःखतः (दुःखकै हिसाबले)

२) अनित्यतः (अनित्य छन् भन्ने हिसाबले)

३) अनात्मतः (अनात्म रहेछन् भन्ने हिसाबले)

४) शून्यताः (शून्य रहेछन् भन्ने हिसाबले)

त्यसैगरी पाँचौं क्षणमा समुदयसत्यसँग सम्बन्धित धर्मज्ञानक्षान्ति पैदा हुन्छ जसले समुदयधर्मलाई जान्ने तीब्र रूचि राख्दछ। यसलाई 'समुदये धर्मज्ञानक्षान्ति' भनिन्छ। त्यसपछि छैठौं क्षणमा 'समुदये धर्मज्ञान' पैदा हुन्छ। एवं क्रमले सातौं क्षणमा 'समुदये अन्वयज्ञानक्षान्ति' र आठौं क्षणमा 'समुदयेऽअन्वयज्ञान' उत्पन्न हुन्छ। यिनीहरूको क्रम र आलम्बन दुःखसत्यमा जस्तै हो। यसरी समुदयसत्यको पूर्णरूपले ज्ञान हुन्छ। यसमा समुदयसत्यका चार आकारहरू सहितको परिपूर्ण ज्ञान हुन्छ। ती आकारहरू हुन् -

१) समुदयतः (समुदयको हिसाबले)

२) प्रभावतः (प्रभावको हिसाबले)

३) हेतुतः (हेतुको हिसाबले)

४) प्रत्ययतः (प्रत्ययको हिसाबले)

ठीक यही तरिकाले नवौं क्षणमा 'निरोधे धर्मज्ञानक्षान्ति', दशौं क्षणमा 'निरोधे धर्मज्ञान', एघारौं क्षणमा 'निरोधे अन्वयज्ञानक्षान्ति', बाह्रौं क्षणमा 'निरोधे अन्वयज्ञान' पैदा हुन्छन्। यसरी निरोधसत्यको पूर्णरूपले साक्षात्कार हुँदाखेरि निरोधसत्यका चारै आकारको प्रत्यक्ष ज्ञान भएको हुन्छ। ती चार आकारहरू हुन् -

१) निरोधतः (निरोधकै हिसाबले)

२) शान्ततः (शान्त छ भन्ने हिसाबले)

३) प्रणीततः (उत्तम याने उच्च कोटिको छ भन्ने हिसाबले)

४) निःसरणतः (संसारबाट निस्किसकेको छ भन्ने हिसाबले)

त्यसैगरी तेह्रौं क्षणमा कामावचर दुःखको प्रतिपक्षस्वरूपको मार्गलाई आलम्बन गर्ने 'मार्गे धर्मज्ञानक्षान्ति' उत्पन्न हुन्छ भने चौधौं क्षणमा त्यही मार्गको ज्ञान गर्ने 'मार्गे धर्मज्ञान' पैदा हुन्छ। त्यस्तै पन्ध्रौं क्षणमा रूप र अरूपधातुका दुःखको प्रतिपक्षस्वरूप मार्गलाई आलम्बन गरी 'मार्गे अन्वयज्ञानक्षान्ति' पैदा हुन्छ जुन दर्शनमार्गको अन्तिम अवस्था हो। त्यसपछि

सोह्रौं क्षणमा ‘मार्गे अन्वयज्ञान’ को उत्पाद हुन्छ जुन स्वयं दर्शनमार्गको अन्त्य र भावनामार्गकै शुरुआत हो यसरी दर्शनमार्गका अन्तिम चार क्षणमा मार्गसत्यको पूर्णतया चारै आकार सहित साक्षात्कार हुन्छ र ऊ आर्य पुद्‌गल बन्दछ। मार्गसत्यका चार आकारहरू यी हुन् -

१) मार्गतः (बाटो यही हो भन्ने हिसाबले)

२) न्यायतः (युक्तिसंगत रहेछ भन्ने हिसाबले)

३) प्रतिपत्तितः (भावनाद्वारा सिद्ध हुनसक्छ भन्ने हिसाबले)

४) नैर्याणिकतः (निर्वाणतिर लैजाने छ याने संसारबाट निकालेर निर्वाणतिर लग्छ भन्ने हिसाबले)

यस प्रकार दर्शनमार्गमा प्रवेश गर्ने क्रममा ‘क्षान्ति’ क्षणहरूलाई ‘आनन्तर्य मार्ग’ भनिन्छ भने ‘ज्ञान’ क्षणहरूलाई विमुक्ति मार्ग भनिन्छ।

यी सबै अनुभूति जवनको बेलामा हुन्छन्। गोत्र पहिले नै बदलिसकेको हुन्छ। अहिले चित्त दर्शनमार्गका फलको रस लिइरहेको हुन्छ। यस्तो वीथिलाई फलवीथि भनिन्छ। फलसमापत्ति वीथिको दृष्टान्त यस्तो हुन्छ -

अ चा उ म अनु अनु अनु अनु फ (धेरै पटक) पा

यहाँ अनु भनेका चित्त अविकल्प रूपमा दुःखका हुन् भने फ भनेको दुःखलाई अविकल्प रूपमा साक्षात्कार गरेको जवन हो।

सम्झिन र दोहोऱ्याइ हेर्न सजिलो होस् भनेर तालिकाको रूपमा यी दर्शनमार्गका सोह्र वीथिका सोह्र क्षणको रूपरेखा तल दिइएको छ।

दर्शनमार्गका १६ क्षणहरूमा हुने ज्ञानहरू

| | |
|---|---|
| १) दुःखे धर्मज्ञानक्षान्ति, | २) दुःखे धर्मज्ञान, |
| ३) दुःखे अन्वयज्ञानक्षान्ति, | ४) दुःखे अन्वयज्ञान |
| ५) समुदये धर्मज्ञानक्षान्ति | ६) समुदये धर्मज्ञान |
| ७) समुदये अन्वयज्ञानक्षान्ति | ८) समुदये अन्वयज्ञान |
| ९) निरोधे धर्मज्ञानक्षान्ति | १०) निरोधे धर्मज्ञान |

११) निरोधे अन्वयज्ञानक्षान्ति    १२) निरोधे अन्वयज्ञान
१३) मार्गे धर्मज्ञानक्षान्ति    १४) मार्गे धर्मज्ञान
१५) मार्गे अन्वयज्ञानक्षान्ति    १६) मार्गे अन्वयज्ञान

| सत्यहरू | तिनीहरूका चार आकारहरू | | | |
|---|---|---|---|---|
| १) दुःखसत्य | १) दुःखतः | २) अनित्यतः | ३) शून्यतः | ४)अनात्मतः |
| २) समुदयसत्य | ५) समुदयतः | ६) प्रभावतः | ७) हेतुतः | ८) प्रत्ययतः |
| ३) निरोधसत्य | ९) निरोधतः | १०) शान्ततः | ११) प्रणीततः | १२) निःसरणतः |
| ४) मार्गसत्य | १३) मार्गतः | १४) न्यायतः | १५) प्रतिपत्तितः | १६) नैर्याणिकतः |

हामीले देख्न सक्छौं कि दुःख, समुदय आदि प्रत्येकका चार पक्षहरूको पूर्ण रूपले बौद्धिक (conceptual) बुझाइ (धारणा) भइसकियो भने मात्र नवौं देखि बाह्रौं वीथिमा निर्वाण याने निरोध (अचित्त, प्रज्ञापारमिता, अद्वय ज्ञान) को अनुभूति हुन्छ। अनि मात्र आर्य अष्टाङ्गिक मार्गको अविकल्प दर्शन हुन्छ। त्यही भएर १६ औं क्षणमा मात्र व्यक्ति भावनामार्गमा प्रवेश गर्छ र त्यही व्यक्ति नै 'मार्गस्थ पुद्गल' हो। १३औं देखि १६औं वीथिहरू मार्गदर्शनसँग सम्बन्धित छन्। चार आर्यसत्यको सीधा सीधा दर्शन यिनी १६ क्षणहरूमा नै हुने भएकोले त्यो छोटो अवधि (१६ क्षण) लाई दर्शनमार्ग भनिएको हो।

दर्शनमार्गका १६ क्षणमा प्रवेश गर्नु अघि हामी प्रयोगमार्गका चार तहहरूमा पसिसकेको हुनुपर्छ जुन दर्शनमार्गमा प्रवेश हुनको लागि मूल हेतु हो। प्रयोगमार्गको पहिलो तहलाई 'उष्मा' भन्छन्। जसको अर्थ 'तातिनु' भन्ने हुन्छ। त्यसको मतलब हो तपाईंको विपश्यनाको ज्ञानाग्नि तातेको छ। यहाँ तपाईंले पञ्चस्कन्धहरू नै उदय-व्यय भएको, स्वभावशून्य भएको (याने शून्यताको) आफैंले सीधै देख्न थाल्ने वेला हुनथाल्छ। तैपनि यहाँको देखाइ अझै पनि विकल्पात्मक (conceptual) नै हुन्छ। त्यसपछि 'मूर्धा'

भन्ने तहमा प्रवेश गरिन्छ जसको अर्थ हुन्छ 'शीर्ष' याने शिखर (peak), टाउको । सबै संस्कारहरू साँच्चिकै दुःख रहेछन्, साँच्चिकै अनित्य रहेछन् भन्ने कुराको साक्षात्कार चरम चुलीमा पुग्छ । अनि उसलाई पूरै त्रि-धातु षड्गति देखि नै भय उत्पन्न हुन्छ ताकि अब यसमा भर पर्नु हुने देखिन्छ भन्ने पक्का हुन्छ । त्यसपछिको प्रयोगमार्गको तह क्षान्ति हो । यहाँ क्षान्तिको अर्थ 'रूचि' हुन्छ । उसले निर्वाणलाई नै एक मात्र सुख-सुविधाको स्रोत ठानेर त्यसप्रति साँच्चिकै रूचि उत्पन्न गर्छ । अन्तमा ऊ 'लौकिकाग्रधर्म' भन्ने तहमा पुग्छ । यो चित्तलाई 'अग्र' भनिएको किन हो भने काम चित्तहरूमा सबभन्दा जेठो उच्चकोटीको चित्त नै यही हो । यो नै अन्तिम कामचित्त हो । यसपछि लोकोत्तर चित्त आइहाल्छ ।

प्रयोगमार्गको यही 'अग्रधर्म' तहमा आएर मात्र चित्तवीथिले गोत्र बदल्छ जुन हामीले अघि बयान गरिसकेका छौं । जब गोत्र बदलिएर लोकोत्तर चित्त बन्छ तब मात्र चित्त दर्शनमार्गमा प्रवेश गर्छ । लोकोत्तर चित्त हुने र भूमि प्राप्त गर्ने एक मात्र तरिका यही हो, अर्को बाटो छैन (एकायनो मग्गो) । पछि मार्गको सन्दर्भमा पञ्चमार्गको कुरा गर्दाखेरि अलि विस्तारमा जाऔंला । अहिले गोत्र बदल्दाको वीथि र फलवीथि दुबै देखिहाल्यौं, आर्यको प्रथमदेखि द्वितीय भूमिमा चढ्दै जाने क्रममा फेरि अर्को विशेष खालका वीथिहरू उत्पन्न हुन्छन् । यी वीथि र गोत्र बदल्ने वीथिहरूमा के फरक छ भने ऊ माथि चढ्दै प्रथमदेखि द्वितीय, तृतीय, चतुर्थ आदि भूमिमा जाँदाखेरि गोत्र त बदलिँदैन परन्तु जुन क्षणमा गोत्र बदलिन्थ्यो त्यही क्षणमा जवन झन् झन् विशुद्ध हुन्छ । त्यसकारण गो को सट्टा व्य आउँछ । व्य (व्यवदान) भनेको विशुद्ध हुनु हो । प्रथमदेखि द्वितीय, तृतीय, चतुर्थ आदि हुँदै माथि चढ्दाखेरिको वीथि यस्तो हुन्छ ।

अ चा उ म परि उप अनु व्य मा फ़ फ़ पा

नयाँ कुरा भनेको त्यही व्य मात्र हो, जसको उल्लेख माथि गरिहालियो । अब प्रश्न उठ्छ, शास्ताले वज्रासनमा दर्शनमार्ग प्राप्त गर्नुभयो कि बुद्धता ? वास्तवमा हामीले अघिल्लो बोधिपुष्पाञ्जलिमा बताएकै थियौं कि शास्ताले

पहिले नै अकनिष्ठमा बुद्धता प्राप्त गरिसक्नुभएको थियो र जन्मिँदै त्रिधातुमै ज्येष्ठ र श्रेष्ठ सर्वोत्तम पुरूषको रूपमा जन्मनुभएको थियो। त्रिधातुमा र विशेष गरेर शुद्धावासहरूमा अनागामी, अर्हत् र दशौं भूमिका या त्योभन्दा माथि सम्मका बोधिसत्वहरू रहने सम्भावना हुन्छ। अतः उहाँले एक पृथग्जनले भैंm सर्वप्रथम दर्शनमार्गमा प्रवेश गरेको नै बज्रासनमा भएको भए ज्येष्ठ र श्रेष्ठतम हुने संभावना हुँदैनथ्यो। तैपनि तथागतको तुषित अवतरण देखि लिएर यो जम्बूद्वीपमा पदार्पण भई परिनिर्वाण जानु सम्मका को जीवन नै एक लीला (त्रि-असंख्य कल्प नाटकको अन्तिम पुनश्चर्याभिनय - final re-enactment) भएको हुनाले उहाँले वज्रासनमै एकै आसनमा दर्शनमार्ग देखि समन्तप्रभा भूमिसम्म पुग्नुभयो भन्न सकिन्छ। यो त च्युति चित्तभन्दा अगाडि चलचित्र हेरेभैंm गरी पूरा जीवनका घटनाहरू पुनः चित्तमा याद आए जस्तै भएको पुनश्चर्याभिनय हो।

**ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत्।**

**तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः**

**वातुल वासल वज्र**

**नेपाली अनुवाद - नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**

व्योम कुसुमा

भोक नै सबैभन्दा ठूलो रोग हो
भोको पेटलाई धर्म सिकाउन सकिन्न
जसले रोगीको सेवा गर्छ त्यसले मेरो सेवा गर्छ
- बुद्ध वज्र

व्ययधर्माः संस्काराः अप्रमादेव सम्पादयेथाः
- अन्तिम बुद्ध वचन

जीवनमा आसक्ति छ भने तिमी धार्मिक होइनौ ।
भवचक्रमा आसक्ति छ भने तिमीमा त्याग छैन ॥
स्वार्थमा आसक्ति छ भने तिम्रो बोधिचित्त छैन ।
ग्राह उत्पन्न भएको छ भने तिमीमा सम्यक् दृष्टि छैन ॥
- आर्य मन्जुश्री

यो पावन धर्मग्रन्थ भएको हुनाले यसलाई कुल्चने, नाघ्ने, विछ्याउने आदि
गरेमा भारी अकुशल हुने र शरणगमनको संवर पनि बिग्रने भएकोले
त्यसो नगर्न श्रद्धालु पाठकहरूमा अनुरोध गरिन्छ ।

– व्योम कुसुमा अनुवाद समिति

With bad advisors forever left behind,
From paths of evil he departs for eternity,
Soon to see the Buddha of Limitless Light
And perfect Samantabhadra's Supreme Vows.

The supreme and endless blessings
of Samantabhadra's deeds,
I now universally transfer.
May every living being, drowning and adrift,
Soon return to the Pure Land of Limitless Light!

**✻ The Vows of Samantabhadra ✻**

I vow that when my life approaches its end,
All obstructions will be swept away;
I will see Amitabha Buddha,
And be born in His Western Pure Land of
Ultimate Bliss and Peace.

When reborn in the Western Pure Land,
I will perfect and completely fulfill
Without exception these Great Vows,
To delight and benefit all beings.

**✻ The Vows of Samantabhadra Avatamsaka Sutra ✻**

# DEDICATION OF MERIT

May the merit and virtue
accrued from this work
adorn Amitabha Buddha's Pure Land,
repay the four great kindnesses above,
and relieve the suffering of
those on the three paths below.

May those who see or hear of these efforts
generate Bodhi-mind,
spend their lives devoted to the Buddha Dharma,
and finally be reborn together in
the Land of Ultimate Bliss.
Homage to Amita Buddha!

**NAMO AMITABHA**

**南無阿彌陀佛**

《尼泊爾文：智慧之花 第二冊，BODHIPUSHPANJALI Part II》
財團法人佛陀教育基金會 印贈
台北市杭州南路一段五十五號十一樓
Printed and donated for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website: http://www.budaedu.org
Mobile Web: m.budaedu.org
**This book is strictly for free distribution, it is not to be sold.**
यो पुस्तक निशुल्क वितरणको लागि हो। बिक्री गर्न को लागी होइन।
Printed in Taiwan
5,000 copies; July 2015
NE032 - 13351